# खण्ड - १

## परिचय


१.१ ऐतिहासिक पृष्ठभूमि
१.२ वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागको उद्देश्य
१.३ वाणिज्य तथा आपूर्ति व्यवस्था विभागका मुख्य मुख्य कार्यहरु
१.४ वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागको संगठनात्मक संरचना
१.५ वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागको स्वीकृत दरवन्दी तालिका
१.६ वाणिज्य कार्यालयहरु
१.७ वाणिज्य कार्यालयहरुको स्वीकृत दरवन्दी तालिका

## “सहज, आपूर्ति तथा उपभोक्ता अधिकार
## वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागको सरोकार”

### १. पृष्ठभूमि

देशको राष्ट्रिय अर्थतन्त्र अनुकूल आन्तरिक एवं अन्तर्राष्ट्रिय व्यापार सन्तुलन कायम गर्न तथा सर्वसाधारण जनताहरुको लागि आवश्यक पर्ने दैनिक उपभोगका सामानहरु र देश विकासको लागि संचालित उद्योग व्यवसायहरुको आपूर्ति व्यवस्था मिलाउनका साथै नेपाल सरकारबाट स्वीकृत निकासी पैठारी नीतिलाई कार्यान्वयन गर्न तात्कालिन नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत वाणिज्य विभागको गठन भएको हो ।

२०१६ साल पौष २० गते नेपाल गजेट भाग ४ खण्ड ९ मा प्रकाशित तत्कालिन नेपाल सरकार, उद्योग तथा वाणिज्य मन्त्रालयको संगठन संरचना अनुसार सो मन्त्रालय अन्तर्गत रहेको सिभिल सप्लाइज विभाग र सेन्ट्रल पर्चेज डिपार्टमेन्ट दुबैलाई संयुक्त गरी वाणिज्य विभागमा परिणत गरे पश्चात हालको वाणिज्य विभागको स्थापना भएको हो । विगतमा उद्योग तथा वाणिज्य मन्त्रालय र त्यस पछि वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तरगत रही कार्य गर्दै आएको यो विभाग २०४२ साल देखि वाणिज्य मन्त्रालय अन्तर्गत रहेको थियो । वि.सं. २०५७ देखि यो विभाग उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत रही आएकोमा मिति २०६५।०५।१५ देखि वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत रही आएको छ । नेपाल सरकार मन्त्रीपरिषदको मिति ०६९।२।१२ को निर्णय अनुसार विभागको पुर्नसंरचना भई यसको नाम हाल वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग कायम भएको छ । शुरुमा सिंहदरवार र त्यसपछि लालदरवारमा रहेको यो विभाग त्यसपछि भाडामा ज्याठा, वागवजार हुँदै २०४२ सालदेखि विजुली वजारमा भाडामा बस्दै आइरहेकोमा २०५७ साल देखि बवरमहल स्थित सरकारी भवनमा रहदै आएको छ ।

वि.सं. २०६८ सालमा स्वीकृत रणनीतिक योजना अनुसार यस विभागको दूरदृष्टि र उद्धेश्यहरु निम्नानुसार रहेका छन्ः–

### २. दूरदृष्टि (Vision)

व्यापार सहजीकरण एवं खुला र प्रतिस्पर्धात्मक आपूर्ति व्यवस्थापन मार्फत राष्ट्रिय अर्थतन्त्र र उपभोक्ता हित संरक्षणमा योगदान पुऱ्याउन वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागलाई एक सक्षम, प्रभावकारी र अधिकारसम्पन्न संस्थाको रुपमा स्थापित गर्ने ।

### ३. परिदृष्य (Mission)

आन्तरिक तथा वाह्य ब्यापार सहजीकरण, प्रतिस्पर्धा नियमन, प्रभावकारी आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हकहित संरक्षणमा प्रभावकारी भूमिका निर्वाह गर्न सक्षम तुल्याउन वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागलाई उपयुक्त कानूनी, भौतिक तथा गुणस्तरीय मानवश्रोत साधनले सम्पन्न तुल्याउने ।

### ४. रणनीतिक उद्धेश्यहरु (Objectives )

४.१. आन्तरिक तथा वाह्य ब्यापार सहजीकरण :

४.१.१ अत्यावश्यक वस्तु तथा सेवा उत्पादन र वितरणसँग सम्वन्धित निजी क्षेत्रका संघसंस्था तथा गैर सरकारी संस्थासित समन्वय गरी आपूर्ति व्यवस्थालाई चुस्त र सहज वनाई

राख्न सहयोग पुरयाउने ।

४.२. बजार अनुगमन तथा उपभोक्ता हित संरक्षण :

४.२.१ उपभोक्ता हकहित संरक्षणलाई प्रभावकारी बनाउन आवश्यक नीतिगत व्यवस्था गर्ने ।

४.२.२ आन्तरिक तथा बाह्य व्यापार सहजीकरणमा विभागको भुमिकालाई थप सुदृढ र प्रभावकारी तुल्याउने ।

४.२.३ आपूर्ति व्यवस्थालाई सहज, नियमित र पारदर्शी बनाउने कार्यमा विभागको नेतृत्वदायी भूमिका सुनिश्चित गर्ने ।

४.२.४ अत्यावश्यक वस्तु वा सेवा उचित मूल्य र निश्चित गुणस्तरमा उपभोग गर्न पाउने उपभोक्ताको नैसर्गिक हक हित र अधिकारको संरक्षण गर्ने ।

४.२.५ व्यापार प्रवर्द्धन र नियमन, आपूर्ति व्यस्थापन र उपभोक्ता हित संरक्षण लगायतका क्षेत्रमा प्रभावकारी भुमिका निर्वाह गर्न सक्ने सक्षम संस्थाको रुपमा स्थापित गर्न वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागलाई कानुनी, भौतिक तथा मानवीय साधनश्रोतले सम्पन्न वनाउने ।

४.२.६ वाणिज्य नीति, २०६५, नेपाल व्यापार एकीकरण रणनीति **(Nepal Trade Integration Strategy – NTIS)**, २०१० ले पहिचान गरेका निर्यात संभाव्य वस्तु तथा सेवाको प्रवर्द्धन, मुल्य अभिवृद्धि **(Value addition)** तथा बजारीकरणको लागि विशेष कार्यक्रम संचालन गर्ने।

४.२.७ नयाँ निर्यातयोग्य वस्तु वा सेवाको क्षेत्र पहिचानको लागि सम्वन्धित सरोकारवालासँग छलफल गरी प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्ने ।

४.२.८. आन्तरिक व्यापारको व्यवस्थापन तथा प्रवर्द्धन गर्ने ।

४.३. आपूर्ति व्यवस्थापन :

४.३.१ आपूर्ति व्यवस्थालाई सहज, सुलभ, पारदर्शी तथा भरपर्दो बनाउन आपूर्ति नीति तर्जुमा गर्ने र कार्यान्वयन गर्ने ।

४.३.२ आपूर्तिसँग सम्वन्धित कानूनमा समसामयिक सुधार गर्ने ।

४.३.३ अत्यावश्यक वस्तु तथा सेवाको निम्ति मूल्य नियमन नीति तर्जुमा गरी कार्यान्वयन गर्ने ।

४.३.४ आपूर्ति व्यवस्थापनलाई चुस्त, प्रभावकारी र पारदर्शी बनाउन बजार अनुगमन, निरीक्षण तथा नियमन कार्यलाई सक्षम तुल्याउने ।

४.३.५ विभिन्न क्षेत्रबाट सीर्जना हुन सक्ने वस्तु वा सेवाको अवरोधलाई न्यूनीकरण गर्दै सहकारी र सुपथ मूल्य पसलहरु मार्फत सार्वजनिक वितरण प्रणाली (Public Distribution System) को विकास र सुदृढीकरण गर्ने ।

४.३.६ विद्यमान उपभोक्ता हक हित संरक्षण सम्वन्धी कानुनमा समसामयिक सुधार र परिमार्जन गर्ने।

४.३.७ आम उपभोक्तालाई उपभोग्य वस्तु वा सेवाको गुणस्तर, मुल्य, परिमाण लगायतका विषयमा आमसञ्चार माध्यममार्फत नियमित रुपमा सूचना सम्प्रेषण गर्ने ।

४.३.८ उपभोक्ता हकहित संरक्षणमा कार्यरत संस्थाहरुको सवलीकरण गर्ने र सहकार्यलाई जोड दिने।

४.३.९ उपभोक्ता हकहित संरक्षणमा कार्यरत संस्थाहरुको लागि मापदण्ड तथा मार्गदर्शन तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने ।

४.३.१० उपभोक्ता शिक्षा तथा प्रशिक्षण कार्यक्रमलाई सघन रुपमा संचालन गर्ने ।

४.३.११ उपभोक्ता हित संरक्षणको लागि विभागको जनशक्ति तथा क्षमता अभिवृद्धिको कार्य गर्ने ।

४.३.१२ उपभोक्ता हक अधिकारलाई सुनिश्चित गर्न तथा शीघ्र कानूनी उपचार दिलाउन उपभोक्ता अदालत वा इजलासको गठन र संचालनमा सहयोग पुरयाउने ।

४.३.१३ अत्यावश्यक वस्तुहरुको कृत्रिम अभाव र कृत्रिम मूल्य वृद्धि हुन नदिन तथा बजार स्थिरीकरण गर्न खाद्य सुरक्षा **(Buffor Stock)** को उचित व्यवस्था गर्ने ।

४.४. संस्थागत सुदृढीकरण :

४.४.१ आन्तरिक तथा वाह्र्य ब्यापार सहजीकरण र प्रभावकारी आपूर्ति व्यवस्थापनको लागि सक्षम संस्थाको रुपमा वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागलाई स्थापित गर्न आवश्यक दरवन्दी तथा संगठन संरचना तर्जुमा गर्ने ।

४.४.२ व्यापार सहजीकरण र आपूर्ति व्यवस्थापन एवं उपभोक्ता हित संरक्षणका लागि आवश्यक भौतिक र वित्तीय स्रोत साधन व्यवस्था गर्ने ।

४.४.३ व्यापार सहजीकरण र आपूर्ति व्यवस्थापनको लागि मानव संशाधन विकासलाई उच्च प्राथमिकताका साथ अघि बढाउने ।

४.४.४ व्यापार प्रवर्द्धन, सहजीकरण, आपुर्ति व्यवस्थापनका क्षेत्रमा (Research and Development) कार्यलाई अघि वढाउदै वाणिज्य तथा आपूर्ति व्यवस्थापनका क्षेत्रमा आधिकारिक र उपयोगी तथ्यांक आधार (Data base) तयार गर्ने ।

४.४.५ विभागको संस्थागत विकासको लागि आन्तरिक तथा वाह्य श्रोत तथा साधनको परिचालन गर्ने ।

४.४.६ अनुगमन तथा मूल्याङ्कन व्यवस्थालाई सुदृढ तुल्याई सञ्चालित कार्यक्रमहरुको प्रभावकारिता अभिवृद्धि गर्ने ।

## ५. विभागको उद्देश्य :

वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागका प्रमुख उद्देश्यहरु यस प्रकार रहेका छन् :–

- खुला तथा उदार वातावरणको सीर्जनाद्वारा निजी क्षेत्रको बढ्दो सहभागिताबाट आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापारलाई अभिवृद्धि गरी अर्थतन्त्रमा यस क्षेत्रको योगदानमा वृद्धि गर्ने ।
- निकासी व्यापारलाई प्रतिस्पर्धात्मक र दीगो रुपमा अभिवृद्धि गर्न नयाँ निकासीयोग्य वस्तुहरुको पहिचान, विकास तथा उत्पादन गरी व्यापारमा विविधिकरण गर्ने ।
- व्यापार सन्तुलनलाई कायम गर्दै दीगो रुपमा व्यापारको विस्तार गर्ने ।
- रोजगारमूलक व्यापार विस्तार गरी यस क्षेत्रको सामन्जस्यता अन्य क्षेत्रसँग आवद्ध गर्ने ।
- आर्थिक दृष्टिकोणले बढी व्यावहारिक र स्तरीय रुपमा आन्तरिक मागको आपूर्ति गराउनुको साथै बढी मात्रामा विदेशी मुद्रा आर्जन हुने गरी निकासी बढाएर देशको शोधनान्तर स्थितिलाई सुव्यवस्थित गर्ने लक्ष्य लिई उदार तथा गतिशील व्यापार नीति अवलम्वन गर्ने ।
- देशगत तथा वस्तुगत व्यापार अभिवृद्धिका लागि विशेष प्रयत्न गर्ने ।
- आपूर्ति व्यवस्था सहजीकरण सम्वन्धी कार्य गर्ने ।
- उपभोक्ता हक हित संरक्षण सम्बन्धी कार्यहरु गर्ने ।

- बजार संरक्षण तथा प्रतिस्पर्धा प्रवर्द्धनका कार्यहरु गर्ने ।

## ६. विभागका कार्यहरु :

वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागका प्रमुख कार्यहरु यस प्रकार रहेका छन् :–

- निकासी, पैठारी सम्वन्धी ऐन नियमहरु कार्यान्वयन गर्ने ।
- निकासी, पैठारी इजाजत पत्र जारी गर्ने ।
- व्यक्तिगत प्रयोजनको लागि हात हतियार खरीद गर्न पैठारी इजाजतपत्र जारी गर्ने ।
- विस्फोटक पदार्थको पैठारी गर्न इजाजत जारी गर्ने ।
- भारतीय कोटा अन्तर्गत नेपालमा आयात गरिने वस्तुको कोटा सम्वन्धी कार्य गर्न इजाजतपत्र जारी गर्ने।
- सूर्ति पैठारी गर्न इजाजतपत्र जारी गर्ने ।
- ओजनतह नष्ट गर्ने पदार्थको पैठारी गर्न इजाजतपत्र जारी गर्ने ।
- प्राइभेट फर्म, साझेदारी फर्म तथा एजेन्सीको दर्ता एवं नवीकरण, संशोधन र खारेज गर्ने ।
- समुन्द्रपारका देशहरुबाट सामान पैठारी गर्न वाणिज्य बैंकहरुमा व्यापारिक फर्महरुले खोलेको प्रतितपत्रमा भन्सार विन्दु संशोधनको लागि सिफारिश गर्न माग भै आएमा वाणिज्य बैंकहरुलाई भन्सार विन्दु संशोधन गर्न स्वीकृति दिने।
- जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिव्वत तर्फबाट हिमाल आरोहण गर्न नेपालको बाटो भै जाने पर्वतारोही दलले आफूसँग ल्याएका सामानहरु नेपालका भन्सार विन्दुमार्फत लानुपर्दा ट्रान्जिट सुविधाको लागि भन्सार विभागलाई सिफारिश गर्ने ।
- ठूलो मात्रामा हुने Block Purchase सम्वन्धी टेण्डरको सूचना सार्क सदस्य राष्ट्रहरुसँग आदान प्रदान गर्ने ।
- छाला निकासी तथा गलैंचा निकासीको अनुगमन गर्ने ।
- उत्पत्तिको प्रमाणपत्रको अनुगमन गर्ने ।
- नियमित रुपमा वजारको मुल्यसुची संकलन गर्ने, मुल्यसुची अद्यावधिक (भारत तथा अन्तर्राष्ट्रिय वजार समेतको) गर्ने तथा आवश्यक वस्तुहरुको नियमित रुपमा आपुर्ति भए नभएको अनुगमन गरी सम्वन्धित निकायलाई जानकारी दिने र अन्य तोकिएको कामहरु गर्ने ।
- आपूर्ति व्यवस्था सहजीकरण सम्वन्धी कार्यहरु गर्ने ।
- उपभोक्ता हक हित संरक्षण सम्वन्धी कार्यहरु गर्ने ।
- बजार संरक्षण तथा प्रतिस्पर्धा प्रवर्द्धनका कार्यहरु गर्ने ।

## ७. संगठन संरचना र जनशक्ति विवरण

वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागमा राजपत्रांकित प्रथम श्रेणी (प्रशासन सेवा) को महानिर्देशकको मातहतमा एक जना राजपत्रांकित प्रथम श्रेणी सहसचिवस्तरका उपमहानिर्देशक, राजपत्रांकित द्वितीय श्रेणी प्रशासन सेवाका पाँचजना निर्देशक तथा कार्यालयको कार्यबोझ अनुसार अधिकृत तथा अन्य कर्मचारीको दरवन्दी कायम गरिएको छ । शाखागत कार्यको लागि राजपत्रांकित तृतीय श्रेणी प्रशासन सेवाको शाखा अधिकृत र लेखा अधिकृत, कानून अधिकृत र तथ्याङ्क अधिकृत गरी जम्मा १० जना अधिकृतहरुको दरवन्दी कायम रहेको छ ।

यस विभागमा राजपत्रांकित र राजपत्र अनंकित एवं श्रेणीविहिन समेत गरी कुल ४८ जनाको स्थायी दर

वन्दीका कर्मचारीहरुबाट कार्यसंचालन भई आएको छ । हालैमात्र पुर्नसंरचना भएको यस विभागको वर्तमान कार्य संचालनका आधारमा संगठनात्मक स्वरुप निम्नानुसार रहेको छ ।

विभागको संगठन तालिका

अनुसूची - १.१

नेपाल सरकार

वाणिज्य तथा आपूर्ति मन्त्रालय

## वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग

संगठन संरचना र दरवन्दी बमोजिम कर्मचारीहरुको अवस्थिति



**बजार संरक्षण अधिकृत दरवन्दी कायम भएका जिल्लाहरु:**

| सि.नं. | जिल्ला | सि.नं. | जिल्ला |
|---|---|---|---|
| १. | इलाम | २. | झापा |
| ३. | सप्तरी | ४. | सुनसरी |
| ५. | सिराहा | ६. | धनुषा |
| ७. | महोत्तरी | ८. | बारा |
| ९. | रौतहट | १०. | सर्लाही |
| ११. | मकवानपुर | १२. | चितवन |
| १३. | नवलपरासी | १४. | कपिलवस्तु |
| १५. | दाङ | १६. | बर्दिया |
| १७. | कञ्चनपुर | १८. | काठमाण्डौं |
| १९. | ललितपुर | २०. | भक्तपुर |

**७.१ वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागको स्वीकृत दरवन्दी:**

यस विभागमा रा.प.प्रथम श्रेणीका महानिर्देशक देखि कार्यालय सहयोगी सम्मको दरवन्दी तेरिज देहाय अनुसार रहेको छ :–

**तालिका - १**

**विभागको दरवन्दीको अवस्था**

| क्र.सं. | पदको नाम | श्रेणी/तह | सेवा समुह | समुह | उप-समुह | साविक पद | थप | घट | खुद कायम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | महानिर्देशक | रा.प. प्र | नेपाल प्रशासन | सा.प्र. | | १ | | | १ | |
| २. | उप-महानिर्देशक | रा.प. प्र | नेपाल प्रशासन | सा.प्र. | | १ | | | १ | |
| ३. | निर्देशक | रा.प.द्धि | नेपाल प्रशासन | सा.प्र. | | ३ | २ | | ५ | |
| ४. | शाखा अधिकृत | रा.प. तृ. प्र. | नेपाल प्रशासन | सा.प्र. | | ७ | ७ | २ | १२ | |
| ५ | लेखा अधिकृत | रा.प. तृ. प्र. | नेपाल प्रशासन | लेखा | | १ | | | १ | |
| ६ | कानुन अधिकृत | रा.प. तृ. प्र. | नेपाल न्याय | कानून | | १ | | | १ | |
| ७ | तथ्यांक अधिकृत | रा.प. तृ. प्र. | आर्थिक योजना तथा तथ्यांक | तथ्याङ्क | | १ | | | १ | |
| ८ | कम्प्युटर अधिकृत | रा.प्र.तृ. प्र. | विविध | | | | १ | | १ | |
| ९ | बजार संरक्षण अधिकृत | रा.प्र.तृ. प्र. | नेपाल प्रशासन | सा.प्र. | | २० | | | २० | |
| १० | नायव सुब्बा | रा. प. अनं. प्र. | नेपाल प्रशासन | सा.प्र. | | ११ | ११ | ६ | १६ | |
| ११ | लेखापाल | रा.प. अर्न प्र. | नेपाल प्रशासन | लेखा | | २ | १ | १ | २ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२. | कम्प्युटर टेक्नीसियन | रा.प. अर्न प्र. | विविध | | | २ | | | २ | |
| १३ | खरिदार | रा.प. अनं. द्वि | नेपाल प्रशासन | सा.प्र. | | ४ | | २ | २ | |
| १४ | टाइपिष्ट | बेग अनुसार | नेपाल प्रशासन | सा.प्र. | | ३ | १ | १ | ३ | |
| १५ | सवारी चालक | श्रेणी विहिन | नेपाल इन्जिनियरिङ्ग | मेकानिकाल | जनरल मेकानिकाल | ३ | | | ३ | |
| १६ | कार्यालय सहयोगी | श्रेणी विहिन | नेपाल प्रशासन | सा.प्र. | | ७ | | | ७ | |
| १७ | कुचिकार | श्रेणी विहिन | नेपाल प्रशासन | सा.प्र. | | १ | | | १ | |
| जम्मा | | | | | | ६८ | २३ | १२ | ७९ | |

### ७.२ वाणिज्य कार्यालयहरु:

उपरोक्त वमोजिम विभागको उद्देश्य परिपूर्तिको लागि कार्य सम्पादन गर्न विभागको मातहतमा विराटनगर, वीरगञ्ज, भैरहवा, नेपालगंज र धनगढी मा गरी ५ वाणिज्य कार्यालयहरु रहेका छन् ।

| सि.नं. | जिल्ला | कार्यालय रहेको स्थान | सम्पर्क फोन नंवर |
|---|---|---|---|
| १ | विराटनगर | | ०२१–४७१४५४ |
| २ | वीरगंज | | ०५१–५२२७२९ |
| ३ | भैरहवा | लुम्विनी सडक | ०७१–५२०२८६ |
| ४ | नेपालगंज | | ०८१–५२४३२७ |
| ५ | धनगढी | | ०९१–५२४५७६ |

### ७.३ वाणिज्य कार्यालयहरुको स्वीकृत दरवन्दी तालिका

वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग अन्तर्गतका ५ वाणिज्य कार्यालयहरुको दरवन्दी तालिका देहाय वमोजिम रहेको छ :–

| क्र.स. | श्रेणी स्तर | श्रेणी/तह | विराटनगर | वीरगंज | भैरहवा | नेपालगंज | धनगढी |
|---|---|---|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख | रा.प.द्वि.प्र. | १ | १ | १ | १ | १ |
| २ | शाखा अधिकृत | रा.प.तृ. प्र. | २ | २ | २ | २ | २ |
| ३ | नायव सुब्बा | रा.प.अनं. प्र. | २ | २ | २ | २ | २ |
| ४ | लेखापाल | रा.प.अनं. प्र. | १ | १ | १ | १ | १ |
| ५ | कम्प्युटर टेक्नीसियन | रा.प.अनं. प्र. | ० | ० | ० | ० | १ |
| ६ | खरिदार | रा.प.अनं.द्वि.प्र. | १ | १ | १ | १ | १ |
| ७ | टाइपिष्ट | बेग अनुसार | १ | १ | १ | १ | ० |
| ८ | कार्यालय सहयोगी | श्रेणी विहिन | २ | २ | २ | २ | २ |
| | जम्मा | | १० | १० | १० | १० | १० |

जम्मा पाँचवाणिज्य कार्यालयहरुमा अधिकृतदेखि कार्यालय सहयोगीसम्म आठ आठ जनाको दरले

दरवन्दी रहेको देखिन्छ ।

### ७.४ निरीक्षण अधिकृत

उपभोक्ता संरक्षण ऐन २०५४ को दफा १४ अनुसार २०५७।४।२३ को राजपत्रमा प्रकाशित सूचना अनुसार नेपाल सरकारले निम्न पदाधिकारीहरुलाई निरीक्षण अधिकृतको कार्य गर्न तोकेको छ ।

| क्र. सं. | जिल्ला | निरीक्षण अधिकृतका लागि तोकिएका पदाधिकारीहरु |
|---|---|---|
| १. | मोरङ, पर्सा, रुपन्देही, बाँके | वाणिज्य कार्यालयका कार्यालय प्रमुख |
| २. | धनुषा, कास्की, कैलाली | गुणस्तर तथा नापतौल कार्यालयका कार्यालय प्रमुख |
| ३. | झापा, सुनसरी, सप्तरी, सिराहा, महोत्तरी, सर्लाही, काभ्रे, भक्तपुर, ललितपुर, चितवन, मकवानपुर, बारा, रौतहट, नवलपरासी, कपिलवस्तु, पाल्पा, दाङ, बर्दिया, कन्चनपुर | घरेलु तथा साना<br>उद्योग कार्यालयका कार्यालय प्रमुख |
| ४. | ताप्लेजुङ, पाँचथर, इलाम, संखुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, उदयपुर, खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु, दोलखा, रामेछाप, सिन्धुली, रसुवा, सिन्धुपाल्चोक, धादिङ, नुवाकोट, तनहू, लमजुङ, गोर्खा, मनाङ, स्याङ्जा, गुल्मी, अर्घाखाँची, पर्वत, म्याग्दी, मुस्ताङ, बाग्लुङ, रुकुम, सल्यान, प्यूठान, रोल्पा, सुर्खेत, दैलेख, जाजरकोट, हुम्ला, कालीकोट, मुगु, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, डोटी, अछाम, दार्चुला, बैतडी, डडेलधुरा । | जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी वा प्रशासकीय अधिकृत । |
| ५. | काठमाण्डौं (मिति २०..................को नेपाल राजपत्रको सुचना वमोजिम) | वाणिज्य विभागका शाखा अधिकृतहरु |

### ७.५ वजार संरक्षण अधिकृत

नेपाल सरकारले प्रतिशपर्धा प्रवर्द्धन तथा वजार संरक्षण ऐन, २०६३ को दफा २२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल राज्यको देहायका ३० जिल्लाहरुमा रा. प. प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी रहने जिल्लाहरुमा रा. प. द्वितीय श्रेणीको सहायक प्रमुख जिल्ला अधिकारी र रा. प. द्वितीय श्रेणीको प्रमुख जिल्ला अधिकारी रहने जिल्लाहरुमा रा. प. तृतीय श्रेणीको सहायक प्रमुख जिल्ला अधिकारीलाई बजार संरक्षण अधिकृत तोकेको छ ।

| सि.नं. | जिल्ला | सि.नं. | जिल्ला | सि.नं. | जिल्ला |
|---|---|---|---|---|---|
| १. | झापा | २. | मोरङ्ग | ३. | सुनसरी |
| ४. | सप्तरी | ५. | सिराहा | ६. | धनुषा |
| ७. | महोत्तरी | ८. | बारा | ९. | पर्सा |
| १० | रौतहट | ११ | सर्लाही | १२. | मकवानपुर |
| १३. | चिवतन | १४. | नवलपरासी | १५. | रुपन्देही |
| १६. | कपिलवस्तु | १७. | बाके | १८. | दाङ्ग |
| १९. | बर्दिया | २०. | कैलाली | २१ | कञ्चनपुर |
| २२. | काठमाण्डौं | २३. | ललितपुर | २४. | भक्तपुर |
| २५. | कास्की | २६. | धनकुटा | २७. | सुर्खेत |
| २८. | उदयपुर | २९. | उदयपुर | ३०. | पाल्पा |

**नोटः बजार संरक्षण अधिकृत दरवन्दी कायम भएको**

# खण्ड - २
# निकासी व्यवस्था

२.१ निकासी सम्बन्धी कार्य
२.२ निकासीमा वन्देज
२.३ निकाशी इजाजतपत्र लिन चाहने व्यापारिक फर्म वा उद्योगले पेश गर्नुपर्ने कागजातहरु
२.४ पुनः निकाशी
२.५ तयारी पोशाक उद्योग संघले तयारी पोशाकका कच्चा पदार्थ र सहायक कच्चा पदार्थहरु Free of Cost मा आयात गर्ने व्यवस्था
२.६ निकाशीको कार्यप्रकृया
२.७ निकाशीकर्ताको कर्तव्य
२.८ निकाशीकर्तालाई प्रोत्साहन व्यवस्था
२.९ निकाशी इजाजत खारेजी तथा वन्चित
२.१० ट्रान्जिट सुविधा
२.११ कोटा वितरण
२.१२ बिदेशी कम्पनी वा फर्मलाई नेपालमा शाखा कार्यालय खोल्न दिने व्यवस्था
२.१३ भिसा सिफारिस कार्य
२.१४ निकासीमा प्रयोग हुने फारामहरु
२.१४.१ व्यापारिक प्रयोजनको निमित्त निकासी गर्न भर्नुपर्ने दरखास्त फाराम
२.१४.२ निकासी सम्वन्धी वास्तविक विवरण

# खण्ड - २
# निकासी व्यवस्था

## २.१ निकासी सम्वन्धी कार्य :

स्वदेशमा उत्पादित वस्तुहरु छिमेकी मुलुक लगायत समुद्रपारका देशहरुमा निर्यात गर्न वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागबाट देहाय बमोजिमका निर्यात इजाजत पत्र जारी गर्ने कार्य गरिन्छ :-

२.१.१ स्वदेशमा उत्पादित वस्तुहरु छिमेकी मुलुक लगायत समुद्रपारका देशहरुमा निर्यात गर्न इजाजत पत्र जारी गर्ने गरी तोकिएको अवस्थामा त्यस्ता बस्तुहरु निकासी गर्न इजाजत पत्र जारी गर्ने ।

२.१.२ परिमाणात्मक वन्देज लागेका वस्तुहरु मध्ये समय समयमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले निर्धारण गरे बमोजिमको वस्तु तथा परिमाणको लागि निकासी इजाजत पत्र जारी गर्ने ।

२.१.३ द्विपक्षीय तथा वहुपक्षीय सहयोगमा संचालित विभिन्न योजना आयोजनाहरुको लागि संझौता अनुसार भंसारमा लगत राखी आयात गरिएका सामानहरु कार्य समाप्त भएपछि पुनः निर्यात गर्नै पर्दा इजाजत पत्र जारी गर्ने ।

२.१.४ प्रचलित कानून वमोजिम अन्य निकासीको इजाजत दिने कार्यहरु ।

## २.२ निकासीमा वन्देज :

नेपालराजपत्रमा मिति २०६६।७।१६ मा प्रकाशित सूचना अनुसार निकासी हुने वस्तुहरु मध्ये पूर्ण वन्देज लागेका र परिमाणात्मक वन्देज लगाइएका वस्तुहरु निम्न अनुसार छन् :–

### १. निकासीका लागि पूर्ण वन्देज लगाएका वस्तुहरु:

(क) पुरातात्विक, ऐतिहासिक तथा धार्मिक महत्वका वस्तुहरु

(१) विदेशी तथा स्वदेशी सिक्का

(२) देवी-देवताको मूर्ति, ताडपत्र तथा भोजपत्र

(३) पौवा

(ख) अनुसूची-१ मा उल्लेख भए बमोजिमका संरक्षित वन्यजन्तु, संरक्षित वन्यजन्तुका आखेटोपहार तथा संकटापन्न वन्यजन्तुहरु

(ग) मादक तथा लागू पदार्थहरु नेपाल सरकारद्धारा प्रकाशित गाँजा, अफिम, चरेस जस्ता **UN Convention Against Traffic in Narcotic Drugs and Psychotropic Substance, 1988 / Single Convention on Narcotics Drugs, 1961**मा परिभाषा गरिए बमोजिमका मादक तथा लागू पदार्थहरु ।

(घ) विष्फोटक तथा खरखजानाका वस्तुहरु

(१) विष्फोटक पदार्थ र त्यसलाई चाहिने फ्यूज वा फ्यूजको लागि चाहिने वस्तु

(२) जंगी खरखजाना तयारीको लागि चाहिने पदार्थहरु

(ङ) औद्योगिक मेशिनरी, पार्टपूर्जाहरु तथा कच्चा पदार्थ

(१) काँचो छाला (ड्राइ साल्टेड समेत)

(२) कच्चा ऊन तथा जंगली जीव जन्तुको रौं

(३) औद्योगिक मिल मेशिनरीहरु र सोका पार्टपूर्जाहरु तर,

- कुनै उद्योगले पैठारी आयात गरेको मिल मेशिनरीहरु सो उद्योगको प्रयोगमा नआउने भई अन्य मुलुकमा बिक्री गर्न चाहेमा वा उद्योग नै बन्द गरेमा दुईपक्षीय सन्धिमा प्रतिकूल असर नपर्ने गरी उद्योग विभागको सिफारिसमा निकासी गर्न दिइनेछ ।
- कुनै उद्योगले पैठारी गरेको कच्चापदार्थ आफ्नो उत्पादनमा प्रयोग नहुने भई विदेशमा बिक्री गर्न चाहेमा दुईपक्षीय सन्धिमा प्रतिकूल असर नपर्ने गरी सम्बन्धित विभागको सिफारिसमा निकासी गर्न दिइनेछ ।
- कुनै उद्योगले पैठारी गरेको मिल, मेशिनरी, कच्चापदार्थ र पार्टपूर्जाहरु सो उद्योगमा प्रयोग नहुने भएको वा गुणस्तर नमिलेको कारणले सोही प्रकारको अर्को मालवस्तु पैठारी गर्ने गरी निकासीकर्तालाई नै फिर्ता पठाउनु परेमा सम्बन्धित विभागको सिफारिसमा निकासी गर्न सकिनेछ ।

**(च) जैविक विविधता र वातावरण संरक्षणसंग सम्बन्धित वन पैदावार लगायतका वस्तुहरु**

(१) पाँच औंले (Dactylorhiza hatagirea) र ओखरको रुखको बोक्रा (Juglans regia)

(२) सम्बन्धित निकायको स्वीकृत वेगर र विना प्रशोधनका देहायका जडिवुटीहरु :-

(क) जटामसी (Nardostachys grandiflora)

(ख) सर्पगन्धा (Rauwolfia serpentina)

(ग) सुगन्धवाल (Valeriana jatamansi)

(घ) झ्याउ (Lichen spp)

(ङ) तालीस पत्र (Abies spectabilis)

(च) लौठ सल्ला (Taxus spp)

(छ) सुगन्धकोकिला (Cinnamomum glaucescens)

**(३) देहायका गोलिया तथा चिरान काठः-**

(क) साल (Shorea robusta)

(ख) सतिस साल (Dalbergia latifollia)

(ग) विजयसाल (Pterocarpus marsupium)

(घ) ओखर (Juglans regia)

(ङ) जंगली सिसौ तर आफ्नो निजी जग्गामा उत्पादन गरिएका सिसौ (जंगली सिसौ बाहेक), टिक, युकालिप्टसको गोलिया तथा चिरान काठ जिल्ला वन कार्यालयको सिफारिसमा निकासी गर्न पाइनेछ ।

**(४) प्रशोधन नगरिएको शिलाजित (Rock Exudat)**

(५) यार्सागुम्वा (Cordyceps sinensis) र कुट्की (Picrorhiza scrophulariifolia) वन विभागको स्वीकृति लिएर मात्र निकासी गर्न पाइनेछ।

(६) सुनगाभा/जिवन्ती (Orchids), रक्तचन्दन लगायतका CITES अनुसूचीमा सूचीकृत वनस्पतिहरुको हकमा CITES महासन्धिको प्रावधान अनुसार हुनेछ। (छ) आपूर्ति तथा वितरणमा उचित व्यवस्था गर्न आवश्यक भएका देहायका पेट्रोलियम पदार्थहरु

(१) पेट्रोल

(२) डिजेल

(३) मट्टितेल

(४) एल.पि. ग्यांस

(५) हवाइ इन्धन (अन्तर्राष्ट्रिय उडानमा संलग्न हुने वायुयानले प्रयोग गर्ने इन्धन बाहेक)।

**२. निकासीमा परिमाणात्मक वन्देज लागेका वस्तुहरु**

(१) धान

(२) चामल

(३) गहुँ

(४) चिनी (युरोपेली संघबाट कोटामा प्राप्त हुने बाहेक),

(५) दालजन्य वस्तुहरु (मुसुरो, रहर, मास, भटमास, चना, गहत, खेसरी) । नोटः देशको आपूर्ति स्थितिलाई मध्यनजर राखी माथि उल्लिखित सूचीमा यस मन्त्रालयले हेरफेर गर्न सक्नेछ ।

**३. निकासी सम्बन्धी विशेष व्यवस्था**

(क) स्वीकृत बैंकिङ्ग प्रणाली अन्तर्गत भुक्तानी हुने गरी अमेरिकी डलर ५,००० मूल्यसम्मको वस्तु र विना भुक्तानी अमेरिकी डलर ५०० मूल्यसम्मको वस्तु हुलाक पुलिन्दाबाट निकासी गर्न सकिनेछ। सो भन्दा वढी मूल्यको निकासीको लागि वाणिज्य विभागबाट इजाजत लिनु पर्नेछ ।

(ख) क्षेत्रगत आधारमा कुनै अन्तर्राष्ट्रिय प्रतिष्ठित वस्तु उत्पादक कम्पनीले निर्दिष्ट गरेको क्षेत्रको लागि वितरकको रुपमा तोकिएको नेपाली एजेन्सीले उक्त उत्पादक कम्पनीको वस्तु विना इजाजत सो मुलुकमा निर्यात गर्न पाउनेछ ।

(ग) निकासी गर्न प्रतिवन्ध नलागेका वस्तुहरु खुला रुपमा निकासी गर्न दिइनेछ ।

(घ) निकासी गर्न कुनै निकायको सिफारिस आवश्यक पर्ने भनी प्रचलित कानूनमा उल्लेख भएकोमा सो ही बमोजिम हुनेछ।

# अनुसूची-१

## (प्रकरण १ को खण्ड (ख) संग सम्बन्धित)

## संरक्षित वन्यजन्तु, संरक्षित वन्यजन्तुका आखेटोपहार तथा संकटापन्न वन्यजन्तु

(१) संरक्षित वन्यजन्तु

(क) स्तनधारी जन्तु (म्यामल्स)

| सि.नं. | स्तनधारी जन्तु (म्यामल्स | सि.नं. | स्तनधारी जन्तु (म्यामल्स) |
|---|---|---|---|
| १. | आसामी रातो बाँदर (मकाका आसमेन्सीस) | २. | सालक–(म्यानिस क्रसिकडाटा र म्यानिस पेन्टाडक्टाइला) |
| ३. | हिसपिड खरायो– (क्याप्रोलागस हिसपिडस) | ४. | सोंस–(प्लाटानिस्टा ग्यन्जेटिका) |
| ५. | ब्वाँसो – (क्यानिस लुपस) | ६. | हिमाली रातो भालु– (असर्स अर्क्टस |
| ८. | लिङ्गसाङ – (प्राओनोडन पार्डिकलर) | ९. | हुडार – (हाइना हाइना) |
| १०. | चरी बाघ (लेपर्ड क्याट)– (फेलिल बेंगालेन्सिस) | ११. | लिक्स – (फेलिस लिंक्स) |
| १२. | ध्वाँसे चितुवा– (निओफेलिस नेबुलोसा) | १३. | हिउा चितुवा – (पान्थेरा अन्सिय) |
| १४. | हिउँ चितुवा – (पान्थेरा अन्सिय) | १५. | जङ्गली हात्ती– (इलेफस माक्सिमस |
| १६. | गैंडा – (रायनोसिरस युनिकर्निस) | १७. | सानो जातको बादेल–(सस सल्मानस) |
| १८. | कस्तुरी मृग – (मस्चस मस्चिफेरस | १९. | बाह्रसिंगा–(सरभसडुभाउसेलि |
| २०. | गोरबाइसन – (वस गोंरस) | २१. | याक नाक – (वस ग्रन्नियन्स) |
| २२. | अर्ना – (बुबालस बुवालिस) | २३. | नायन – (ओभिस आम्मन) |
| २४. | चिरु – (पान्थोलप्स हडसोनी) | २५. | कृष्णसार – (एन्टिलोप सर्भिकार्पा |
| २६. | चौका – (टेट्राकर्निक क्वाड्रिकर्निस) | | |

(ख) पंक्षी (एभ्स)

| सि.नं. | पंक्षी (एभ्स) | सि.नं. | एभ्स |
|---|---|---|---|
| १. | कालो स्टक – (सीकोनियाा नाइग्रा) | २. | सेतो स्टर्क – (सिकोनियाा सिको नियाा) |
| ३. | सारस – (ग्रस ग्रस) | ४. | चीर – (क्याट्रिएस वालिचाई |
| ५. | डाफे – (लोफोफोरस इम्पिजासन) | ६. | मोनाल – (ट्रागोपान साटाइरा) |
| ७. | खर मुजूर– (युपोडोटिस बेङ्गालेन्सिस) | ८. | सानो खर मुजूर – (साइफिओटाइडस इन्डिका) |
| ९. | ठूलो धनेश – (बुसेरस वाइकर्निस) | | |

(ग) घस्रने जातका जन्तु (रेपटायल्स)

| सि.नं. | घस्रने जातका जन्तु (रेपटायल्स) | सि.नं. | घस्रने जातका जन्तु (रेपटायल्स) |
|---|---|---|---|
| १. | अजिङ्गर – (पाईथन स्पिसिज) | २. | घडियाल गोही – (ग्याभियालिस ग्यान्जेटिकस) |
| ३. | सुन गोहोरा – (भारानस फ्लाभेसेन्स) | | |

(२) संरक्षित वन्यजन्तुका आखेटोपहार स्पष्टीकरण:

यस सूचनाको प्रयोजनको लागि "आखेटोपहार" भन्नाले अति सङ्कटापन्न वा सङ्कटापन्न वन्यजन्तुको मृत शरीर वा शरीरको चिन्न सकिने अवस्थामा रहेको कुनै अंश वा अंग वा शरीरको कुनै पदार्थ वा त्यस्तो पदार्थको सम्मिश्रणबाट वनेको वा तयार भएको कुनै पनि वस्तु सम्झनु पर्छ ।

(३) सङ्कटापन्न वन्यजन्तुहरु

सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार महासन्धि (Convention on International Trade in Endangered Species of Wild Fauna and Flora) (CITES) को अनुसूची- १ मा उल्लिखित देहायका वन्यजन्तुहरु

(क) स्तनधारी प्राणी

| क्र.सं. | नेपालीको नाम | वैज्ञानिकको नाम | अंग्रेजीको नाम |
|---|---|---|---|
| १. | हाव्रे | Ailurus fulgens | Red panda |
| २. | गौरी गाई | Bos gaurus | Gaur |
| ३. | जङ्गली चौरी | Bos grunniens (mutus) | Wild Yak |
| ४. | व्वासो | Canis lupus | Grey Wolf |
| ५. | हिस्पीड खरायो | Caprolagus hispidus | Hispid Hare |
| ६. | बाह्र सिंगे | Cervus duvaucelii | Swamp Deer |
| ७. | हात्ती | Elephas maximus | Asiatic wild Elephant |
| ८. | चरी बाघ | Felis (Prionailurus) bengalensis | Leopard cat |
| ९. | छिरबिरे बिरालो | Felis(pardofelis) marmorata | Marble cat |
| १०. | सुनौलो बिरालो | Felis (Catopuma) temmincki | Golden cat |
| ११. | ओंत | Lutra lutra | Otter |
| १२. | काठे भालु | Melursus Ursinus | Sloth Bear |
| १३. | कस्तुरी मृग | Moschus Chrysogaster | Musk Deer |
| १४. | घोरल | Naemorhedus goral | Himalayan Goral |
| १५. | थार | Naemorhedus sumatraensis | Himalayan Serow |
| १६. | ध्वाासे चितुवा | Neofelis nebulosa | Clouded Leopard |
| १७. | नायन | Ovis ammon hodgsonii | Great Tibetan Sheep |
| १८. | पाटेबाघ | Panthera tigris tigris | Royal Bengal Tiger |
| १९. | चितुवा | Panthera pardus | Comman Leopard |
| २०. | हिउा चितुवा | Uncia uncial | Snow Leopard |

| | | | |
|---|---|---|---|
| २१. | चिरु | Pantholops hodgsoni | Tibetan Antelope |
| २२. | सोंस | Platanista gangetica | Gangetica Dolphin |
| २३. | लिङसाङ | Prionodon pardicolor | Spotted Lingsang |
| २४. | एक सिङ्ग गैंडा | Rhinoceros unicornis | One horned Rhino |
| २५. | हिमाली कालो भालु | Selenarctos (Ursus) thibetanus | Himalayan Black Bear |
| २६. | पुड्के बादेल | Sus Salvanius | Pygmy Hog |
| २७. | लङ्गुर बाादर | Semenopithecus entellus | Hanuman Langur |
| २८. | खैरो भालु | Ursus arctos | Brown Bear |

(ख) पंक्षीहरु

| क्र.सं. | नेपालीको नाम | वैज्ञानिकको नाम | अंग्रेजीको नाम |
|---|---|---|---|
| १. | धनेश | Aceros nipalensis | Rufous Necked Hornbill |
| २. | हरियो टाउके हाँस | Anas platyrhynchos | Laysan Teal(Mallard) |
| ३. | चील | Aquila heliaca | Imperial Eagle |
| ४. | बुस्टार्ड (गोडावण) | Ardeotis nigriceps | Great Indian Bustard |
| ५. | राज धनेश | Buceros bicornis | Great Pied Hornbill |
| ६. | चीर कालीज | Catreus Wallichii | Cheer Pheasant |
| ७. | सेतो गरुड | Ciconia ciconia | White Stork |
| ८. | खर मजुर | Epodotis bengalensis | Bengal Florican |
| ९. | बाज | Falco jugger | Lagger Falco |
| १०. | बाज | Falco pelegrinoides | Barbary Falco |
| ११. | शाही बाज | Falco peregrines | Peregrine |
| १२. | क्याङ कुरुङ | Grus nigricollis | Black Necked Crane |
| १३. | सेतो पुच्छरे चील | Haliaeetus albicilla | White tailed Eagle |
| १४. | डाफे | Lophophorus impejanus | Himalayan Monal |
| १५. | रातो टाउके हाँस | Rhodonessa caryophyllacea | Pink headed Duck |
| १६. | हिउा कुखुरा | Tetraogallus tibetanus | Tibetan Snowcock |

(ग) सरिसृप (घस्रने प्राणी)

| क्र.सं. | नेपालीको नाम | वैज्ञानिकको नाम | अंग्रेजीको नाम |
|---|---|---|---|
| १. | कटैया | Aspideretes gangeticus | Ganges Softshell Turtle |
| २. | बडहर/कटैया | Aspideretes hurum | Peacock Softshell Turtle |
| ३. | मगर गोही | Crocodylus palustris | Mugger Crocodile |
| ४. | घडियाल गोही | Gavialis gangeticus | Gharial Crocodile |

| | | | |
|---|---|---|---|
| ५. | ठोटरी | Kachuga tecta | IndianRoofed Turtle |
| ६. | ठोटरी | Melanchelys tricarinata | Tricarinate Hill Turtle |
| ७. | अजीङ्गर | Python molurus | Asiatic rock Python |
| ८. | सुन गोहोरो | Varanus flavescens | Golden Monitor Lizard |

नोटः- CITES को अनुसूची-१ मा सूचीकृत वन्यजन्तुहरुको अनुसन्धान, शैक्षिक प्रदर्शन वा चिडियाखानामा राख्ने जस्ता गैर व्यावसायिक प्रयोजनको लागि निकासी वा पैठारी गर्दा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको पत्र अनिवार्य हुनेछ ।

(४) CITES को अन्य अनुसूचीमा समावेश भएका वन्यजन्तुहरुको निकासी वा पैठारी गर्दा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट नियमानुसार दिइएको कागजात पेश गर्नु पर्नेछ ।

**२.६ निकासीको कार्य प्रक्रिया :**

(१) कुनै व्यापारिक फर्म, कम्पनी वा उद्योगले तोकिएको परिमाण र मूल्य वरावरको माल वस्तुहरु निकासी गर्न इजाजत लिन चाहेमा वाणिज्य विभाग समक्ष दफा २.३ मा उल्लेख भए अनुसारका कागजातहरु सहितको दरखास्त दिनु पर्दछ । यसरी प्राप्त भएको दरखास्तमा सम्वन्धित शाखाबाट आवश्यक जांचवुझ गरी सम्वन्धित अधिकारी समक्ष पेश गरिन्छ र पेश भएका दरखास्त उपर निकासी पैठारी नियन्त्रण ऐन, २०१३ तथा निकासी पैठारी नियम, २०३४ अनुसार नेपाल सरकारले त्यस्ता दरखास्तवाला निकासीकर्तालाई तोकिएको परिमाण र मूल्य वरावरको माल वस्तु निकासी गर्न निकासीकर्ताको नाममा निकासी इजाजतपत्र जारी गर्नेछ ।

(२) विशेष व्यवस्था भएमा वाहेक निकासी इजाजतपत्रको लागि दस्तुर लाग्ने छैन ।

**२.७ निकासीकर्ताको कर्तव्य :**

निकासीकर्ताले प्राप्त भएको निकासी इजाजतपत्र वमोजिम तोकिएको परिमाण र मूल्य वरावरको वस्तु निकासी भएको ७ दिन भित्र तोकिएको ढाँचामा विवरण भरी वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग समक्ष पेश गर्नु पर्नेछ ।

**२.८ निकासीकर्तालाई प्रोत्साहन :**

निकासीकर्ताले नेपाल सरकारको नीति नियमको अधिनमा रही निकासी गरेमा त्यस्ता निकासीकर्तालाई पुरस्कार तथा अन्य सुविधाको व्यवस्था गर्न सक्नेछ ।

**२.९ निकासी इजाजत खारेजी तथा वञ्चित :**

निकासीकर्ताले प्राप्त गरेको निकासी इजाजतपत्र वमोजिमको वस्तु निकासी नगरेमा वा निकासी विवरण पेश नगरेमा नेपाल सरकारले त्यस्ता निकासीकर्ताको इजाजतपत्र खारेजी वा निकासी गर्नबाट वन्चित गर्न सक्नेछ । निकासी विवरण पेशगर्ने फारामको ढाँचा यसैखण्डको अनुसूची २.२ मा संलग्न गरिएको छ ।

**२.१० ट्रान्जिट सुविधा :**

जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिव्वत तर्फबाट सगरमाथा लगायत विभिन्न हिमालहरु आरोहण गर्न जाने विभिन्न विदेशी पर्वतारोहण दलहरुले आफुसाथ लिईजाने सामानहरु नेपालको कुनैपनि भंसार नाकाबाट आउन सक्छ । खासगरी तातोपानी भन्सार (कोदारी) भई सतह मार्गबाट तिव्वततर्फ लानुपर्दा र नेपालका हिमाली जिल्लाहरुमा चीनको स्वशासित क्षेत्र उपयोग

गरी मालसामान पुऱ्याउनु पर्ने अवस्थामा पनि ट्रान्जिट सुविधा उपलव्धताको लागि वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागले भंसार विभागलाई पत्र लेख्नु पर्दछ । यसरी ट्रान्जिट सुविधाको लागि सम्वन्धित पर्वतारोहण दल वा सो दलले तोकेको एजेन्सीले निम्न कागजातहरु समेत राखी वाणिज्य विभागमा निवेदन/अनुरोध गर्नु पर्दछ ।

(१) संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट आरोहण गर्ने हिमशिखरको नाम, आरोहण गर्ने दलको नाम र समय-ऋृतु समेत खुलेको सिफारिशपत्र,

(२) पर्वतारोहण दलले नेपालको भू-भाग भई तिब्वत तर्फ लाने सामानको सूची संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको पत्रसाथै आउनु पर्ने ।

(३) आरोही दललाई जनवादी गणतन्त्र चीनका तर्फबाट प्रदान गरिएको Letter of Endorsement संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको पत्रसाथै आउनु पर्ने ।

(४) एयरवे विल/सामान आएको प्रमाण ।

(५) विदेशी पर्वतारोही दलका तर्फबाट नेपाल स्थित कुनै एजेन्सीले यो कार्य गर्ने भए त्यसको इजाजतपत्र, आयकर प्रमाणपत्र आदि ।

दस्तुर :

प्रत्येक पटक ट्रान्जिट सुविधा प्रदान गरे वापत वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागले रु. १०० ।- दस्तुर लिनेछ ।

## २.११ कोटा वितरण सम्वन्धी कार्य

नेपाल र भारतका वीचमा सन् १९९१ मा भएको वाणिज्य सन्धीको दोश्रो नविकरण मार्च २, २००२ मा भयो । यस नविकरणमा सन् १९९६ मा पहिलो पटक नविकरण भै कार्यान्वयनमा रहेको वाणिज्य सन्धीका प्रावधानहरु यथावत कायम गरी यस नविकरणबाट थप भएको सन्धीको प्रोटोकलको Article 'V' अनुसार नेपालबाट भारत निकासी हुने Vegetable Fats (Vanaspati), Acrylic Yarn, Copper Products Under Chapters 74 and Heading 85.44 of the H.S. Code / Zinc Oxide को कोटा निर्धारण गरिएको छ । यस सन्धीमा भएको नयाँ प्रावधानहरुको कार्यान्वयन गर्ने काममा नेपाल सरकारले एक प्राविधिक समिति गठन गरी सो प्राविधिक समितिबाट नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पेश भएको प्रतिवेदनका आधारमा नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय (मा. मन्त्रिस्तर) को मिति २०५८।१२।३० को निर्णयानुसार वाणिज्य विभागबाट कोटा वितरण गर्ने निर्णय भएको थियो । सन २००७ मा नबिकरण भएको नेपाल भारत बाणिज्य सन्धीले साबिक कोटा व्यवस्थालाइ निरन्तरता दिएकोले कोटा बितरण कार्य यथावत चालु रहेको छ ।यस निर्णय अनुसार कोटा वितरण गर्ने कार्यको सरलता, पारदर्शिता, कार्यगत एकरुपता र कामको गुणस्तरीयता कायम राख्न कोटा वितरण दिग्दर्शन २०५९ (२००२) मा केही परिमार्जन गरी कोटा बितरण तर्जुमा गरी लागू गरिएको छ । कोटा वितरण सम्वन्धी विस्तृत विवरण सहितको उक्त दिग्दर्शन अनुसूची १२ मा हेर्नु होला ।

## २.१२ विदेशी कम्पनी वा फर्मलाई नेपालमा शाखा कार्यालय खोल्न दिने :

नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०५९।४।२० को बैठकले विदेशस्थित कम्पनी वा फर्मलाई नेपालबाट वस्तु तथा सेवाको आयात गर्न अभिप्रेरित गर्ने उद्देश्यले नेपालमा सम्पर्क कार्यालय खोल्न दिने निर्णय अनुसार त्यस्ता कार्यालय खोल्ने स्वीकृति यस विभागबाट दिने गरिएको छ ।

**१. सम्पर्क कार्यालय खोल्ने मापदण्ड तथा शर्तहरु :**

नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०५९/४/२० को बैठकले विदेश स्थित कम्पनी, फर्म लाई नेपालमा सम्पर्क कार्यालय खोल्न दिने सम्वन्धमा निम्न अनुसारको मापदण्ड तथा शर्तहरुको व्यवस्था गरेको छ :

(क) नेपालको निकासी अभिवृद्धि गर्न नेपाली फर्म, कम्पनी, उद्योगलाई आवश्यक सघाउ पुऱ्याउन गुणस्तर परीक्षण गर्न, खरिद आदेश दिन तथा उत्पादन स्थिति समेत हेर्नका लागि विदेशी आयातकर्ता वा कम्पनीले नेपालमा आफ्नो सम्पर्क कार्यालय स्थापना गर्न चाहेमा सम्पूर्ण विवरण सहित वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागमा आवेदन दिनु पर्नेछ । वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागले उक्त फर्म वा कम्पनीले विगतको वर्षहरुमा नेपालबाट आयात गरेको विवरण हेरी त्यस्तो सम्पर्क कार्यालय खोल्न अभिलेख राखी अनुमति दिन सक्नेछ ।

(ख) सम्पर्क कार्यालय खोल्न चाहने विदेशी कम्पनी/फर्मले कम्तीमा वार्षिक यु.एस.डलर पाँचलाख मूल्य वरावरको नेपालमा निर्मित वस्तु तथा सेवा नेपालबाट खरिद/आयात गरेको हुनु पर्नेछ ।

(ग) सम्पर्क कार्यालयको लागि आवश्यक पर्ने कर्मचारीको हक्मा १ जना विदेशी भए कम्तिमा ३ जना नेपाली नागरिक र २ जना विदेशी भए कम्तीमा ५ जना नेपाली नागरिकलाई अनिवार्य रुपमा रोजगारी दिनु पर्नेछ । सम्पर्क कार्यालयमा कार्यरत विदेशी तथा नेपाली कामदारहरुको विवरण नयाँ नियुक्ति, थपघट वा अवकाशको विवरण वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागलाई अनिवार्य रुपमा दिनु पर्नेछ ।

(घ) प्रत्येक आर्थिक वर्षको ६/६ महिनामा आफ्नो कारोवारको विवरण वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागमा नियमित रुपमा पेश गर्नु पर्नेछ ।

(ङ) त्यस्ता सम्पर्क कार्यालयले अन्य कुनै विदेशी आयातकर्ताको स्थानीय एजेण्ट वा कमिशन एजेण्टको रुपमा कारोवार गर्न पाउने छैनन् ।

(च) क्रेता वा विक्रेताको वीचको विचौलिया हुन नपाउने तर आफ्नो भ्रातृ संस्था (Sister Organization) को पक्षमा प्रतिनिधिको हैसियतले मात्र काम गर्न पाउने र त्यस्ता प्रतिनिधिलाई नेपालमा आउने पारिश्रमिकमा प्रचलित आयकर ऐनमा भएको व्यवस्था अनुसार कर लाग्नेछ ।

(छ) नेपालमा सम्पर्क कार्यालय सञ्चालन गर्न आवश्यक पर्ने रकम परिवर्त्य विदेशी मुद्रामा वैंकिङ्ग माध्यमबाट ल्याउनु पर्नेछ ।

(ज) सम्पर्क कार्यालयमा काम गर्ने विदेशी कर्मचारीहरुलाई भिसा उपलब्ध गराउने र सो को म्याद थप वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागको सिफारिशका आधारमा अध्यागमन विभागले गर्नेछ ।

(झ) यस सम्बन्धमा अन्य केही प्रक्रियागत कुरा स्पष्ट गर्नु परेमा वाणिज्य तथा आपूर्ति मन्त्रालयले गर्नेछ ।

**२.१३ भिसा सिफारिश कार्य :**

नेपाल सरकारले अध्यागमन नियमावली, २०५१ को नियम १०(क) अनुसार विदेशमा वसोवास गर्ने नेपाली मूलको विदेशीले नेपालमा व्यापार व्यवसाय गर्न चाहेमा एक पटकमा बढीमा १० (दश) वर्ष

सम्मको लागि गैर आवासिय नेपाली भिसा प्रदान गर्ने व्यवस्था गरेको छ । साथै तेश्रो मुलुकबाट नेपालमा आई नेपालको उत्पादन खरीद गरी निकासी गर्ने वा निकासीको लागि खरीद अर्डर दिने विदेशीलाई एक पटकमा बढीमा ९० दिन सम्म नेपाल अधिराज्यमा वस्न सक्ने गरी पाँच वर्ष अवधिको गैर पर्यटकीय वहुप्रवेशीय प्रवेशाज्ञा (भिसा) दिने व्यवस्था समेत उक्त संशोधनले गरेको छ । यस्ता प्रकारको भिसा वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागले गरेको सिफारिशको आधार मा अध्यागमन विभागबाट जारी गरिनेछ । भिसा सिफारिश गर्ने कार्यविधीको जानकारी भिसा सिफारिश कार्य दिग्दर्शन २०५९ अनुसूचीमा दिइएको छ ।

## २.१४ निकासीमा प्रयोग हुने फारामहरु :

### २.१४.१ व्यापारिक प्रयोजनको निमित्त निकासी गर्न भर्नुपर्ने दरखास्त फाराम

श्रीमान महानिर्देशकज्यू, मिति :-२०

वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग ।

१. निकासीकर्ताको नाम र ठेगाना :

२. फर्म वा कम्पनीको धनीको नाम र ठेगाना :

३. निकासी गर्न चाहेको वस्तुको विवरण

(क) किसिम :

(ख) परिमाण :

(ग) विक्री मूल्य :

४. निर्यात गरिने मुलुकको नाम :

५. निकासी गरिने भन्सारको नाम :

६. विदेशी क्रेताहरुको ठेक्का वा खरीद आदेशपत्र भैसकेको भए ती मध्ये एकको प्रतिलिपी र सो नभए अन्य व्यहोरा

७. विदेशी खरीददारहरुको नाम र ठेगाना :

८. दरखास्तवालाको फर्म वा कम्पनीको रजिष्ट्रेशन नं. मिति ................ स्थान ...............

९. अन्तिम पटक भएको नवीकरण मिति :

१०. निकासी गर्ने अवधि :

११. यस अघि इजाजतपत्र प्राप्त गरेको भए सोको विवरण :

१२. दरखास्तवालाले दस्तखत गर्न पाउने गरी निजलाई फर्म वा कम्पनीले लेखिएको अधिकारपत्रको संख्या ....................... मिति .......................

१३. अन्य आवश्यक विवरण :

म/हामी कवुलियत गर्दछु / गर्दछौं कि माथि उल्लिखित कुराहरु आफूले जानेसम्म साँचो र ठीक छन् । यसमा दिएको विवरण झुट्टा अथवा बेठीक ठहरेमा मेरो / हाम्रो नाउँमा जारी गरिएको इजाजतपत्र वदर गरिएमा मलाई / हामीलाई मञ्जूर छ । उपरोक्त कवुलियतको समर्थनको निमित्त इजाजतपत्र दिने अधिकारीले मागेको कागजपत्रहरु दिन म / हामी तयार छु / छौं ।यो इजाजतपत्रबाट निकासी भएको माल वस्तुको भुक्तानी बैंक मार्फत हुनेछ । मैले / हामीले यस कार्यालयलाई वुझाउनु पर्ने कुनै रकम वाँकी छैन ।

मिति : दरखास्तवालाको सहीछाप

## २.१४.२ निकासी सम्वन्धी वास्तविक विवरण

### अनुसूची - २.२

| सि.नं. | निकासी इजाजतपत्र पाएको मिति र इजाजत पत्रको नम्वर | वस्तुको नाम | इजाजत पत्रमा उल्लेखित माल वस्तु | | वास्तविक निकासी (निकासी भंसारमा कायम भए बमोजिम | | निकासी भएको भंसारको नाम | निकासी भएको पोर्टको नाम र उक्त पोर्टबाट चलान भएको मिति | वस्तु प्राप्त गर्ने मुलुक र फर्मको नाम | कबुलियत भएको मिति र पत्रसंख्या | वस्तु डेलिभरी भएको मिति | प्राप्त हुने विदेशी मुद्रा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | मूल्य | परिमाण | मूल्य | | | | | | | |
| | | | | | | | | | | | | | |

उपरोक्त विवरण ठीक दुरुस्त छ र सम्वन्धित कागजपत्र साथै पेश गरेको छु । झुट्टा ठहरे प्रचलित कानून बमोजिम सजाय सहने बुझाउने छु ।

# खण्ड-३
# पैठारी व्यवस्था

३.१ पैठारी सम्बन्धी कार्य
३.२ पैठारीका लागि पूर्ण वन्देज लागेका वस्तुहरु
३.३ समुद्रपारका मुलुकबाट पैठारी गर्दा इजाजत लिनुपर्ने
३.४ विना पैठारी इजाजतपत्र वा प्रतितपत्र वेगर पैठारी गर्न पाइने
३.५ उपहार स्वरुप प्राप्त सामान
३.६ प्रतितपत्र वेगर पैठारी गर्न नपाउने
३.७ व्यक्तिगत प्रयोजनको लागि १/१ थान सम्म विना प्रतितपत्र पैठारी गर्न पाउने व्यवस्था ।
३.८ Buy Back Arrangement मा निकासीमुलक गलैंचा उद्योगले कच्चा पदार्थ पैठारी गर्न पाउने व्यवस्था
३.९. आयात इजाजतपत्र लिन चाहने व्यापारिक फर्म, उद्योग वा व्यक्तिले पेश गर्नुपर्ने कागजातहरु
३.१० इजाजतको प्रतिलिपि
३.११ इजाजत दस्तुरको व्यवस्था
३.१२ पैठारी सम्वन्धी आवश्यक फारामहरु
३.१२.१ व्यापारीक प्रयोजनको लागि पैठारी गर्न दरखास्त फाराम - (क)
३.१२.२ उपयोगका लागि वस्तु पैठारी गर्न भर्नुपर्ने फाराम - (ख)

# खण्ड - ३
# पैठारी व्यवस्था

३.१. पैठारी सम्वन्धी कार्य:

३.१.१ नेपाली जनताहरुको इच्छा आकांक्षा अनुरुप नेपाली वजारमा आवश्यक वस्तुहरुको परिपूर्तिका लागि विदेशबाट वस्तुहरु आयात गर्न वाणिज्य विभागले आयात इजाजतपत्र जारी गर्दछ ।

३.१.२ पैठारी व्यवस्थालाई पूर्णतया नियन्त्रणमा राख्नु भन्दा खुला गरी विभिन्न नीतिगत कार्यबाट नियमित तुल्याउन सकेमा यसबाट विकृति कम हुने हुँदा देशको पैठारी व्यापारलाई खुला गर्दै लाने क्रममा केही वस्तुलाई प्रतिवन्ध र केही वस्तुहरुलाई नियन्त्रण गरी वाँकी सबै वस्तुहरु, औद्योगिक कच्चा पदार्थ र मेशिनरीहरु तथा दैनिक उपभोग्य वस्तुहरुको आयात खुल्ला गरिएको छ ।

३.१.३ नेपाल सरकारले परिमाणात्मक वन्देज लगाएका वस्तुहरु, व्यक्तिगत प्रयोजनको लागि ल्याउन पाउने भनी तोकिएको संख्या र परिमाण भन्दा बढी ल्याएका वस्तुहरुको आयात गर्न आयात इजाजत पत्र प्राप्त गर्नु पर्नेछ ।

३.२. पैठारीका लागि पूर्ण बन्देज लागेका वस्तुहरु:

(क) गांाजा, चरेस, अफिम, मर्फिन जस्ता स्वास्थ्यका निमित्त हानिकारक लागू तथा मादक पदार्थहरु,

(ख) गोमाास,

(ग) नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएका हानिकारक एजो रंगहरु,

(घ) प्लाष्टिकका झुत्राहरु र २० माइक्रोनभन्दा कम मोटाइका प्लाष्टिकका झोला तथा शीट (Sheet)

(ङ) बढी कार्बन फाल्ने Incandescent light bulbs,

(च) अन्य प्रचलित कानून बमोजिम बन्देज गरिएका वस्तुहरु ।

५. इजाजतपत्र वा स्वीकृतिपत्रको आधारमा मात्र पैठारी गर्न सकिने वस्तुहरु :

(क) अनुसूची-२ मा उल्लेख भए बमोजिमका लागू तथा मनोद्दिपक औषधि र सोको सहायक रसायन (गृह मन्त्रालयको सिफारिसमा)

(ख) हातहतियार र विष्फोटक पदार्थहरु (गृह मन्त्रालयको सिफारिसमा) अनुसूची-३ मा उल्ले ख भए बमोजिम विष्फोटक पदार्थहरु बनाउन चाहिने आवश्यक सामानहरु, बन्दूक र बन्दूकका गोलीहरु, कागज वाहेकका केपहरु (Capes) र अन्य विष्फोटक पदार्थहरु तथा हातहतियारहरु

(ग) देहायका रेडियो यन्त्र बाहेक वायरलेस, वाकिटकी, प्रसारण रिसिभर, लिङ्क रेडियो उपकरण जस्ता रेडियो उपकरण र अन्य यस्तै शव्दवाहक, संवादवाहक, दृश्यवाहक, तथ्याङ्कवाहक, रेडियो यन्त्रहरु (सूचना तथा सञ्चार मन्त्रालयको सिफारिसमा)

(१) GSM मोवाइल फोन सेट,

(२) WLL टेलिफोन सेट,

(३) नेपाल दूरसञ्चार प्राधिकरणबाट GMPCS को लाइसेन्स प्राप्त सेवा सञ्चालनको स्याटेलाइट नेटवर्कमा आवद्ध हुने स्याटेलाइट टेलिफोन सेट ।

(घ) परिमाणात्मक बन्देज लागेको वस्तुः पोस्तादाना

**६. पैठारी सम्बन्धी विशेष व्यवस्था :**

(क) वातावरणमा प्रतिकूल प्रभाव पार्ने पदार्थहरुको पैठारी सम्बन्धमा कुनै आदेश जारी गरेको भए सोही अनुसार हुनेछ।

(ख) देहायका वस्तु समुद्रपार मुलुकबाट विना पैठारी इजाजतपत्र तथा विना प्रतितपत्र वा भुक्तानी वेगर पैठारी गर्न पाइनेछ :–

(१) नेपाल सरकारका कार्यालय, सार्वजनिक संस्थान, सामाजिक संस्था वा प्रतिष्ठानले पैठारी गर्ने वस्तुहरु तथा सम्बन्धित मन्त्रालयको सिफारिसमा नेपालमा सञ्चालित आयोजनाको नाममा पैठारी गरिने सम्झौतामा उल्लिखित Bill of Quantity बमो जिमका वस्तुहरु,

(२) कुनै व्यक्ति वा संस्थाले नेपालमा रहेका अशक्त विरामीलाई औषधोपचारको निम्ति उपहार स्वरुप पठाएका आकस्मिक औषधिहरु,

(३) प्रचार-प्रसारको लागि पठाएका पोष्टर, क्यालेण्डर जस्ता प्रिण्टेड सामग्रीहरु,

(४) कुनै व्यक्तिले विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्थाको निमन्त्रणा, सभा, सम्मेलन बैठक आदिमा भाग लिई उपहार वा पुरस्कार स्वरुप प्राप्त गरेको अमेरिकी डलर १,००० सम्मको वस्तु,

(५) कुनै मित्र राष्ट्र वा अन्तर्राष्ट्रिय वा क्षेत्रीय संघ, संस्था, सामाजिक संस्था वा व्यक्तिले सम्बन्धित मन्त्रालयको स्वीकृतिमा नेपालका नाफा आर्जन गर्ने उद्धेश्य नभएका से वामूलक संघ, संस्थालाई प्रदान गर्ने उपहार, चन्दा, अनुदानका सामानहरु,

(६) संयुक्त/विदेशी लगानीमा सञ्चालित उद्योगले सम्झौता बमोजिम पूंजी लगानी वापत पैठारी गरेका मेशिनरी सामान र कच्चा पदार्थहरु (उद्योग विभागको सिफारिसमा)

(७) नेपालमा सञ्चालन भएका आयोजना तथा संयुक्त/विदेशी लगानीमा सम्झौता अन्तर्गत कार्यरत विदेशी व्यक्ति वा विदेशी लगानीकर्ताले निजी प्रयोजनकालागि पैठारी गरेको सामान (सम्बन्धित मन्त्रालयको सिफारिसमा)

(८) अमेरिकी डलर १,००० सम्मका कुनै कम्पनी वा फर्मको चिन्ह अङ्कित विज्ञापन, लेवल, स्टीकर र नमूना सामग्रीहरु,

(९) विदेशी कम्पनी, संयुक्त लगानीका कम्पनी वा विदेशी एयरलाइन्सका प्रधान कार्यालयले नेपाल स्थित प्रतिनिधि कार्यालय, शाखा कार्यालय वा जनरल सेल्स एजेण्ट (जि.एस.ए.) जस्ता रजिष्टर्ड फर्महरुलाई कार्यालय सञ्चालनका लागि पठाएका अमेरिकी डलर ५,००० सम्मका कार्यालय सामानहरु,

(१०) कुनै मित्रराष्ट्र वा अन्तर्राष्ट्रिय वा क्षेत्रीय संघ संस्थाले आफ्नो प्रयोगकालागि पैठारी गरेका नेपाल सरकार, अर्थ मन्त्रालयले भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिएका सामानहरु ।

७. स्वीकृत बैंकिङ्ग प्रणाली अर्न्तगत भुक्तानी हुने गरी अमेरिकी डलर ५०० मूल्यसम्मको वस्तु र विना भुक्तानी अमेरिकी डलर २०० मूल्यसम्मको सामान हुलाक पुलिन्दाबाट पैठारी गर्न सकिनेछ । बैंकिङ्ग प्रणाली अर्न्तगत भुक्तानी भई पैठारी भएको सामानको हकमा माथि उल्लिखित मूल्यभन्दा वढी मूल्यको पैठारीका लागि वाणिज्य विभागबाट इजाजत लिनु पर्नेछ । विना भुक्तानी पैठारी भएको सामानको हकमा माथि तोकिएभन्दा बढि मूल्यको वस्तु पैठारी भएमा बढी मूल्य जतिमा शत् प्रतिशत पैठारी इजाजत दस्तुर लिई वाणिज्य विभागले सो वस्तु लैजान स्वीकृति दिन सक्नेछ ।

८. यस सूचनामा अन्यथा उल्लेख भएकोमा बाहेक नेपाल सरकारको स्वीकृति वेगर, इजाजतपत्र अथवा नेपाल राष्ट्र बैंकबाट स्वीकृत वैंकिंग प्रणालीका कागजात बाहेक, कुनै पनि वस्तु सोझै निकासी पैठारी गर्न पाइने छैन ।

९. पर्वतारोहण दल वा अध्ययन वा अनुसन्धान दलले पैठारी गर्ने सामानहरु सम्बन्धित मन्त्रालयको ि सफारिसमा मात्र पैठारी गर्न पाईनेछ ।

१०. नेपालको बाटो गरी पुनः अर्को मुलुकमा निकासी गर्ने र नेपालको बाटो भई पुनः आफ्नो देशमा फिर्ता लै जाने वस्तुहरुको लागि सम्बन्धित मन्त्रालयको सिफारिसमा वाणिज्य विभागले ट्रान्जिट सुविधा उपलब्ध गराउनेछ र यस्तो सुविधा पर्वतारोहण दलकोलागि मात्र दिईनेछ ।

११. यस सूचनामा उल्लेख भएका विषय बाहेक निकासी तथा पैठारीका सम्बन्धमा कुनै द्विविधा परेमा औ चित्य हेरी यस मन्त्रालयले निर्णय गरे बमोजिम हुनेछ ।

१२. प्रचलित नेपाल ऐन, नियम वा नेपाल सरकारको आदेशबाट निकासी पैठारीका लागि वन्देज तथा नियन्त्रण गरिएकोमा सोही अनुसार हुनेछ र नेपाल राष्ट् बैंकबाट निकासी पैठारी सम्बन्धमा प्रचलित ऐन, नियम तथा यस सूचनासंग नबाझिने गरी जारी गरेको आदेश तथा मौद्रिक नीति अनुसार जारी भएका सूचनाको हकमा सोही बमोजिम हुनेछ ।

# अनुसूची-२
## (प्रकरण ५ को खण्ड (क) सँग सम्बन्धित)
## लागू तथा मनोद्दिपक औषधि र सो को सहायक रसायन

(क) लागू तथा मनोद्दिपक औषधि

तालिका -१

खण्ड (क)

| सि.नं. | लागू तथा मनोद्दिपक औषधि | सि.नं. | लागू तथा मनोद्दिपक औषधि |
|---|---|---|---|
| १. | एसिटोर्फिन | २९. | डेस्ट्रोमोरेमाइड |
| २. | एसिटाइल अल्फा मिथाइल फेन्टानिल | ३०. | डाइ एम्प्रोमाइड |
| ३. | एसिटाइल मिथाडोल | ३१. | डाइ इथाइल थायाम्बुटिन |
| ४. | अल्फेन्टानिल | ३२. | डाइफेनोक्सिन |
| ५. | एलाइलप्रोडिन | ३३. | डाइहाइड्रो इटोर्फिन |
| ६. | एफासिटाइल मिथाडोल | ३४. | डाइहाइड्रो मर्फिन |
| ७. | अल्फामेप्रोडिन | ३५. | डाइमिनोक्साडोल |
| ८. | अल्फामिथाडोल | ३६. | डाइमिफेप्टानोल |
| ९. | अल्फामिथाइल फेन्टानिल | ३७. | डाइ मिथाइल थायम्बुटिन |
| १० | अल्फा मिथाइल थायोफेन्टानिल | ३८. | डाइ अक्साफेटाइल ब्युटाइरेट |
| ११. | अल्फाप्रोडिन | ३९. | डाइफेनोक्सीलेट |
| १२. | एनिलेरिडिन | ४०. | डाइपिपानोन |
| १३. | बेन्जेथिडिन | ४१. | ड्रोटेब्यानोल |
| १४. | बेन्जाइल मर्फिन | ४२. | इक्गोनिन |
| १५. | बेटासिटाइल मिथाडोल | ४३. | इथाइलमिथाइल थायम्ब्युटिन |
| १६. | बेटा हाइड्रोक्सीफेन्टानिल | ४४. | इटोनिटाजिन |
| १७. | बेटा हाइड्रोक्सी थ्री मिथाइल फेन्टानिल | ४५. | इटोर्फिन |
| १८. | बेटा मेप्रोडिन | ४६. | इटोक्सीरिडिन |
| १९. | बेटा मिथाडोल | ४७. | फेन्टानिल |
| २०. | बेटाप्रोडिन | ४८. | फ्यूरेथिडिन |
| २१. | बेजिट्रामाइड | ४९. | हिरोइन |
| २२. | क्यानाविस एण्ड क्यानाविस रेजिन | ५०. | हाइड्रोकोडोन |
| २३. | क्लोनिटाजिन | ५१. | हाइड्रोमर्फिनोल |
| २४. | कोकालिफ | ५२. | हाइड्रोमर्फोन |
| २५. | कोकेन | ५३. | हाइड्रोक्सीपिथिडिन |
| २६. | कोडोक्सिम | ५४. | आइसोमिथाडोन |
| २७. | कन्सन्टेट अफ पपी स्ट | ५५. | केटोबेमिडोन |
| २८. | डेसोमर्फिन | ५६. | लेभोमिथोर्फान |

| | | | |
|---|---|---|---|
| ५७. | लेभोमोरेमाइड | ८३. | अक्सीमर्फोन |
| ५८. | लेभोफेनासिल मर्फान | ८४. | पारा ल्फयुरोफेन्टानिल |
| ५९. | लेभोर्फानोल | ८५. | पि इ पि ए पि |
| ६०. | मेटाजोसिन | ८६. | पिथीडिन |
| ६१. | मिथाडोन | ८७. | पिथीडिन इन्टरमिडियट ए |
| ६२. | मिथाडोन इन्टरमिडियट | ८८. | पिथीडिन इन्टरमिडियट वि |
| ६३. | मिथाइल डेसोर्फिन | ८९. | पिथीडिन इन्टरमिडियट सि |
| ६४. | मिथाइल डाइहाइड्रो मर्फिन | ९०. | फेनाडोक्सोन |
| ६५. | थ्री मिथाइल थायोफेन्टानिल | ९१. | फेनाम्प्रोमाइड |
| ६६. | थ्री मिथाइल थायोफेन्टानिल | ९२. | फेनाजोसिन |
| ६७. | मेटोपोन | ९३. | फेनोमर्फान |
| ६८. | मोरेमाइड इन्टरमिडियट | ९४. | फेनोपेरिडिन |
| ६९. | मर्फेरिडिन | ९५. | पिमिनोडिन |
| ७०. | मर्फिन | ९६. | पिरिट्रामाइड |
| ७१. | मर्फिन मिथोब्रोमाइड | ९७. | प्रोहेप्टाजिन |
| ७२. | मर्फिन यन् अक्साइड | ९८. | प्रोपेरिडिन |
| ७३. | यम् पि पि पि | ९९. | रेसिमिथोर्फान |
| ७४. | माइरोफिन | १००. | रेसिमोरामाइड |
| ७५. | निकोमर्फिन | १०१. | रेसिमर्फान |
| ७६. | नोरासाइडमिथाडोल | १०२. | रेमिफेन्टानिल |
| ७७. | नर्लेभोर्फानोल | १०३. | सुफेन्टानिल |
| ७८. | नर्मिथाडोन | १०४. | थेबाकोन |
| ७९ | नर्मर्फिन | १०५. | थेबेन |
| ८०. | नर्पिपानोन | १०६. | थायोफेन्टानिल |
| ८१. | ओपियम | १०७. | टिलिडिन |
| ८२. | अक्सीकोडोन | १०८. | ट्राइमेपेरिडिन |

खण्ड (ख)

| | |
|---|---|
| १. | एसिटाईल डाइहाइड्रोकोडिन |
| २. | कोडिन |
| ३. | डेक्स्ट्रोप्रोपोक्सिफेन |
| ४. | डाइहाइड्रोकोडिन |
| ५. | इथाइल मर्फिन |
| ६. | निकोकोडिन |
| ७. | निको डाइकोडिन |
| ८. | नर्कोडिन |
| ९. | फल्कोडिन |
| १० | प्रोपिराम |

खण्ड (ग)

| | |
|---|---|
| १. | कोडिन |
| २. | डाइहाइड्रोकोडिन |
| ३. | इथाइल मर्फिन |
| ४. | निकोडाइकोडिन |
| ५. | नर्कोडिन |
| ६. | फल्कोडिन |

खण्ड (घ)

| | |
|---|---|
| १. | एसिटोर्फिन |
| २. | एसिटाइल अल्फा मिथाइल फेन्टानिल |
| ३. | अल्फा मिथाइलथायोफेन्टानिल |
| ४. | बेटा हाइड्रोक्सी थ्री मिथाइल फेन्टानिल |
| ५. | बेटा हाइड्रोक्सीफेन्टानिल |
| ६. | क्यानाबिस एन्ड क्यानाबिस रेजिन |
| ७. | डेसो मर्फिन |
| ८. | इटोर्फिन |
| ९. | हिरोइन |
| १० | केटोबेमिडोन |
| ११. | थ्री मिथाइल फेन्टानिल |
| १२. | थ्री मिथाइल थायोफेन्टानिल |
| १३. | यम् पि पि पि |
| १४. | पारा ल्फ्युराफेन्टानिल |
| १५. | पि इ पि ए पि |
| १६. | थायोफेन्टानिल |
| १७. | अल्फा मिथाइल फेन्टानिल |

तालिका - २

खण्ड (क)

| | |
|---|---|
| १. | ब्रोलाम्फीटामिन |
| २. | क्याथिनोन |
| ३. | इटिसाइक्लीडिन |
| ४. | इटिप्ट्रामिन |
| ५. | लाइसर्जाइड (यल् एस् डी) |
| ६. | साइलोसाइबिन |
| ७. | रोलीसाइक्लीडिन |
| ८. | टेनाम्फीटामिन |
| ९. | टेनोसाइक्लीडिन |
| १० | डि. इ. टी |
| ११. | डि यम् ए |
| १२. | डि यम् एच पि |
| १३. | डि यम् टि |
| १४. | डि ओ इ टी |
| १५. | यन् हाइड्रोक्सी यम् डि ए |
| १६. | यम् डि इ |
| १७. | यम् डि यम् ए |
| १८. | मेस्कालिन |
| १९. | मिथ् क्याथिनोन |
| २०. | फोर मिथाइल एमिनोरेक्स |
| २१. | यम् यम् डि ए |
| २२. | फोर एम् टि ए |
| २३. | प्यारा हेक्साइल |
| २४. | पि यम् ए |
| २५. | साइलोसिन |
| २६. | यस् टि पी (डि ओ यम्) |
| २७. | टेट्राहाइड्रो क्यानाविनोल |
| २८. | टि यम् ए |

खण्ड (ख)

| | |
|---|---|
| १. | एम्फीटामिन |
| २. | डेक्स एम्फीटामिन |
| ३. | फेनिटाइलिन |
| ४. | मेक्लोक्वालोन |
| ५. | मेट् एम्फीटामिन |
| ६. | मेट् एम्फीटामिन रेसिमेट |
| ७. | मेथाक्वालोन |
| ८. | मिथाइल फेनिडेट |
| ९. | फेन्साइक्लीडिन |
| १० | फेन्मीट्राजिन |
| ११. | सेकोवार्विटल |
| १२. | ड्रोनाविनोल |
| १३. | जिपेप्रोल |
| १४. | एमिनेप्टीन |
| १५. | टु सि. वि |

खण्ड (ग)

| | |
|---|---|
| १. | एमोवार्विटल |
| २. | ब्युप्रेनर्फिन |
| ३. | ब्युटलविटल |
| ४. | क्याथिन |
| ५. | साइक्लोवार्विटल |
| ६. | ल्फुनाइट्राजेपाम |
| ७. | ग्लुटेथिमाइड |
| ८. | पेन्टाजोसिन |
| ९. | पेन्टोवार्विटल |

खण्ड (घ)

| | |
|---|---|
| १. | एलोवार्विटल |
| २. | अल्प्राजोलम |
| ३. | एम्फीप्रामोन |
| ४. | एमिनोरेक्स |
| ५. | वार्विटल |
| ६. | बेन्जफिटामिन |
| ७. | ब्रोमाजेपाम |
| ८. | ब्रोटिजोलाम |
| ९. | क्यामाजेपाम |
| १० | क्लोर्डायाजेपोक्साइड |
| ११. | क्लोबाजाम |
| १२. | क्लोनाजेपाम |
| १३. | क्लोराजेपेट |
| १४. | क्लोटियाजेपाम |
| १५. | क्लोक्साजोलाम |
| १६. | डेलोराजेपाम |
| १७. | डाइजेपाम |
| १८. | इस्टाजोलाम |
| १९. | इथ्क्लोर्भिनोल |
| २०. | इथिनामेट |
| २१. | इथाइल लोफ्लाजेपेट |
| २२. | इटिलाम्फेटामिन |
| २३. | फेन्काम्फामिन |
| २४. | फेन्प्रोपोरेक्स |
| २५. | ल्फुडायजेपाम |
| २६. | ल्फुराजेपाम |
| २७. | जि एच् वि (गामा हाइड्रोक्सीब्युटाइरिक एसिड) |
| २८. | हेलाजेपाम |
| २९. | हेलोक्साजोलाम |
| ३०. | केटाजोलाम |
| ३१. | लेफिटामिन |
| ३२. | लोप्राजोलाम |
| ३३. | लोराजेपाम |
| ३४. | लोर्मेटाजेपाम |
| ३५. | मिडाजेपाम |
| ३६. | मेफेनोरेक्स |
| ३७. | मेप्रोवामेट |
| ३८. | मेसोकार्व |

| | |
|---|---|
| ३९. | मिथाइल फेनोवार्विटल |
| ४०. | मिथीप्रीलोन |
| ४१. | मिडाजोलाम |
| ४२. | निमेटाजेपाम |
| ४३. | नाइट्राजेपाम |
| ४४. | नोर्डाजेपाम |
| ४५. | अक्साजेपाम |
| ४६. | अक्साजोलाम |
| ४७. | फेन्डेमिट्राजिन |
| ४८. | फेनोबार्विटल |
| ४९. | फेन्टर्मिन |
| ५०. | पिनाजेपाम |
| ५१. | पिप्राड्रोल |
| ५२. | प्राजेपाम |
| ५३. | पाइरोभालेरोन |
| ५४. | सेक्ब्युटावार्विटल |
| ५५. | टेमाजेपाम |
| ५६. | ट्रायाजोलाम |
| ५७. | भिनाइलविटल |
| ५८. | जोल्पीडेम |
| ५९. | ब्युटोबार्विटल |

(ख) लागू तथा मनोद्दिपक पदार्थ उत्पादन गर्न अत्यावश्यक सहायक रसायन

तालिका : १

| क्र.सं. | विवरण |
|---|---|
| १. | एसिटोन |
| २. | एन्थ्रानिलिक एसिड |
| ३. | ईथाईल एसिड |
| ४. | हाईड्रक्लोराईड एसिड |
| ५. | मिथाईल ईथाईल किटोन (एलईके) |
| ६. | फिनाईल एसिटिक एसिड |
| ७. | पिपरिडन |
| ८. | सल्फ्यूरिक एसिड |
| ९. | टोलिन |

तालिका: २

| क्र.सं. | विवरण |
|---|---|
| १. | एसिटिक एनहाईड्राईड |
| २. | एन्–एसिटाईलएन्थ्रानिलिक एसिड |
| ३. | इफेड्रिन |
| ४. | ईर्गोमेट्रिन |
| ५. | ईर्गोटामाईन |
| ६. | आईसोसफोल |
| ७. | लाइसाजिक एसिड |
| ८. | ३,४– – मिथलिनडाईअक्सिफिनाईल १–२ प्रोपेनन् |
| ९. | नरईफेड्रिन |
| १०. | १–फिनाईन १–२ प्रपेनन् |
| ११. | पिपरोनल |
| १२. | पोटासियम परम्याग्नेट |
| १३. | स्यूडोईफेड्रिन |
| १४. | सफ्रोल |

## अनुसूची-३

## (प्रकरण ५ को खण्ड (ख) संग सम्बन्धित)

## विष्फोटक पदार्थ र विष्फोटक पदार्थहरु बनाउन चाहिने आवश्यक सामानहरु

| | | | |
|---|---|---|---|
| 1 | Acremite (like ANFO) | 12 | ANFO |
| 2 | Akaradite I (Diphenyl urea) | 13 | Baranol |
| 3 | Akaradite II (Methydiphenyl urea) | 14 | Baratol |
| 4 | Akaradite III(Ethyl dipheneyl urea) | 15 | Barium Chlorate |
| 5 | Aluminium powder | 16 | Barium Perchlorate |
| 6 | Amatex (mixture of TNT ammonium nitrate and RDX) | 17 | BEAF[1, 2-bis (2, 2-difluora-2-nitroacetoxyethane)] |
| 7 | Amato (mix. of ammonium nitrate & TNT in various composition mostly 80 & 20) | 18 | Black powder |
| 8 | Ammonium Azide | 19 | Blasting caps |
| 9 | Ammonium Nitrate | 20 | BTNEN [bis (trinitroethyl) nitramine] |
| 10 | Ammonium Perchlorate | 21 | BTTN [1, 2, 4 butanetriol trinitrate) |
| 11 | Ammonium Picrate | 22 | Bulk salutes |

| | | | |
|---|---|---|---|
| 23 | Butanetriol Trinitrate | 49 | Dinitroglycerine [glycerol dinitrate] |
| 24 | Butyl tetryl | 50 | Dinitronaphthalene |
| 25 | Carbamite (Centradte I) | 51 | Dinitroorthocresol |
| 26 | Carbene | 52 | Dinitrophenol |
| 27 | Centralit I (Diethyldiphenyl urea) | 53 | Dinitrophenolates |
| 28 | Centralit I (Diethyldiphenyl urea) | 54 | Dinitrophenyl hydrazine |
| 29 | Composition A (mix. of Hexogen & wax in various composition) | 55 | Dinitroresorcinol |
| 30 | Composition B (Hextol, Hexolite; composition of RDX & TNT) | 56 | Dinitropentano nitrile (DNPD) |
| 31 | Copper acetylide | 57 | Dinitrophenoxiethylnitrate |
| 28 | Centralit I (Diethyldiphenyl urea) | 58 | Dinitrophenylhydrazine |
| 29 | Composition A (mix. of Hexogen & wax in various composition) | 59 | Dinitrsobenzene |
| 30 | Composition B (Hextol, Hexolite; composition of RDX & TNT) | 60 | Dinitrotoluene (DNT) |
| 31 | Copper acetylide | 61 | Dioxyethylnitramine Dinitrate (Dina) |
| 32 | Cordite (mix. of Nitroglycerine & NC for gun propellant) | 63 | Diphenylamine |
| 33 | Cyanuric Triazide | 64 | Diphenyleurathene |
| 34 | Cyclonite [RDX] | 65 | Dipicramide |
| 35 | Cyclotetramethylenetetranitramine [HMX] | 66 | Dipicrylamine |
| 36 | Cyclotol (mix. of RDX & TNT in compositions 50:50 & 70:30 composition B) | 67 | Dynamite |
| 37 | Cyclotrimethylene Trinitrosamine | 68 | Ednatol |
| 38 | DBX (mix. of Hexogen, ammonium nitrate, TNT & Al. Powder in 21:21:40:18) | 69 | Erythrol Tetra nitrate |
| 39 | Detonating Cords | 70 | Ethanolamine Dinitrate |
| 40 | Detonators | 71 | Ethriol Trinitrate |
| 41 | Diaminephthalate | 72 | Ethylene Diamine Dinitrate (EDDN) |
| 42 | Diaminotrinitrobenzene (DATB) | 73 | Ethylene Diamine Dinitrate (EDDN) |
| 43 | Diaminotrinitrobenzene (DATB) | 74 | Ethy4, 4-dinitropentanoate (EDNP) |
| 44 | Dibutylphthalate | 75 | Ethylene glycol dinitrate (EGDN) |
| 45 | Diehyleneglycol Dinitrate (DEGDN) | 76 | Ethylphenolurethane |
| 46 | Diglycerol Tetra Nitrate (Tetranitrodieglyceren) | 77 | Ethylpierate (2, 4, 6 – Trinitrophenetol) |
| 47 | Dinitrodiephenylamine | 78 | Ethylteryl (2, 4, 6-trinitrophenylethylnitramine) |
| 48 | Dinitroethyleneura | 79 | Fulminate of mercury |

| | | | |
|---|---|---|---|
| 80 | Fulminate of silver | 112 | Lead Acetylsalicylate |
| 81 | Fulminate of gold | 113 | Lead azide |
| 82 | Fulminate of mercury | 114 | Lead Ethylhexoate |
| 83 | Fulminate of platinum | 115 | Lead mannite |
| 84 | Fulminating silver | 116 | Lead mononitroresorcinate |
| 85 | Gelatins | 117 | Lead picrate |
| 86 | Gelatinized nitrocellulose | 118 | Lead styphnate |
| 87 | Glycerol Acetate Dinitrate | 119 | Mannitol hex nitrate |
| 88 | Glycerol Dinitrate | 120 | Mercury Fulminate |
| 89 | Graphite | 121 | Mercury tartrate |
| 90 | Guanidine Nitrate | 122 | Metadinitrobenzene |
| 91 | Guanidine Per chlorate | 123 | Methyl 4, 4-dinitropentanoate (MDNP) |
| 92 | Guanidine Picrate | 124 | Methyl Nitrate |
| 93 | Gun Cotton | 125 | Methylphenylurethane |
| 94 | Gun Powder | 126 | Metriol Trinitrate |
| 95 | HBX (mixture of TNT, Hexogen & Al. Powder) | 127 | Minol – 2[40% TNT, 40% ammonium nitrate, 20% aluminum) |
| 96 | Hexamethylenetetramine Dinitrate | 128 | Monoethanolamine nitrate (MEAN) |
| 97 | Hexamethylenetriperoxidediamine | 129 | Nitrocellulose |
| 98 | Hexanite | 130 | Nitrogen trichloride |
| 99 | Hexanitroazobenzene | 131 | Nitroglycerine |
| 100 | 2, 4, 6, 2', 4', 6' – Hexanitrodiphenyl | 132 | Nitroglycide |
| 101 | 2, 4, 6, 2', 4', 6' – Hexanitrodiphenylamine | 133 | Nitro glycol (ethylene glycol dinitrate) |
| 102 | 2, 4, 6, 2', 4', 6' – Hexanitrodiphenyloxide | 134 | Nitrogunadine (Picrite) |
| 103 | 2, 4, 6, 2', 4', 6' - Hexanitrodiphenylsulphide | 135 | Nitrolsobutylglycerol Trinitrate) |
| 104 | Hexanitroethane | 136 | Nitro methane |
| 105 | Hexanitrostilbene | 137 | Nitro paraffin |
| 106 | Hexogen (Cyclo 1, 3, 5 – trimethylene 2, 4, 6– trinitramine; RDX) | 138 | Nitro starch |
| 107 | Hexolites | 139 | Nitro urea |
| 108 | Homocyclonite (HMX; name for Octogene) | 140 | Nonel |
| 109 | Hydrazine Nitrate | 141 | Octogen (HMX) |
| 110 | Hydrazine Per chlorate | 142 | Octol (mix. of HMX & TNT in 77:23) |
| 111 | Hydrazoic acid | 143 | PBX (Plastic Bonded Explosive) |

| | | | |
|---|---|---|---|
| 144 | Pentaerythrol Trinitrate | 178 | Tetramethylammonium Nitrate |
| 145 | PETN (pentaerythrol tetra nitrate) | 179 | 2, 3, 4, 6-Tetranitroaniline (TNA) |
| 146 | Pentolite | 180 | Tetranitrocarbazole |
| 147 | Picramic Acid | 181 | Tetranitromethane |
| 148 | Picramic Acid | 182 | Tetraintrophthalene |
| 149 | Picratol | 183 | Tetrazene (Tetracene, Tetrazine, 1(5-tetrazolyl)-4-guanyl tetrazene hydrate) |
| 150 | Picric Acid | 184 | Tetryl |
| 151 | Picrite (nitro guanidine) | 185 | Tetrytol |
| 152 | PLX (95% intro methane, 5% ethylenediamine) | 186 | Torpex |
| 153 | Polypropylene Glycol | 187 | Triaminoguanidine Nitrate |
| 154 | Potassiym dinitrobenzofurozane | 188 | Triaminotrinitrobenzene (TATB) |
| 155 | Potassium Chlorate | 189 | Tricycloacetone Peroxide |
| 156 | Potassium nitroaminotetrazole | 190 | Triethyleneglycol Dinitrate |
| 157 | Potassium per chlorate | 191 | Trimethylamine Nitrate |
| 158 | Potassium Nitrate | 192 | Trimethylolethane Trinitrate (TMETN) |
| 159 | Pyrotechnic compositions | 193 | Trimonite |
| 160 | PYX [2, 6—bis(picrylamino)]3, 5-dinitropyridine | 194 | Trinitroaniline (Picramide) |
| 161 | RDX (cyclonite, hexogen, T4) | 195 | Trinitroanisol (methylpicrate) |
| 162 | Safety Fuses | 196 | 1, 3, 5-Trinitrobenzene |
| 163 | Silver acetylide | 197 | Trinitrochlorobenzene (Picrylchloride) |
| 164 | Silver acetylide | 198 | Trinitrobenzoic Acid |
| 165 | Silver Fulminate | 199 | 2, 4, 6- Trinitrocresol |
| 166 | Silver Styphnate | 200 | Trinitro-meta-cresol |
| 167 | Silver tetrazene | 201 | Trinitromethane |
| 168 | Sulrried explosive mixtures | 202 | Trinitronapthalene |
| 169 | Smokeless powder | 203 | Trinitrophenetol |
| 170 | Sodatol | 204 | Trinitrophenoxethylnitrate |
| 171 | Sodium amatol | 205 | Trinitrophloroglucinol |
| 172 | Sodium azide | 206 | Trinitroresorcinol |
| 173 | Sodium Nitrate | 207 | 2, 4, 6-trinitrotoluene (TNT) |
| 174 | Sodium picramate | 208 | Trinitroxylene |
| 175 | Styphnic Acid | 209 | Tritonal |
| 176 | Sulfur | 210 | Urea Nitrate |
| 177 | Tacot (Tetranitrodibenzo-1, 3a, 4, 6a-tetrazapentalene) | | |

**नोट :**

(१) माथिको विवरणमा उल्लिखित Explosives and Chemicals पूर्ण रुपमा नभएर साधारण (Generalised) रुपमा प्रस्तुत गरिएको छ ।

(२) उल्लिखित Explosives and Chemicals अन्य Trade Name हरुबाट समेत हुन सक्नेछ ।

**देहायका सूचनाहरु खारेज गरिएका छन् :-**

(क) खण्ड ४२, संख्या ३३, मिति २०४९।८।१५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको सूचना १ र ३,

(ख) खण्ड ४३, संख्या ३३, मिति २०५०।८।२१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको सूचना,

(ग) खण्ड ४४, संख्या १७, मिति २०५१।४।२४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको सूचना,

(घ) खण्ड ४४, संख्या १९, मिति २०५१।५।६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयका सूचना १,२,३,

(ङ) खण्ड ४५, संख्या ४६, मिति २०५२।११।२१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको सूचना,

(च) खण्ड ४६, संख्या १०, मिति २०५३।३।३ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको सूचना,

(छ) खण्ड ४६, अतिरिक्ताङ्क १७ (अ+१), मिति २०५३।३।२६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको सूचना,

(ज) खण्ड ४७, संख्या १८, मिति २०५४।४।२७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको सूचना,

(झ) खण्ड ४८, अतिरिक्तांक (२२ क ं १), मिति २०५५।३।८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको सूचना,

(ञ) खण्ड ४८, संख्या १२, मिति २०५५।३।२२ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको सूचना,

(ट) खण्ड ४८, अतिरिक्ताङ्क २५(ख), मिति २०५५।३।२६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य,

(ठ) खण्ड ४८, संख्या २०, मिति २०५५।५।१५ नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको सूचना १,

(ड) खण्ड ४८, संख्या २४, मिति २०५५।६।१२ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको सूचना,

(ढ) खण्ड ४८, संख्या २५, मिति २०५५।६।२६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको सूचना,

(ण) खण्ड ४९, संख्या ४, मिति २०५६।१।२७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको सूचना,

(त) खण्ड ५०, संख्या २८, मिति २०५७।७।१४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना १ र २

(थ) खण्ड ३०, संख्या ३९, मिति २०५७।१०।२ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना,

(द) खण्ड ५२, संख्या १९, मिति २०५९।५।३ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना,

(ध) खण्ड ५२, संख्या ३५, मिति २०५९।९।१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना,

(न) खण्ड ५३, संख्या २६, मिति २०६०।६।२६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना,

(प) खण्ड ५३, संख्या ३०, मिति २०६०।७।२४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना १ र २

(फ) खण्ड ५३, संख्या ५०, मिति २०६०।१२।१६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना,

(ब) खण्ड ५५, अतिरिक्तांक ७२ (ग), मिति २०६२।११।४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन  वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना,

(भ) खण्ड ५८, अतिरिक्तांक २, मिति २०६५।१।१८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना,

(म) खण्ड ५९, अतिरिक्तांक १८, मिति २०६६।४।१६ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित यस मन्त्रालयको सूचना।

<u>सूचना २</u>

नेपाल सरकारले निकासी पैठारी नियमहरु, २०३४ को नियम ८ को उपनियम (४) ले दिएको अधिकार प्रयोग गरी देहायका माल वस्तुहरु पैठारी गर्दा लाग्ने पैठारी इजाजत दस्तुर र सोही नियमहरुको नियम ९ को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी पैठारी इजाजतपत्रमा उल्लिखित कुनै व्यहोरा संशोधन गर्दा लाग्ने दस्तुर देहाय बमोजिम तोकेको छः-

१. पैठारी इजाजतपत्र लिएर मात्र पैठारी गर्न पाइने माल वस्तुहरुको हकमा पैठारी इजाजतपत्र जारी गर्दा कुनै पनि निकायको सिफारिस आवश्यक नपर्ने भएमा रु. ५,०००।– (पाँचहजार) इजाजत दस्तुर लाग्नेछ । इजाजतपत्र लिन नपर्ने भएतापनि माल वस्तुहरु पैठारी गर्न वाणिज्य विभागबाट सिफारिस वा स्वीकृति लिदाा समेत सोही बमोजिमको दस्तुर लाग्नेछ ।

२. एक वा एक भन्दा बढि निकायको सिफारिस आवश्यक पर्ने माल वस्तुको लागि पैठारी इजाजतपत्र जारी गर्दा रु. १०,०००। (दश हजार) इजाजत दस्तुर लाग्नेछ । इजाजतपत्र लिन नपर्ने भएतापनि एक वा एक भन्दा वढी निकायको सिफारिसमा वाणिज्य विभागबाट सिफारिस वा स्वीकृति लिदाा समेत सोही बमोजिमको दस्तुर लाग्नेछ ।

३. माथि प्रकरण १ र २ मा जुनसुकै कुरा लेखिएको भएतापनि पैठारी भएको माल वस्तुबाट उत्पादित तयारी सामान निकासी हुनेको हकमा त्यस्ता तयारी माल वस्तुको किसिम, परिमाण र समयावधि समेत तोकी यस मन्त्रालयले यस्तो दस्तुरमा छुट दिन सक्नेछ ।

४. माथि प्रकरण १, २ र ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि रु २०,०००।( (बीस हजार) सम्मको पैठारीमा पैठारी इजाजतपत्र दस्तुर लाग्ने छैन ।

५. माथि प्रकरण १, २, ३ र ४ मा जुनसुकै कुरा लेखिएको भएतापनि व्यक्तिगत प्रयोजनको लागि

पैठारी हुने माल वस्तुको हकमा देहाय बमोजिम दस्तुर लाग्नेछः

(क) विदेशी नागरिकले पैठारी गरेको वा विदेशमा कार्यरत रहेको नेपाली नागरिकले निजले आर्जन गरेको परिवर्त्य विदेशी मुद्राको चालीस प्रतिशतसम्मको पैठारीमा रु २०,०००।- (बीस हजार) भन्दा बढि मूल्यमा रु ५०००।– (पाँचहजार) पैठारी इजाजत दस्तुर लाग्नेछ ।

(ख) माथि खण्ड (क) को प्रयोजनको लागि वर्षमा एक पटक मात्र पैठारी गर्न सकिने गरी व्यक्तिगत प्रयोजनको निमित्त देहाय बमोजिमका माल वस्तुहरु तोकिएका छन् :-

(१) रु. २०,०००।- (बीस हजार) सम्मको मोटर वा मोटरसाइकलको पार्टस् ,
(२) क्यामेरा (मुभी, डिजीटल तथा भिडियो क्यामेरा समेत) एक थान,
(३) प्रोजेक्टर एक थान,
(४) सिलाई बुनाई मेशिन एक थान,
(५) भिडियो डेक, म्युजिक सिष्टम तथा अन्य मनोरन्जनात्मक श्रव्यदृष्य सामग्री र त्यसको एसेसोरिज एक, एक थान
(६) कम्प्यूटर (प्रिन्टर, मनिटर, किवोर्ड तथा ल्यापटप समेत) एक एक थान,
(७) साइकल एक थान,
(८) वाइनाकुलर एक थान,
(९) टाइपराईटर एक थान,
(१०) म्युजिकल सामग्री एक थान,
(११) फिसिङ रड एक थान,
(१२ लाइफ ज्याकेट एक थान,
(१३) सेफ्टी क्याप एक थान,
(१४ रवर वोट एक थान,
(१५) वन्दुक र गोलीहरु (गृह मन्त्रालयबाट सिफारिस भएको संख्या अनुसार इजाजतपत्र लिनु पर्ने ,
(१६) फ्याक्स मेशिन, टेलिफोन, मोवाइल सेट एक एक थान,
(१७) यु.एस.डलर ५०० सम्मका घरायसी प्रयोजनका सामग्रीहरु,
(१८) यु .एस.डलर ५०० सम्मका पुस्तक तथा इलेक्ट्रोनिक पाठ्य सामग्री,
(१९) उपर्युक्त सामानहरुका अतिरिक्त झिटी गुण्टा भारी आदेशमा उल्लिखित वस्तु पैठारी गर्न पाइनेछ।

६. माथि प्रकरण ५ मा जुनसुकै कुरा लेखिएको भएतापनि कसैले व्यक्तिगत प्रयोजनको निमित्त सोही प्रकरणको खण्ड (क) बमोजिम विदेशमा कार्यरत नेपाली नागरिकले आर्जन गरेको परि वर्त्य विदेशी मुद्राको चालीस प्रतिशत भन्दा बढी मूल्यको माल वस्तु पैठारी गर्दा वा सोही प्रकरणको खण्ड (ख) मा उल्लेख भए भन्दा बढी माल वस्तु पैठारी गर्दा त्यसरी बढी पैठारी गर्न लागिएको माल वस्तुको मूल्य बराबरको शतप्रतिशत इजाजत दस्तुर लाग्नेछ ।

७. व्यक्तिगत प्रयोजनका निमित्त माल वस्तु पैठारी गर्ने व्यक्तिले निज विदेशबाट फर्केको छ महिनाभित्र निवेदन दिई इजाजतपत्र लिइसक्नु पर्नेछ ।

८. यस मन्त्रालयबाट निकासी पैठारी सम्बन्धमा जारी भएका सूचनाहरुमा अन्यथा उल्लेख भएको मा बाहेक इजाजतपत्र, प्रतितपत्र वा स्वीकृत बैकिङ्ग प्रणाली अनुसार परिवर्त्य विदेशी मुद्रा

भुक्तानीको आधारमा पैठारी हुनु पर्नेमा विना इजाजतपत्र वा प्रतितपत्र वेगर वा परिवर्त्य विदेशी मुद्रा भुक्तानी वेगर पैठारी भएका माल वस्तुको लागि माल वस्तुको मूल्य बरावर इजाजत दस्तुर लाग्नेछ ।

९. पैठारी इजाजतपत्रमा उल्लिखित कुनै व्यहोरा संशोधन गर्दा रु. १,००० ।- (एक हजार) दस्तुर लाग्नेछ । देहायका सूचनाहरु खारेज गरिएका छन्ः-

(क) खण्ड ४२, संख्या ३३, मिति २०४९।८।१५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको सूचना २,

(ख) खण्ड ५१, अतिरिक्ताङ्क ५७, मिति २०५८।९।६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना,

(ग) खण्ड ५७, अतिरिक्तांक ४०, मिति २०६४।१०।७ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित तत्कालिन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना ।

आज्ञाले,<br>
पुरुषोत्तम ओझा<br>
नेपाल सरकारको<br>
सचिव

## ३.४ विना पैठारी इजाजतपत्र वा प्रतितपत्र वेगर पैठारी गर्न पाइने :

(१) नेपाल सरकारका कार्यालय, संस्थान, सामाजिक संस्था वा प्रतिष्ठान वा आयोजनाको नाममा सम्झौता अन्तरगत आउने सामानहरु सम्वन्धित मन्त्रालयको सिफारिशमा ।

(२) कुनै व्यक्ति वा संस्थाले नेपालमा रहेका असक्त विरामीलाई औषधि उपचारको निमित्त उपहार स्वरुप पठाइएका संकटकालिन आकस्मीक औषधिहरु ।

(३) प्रचार प्रसारको लागि पठाइएका पोष्टर, क्यालेण्डर आदि प्रिण्टेड सामाग्रीहरु ।

(४) नेपाल सरकार अर्थ मन्त्रालयले भन्सार महशुल तथा मूल्य अभिबृद्धि कर छुट गरेका वस्तुहरु ।

(५) कुनै व्यक्तिले विदेशी सरकार वा अन्तरराष्ट्रिय संस्थाको निमन्त्रणा सभा, सम्मेलन, बैठक आदिमा भागलिई उपहार वा पुरस्कार स्वरुप प्राप्त गरेको अमेरिकी डलर १००० सम्मका वस्तुहरु

(६) कुनै मित्रराष्ट्र वा अन्तरराष्ट्रिय वा क्षेत्रीय संघ संस्था, सामाजिक संस्था वा व्यक्तिले सम्वन्धित मन्त्रालयको स्वीकृतीमा नेपालका नाफा आर्जन गर्ने उद्देश्य नभएका सेवामूलक संघ संस्थालाई प्रदान गर्ने उपहार चन्दा र अनुदानका सामानहरु ।

(७) नेपालमा संचालन भएका आयोजना तथा संयुक्त लगानीमा सम्झौता अन्तरगत कार्यरत विदेशी व्यक्तिले निजी प्रयोगका लागि आयात गरेको सामान सम्वन्धित मन्त्रालको सिफारिशमा ।

(८) कुनै कम्पनी वा फर्मको चिन्ह अंकित विज्ञापन, लेवल, स्टीकर र नमूना सामाग्रीहरु अमेरिकी डलर १००० सम्मको ।

(९) विदेशी कम्पनी संयुक्त लगानीका कम्पनी वा विदेशी एयरलाइन्सका प्रधान कार्यालयले नेपाल स्थित प्रतिनिधि लगायत शाखा कार्यालय वा जनरल सेल्स एजेण्ट (GSA) जस्ता रजिष्टर्ड फर्महरुलाई कार्यालय सम्वन्धी कामका लागि पठाइएको अमेरिकी डलर ५०० सम्मको सामानहरु ।

(१०) गुण्टा झिटी भारी आदेशमा तोकिए वमोजिमका मालवस्तुहरु र तोकिएको परिमाण सम्मका सुन,

चाँदी ।

(११)१०० के.जी. सम्मको कच्चा रेशम ( मिति ०५५।५।१५ को नेपाल राजपत्रबाट थप)

**३.५ उपहार स्वरुप प्राप्त सामान :**

उपरोक्त खण्डहरुमा उल्लेख भएका वाहेक कुनै संस्थाको लागि व्यापारिक प्रयोजनको निमित्त नभइ उपहार, अनुदान, चन्दा स्वरुप प्रदान गरिएका सामानहरु सम्वन्धित मन्त्रालयको स्वीकृतिमा हुनेछ ।

**३.६ पैठारी गर्न नपाउने :**

नेपाल राजपत्रको मिति २०६६।७।१६को सूचनामा अन्यथा उल्लेख भएका वाहेक नेपाल सरकारको स्वीकृती वेगर इजाजत पत्र अथवा नेपाल राष्ट्र बैंकबाट स्वीकृत बैंकिङ प्रणालीका कागजात बाहेक कुनै पनि वस्तु सोझै निकासी पैठारी गर्न पाइने छैन ।

**३.७ व्यक्तिगत प्रयोजनको लागि १/१ थान सम्म विना प्रतितपत्र पैठारी गर्न पाउने व्यवस्था :**

(१) मोटरकार वा जीप वा स्टेशन वाइगन ।
(२) मोटरसाइकल ।
(३) आफ्नो एकाघरका परिवारको नाममा गाडी हुने व्यक्तिले १०० यू.एस.डलर सम्मको मोटर वा मोटर साइकलको पार्टस (वियरिङ्ग वाहेक) ।
(४) टेलिभिजन र वुस्टर ।
(५) क्यामेरा (मुभी तथा भिडीयो क्यामेरा) ।
(६) प्रोजेक्टर ।
(७) निटिङ्ग मेशिन ।
(८) भिडीयो डेक ।
(९) कम्प्यूटर (प्रिन्टर, मनिटर, किवोर्ड समेत) ।
(१०) साइकल ।
(११) वाइनाकुलर ।
(१२) टाइपराइटर (इलेक्ट्रीक समेत) ।
(१३) भिडीयो क्यामेराको क्यासेट ।
(१४) वासिङ्ग मेशिन ।
(१५) डिस्क एण्टेना (सूचना तथा संचार मन्त्रालयको सिफारिशमा)
(१६) लाइफ ज्याकेट ।
(१७) सेफ्टी क्याप
(१८) रवर वोट ।
(१९) वन्दुक र गोलीहरु (गृह मन्त्रालयको सिफारिशको सख्या अनुसार इजाजतपत्र लिनुपर्ने ) ।
(२०) फ्याक्स मेशिन, टेलिफोन (३०० मिटर रेन्ज सम्मको कर्डलेस समेत) ।
(२१) इ.सि.जी. मेशिन ।

### ३.८ निकासीमूलक तयारी पोशाक तथा गलैंचा उद्योगले Buy Back Arrangement मा कच्चा पदार्थ पैठारी गर्न पाउने व्यवस्था

निकासी मूलक तयारी पोशाक तथा गलैंचा उद्योगका लागि आवश्यक पर्ने कच्चा पदार्थ Buy Back Arrangement अन्तर्गत पैठारी गरी सो बाट निर्मित गलैंचा निकासी गर्न दिने सम्वन्धमा नेपाल सरकार (मं.प.) को मिति २०५९/४/१३ को निर्णयानुसार तल उल्लेखित प्रक्रियाहरु अवलम्वन गरी आवश्यक कार्यान्वयन हुन र यसरी पैठारी गरिने कच्चा पदार्थको विवरणको अभिलेख राख्ने काम वाणिज्य विभागबाट गर्ने निर्णय भएको छ । यस निर्णय अनुसार तयारी पोशाक तथा ऊनी गलैंचा निकासी गर्न विदेशी आयातकर्ताबाट विना मूल्य र विना प्रतितपत्र कच्चा पदार्थ आयात गरी तयारी वस्तु बनाई निर्यात गर्नको लागि कच्चा पदार्थ आयात गर्न वाणिज्य विभागबाट अनुसूची- २ बमोजिम निर्धारित ढाँचा अनुसारको आयात इजाजत पत्र जारी गर्ने गरिएको छ । साथै सो वमोजिम पैठारी भएको कच्चा पदार्थको रेकर्ड समेत राख्ने गरिएको छ ।

**(क)<u>कच्चा पदार्थ पैठारी सम्वन्धी अवलम्वन गरिनु पर्ने प्रक्रियाहरु</u> :**

नेपाल सरकार (मं.प.) को मिति २०५९।४।१३ को निर्णयानुसार Buy Back Arrangement अन्तर्गत विना मूल्य र विना प्रतितपत्र कच्चा पदार्थ पैठारी गरी अवलम्वन गरिनु पर्ने प्रक्रियाहरु निम्नानुसार छन् :

१. Buy Back Arrangement अन्तर्गत तयारी पोशाक तथा गलैंचा उत्पादन गरी निकासी गर्न चाहने उद्योगले निर्यातकर्ता र खरिदकर्ता वीचको सम्झौता पत्र वाणिज्य विभागमा पेश गर्नु पर्ने ।

२. गलैंचा उद्योगले विना प्रतितपत्र र विना मुल्यमा आयात गरेको कच्चा ऊनबाट उत्पादित वस्तु निकासी गर्दा आयात गरिएको कच्चा ऊनको इन्भ्वाइस मूल्यमा (नेपालाको सीमा सम्ममा लागेको भाडा र वीमा खर्च समेतको मूल्य) न्यूनतम ३५% मूल्य अभिवृद्धि भएको हुनु पर्ने छ ।

३. तयारी पोशाक उद्योगले तयारी पोशाक निर्यात गर्न विना मूल्यमा आयात गरिएको कच्चा पदार्थहरुको इन्भ्वाईस मूल्यमा (नेपालको सीमा सम्ममा लागेको भाडा र वीमा खर्च समेतको मूल्यमा) न्यूनतम ३५% मूल्य अभिवृद्धि भएको हुनु पर्नेछ ।

४. यसरी निकासी गर्ने प्रयोजनका लागि विना मूल्य आयात गरिने (Free of Cost) कच्चा पदार्थमा यदि भन्सार महसुल तथा मुल्य अभिवृद्धि कर (VAT) लाग्ने रहेछ भने सो को लागि सो रकम वरावरको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ ।

५. यदि Free of Cost मा आयात गरिने वस्तुमा भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर नलाग्ने भएमा निर्यात गर्ने उद्योगलाई भन्सार विभागले पास वुक जारी गर्ने उक्त पास वुकमा लगत राखी कच्चा पदार्थ लगतमा छोडी दिने व्यवस्था भन्सार विभागले गर्नेछ ।

६. यसरी विना मूल्य र विना प्रतितपत्रमा कच्चा पदार्थ आयात गर्ने सम्पूर्ण निकासीकर्ताले Bonded Warehouse को सुविधा भन्सार विभागबाट प्राप्त गरी वण्डेड वेयर हाउसको लागि निर्धारित नियम अनुसार सञ्चालन गर्नु पर्नेछ ।

७. यस प्रक्रिया अन्तर्गत नेपालबाट निकासी हुने गलैंचामा नेपाल सरकारद्वारा गुणस्तर तोकिएको हकमा सोही अनुसार हुने र गुणस्तर निर्धारण नभएको हकमा नेपालमा उत्पादित गलैंचाको गुणस्तर कायम राख्न निर्यातकर्ताले गलैंचा निकासी भएको ३

महिना भित्र आयातकर्ताबाट Acceptance पत्र भन्सार कार्यालयमा पेश गर्नु पर्नेछ ।

८. गलैंचा निर्यातका लागि Free of Cost मा आयात गरिने कच्चा पदार्थका लागि जारी गरीने आयात इजाजतपत्र दस्तुरको हकमा तयारी पोशाकको लागि मन्त्रिपरिषदको मिति २०५८।९।५ को निर्णय वमोजिम २०५८ पौष ६ गतेको अतिरिक्ताङ्कमा प्रकाशित राजपत्र अनुसार नेपाल सरकारले मिति २०५८।९।११ मा गरेको निर्णय वमोजिम आयात इजाजत पत्रमा १ प्रतिशत दिएको छुटको अवधि २०६०।९।१० को लागि गलैंचा उद्योगमा पनि लागु हुनेछ । हाल प्रस्तुत सुबिधा २०६४।९।१० सम्म थप भएको छ ।

९. कच्चा पदार्थ खपत सम्वन्धमा तयारी पोशाक उद्योगका लागि हाल प्रचलित प्रक्रिया अनुसार नै ऊनी गलैंचा उद्योगको हकमा कच्चा पदार्थ खपत निर्धारणको परिमाण उद्योग विभागले निर्धारण गरे बमोजिम हुने छ ।

१०. यसरी विना प्रतितपत्र By Back Arrangement अन्तर्गत Free of Cost मा आयातित कच्चा पदार्थबाट उत्पादित तयारी पोशाक र गलैंचा निकासी गर्दा प्रतितपत्र वा पूर्व भुक्तानीका आधारमा मात्र निकासी गर्नैंपर्नेछ।

११. यस व्यवस्थाको उपभोग गर्ने उद्योगको नियमित अनुगमन भंसार विभागले गरी सोको जानकारी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई गराउनु पर्नेछ ।

१२. अनुगमनको आधारमा यस विषयमा कुनै किसिमको परिवर्तन वा परिमार्जन गर्नै परेमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले गर्न सक्नेछ ।

## ३.९ आयात इजाजतपत्र चाहिने व्यापारिक फर्म, उद्योग वा व्यक्तिले पेश गर्नुपर्ने कागजातहरु :

(१) निर्धारित ढाँचाको दरखास्त फर्म

(२) फर्म वा उद्योग, प्रा. लि., कम्पनी दर्ता प्रमाणपत्र (चालु आर्थिक वर्षसम्म नविकरण भएको प्रमाणित प्रतिलिपी) ।

(३) इन्भ्वाइस ।

(४) आयात प्रतितपत्रको प्रतिलिपि आयात प्रतितपत्र संशोधन भएको भए संशोधन समेत ।

(५) सामान चलान भईसकेको भए Bill of Lading jf Airway Bill ।

(६) प्याकिङ्ग लिष्ट ।

(७) विमा पत्र ।

(८) पुनः निकासीको लागि पैठारी हुने भएमा निकासी प्रतितपत्र वा अन्य भुक्तानी पत्र ।

(९) हात हतियार र विष्फोटक पदार्थको लागि गृह मन्त्रालयको सिफारिश पत्र ।

(१०) व्यक्तिगत आयातको लागि विदेशी मुद्रा आर्जन गरेको पत्र ।

(११) व्यक्तिगत आयातको लागि राहदानीको प्रतिलिपि, परिचयपत्र वा नागरिकताको प्रतिलिपी ।

(१२) सम्झौता अन्तरगत नेपाल सरकारको कार्यालय, संघ संस्था वा योजना आयोजनाको नाममा वा आयोजनामा कार्यरत विदेशी व्यक्तिको नाममा आयात हुनेमा सम्वन्धित मन्त्रालयको सिफारिशपत्र ।

(१३) उक्त फर्मको नाममा जारी भएको यस पूर्वका आयात इजाजतपत्र बाट सामान पैठारी भएको विवरण र भंसार प्रज्ञापनपत्रको प्रतिलिपि ।

(१४) रु. १००।- को नगदी रसीद (दरखास्त दस्तुर वापत) ।

(१५) इजाजतपत्रको लागि दरखास्त दिन र इजाजतपत्र वुझिलिन प्रतिनिधिले प्राप्त गरेको अधिकार वा अख्तियारनामा ।

(१६) वाणिज्य विभागले समय समयमा तोकेको अन्य कागजातहरु ।

### ३.१० इजाजत पत्रको प्रतिलिपि :

इजाजतपत्र हराई वा नासिई प्रतिलिपि लिंदा नयाँ इजाजतपत्र सरह दस्तुर लाग्नेछ ।

### ३.११ इजाजत दस्तुरको व्यवस्था :

(क) आयात इजाजतपत्र लिंदा मूल्यको १ प्रतिशत इजाजत दस्तुर लाग्नेछ ।

(ख) व्यक्तिगत प्रयोजनको लागि पैठारी हुने वस्तुमा आफुले आर्जन गरेको विदेशी मुद्राको ४०% सम्म पैठारी भएको वस्तुमा १% इजाजत दस्तुर र १ थानभन्दा बढी संख्यामा पैठारी गर्न माग गरेमा थप २०% तथा आर्जन गरेको रकम भन्दा बढीको सामान पैठारी गरेको अवस्थामा नपुग रकममा ५०% थप इजाजत दस्तुर लाग्नेछ ।

(ग) भारतीय कोटाका र ननकोटाका वस्तु पैठारी गर्दा १% आयात इजाजत दस्तुर लाग्नेछ ।

(घ) इजाजतपत्र संशोधन गर्दा इजाजत दस्तुरको १०% दस्तुर लाग्नेछ ।

(ङ) विशेष व्यवस्था भएकोमा वाहेक विना आयात इजाजतपत्र वा प्रतितपत्र वेगर निकासी भएका सामानमा १००% आयात इजाजत दस्तुर लाग्नेछ ।

(च) सरकारी कार्यालयको लागि आयात इजाजत दस्तुर लाग्नेछैन ।

### ३.१२ पैठारी सम्वन्धी आवश्यक फारामहरु :

३.१२.१ व्यापारिक प्रयोजनको लागि पैठारी गर्न दरखास्त फाराम - क

३.१२.२ व्यक्तिगत उपभोगको लागि वस्तु पैठारी गर्न भर्नुपर्ने फाराम - ख

# फाराम (ख)

## (नियम ४ को उपनियम (१) संग सम्वन्धित)

## व्यापारिक प्रयोजनको निमित्त पैठारी गर्न भर्नुपर्ने दरखास्त फाराम

श्रीमान महानिर्देशकज्यू,
वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग ।

१. दरखास्तवालाको पूरा विवरण :-
   (क) दरखास्तवालाको नाम :-
   (ख) पूरा ठेगाना :-
   (ग) दर्ता भएको कार्यालयको नाम :-
   (घ) दर्ता नम्बर र मिति :-
   (ङ) अन्तिम पटक नविकरण भएको मिति :-
   (च) संचालक, हिस्सेदार वा धनीको नाम :-

२. पैठारी गर्न चाहेको वस्तुको विवरण
   (क) किसिम :
   (ख) परिमाण :
   (ग) मूल्य :

३. विदेशी क्रेतासंग सम्झौता भए सो को प्रतिलिपि वा सो नभएअन्य विवरण

४. पैठारी गर्ने माल वस्तु वनाउने देश :

५. पैठारी गरिने माल चलान हुने देश :

६. पैठारी हुने माल चलान हुने मिति :

७. पैठारी हुने भन्सारको नाम :

८. पैठारी हुने भन्सारमा आइपुग्ने सम्भावित मिति :

९. पैठारी व्यवस्थालाई चाहिने विदेशी मुद्राको श्रोत .............. प.सं.................

१०. पैठारी गर्न चाहेको वस्तुको लागि कुनै कार्यालयको सिफारिस भए सो को ............ प.सं. ......... कार्यालयको नाम ..........

११. अन्य :

म/हामी कवुलियत गर्दछु / गर्दछौं कि माथि उल्लिखित कुराहरु आफूले जानेसम्म साँचो र ठीक सांचो हुन् । यसमा दिएको विवरण भुट्टा ठहरेमा मलाई / हामिलाई दिएको इजाजतपत्र बदर गरिएमा मलाई / हामीलाई मञ्जूर छ/छौं र उपरोक्त कवुलियतको समर्थनको निमित्त इजाजतपत्र दिने अधिकारीले मागेमा कागजपत्रहरु दिन म / हामी तयार छु / छौं । हामीले यस कार्यालयलाई बुझाउनु पर्ने रकम बांकी छैन ।

मिति :

दरखास्तवालाको सहीछाप
दर्जा :

## फाराम (घ)
## (नियम ४ को उपनियम (१) संग सम्वन्धित)
## व्यक्तिगत उपभोगका वस्तु पैठारी गर्न भर्नुपर्ने फाराम

श्री महानिर्देशकज्यू,
वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, काठमाडौं ।

महोदय,

देहायको विवरणको मालसामान पैठारी गर्न इजाजतपत्रको आवश्यक परेकोले मेरो व्यहोरा तल खुलाई निवेदन गरेको छु । कृपया इजाजतपत्र दिनुहुन अनुरोध गर्दछु ।

१. पैठारी गरीने व्यक्तिको नाम :-
   ठेगाना :-
२. पैठारी गर्ने वस्तुको विवरण :-
   (क) नाम :-
   (ख) किसिम :-
   (ग) संख्या वा परिमाण :-
३. वस्तुको मूल्य :-
   (सि. आइ. एफ., सी एण्ड आई, एफ.ओ.वि. के हो सो खोल्नुपर्छ )
४.
   (क) नेपालमा पैठारी हुने संभावित मिति :-
   (ख) पैठारी हुने भन्सारको नाम :-
५.
   (क) पैठारी गरिने वस्तु बनाउने मुलुक :-
   (ख) बस्तु चलान गर्ने मुलुक :-
   (ग) चलान हुन संभावित मिति :(
६. बिदेशी मुद्रा सम्वन्धी विवरण
   (क) विदेशी मुद्रा नेपाल सरकार वा नेपाल राष्ट्र बैंकबाट प्राप्त भएकोमा सम्बन्धित पत्र संख्या...............मिति ............ को पत्र संलग्न गरिएको छ । .......... को लागि रु. ............ बरावरको विदेशी मुद्रा पाएको छु।
   (ख) विदेशी मुद्रा आर्जन तलव वा भत्ताबाट भएकोमा :-
      १. भत्ता पाउने व्यक्तिको नाम :-
      २. विदेशी मुलुकमा गएको प्रयोजन :-
      ३. प्रस्तुत प्रसंगमा गएको विदेशी मुलुकको नाम :-
      ४. गएको मिति :-
      ५. नेपाल फर्केको मिति :-
      ६. विदेशमा बसेको जम्मा अवधि :-
      ७. दैनिक, साप्ताहिक, मासिक, वार्षिक प्राप्त हुने भत्ता दर :-

८. जम्मा आर्जन भएको विदेशी मुद्रा :-

९. जम्मा बचत हुन आएको विदेशी मुद्रा :-

१०. राहदानी नम्बर :-

११. यस दफा ६ को खण्ड (ख) को व्यहोरा प्रमाणित गरिएको............... कार्यालयको प.सं. ............ मिति ............ को पत्र संलग्न छ ।

(ग) विदेशी मुद्रा सम्बन्धी अरु कुरा खुलाउनु पर्ने भए छुट्टै कागजमा खुलाई संलग्न राख्नुपर्छ ।

७. अरु विवरण :-
(यसमा बढी अरु कुरा खुलाउनु पर्ने भए छुट्टै कागजमा खुलाई संलग्न राख्नुपर्छ )

८. उपरोक्तविदेशी मुद्राबाट यस अघि पैठारी ईजाजतपत्र प्राप्त गरिएको वस्तुहरुको विवरण :-
पैठारी इजाजतपत्र नं. :-
वस्तुको नाम :-
मूल्य :-
उपरोक्त विवरण ठीक सांचो हो फरक परेमा कानून वमोजिम सजाय सहुंला बुझाउंला ।

मिति :-

निवेदक,

# खण्ड - ४क

## फर्म र एजेन्सी दर्ता

४.१ फर्म दर्ताको व्यवस्था
४.२ फर्मको किसिम
४.३ फर्मका उद्देश्य र न्यूनतम पूंजी
४.४ प्राइभेट फर्म दर्ता गर्दा पेश गर्नुपर्ने कागजातहरु
४.५ साझेदारी फर्म दर्ता गर्दा पेश गर्नुपर्ने कागजातहरु
४.६ एजेन्सी दर्ता गर्दा पेश गर्नुपर्ने कागजातहरु
४.७ फर्म दर्ताका प्रक्रिया
४.८ फर्म दर्ता गर्दा लाग्ने दस्तुर
४.९ फर्म नविकरण प्रक्रिया
४.१० प्राइभेट फर्म संशोधन, नामसारी र प्रतिलिपी
४.११ प्राइभेट फर्मको प्रतिलिपि, नविकरण, संशोधन र नामसारी गर्दा पेश गर्नुपर्ने कागजातहरु
४.१२ फर्म नविकरण दस्तुर
४.१३ साझेदारी फर्म नविकरण
४.१४ साझेदारी फर्म संशोधन तथा दस्तुर
४.१५ साझेदारी फर्म नामसारी
४.१६ एजेन्सी
४.१७ एजेन्सीको नाम परिवर्तन वा संशोधन
४.१८ एजेन्सी नविकरण
४.१९ एजेन्सी नविकरण दस्तुर
४.२० फर्म दर्ता गर्दा प्रयोग हुने फारामहरु
४.२०.१ प्राइभेट फर्म रजिष्ट्रेशन गर्ने दरखास्त फाराम
४.२०.२ प्राइभेट फर्म दर्ताको प्रमाणपत्र
४.२०.३ प्राइभेट -फर्म निजी व्यवसायिक फर्म) दर्ता किताव
४.२०.४ प्राइभेट फर्म नविकरण गर्ने दरखास्त फाराम
४.२०.५ फर्मले कारोवार गर्ने चिज वस्तुको विवरणमा संशोधनका लागि दिने निवेदन
४.२०.६ प्राइभेट फर्म खारेजीको लागि दिने निवेदन
४.२०.७ साझेदारी फर्म रजिष्ट्रेशन निवेदन फाराम र कवुलियतनामा
४.२०.८ साझेदारी फर्म दर्ताको प्रमाणपत्र
४.२०.९ साझेदारी फर्म रजिष्टर्ड दर्ता किताव
४.२०.१० एजेन्सी दर्ता गर्ने दरखास्त फाराम र कवुलियतनामा
४.२०.११ एजेन्सी दर्ताको प्रमाणपत्र
४.२०.१२ एजेन्सी दर्ता किताव ।
४.२१ अधिकार प्रत्यायोजन सम्वन्धी

नेपाल सरकार
वाणिज्य तथा आपूर्ति मन्त्रालय

# वाणिज्य विभाग

ए.र.नं.

**एजेन्सी फर्म दर्ताको प्रमाण-पत्र**

नेपाल सरकार ...................................... मा ...................................नं. मा दर्ता भएको ..................... ........... स्थित ...................................... नामको प्राइभेट फर्म/साझेदारी फर्म/प्रा.लि./ क. लाई .......................................इलाकाको लागि ............................................स्थित.......................................को......... ....................................एजेन्ट भई काम गर्न ................................................................ सामानहरु बिक्री वितरण गर्न एजेन्ट भई काम गर्न संवत् २०६................. साल ........................................ महिना ............................ गते .......................................................... रोजमा नेपाल एजेन्सी ऐन, २०१४ बमोजिम दर्ता गरी यो प्रमाण-पत्र दिईएको छ ।

महानिर्देशक

**नोट :** यो प्रमाणपत्रको म्याद जुन सालमा एजेन्सी दर्ता गरिएको हो सो सालको चैत्र मसान्त सम्म र त्यसपछि प्रत्येक सालको लागि नबिकरण भए मुताविम बहाल रहने हुनाले अवधि समाप्त हुनुभन्दा अगाडी अनिवार्य रुपमा नविकरण गराइसक्नु पर्नेछ ।

नेपाल सरकार
वाणिज्य तथा आपूर्ति मन्त्रालय
वाणिज्य विभाग
बाट

नविकरण (रिन्यूबल) गरिएको

| मिति | नविकरण गरेको अवधि | दस्तुर बुझाएको रु को भौच नं. र मिति | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

# खण्ड - ४

# फर्म र एजेन्सी दर्ता

**४.१ फर्म दर्ताको व्यवस्था :**

देशमा दैनिक उपभोग्यका वस्तुहरु लगायत अन्य आवश्यक वस्तुहरुको मागको आपूर्ति गरी वजार व्यवस्था सुदृढ गर्ने तथा सरकारी कार्यालय संघ संस्था आदिमा आवश्यक पर्ने विभिन्न किसिमका सामानहरु वितरण समेत गर्ने उद्देश्यले व्यापार व्यवसाय गरी मुनाफा आर्जन गर्ने व्यापारी वर्गले आफ्नो व्यापार व्यवसायमा वैधानिकता प्राप्त गर्न नेपाल सरकारमा कुनै कथित नामबाट आफ्नो फर्म दर्ता गरी करको दायरा भित्र र हनुपर्ने हुनाले वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागमा फर्म दर्ता गर्न अनिवार्य हुन्छ । वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागमा वाणिज्य सम्बन्धी तीन किसिमका फर्महरु दर्ता हुन्छन् ।

**४.२ फर्मको किसिम :**

(क) **प्राइभेट फर्म**

एक व्यक्तिको नाममा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ र प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ वमोजिम दर्ता हुने प्राइभेट फर्म ।

(ख) **साझेदारी फर्म**

दुई वा दुई भन्दा बढी व्यक्तिको नाममा साझेदारी ऐन, २०२० वमोजिम दर्ता हुने साझेदारी फर्म ।

(ग) **एजेन्सी**

नेपाली व्यापारीले विदेश स्थित कम्पनी वा फर्म वा उद्योगबाट उत्पादित सामानहरु नेपाल राज्यभर वा कुनै निश्चित क्षेत्रमा तोकिएको मूल्यमा तोकिएको कमिशन लिई एजेन्टको रुपमा विक्री वितरण गर्न एजेन्सी ऐन, २०१४ र एजेन्सी (संशोधन र एकीकरण) नियम, २०१९ वमोजिम एजेन्सी दर्ता गर्ने । एजेन्सीको स्वरुप डिष्ट्रिव्यूटर, स्टकिष्ट, नोमिनी वा रेप्रिजेन्टेटिभ समेत हुन सक्दछ ।

**४.३ फर्मको उद्देश्य र न्यूनतम पूजी :**

(१) वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागमा निम्न वमोजिम उद्देश्यहरु मध्ये कुनै एक उद्देश्य राखी वाणिज्य सम्बन्धी प्राइभेट फर्म र साझेदारी फर्म दर्ता गर्न सकिनेछ ।

(क) स्थानीय व्यापार

(ख) समुद्रपार आयात निर्यात

(घ) समुद्रपार आयात

(ङ) समुद्रपार निर्यात

(च) भारत आयात निर्यात

(छ) भारत आयात

(ज) भारत निर्यात

(२) स्थानीय व्यापारको लागि फर्मको न्यूनतम पूँजीरु. २,००,००० ।- (न.पा.को हकमा रु ३ लाख) र भारत व्यापारको लागि न्यूनतम पूँजीरु. ५,००,००० (पाँच लाख) हुनुपर्छ ।

**४.४ प्राइभेट फर्म दर्ता गर्दा पेश गर्नु कागजातहरु :**

(क) निर्धारित ढाँचाको दर्खास्त फाराम र कबुलियतनामा ।

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र सक्कल नागरिकता साथ सम्बन्धित व्यक्ति स्वयं उपस्थित हुनुपर्ने।

(ग) हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति ।

(ङ) मनिचेन्जर कारोवार गर्ने फर्मको लागि नेपाल राष्ट्र बैंकको सहमति पत्र ।

(च) औषधी कारोबार गर्ने फर्मको लागि औषधी व्यवस्था विभागको सिफारिस पत्र वा अनुमति पत्र

**४.५ साझेदारी फर्म दर्ता गर्दा पेश गर्नु पर्ने कागजातहरु**

(१) निर्धारित ढाँचाको दरखास्त फाराम ।

(२) निर्धारित ढाँचाको कबुलियतनामा

(४) साझेदारी ऐन, २०२० बमोजिम साझेदारहरु वीच आपसमा भएको संझौता पत्र (३ तीन प्रति नेपाली कागजमा टाइप गरेको) ।

(५) प्रत्येक साझेदारहरुको हालसालै खिचिएको २/२ प्रति पासपोर्ट साइजको फोटो ।

(६) प्रत्येक साझेदारहरुको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि १/१ प्रति र सम्बन्धित साझेदार स्वयं उपस्थित हुनुपर्ने ।

(७) मनिचेन्जर कारोवार गर्ने फर्मको लागि नेपाल राष्ट्र बैंकको सहमति पत्र ।

(८) औषधी कारोबार गर्ने फर्मको लागि औषधी व्यवस्था विभागको सिफारिस पत्र ।

**४.६ एजेन्सी दर्ता गर्दा आवश्यक पर्ने कागजातहरु**

(१) निर्धारित ढाँचाको दरखास्त फाराम र कबुलियतनामा ।

(२) वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग वा कार्यालयमा दर्ता भएका प्राइभेट/साझेदारी फर्मको हकमा नविकरण भएको प्रमाणपत्रको फोटोकपी ।

(३) प्रा.लि., कम्पनी, लिमिटेडको हकमा कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(४) आयकर दर्ता प्रमाणपत्र (स्थायी लेखा नम्बर) को प्रतिलिपि ।

(५) मूल्य अभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपि ।

(६) विदेश वा स्वदेशका उद्योग, कम्पनी वा फर्मबाट एजेन्ट नियुक्ति गरेको पत्र ।

(७) एजेन्ट दिने फर्म, उद्योग, कम्पनीसँग भएको संझौता पत्र प्रमाणित प्रतिलिपि । उक्त सम्झौता पत्रमा देहायका कुराहरु खुलाएको हुनु पर्ने ।

(क) एजेन्ट लिएको वस्तुको विवरण ।

(ख) उक्त वस्तु बिक्री वितरण गर्न पाउने क्षेत्र ।

(ग) बिक्रि वितरण गरे वापत पाउने कमिशन ।

(घ) सम्झौता पत्रको अवधि ।

(८) मूल्य सूचिको विवरण ।

(९) सामानको क्याटलग ।

### ४.७ फर्म दर्ता कार्य प्रक्रिया

प्राइभेट फर्म दर्ता गर्न प्राइभेट फर्म रजिष्ट्रेशन ऐनको दफा ४.४(२) अनुसार, साझेदारी फर्म दर्ता गर्न साझेदारी ऐनको दफा ५ अनुसार र एजेन्सी दर्ता गर्न एजेन्सी दर्ता एनको दफा ४ अनुसारका कागजातहरु सहित वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग वा वाणिज्य कार्यालय वा घरेलु तथा साना उद्योग कार्यालय वा घरेलु तथा साना उद्योग विकास समितिका कार्यालयमा दरखास्त पर्न आएपछि साधारणतया दर्ता गरेको दिन अख्तियार प्राप्त अधिकारीबाट जांचबुझ गरी फर्म दर्ता गर्न उपयुक्त ठहरिएमा दर्ता कितावमा दर्ता गरी निर्धारित ढाँचाको प्रमाणपत्र प्रदान गरिनेछ ।

### ४.८ फर्म दर्ता गर्दा लाग्ने दस्तुर :-

**(क) प्राइभेट फर्म दर्ता गर्दा लाग्ने दस्तुर :-**

| फर्मको पूँजी | दरखास्त दस्तुर रु ५।- सहित जम्मा दस्तुर |
|---|---|
| रु. १,००,००० सम्म | रु. १०० ।- |
| रु. १,००,००१ देखि ३,००,००० सम्म | रु. ३,००० ।- |
| रु. ३,००,००१ देखि ५,००,००० सम्म | रु. ६,००० ।- |
| रु. ५,००,००१ देखि २०,००,००० सम्म | रु. १२,००० ।- |
| रु. २०,००,००१ देखि १,००,००,००० सम्म | रु. २०,००० ।- |
| रु. १,००,००,००१ देखि ५,००,००,००० सम्म | रु. ३०,००० ।- |
| रु. ५,००,००,००१ देखि माथि जतिसुकै सम्म | रु. ५०,००० ।- |

**(ख) साझेदारी फर्म दर्ता गर्दा लाग्ने दस्तुर :-**

**(ग) एजेन्सी दर्ता गर्दा लाग्ने दस्तुर :-**

| | दरखास्त दस्तुर रु ५।- सहित जम्मा दस्तुर | धरौटी |
|---|---|---|
| एजेन्सी दर्ता वापत | रु. १३० ।- | रु. ५०० ।- |

### ४.९ नवीकरण प्रक्रिया :-

**(क) प्राइभेट फर्म तर्फ :-** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ र प्रा.फ.र. नियमावली २०३४ बमोजिम दर्ता भएका फर्महरु दर्ता भएको मितिले तोकिएको दस्तुर तिरी ५ वर्षसम्मको लागि वहाल रहने हुँदा म्याद भित्र वा म्याद समाप्त भएको मितिले पैंतिस दिनभित्र आगामी आर्थिक वर्षको लागि नविकरण गर्नु पर्नेछ । उक्त अवधि नाघेपछि नविकरण गदो देहाय बमोजिमको दस्तुर लिई नविकरण गर्न सकिनेछ ।

(१) म्याद समाप्त भएको मितिले पैंतिस दिन नाघेपछिको तीन महिना सम्मको लागि नविकरण

दस्तुरको दोब्बर दस्तुर ।

(२) माथि (१) बमोजिमको म्याद नाघेपछिको तीन महिना सम्मको लागि नविकरण दस्तुरका तेब्बर दस्तुर ।

**(ख) देहायका अवस्थामा सम्वन्धित विभागले प्राइभेट फर्म खारेजी गर्न सक्नेछ :**

(१) तोकिएको अवधि भित्र नविकरण नगराएमा ।

(२) प्राइभेट फर्मका धनीले मुनासिव कारण दर्शाइ आफ्नो फर्म खारेजी गरी पाउं भनि सम्वन्धित विभागमा निवेदन दिएमा ।

(३) एउटै व्यक्तिको नाममा एकभन्दा बढी प्राइभेट फर्म दर्ता गरेको देखिन आएमा ।

(४) सम्वन्धित विभागले फर्म सम्बन्धी विवरण माग गर्दा तोकिएको अवधि भित्र सो विवरण पेश नगरेमा ।

(५) प्राइभेट फर्मले ऐन नियमको विपरित हुने गरी अन्य कुनै कार्य गरेमा ।

## ४.१० प्राइभेट फर्म संशोधन, नामसारी र प्रतिलिपी र खारेजी

(क) फर्मको ठेगाना परिवर्तन, उद्देश्य परिवर्तन, फर्मको नाम परिवर्तन, कारोबार, साखा र फर्मको पूँजीथपघट गर्न चाहेमा निवेदन दिई आवश्यक संशोधन गर्न सकिनेछ ।

(ख) आफुले संचालन गरेको फर्म संचालन गर्न नसक्नाको कारण खुलाई अन्य व्यक्तिको नाममा नामसारी गर्न चाहेमा आवश्यक प्रक्रिया पूरा गरी नामसारी गर्न सकिनेछ ।

(ग) फर्मका प्रोप्राइटरको मृत्यू भएमा आवश्यक प्रक्रिया पूरा गरी हकवालाको नाममा नामसारी गर्न सकिनेछ ।

(घ) कुनै कारणवस फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि प्रमाणपत्र लिनुपर्ने भए फर्मधनी स्वयं उपस्थित भई निवेदन दिनु पर्नेछ ।

(ङ) फर्म खारेज गर्दा सक्कल प्रमाणपत्र संलग्न गरी नमूना अनुसारको निवेदन दिनु पर्दछ

## ४.११ प्राइभेट फर्मको प्रतिलिपि, नविकरण, संशोधन र नामसारी गर्दा पेश गर्नु पर्ने कागजातहरु :

(क) फर्मको सक्कल प्रमाणपत्र तथा एकप्रति प्रमाणित प्रतिलिपि ।

(ख) आयकर प्रमाणपत्र (स्थायी लेखा नम्बर) को प्रतिलिपि ।

(ग) नामसारीका लागि फर्म लिने दिने दुवै व्यक्ति स्वयं उपस्थित हुनुपर्ने र लिनेको हालसालै खिचेको पासपोर्ट साइजको दुई प्रति फोटो तथा सक्कल नागरिकता र दिनेको समेत सक्कल नागरिकता र करचुक्ता प्रमाण पत्र (हालसालै कर तिरेको रसिद)

(घ) प्रतिलिपि लिनका लागि फर्मधनी स्वयं दुईप्रति फोटो समेत लिई उपस्थित हुनुपर्ने छ ।

(ङ) फर्म खारेज गर्न सम्बन्धित प्रोपराइटर निवेदन सक्कल प्रमाणपत्र, आयकर दर्ता (स्थायी लेखा नम्बर) प्रमाणपत्रको प्रतिलिपी वा हालसालै कर तिरेको रसिद, सक्कल नागरिकता साथ स्वयं उपस्थित हुनुपर्ने छ ।

## ४.१२ प्राइभेट फर्म नविकरण दस्तुर

(क)

| प्राइभेट फर्मको पूँजी | नवीकरण दस्तुर |
|---|---|
| रु. १,००,००० सम्म | रु. ६०० ।- |
| रु. १,००,००१ देखि ३,००,००० सम्म | रु. १,००० ।- |
| रु. ३,००,००१ देखि ५,००,००० सम्म | रु. १,६०० ।- |
| रु. ५,००,००१ देखि २०,००,००० सम्म | रु. ३,००० ।- |
| रु २०,००,००१ देखि १,००,००,००० सम्म | रु. ५,००० ।- |
| रु १,००,००,००१ देखि माथी | रु. १५,००० ।- |

**(ख) प्राइभेट फर्म संशोधन र प्रतिलिपि वापत दस्तुर :**

(१) फर्मको ठेगाना र उद्देश्य परिवर्तन, कारोबार, शाखा थपघत गर्दा तथा फर्म खारेज गर्दा र (फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि) लिंदा रु. ३०० ।- दस्तुर लाग्नेछ ।

(२) फर्मको नाम परिवर्तन गर्दा, फर्म नामसारी गर्दा पूँजीअनुसार र साविकको कारोवारमा मनि ट्रान्सफरको कारोवार थप गर्दा नयाँ फर्म दर्ता दस्तुर सरहको दस्तुर लाग्नेछ ।

(३) पूंजि वृद्धि गर्दा हाल कायम हुने पूँजीअनुसारको दस्तुरमा साविकको पूँजीअनुसार पहिला वुझाएको दस्तुर कट्टा गरी वाँकी हुन आउने दस्तुर लाग्नेछ । तर पूँजीघटाउंदा पहिला वुझाएको रकम फिर्ता हुने छैन ।

(४) मनी चेन्जर कारोवार भएको फर्ममा मनीट्रान्सफर बाहेक अन्य कारोवार थप गरिने छैन ।

**(ग) साझेदारी फर्म नविकरण दस्तुर**

| साझेदारी फर्मको पूँजी | नवीकरण दस्तुर |
|---|---|
| रु. १,००००० सम्म | रु. १०० ।- |
| रु. १००,००१ देखि ३,००,००० सम्म | रु. १२५ ।- |
| रु. ३,००,००१ देखि ५,००,००० सम्म | रु. १५० ।- |
| रु. ५,००,००१ देखि १०,००,००० सम्म | रु. २०० ।- |
| रु. १०,००,००१ देखि ५००००००० सम्म | रु. २५० ।- |
| रु. ५०,००,००१ देखि माथी | रु. ३०० ।- |

## ४.१३ साझेदारी फर्म नविकरण :

साझेदारी फर्म जुन आ.व. मा दर्ता गरेको हो सो आ.व. को आषाढ मसान्तसम्म वहाल रहने हुँदाम्याद समाप्त हुनु अगावै आगामी वर्षको लागि नविकरण गर्नु पर्नेछ । म्याद नाघेको ३५ दिन भित्र नविकरण गर्न आएमा नविकरण दस्तुर मात्र र म्याद नाघेको ३५ दिन पछि नविकरण गर्न आएमा साझेदार रु. ५० ।- का दरले जरिवाना समेत र २ वर्ष वा सो भन्दा बढी समयको लागि नविकरण गर्नु परेमा प्रति साझेदार प्रति बर्ष रु. ५० ।- का दरले जरिवाना र पूँजीअनुसारको पुनः दर्ता शुल्क  समेत लिई साझेदारी फर्म नविकरण गरिने छ ।

### ४.१४ साझेदारी फर्म संशोधन तथा दस्तुर :

(क) साझेदारी फर्मको ठेगाना, उद्देश्य तथा फर्मको कारोवार संशोधन गर्न माग भएमा रु. ५।- दस्तुर लिइ संशोधन गर्न सकिनेछ ।

(ख) फर्मको पूँजीवृद्धि गर्नुपर्ने भएमा हाल वृद्धि भइ कायम हुने पूँजीमा लाग्ने दस्तुरमा साविकको पूँजीमा लागेको दस्तुर कटाई वांकि हुन आउने दस्तुर लाग्नेछ । तर पूँजीघटाउनु पर्ने भए पहिला वुझाएको रकम फिर्ता हुने छैन ।

(ग) साझेदारी फर्मको नाम परिवर्तन गर्न वा साबिकका सबै साझेदारहरु फर्मबाट हटी नयाँ साझेदारहरु समाबेश हुन आएमा शुरु दर्ता दस्तुर सरह दस्तुर लाग्नेछ ।

(घ) साझेदारी फर्म देहायका अवस्थामा खारेज गर्न सकिनेछ :

(१) तोकिएको अवधि भित्र नविकरण नगराएमा ।

(२) साझेदारहरुले मनासिव कारण दर्साइ फर्म खारेज गरी पाउं भनी सम्वन्धित निकायमा निवेदन दिएमा।

(३) सम्वन्धित निकायले माग गरेको हिसावको विवरण तोकिएको अवधि भित्र पेश नगरेमा ।

(४) कानून विपरित हुने गरी कुनै कार्य गरेमा ।

### ४.१५ साझेदारी फर्म नामसारी :

कुनै साझेदारी फर्मका कुनै एक साझेदारले छाडी अर्को साझेदार समावेश हुन चाहेमा साविकका साझेदारको र हाल समावेश हुन चाहने साझेदारको लिखित मन्जुरीमा नयाँ कायम हुने साझेदारले तोकिएको ढाँचाको दरखास्त भरी नागरिकताको प्रमाणित प्रतिलिपि र संशोधित सम्झौतापत्र समेत पेश गरेमा प्रति साझेदार रु. ५।- दस्तुर लिई साझेदारी फर्मको नामसारी गर्न सकिनेछ ।

### ४.१६ एजेन्सी नामसारी :

कुनै रजिष्टर्ड एजेन्टबाट चलाई आएको एजेन्सीको काम आफ्नो नाममा नामसारी गरी लिन चाहने व्यक्तिले सो रजिष्टर्ड एजेन्टको र एजेन्सी दिने कम्पनीको लिखित मन्जुरी समेत राखी तोकिएको ढाँचाको फाराम, प्राइभेट/साझेदारी फर्म/प्रा.लि./लिमिटेड को दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र आवश्यक अन्य कागजात समेत संलग्न राखी निवेदन दिएमा नामसारी गर्न सकिनेछ ।

### ४.१७ एजेन्सीको नाम परिवर्तन वा संशोधन :

एजेन्सीको नाम परिवर्तन गर्न वा संशोधन गर्न माग भएमा आवश्यक कागजातको आधारमा शुरु एजेन्सी दर्ता सरहको दस्तुर एवं थप धरौटी समेत लिई एजेन्सी लिने र दिने फर्मको नाम परिवर्तन गर्न सकिनेछ र रु. ५।- दस्तुर लिइ एजेन्सीको ठेगाना एवं कारोवारको विवरण थप गर्न सकिनेछ ।

### ४.१८ एजेन्सी नविकरण :

प्रत्येक एजेन्सी दर्ता भएको सालको चैत्र मसान्तसम्म वहाल रहने हुँदाअवधि समाप्त हुनु अगावै एजेन्सी नविकरण गर्नु पर्नेछ । म्याद भित्र नविकरण नगरेमा कवुलियत उल्लंघन गरेको आधारमा एजेन्सी ऐन, २०१४ वमोजिम ५ वर्षसम्म एजेन्टको काम गर्न नदिने वा रु. ५००।- जरिवाना लिई नविकरण गर्न सकिनेछ ।

### ४.१९ एजेन्सी नविकरण दस्तुर :

एजेन्सी नविकरण गर्दा रु. २६।- दस्तुर लाग्नेछ ।

### ४.२० फर्म दर्ता गर्दा प्रयोग हुने फारामहरु :

फर्म दर्ता गर्दा प्रयोग हुने फारामहरु अनुसूचीमा समाविष्ट छन् ।

### ४.२१ प्राइभेट फर्म रजिष्ट्रेशन सम्वन्धी अधिकार प्रत्यायोजन

निम्नानुसार क्षेत्राधिकार हुने गरी घरेलु तथा साना उद्योग विभाग तथा समितिका निम्न जिल्ला स्थित कार्यालयहरु र वाणिज्य कार्यालयहरुलाई प्राइभेट फर्म दर्ता तथा नविकरण गर्ने अधिकार प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ को नियम ६ (२) र ७(२) अनुरुप प्रत्यायोजन गरिएको छ ।

| सि.नं. | दर्ता/नविकरण गर्ने निकाय | क्षेत्र/जिल्ला | पूँजीको सिमा रु. |
|---|---|---|---|
| (क) | वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग | काठमाडौं उपत्यकाका काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला | नेपाल राज्य भर ५० लाख भन्दा माथि पूँजीभएका र काठमाडौं उपत्यकाका ३ जिल्लामा सबै |
| (ख) | सवै वाणिज्य कार्यालयहरु | मोरङ्ग, पर्सा, रुपन्देही, वाके र कैलाली जिल्ला | ५० लाख सम्म पूँजीभएका |
| (ग) | घरेलु तथा साना उद्योग विकास समितिका ४८ जिल्लामा अवस्थित समितिका कार्यालयहरु | (१) डडेल्धुरा (२) वैतडी (३) दार्चुला, (४) डोटी (५) अछाम (६) वझाङ्ग (७) वाजुरा, (८) हुम्ला (९) कालिकोट (१०) मुगु (११) जुम्ला (१२) दैलेख (१३) जाजरकोट (१४) प्यूठान (१५) सल्यान (१६) रोल्पा (१७) रुकुम (१८) डोल्पा (१९) मुस्ताङ्ग (२०) म्याग्दी (२१) बाग्लुङ्ग (२२) पर्वत (२३) अर्घाखाँची (२४) गुल्मी (२५) स्याङ्गजा (२६) तनहू (२७) मनाङ्ग (२८) लम्जुङ्ग (२९) गोर्खा (३०) धादिङ्ग (३१) नुवाकोट (३२) रसुवा (३३) सिन्धुपाल्चोक (३४) सिन्धुली (३५) रामेछाप (३६) दोलखा (३७) उदयपुर (३८) खोटाङ्ग (३९) ओखलढुंगा (४०) सोलुखुम्वु (४१) धनकुटा (४२) तेह्रथुम (४३) भोजपुर (४४) संखुवासभा (४५) ईलाम (४६) पाचथर (४७) ताप्लेजुङ्ग (४८) सुर्खेत जिल्ला | ५० लाख सम्म पूँजीभएका |

| | | | |
|---|---|---|---|
| (घ) | घरेलु तथा साना उद्योग विभाग अन्तर्गतका १९जिल्ला कार्यालयहरु | (१) झापा (२) सनुसरी (३) सिराहा (४) सप्तरी (५) महोत्तरी (६) धनुषा (७) सर्लाही (८) काभ्रे (९) मकवानपुर (१०) बारा (११) चितवन (१२) रौतहट (१३) नवलपरासी (१४) कपिलवस्तु (१५) कास्की (१६) पाल्पा (१७) दाङ्ग (१८) बर्दिया (१९) कन्चनपुर जिल्ला | रु. ५० लाखसम्म पूँजीभएका । |

१. माथि तोकिएको पूँजीको सीमा भन्दा बढी पूँजीभएका फर्म दर्ताको लागि र पूँजीवृद्धिको लागि दरखास्त परेमा सम्वन्धित कार्यालयले सिफारिस सहित वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागमा स्वीकृतिको लागि पठाउने । वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागको स्वीकृति प्राप्त भएपछि सम्वन्धित कार्यालयले त्यस्तो फर्म दर्ता गरी प्रमाण पत्र जारी गर्ने ।

२. सीमा भन्दा बढी पूँजीको फर्म दर्ता तथा पूँजीवृद्धि वाहेक सम्वन्धित जिल्लाभित्र र अन्य जिल्लामा ठाउंसारी, शाखा स्थापना एवम् तोकिएको सीमाभित्र रही पूँजीथपघट, नवकिरण, नामसारी, निरीक्षण, खारेजी, अनुगमन, संशोधन जस्ता कार्यहरु वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागले तोकेको प्रक्रिया बमोजिम सम्वन्धित जिल्ला स्थित कार्यालयले नै गर्ने ।

## ४.२२ साझेदारी फर्म सम्बन्धी अधिकार प्रत्यायोजन

वणिज्य विभागको मिति २०६८/१०/१८ को पत्र अनुसार रु. ५० लाख सम्म पूजी भएका आफ्नो जिल्ला भित्रका साझेदारी फर्म दर्ता, नवीकरण, नामसारी, ठाउँसारी लगायतका कार्य गर्ने गरी देहायका कार्यालयहरुलाई अधिकार प्रत्यायोजन भएको छ ।

| सि.नं. | दर्ता/नविकरण गर्ने निकाय | क्षेत्र/जिल्ला | पूँजीको सिमा रु. |
|---|---|---|---|
| (क) | वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग | काठमाडौं उपत्यकाका काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला | नेपाल राज्य भर ५० लाख भन्दा माथि पूँजीभएका र काठमाडौं उपत्यकाका ३ जिल्लामा सबै |
| (ख) | सवै वाणिज्य कार्यालयहरु | मोरङ्ग, पर्सा, रुपन्देही, वााके र कैलाली जिल्ला | ५० लाख सम्म पूँजीभएका |

| | | | |
|---|---|---|---|
| (ग) | घरेलु तथा साना उद्योग विकास समितिका ४८ जिल्लामा अवस्थित समितिका कार्यालयहरु | (१) डडेल्धुरा (२) बैतडी (३) दार्चुला, (४) डोटी (५) अछाम (६) वझाङ्ग (७) वाजुरा, (८) हुम्ला (९) कालिकोट (१०) मुगु (११) जुम्ला (१२) दैलेख (१३) जाजरकोट (१४) प्यूठान (१५) सल्यान (१६) रोल्पा (१७) रुकुम (१८) डोल्पा (१९) मुस्ताङ्ग (२०) म्याग्दी (२१) बाग्लुङ्ग (२२) पर्वत (२३) अर्घाखाँची (२४) गुल्मी (२५) स्याङ्गजा (२६) तनहू (२७) मनाङ्ग (२८) लम्जुङ्ग (२९) गोर्खा (३०) धादिङ्ग (३१) नुवाकोट (३२) रसुवा (३३) सिन्धुपाल्चोक (३४) सिन्धुली (३५) रामेछाप (३६) दोलखा (३७) उदयपुर (३८) खोटाङ्ग (३९) ओखलढुंगा (४०) सोलुखुम्वु (४१) धनकुटा (४२) तेह्रथुम (४३) भोजपुर (४४) संखुवासभा (४५) ईलाम (४६) पाँचथर (४७) ताप्लेजुङ्ग (४८) सुर्खेत जिल्ला | ५० लाख सम्म पूँजीभएका |
| (घ) | घरेलु तथा साना उद्योग विभाग अन्तर्गतका १९जिल्ला कार्यालयहरु | (१) झापा (२) सनुसरी (३) सिराहा (४) सप्तरी (५) महोत्तरी (६) धनुषा (७) सर्लाही (८) काभ्रे (९) मकवानपुर (१०) बारा (११) चितवन (१२) रौतहट (१३) नवलपरासी (१४) कपिलवस्तु (१५) कास्की (१६) पाल्पा (१७) दाङ्ग (१८) बर्दिया (१९) कन्चनपुर जिल्ला | रु. ५० लाखसम्म पूँजीभएका । |

**४.२३ फर्म पणित सम्बन्धमा**

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ अनुसार दर्ता हुने प्राइभेट फर्मको नियमन सोही ऐन अनुसार हुने र साझेदारी ऐन, २०२० अनुसार दर्ता हुने साझेदारी फर्मको नियमन सोही ऐन अनुसार हुने, र उपरोक्त ऐनहरु छुट्टाछुट्टै भएको र उपरोक्त ऐनहरुमा साझेदारी फर्म प्राइभेट फर्ममा परिणत गर्ने तथा प्राइभेट फर्म साझेदारी फर्ममा परिणत गर्ने व्यवस्था भएको नदेखिएकोले साझेदारी फर्मलाई प्राइभेट फर्मलाई साझेदारी फर्ममा परिणत गर्न नमिल्ने ।

# अनुसूची ४.१
# प्राइभेट फर्म रजिष्ट्रेशन गर्ने दरखास्त फारम

| रु. १० को टिकट |
|---|

श्रीमान् महानिर्देशकज्यू,
वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग,
काठमाडौं ।

**विषय :- प्राईभेट फर्म रजिष्ट्रेशन गर्ने बारे ।**

महोदय,

तल लेखिए बमोजिमको व्यापार व्यवसाय गर्न निम्न लिखित नामको प्राईभेट फर्म मेरो नाममा रजिष्ट्रेशन गराउन ईच्छुक भएकोले रजिष्ट्रेशनको लागि आवश्यक भएको कागजातहरु यसै साथ संलग्न गरी रु. १० को टिकट टांसी यो निवेदन पेश गरेको छु । लेखिएको व्यहोरामा कुनै कुरा भुठा ठहरेमा कानून वमोजिम सहुंला बुझाउंला ।

१. फर्मको पूरा नाम (नेपालीमा) :-
२. फर्मको पूरा नाम (अंग्रेजीको ठूलो अक्षरमा):-
३. फर्मको पूरा ठेगाना (ब्लक नं., टेलिफोन नं., वडा नं. सहित) :-
४. फर्ममा लगाउने पूंजीरु. (अंक र अक्षर दुवैमा) :-
५. फर्मको उद्देश्य ........................ गरी मुनाफा आर्जन गर्ने ।
६. फर्मको कारोवार गर्ने मुख्य चीज वस्तु विवरण :-

७. प्रोप्राईटरको पूरा नाम तथा ठेगाना :- नागरिकता नं. र जिल्ला:
८. प्रोप्राईटरको तिनपुस्ते नाम तथा ठेगाना :-
   (क) प्रोप्राईटरको बाजेको नाम, ठेगाना :-
   (ख) प्रोप्राईटरको बुबाको नाम, ठेगाना :-
   (ग) प्रोप्राईटरको विवाहित महिला भए पतिको नाम, ठेगाना :-
९. फर्ममा लगाउने पूजीको श्रोत:

साक्षी

दरखास्तवालाको माथि लेखिए वमोजिम व्यहोरा दुरुत छ भनि सनाखत गर्नेको
पूरा नाम :-
पूरा ठेगाना :-
नागरिकता नं. र जिल्ला :-
सही :-
निवेदक
प्रोपराइटरको नाम:-
लेखात्मक सही :-
रेखात्मक सहि :-
(रेखा स्पष्ट देखिने गरी)

दा. बा.

# कवुलिएतनामा

लिखितम् ............................................................. को नाती ....................................................... को छोरा/छोरी .................................................. बस्ने
(बाजेको नाम) (बाबुको नाम) (ना.प्र. अनुसारको स्थायी ठेगाना)
वर्ष..........................................................को...........................................................आगे.................................................................................................................................को
(प्रोपाइटरको नाम) (फर्मको नाम)
नामले प्राईभेट फर्म दर्ता गर्न मैले त्यस विभागमा दरखास्त दिएकोमा उक्त फर्म दर्ता सम्बन्धमा प्रचलित ऐन कानून र तलका शर्त समेत पालना गरी काम गर्ने छु । सो पालना गर्ने कुरामा कबुलियत समेत गर्न तपाईको मन्जुर छ /छैन भनी वाणिज्य विभागबाट सोधनी भएकोमा मेरो चित्त बझ्यो । यसमा प्रचलित कानून र तपशिलमा लेखिएको शर्त उल्लंघन गरेको देखिएमा प्रचलित ऐन कानून बमोजिम सहुला बुझाउाला भनी मेरो मनोमान राजी खुशीसाग यो कबुलियतनामाको कागज लेखि नेपाल सरकार वाणिज्य विभागमा चढाए ।

## तपशिल

(१) यो ........................................... नामको फर्म दर्ता हुनु भन्दा पहिले अरु कसैको यो फर्मको नामसाग मिल्ने गरी -फर्मको नाम) फर्म दर्ता गरिसके को भए सो को सूचना पाउनासाथ तुरुन्तै यो फर्मलाई खारेज गरि अर्को नाम राखी फर्म दर्ता गर्न आउने छु । सूचनामा उल्लेखित म्याद भित्र नआएको कारणले फर्मलाई स्वतः खारेज गरिएमा पछि पछि कुनै दावी गर्ने छैन ।
(२) यस फर्मको साईनबोर्ड राख्नु पर्दा ठूलो नेपाली अक्षरबाट लेखी सो को मुनितिर सुविधाको निमित्त सानो अंग्रेजी अक्षरमा लेख्नेछु ।
(३) यस फर्ममा विदेशी नागरिकलाई कर्मचारीको रुपमा नियुक्ति गर्नु परेमा आवश्यक स्वीकृति प्राप्त गरेर मात्र गर्नेछु ।
(४) यसभन्दा अगाडि मेरा नाउामा अरु कुनै फर्म दर्ता गरी राखेको छैन । यस भन्दा अगाडी मेरो नाउँमा ............................................... मा.प्र.फ.द.नं. ......................... बाट .........................................................................................................................................................
(बाणिज्य विभाग कार्यालयको नाम)
...................................... नामको फर्म दर्ता गरी राखेकोमा हाल सो फर्म खारेज भई कानून बमोजिम पुन अर्को हाल गर्न मिल्ने भएबाट यो दर्ता गर्न ल्याएको हुँ।

दस्तखत :
प्रोपाईटरको नाम :

ईति सम्बत् २०.................. साल............................ महिना ...................... गते रोज ............................. शुभम् ।

---

## (सनाखत सम्बन्धी कागजात)

यसमा लेखिएको दरखास्त फाराम तथा कबुलियतनामा म आफै स्वयं वाणिज्य विभागमा उपस्थित भई दर्ता गराएको हुा । निवेदकसाग संलग्न नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि, फोटो तथा अन्य कागजातहरु मेरो आफ्नै हुन् माथि उल्लेखित सम्पूर्ण व्यहोरा समेत साचो हो कुनै कुरा फरक परेमा कानून बमो जिम सहुला बुझाउाला भनी सनाखत गर्ने ।

प्रोपाईटरको सही :-
नाम :-
मिति :-

---

## टिप्पणी

(बाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागले मात्र भर्ने)
श्रीमान्
.......................................................... नामक प्राईभेट फर्म ............................................ को नाममा दर्ता गरी पाउन आवश्यक हुने सबै कागजातहरु रितपूर्वक पेश हुन आएको देखिएकाले माग बमोजिम दर्ता गरिदिन मनासिव देखिएकोले निजको नाममा प्राईभेट फर्म दर्ता गरी प्रमाण-पत्र दिनको निमित्त समेत निर्णयार्थ पेश गरेको छु ।

# प्राइभेट फर्म रजिस्ट्रेशन गर्ने दरखास्त फाराम

रु १० को
टिकट

श्रीमान् महानिर्देशक ज्यू,
वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग
काठमाडौं ।

**विषय :- प्राईभेट फर्म रजिष्ट्रेशन गर्ने बारे ।**

महोदय,
तल लेखिए बमोजिमको व्यापार व्यसाय गर्न निम्न लिखित नामको प्राईभेट फर्म मेरो नाममा रजिष्ट्रेशन गराउन ईच्छुक भएकोले रजिष्ट्रेशनको लागि आवश्यम भएकोले कागजातहरु यसै साथ संलग्न गरी रु. १०/- को टिकट टाासी यो निवेदन पेश गरेको छु । लेखिएको व्यहोरा कुनै कुरा झुट्ठा ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

१. फर्मको पूरा नाम (नेपालीमा) :-
२. फर्मको पूरा नाम (अंग्रेजीको ठूलो अक्षरमा) :-
३. फर्मको पुरा ठेगाना : जिल्लाः.............................. न.पा./गा.वि.स.: ............................. वडा नं. ................
टोलको नामः ................................ ब्लक नं. : .............................. फोन नं. ................................................
४. फर्ममा लगाउने पूाजी रु. ................................... (अक्षरेपी रु. ......................................................................)
५. फर्मको उद्देश्य : स्थानीय ब्यापार/ .................................आयात/निर्यात गरी मुनाफा आर्जन गर्ने ।
६. फर्मले कारोबार गर्ने मुख्य चिज वस्तुको विवरण : ..........................................................................................
..........................................................................................................................................................
..........................................................................................................................................................
७. प्रोपाईटरको पुरा नाम : ..................................................................................................................
स्थायी ठेगाना : जिल्ला : ......................................................................................................................
नागरिकता अनुसार)
टोलको नाम : ........................................... ब्लक नं. ......................... फोन नं. ...........................................
नागरिकता नं. : .................................. जिल्ला : ....................... ना.प्र. जारी मिति : .................................
हालको ठेगाना : जिल्ला : .......................... ब्लक नं. ................... फोन नं. .............................................
८. प्रोपाईटरको तीन पुस्ते नाम, ठेगाना : ......................................................................................................
    क) प्रोपाईटरको बाजेको नाम, ठेगाना :-
    ख) प्रोपाईटरको बुबाको नाम, ठेगाना :-
    ग) प्रोपाईटरको विवाहित महिला भए पतिको नाम, ठेगाना :-
९. फर्ममा लगाउने पूाजीको स्रोत : ...................................................................................

**साक्षी**
दरखास्तवालाको माथि लेखिए बमोजिमको व्यहोरा
दुरुस्त छ भनी सनाखत गर्नेको
पूरा नाम :-
पूरा ठेगाना :-
नागरिकता नं. ..................... जिल्ला :-
सही :-

**निवेदक**
प्रोपाईटरको नामः
सही :

| दायाँ | बायाँ |
|---|---|
| | |

# कबुलियतनामा

लिखितम् ............. को नाती ............................ को छोरा .................. वस्ने वर्ष ................ को ........................... आगे ......................... को
(प्रोप्राईटरको नाम) (फर्मको नाम )

नामले प्राईभेट फर्म दर्ता गर्न मैले त्यस विभागमा दरखास्त दिएकोमा उक्त फर्म दर्तासम्बन्धमा प्रचलित ऐन कानून अन्य ऐन कानून र तलका शर्त समेत पालना गरी काम गर्नेछु । सो पालना गर्ने कुरामा कबुलियत समेत गर्न तपाईको मन्जुर छ/छैन भनि वाणिज्य विभागबाट सोधनी भएकोमा मेरो चित्त बुझ्यो । यसमा प्रचलित ऐन कानून र तपसीलमा लेखिएका शर्त उलंघन गरेको देखिएमा प्रचलित ऐन कानून वमोजिम सहुंला बुझाउंला भनि मेरो मनोमान राजी खुशीसंग यो कवुलियतनामाको कागज लेखी नेपाल सरकार, वाणिज्य विभागमा चढाएं ।

**तपसील**

१. यो ................................ नामको फर्म दता हुनु भन्दा पहिलेअरु कसैले यो फर्मको नामसंग मिल्ने (फर्मको नाम) गरि फर्म दर्ता गरिसकेको भए सो को सूचना पाउनासाथ तुरुन्तै यो फर्म खारेज गरि अर्को नाम राखी फर्म दर्ता गर्न आउने छु । सूचनामा उल्लेखित म्याद भित्र नआएको कारणले फर्मलाई स्वतः खारेज गरिएमा पछि कुनै दाबी गर्नेछैन ।
२. यो फर्मको साइनबोर्ड राख्नु पर्दा ठूलो नेपाली अक्षरबाट लेखि सो को मुनितिर सुविधाको निमित्त सानो अंग्रेजी अक्षरमा लेख्नेछु ।
३. यस फर्ममा विदेशी नागरिकलाई कर्मचारीको रुपमा नियुक्ती गर्नु परेमा आवश्यक स्वीकृति प्राप्त गरेर मात्र गर्नेछु ।
४. यस भन्दा अगाडी मेरो नाउँमा अरु कुनै फर्म दर्ता गरि राखेको छैन । यस भन्दा अगाडी मेरो नाउंमा .......................... मा प्रा.फ.द.नं. .................बाट ................. नामको फर्म दर्ता गरी

(वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग वा कार्यालयको नाम)

राखेकोमा हाल सो फर्म खारेज भई कानून वमोजिम पुनः अर्को दर्ता गर्न मिल्ने भएबाट यो फर्म दर्ता गर्न ल्याएको छु ।

दस्तखत :-

प्रोप्राईटरको पूरा नाम :-

इति सम्वत २०७ ...... साल .............. महिना ..............गते रोज ...............शुभम्

## सनाखत सम्बन्धि कागजात

यसमा लेखिएको दरखास्त फारम तथा कवुलियतनामा म आफै स्वयं वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागमा उपस्थित भई दर्ता गराएको हुं । निवेदनसंग सलग्न नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, फोटो तथा अन्य कागजातहरु मेरा आफ्नै हुन् । माथी उल्लेखित सम्पूर्ण व्होरा समेत सांचो हो कुनै कुरा फरक परेमा कानून वमोजिम सहुंला बुझाउंला भनि सनाखत गर्ने ।

प्रोप्राईटरको सही :-
नाम :-
मिति :-

## टिप्पणी

(वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागले मात्र भर्ने)

श्रीमान्,

......................नामक प्राइभेट फर्म ................... को नाममा दर्ता गरी पाउन आवश्यक हुने सवै कागजातहरु रितपूर्वक पेश हुन आएको देखिएकोले माग वमोजिम दर्ता गरिदिन मनासीव देखिएकोले निजको नाममा प्राइभेट फर्म दर्ता गरी प्रमाणपत्र दिनको निमित्त निर्णयार्थ पेश गरेको छु ।

# कबुलियतनामा

लिखितम् ............. को नाती ........................... को छोरा .................. वस्ने वर्ष ................ को ...........................
आगे ......................... को

(प्रोप्राईटर/साझेदारीको नाम) (प्राइभेट/साझेदारीका फर्मको नाम)

दर्ता गर्ने सिलसिलामा मेरो आफ्नै नाममा वा मेरो समेतको साझेदारीमा अन्य कनै व्यापारिक फ्राइभेट वा साझेदरी फर्म दर्ता भए नभएको भन्ने व्यहोरा समेत पेश गर्नँ पर्ने भन्ने जानकारी पाएको हुँदा मेरो आफ्नो नाममा / मेरो समेतको साझेदारीमा निम्न बमोजिमको अर्को व्यापारिक फर्म खोली दर्ता गरी राखेको/कुनै पनि व्यापारिक फर्म दर्ता नगरेको हुँदा सोही व्यहोरा खोली यो कवुलियतनामाको कागज लेखी नेपाल सरकार, वाणिज्य विभागमा चढाएं ।

| | | | | |
|---|---|---|---|---|
| (१) | प्राइभेट फर्मको पूरा नाम र ठेगाना | फर्म दर्ता गरेको कार्यालयको नाम | फर्म दर्ता नं तथा मिति | अन्तीम पटक नवीकरण |
| | | | | |
| (१) | साझेदारी फर्मको पूरा नाम र ठेगाना | फर्म दर्ता गरेको कार्यालयको नाम | फर्म दर्ता नं तथा मिति | अन्तीम पटक नवीकरण |

उपरोक्त माथिका सबै विवरण साँचो हुन् । झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।
दस्तखत:-

प्रोप्राइटर/साझेदारीको पूरा नाम :-

इति सम्वत २०७ ...... साल .............. महिना ..............गते रोज ...............शुभम्

# कबुलियतनामा

लिखितम् ............. को नाती ........................... को छोरा .................. वस्ने वर्ष ................ को ...........................
आगे ......................... को

(प्रोप्राईटरको नाम) (फर्मको नाम )

नामले प्राईभेट/साझेदारीफर्म दर्ता गर्न मैले/म त्यस विभागमा दरखास्त दिएकोमा उक्त फर्म दर्ता सम्बन्धमा प्रचलित ऐन कानून र तलका शर्त समेत पालना गरी काम गर्नेछु । सो पालना गर्ने कुरामा कबुलियत समेत गर्न तपाईको मन्जुर छ/छैन भनि वाणिज्य विभागबाट सोधनी भएकोमा मेरो चित्त बुझ्यो । यसमा प्रचलित ऐन कानून र तपसीलमा लेखिएका शर्त उलंघन गरेको देखिएमा प्रचलित ऐन कानून वमो जिम सहुंला बुझाउंला भनि मेरो मनोमान राजी खुशीसंग यो कवुलियतनामाको कागज लेखी नेपाल सरकार, वाणिज्य विभागमा चढाएं ।

<u>तपसील</u>

१. यो ................................ नामको फर्म दता हुनु भन्दा पहिलेअरु कसैले यो फर्मको नामसंग मिल्ने (फर्मको नाम) गरि फर्म दर्ता गरिसकेको भए सो को सूचना पाउनासाथ तुरुन्तै यो फर्म खारेज गरि अर्को नाम राखी फर्म दर्ता गर्ने छु । सूचनामा उल्लेखित म्याद भित्र नआएको कारणले फर्मलाई स्वतः खारेज गरिएमा पछि कुनै दाबी गर्नेछैन ।
२. यो फर्मको साइनबोर्ड राख्नु पर्दा ठूलो नेपाली अक्षरबाट लेखि सो को मुनितिर सुविधाको निमित्त सानो अंग्रेजी अक्षरमा लेख्नेछु ।
३ं यस फर्ममा विदेशी नागरिकलाई कर्मचारीको रुपमा नियुक्ती गर्नु परेमा आवश्यक स्वीकृति प्राप्त गरेर मात्र गर्नेछु ।

दस्तखतः-

प्रोप्राइटर/साझेदारीको पूरा नाम :-

इति सम्वत २०७ ...... साल ............... महिना ...............गते रोज ................शुभम्

# प्रा.फर्म/सा. फर्म नवीकरण गर्ने दरखास्त फाराम

मिति २०......../....../......

श्रीमान् महानिर्देशकज्यू,
वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग,
काठमाडौं ।

विषय :-फर्म नविकरण गर्ने वारे ।

उपयुक्त विषय त्यस विभागमा दर्ता रहेको ............................................नं. को .............................. .............................. नाउँको प्रा. फर्म/सा. फर्म आ.व. .................... को लागि नविकरण गराउन पर्ने भएको ले नवीकरणको लागि आवश्यक हुने कागजातहरु यसै साथ संलग्न गरी यो निवेदन पेश गरेको छु, कृपया नियमानुसार उक्त फर्म नवीकरण गरिदिनु हुन अनुरोध गर्दछु । साथै नविकरण भएको प्रमाण-पत्र वुझ्नका लागि म/हामी स्वयम् उपस्थित हुन नसकेकोले ............ ....................... बस्ने निम्न उल्लेखित दस्तखत नमूना भएका श्री ....................................... लाई यो मन्जुरी समेत दिई पठाएको छु/छौं ।

निवेदक

................................ ....................................
दस्तखत नमूना प्रोप्राइटरको सही

अनुसुची - ४.२

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग

प्रा.फ.र.नं.

## प्राईभेट फर्म दर्ताको प्रमाण-पत्र

निम्न लिखित विवरण भएको .................................... फर्मलाई सम्वत २०........... साल ................ महिना ................गते ..............रोजमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम रजिष्टर गरी यो प्रमाण-पत्र दिइएको छ ।

## विवरण

प्रोप्राइटरको नाम, थर, वतन ...................................................................... .............. ............................................................

........... .......................... ................... ..............................................................................................................

फर्मको ठेगाना .........................................

पूँजीरु. ...........................................

.............................

महानिर्देशक

**नोट :-**

यो प्रमाणपत्रको म्याद जुन आर्थिक वर्षमा फर्म रजिष्टर गरिएको हो, सो आर्थिक वर्षको आषाढ मसान्तसम्म र त्यस पछि प्रत्येक आर्थिक वर्षको लागि नविकरण भए मुताविक वहाल रहने हुनाले अवधि समाप्त भएको मितिले ३५ दिन भित्र अनिवार्य रुपमा नविकण गराईसक्नु पर्नेछ । नविकरण भएको अवधि सम्बन्धी विवरण यसको पछाडी पट्टी छ ।

२. यो फर्मले कारोवार गर्ने मुख्य चिज वस्तुको विवरणको लागि यसै विभागले लेखेको छुट्टै पत्रमा उल्लेख छ ।

अनुसूची ४.३

दर्ता नम्वर :-

दर्ता मिति :-

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग

## प्राइभेट फर्म (निजी व्यवसायिक फर्म) दर्ता किताव

| प्राइभेट फर्मको नाम र ठेगाना | प्रोप्राइटर (धनि) को तिन पुस्ते नाम थर तथा ठेगाना | फर्मको उद्देश्य (चिन्हलगाउने) | कारोवार गर्ने मुख्य चिज स्तुको नाम | फर्ममा लगाउने पूँजीरु. | दर्ता दस्तुर | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | रकम | रसिद नं. र मिति | |
| | बाजे :<br>बावु :<br>पति :<br>प्रो. :<br>ना.प्र.नं. :<br>मिति :<br>जिल्ला :<br>ठेगाना : | स्थानिय व्यापार<br><br>स.पा. आयात/निर्यात<br><br>स.पा. निर्यात मात्र<br><br>भारत आयात/निर्यात<br><br>भारत निर्यात मात्र<br><br>भारत आयात मात्र | | | | | |

### नविकरण सम्बन्धि विवरण

| सि.नं. | मिति | नविकरण गरेको मिति | नविकरण सि.नं. | दस्तखत | संशोधन |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |

अनुसूची ४.४

# प्राइभेट फर्म नवीकरण गर्ने दरखास्त फारम

श्रीमान् महानिर्देशकज्यू,
वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग
काठमाडौं ।

उपर्युक्त विषयमा त्यस विभागमा दर्ता रहेको ............................................................ नं. को ......................................................नाउँको प्राइभेट फर्म आ.व. ...............................................को लागि नवीकरण गराउन इच्छुक भएकोले नवीकरणको लागि आवश्यक हुने कागजातहरु यसै साथ संलग्न गरी म प्रोप्राइटर आफैले / प्रोप्राइटरको मञ्जुरीनामा लिई आउने म .......................................................... बस्ने ..................................... ले यो निवेदन पेश गरेको छु । कृपया नियमानुसार उक्त प्राइभेट फर्म नवीकरण गरिदिनु हुन अनुरोध गर्दछु ।

निवेदक,

..................................

प्रोप्राइटर/प्रतिनिधिको सही

अनुसुची ४.५

मिति :

४.२०.५ फर्मले कारोवार गर्ने चिज वस्तुको विवरणमा संशोधनका लागि दिने निवेदन

श्रीमान् महानिर्देशकज्यू,
वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग,
काठमाडौं ।

विषय :- फर्मले कारोवार गर्ने चिज वस्तुको विवरणमा संशोधन गर्ने वारे ।

उपर्युक्त विषय मेरो/म समेतको नाउंमा प्रा.फ./सा.फ.द.नं. ............................................... ...... .................................................... बाट ............................................................. नाउंको प्रा.फ./सा.फ. दर्ता गरी दिइएको त्यस विभागको मिति .................................. को पत्रानुसारको यस फर्मले कारोवार गर्ने चिज वस्तुहरुको सट्टा तपसील अनुसार गर्नुपर्ने भएकोले त्यस विभागको उक्त मिति ............. को पत्र एवम् फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि एकप्रति यसै साथ राखी फर्मले कारोवार गर्ने चिज वस्तुको विवरणमा संशोधन गरिदिनु हुन निवेदन गर्दछु ।

तपसील

निवेदक

....................

सही :
प्राप्राइटरको नाम :

अनुसूची - ४.६

## ४.२०.६ कारोवार गर्ने चिज वस्तुको विवरण छुट भएको निवेदन

श्रीमान् महानिर्देशकज्यू,
वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग,
काठमाडौं ।

विषय :- कारोबार गर्ने चिजवस्तुको विवरण छुट भएको बारे ।

उपर्युक्त विषयमा मेरो/म समेतको नाउंमा त्यस विभागमा मिति ..........................................मा ..............................................नाउँको प्रा.फ./सा.फ. दर्ता गर्नको लागि दिईएको निवेदनमा मेरो/म समेतको फर्मले कारोबार गर्ने चिज वस्तुको विवण उल्लेख गर्न छुट भएको हुँदाहाल तपसिलमा उल्लेख भए वमो जिमका वस्तुहरुको कारोबार गर्नेभएकोहुँदासो बारे तहां जानकारी गराईएको व्यहोरा निवेदन गर्दछु ।

तपसिल

निवेदक,

सही :
प्राप्राइटर/साझेदारको नाम :
प्रा.फ./सा.फ. द.नं. :

अनुसूची - ४.७

## ४.२०.७ प्राइभेट फर्म खारेजीको लागि दिने निवेदन

श्रीमान् महानिर्देशकज्यू,
वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग,
काठमाडौं ।

विषय :- फर्म खारेजी सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा मेरो नाममा वाणिज्य विभागमा दर्ता भएको प्रा.फ. नं. ................................ को नामको प्राईभेट फर्म ........................................................................................................ ........................... .................................... कारणले खारेज गरी पाउन रु. ५ को टिकट टाँसी यो निवेदन दिएको छु । उक्त फर्मको नामबाट नेपाल सरकार र अन्यकुनै निकायमा कुनैराजश्व र अन्य रकम वुझाउन बांकी छैन । कुनै किसिमकोरकम वा राजश्व वुभाउन बांकी देखिएमा पछि कुनै उजुर बाजुर नगरी सम्बन्धित निकायमा बुझाउन मेरो मन्जुरी छ । नियमानुसार लाग्ने दस्तुर लिई उक्त फर्म खारेज गरी पाउन श्रीमान् समक्ष अनुरोध गर्दछु ।

संलग्न
१. सक्कल प्रमाणपत्र
२. आयकर दर्ता प्रमाण पत्रको प्रतिलिपि
३. अन्य (भएमा उल्लेख गर्ने)

निवेदक,

दस्तखत :
नाम :
ठेगाना :
फर्मको छाप :
दा. बा.

अनुसूची - ४.८

## ४.२०.८ साझेदारी रजिष्ट्रेशन गर्ने दरखास्त फारम

मिति :

श्रीमान् महानिर्देशकज्यू,
वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग,
काठमाडौं ।

विषय :- साझेदारी फर्म रजिष्ट्रेशन दर्ता बारे ।

महोदय

हामीहरुले साझेदारी फर्म खोली तपसिलमा लेखिए वमोजिमको व्यवसाय चलाउन मञ्जुर गरेकोले मन्जुरीको कागज तथा अन्य आवश्यक कागजातहरु सहित यो निवेदन गर्न आएका छौं । लाग्ने सरकारी दस्तुर लिई तल लेखिए बमोजिमको फर्म हामीहरुका नाममा दर्ता गरी पाऊं । लेखिएको व्यहोरामा कुनै कुरा झुठा ठहरे कानून वमोजिम सहुंला बुझाउंला ।

तपसिल

(१) फर्मको पूरा नाम (नेपालीमा) :-
(२) फर्मको पूरा नाम (अंग्रेजी ठुलो अक्षरमा) :-
(३) फर्मको पूरा ठेगाना (ब्लक नं. वडा नं टोल, फोन नं. सहित) :-
(४) फर्मको उद्देश्य :- ................................. मुनाफा आर्जन गर्ने ।
(५) कारोवार गर्ने मुख्य चीजवस्तुको विवरण :-
(६) साझेदारहरुको पूरा नाम, ठेगाना, तथा फर्ममा लगाईने पूँजीः-

| साझेदारको नाम | ठेगाना | पूँजी(रु.) |
|---|---|---|
| (क) | | |
| (ख) | | |
| (ग) | | |
| (घ) | | |

(७) साझेदारहरुको तीन पुस्ते नाम ठेगाना :-

| साझेदार | बाबुको नाम, ठेगाना | बाजेको नाम, ठेगाना |
|---|---|---|
| (क) | | |
| (ख) | | |
| (ग) | | |
| (घ) | | |

(८) कुनै साझेदारको अधिकार उपर बन्देजलगाएको भए सोकुरा :-
(९) फर्मको प्रतिनिधित्व गर्ने मुख्य साझेदार वा साझेदारहरुको नाम :-
(१०) नाफा निश्चित गर्ने तरीका :-

साक्षी
दरखास्तवालाहरुको माथि लेखिए वमोजिमको व्यहोरा -
दुरुस्त छ भनी सनाखत गर्ने ।
पूरा नाम :-
पूरा ठेगाना :-
सही :-

निवेदक
लेखात्मक सही :-
रेखात्मक सही :-

अनुसूची - ४.९

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग

सा.फ.र.नं. ..............

## साझेदारी फर्म दर्ता प्रमाण-पत्र

निम्न लेखिएको विवरण भएको ..................................................... फर्म यस विभागमा मिति २०५ ............. साल .................. महिना ............गते ..........रोजमा साझेदारी ऐन, २०२० वमोजिम रजिष्टरी गरी यो प्रमाण-पत्र दिइएको छ ।

### विवरण

फर्मको ठेगाना .......................
फर्मको उद्देश्य ....................
साझेदारहरुको पूरा नाम तथा ठेगाना :
(क) .......................
(ख) .......................
(ग) ........................
(घ) .....................
कूल पूँजीरु. ............................

.............................
नि. महानिर्देशक

**नोट :-**

यो प्रमाणपत्रको म्याद जुन आर्थिक वर्षमा फर्म रजिष्टर गरिएको हो सो आर्थिक वर्षको आषाढ मसान्तसम्म र त्यसपछि प्रत्येक आर्थिक वर्षको लागि नविकरण भए मुताविक वहाल रहने हुनाले अवधि समाप्त हुनु भन्दा अगाडी अनिवार्यरुपमा नवीकरण गराई सक्नु पर्नेछ । फर्मको कारोवार गर्ने मुख्य चिज वस्तुको विवरणको लागि छुट्टै पत्रमा उल्लेख छ ।

अनुसूची ४.१०

दर्ता नम्वर :-
दर्ता मिति :-

नेपाल सरकार

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग

## साझेदारी फर्म रजिष्टर्ड दर्ता किताव

| साझेदारी फर्मको नाम र ठेगाना | साझेदारीहरुको नाम थर र वतन | पूँजीकारोवार को विवरण (चिन्ह लगाउने) | कारोवार गर्ने मुख्य माल वस्तुको नाम | दस्तुर रकम | रसिद नं. र मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| | बाजे :<br>बावु :<br>पति :<br>प्रो. :<br>ना.प्र.नं. :<br>मिति :<br>जिल्ला :<br>ठेगाना : | स्थानिय व्यापार<br><br>स.पा.<br>आयात／निर्यात<br><br>स.पा.निर्यात मात्र<br><br>स.पा.आयात मात्र | | | | |

नविकरण सम्बन्धि विवरण

| सि.नं. | मिति | नविकरण गरेको अवधि | नविकरण सि.नं. | दस्तखत | संशोधन |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |

अनुसूची - ४.११

## ४.२०.११ एजेन्सी रजिष्ट्रेशन गर्ने दरखास्त फाराम

श्रीमान् महानिर्देशकज्यू,
वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग,
काठमाडौं ।

विषय :- एजेन्सी दर्ता बारे ।

महोदय,

म/हामीले नेपाल सरकार ............................ मा .................................... नम्वरमा दर्ता रहेको प्रा. फर्म /साझेदारी फर्म/प्रा.लि./कं.लि. ............ फर्मसंग लिएको एजेन्सीको छोटकरी विवरण तल खुलाई सो फर्मको एजेन्ट भएको कागजातहरु तथा अन्य आवशयक कागजातहरु यसैसाथ पेश गरेको छु/छौं । उक्त फर्मको एजेन्ट भै काम गर्दाको शर्तनामा अनुसारको शर्त वा भाउमा कुनै फेरवदल भएमा सो को सूचना तुरुन्तै गर्नेछु/गर्नेछौं । नेपाल एजेन्सी ऐन, २०१४ तथा एजेन्सी (संशोधन र एकीकरण) नियमहरु, २०१९ अनुसार आफुले लिएको एजेन्सीका मालहरु आएको, बिक्री भएको मौज्दात रहेको तथा तिनको दर भाउको फांटवारी ३/३ महिनामा त्यस विभागमा पेश गर्नुको साथै माल बिक्री गर्दा आफुले पाएको कमिशन रिवेट नेपाल सरकारबाट तोकि दिएको भन्दा बढी मुनाफा नलिई बिक्री गर्ने वा काम गर्ने छु/छौं, मेरो/हाम्रो नाउमा एजेन्सी दर्ता गरी पाउं लेखिएका व्यहोरा कुनै कुरा झुठा ठहरेमा कानून वमोजिम सहुंला बुझाउंला ।

१. एजेन्सी दिने फर्मको नाम (नेपालीमा) :-
२. एजेन्सी दिने फर्मको नाम (अंग्रेजीको ठूलो अक्षरमा) :-
३. एजेन्सी दिने फर्मको ठेगाना :-
४. एजेन्सी पाउनेको नाम (नेपालीमा) :-
५. एजेन्सी पाउनेको नाम (अंग्रेजी अक्षरमा) :-
६. एजेन्सी पाउनको ठेगाना (व्लक न. टेलिफोन नं. सहित) :-
७. एजेन्सी पाएको मुख्य माल वस्तुको नाम :-
८. एजेन्सी पाएको इलाका :-
९ एजेन्ट वा एजेन्सीको धनी/धनीहरुको नाम :-

निवेदक,
लेखात्मक सही :-
रेखात्मक सही :-
दा. बा.

# कबुलियतनामा

लिखितम ......

आगे तपसिल बमोजिम एजेन्सी पाएकोले रजिष्टर गर्नाको निमित्त विवरण खुलाई यस विभागमा दरखास्त दिएको सो एजेन्सीको रजिष्टर गर्ने ऐन, नियम बमोजिम नियम पालन गर्ने सो पालन गर्ने कुरामा कबुलियत समेत गर्न तपाईको मन्जुर छ/छैन भनि यस विषयमा वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागबाट सोधनी गर्दा मेरो चित्त बुझ्यो । यसमा ऐन, रुल, नियम अनुसार तपसिलमा लेखिए वमोजिम नियम पालन गर्न मन्जुर छ, पालन गर्नेछु । कथम् कदाचित् ऐन नियम पालन नगरी उलङ्घन गरेमा ऐन नियम पालन नगरेको ठहरी सजाय पाउने भएकोमा पछि कुनै कुराको उजूर गर्ने छैन भनि मनोमान खुशी राजीसंग कबुलियतनामा लेखि नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा चढाए ।

१. एजेन्सी दिने कम्पनीको नाम .......................

२. एजेन्सी पाएको मालको छोटकरी विवरण ............................

३. एजेन्सीको इलाका ............................

पालन गर्नुपर्ने नियमहरु :-

(क) जून सालमा सो एजेन्सी रजिष्टर गरिएको हो सो सालको चैत्र मसान्तमा मात्र रजिष्टर बहाल रहने हुनाले अवधी समाप्त हुनु भन्दा अगाडी ऐन नियम वमोजिम दस्तुर तिरी पुनः नविकरण गराउनु पर्ने छ

(ख) आफुले गरेको कारवाहीको फांटवारी अनुसूची २ वमोजिम फर्ममा भरि प्रत्येक ३/३ (तीन/तीन) महिनामा यस विभागमा पेश गनु पर्ने छ ।

(ग) यस सम्बन्धी नियमको कुनै कुरा उल्लंघन गरेमा, पेश गरेको फांटवारीमा कुनै कुरा झुट्टा लेखेमा कानून बमोजिम सजाय हुनेछ ।

(घ) यस विषय ०१४।१२।२३ मा नेपाल राजपत्रमा प्रकाशित एजेन्सी रजिष्ट्रेशन ऐनमा उल्लेखित कुराहरु प्रतिपालन गर्नु पर्ने छ । साथै यस सम्बन्धी अरु कुरा नियम निस्केमा सो समेत पालना गर्न तयार हुनु पर्नेछ ।

(ङ) माल बिक्री गर्दा आफुले पाएको कमिशन रिवेट र नेपाल सरकारबाट तोकिए दिए भन्दा बड्ता मुनाफा नलिई बिक्री गर्नु पर्नेछ ।

इति सम्वत २०७ ........साल ............. महिना .............. गते रोज ........... शुभम्

अनुसुची - ४.१२

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग

ए.र.नं.

## एजेन्सी दर्ताको प्रमाण-पत्र

नेपाल सरकार, ............................................... मा .................................. नं. मा दर्ता भएको .......................................... स्थित .......................................... नामको प्राइभेट फर्म/साझेदारी फर्म/प्रा.लि./कं. लाई ................................... ईलाकाको लागि .................. .............................. स्थित .. ............................................... को ................................ .................................................... सामानहरु विक्री वितरण गर्न एजेन्ट भई काम गर्न सम्वत २०५ .......... साल .................. महिना ................गते ................. रोजमा नेपाल एजेन्सी, २०१४ बमोजिम दर्ता गरी यो प्रमाणपत्र दिईएको छ ।

.........................

नि. महानिर्देशक

अनुसूची - ४.१३

४.२०.१३

न नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग

## एजेन्सी दर्ता किताब

| एजेन्सी र जिष्टर | | फर्मको नाम र ठेगाना | फर्म वा कम्पनीको रजिष्टर नं. मिति | एजेन्सी दिने कम्पनीको नाम | मालको विवरण | इलाका | दस्तुर | धरौटी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| नं. | मिति | | | | | | | | |
| | | | | | | | | | |

# खण्ड - ५
# प्रतितपत्रको विवरण

५.१ प्रतितपत्रको विवरण पठाउने
५.२ मन्त्रालयको निर्देशन
५.३ प्रतितपत्रको विवरण पठाउने माध्यम
५.४ प्रतितपत्रमा संशोधनको व्यवस्था

खण्ड - ५

# प्रतितपत्रको विवरण

## ५.१ प्रतितपत्र (L/C) को विवरण पठाउने व्यवस्था

नेपाल-भारत पारवहन सन्धी अनुसार नेपालमा कलकत्ता भएर आयात गरिने वस्तुहरु प्रतितपत्र अनुरुप आयात भए नभएको कलकत्ता भंसारले भिडान गरी हेर्न सक्ने व्यवस्था भएकोले कलकत्ता भएर तेश्रो मुलुकबाट आयातको लागि विभिन्न वाणिज्य बैंकहरुमा खोलिने प्रतितपत्रको विवरण नेपाल राष्ट्र बैंक मार्फत संकलन गरी स्टेटमेन्ट तयार गरी इलेक्ट्रोनिक माध्यम बाट नेपाल राष्ट्र बैंकले वाणिज्य विभागमा पठाउँदै आएको र सोही अनुरुप वाणिज्य विभागले नेपाली महावाणिज्य दूतावास कलकत्ता मार्फत कलकत्ता भंसार लाई उपलव्ध गराउँदै आएको छ । नेपाल राष्ट्र बैंक बाट प्राप्त हुने यस बिवरण वाणिज्य विभागले यथाशिघ्र इलेक्ट्रोनिक मेडीयाबाट कलकत्ता पठाउने गरेको छ ।

## ५.२ मन्त्रालयको निर्देशन :

नेपाल तथा भारत वीचको पारवहन सन्धी गत जनवरी ५, १९९९ मा हस्ताक्षर सम्पन्न भएको सिलसिलामा पार वहन सन्धी लगायत त्यसको प्रोटोकल तथा मेमोरेण्डममा भएको व्यवस्थालाई प्रभावकारी तवरले कार्यान्वयन गराउने सम्बन्धमा तत्कालिन वाणिज्य मन्त्रालयमा मिति २०५५।९।२९ का दिन बसेको बैठकबाट भएका निर्णयहरु मध्ये देहायका निर्णय यस विभागबाट कार्यान्वयन भैरहेका छन् :

(क) नेपाल भारत पारवहन सन्धीको मेमोरेण्डमको दफा ३ अनुसार नेपालमा कलकत्ता भएर आयात गरिने वस्तुहरु प्रतितपत्र अनुरुप आयात भए नभएको कलकत्ता भन्सारले भिडाई हेर्न सक्ने व्यवस्था भएकोले कलकत्ता भएर तेश्रो मुलुकबाट आयातको लागि तथा तेश्रो मुलुकमा निर्यातको लागि खोलिने प्रतितपत्रको विवरण कलकत्ता भन्सारलाई समयमै उपलव्ध गराउने व्यवस्था भएको ले नेपाल राष्ट्र बैंकले सवै वाणिज्य बैंकहरुबाट खुलेका L/C को विवरणहरु लिई यस्ता विवरण साप्ताहिक रुपमा वाणिज्य विभागलाई उपलव्ध गराउने र प्राप्त Statement वाणिज्य विभागले कलकत्ता भन्सारमा जानकारी दिने व्यवस्था गर्ने ।

(ख) प्रतितपत्र खोलिए पछि नेपालबाट निर्यात गरिने तथा नेपाल भित्र आयात गरिने वस्तुहरु नियमित Monitoring गर्ने व्यवस्था वाणिज्य विभागले गर्ने ।

अतः उपरोक्त वमोजिम नेपाल राष्ट्र बैंकसंग आयात तथा निर्यातका लागि खोलिएका एल.सी. को विवरण प्राप्त गरी सो विवरण नियमित रुपमा कलकत्ता भन्सारलाई जानकारी गराउने व्यवस्था मिलाउने तथा प्रतितपत्र खोलिए वमोजिमका वस्तुहरु आयात निर्यात भए नभएको Monitoring कार्य समेत नियमित रुपमा गर्ने ।

## ५.३ प्रतितपत्रको विवरण पठाउने माध्यम :

नेपाल राष्ट्र बैंकबाट प्राप्त हुने प्रतितपत्रको विवरण वाणिज्य विभागले E-mail बाट नेपाली महावाणिज्य दुतावास कोलकाता पठाउने गर्दछ ।

**५.४ संशोधन :**

नेपाल राष्ट्र बैंक बाट प्राप्त प्रतितपत्रको विवरणमा केही संशोधन गर्न आवश्यक भएमा नेपाल राष्ट्र बैंकको सिफारिशमा वाणिज्य विभागले संशोधन गरी पठाई दिनेछ ।

खण्ड - ६

# छाला, उनी गलैंचा तथा उत्पत्तिको प्रमाणपत्र सम्वन्धी अनुगमन

६.१ अनुगमन व्यवस्था
६.२ छाला निकासीको अनुगमन
६.३ गलैंचा निकासीको अनुगमन
६.४ उत्पत्तिको प्रमाणपत्रको अनुगमन ।

### ६.१ छालाको निकासी व्यवस्था :

नेपाल सरकारले निकासी पैठारी नियन्त्रण ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग नेपाल राज्यबाट विदेशमा छाला निर्यात गर्ने सम्बन्धमा मिति २०६०।३।२६ गते नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार देहाय वमोजिमको व्यवस्था भएको छ।

(१) छाला निर्यातकर्ताले एक आर्थिक वर्षमा निकासी गर्ने कुलवेट व्लु (Wet Blue) छाला निकासी परिमाणको न्यूनतम ३० प्रतिशत क्रष्ट वा पूर्ण प्रशोधित छाला वा छालाका वस्तु सोही आर्थिक वर्षमा निकासी गर्नुपर्नेछ ।

(२) निकासी भएको वा स्थानीय स्तरमा विक्री भएको छालाका वस्तुको परिमाण उद्योग विभागले गणना गरेवमोजिम हुनेछ । पूर्ण प्रशोधित छाला र छालाका वस्तुहरु स्थानीय स्तरमा विक्री भएमा सो विक्री परिमाणलाई पनि विदेश निकासी भए सरह मानी गणना गरिनेछ । स्थानीय स्तरमा विक्री भएको परिमाणलाई मूल्य अभिवृद्धि कर कार्यालयले प्रमाणित गरेका बिक्री परिमाणको आधारमा गणना गरिनेछ ।

(३) आ.व. २०६०।०६१ देखि खोलिएका नयाँ उद्योगको हकमा त्यस्तो उद्योगले जुनसुकै समयमा उत्पादन प्रारम्भ गरी निकासी गरेको भएता पनि सोही आर्थिक वर्षको अन्त्यसम्ममा निकासी भएको कुल वेट व्लु छालाको परिमाणमा न्यूनतम ३० प्रतिशत क्रष्ट वा पूर्ण प्रशोधित छाला वा छालाका वस्तु निकासी गरेको हुनुपर्नेछ ।

(४) कुल वेट व्लु छाला निकासी परिमाणको न्यूनतम ३० प्रतिशत क्रष्ट वा पूर्ण प्रशोधित छाला वा छालाका वस्तु निकासी नगर्ने उद्योगलाइ वेट व्लु छाला निकासी गर्न दिइने छैन । तर क्रष्ट वा पूर्ण प्रशोधित छाला वा छालाका वस्तु निकासी गर्न भने उल्लेखित अनुपातको वन्देजलागू हुने छैन ।

(५) उपरोक्त व्यवस्थाको नियमित अनुगमन वाणिज्य विभागले गर्नेछ ।

### ६.२ छाला निकाशीको अनुगमन :

नेपालबाट समुद्रपारका मुलुकहरुमा निर्यात हुने छालाहरु मध्ये क्रष्ट तथा फिनिष्ड छालाको निर्यात नगण्य हुने गरेकोले वेटव्लु छालाको निकाशीमा क्रमशः घटाउदै लगी १० वर्ष भित्र क्रष्ट तथा फिनिष्ड छालाको निकासीमा वृद्धि गर्दै गई उक्त अवधि पछि वेट व्लु छाला निकासीमा पूरा प्रतिवन्ध लगाउने र प्रत्येक वर्ष तोकिए वमोजिम छाला निकासी नगर्ने निर्यातकर्तालाई अर्को वर्ष देखि छाला निकासी गर्न नदिने भन्ने नेपाल सरकारको निर्णय वमोजिम सोको अनुगमनको लागि वाणिज्य कार्यालयको प्रमुखहरुको संयोजकत्वमा (वाणिज्य कार्यालय नभएको जिल्लामा भंसार कार्यालयको प्रमुखको संयोजकत्वमा) गठीत समितिले सम्वन्धित भंसार कार्यालय एवं उद्योग वाणिज्य महासंघको प्रतिनिधि संग समन्वय गरी अनुगमन गरी विभागमा पठाउने प्रगति विवरणका आधारमा निर्धारित प्रतिशतमा निर्यात भए नभएको नियमित अनुगमन गरी उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा प्रगति प्रतिवेदन पेश गर्ने गर्दछ ।

### ६.३ गलैंचा निकासीको अनुगमन :

नेपालबाट समुद्रपारका देशहरुमा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको सिफारिशमा जि.एस.पी. प्रमाणित हुने व्यवस्था छ । यस सम्बन्धमा विभिन्न भंसार नाकाहरुबाट निर्यात हुने ऊनी गलैंचा के कति निकासी भइरहेको छ यसमा कुनै अवरोध वा समस्या परेको छ छैन भन्ने वारेमा समेत वाणिज्य विभागले नियमित

अनुगमन गरी सोको प्रतिवेदन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पेश गर्ने गर्दछ ।

**६.४ उत्पत्तिको प्रमाणपत्रको अनुगमन :**

नेपालबाट तेश्रो मुलुकमा निकासी हुने सवै वस्तुहरु निकासी हुनु पूर्व नेपाल चेम्वर अफ कमर्स तथा जिल्ला बाट उत्पत्तिको प्रमाणपत्र जारी गर्ने गरिन्छ । यसरी तेश्रो देशमा निकासी हुने वस्तुहरु मध्ये प्रमुख वस्तुहरु जस्तै ऊनी गलैंचा तयारी पोशाक, छाला, हस्तकलाका सामान आदि कुन कुन वस्तुहरु के कति परिमाणमा निकासी भए नियमित अनुगमन गरी सोको प्रतिवेदन मासिक रुपमा वाणिज्य मन्त्रालयमा पठाउने गरिन्छ ।

खण्ड - ७

# बजार तथा मूल्य अनुगमन र आपूर्ति व्यवस्था

७.१ उपभोक्ताहित सम्बन्धी कार्य

७.२ अत्यावश्यक वस्तुहरुको विवरण

७.३ मूल्यसूचीको ढाँचा

७.४ उत्पादनको लेबलमा खुलाउनु पर्ने कुराहरु

७.५ निरीक्षण अधिकृत

७.६ निरीक्षण अधिकृतका प्रमुख कार्यहरु

- क. प्रशासनिक कार्य : अनुगमन
- ख. न्यायिक कार्य

७.७ उपभोक्ता हित सम्बन्धी विभागका प्रमुख कार्यहरु

- क. मूल्य सुची संकलन तथा विश्लेषण
- ख. समन्वय गर्ने ।

७.८ सुपथ मूल्य पसल दर्ता, नविकरण तथा अनुगमन ।

खण्ड - ७

# बजार तथा मूल्य अनुगमन र आपूर्ति व्यवस्था

साविकमा छुट्टा छुट्टै रहेका उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयहरु एकीकृत भएपछि नेपाल सरकारको मिति २०५७।३।२६ गतेको निर्णयानुसार संगठन तालिकामा हरफेर गरिंदाका वखत थपिन आएका निम्न काम समेत यस विभागबाट सम्पादन भैरहेका छन् ।

(क) नियमित रुपमा वजारबाट अत्यावश्यक बस्तुको मूल्यसूची संकलन गर्ने ।
(ख) मूल्यसूचि अद्यावधिक (भारत तथा अन्तराष्ट्रिय वजार समेतको) गर्ने ।
(ग) अत्यावश्यक वस्तुको नियमित रुपमा आपूर्ति भए नभएको अनुगमन गरी सम्बन्धित निकायलाई जानकारी दिने।
(घ) उपभोक्ताको हकहितको संरक्षणका लागि वजार अनुगमन गर्ने ।
(ङ) उपभोक्ता संरक्षण परिषदको सचिवालयको काम गर्ने ।
(च) केन्द्रीय अनुगमन समितिको सचिवालयको काम गर्ने ।
(छ) उपभोक्ता संरक्षण ऐन वमोजिम निरीक्षण अधिकृतहरुको कार्यान्वयन स्तरमा सम्पर्क (Focal Point) को काम गर्ने ।
(ज) सुपथमूल्य पसल दर्ता, नविकरण र अनुगमन गर्ने ।

**७.१ उपभोक्ता हित सम्बन्धी कार्य :**

(१) उपभोक्ताको अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्न सहयोग पुऱ्याउने ।
(२) नियमित बजार अनुगमन गरी उपभोग्य वस्तु वा सेवाको आपूर्ति व्यवस्थापनमा सहयोग पुऱ्याउने ।
(३) उपभोक्तालाई उचित मूल्यमा गुणस्तरीय वस्तु उपलव्ध गराउन विक्रेताले विक्रि वितरण गर्ने प्रत्येक उपभोग्य वस्तुको मूल्य सूची विक्री स्थलमा राख्न लगाउने ।
(४) उपभोक्ता शिक्षालाई पाठ्यक्रममा समावेश गराउन पहल गर्ने र उपभोक्ता शिक्षाबारे चेतना जगाउने ।
(५) विक्री वितरण प्रणाली नियमित गरी अत्यावश्यक वस्तु सुपथ मूल्यमा उपलव्ध गराउन सहयोग गर्ने ।

**७.२ अत्यावश्यक वस्तुहरुको विवरण :**

नेपाल सरकारले कालो बजार तथा केही सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को दफा ३ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी निम्न वमोजिमका २९ वटा वस्तुहरुको मूल्यसुची प्रत्येक थोक तथा खुद्रा विक्रेताले सबैले देखिने गरी विक्री स्थलमा टाास्नु पर्ने कानूनी व्यवस्था गरेको छ ।

१. चामल :
   (क) मसिनो (पोखरेली र मन्सुली समेत)
   (ख) मोटा (मोटा तथा उसिना समेत)
२. मकै
३. चिउरा
४. गहुँ, मैदा र पिठो
५. दाल

(क) रहर
(ख) मास

६. नून
७. चिनी
८. चिया
९. खानेतेल
(क) तोरीको तेल
(ख) भटमासको तेल
१०. घ्यू (वनस्पति घ्यू समेत)
११. दुध (वेवीफुड तथा पाउडर दूध समेत)
१२. तरकारी (आलु, प्याज, गोलभेडा )
१३. मासु (सबै प्रकारको मासु तथा माछा)
१४. फलफूल (मौसम, केरा, स्याउ, सुन्तला)
१५. मसला (जिरा, मरिच, अदुवा, लसुन, धनियाा र खुर्सानी) अन्य आवश्यकीय पदार्थ
१६. औषधि
१७. मोटा बानाको कपडा (४० काउण्ट सम्मको धोती साडी समेत)
१८. साबुन
(क) कपडा धुने
(ख) नुहाउने
१९. मट्टितेल, डिजेल, पेट्रोल र हवाई इन्धन समेत
२०. मल
२१. (क) दाउरा (ख) कोइला

**निर्माण सामाग्री**

२२. सिमेन्ट
२३. फलामे छड
२४. कर्कटपाता
२५. जि.आइ.पाइप तथा पोलिथिन पाइप
२६. ईट
२७. काठ

**शैक्षिक सामाग्री**

२८. लेख्ने र छाप्ने कागज, कापी, कलम, मसी, सिसाकलम
२९. न्यूज प्रिन्ट

**७.३ मूल्यसूचीको ढाँचा :**

विक्रताले उपभोग्य वस्तु विक्री गर्दा प्रत्येक उपभोग्य वस्तुको थोक र खुद्रा मूल्य स्पष्ट देखिने गरी उपभाक्तासंरक्षण नियमावली २०५६ को अनुसूची १ वमोजिम निम्न वमोजिमको ढाँचामा मूल्यसूची राख्नु पर्नेछ ।

## मूल्य सूँचीको ढाँचा

श्री ........................... ( विक्रेताको नाम )

मूल्य सूची

| क.संख्या | उपभोग्य वस्तुको नाम | परिमाण (प्रति के.जी.) इकाइ | थोक/खुद्रा (रु.पै.) |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |

### ७.४ उत्पादनको लेवलमा खुलाउनु पर्ने कुराहरु :

उपभोक्ता संरक्षण ऐन २०५४ को दफा ९ वमोजिम उत्पादकले उपभोग्य वस्तुको लेवलमा देहायका कुराहरु अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

(क) उत्पादकको नाम, ठेगाना र उद्योगको दर्ता नम्बर ।
(ख) खाद्य पदार्थ र औषधि जस्ता उपभोग्य वस्तुमा उक्त वस्तुको मिश्रण, त्यसको परिमाण र तौल ।
(ग) गुणस्तर निर्धारण भएको उपभोग्य वस्तुमा सो वस्तुको गुणस्तर ।
(घ) उपभोग्य वस्तु उपभोग गर्ने तरिका र सो वस्तुको उपभोग गरेबाट हुन सक्ने प्रभाव ।
(ङ) उपभोग्य वस्तुको मूल्य र व्याच नम्बर, उत्पादन मिति र उपभोगको म्याद सकिने मिति ।
(च) इलेक्ट्रोनिक, हार्डवेयर तथा यान्त्रिक जस्ता उपभोग्य वस्तुमा सो वस्तुको ग्यारेन्टी तथा अन्य आवश्यक कुराहरु।
(छ) प्रज्वलनशील, दुर्घटनाजन्य वा सजिलैसँग टुटफुट हुन सक्ने उपभोग्य वस्तुको हकमा सुरक्षाको लागि अपनाउनु पर्ने कुराहरु ।
(ज) तोकिए वमोजिमका अन्य वस्तुहरु ।

### ७.५ निरीक्षण अधिकृत :

उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा १४ अनुसार २०५७/४/२३ को राजपत्रमा प्रकाशित सूचना अनुसार नेपाल सरकारले निम्न पदाधिकारीहरुलाई निरीक्षण अधिकृतको कार्य गर्न तोकेको छ :

| क.सं. | जिल्ला | तोकिएका पदाधिकारीहरु |
|---|---|---|
| १. | मोरङ, पर्सा, रुपन्देही, बाके | वाणिज्य कार्यालयका कार्यालय प्रमुख |

| | | |
|---|---|---|
| २. | धनुषा, कास्की, काठमाडौं, कैलाली | गुणस्तर तथा नापतौल कार्यालयका कार्यालय प्रमुख |
| ३. | झापा, सुनसरी, सप्तरी, सिराहा, महोत्तरी, सर्लाही, काभ्रे, भक्तपुर, ललितपुर, चितवन, मकवानपुर, बारा, रौतहट, नवलपरासी, कपिलवस्तु, पाल्पा, दाङ, बर्दिया, कन्चनपुर | घरेलु तथा साना उद्योग कार्यालयका कार्यालय प्रमुख |
| ४. | ताप्लेजुङ, पााचथर, इलाम, संखुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, उदयपुर, खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु, दोलखा, रामेछाप, सिन्धुली, रसुवा, सिन्धुपाल्चोक, धादिङ, नुवाकोट, तनहूा, लमजुङ, गोर्खा, मनाङ, स्याङ्जा, गुल्मी, अर्घाखाँची, पर्वत, म्याग्दी, मुस्ताङ, बाग्लुङ, रुकुम, सल्यान,, प्यूठान, रोल्पा, सुर्खेत, दैलेख, जाजरकोट, हुम्ला, कालीकोट, मुगु, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, डोटी, अछाम, दार्चुला, बैतडी, डडेलधुरा । | जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी वा प्रशासकीय अधिकृत । |

## ७.६ निरीक्षण अधिकृतका प्रमुख कार्यहरु :

**(क) प्रशासनिक र अनुगमन सम्बन्धी :**

(१) मूल्यसूची राख्ने :– उपभोक्ता संरक्षण ऐन २०५४ को दफा १२ अनुसार पसल तथा विक्रीस्थलमा अनुसूची १ अनुसारको मूल्यसूची अनिवार्य रुपमा राख्न लगाउने ।

(२) मूल्यसूची नराख्ने पसललाई सात दिन भित्र मूल्यसूची राख्न समय दिने ।

(३) मासिक रुपमा २९ वटा अत्यावश्यक वस्तुहरुको मूल्य संकलन गर्ने । महत्वपूर्ण र आवश्यक अन्य वस्तुको पनि मूल्यसूची संकलन गर्ने ।

(४) सीमावर्ती जिल्लाका निरीक्षण अधिकृतहरुले छिमेकी मुलुकका सीमावर्ती क्षेत्रका वजारको तोकिएका २९ वटा अत्यावश्यक वस्तुहरुको मूल्य संकलन गर्ने ।

(५) मूल्य विश्लेषण गर्ने :– सीमावर्ती स्थानीय वजारको मूल्यका साथै नेपाली वजारको मूल्यको विश्लेषण गर्ने।

(६) प्रगति पठाउने :– विश्लेषित मूल्य वाणिज्य विभाग र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा एक एक प्रति मासिक रुपमा पठाउने ।

(७) औद्योगिक लागत अनुगमन :– आफ्नो क्षेत्रभित्रका उद्योगहरुबाट उत्पादन हुने वस्तुहरुको उत्पादन लागत अनुगमन गर्ने र सोको विवरण केन्द्रमा पठाउने ।

(८) लागत विश्लेषण गर्ने :– औद्योगिक वस्तुहरुको लागत अनुगमन पश्चात् लागत विश्लेषण गर्ने र सोको नतिजा केन्द्रमा पठाउने ।

(९) औद्योगिक उत्पादन अनुगमन :– उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा ९ अनुसार औद्योगिक वस्तुको उत्पादनमा नाम, ठेगाना, उत्पादन मिति, उपभोग्य मिति, उद्योगको दर्ता नम्बर, वस्तुको मिश्रण, परिमाण, तौल, गुणस्तर, प्रयोग गर्ने तरिका र असर, मूल्य, ग्यारेन्टी, पूर्व सावधानी जस्ता कुराहरु अनिवार्य रुपमा खुलाउन लगाउने ।

(१०) अन्तर्क्रिया गर्ने :– वस्तु उत्पादन गर्ने, विक्री गर्ने, उपभोग गर्ने व्यक्ति तथा संस्था एवं विभिन्न

प्रशासनिक निकायहरु वीच उपभोक्ता हक हित, उद्योगीका काम कर्तव्य, उपभोक्ताका काम कर्तव्य, विक्रेताका काम कर्तव्य, उपभोक्ता संस्था तथा सार्वजनिक तथा सरकारी निकायहरुका काम कर्तव्य आदि वारेमा समय समयमा अन्तर्क्रिया गरी राय संकलन गर्ने र सो राय कार्यान्वयन गर्ने गराउने ।

(११) समन्वय गर्ने :– उपभोक्ता हक हित कायम राख्ने वारे विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, व्यक्तिहरु, पत्रकारहरु बीच समन्वयको काम गर्ने ।

(१२) सहयोग लिने :– बजार अनुगमन, मूल्य संकलन, उद्योग अनुगमन जस्ता कार्यमा आवश्यकतानुसार स्थानीय प्रशासन, प्रहरी, उद्योग वाणिज्य संघ, सार्वजनिक संस्थान, उपभोक्ता संस्था, बुद्धिजिवी आदिसँग पनि सहयोग लिन सकिनेछ ।

(१३) जानकारी गराउने :– मूल्यसूची, मूल्य संकलन, मूल्य स्थिति, उत्पादन, आपूर्ति, स्थिति आदि बारे उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, सम्बन्धित तालुक मन्त्रालय वा विभाग र स्थानीय प्रशासन आदिलाई समय समयमा जानकारी दिने एवं प्रगति विवरण नियमित रुपमा केन्द्रमा पठाउने ।

**(ख) न्यायिक कार्य :**

(१) उपभोक्ता संरक्षण ऐन, २०५४ अनुसार नियुक्त निरीक्षण अधिकृतले बजार तथा आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाई उपभोक्तालाई स्तरयुक्त उपभोग्य वस्तु वा सेवा उपलब्ध गराउने कार्यमा दत्तचित्त रहनु पर्ने हुन्छ ।

(२) निरीक्षण गर्ने :– उपभोक्ता संरक्षण ऐन, २०५४ र नियमावली २०५६ प्रतिकूल उत्पादन तथा विक्री वितरण सम्बन्धी कार्य भैरहेको छ वा हुंदैछ भन्ने लागेमा निरीक्षण, जाँचवुझ वा खानतलासी लिने ।

(३) अनुसन्धान अधिकारी :– ऐनको व्यवस्था अनुसार नियुक्त निरीक्षण अधिकृतबाट अनुसन्धान समेतको कार्य गर्नुपर्ने भएकोले निजले अनुसन्धान अधिकारीको भूमिका समेत निर्वाह गर्नु पर्दछ ।

(४) नमूना संकलन र परीक्षण :– कमसल मालवस्तु वा गुणस्तरहीन वस्तु विक्री वितरण भैरहेको आशंका भएमा सो वस्तुको नमूना लिई परीक्षण गर्न प्रयोगशालामा पठाउने ।

(५) रोक्का गर्न सकिने :– प्रयोगशालाबाट परीक्षण भै सो को नतिजा नआएसम्म वस्तु वा सेवाको उत्पादन तथा विक्री वितरणमा रोक लगाउन सकिने हुँदाकेशको प्रकृति हेरी उपयुक्त निर्णय गर्ने ।

(६) आदेश दिने :– निरीक्षणको सिलसिलामा उत्पादक वा वितरक वा सेवा प्रदायकलाई तत्काल कुनै आदेश दिन उपयुक्त भएमा सो आदेश दिने ।

(७) उजूरी लिने :– उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम २२ वमोजिम विधिपूर्वकको उजूरी पर्न आएमा उजूरी लिने ।

(८) उजूरी किताव राख्ने :– उजूरी गर्न आएका विषय उपर क्रमवद्ध र अद्यावधिक रहने गरी उजूरी किताव राख्ने।

(९) सरकारी वकिलको राय सल्लाह लिने :– त्यसरी पर्न आएको उजूरी विषयमा अग्रिम कारवाही गर्न सरकारी वकिलसंग सल्लाह गर्ने ।

(१०) खानतलासी लिने :– उपभोक्ता संरक्षण नियमावली ०५६ को नियम २३ अनुसारको खानतलासी लिंदा निम्न प्रक्रिया पुऱ्याई खानतलासी लिने :

(क) खानतलासी गर्नु पर्ने कारण सहितको पर्चा खडा गर्ने ।
(ख) आफ्नो परिचयपत्र साथमा राख्ने ।
(ग) सम्बन्धित व्यक्तिलाई जानकारी दिने ।
(घ) खानतलासी सम्भव भएसम्म सूर्योदयदेखि सूर्यास्तसम्म गर्ने ।
(ङ) कुनै व्यक्तिलाई साक्षी राख्ने ।
(च) खानतलासी गर्दा कुनै प्रकारको नोक्सानी हुन नदिने ।

(११) वस्तु रोक्का राख्ने :– विशेष परिस्थितिमा वस्तु रोक्का राख्न आवश्यक देखिएमा वा नमूना परीक्षण भै नआएसम्म रोक्का राख्न सक्ने हुँदाकेशको प्रकृति हेरी आवश्यक कार्य गर्ने ।

(१२) जम्मा लिने :– निरीक्षण अधिकृतले शंका लागेको खास वस्तुलाई सम्बनिधत व्यक्तिले जिम्मा लिनु पर्नेछ । त्यसरी जिम्मा लिंदा सोको एक एक प्रति भर्पाई निरीक्षण अधिकृत र सम्बन्धित व्यक्तिले लिनु दिनु पर्नेछ ।

(१३) जवाफदेही नहुने :– रोक्का राखेको वस्तुमा केही हानी नोक्सानी भएमा सोको जवाफदेही निरीक्षण अधिकृत हुने छैन । तथापी निरीक्षण अधिकृतले हानी नोक्सानी नपुग्ने व्यवस्थामा ध्यान दिनु पर्छ ।

(१४) कव्जा गर्ने :– रोक्का राखेको वस्तु सम्बनिधत व्यक्तिले जिम्मा लिन नमानेमा निरीक्षण अधिकृतले भर्पाई दिई त्यस्ता वस्तु आफ्नो जिम्मा लिनेछ ।

(१५) परीक्षणार्थ वस्तु प्रयोगशालामा पठाउने :– रोक्का गरिएको वस्तु परीक्षणको लागि प्रयोगशालामा पठाउनु पर्नेछ । त्यसको एकप्रति (केहि परिमाणमा) नमूना सम्बन्धित व्यक्तिलाई आवश्यक प्रमाण सहित र एकप्रति कार्यालयमा राख्नुपर्नेछ ।

(१६) मूल्य दिने :– सामान्यतः परीक्षणको लागि लिइएका नमूनाहरुको मूल्य सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ ।

(१७) पुनः परीक्षण हुन सक्ने :– एक पटक परीक्षण भैसकेको वस्तु सम्बन्धि माल धनीले पुनः परीक्षण गराउन चाहेमा पुनः परीक्षण गर्न सकिनेछ ।

(१८) खर्च व्यहोर्ने :– पुनः परीक्षणको खर्च सम्बन्ध्ति धनीले नै व्यहोर्नु पर्नेछ ।

(१९) फुकुवा गर्ने :– रोक्का गरिएको सामान परीक्षण वा विश्लेषण गर्दा असरयुक्त गुणहरु र जनसुर क्षित छ भन्ने भएमा त्यस्तो वस्तु फुकुवा दिनु पर्नेछ ।

(२०) वयान गराउनु पर्ने :– उपरोक्त सम्बन्धमा कुनै व्यक्तिलाई आवश्यक परे वयान गराउनु पर्नेछ ।

(२१) साक्षी बुझ्नु पर्ने :– राखिएका साक्षीलाई आवश्यक परे झिकाई बुझ्नु पर्ने छ ।

(२२) मिसिल तयार गर्ने :– उजुरी देखि वयान सम्मका आवशयक सम्पूर्ण कागजात सहितको मिसिल तयार गर्नुपर्नेछ ।

(२३) प्रतिवेदन तयार गरी मन्त्रालयमा पठाउने :– अनुसन्धान कार्य सम्पन्न भैसकेपछि आफ्नो प्रतिवेदन मुद्दा चलाउने वा नचलाउने राय सहित स्वीकृतिको लागि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पठाउनु पर्नेछ साथै काम कारवाहीको जानकारी वाणिज्य विभागलाई पनि पठाउनु पर्नेछ ।

(२४) सरकारी वकिल कहाँ मिसिल पठाउने :– मुद्दा चलाउने स्वीकृति प्राप्त भएपछि मुद्दा चलाउने कारवाहीको निमित्त सम्पूर्ण मिसिल जिल्ला सरकारी वकिलकहाँ पठाउनु पर्छ ।

(२५) मुद्दाको रेकर्ड राख्ने :– उपभोक्ता संरक्षण ऐन, २०५४ अन्तर्गत चलेका सम्पूर्ण मुद्दाहरुको रेकर्ड अद्यावधिक राख्नु पर्नेछ ।

## ७.७ उपभोक्ता हित सम्बन्धी विभागका प्रमुख कार्यहरु :

**(क) मूल्य संकलन तथा विश्लेषण**

१. मूल्य संकलन :– मासिक रुपमा नेपालका विभिन्न प्रमुख वजारहरुको अत्यावश्यक वस्तुहरुको मूल्य निरीक्षण अधिकृत वा जिल्ला अनुगमन समिति वा जिल्ला उद्योग वाणिज्य संघ वा अन्य श्रोतबाट प्राप्त गर्ने व्यवस्था गर्ने।

२. अन्तर्राष्ट्रिय बजारको मूल्य संकलन

(अ) निरीक्षण अधिकृत र जिल्ला अनुगमन समिति वा अन्य निकाय मार्फत सीमावर्ती वजार को मूल्य संकलन गर्ने ।

(आ) अन्तर्राष्ट्रिय मूल्य संकलन : विभिन्न सरकारी तथा अन्य माध्यमबाट अत्यावश्यक वस्तुहरुको अन्तर्राष्ट्रिय वजारको मासिक मूल्य स्थिति संकलन गर्ने व्यवस्था गर्ने ।

३. मूल्य विश्लेषण :– विभिन्न श्रोतबाट प्राप्त राष्ट्रिय एवं अन्तर्राष्ट्रिय मूल्यको विश्लेषण अध्ययन गर्ने ।

४. निर्देशन :– मूल्य संकलन र मूल्य स्थिति सम्बन्धमा परेका समस्या र नीतिगत विषय उपर निरीक्षण अधिकृतहरु एवं जिल्ला अनुगमन समितिहरुलाई मार्गदर्शन गर्ने ।

५. समन्वय गर्ने:– मूल्य संकलन सम्बन्धी कार्य गर्ने विभिन्न निकायहरु बीच समन्वयात्मक कार्य गर्ने ।

**(ख) अनुगमन निरीक्षण**

१. उपत्यका अनुगमन :– काठमाडौं उपत्यका र आसपासका जिल्लाका प्रमुख वजारहरुमा सामानहरुको गुण, परिमाण, मूल्य तथा आपूर्तिको अनुगमन गर्ने ।

२. जिल्ला अनुगमन :– अत्यावश्यक वस्तुको गुण, परिमाण, मूल्य र आपूतिको सुव्यवस्थाका लागि विभागले जिल्लाका प्रमुख बजारहरुको अनुगमन गर्ने, गराउने ।

३. उद्योग अनुगमन :– औद्योगिक उत्पादनहरुमा ऐन नियम अनुसार खुलाउनु पर्ने कुराहरु तथा अन्य व्यवस्था वारे अनुगमन गर्ने, गराउने ।

४. लागत अनुगमन :– वस्तु तथा सेवाको उत्पादन खर्च र त्यसको बजार मूल्य स्थिति अध्ययन गर्ने, गराउने ।

५. आपूर्ति व्यवस्थापन :– अत्यावश्यक वस्तुहरुको आपूर्ति तथा मूल्य स्थिति नियमित गर्ने सम्बन्धमा नेपाल सरकारको केन्द्रीय निकायको कार्य गर्ने ।

६. तालुक कार्यालयको कार्य गर्ने :– मूल्य संकलन, विश्लेषण, आपूर्ति व्यवस्थापन, निरीक्षण तथा लागत अनुगमन सम्बन्धी परामर्श, निर्देशन एवं नियन्त्रण सम्बन्धी केन्द्रीय निकायको रुपमा समन्वयकर्ताको कार्य गर्ने ।

## ७.८ सुपथमूल्य पसल दर्ता, नविकरण तथा अनुगमन :

(क) नेपाल सरकारको निर्णय अनुसार सर्वसाधारण जनताहरुको लागि चाहिने दैनिक उपभोग्य अत्यावश्यक वस्तुहरु सुपथ, सुलभ र एकै थलोबाट विक्री वितरण गर्न लगाई न्यून आय भएका जनताहरुलाई सुविधा पुऱ्याउन सुपथ मूल्यका पसलहरुको लागि अत्यावश्यक वस्तुहरुको आपूर्ति सार्वजनिक संस्थानहरु बाट गराउने व्यवस्था भएकोले सुपथ मूल्य पसलको इजाजत दिईने व्यवस्था छ ।

(ख) काठमाडौं उपत्यकामा वाणिज्य विभाग र अन्य जिल्ला स्तरमा तोकिएको कार्यालयले सुपथ मूल्य

पसल संचालन गर्न कुनै व्यक्ति (विक्रेता) वा संस्थालाई इजाजत प्रमाणपत्र दिने व्यवस्था छ ।

(ग) विक्रेताको योग्यता तथा नियुक्ति :

(१) वाणिज्य विभाग वा सहकारी कार्यालय वा नेपाल सरकारले तोकेको निकायमा फर्म दर्ता गरेको पसल वा संस्था हुनु पर्ने ।

(२) विक्रेता बन्न चाहने व्यक्ति/फर्म/कम्पनी/संस्था उपर कुनै प्रकारको वात कसुर लागेको हुन नहुने ।

(३) विक्रेता बन्न चाहनेले कुन ठाउंमा काम गर्न चाहेको हो सो जिल्लामा रहेको केन्द्रीय उपभोक्ता सहकारी संस्था लि. वा खुद्रा व्यापारी संघ वा नेपाल मट्टितेल बिक्रेता संघ वा उद्योग वाणिज्य संघ (जिल्ला स्तरीय) वा गा.वि.स. मा (गा.वि.स.को) मध्ये कुनै एकको सिफारिस लिई वाणिज्य विभागमा र उपत्यका वाहिर भए तोकिएको निकायमा निवेदन दिनु पर्नेछ ।

(४) खण्ड (३) वमोजिम पर्न आएको सिफारीस सहितको दरखास्त उपर आवश्यक छानविन गरी उपत्यकामा उपभोक्ता हित संरक्षण शाखा र जिल्लामा वाणिज्य कार्यालय वा तोकिएको निकायले सुपथ मूल्य पसल छनौट गर्नेछ ।

(५) आवेदकको सिफारिस भई प्रकृयाबाट छनौट भएपछि सुपथमूल्य पसल खोल्ने व्यक्ति वा संस्थाले संलग्न नमूना वमोजिमका कवुलियतनामा भरी हस्ताक्षर गर्नु पर्नेछ र सो गरेपछि निजलाई सुपथ मूल्य पसलको इजाजत प्रमाण पत्र दिइने छ ।

(घ) विक्रेताको जिम्मेवारी तथा दायित्व :

(१) विक्रेताले "सुपथ मूल्य पसल" रातो साईनवोर्डमा सेतो अक्षरमा लेख्नु पर्नेछ ।

(२) सवैले देख्ने गरी पसलमा प्रत्येक खाद्यान्न वस्तुको विवरण सहित मूल्य सूचि, खुल्ला खाद्यान्न वस्तुमा मूल्य लेखेको साईनवोर्ड वस्तुमा नै गाडेर राख्नु पर्ने र पाकेट वा सामान रहेको वस्तुमा नै मूल्य टांस्नु पर्ने छ ।

(३) तोकिएको खुद्रा मूल्यमा गुणस्तरयुक्त र आवश्यक परिमाणको सामान सर्वसाधारण जनतालाई सुलभ तरिकाले विक्री वितरण गर्नु पर्ने छ ।

(४) विक्रेताले सामानको विक्री तथा स्टक खाताको अभिलेख अद्यावधिक राख्नु पर्नेछ ।

(५) विक्रेताले आर्थिक वर्ष शुरु हुन १ महिना अगाडिनै आउने आर्थिक वर्षको ३ महिनाको लागि आफूले विक्री गर्न सकिने परिमाणको विवरण काठमाडौं उपत्यकामा वाणिज्य विभाग र जिल्लामा तोकेको निकायमा पेश गर्नुपर्नेछ।

(६) विक्रेताले समय समयमा आफ्नो क्षेत्रमा रहेको घर परिवारको संख्या, वस्तुको आवश्यक परिमाणको अध्ययन गरी केन्द्रमा वाणिज्य विभाग र जिल्लामा तोकेको निकायमा सुझाव पेश गर्नु पर्नेछ ।

(७) विक्रेताले दैनिक ९ घण्टा भन्दा कम नहुने गरी पसल खोल्नुपर्नेछ ।

(८) विक्रेताले आफ्नो ठेगाना परिवर्तन गर्नु परेमा सुपथ मूल्यका पसलको सम्झौता अनुसार उपत्यकामा वाणिज्य विभागमा र जिल्लामा तोकेको निकायको स्वीकृति लिएर मात्र ठेगाना परिवर्तन गर्न पाइने छ ।

(९) खुद्रा विक्री गर्न दिएको सामानहरु अन्य पसलहरुमा विक्री वितरण गर्न पाईने छैन । साथै समय समयमा नेपाल सरकारको सम्वन्धित निकायले तोकेको परिमाण भन्दा बढी वस्तु उपभोक्तालाई विक्री गर्न पाईनेछैन ।

(१०) विक्रेताले राशन कार्डको व्यवस्था लागू नभएसम्म आफ्नो क्षेत्र भित्रका प्रत्येक उपभोक्ता

परिवारको लागि तोकिएको ढाँचामा उपभोक्ता दर्ता पुस्तक राखी प्रत्येक हप्ता विक्री गरेको वस्तुहरुको परिमाणको रेकर्ड उपभोक्ताको हस्ताक्षर सहित अनुसूची ६ अनुसार अनिवार्य रुपमा राख्नु पर्नेछ ।

(ङ) केन्द्र तथा जिल्लास्तरीय आपूर्ति तथा मूल्य अनुगमन घुम्ति टोलीको अधिकार :

(१) अनुगमन टोलीले जुनसुकै बखत पनि सुपथ मूल्य पसलमा विक्री वितरण गरिने सामानको मौज्दात र विक्री वितरणको लागत तथा मूल्य जांच गर्न सक्नेछ ।

(२) अनुगमन टोलीले स्थलगत निरीक्षण गर्दा अनियमित गरेको फेला परेमा वा अन्य प्रचलित कानून विपरित काम गरेमा सुपथम मूल्य पसलको विक्रेतालाई कानून वमोजिम आवश्यक कारवाहीको लागि सिफारीश गर्नेछ ।

(३) त्यसरी सिफारीश भै आएमा अधिकार प्राप्त अधिकारीले काठमाडौं उपत्यकामा वाणिज्य विभाग र जिल्लामा ताकेको निकायमा ७ दिन भित्र सो को आवश्यक कार्यवाही गरी सक्नु पर्नेछ ।

(४) उपदफा (ग) वमोजिम निर्णयमा चित्त नबुझे वा गलत निर्णय भएमा सम्बन्धित पक्षले पुनरावेदन अदालतमा पुनरावेदन र क्षतिपूर्तिको समेत माग गर्न सक्नेछ ।

(च) विक्रेताले पाउने सुविधा :– "सुपथ मूल्य पसल" संचालन गर्ने व्यक्ति वा संस्थाले संस्थान र उद्योगको सामान विक्री गरे वापत अधिकार प्राप्तवालाले तोके अनुसारको कमिशन पाउनेछ ।

(छ) विवादको समाधान :– विक्रेता र सम्बन्धित संस्था बीच कुनै विवाद उत्पन्न भएमा सो को मध्यस्थता केन्द्रमा वाणिज्य विभाग र जिल्लामा तोकेको निकायले गर्ने छ । यसबाट विवादको टुंगो नलागेमा कुनै पनि पक्षले कानून वमोजिम उपचार गराउन सक्नेछन् ।

(ज) सुपथ मूल्यका पसलको इजाजत खारेज हुने :– निम्न लिखित अवस्थामा सुपथ मूल्य पसलको इजाजत खारेज गरिनेछ :

(१) बिक्रेताले लगातार १ महीना सम्म सम्वन्धित संस्थाहरुबाट आफुले माग गरेको मालसामान नबुझे वा पूर्व स्वीकृति विना पसल बन्द गरेमा ।

(२) विक्रेता निर्देशिका वमोजिमको जिम्मेवारी पूरा नगरेमा ।

(३) समय समयमा स्थानीय गाउं विकास समिति/नगर पालिका वा वडा स्तरीय "आपूर्ति तथा मूल्य अनुगमन इकाई" ले दिएको निर्देशन पालना नगरेमा ।

(४) जिल्ला स्तरीय "आपूर्ति तथा मूल्य अनुगमन समिति" ले निर्धारण गरेको खुद्रा मूल्य भन्दा बढी मूल्य लिई विक्री गरेमा वा एक मुष्ट सामान अन्य पसल वा व्यक्तिलाई विक्री गरेको ठहर भएमा ।

(५) विक्रेताले स्वीकृति लिई पसलको कारोवार वन्द गरेमा ।

(६) नपुग नापतौल प्रयोग गर्ने, मिति सकिएको वस्तु बिक्री र गुणस्तर ह्रास गरेर वस्तु बिक्री गरेमा ।

(७) प्रचलित कानून बमोजिम निषेधित अन्य कुनै काम कारवाही गरेमा ।

(८) गुणस्तरयुक्त तथा गुणस्तर चिन्ह नभएको स्वदेशी तथा विदेशी वस्तु बिक्री गरेमा ।

(झ) मूल्य निर्धारण प्रक्रिया :

(१) सुपथ मूल्य पसलमा बिक्री वितरण गरिने मालसामानहरुको मूल्य निर्धारण केन्द्रमा (उपत्यकामा) वाणिज्य विभाग र सम्बन्धित संस्थान तथा जिल्लामा तोकेको निकाय र सम्बन्धित संस्थानको प्रतिनिधिले सुपथ मूल्यको पसलमा बिक्री गरिने मालसामानहरुको मूल्य

निर्धारण गर्नेछ । मालसामानको खुद्रा मूल्य, ढुवानी खर्च र उक्त सामान बिक्री गरी पाउने कमिशन समेत जोडी खुद्रा बिक्री मूल्य निर्धारण गरिनेछ ।

(२) त्यसरी मूल्य निर्धारण गर्दा स्थानीय बजारको दररेट भन्दा कुनै हालतमा पनि सुपथ मूल्यका पसलमा बढी मूल्य कायम गरिने छैन ।

(ञ) धरौटी :– सुपथ मूल्य पसलको बिक्रेता हुनको लागि प्रत्येक संस्थानहरुबाट रु. १,०००।- का दरले धरौटी राख्नु पर्नेछ । सुपथ मूल्य पसल इजाजत प्रमाणपत्र प्राप्त गर्न प्रत्येक बिक्रेताले उपत्यकामा वाणिज्य विभागमा र जिल्लामा तोकेको निकायमा रु. १,०००।- इजाजतपत्र दस्तुर नेपाल सरकारको राजश्वमा दाखिला गरेको भौचर पेश गर्नु पर्ने छ ।

(ट) सुपथ मूल्य पसल नवीकरण :– सुपथ मूल्य पसलको नवीकरण हरेक वर्षको श्रावण मसान्तसम्ममा केन्द्रमा वाणिज्य विभाग र जिल्लामा तोकेको निकायमा रु. १००।- राजश्व दाखिला गरेको भौचर बुझाई नवीकरण गर्नु पर्नेछ ।

# ऐन, नियम, निर्देशिका र दिग्दर्शनहरु

# निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३

| लालमोहर सदर मिति | नेपाल राजपत्रमा प्रकाशित मिति |
|---|---|
| २०१३।१०।१२ | २०१३।१०।२२ |

| संशोधन गर्ने ऐन | प्रकाशन मिति |
|---|---|
| १ केही नेपाल कानून (संशोधन र पुनः व्यवस्थापन) ऐन, २०२० | २०२०।११।१६ |
| २ निकासी पैठारी (नियन्त्रण)(पहिलो संशोधन) ऐन, २०२९ | २०२९।६।५ |
| ३ निकासी पैठारी(नियन्त्रण) (दोश्रो संशोधन) ऐन, २०४६ | २०४६।६।११ |
| ४. निकासी पैठारी तथा वौद्धिक सम्पत्तिसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ | २०६३।८।८ |
| ५. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ | २०६६।१०।७ |

## २०१३ सालको ऐन नं. १६

## निकासी पैठारी मनाही वा नियन्त्रण गर्नको निमित्त बनेको ऐन

[1] निकासी पैठारी मनाही वा नियन्त्रण गर्ने अधिकार व्यवस्थित गरी शान्ति र व्यवस्था कायम राख्न आवश्यक देखिएकोले श्री ५ महाराजाधिराजवाट मन्त्रिमण्डलको सल्लाह अनुसार यो ऐन बनाई जारी गरिवक्सेको छ।

१ **संक्षिप्त नाम :–** यस ऐनको नाम "निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३" रहेकोछ ।

२ **परिभाषा :–** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "निकासी" भन्नाले नेपाल राज्य वाहिर मालसामानहरु निकासी गर्ने काम सम्झनु पर्छ ।

(ख) "पैठारी" भन्नाले नेपाल राज्यभित्र मालसामानहरु पैठारी गर्ने काम सम्झनु पर्छ ।

(ग) "सूचित आदेश" भन्नाले नेपाल राजपत्रमा प्रकाशित आदेश सम्झनु पर्छ ।

(घ) "प्रकाशित" भन्नाले नेपाल राजपत्रमा प्रकाशित सम्झनु पर्छ ।

*३ **निकासी पैठारी मनाही वा नियन्त्रण गर्ने नेपाल सरकारको अधिकार :–** (१) देहायको उद्देश्य प्राप्तिको लागि कुनै वस्तुको निकासी वा पैठारीमा मनाही वा नियन्त्रण गर्न आवश्यक छ भन्ने लागेमा नेपाल सरकारले सूचित आदेशद्वारा त्यस्तो वस्तुको निकासी वा पैठारीमा शर्त वा निश्चित अवधि तोकी वा नतोकी मनाही गर्न वा पूर्ण वा परिमाणात्मक बन्देज लगाउन सक्नेछ :-

(क) सुरक्षासम्बन्धी राष्ट्रिय हितको संरक्षण गर्न,

(ख) सार्वजनिक सदाचार, शिष्टाचार वा नैतिकता कायम राख्न,

(ग) सुन, चाँदी वा त्यस्तै अन्य धातु वा बहुमुल्य जवाहरातको व्यापारलाई व्यवस्थित गर्न,

(घ) मानव, पशु, पंछी वा वनस्पति जीवनको स्वास्थ्यमा प्रतिकूल हुने कार्यबाट संरक्षण गर्न,

(ङ) कारागारका थुनुवा वा कैदीहरुको श्रमबाट उत्पादित वस्तुहरुको पैठारी सम्बन्धमा उचित व्यवस्था गर्न,

---

1 केही नेपाल कानून (संशोधन र पुन व्यवस्थापन) ऐन, २०२० द्वारा संशोधित ।

* निकासी पैठारी तथा बौद्धिक सम्पति सम्वन्धी केही नेपाल ऐन संशोधन गर्न वनेको ऐन, २०६३ द्वारा संशोधित

(च) कलात्मक, ऐतिहासिक वा पुरातात्विक महत्वका राष्ट्रिय सम्पदाको संरक्षण गर्न,

(छ) लोप हुन सक्ने प्राकृतिक श्रोतको (घरेलु उत्पादन वा उपयोग समेतमा बन्देज गरी) संरक्षणको उचित व्यवस्था गर्न,

(ज) प्रतिस्पर्धात्मक क्षमता हुन सक्ने राष्ट्रिय प्रशोधन उद्योगको लागि आवश्यक पर्ने घरेलु कच्चा पदार्थको उपलब्धतालाई सुनिश्चित गर्न,

(झ) स्थानीयस्तरमा न्यून आपूर्ति भएका वस्तुको प्राप्ति तथा वितरणको लागि उचित व्यवस्था गर्न,

(ञ) विदेशी मुद्राको मौज्दातमा हुन सक्ने गम्भीर ह्रासको अवस्थालाई हटाउने वा रोक्ने वा अत्यन्त न्यून अवस्थामा रहेको विदेशी मुद्राको सञ्चितिमा वृद्धि गर्ने गरी मुलुकको वाह्रय वित्तीय स्थिति र भुक्तानी सन्तुलनको सुरक्षा गर्न,

(ट) अत्यावश्यक खाद्य सामग्री वा त्यस्तै प्रकारका अन्य उत्पादनको गम्भीर अभाव हुनबाट रोक्न,

(ठ) अन्तर्राष्ट्रिय व्यापारमा उपभोग्य सामग्रीको वर्गीकरण, स्तर निर्धारण वा बजारीकरणका मापदण्ड कायम गर्न,

(ड) अतिकम विकसित मुलुकको लागि वैदेशिक व्यापारमा प्रदान गरिएका छूट वा सहुलियतको उपभोग गर्न,

(ढ) अप्रत्यासित रुपमा ठूलो मात्रामा पैठारी भएका वस्तुबाट त्यस्तै प्रकृतिका वस्तु उत्पादन गर्ने राष्ट्रिय उद्योगलाई पर्न सक्ने गम्भीर प्रतिकूल असरबाट संरक्षण गर्न,

(ण) पेटेण्ट, ट्रेडमार्क, प्रतिलिपि अधिकार, औद्योगिक डिजायन, भौगोलिक पहिचान (जिओग्राफिकल इण्डिकेशन), गोप्य सूचनाको संरक्षण जस्ता वौद्धिक सम्पत्तिको संरक्षण गर्न,

(त) देशको प्रतिस्पर्धात्मक क्षमता वृद्धि हुने खालका नयाँ सीप वा प्रविधियुक्त उद्योगको प्रवर्द्धन वा संरक्षण गर्न,

(थ) अस्वस्थ वा अनधिकृत व्यापारिक क्रियाकलापलाई रोक लगाउन वा अस्वस्थ प्रतिस्पर्धा नियन्त्रण गर्न,

(द) संयुक्त राष्ट्रसंघको बडापत्र तथा नेपाल पक्ष भएको बहुपक्षीय अन्तर्राष्ट्रिय महासन्धि वा द्विपक्षीय सम्झौता कार्यान्वयन गर्न तथा सोबाट सृजित दायित्व पूरा गर्न,

(२) उपदफा (१) बमोजिम कुनै वस्तुको निकासी वा पैठारीमा लगाएको बन्देज कायम राखी राख्न आवश्यक छैन भन्ने लागेमा नेपाल सरकारले सोको आधार र कारण खुलाई सूचित आदेशद्वारा त्यस्तो बन्देज जुनसुकै बखत हेरफेर गर्न, परिवर्तन गर्न वा हटाउन सक्नेछ ।

**४ नियम वनाउने नेपाल सरकारको अधिकार :–** (१) यस ऐनको उद्धेश्य कार्यान्वित गर्नको निमित्त नेपाल सरकारले नियम वनाउन सक्तछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपारी नेपाल सरकारले देहायका विषयहरुमा नियम वनाउन सक्दछ :-

(क) निकासी पैठारीको इजाजतपत्र जारी गर्न र इजाजतपत्रको ढाँचा,

(ख) सो इजाजतपत्र प्राप्त गर्न पेश गर्नुपर्ने दरखास्त र प्रमाणहरु,

(ग) इजाजतपत्र दस्तूर,

(घ) इजाजतपत्र प्रदान गर्ने अधिकारीहरु मुकरर गर्ने,

(ङ) इजाजतपत्र पाउनेहरु र इजाजतपत्रको परिमाण निर्धारित गर्ने,

(च) विना इजाजतपत्र निकासी पैठारी गर्न पाउने सहुलियत प्रदान गर्ने,

(छ) निकासी पैठारी गर्दा इजाजतपत्र देखाउने,

[2](ज) इजाजतपत्र वहाल रहने अवधि तोक्ने र अवधि समाप्त भएको इजाजतपत्रको म्याद वढाउने,

[3](झ) इजाजतपत्र खारेज गर्न वा स्थगित हुन सक्ने अवस्था,

[4](ञ) इजाजतपत्र वमोजिम निकासी पैठारी भएको वस्तुहरुको तोकिए वमोजिमको तथ्याङ्क वा विवरण दाखिला गराउने ।

[5]**५ दण्ड सजाय :–** (१) यो ऐन वा यस ऐन अन्तर्गतको सूचित आदेश वमोजिम नियन्त्रण वा मनाही गरिएको वस्तु वा यस ऐन अन्तर्गत वनेको नियम वमोजिम निकासी वा पैठारी गर्न जारी गरिएको इजाजतपत्रमा तोकिएको वस्तु वा त्यसको मूल्य वा परिमाणमा मनासिव कारण विना फरक पारी कसैले कुनै वस्तु निकासी वा पैठारी गरेमा त्यसरी निकासी वा पैठारी गरेको वस्तु जफत गरी निजलाई सो वस्तुको मूल्य वरावर जरिवाना वा एक वर्ष सम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) उपदफा (१) वमोजिम सजाय हुने कार्यमा सहयोग पुर्‍याउने व्यक्तिलाई सोही उपदफामा उल्लेखित सजायको आधा सजाय हुनेछ ।

(३) उपदफा (१) र (२) मा लेखिए देखि वाहेक इजाजतपत्र प्राप्त गर्नको लागि कसैले जानी जानी झुट्टा वा किर्ते प्रमाण वा विवरण पेश गरेमा वा जारी भएको इजाजतपत्रमा अनधिकृत तवरले थपघट वा केरमेट गरेमा वा इजाजतपत्र जारी गर्ने कार्यालयको काम कारवाहीमा वाधा पुर्‍याएमा त्यस्तो व्यक्तिलाई इजाजतपत्र जारी गर्ने अधिकारप्राप्त अधिकारीले दुई हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ ।

(४) उपदफा (१), (२) र (३) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत वनेका नियमहरु वर्खिलाप अन्य कुनै काम कुरा गर्नेलाई इजाजतपत्र जारी गर्ने अधिकार प्राप्त अधिकारीले एक हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(५) इजाजतपत्र जारी गर्ने अधिकारप्राप्त अधिकारीले यस दफा वमोजिम सजाय पाउने व्यक्तिलाई एक वर्षदेखि तीन वर्षसम्मको लागि निकासी पैठारी गर्ने इजाजतपत्र जारी नगर्न वा जारी गरिएको इजाजतपत्र रद्द गर्न सक्नेछ ।

[6]**६ मुद्दा हेर्ने अधिकार र पुनरावेदन :–** दफा ५ को उपदफा (१) र (२) वमोजिमको कसूर सम्वन्धी मुद्दाको शुरु कारवाई र किनारा गर्ने अधिकार सम्वन्धित भन्सार अधिकृतलाई हुनेछ र निजको निर्णय उपर चित्त नवुझ्ने व्यक्तिले पैतीस दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ ।

**६ (क) जाहेरवालालाई पुरस्कार दिने :–** यो ऐन वा यस ऐन अन्तर्गत जारी गरिएको सूचित आदेशको वर्खिलाप कसैले कुनै वस्तुको निकासी वा पैठारी गरेको कुरामा कसैले जाहेर गरी कारवाही चल्दा त्यस्तो काम कुरा गरेको प्रमाणित भएमा सम्वन्धित वस्तुको मोलको सयकडा तीस प्रतिशतले हुने रकम पुरस्कार स्वरुप त्यस्तो जाहेरवालालाई दिइनेछ । तर, जाहेर गर्नुपर्ने मुनासिव कारण वा आधार भै कारवाई चलेकोमा वाहेक दुःख दिने वा रीस इवी साध्ने नियतले मात्र झुट्ठा कुराको जाहेर गरेको ठहरेमा त्यस्तो झुट्ठा कुरा जाहेर गर्ने व्यक्तिलाई दुईसय रुपैया देखि पाचसय रुपैयासम्म जरिवाना हुनेछ ।

[2] पहिलो संशोधनद्वारा थप ।

[3] ,, ,,

[4] ,, ,,

[5] दोश्रो संशोधनद्वारा संशोधित ।

[6] दोश्रो संशोधनद्वारा संशोधित ।

**७. असर नपर्ने :–** यो ऐन जारी हुनुभन्दा अगावै नेपाल सरकारले कुनै वस्तु वा वस्तुहरुमा लगाई राखेको प्रतिवन्धको खारेजी वा संशोधनको सूचना नभएसम्म कायम रहनेछ ।

**८. खारेजी :–** यो ऐन र यस ऐन अन्तर्गत वनेका नियमहरुमा लेखिएका कुराहरुसँग बाझिने जति सबै ऐन सवाल सनद खारेज भएको वा यस ऐनसँग मिल्ने गरी संशोधित भएको मानिनेछ ।

## निकासी पैठारी नियमहरु, २०३४

नेपाल राजपत्रमा प्रकाशित मिति
२०३४/१२/१८

**संशोधन**

| | |
|---|---|
| निकासी पैठारी (पहिलो संशोधन) नियमहरु, २०४० | २०४०/११/१५ |
| निकासी पैठारी (दोश्रो संशोधन) नियमावली,२०५६ | २०५६/९/२६ |
| निकासी पैठारी (तेश्रो संशोधन) नियमहरु, २०६० | २०६०/११/२५ |

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यी नियमहरुको नाम "निकासी पैठारी नियमहरु, २०३४" रहेको छ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरुमा -

(क) "ऐन" भन्नाले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ सम्झनु पर्छ ।

(ख) "तोकिएको माल वस्तु" भन्नाले इजाजतपत्र नलिई निकासी वा पैठारी गर्न नपाउने गरी नेपाल सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ अन्तर्गत नेपाल राजपत्रमा सूचना प्रकाशित गरी निकासी पैठारीमा नियन्त्रण गरेको माल वस्तु सम्झनु पर्छ ।

(ग) "इजाजतपत्र" भन्नाले तोकिएको माल वस्तु निकासी वा पैठारी गर्न नियम ४ वमोजिम जारी गरिने इजाजतपत्र सम्झनु पर्छ ।

***(घ) "महानिर्देशक" भन्नाले नेपाल सरकारको वाणिज्य विभागको महानिर्देशकलाई सम्झनु पर्छ ।

(ङ) "फर्म" भन्नाले प्रचलित कानून वमोजिम दर्ता भएका फर्म सम्झनु पर्छ र सो शव्दले प्रचलित कानून वमोजिम दर्ता भएको साझेदारी फर्म समेत जनाउँछ ।

३. **इजाजतपत्र जारी गर्ने अधिकारी :**

(१) यी नियमहरु वमोजिम इजाजतपत्र जारी गर्ने अधिकारी महानिर्देशक हुनेछ ।

(२) उपनियम (१) वमोजिम इजाजतपत्र जारी गर्ने अधिकारीले आफ्नो अधिकार आफ्नो नियन्त्रण र निर्देशनमा आफ्नो मातहतको कर्मचारीद्वारा प्रयोग गर्न सक्नेछ ।

४. **इजाजतपत्रको निमित्त दरखास्त दिंदाको कार्यविधि :**

(१) तोकिएको माल वस्तु निकासी पैठारी गर्न इजाजतपत्र लिन चाहने व्यक्ति वा सरकारी कार्यालयले महानिर्देशक समक्ष निकासीको निमित्त भए अनुसूची १ र पैठारीको निमित्त भए अनुसूची २ वमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) वमोजिम इजाजतपत्र जारी गर्न मनासिव देखिएमा निकासीको निमित्त अनुसूची ३ र पैठारीको निमित्त अनुसूची ४ वमोजिमको ढाँचामा इजाजतपत्र जारी गर्ने अधिकारीले इजाजतपत्र जारी गर्नेछ ।

**(३) उपनियम(२)मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै खास किसिमको इजाजतपत्र जारी गर्नु पर्ने गरी नेपाल सरकारले कुनै सम्झौता गरेको रहेछ भने सोही बमोजिम इजाजतपत्र

जारी गर्नु पर्नेछ ।

५. **स्वीकृत नीतिको अधीनमा रही इजाजतपत्र जारी गरिने :** तोकिएको माल वस्तुको निकासी वा पैठारी गर्नको लागि इजाजतपत्र जारी गर्दा नेपाल सरकारले समय समयमा निर्धारण गरेको नीतिको अधीनमा रही इजाजतपत्र जारी गर्न सक्नेछ ।

६. **इजाजतपत्र जारी हुने प्रयोजन :–** तोकिएको माल वस्तुको निमित्त जारी हुने इजाजतपत्रहरु देहाय वमोजिम छुट्टा छुट्टै प्रयोजनको लागि हुनेछन् :-

(क) **निकासी इजाजतपत्र :**

(१) व्यापारिक तात्पर्यको लागि औद्योगिक तथा व्यापारिक फर्म, कम्पनी वा संस्थानको नाममा जारी हुने ।

(२) निजी प्रयोगको निमित्त जारी हुने ।

(३) नमूना, उपहार र प्रचार प्रसारको उद्देश्यको निमित्त जारी हुने ।

(४) फिर्ता वा मर्मत गर्न लगिने माल वस्तुको निमित्त जारी हुने ।

(५) सरकारी कार्यालयको निमित्त जारी हुनेछ ।

(ख) **पैठारी इजाजतपत्र :**

(१) सरकारी कार्यालय, सरकारी स्वामित्व भएका संस्थान तथा समिति र सो अन्तर्गतका आयोजनाको नाममा जारी हुने ।

(२) सरकारी कार्यालय, सरकारी स्वामित्व भएका संस्थान तथा समिति अन्तर्गतका आयोजनाहरु सम्पन्न गर्नको निमित्त भएको ठेक्का पट्टा वा करारनामाको तात्पर्यको निमित्त जारी हुने ।

(३) व्यापारिक तात्पर्यको लागि व्यापारिक फर्म, कम्पनी, संस्थानको नाममा जारी हुने ।

(४) नाफाको उद्देश्य नभई परोपकारी, सामाजिक, धार्मिक, शैक्षिक तथा अन्य यस्तै कल्याणकारी कार्यको लागि कुनै संस्था वा प्रतिष्ठानहरुको नाममा जारी हुने ।

(५) निजी प्रयोगको निमित्त जारी हुने ।

(६) उद्योग, पर्यटन उद्योग, ट्राभल एजेन्सी वा यस्तै व्यवसाय सम्बन्धी फर्म वा कम्पनीको प्रयोगको निमित्त जारी हुने ।

(७) नमूना, उपहार वा प्रचार प्रसारको उद्देश्यको निमित्त जारी हुने ।

७. **व्यापारिक प्रयोजनको लागि जारी गरिने इजाजतपत्र :–** व्यापारिक प्रयोजनको लागि जारी गरिने निकासी वा पैठारीको इजाजतपत्र प्रचलित कानून वमोजिम दर्ता वा स्थापना भएको कम्पनी, फर्म वा नेपाल सरकारको अधिकांश स्वामित्व भएको संगठित संस्थालाई मात्र जारी गरिनेछ ।

८. **दरखास्त र इजाजतपत्रको दस्तूर :**

***(१) निकासी वा पैठारी इजाजतपत्रको निमित्त दरखास्त दिंदा एकसय रुपैयां दरखास्त दस्तूर लाग्नेछ ।

(२) पैठारी इजाजतपत्र निमित्त दरखास्त दिने व्यक्तिले जे जति मूल्य खुलाई इजाजतपत्रको लागि दरखास्त गरेको हो त्यस्तो मूल्य वापत देहाय वमोजिमको दरले हुने इजाजत दस्तुर दरखास्त साथ वुझाउनु पर्नेछः-

| इजाजतपत्रमा उल्लेख गर्न चाहेको मूल्य | दस्तुर |
|---|---|
| (१) रु. ५,००० ।- सम्मको निमित्त | रु. २० ।- |
| (२) रु. ५,००० ।- भन्दा बढी रु. १०,००० ।- सम्मको निमित्त | रु. ६० ।- |
| (३) रु. १०,००० ।- भन्दा बढी रु. २५,००० ।- सम्मको निमित्त | रु. १५० ।- |
| (४) रु. २५,००० ।- भन्दा बढी रु. ५०,००० ।- सम्मको निमित्त | रु. ३०० ।- |
| (५) रु. ५०,००० ।- भन्दा बढी रु. १,००,००० ।- सम्मको निमित्त | रु. ६०० ।- |
| (६) रु. १,००,००० ।- भन्दा बढी जतिसुकै मूल्यको निमित्त - खण्ड (५) को निमित्त तोकिएको दस्तूरमा प्रत्येक रु. १०,००० ।- वा त्यसको अंशको निमित्त थप रु. ६० ।- का दरले हुने जति रकम । | |

(३) निकासी इजाजतपत्र जारी गर्न इजाजत दस्तूर लाग्ने छैन ।

(४) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको माल वस्तुको पैठारी इजाजतपत्र वापत लाग्ने इजाजत दस्तूर सोही सूचनामा तोकिए वमोजिम हुनेछ ।

(५) कुनै दरखास्तवालाले इजाजतपत्र नपाउने भएमा दरखास्त दस्तूर बाहेक निजले वुझाएको इजाजत दस्तूर फिर्ता पाउनेछ ।

(६) इजाजतपत्र हराएमा वा नासिएमा इजाजतपत्र प्राप्त व्यक्तिले सो कुरा उल्लेख गरी इजाजतपत्र जारी गर्ने अधिकारी समक्ष दरखास्त दिनुपर्छ र व्यहोरा मुनासिव देखिएमा इजाजतपत्र जारी गर्ने अधिकारीले त्यसरी हराएको वा नासिएको इजाजतपत्रको प्रमाणित प्रतिलिपि दिन सक्नेछ । त्यसरी इजाजतपत्रको प्रमाणित प्रतिलिपि दिंदा नयाँ इजाजतपत्र सरह दस्तूर लाग्नेछ ।

(७) यस नियमका उपनियमहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी कार्यालय तथा भन्सार सुविधा प्राप्त व्यक्तिहरुको नाममा निकासी वा पैठारी इजाजतपत्र जारी गर्दा दरखास्त दस्तूर र इजाजत दस्तूर लाग्ने छैन ।

**९. इजाजतपत्रको म्याद थप्ने वा अन्य व्यहोरा संशोधन गर्ने :**

(१) इजाजतपत्रको म्याद निकासी वा पैठारी गरिने माल वस्तुको किसिम हेरी साधारणतः ६ महिना र विशेष अवस्थामा एक वर्षमा नबढाई इजाजतपत्रमा तोकिए वमोजिम हुनेछ । इजाजतपत्र प्राप्त गर्ने व्यक्ति वा कार्यालयले इजाजतपत्रमा उल्लेख भए वमोजिमको माल वस्तु इजाजतपत्रको म्यादभित्र चलान गराई सक्नु पर्नेछ । तोकिएको म्याद भित्र त्यस्तो माल वस्तु चलान गराउन नसकेमा त्यसको कारण खुलाई थप म्यादको निमित्त दरखास्त दिएमा इजाजतपत्र जारी गर्ने अधिकारीले कारण मुनासिव देखेमा एक पटकमा बढीमा ६ महीनासम्मको लागि म्याद थप गर्न सक्नेछ । इजाजतपत्रमा तोकिएको म्यादभित्र वा म्याद थप भएकोमा सो थप म्यादभित्र इजाजतपत्र वमोजिमको माल वस्तु चलान नभएमा त्यस्तो इजाजतपत्र स्वतः बदर हुनेछ ।

(२) इजाजतपत्रको म्याद थप गर्ने वाहेक त्यस्तो इजाजतपत्रमा उल्लिखित अन्य कुनै व्यहोरा संशोधन गर्नु परेमा इजाजतपत्र प्राप्त व्यक्ति वा कार्यालयले त्यसको कारण खोली इजाजतपत्र जारी गर्ने अधिकारी समक्ष दरखास्त दिनु पर्छ र व्यहोरा मुनासिव देखिएमा इजाजतपत्र जारी

गर्ने अधिकारीले इजाजतपत्रमा संशोधन गर्न सक्नेछ ।

*(३) यस नियम वमोजिम पैठारी इजाजतपत्रको म्याद थप गर्दा वा इजाजतपत्रमा उल्लिखित कुनै व्यहोरा संशोधन गर्दा लाग्ने दस्तूर नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिए वमोजिम हुनेछ ।

**१०. इजाजतपत्र जारी गर्दा प्राथमिकता दिइने :**

(१) लगातार तीन वर्ष वा सो भन्दा अवधिदेखि देशगत वा वस्तुगत विविधता ल्याई निकासी गर्ने व्यक्तिलाई इजाजतपत्र जारी गर्ने अधिकारीले प्रशंसापत्र दिन सक्नेछ । यस्तो प्रशंसापत्र प्राप्त गर्नेलाई निकासी इजाजतपत्र जारी गर्दा प्राथमिकता दिइनेछ ।

(२) निकासीबाट आर्जन हुने विदेशी मुद्राको तोकिएको अंश वापत तोकेको माल वस्तु पैठारी गर्न नेपाल सरकारले समय समयमा निर्धारण गरेको नीतिको आधारमा प्राथमिकता दिई इजाजतपत्र जारी गरिनेछ ।

**११. इजाजतपत्र हस्तान्तरण हुन नसक्ने :** कुनै व्यक्तिको नाउँमा कुनै खास प्रयोजनको निमित्त जारी गरिएको निकासी वा पैठारीको इजाजतपत्र अरु कसैलाई हस्तान्तरण गर्न हुंदैन ।

**१२. इजाजतपत्र वमोजिम निकासी पैठारी गर्नेको कर्तव्य :**

(१) व्यापारीक प्रयोजनको लागि इजाजतपत्र पाउनेले निकासी इजाजतपत्र वमोजिम तोकिएको माल वस्तु चलान गरेकोमा सो मितिले सात दिनभित्र अनुसूची ५ वमोजिमको ढाँचामा र पैठारी इजाजत वमोजिम तोकिएको माल वस्तु पैठारी गरेकोमा त्यसको सात दिनभित्र अनुसूची ६ वमोजिमको ढाँचामा विवरण भरी महानिर्देशक र नेपाल सरकारले तोकेको अन्य अधिकारी वा कार्यालय समक्ष पठाउनु पर्नेछ ।

(२) उपनियम (१) वमोजिमको विवरण नपठाई पैठारी गरेको माल वस्तु विक्री वितरण गर्न हुंदैन ।

**१३. इजाजतपत्र स्थगित वा बदर गर्ने अधिकार :**

(१) इजाजतपत्र जारी गर्ने अधिकारीले देहायको अवस्थामा इजाजतपत्रलाई स्थगित वा बदर गर्न सक्नेछ :-

(क) इजाजतपत्र जारी हुँदा कुनै व्यहोरा फरक परी इजाजतपत्र जारी हुन गएको छ भन्ने कुरा इजाजतपत्र जारी गर्ने अधिकारीलाई लागेमा,

(ख) इजाजतपत्र प्राप्त गर्नको निमित्त पेश गरेको दरखास्तको कुनै कुरा झुट्ठा हो भन्ने इजाजतपत्र जारी गर्ने अधिकारीले ठहराएमा,

(ग) नियम १४ बमोजिम इजाजतपत्र पाउनेबाट बञ्चित गरिएको व्यक्तिको नाउँमा इजाजतपत्र जारी भएको पाइएमा,

(घ) इजाजतपत्र प्राप्त व्यक्तिले ऐन वा यी नियमहरुमा लेखिएको कुनै कुरा उल्लंघन गरेमा वा इजाजतपत्रमा तोकिएको कुनै शर्त विपरित काम गरेमा ।

(२) यी नियमहरुमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निकासी पैठारी व्यापारलाई बढी सुदृढ तुल्याउनु पर्ने विशेष अवस्था परेमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यी नियमहरु अन्तर्गत जारी भएका सबै वा कुनै इजाजतपत्र स्थगित गर्न वा बदर गर्न सक्नेछ ।

**१४. इजाजतपत्र पाउनबाट बञ्चित गर्ने अधिकार :** कुनै व्यक्तिले निम्नलिखित कुनै काम गरेको छ भन्ने ईजाजतपत्र जारी गर्ने अधिकारीले ठहऱ्याएमा त्यस्तो व्यक्तिलाई बढीमा तीन वर्षको लागि इजाजतपत्र पाउनबाट बञ्चित गर्न सक्नेछ :-

(क) इजाजतपत्र पाउनको लागि प्रमाण लाग्ने लिखतमा कुनै अनधिकृत तवरबाट थपघट वा केरमेट

गरेको,

(ख) इजाजतपत्र जारी गर्ने अधिकारी वा निजको कार्यालयको कुनै कर्मचारीलाई रिश्वत दिएको,

(ग) इजाजतपत्र प्राप्त नगरी तोकिएको माल वस्तु निकासी वा पैठारी गरेको,

(घ) इजाजतपत्र लिनको निमित्त महानिर्देशकको कार्यालयमा दरखास्त दिंदा कुनै झुठ्ठा लिखत पेश गरेको,

(ङ) ईजाजतपत्र जारी गर्ने अधिकारीलाई झुक्याई एउटै व्यक्तिले विभिन्न नाउँबाट दरखास्त दिएको,

(च) यी नियमहरु उल्लंघन गरे वापत ऐन बमोजिम सजाय पाएको,

(छ) चोरी निकासी  वा पैठारी, कालो बजार वा विदेशी विनिमय सम्बन्धी कुनै कसूर गरे वापत प्रचलित कानून वमोजिम सजाय पाएको,

(ज) नेपाल अधिराज्यको लागि पैठारी गरेको माल वस्तु अन्य मुलुकमा लगेको वा बेच विखन गरेको,

(झ) तोकिएको माल वस्तु निकासी पैठारी गर्दा बीजकमा वास्तविक मोल घटाइ वा बढाई देखाएको ।

१५. **इजाजतपत्रमा उल्लिखित माल वस्तुको वास्तविक मूल्य :** इजाजतपत्रमा उल्लिखित माल वस्तुको वास्तविक मूल्य भन्सार सम्बन्धी प्रचलित कानूनको अधिनमा रही भन्सार कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ र इजाजतपत्रमा उल्लेख भएको भन्सारको प्रयोजनको लागि माल वस्तुको परिमाण वा मूल्य भन्ने महलमा तोकिएको परिमाण वा मूल्य वा दुवैमा नबढाई सो भन्सार कार्यालयले माल वस्तु निकासी वा पैठारी गर्न दिनेछ।

१६. **उजूरी :**

(१) यी नियमहरु अन्तर्गत इजाजतपत्र जारी गर्ने अधिकारीले गरेको कुनै निर्णय वा आदेशमा चित्त नबुझ्ने व्यक्तिले सो निर्णय वा आदेशको सूचना पाएको पैतीस दिनभित्र नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा उजूर गर्न सक्नेछ । उजूरीपत्रमा उजूरवालाले आफ्नो नाम र ठेगाना, उजूरीको विषय, आफ्नो माग र उजूरीको आधार स्पष्ट तवरले उल्लेख गरेको हुनुपर्छ र प्रमाणको निमित्त सम्बन्धित सबै लिखतहरुको प्रतिलिपि पनि उजूरीपत्रसाथ पेश गर्नु पर्छ ।

(२) उपनियम (१) बमोजिमको उजूरीको प्रतिलिपि इजाजतपत्र जारी गर्ने अधिकारी कहाँ पनि पठाउनु पर्छ ।

१७. अनुसूचीमा हेरफेर गर्ने अधिकार : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

१८. खारेजी र बचाउ :

(१) निकासी पैठारी (नियन्त्रण) नियमहरु, २०२० खारेज गरिएको छ ।

(२) निकासी पैठारी (नियन्त्रण) नियमहरु, २०२० अन्तर्गत जारी भएका इजाजतपत्रहरु यसै नियमहरु अन्तर्गत जारी भएको मानिनेछ ।

* पहिलो संशोधनद्धारा संशोधित ।

** दोश्रो संशोधनद्धारा संशोधित ।

*** तेश्रो संशोधनद्धारा संशोधित ।
प्रतिनिधि सभा घोषणा २०६३ बमोजिम रुपान्तरण भएको शब्द
"श्री ५ को सरकारको" सट्टा "नेपाल सरकार"

फाराम (क)

अनुसूची - १

( नियम ४ को उपनियम (१) सँग सम्वन्धित )

**व्यापारिक प्रयोजनको निमित्त निकासी गर्न भर्नुपर्ने दरखास्त फाराम**

मिति :

श्री महानिर्देशकज्यू,
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,
वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग,

१. निकासीकर्ताको नाम र ठेगाना :- ... ... ... ...
२. फर्म वा कम्पनीको धनीको नाम र ठेगाना :- ... ... ...
३. निकासी गर्न चाहेको वस्तुको विवरण :
   (क) किसिम :... ... ...
   (ख) परिमाण :
   (ग) विक्रीमूल्य :
४. निर्यात गरिने मुलुकको नाम :
५. निकासी गरिने भन्सारको नाम :
६. विदेशी क्रेताहरुको ठेक्का वा खरीद आदेशपत्र भैसकेको भए ती मध्ये एकको प्रतिलिपि र सो नभए अन्य व्यहोरा :
७. विदेशी खरीददारहरुको नाम र ठेगाना :
८. दरखास्तवालाको फर्म वा कम्पनीको रजिष्ट्रेशन नं. मिति ................
   स्थान : ... ... ...
९. अन्तिम पटक भएको नवीकरण मिति :
१०. निकासी गर्ने अवधि :
११. यस अघि इजाजतपत्र प्राप्त गरेको भए सोको विवरण :
१२. दरखास्तवालाले दस्तखत गर्न पाउने गरी निजलाई फर्म वा कम्पनीले लेखिएको अधिकारपत्रको संख्या ............. मिति .............
१३. अन्य आवश्यक विवरण :

म/हामी कवुलियत गर्दछु/गर्दछौं कि माथि उल्लिखित कुराहरु आफूले जानेसम्म साँचो र ठीक छन् । यसमा दिएको विवरण झुट्ठा अथवा बेठीक ठहरेमा मेरो/हाम्रो नाउँमा जारी गरिएको इजाजतपत्र बदर गरिएमा मलाई/हामीलाई मञ्जूर छ । उपरोक्त कवुलियतको समर्थनको निमित्त इजाजतपत्र दिने अधिकारीले मागेको कागजपत्रहरु दिन म/हामी तयार छु/छौं ।

यो इजाजतपत्रबाट निकासी भएको माल वस्तुको भुक्तानी बैंक मार्फत हुनेछ। मैले/हामीले यस कार्यालयलाई वुझाउनु पर्ने कुनै रकम बाँकी छैन ।

मिति :

दरखास्तवालाको सहीछाप

फाराम (ख)

अनुसूची १

(नियम ४ को उपनियम (१) संग सम्बन्धित)

**नेपालबाट व्यक्तिगत प्रयोजनको निमित्त निकासी गर्न भर्नु पर्ने दरखास्त फाराम**

मिति :-

श्रीमान महानिर्देशकज्यू,
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,
वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग,

देहायको विवरणको माल वस्तु निकासी गर्न आवश्यक परेकोले निम्नलिखित व्यहोरा खुलाई यो दरखास्त पेश गरेको छु ।

१. निकासी गर्ने व्यक्तिको नाम :
   ठेगाना :- स्थायी :-
   अस्थायी : -
२. निकासी गरिने वस्तुको विवरण :
   (क) नाम :-
   (ख) किसिम :-
   (ग) संख्या :-
   (घ) मूल्य :-
   (ङ) प्रयोजन :-
३. नेपालबाट निर्यात हुने सम्भावित मिति :-
४. यस अघि निकासी इजाजतपत्र प्राप्त गरेकोमा
   (१) निकासी इजाजतपत्र नं. :-
   (२) वस्तु :-
५. अन्य विवरण :-
६. उपरोक्त विवरण साँचो हो र उपरोक्त वस्तु निजी प्रयोगको लागि हो र सो फरक परेमा कानून वमोजिम सहुँला बुझाउँला ।

   दरखास्तवालाको सहीछाप

फाराम (क)

अनुसूची २

(नियम ४ को उपनियम (१) संग सम्बन्धित)

## नेपाल सरकारको कार्यालय, संस्थान, समिति तथा आयोजनाले पैठारी गर्न भर्नु पर्ने दरखास्त फाराम

मिति :-

श्रीमान महानिर्देशकज्यू,
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,
वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग,

१. कार्यालय, संस्थान, समिति वा आयोजनाको नाम :
   ठेगाना :-
२. पैठारी गरिने वस्तुको विवरण :-
   (क) किसिम :-
   (ख) परिमाण :-
   (ग) मूल्य :-
३. पैठारी गरिने वस्तु प्रयोग गरिने क्षेत्र :-
४. पैठारी गरिने वस्तुको लागि आवश्यक पर्ने विदेशी मुद्राको श्रोत :-
   (क) नेपाल सरकार, अर्थ मन्त्रालय भए सोको पत्रको पत्रसंख्या ............... मिति ............
   (ख) सहायता अन्तर्गत (सम्झौतापत्रको प्रतिलिपि संलग्न हुनु पर्ने) :-
      (१) सहायताको कूल रकम :-
      (२) सम्झौता अवधि :-
      (३) सम्झौता अन्तर्गत अन्य इजाजतपत्र प्राप्त गरिसकेको भए इजाजतपत्र नं. ......
      (४) मूल्य ............
   (ग) ऋण कार्यक्रम अन्तर्गत (सम्झौताको प्रतिलिपि संलग्न हुनु पर्ने ):-
      (१) ऋणको कूल रकम :-
      (२) सम्झौता अवधि :-
      (३) सम्झौता अन्तर्गत इजाजतपत्र प्राप्त गरिसकेको भए इजाजतपत्र नं. ...........
      (४) मूल्य .............
   (घ) अन्य विवरण :-
५. पैठारी गरिने माल बनाउने मुलुक :-
६. पैठारी गरिने माल चलान गर्ने मुलुक :-
७. चलान हुने सम्भावित मिति :-
८. पैठारी हुने भन्सारको नाम :-
९. पैठारी हुने माल सम्बन्धित भन्सारमा आईपुग्ने सम्भावित मिति :-

मिति :-

दरखास्तमा सही गर्ने व्यक्तिको नाम र दर्जा :-

फाराम (ख)

अनुसूची २

(नियम ४ को उपनियम (१) संग सम्बन्धित)

## व्यापारिक प्रयोजनको लागि पैठारी गर्न भर्नुपर्ने दरखास्त फाराम

मिति :-

श्रीमान महानिर्देशकज्यू,
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,
वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग,

१. दरखास्तवालाको पूरा विवरण :-
   (क) दरखास्तवालाको नाम :-
   (ख) पूरा ठेगाना :-
   (ग) दर्ता भएको कार्यालयको नाम, ठेगाना :-
   (घ) दर्ता नम्वर .. मिति ... ...
   (ङ) अन्तिम पटक नवीकरण भएको मिति ... ... स्थान ... ...
   (च) सन्चालक, हिस्सेदार वा धनीको नाम : ...
२. पैठारी गर्न चाहेको माल वस्तुको विवरण :-
   (क) किसिम :-
   (ख) परिमाण :-
   (ग) मूल्य :-
३ विदेशी विक्रेतासंग सम्झौता भएको भए सोको प्रतिलिपि सो नभए अन्य विवरण :-
४. पैठारी गरिने माल बनाउने देश :-
५. पैठारी गरिने माल चलान गर्ने देशको नाम :-
६. पैठारी गरिने माल चलान हुने मिति :-
७. पैठारी हुने भन्सारको नाम :-
८. पैठारी हुने भन्सारमा आईपुग्ने सम्भावित मिति :-
९. पैठारी व्यवस्थालाइ चाहिने बिदेशी मुद्राको श्रोत......।। प.सं. ... ...मिति ... ...
१०. पैठारी गर्न चाहेको वस्तुको लागि कुनै कार्यालयको सिफारिश भए सोको प.सं. ... ...
    मिति ... .. र कार्यालयको नाम :- ..
११. अन्य :

म/हामी कवुलियत गर्दछु/गर्दछौं कि माथि उल्लिखित कुराहरु आफुले जाने सम्म साँचो र ठीक छन् । यसमा दिएको विवरण झुट्ठा ठहरेमा म/हामीलाई दिएको इजाजतपत्र वदर गरिएमा मलाई/हामीलाई मन्जुर छ । उपरोक्त कवुलियतको समर्थनको निमित्त इजाजतपत्र दिने अधिकारीले मागेको सम्बन्धित कागजपत्रहरु दिन म/हामी तैयार छ/छौं । मैले/हामीले यस कार्यालयलाई बुझाउनु पर्ने कुनै रकम बाँकी छैन ।

मिति :- दरखास्तवालाको सहिछाप र दर्जा

फाराम ग

अनुसूची २

(नियम ४ को उपनियम (१) संग सम्बन्धित)

## औद्योगिक प्रयोजनको लागि पैठारी गर्न भर्नुपर्ने दरखास्त फाराम

मिति :-

श्रीमान महानिर्देशकज्यू,
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,
वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग,

१. उद्योगको विवरण :-
   (क) उद्योगको नाम :-
   (ख) पूरा ठेगाना :-
   (ग) दर्ता भएको कार्यालय :-
   (घ) दर्ता नम्वर ..
   (ङ) सन्चालक, हिस्सेदार वा धनीको नाम : ...
   (च) अन्तिम पटक नवीकरण भएको मिति ... ... स्थान ... ...
२. पैठारी गर्न चाहेको माल वस्तुको विवरण :-
   (क) माल वस्तुको नाम :-
   (ख) किसिम :-
   (ग) परिमाण :-
   (घ) मूल्य :-
३. पैठारी गरिने वस्तुको प्रयोजन :-
   (क) कच्चा पदार्थ :-
   (ख) पूंजिगत सामान :
   (ग) अन्य :
४. पैठारी गर्नको लागि आवश्यक पर्ने विदेशी मुद्राको श्रोत :-
   (क) नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृत प्राप्त पत्र संख्या ................. मिति ...........
   (ख) अन्य :-
५. पैठारी गरिने वस्तुको लागि सम्वन्धित कार्यालयको सिफारिशपत्र भए सोको पत्रसंख्या ...................... र मिति :-
६. पैठारी गरिने माल बनाउने देश :-
७. पैठारी हुने माल चलान हुने देश :-
८. पैठारी हुने माल चलान हुने मिति :-
९. पैठारी हुने भन्सारको नाम :-
१०. पैठारी हुने भन्सार आइ पुग्ने संभावित मिति :-
११. अन्य :

म/हामी कवुलियत गर्दछु/गर्दछौं कि माथि उल्लिखित कुराहरु आफुले जानेसम्म साँचो र ठीक छन् । यसमा दिएको विवरण झुट्ठा ठहरेमा म/हामीलाई दिएको इजाजतपत्र बदर गरिएमा मलाई/हामीलाई मन्जुर छ । उपरोक्त कवुलियतको समर्थनको निमित्त इजाजतपत्र दिने अधिकारीले मागेको सम्बन्धित कागजपत्रहरु दिन म/हामी तैयार छ/छौं र उपरोक्त माल वस्तु मैले/हामीले उद्योगको लागि प्रयोग गर्नेछु/छौं । मैले/हामीले यस कार्यालयलाई बुझाउनु पर्ने कुनै रकम बाँकी छैन ।

मिति :- दरखास्तवालाको सहिछाप र दस्तखत

फाराम (घ)

अनुसूची २

(नियम ४ को उपनियम (१) संगसम्बन्धित)

## व्यक्तिगत उपभोगका वस्तु पैठारी गर्न भर्नुपर्ने फाराम

मिति :-

श्रीमान महानिर्देशकज्यू,
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,
वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग,

महोदय,

देहायको विवरणको मालसामान पैठारी गर्न पैठारी इजाजतपत्रको आवश्यक परेकोले मेरो व्यहोरा तल खुलाई निवेदन गरेको छु । कृपया इजाजतपत्र दिनु हुन अनुरोध गर्दछु ।

१. पैठारी गर्ने व्यक्तिको नाम :-
ठेगाना :-

२. पैठारी गरिने वस्तुको विवरण :
(क) नाम :-
(ख) किसिम :-
(ग) संख्या वा परिमाण :-

३. वस्तुको मूल्य :-
(सि.आई.एफ., सी. एण्ड आई, एफ. ओ.वि., के हो सो खोल्नुपर्छ )

४.
(क) नेपालमा पैठारी हुने सम्भावित मिति :-
(ख) पैठारी हुने भन्सारको नाम :-

५.
(क) पैठारी गरिने वस्तु बनाउने मुलुक :-
(ख) वस्तु चलान गर्ने मुलुक :-
(ग) चलान हुने सम्भावित मिति :-

६. विदेशी मुद्रा सम्बन्धी विवरण :-
(क) विदेशी मुद्रा नेपाल सरकार वा नेपाल राष्ट्र बैंकबाट प्राप्त भएकोमा सम्बन्धित पत्रसंख्या ........... मिति ................... को पत्र संलग्न गरिएको छ । .................... को लागि रु. ...................... बराबरको विदेशी मुद्रा पाएको छु ।
(ख) विदेशी मुद्राको आर्जन तलव भत्ताबाट भएकोमा :-
(१) भत्ता पाउने व्यक्तिको नाम :-
(२) विदेशी मुलुकमा गएको प्रयोजन :-
(३) प्रस्तुत प्रसंगमा गएको विदेशी मुलुकको नाम :-
(४) गएको मिति :-
(५) नेपालको फर्केको मिति :-
(६) विदेश बसेको जम्मा अवधि :-
(७) दैनिक/साप्ताहिक/मासिक/वार्षिक प्राप्त हुने भत्ता दर :-
(८) जम्मा आर्जन भएको विदेशी मुद्रा :-
(९) जम्मा वचत हुन आएको विदेशी मुद्रा :-
(१०) राहदानी नम्बर :-
(११) यस दफा ६ को खण्ड (ख) को व्यहोरा प्रमाणित गरिएको ............................... कार्यालयको प.सं. ...................... मिति ...................... को पत्र संलग्न छ ।
(ग) विदेशी मुद्रा सम्बन्धी अरु कुरा खुलाउनु पर्ने भए छुट्टै कागजमा खुलाई संलग्न राख्नुपर्छ ।

७. अरु विवरण :-
(यस्मा बढी कुरा खुलाउनु पर्ने भए छुट्टै कागजमा खुलाई संलग्न राख्नुपर्छ )

८. उपरोक्त विदेशी मुद्राबाट यस अघि पैठारी इजाजतपत्र प्राप्त गरिएको वस्तुहरुको विवरण :-
पैठारी इजाजतपत्र नं. :-
वस्तुको नाम :-
मूल्य :-

९. उपरोक्त विवरण ठीक सांचो हो फरक परेमा कानून वमोजिम सजाय सहुँला बुझाउँला ।

मिति :-

निवेदक,

फाराम (क)

अनुसूची ३

(नियम ४ को उपनियम (२) संग सम्बन्धित)

S.No.

**Government of Nepal**
**Ministry of Industry, Commerce & Supplies**
**Department of Commerce**

**Export Licence No.CDB/** **Kathmandu ,Nepal**

Date:-

… . … … … … … … … … … …
… … … … … … … … .. … …
… … NEPAL, is/are hereby authorised to export from Nepal the goods of which particulars are given below :

1. Country to which exported … … …
2. Country of origin … … …
3. Description of goods … … …
4. Quantity … … … .. … …
5. Approximate value ............................(Nepali rupees in Figures) … …
   Rs. … … …( in words) .. … …
6. Period of shipment … … … … ..
7. Limiting factor for purposes of clearance through customs.

---

Quantity

Value

Director-General
Govt. of Nepal.

-----------------------------------------------------

C.C.

1. The Collector of Customs, Custom House, Kolkata
2. Nepalese Consulate , Calcutta … … …
3. Nepal Rastra Bank, Baluwatar, Kathmandu … … …
4. Border Customs Post … … … .. …

फाराम - (ख)

अनुसूची ३
(नियम ४ को उपनियम (२) संग सम्बन्धित)

# नेपाल सरकार
## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग,

काठमाडौं, नेपाल ।

निकासी इजाजत नं. ... ... मिति :-

श्री ... ... ...... ... लाई निम्नलिखित माल वस्तु निकासी गर्न अधिकार दिइएको छ ।

१. माल निकासी गरिने मुलुकको नाम :- ... ... ...
२. उत्पत्ति स्थान :- ... ... ... ...
३. मालको विवरण :- ... ... ... ... ...
४. परिमाण :- .... ... ... ... ...
५. अन्दाजी मूल्य .................................... रु. (अंक) ... ...
   अक्षरेपी रु. - ... ... ... ... ... ...
६. माल निकासी गर्ने समय : .............
७. भन्सारको प्रयोजनको लागि माल वस्तुको परिमाण वा मूल्यमा :- ... ..
८. निकासी गर्ने ईलाका :- ... ... ...

... ... ...
महानिर्देशक

<u>वोधार्थ :</u>
श्री नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय,
बालुवाटार, काठमाडौं ।
श्री ... ... भन्सार कार्यालय ।

फाराम (क)

अनुसूची ४
(नियम ४ को उपनियम (२) संग सम्बन्धित)

S.No.

**Government of Nepal**
**Ministry of Industry, Commerce & Supplies**
**Department of Commerce**

**Import Licence No.** **Kathmandu,Nepal**
**Date:-……………**

Foreign exchange clearance given by Government of Nepal
… . … … … … … … … … … …
NEPAL, is/are hereby authorised to import into Nepal the goods of which particulars are given below :

1. Country from which consigned … … …
2. Country of origin … … …
3. Description of goods … … … …
4. Quantity … … … .. … …
5. Approximate value (in Figures) … … No … … …
   … … … … ( in words) .. … …
6. Period of shipment … … … … .. … …
   Limiting factor for purposes of clearance through customs.

---

Quantity
Value

Director-General
Govt. of Nepal.

-------------------------------------------------------
C.C.
1. The Collector of Customs, Custom House, Kolkata
2. Nepalese Consulate , Calcutta … … …
3. Nepal Rastra Bank, Baluwatar, Kathmandu … … …
4. Border Customs Post … … … .. …

फाराम (ख)

अनुसूची ४
(नियम ४ को उपनियम (२) संगसम्बन्धित)

# नेपाल सरकार
## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग,
**काठमाडौं ।**

पैठारी लाइसेन्स नं. .......... मिति :-

विदेशी मुद्राको सम्बन्धमा नेपाल सरकारबाट समर्थन भएको

श्री ... ... .... .... ...
लाई निम्नलिखित पदार्थको पैठारी गर्न अधिकार दिइएको छ ।

(१) माल पैठारी गरिने मुलुकको नाम :- ................
(२) उत्पत्ति स्थान :- ...........
(३) मालको विवरण :- ............
(४) परिमाण :- ..................
(५) अन्दाजी मूल्य रु. मा (अंक) रु. ....................
(६) अक्षरेपी रु. :- ....................
(७) भन्सारको प्रयोजनको लागि माल वस्तुको परिमाण वा मूल्यमा :- ................
(८) माल चलान हुने समय :- ....................
(९) माल आइपुग्ने अन्दाजी समय :- .........................

मिति :- ...............

... ... ... ...
महानिर्देशक

वोधार्थ :
१. श्री ... ... भन्सार कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय,
बालुवाटार, काठमाडौं ।

अनुसूची ५

(नियम १२ को उपनियम १ संग सम्वन्धित)

## निकासी सम्बन्धी वास्तविक विवरण

| सि.नं. | निकासी इजाजतपत्र पाएको मिति र इजाजतपत्रको नम्वर | वस्तुको नाम | इजाजतपत्रमा उल्लेखित माल वस्तुको | | वास्तविक निकासी (निकासी भंसार मा कायम भए वमोजिम) | | निकासी भएको भंसारको नाम | निकासी भएको पोर्टको नाम र उक्त पोर्टबाट चलान भएको मिति | आयात गर्ने मुलुक र फर्मको नाम | कवुलियत भएको मिति र पत्रसंख्या | वस्तु डेलिभरी भएको मिति | प्राप्त हुने विदेशी मुद्रा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | मूल्य | परिमाण | मूल्य | | | | | | | |
| | | | | | | | | | | | | | |

उपरोक्त विवरण ठीक दुरुस्त छ र सम्बन्धित कागजपत्र साथै पेश गरेको छु । भुट्ठा ठहरे प्रचलित कानून वमोजिम सजाय सहने वुझाउने छु ।

प्रोप्राइटर वा म्यानेजर

नाम : ... ...

दस्तखत ... ...

मिति ... ...

छाप ... ...

अनुसूची ६

(नियम १२ को उपनियम (१) संग सम्वन्धित)

## पैठारी सम्बन्धी वास्तविक विवरण

| १ | २ | ३ | ४ | | ५ | | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | पैठारी इजाजतपत्र पाएको मिति र इजाजतपत्र को नम्वर | वस्तुको नाम | इजाजतपत्रमा उल्लिखित माल वस्तुको | | वास्तविक पैठारी (भंसारमा कायम भए वमोजिम) | | पैठारी भएको पोर्ट र मिति | पैठारी भएको भंसार र मिति | बस्तु वनाउने मुलुक र निर्माता | वस्तु विक्री गर्ने फर्म मुलुक | कवुलियत भएको पत्रसंख्या र मिति | चलान भएको पोर्ट र मिति | विदेशी मुद्रा प्राप्त गरेको विवरण | कैफियत |
| | | | परिमाणं | मूल्य | परिमाण | मूल्य | | | | | | | | |
| | | | | | | | | | | | | | | |

उपरोक्त विवरण ठीक दुरुस्त छ र सम्बन्धित कागजपत्र साथै पेश गरेको छु । झुट्ठा ठहरे प्रचलित कानून वमोजिम सजाय सहने वुझाउने छु ।

प्रोप्राइटर वा म्यानेजर

नाम : ... ...

दस्तखत ... ...

मिति ... ...

छाप ... ...

## नेपाल राजपत्र भाग ३ खण्ड ४२ संख्या ३३ मिति २०४९।८।१५ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको निकासी पैठारी सम्बन्धी सूचना

सूचना - १

निकासी पैठारी नियन्त्रण ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले नेपाल राज्यबाट निकासी र नेपाल राज्य भित्र पैठारी गर्न स्वीकृति दिएमा वाहेक पूर्ण वन्देज लगाईएका वस्तुहरु र परिमाणात्मक वन्देज लगाईएका वस्तुहरु देहाय वमोजिम नियन्त्रण गरेकोले यो आदेश जारी गरेको छ ।

**अनुसूची - १**

निकासीका लागि पूर्ण वन्देज र परिमाणात्मक वन्देज लगाइएका वस्तुहरु

१. **पूर्ण वन्देज लगाइएका वस्तुहरु :**

(अ) **सवै देशहरुमा निकासी हुनेमा**

(क) **पुरातात्विक तथा धार्मिक महत्वका वस्तुहरु**

१. विदेशी तथा स्वदेशी पुरातात्विक महत्वका सिक्काहरु
२. देव-देवताको मूर्ति, ताडपत्र, भोजपत्र
३. ऐतिहासिक महत्वका पौवाहरु
४. गाई तथा गोरु (मिति ०५५।३।२६ को नेपाल राजपत्रबाट थप )

(ख) **वन्यजन्तु संरक्षण सम्बन्धी वस्तुहरु**

१. जङ्गली जीव जन्तु
२. जङ्गली जीव जन्तुको पित्त लगायत तिनको शरीरका कुनैपनि अंग भाग
३. कस्तुरी
४. सर्पको छाला, छेपाराको छाला

(ग) **मादक पदार्थहरु**

गाँजा, अफिम, चरेस (सिंगल कन्भेन्शन अन नारकोटिक्स १९६१ मा परिभाषा गरिए वमोजिम)

(घ) **मूल्यवान धातु (सुन, चाँदी समेत) तर अर्थ मन्त्रालयबाट समय समयमा जारी हुने गुण्टा, झिटी, भारी आदेशमा परेकोमा सोही वमोजिम हुने छ। (२०६०।७।२४ को नेपालराजपत्रबाट संशोधित)**

(ङ) **औद्योगिक महत्वका वस्तुहरु**

१. विष्फोटक पदार्थ र ऐजनलाई चाहिने फ्यूज वा फ्यूजको लागि चाहिने वस्तु
२. जंगी खरखजाना तयारीको लागि चाहिने पदार्थहरु

(च) **औद्योगिक कच्चा पदार्थहरु**

१. काँचो छाला ( ड्राइ साल्टेड समेत) ।
२. कच्चा उन
३. सम्पूर्ण आयातीत कच्चा पदार्थ, पार्ट र पूँजीगत वस्तुहरु

"तर, -

(क) त्यस्ता वस्तुहरु जुन उद्देश्यका लागि पैठारी गरिएकोहो सो उद्देश्य परिपूर्तिहुन नसक्नेभएमा सो को सट्टा अर्को सोही वस्तु (Replacement) को रुपमा ) पैठारी गर्न सकिनेछ ।

(ख) त्यस्ता वस्तुहरु नेपालमा खपत नहुने भई फिर्तापठाउनु पर्ने भएमा पैठारी गर्दा भुक्तानी भए वरावरको विदेशी मुद्रा फिर्ता ल्याउने शर्तमा व्यापारिक प्रयोजनको लागि वस्तु पैठारी गर्दाको अवस्थामा लाग्ने भन्सार महसुल, कर तथा निकासी गर्दा लाग्नेकर, शुल्क तिरी फिर्ता गर्न सकिने छ । (मिति ०५६/१/२७ को नेपालराजपत्रबाट थप)

**(छ) अन्य सामानहरु**

१. ममिरा

२. गोलिया र चिरान काठ

**(आ) भारतमा मात्र निकासी हुनेमा**

भारत वाहेक अन्य देशहरुबाट पैठारी भएका सवै वस्तुहरु (गुण्टा, झिटी, भारी आदेशले लैजान पाउने वाहेक)

## २. परिमाणात्मक वन्देज लगाईएका वस्तुहरु :

१. १०० के.जी. भन्दा बढी प्रतितपत्र नखोली निकासी गरिने कच्चा रेशम (मिति ०५५।५।१५ को नेपाल राजपत्रबाट थप)

२. चिनी (यूरोपेली संघबट नेपाललाई प्राप्त हुने कोटा अन्तर्गत निकासी गरिने चिनी वाहेक) (२०५९।९।३ को नेपालराजपत्रमा प्रकाशित सूचना अनुसार थप )

३. नेपाली सेना र सशस्त्र प्रहरी बलले प्रयोग गर्ने चुस्तासंग मिल्दोजुल्दो **Camouflage** कपडा । (२०५९।९।१ को नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार थप )

**३. खुला रुपमा निकासी गर्न दिइने सामानहरु :–** निकासी गर्न प्रतिवन्ध नलगाईएका र परिमाणात्मक वन्देजमा नपरेका सामानहरु ।

द्रष्टव्य :

१. परिमाणात्मक वन्देज लागेका सामानहरु र यिनिहरुलाई कति निकासी गर्नदिने भन्ने विषयमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले समय समयमा निर्धारण गरे वमोजिम हुनेछ ।

२. माथि उल्लेखित सामानहरु मध्ये कुन सामान निकासी गर्न दिने भन्ने व्याख्या उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले गर्नेछ ।

खाद्य वस्तुहरु

१. धान

२. चामल

३. गहुँ

अनुसूची - २

# पैठारीका लागि पूर्ण वन्देज लागेका वस्तुहरु:

१. **पूर्ण वन्देज लागेका सामानहरु:**

१.१ **स्वास्थ्यलाई हानी गर्ने सामानहरु**

(क) अफिम, मर्फिया जस्ता लागू पदार्थहरु

(ख) मदिरा उद्योगमा कच्चा पदार्थको रुपमा प्रयोग गर्नको लागि पैठारी गरिने माल्टस्प्रीट वाहेकका अन्य ६० प्रतिशत भन्दा बढी अल्कोहल भएका तयारी मदिराहरु (मिति २०५५।६।१२ को नेपाल राजपत्रबाट संशोधीत)

१.२ **हातहतियार र विष्फोटक पदार्थहरु (नेपाल सरकारको इजाजत-पत्र प्राप्त वाहेक)**

(क) खरखजाना बनाउन चाहिने आवश्यक सामानहरु

(ख) बन्दूक र बन्दूकका गोलीहरु

(ग) कागज वाहेकका केपहरु (Capes)

(घ) अन्य विष्फोटक पदार्थहरु र हातहतियारहरु

१.३ रेडियो सन्चार (लाइसेन्स) नियमावली, २०४९ को नियम १८ वमोजिम लाइसेन्स लिन नपर्ने रेडियो यन्त्रवाहेक वायरलेस, वाकिटकी, कर्डलेस, प्रसारण यन्त्र, स्याटेलाइट, कम्युनिकेशन, स्याटेलाईट रिसिभर, लिङ्क रेडियो उपकरण जस्ता रेडियो उपकरण र अन्य यस्तै शव्दवाहक, संवादवाहक, दृश्यवाहक, तथ्याङ्कवाहक, रेडियो यन्त्रहरु (नेपाल सरकारको स्वीकृति प्राप्त वाहेक) (मिति २०६०।१२।१६ को राजपत्र अनुसार संशोधन)

१.४ सुन चाँदी (अर्ध तयारी समेत) वाहेक अन्य मूल्यवान धातु तर, निजी गुण्टा झिटी, भारीको रुपमा ल्याउन पाउने सुन चाादीको हकमा खण्ड ५५, अतिरिक्ताङ्क २५ (ख), मिति २०६२ साल साउन १ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित अर्थ मन्त्रालयको सूचना बमोजिम नै हुनेछ । (मिति ०६२।११।४ को नेपाल राजपत्रबाट संशोधित)

१.५ गोमाँस

१.६ प्लाष्टिकका झुत्रोहरु एवं पुनः प्रशोधित (रिसाइकल्ड) प्लाष्टिकका दानाहरु (मिति ०५३।३।३ को नेपाल राजपत्रबाट थप)

१.७(क) वातावरणीय दृष्टिकोण एवं निकासी क्षेत्रमा प्रतिकूल प्रभाव पार्ने देहायका उल्लेखित हानिकारक एजो रंगहरुः

| S.NO. | C.I. | Generic Name | C.I. No. |
|---|---|---|---|
| 1. | Acid | Orange 45 | 22195 |
| 2. | Acid | Red 4 | 14710 |
| 3. | Acid | Red 5 | 14905 |
| 4. | Acid | Red 24 | 16140 |
| 5. | Acid | Red 26 | 16105 |
| 6. | Acid | Red 73 | 27290 |
| 7. | Acid | Red 85 | 22245 |

| | | | |
|---|---|---|---|
| 8. | Acid | Red 114 | 23635 |
| 9. | Acid | Red 115 | 27200 |
| 10. | Acid | Red 116 | 26660 |
| 11. | Acid | Red 128 | 24135 |
| 12. | Acid | Red 148 | 26665 |
| 13. | Acid | Red 150 | 27190 |
| 14. | Acid | Red 158 | 20530 |
| 15. | Acid | Red 167 | |
| 16. | Acid | Rec 264 | 18133 |
| 17. | Acid | Red 265 | 18129 |
| 18. | Acid | Red 420 | |
| 19 | Acid | Violet 12 | 18075 |
| 20. | Acid | Violet 49 | 42640 |
| 21. | Acid | Brown 445 | |
| 22. | Acid | Black 29 | |
| 23 | Acid | Black 94 | 30336 |
| 24. | Acid | Black 131 | |
| 25. | Acid | Black 132 | |
| 26. | Acid | Black 209 | |
| 27. | Azoic | Diazo Component 11 | 37085 |
| 28. | Azoic | Diazo Component 12 | 37105 |
| 29. | Azoic | Diazo Component 48 | 37235 |
| 30. | Azoic | Diazo Component 112 | 37225 |
| 31. | Azoic | Diazo Component 113 | 37230 |
| 32. | Basic | Red 111 | |
| 33. | Basic | Red 42 | |
| 34. | Baxic | Brown 4 | 21010 |
| 35. | Developer 14 | Oxidation Base 20 | 76035 |
| 36. | Direct | Yellow 1 | 22250 |
| 37. | Direct | Yellow 24 | 22010 |
| 38. | Direct | UYellow 48 | 23660 |
| 39. | Direct | Orange 1 | 23370 |
| 40. | Direct | Orange 6 | 23375 |
| 41. | Direct | Orange 7 | 23380 |
| 42. | Direct | Orange 8 | 22130 |
| 43. | Direct | Orange 10 | 23370 |
| 44. | Direct | Orange 108 | 29173 |
| 45. | Direct | Red 1 | 22310 |
| 46. | Direct | Red 2 | 23500 |
| 47 | Direct | Red 7 | 34100 |
| 48 | Direct | Red 10 | 22145 |

| | | | |
|---|---|---|---|
| 49 | Direct | Red 13 | 22155 |
| 50 | Direct | Red 17 | 22150 |
| 51 | Direct | Red 21 | 23560 |
| 52. | Direct | Red 22 | 23565 |
| 53. | Direct | Red 24 | 29185 |
| 54. | Direct | Red 26 | 29190 |
| 55 | Direct | Red 28 | 22120 |
| 56. | Direct | Red 37 | 22240 |
| 57 | Direct | Red 39 | 23630 |
| 58. | Direct | Red 44 | 22500 |
| 59. | Direct | Red 46 | 23050 |
| 60. | Direct | Red 62 | 29175 |
| 61. | Direct | Red 67 | 23505 |
| 62. | Direct | Red 72 | 29200 |
| 63. | Direct | Violet 1 | 22570 |
| 64. | Direct | Violet 12 | 22550 |
| 65. | Direct | Violet 21 | 23520 |
| 66. | Direct | Violet 22 | 22480 |
| 67. | Direct | Blue 1 | 24410 |
| 68. | Direct | Blue 2 | 22590 |
| 69. | Direct | Blue 3 | 23705 |
| 70. | Direct | Blue 6 | 22610 |
| 71. | Direct | Blue 8 | 24140 |
| 72. | Direct | Blue 9 | 24155 |
| 73. | Direct | Blue 10 | 24340 |
| 74. | Direct | Blue 14 | 23850 |
| 75. | Direct | Blue 15 | 24400 |
| 76 | Direct | Blue 22 | 24280 |
| 77. | Direct | Blue 25 | 23790 |
| 78. | Direct | Blue 35 | 24145 |
| 79. | Direct | Blue 53 | 23860 |
| 80. | Direct | Blue 76 | 24411 |
| 81. | Direct | Blue 151 | 24175 |
| 82. | Direct | Blue 160 | |
| 83. | Direct | Blue 173 | |
| 84. | Direct | Blue 192 | |
| 85. | Direct | Blue 201 | |
| 86. | Direct | Blue 215 | 24115 |
| 87. | Direct | Blue 295 | 23820 |
| 88. | Direct | Green 1 | 30280 |
| 89. | Direct | Green 6 | 30295 |

| | | | |
|---|---|---|---|
| 90. | Direct | Green 8 | 30315 |
| 91. | Direct | Green 8:1 | |
| 92. | Direct | Green 85 | 30387 |
| 93. | Direct | Brown 1 | 30045 |
| 94 | Direct | Brown 1:2 | 30110 |
| 95 | Direct | Brown 2 | 22311 |
| 96 | Direct | Brown 6 | 30140 |
| 97 | Direct | Brown 25 | 36030 |
| 98. | Direct | Brown 27 | 31725 |
| 99. | Direct | Brown 31 | 35660 |
| 100. | Direct | Brown 33 | 35520 |
| 101. | Direct | Brown 51 | 31710 |
| 102. | Direct | Brown 59 | 22354 |
| 103 | Direct | Brown 79 | 30056 |
| 104. | Direct | Brown 95 | 30145 |
| 105. | Direct | Brown 101 | 31740 |
| 106. | Direct | Brown 154 | 30120 |
| 107. | Direct | Brown 222 | 30368 |
| 108. | Direct | Black 4 | 30245 |
| 109. | Direct | Black 29 | 22580 |
| 110. | Direct | Black 38 | 30235 |
| 111. | Direct | Black 91 | 30400 |
| 112 | Direct | Black 154 | |
| 113 | Disperse | Yellow 7 | 26090 |
| 114 | Disperse | Yellow 23 | 26070 |
| 115 | Disperse | Yellow 56 | |
| 116. | Disperse | Orange 149 | |
| 117. | Disperse | Red 151 | 26130 |
| 118. | Disperse | Blue 1 | 64500 |

(ख) जुनसुकै रङ्गहरु आयात गर्दा हानिकारक एजो नभएको प्रमाण पत्र अनिवार्य रुपमा भंसार विन्दुमा पेश गर्नु पर्ने । ( मिति ०५३।३।६ को नेपाल राजपत्रबाट थप )

१.८ २० माइक्रोन भन्दा कम मोटाइको प्लाष्टिकको झोला ( मिति ०५७।१०।२ को नेपाल राजपत्रबाट थप )

**२. समुद्रपारबाट पैठारी गर्दा ईजाजतपत्र लिनुपर्ने :**

२.१ नेपाल सरकारले पैठारीका निमित्त परिमाणात्मक वन्देज लगाईएका वस्तुहरु ।

(क) समय समयमा वोल कवोलमा समावेश भएका वस्तुहरु ( व्यक्तिगत प्रयोजनका लागि विना आयात इजाजत पत्र पैठारी गर्नपाइने १ थान सम्मका वस्तुहरु वाहेक)

(ख) पोस्ता दाना (Poppy Seed) (मिति ०५५।३।२६ को नेपाल राजपत्रबाट थप)

२.२ व्यक्तिगत प्रयोजनका लागि पैठारी गर्न पाउने गरी तोकिएको परिमाण भन्दा बढी पैठारी गरेका वस्तुहरु ।

**३. समुद्रपारका मुलुकहरुबाट विना पैठारी इजाजत-पत्र तथा प्रतितपत्र वेगर पैठारी गर्न पाइने :**

(वोल कवोलमा परेका तथा बन्देज लगाइका वस्तुहरु बाहेक)

३.१ नेपाल सरकारका कार्यालय, संस्थान, सामाजिक संस्था वा प्रतिष्ठान वा आयोजनाको नाममा सम्झौता अन्तर्गत आउने सामानहरु सम्वन्धित मन्त्रालयको सिफारिशमा

३.२ कुनै व्यक्ति वा संस्थाले नेपालमा रहेका अशक्त विरामीलाई औषधोपचारको निम्ति उपहार स्वरुप पठाएका संकटकालीन आवश्यक औषधि

३.३ प्रचार-प्रसारको लागि पठाएका पोष्टर, क्यालेण्डर आदि प्रिण्टेड सामाग्रीहरु

३.४ नेपाल सरकार, अर्थ मन्त्रालयले भन्सार महसूल तथा विक्रीकर माफी गरेको वस्तु

३.५ कुनै व्यक्तिले विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्थाको निमन्त्रणा, सभा, सम्मेलन बैठक आदिमा भाग लिई उपहार वा पुरस्कार स्वरुप प्राप्त गरेका अमेरिकी डलर १०० सम्मको वस्तु

३.६ कुनै मित्र राष्ट्र वा अन्तर्राष्ट्रिय वा क्षेत्रीय संघ, संस्था, सामाजिक संस्था वा व्यक्तिले सम्वन्धित मन्त्रालयको स्वीकृतिमा नेपालको संघ, संस्थालाई प्रदान गर्ने उपहार, चन्दा, अनुदानका सामानहरु

३.७ नेपालमा संचालन भएका आयोजना तथा संयुक्त लगानीमा सम्झौता अन्तर्गत कार्यरत विदेशी व्यक्तिले निजी प्रयोगका लागि आयात गरेको सामान सम्वन्धित मन्त्रालयको सिफारिशमा

३.८ कनै कम्पनी वा फर्मको चिन्ह अंकित विज्ञापन, लेवल, स्टीकर र नमूना सामाग्रीहरु अमेरिकी डलर १०० सम्मको

३.९ विदेशी कम्पनी, संयुक्त लगानीका कम्पनी वा विदेशी एयरलाइन्सका प्रधान कार्यालयले नेपालस्थित प्रतिनिधि कार्यालय, शाखा कार्यालय वा जनरल सेल्स एजेण्ट (जि.एस.ए.) जस्ता रजिष्टर्ड फर्महरुलाई कार्यालय सम्वन्धी कामका लागि पठाइएको अमेरिकी डलर १००० सम्मका सामानहरु

३.१० गुण्टा, झिटी, भारी आदेशमा तोकिए वमोजिमका मात्र वस्तुहरु र तोकिएको परिमाण सम्मका सुन, चाँदी

३.११ १०० के.जी सम्मको कच्चा रेशम (मिति ०५५।५।१५ को नेपाल राजपत्रबाट थप )

४. उपर्युक्त खण्डहरुमा उल्लेख भएका वाहेक कुनै संस्थाको लागि व्यापारिक प्रयोजनका निमित्त नभै उपहार स्वरुप प्रदान गरिएका सामानहरु सम्वन्धित मन्त्रालयको सिफारिशमा औचित्य हेरी उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले निर्णय गरे अनुसार हुनेछ ।

५. यस सूचनामा अन्यथा उल्लेख भएका वाहेक नेपाल सरकारको स्वीकृति वेगर इजाजतपत्र अथवा प्रतितपत्र नखोली सोझै पैठारी गर्न पाइने छैन ।

यस २०४१ साउन १ गते खण्ड अतिरिक्ताङ्क १९(घ) को नेपाल राजपत्रमा प्रकाशित यस मन्त्रालयको सूचना खारेजगरिएको छ ।

## सूचना २

नेपाल सरकारको निकासी पैठारी नियमहरु, २०३४ को नियम ८ को उपनियम ४ ले दिएको अधिकार प्रयोग गरी दहायका माल वस्तुहरु पैठारी गर्दा लाग्ने पैठारी इजाजत दस्तुर र सोही नियमहरुको नियम ९ को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी पैठारी इजाजतपत्रमा उल्लिेखित कुनै व्यहोरा संशोधन गर्दा लाग्ने दस्तुर बमोजिम तोकेको छ :-

१. पैठारी इजानतपत्र लिएर मात्र पैठारी गर्न पाइने माल वस्तुहरुको हकमा पैठारी इजाजतपत्र जारी गर्दा कुनै पनि निकायको सिफारिस आवश्यक नपर्ने भएमा रु ५,०००।- (पाँच हजार) इजाजत दस्तुर लाग्नेछ । इजाजतपत्र लिन नपर्ने भएतापनि माल वस्तुहरु पैठारी गर्न वाणिज्य विभागबाट सिफारिस वा स्वीकृति लिदाँ समेत सोही बमोजिमको दस्तुर लाग्नेछ ।

२. एक वा एक भन्दा बढी निकायको सिफारिस आवश्यक पर्ने माल वस्तुको लागि पैठारी इजाजतपत्र जारी गर्दा रु. १०,०००।- (दश हजार) इजाजत दस्तुर लाग्नेछ । इजाजतपत्र लिन नपर्ने भएता पनि एक वा एक भन्दा बढी निकायको सिफारिसमा वाणिज्य विभागबाट सिफारिस वा स्वीकृति लिदा समेत सोही बमोजिमको दस्तुर लाग्नेछ ।

३. माथि प्रकरण १, र २ मा जुनसुकै कुरा लेखिएको भएतापनि पैठारी भएको माल वस्तुबाट उत्पादित तयारी सामान निकासी हुनेको हकमा त्यस्ता तयारी माल वस्तुको किसिम, परिमाण र समयावधि समेत तोकी यस मन्त्रालयले यस्तो दस्तुरमा छुट दिन सक्नेछ ।

४. माथि प्रकरण १, २ र ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि रु. २०,०००।- (बीस हजार) सम्मको पैठारीमा पैठारी इजाजतपत्र दस्तुर लाग्ने छैन ।

५. माथि प्रकरण १, २, ३ र ४ मा जुनसुकै लेखिएको भएतापनि व्यक्तिगत प्रयोजनको लागि पैठारी हुने माल वस्तुको हकमा देहाय बमोजिम दस्तुर लाग्नेछ :-

क) विदेशी नागरिकले पैठारी गरेको वा विदेशमा कार्यरत रहेको नेपाली नागरिकले निजले आर्जन गरेको परिवर्त्य विदेशी मुद्राको चालीस प्रतिशतसम्मको पैठारीमा रु. २०,०००।- (बीस हजार) भन्दा बढी मूल्यमा रु. ५,०००।- (पाँच हजार) पैठारी इजाजतपत्र दस्तुर लाग्नेछ ।

ख) माथि खण्ड -क) को प्रयोजनको लागि वर्षमा एक पटक मात्र पैठारी गर्न सकिने गरी व्यक्तिगत प्रयोजनको निमित्त देहाय बमोजिमका माल वस्तुहरु तोकिएका छन् :-

(१) रु. २०,०००।- (बीस हजार) सम्मको मोटर वा मोटर साइकलको पार्टस्,
(२) क्यामेरा -मुभी, डिजिटल तथा भिडियो क्यामेरा समेत) एक थान,
(३) प्रोजेक्टर एक थान,
(४) सिलाई बुनाई मेशिन एक थान,
(५) भिडियो डेक, म्युजिक सिष्टम तथा अन्य मनोरन्जनात्मक श्रव्यदृष्य सामग्री र त्यसको एसेसोरिज एक, एक थान,
(६) कम्प्युटर (प्रिन्तर, मनिटर, किवोर्ड तथा ल्यापटप समेत) एक एक थान,
(७) साइकल एक थान,
(८) वाइनाकुलर एक थान,
(९) टापइपराईटर एक थान,
१०) म्युजिकल सामग्री एक थान,
(११) फिसिङ रड एक थान,

(१२) लाइफ ज्याकेट एक थान,
(१३) सेफ्टी क्याप एक थान,
(१४) रवर बोट एक थान,
(१५) वन्दुक र गोलीहरु -गृह मन्त्रालयबाट सिफारिस भएको संख्या अनुसार इजाजतपत्र लिनु पर्ने,
(१६) फ्याक्स मेशिन, टेलिफोन, मोवाइल सेट एक एक थान,
(१७) यु. एस. डलर ५०० सम्मका घरायसी प्रयोजनका सामग्रीहरु,
(१८) यु. एस. डलर ५०० सम्मका पुस्तक तथा इलेक्ट्रोनिक पाठ्य सामग्री,

पैठारी भएका माल वस्तुको लागि माल वस्तुको मूल्य बरावर इजाजत दस्तुर लाग्नेछ ।

९. पैठारी इजाजतपत्रमा उल्लिखित कुनै व्यहोरा संशोधन गर्दा रु १,०००।- (एक हजार) दस्तुर लाग्नेछन् :

क) खण्ड ४२ संख्या ३३, मिति २०४९।८।१५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको सूचना २,

ख) खण्ड ५१, अतिरिक्तङ्क ५७, मिति २०५८।९।६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालित उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना,

ग) खण्ड ५७, अतिरिक्तांक ४०, मिति २०६४।१०।७ को नेपाल राजपत्र भाग५ मा प्रकाशित तत्कालिन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना ।

आज्ञाले,
पुरुषोत्तम ओझा
नेपाल सरकारको
सचिव

## सूचना - ३

नेपाल सरकारले निकासी पैठारी नियन्त्रण ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायमा लेखिए वमोजिमको उपहार पुलिन्दा वाहेक अरु उपहार पुलिन्दा इजाजतपत्र नलिई निकासी पैठारी गर्न मनाही गरेकोले यो आदेश जारी गरेको छ :

१. एक व्यक्तिले एक वर्षमा २ पटकमा नबढाई पुलिन्दाबाट एक पटकमा अमेरीकी डलर १०० (एकसय) सम्मको मालसामान उपहार स्वरुप विना इजाजत पैठारी गर्न पाउने छ । तर निम्न लेखिएका वस्तुहरु हुलाक पुलिन्दाबाट पैठारी गर्न पाइने छैन । (मिति ०५१।५।६ को नेपाल राजपत्रबाट संशोधित)

(क) सिन्थेटिक यार्न (७५ डेनियर वा सो भन्दा कमको)
(ख) क्यामेरा
(ग) घडी र पार्टपूर्जाहरु
(घ) ल्वाङ्ग
(ङ) सुकुमेल
(च) दालचिनी

(छ) फोटोग्राफिक पेपर

(ज) वियरिंग (सबै प्रकारको)

२. पूर्ण वा परिमाणात्मक वन्देज लगाइएका वस्तुहरु वाहेक अन्य वस्तुहरु हुलाक पुलिन्दाबाट त्रिभुवन विमानस्थल भंसार कार्यालय वा हुलाक पुलिन्दाबाट एक पटकमा अमेरिकी डलर ५,००० ।- सम्मको निकासी गर्न पाइने । (मिति ०६० ।६ ।२६ को राजपत्रबाट संशोधित)

३. नेपाली वा विदेशी नागरिकले दफा १ बमोजिम उपहार पुलिन्दा प्राप्त गर्न सक्नेछन् । तर राहदानी हुने विदेशी नागरिकले राहदानी र सो नहुने विदेशीले सम्वन्धित दुतावासबाट प्रमाणित गरेको प्रमाणपत्र पेश गर्नैंपर्नेछ ।

४. नेपाल सरकारका कार्यालयहरु, संघ, संस्थाहरुले भंसार महसूल मिन्हा पाउने तथा कुटनैतिक तहका व्यक्तिहरुको मालसामानका हकमा यो आदेश लागु हुने छैन ।

मिति २०२८ श्रावण १८ गते र २०४३ साल श्रावण १ गतेको नेपाल राजपत्रमा प्रकाशित यस मन्त्रालयको सूचनाहरु खारेज गरिएको छ ।

## सुर्ती आयात बारेको व्यवस्था
## २०३५ असोज ३० गते को नेपाल राजपत्र भाग ३ मा प्रकाशित
## उद्योग तथा वाणिज्य मन्त्रालयको सूचना

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले नेपाल अधिराज्यभर सवै जात र गुणस्तरका सूर्तिहरु ईजाजत वेगर पैठारी गर्न नपाउने गरी आजैका मिति देखि नियन्त्रण गरेको छ ।

## पेट्रोलियम पदार्थ आयात र आपूर्ति नियन्त्रण सम्वन्धी व्यवस्था
## नेपाल राजपत्र खण्ड ५१ अतिरिक्तांक ७५(क) भाग ३ मिति २०५८ चैत्र १९ मा प्रकाशित
## उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

नेपाल सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी पेट्रोलियम पदार्थ (पेट्रोल, डिजेल, मट्टीतेल, एल.पि.जि.ग्यांस र हवाइ इन्धन) को आयातमा नियन्त्रण गरी २०५८ साल चैत्र १९ गते देखि ६ महिनाको लागि नेपाल आयल निगमले पेट्रोलियम पदार्थको आयात र नेपाल राज्यभर आपूर्तिको व्यवस्था गर्ने गरी तोकेकोले यो सूचना प्रकाशन गरिएको छ ।

पुनश्च : मिति २०५९ चैत्र १७ मा प्रकाशित नेपाल राजपत्रको सूचना अनुसार अर्को व्यवस्था नभए सम्मको लागि पेट्रोलियम पदार्थको आयात, भण्डारण र बिक्री बितरणको लागि साबिकमा रहेको व्यवस्था बमोजिम नेपाल आयल निगमलाइ नै तोकिएको छ ।

## प्रेसर कूकर आयात बारेको व्यवस्था

## मिति २०६०/८/२९ को नेपाल राजपत्रमा प्रकाशित उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

नेपाल सरकारले निकासी पैठारी नियन्त्रण ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी भारत लगायत तेश्रो मुलुकबाट नेपालमा प्रेसर कुकर पैठारी भएपछि कुनै व्यक्ति वा डिलरले वाणिज्य कार्यालय वा प्रमुख जिल्ला अधिकारीको सिफारिसमा क्षेत्रिय प्रशासन कार्यालयको स्वीकृति लिएर मात्र भन्सार नाकाबाट तोकिएको स्थानसम्म तोकिएको परिमाणमा प्रेसर कुकर ढुवानी गर्न पाउने व्यवस्था गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## नून आपूर्ति सम्वन्धी व्यवस्था

## खण्ड २७ संख्या ६ नेपाल राजपत्र भाग ५ मिति २०६४/२/७ को नेपाल राजपत्रमा प्रकाशित उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

नेपालभित्र हुने नूनको आपूर्तिलाई व्यवस्थित, नियन्त्रित तथा नियमित गर्न नेपाल सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ को उपदफा (१) र प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ को दफा ३० ले दिएको अधिकार प्रयोग गरी नेपालभर आयोडिनयुक्त नूनको आयात तथा बिक्री वितरणको व्यवस्था संवत २०६४ साल साउन १ गतेदेखि संवत् २०६९ साल आषाढ मसान्तसम्मको लागि साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडबाट गराउने निर्णय गरेको हुँदा यो आदेश जारी गरेको छ ।

# प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४

लालमोहर सदर मिति २०१४/११/२

नेपाल राजपत्रमा प्रकाशित मिति २०१४/११/१३

| संशोधन गर्ने ऐन | लालमोहर सदर मिति | नेपाल राजपत्रमा प्रकाशित मिति |
|---|---|---|
| १. प्राइभेट फर्म, रजिष्ट्रेशन (संशोधन) ऐन, २०१७ | २०१८/१/१४ | २०१८/१/१६ |
| २. केही नेपाल कानून (संशोधन र पुनः व्यवस्थापन) ऐन, २०२० | २०२०/११/१६ | २०२०/११/१६ |
| ३. न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ | २०४३/७/२४ | २०४३/७/२४ |
| ४. प्राइभेट फर्म रजिष्ट्रेशन (दोश्रो संशोधन) ऐन, २०४४ | २०४४/६/९ | २०४४/६/९ |
| ५. न्याय प्रशासन ऐन, २०४८ | २०४८/२/१६ | २०४८/२/१६ |
| ६. लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ | २०६३/७/१७ | २०६३/७/१७ |

२०१४ सालको ऐन नं. २०

## प्राइभेट फर्महरुलाई रजिष्टर गर्नको निमित्त बनेको ऐन

व्यापारमा र उद्योग व्यवसायमा लागेको प्राइभेट फर्महरुको रजिष्ट्रेशन र तत्सम्वन्ध अरु व्यवस्था गरी सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न वान्छनीय भएकोले श्री ५ महाराजाधिराजवाट यो ऐन वनाई जारी गरिवक्सेकोछ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :
   १. यस ऐनको नाम "प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४" रहेको छ ।
   २. यो ऐन नेपाल भरमुलुक लागू हुनेछ ।
   ३. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-
   (क) "प्राइभेट फर्म" भन्नाले निजी वा कथित नामवाट एक व्यक्तिले उद्योग व्यवसायका निकासी वा पैठारीको व्यापार गर्ने फर्म वा कम्पनी वा कोठी सम्झनु पर्छ ।
   ख) "निकासी" भन्नाले नेपाल राज्यवाट विदेशमा मालसामान निकासी गर्ने काम सम्झनु पर्छ ।
   (ग) "पैठारी" भन्नाले विदेशवाट नेपाल राज्यमा मालसामान पैठारी गर्ने कार्य सम्झनुपर्छ ।
   (घ) "सूचीत आदेश" भन्नाले नेपाल राजपात्रमा प्रकाशित आदेश सम्झनु पर्छ
   (ङ) "सम्वन्धित विभाग" भन्नाले वाणिज्य सम्वन्धी फर्मको विषयका लागि वाणिज्य विभाग, घरेलु तथा ग्रामिण उद्योगको विषयका लागि घरेलु तथा ग्रामिण विभाग र सो वाहेकका अन्य उद्योगको विषयकालागि उद्योग विभाग सम्झनुपर्छ ।
   (च) "तोकिएको" वा "तोकिए वमोजिमको" भन्नाले यो ऐन अन्तर्गत वनेका नियममा तोकिएको वा

तोकिए वमोजिमको सम्झनु पर्छ ।

३ रजिष्टर्ड नगराई प्राइभेट फर्म खोल्न मनाही : यो ऐन प्रारम्भ भएपछि यो ऐनवमोजिम रजिष्टर नगराई कसैले पनि प्राइभेट फर्म खोल्न हुदैन ।

४ प्राइभेट फर्म रजिष्टर गर्नलाई दरखास्त दिने र रजिष्ट्रेशन :

(१) कुनै प्राइभेट फर्म रजिष्टर गराउन चाहने व्यक्तिले तोकिएको दस्तुर सहित तोकिएको ढाँचाको दरखास्त सम्वन्धित विभागछेउ दिन सक्नेछ । त्यस्तो दरखास्तमा देहायका विवरण खोलिएको हुनुपर्छ :

(क) प्राइभेट फर्मको नाम

(ख) प्राइभेट फर्मको ठेगाना

(ग) प्राइभेट फर्मको उद्धेश्य तथा त्यसले कारोवार गर्ने चीज वस्तु तथा कामको विवरण

(घ) प्राइभेट फर्मको धनीको नाम, ठेगाना र वावु , वाजेको नाम, र

(ङ) समय समयमा नेपाल सरकारले सूचित आदेशद्धारा तोकिएको  अरु विवरणहरु

(२) उपदफा (१) अन्तर्गत कसैको दरखास्त दाखिल भएपछि सम्वन्धित विभागले तोकिए वमोजिम आवश्यक जांचवुझ गरी हेर्दा दरखास्तमा खोलिएको विवरण सांचो हो भन्ने आफूलाई विश्वास हुने मनासिव कारण देखेमा तोकिए वमोजिमको रजिष्टर कितावमा प्राइभेट फर्म रजिष्टर गरी त्यसको तोकिएको ढाँचाको प्रमाणपत्र दरखास्तवालालाई दिइनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एउटै व्यक्तिको नाममा एकै उद्धेश्य भएको एक भन्दा वढी वाणिज्य सम्वन्धी प्राइभेट फर्म रजिष्टर गरिने छैन ।

५. प्राइभेट फर्मको प्रमाणपत्रको अवधि र रिन्यू गर्ने तरिका : यो ऐन वमोजिम रजिष्टर भएका प्रत्येक पाइभेट फर्मको प्रमाणपत्रको अवधि रिन्यु गर्ने तरिका र त्यसरी रिन्यु गराउंदा लाग्ने दस्तूर तोकिएवमोृजिम हुनेछ ।

६. विवरणमा हेरफेर गर्नु परेमा स्वीकृति लिनु पर्ने : दफा ४ को उपदफा (१) वमोजिम सम्वन्धित विभाग छेउ दिइराखेको विवरणमा कुनै हेरफेर गर्नु परेमा तोकिएको म्यादभित्र तोकिए वमोजिमको सूचना सम्वन्धित विभाग छेउ दिनु पर्नेछ र सम्वन्धित विभागवाट स्वीकृति प्राप्त भएपछि मात्र हेरफेर गर्न सकिनेछ ।

७ यो ऐन वमोजिम रजिष्टर नभएका प्राइभेट फर्मको नामवाट भएको लेनदेन र अरु कारोवारलाई कानूनी मान्यता नदिइने : यो ऐन प्रारम्भ भएपछि यो ऐन वमोजिम रजिष्टर नभएको प्राइभेट फर्मको नामवाट गरिएको कुनै पनि लेनदेन वा अरु कारोवारलाई कानुनी मान्यता दिइने छैन ।

**७(क) सम्वन्धित विभागले विवरण माग गर्न सक्ने :**

(१) यस ऐन अन्तर्गत रजिष्टर  भएको कुनै प्राइभेट फर्मसंग सम्वन्धित विभागले त्यस्तो प्राइभेट फर्मको हिसावको विवरण माग गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम माग गरिएको हिसावको विवरण सम्वन्धित विभागमा पेश गर्नु त्यस्तो प्राइभेट फर्मको कर्तव्य हुनेछ ।

**७(ख) प्राइभेट फर्म खारेज गर्न सकिने :**

(१) देहायको अवस्थामा सम्वन्धित विभागले प्राइभेट फर्म खारेज गर्न सक्नेछ :

(क) वाणिज्य व्यवसाय सम्वन्धि प्राइभेट फर्मले तोकिएको अवधिभित्र नवीकरण नगराएमा,

(ख) प्राइभेट फर्मको धनीले मुनासिव कारण दर्शाई आफ्नो प्राइभेट फर्मए खारेज गरी पाऊं

भनि सम्वन्धित विभागमा निवेदन दिएमा,

(ग) दफा ४ को उपदफा (३) को विपरित हुने गरी कुनै कुरा ढांटी प्राइभेट फर्म दर्ता गरेको ठहरिएमा,

(घ) सम्वन्धित विभागले दफा ७ क वमोजिमको विवरण माग गर्दा सम्वन्धित प्राइभेट फर्मले तोकिएको अवधिभित्र सो विवरण पेश नगरेमा,

(ङ) उद्योगसम्वन्धि प्राइभेट फर्मले कार्य संचालन गरी सम्वन्धित विभागलाई जानकारी दिई वा नदिई उद्योग वन्द गरेमा,

(च) उद्योगसम्वन्धि प्राइभेट फर्मले नवीकरण गर्ने म्याद समाप्त भएको मितिले तोकिएको अवधिभित्र नवीकरण नगराएमा वा नवीकरण गराए पनि ईजाजतको शर्त वमोजिम उद्योग स्थापना र संचालन गर्नको लागि कारखाना निर्माण,मेशिनरी औजार वा उपकरणका खरीद वा उद्योग संचालनको लागि आवश्यक कार्य गरेको लिखित प्रगति विवरण सम्वन्धित विभागमा नदिएमा, वा

(छ) प्राइभेट फर्मले यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियमको विपरित हुने गरी अन्य कुनै कार्य गरेमा ।

(२) उपदफा (१) को खण्ड (क) ,(ग),(घ),(ङ),(च) वा(छ) वमोजिम सम्वन्धित विभागले प्राइभेट फर्म खारेज गर्नु अघि सम्वन्धित प्राइभेट फर्मलाई सफाईको सवुद पेश गर्ने उचित अवसर दिनु पर्नेछ ।

(३) उपदफा (१) को खण्ड (क),(ग),(घ),(ङ),(च) वा (छ) वमोजिम सम्वन्धित विभागवाट प्राइभेट फर्म खारेज भएमा त्यसरी खारेज भएको फर्मका धनीको नाममा एक वर्ष सम्म सोही उद्धेश्य भएको अर्को प्राइभेट फर्म रजिष्टर गरिने छैन ।

(८) **दण्ड सजाय :**

(१) यो ऐन वमोजिम रजिष्टर नगराई खोलिएको प्रत्येक प्राइभेट फर्मको प्रत्येक धनीलाई सम्वन्धित विभागको तजविजले रु .५।- पांचदेखि रु.पचाससम्म जरिवाना हुनेछ र सोही अपराध फेरि गरेमा ३ पटक सम्म पटकै पिच्छे शुरुमा हुने जरिवानामा थप रु .१०। दश जरिवाना गरिने छ । चौथो पटक पनि त्यस्तो गरेमा निजका नाममा कहिले पनि रजिष्टरी हुने छैन ।

(२) दफा ४ अन्तर्गत दरखास्त दिंदा झुठा विवरण दाखिल गर्ने व्यक्तिलाई सम्वन्धित विभागका तजविजले रु. २५।- पच्चीस देखि रु . ५०।- पचास सम्म जरिवाना हुनेछ ।

(३) दफा ६ वमोजिम दिनु पर्ने सूचना तोकिएको म्यादभित्र नदिने वा झुठा सूचना दिने प्राइभेट फर्मलाई सम्वन्धित विभागका तजविजले रु. २५। पच्चीस देखि .५०।- पचाससम्म जरिवाना हुनेछ ।

(४) यो ऐन वमोजिम रजिष्टर वा रिन्यू नभएको प्राइभेट फर्म र सो फर्मको कारोवार गर्ने कुनै पनि बैंकले कुनै पनि मालसमान निकासी पैठारी गर्न नपाउने गरी नेपाल सरकारले सूचीत आदेश द्वारा मनाही गर्न सक्छ ।

(५) यो दफा अन्तर्गत सम्वन्धित विभागले गरेको सजायमा चित्त नवुझ्ने व्यक्तिले पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(९) नियम वनाउने अधिकार :– यो ऐनको उद्धेश्य कार्यान्वित गर्न नेपाल सरकारले नियमहरु वनाउन सक्छ । सो नियममा लेखिएका कुराहरु उल्लंघन गर्ने व्यक्तिलाई जरिवाना गर्ने व्यवस्था पनि सोही

नियममा नेपाल सरकारले गर्न सक्छ ।

(१०) **खारेजी :-** २००० साल चैत्र १७ गते रोज ४ को प्राइभेट कम्पनी कानून खारेज गरिएको छ ।

(११) **अघिका इजाजतपत्रहरु रद्दी हुने :-** यो ऐन प्रारम्भ हुनु भन्दा अघि प्राइभेट फर्म खोल्ने सम्वन्धमा नेपाल सरकारवाट दिइराखेको सवै इजाजतपत्रहरु नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरि तोकिदिएको म्यादभित्र दफा ५ अन्तर्गत तोकिएको रीत पुरयाई रिन्यू गराउनु पर्छ । सो म्यादभित्र रिन्यू नभएको इजाजतपत्रहरु रद्दी हुनेछन् ।

द्रष्टव्यः प्रतिनिधिसभा घोषणा २०६३ द्धारा रुपान्तर भएको शव्द : (
'श्री ५ को सरकारको' सट्टा 'नेपाल सरकार'

# प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४

नेपाल राजपत्रमा प्रकाशित मिति २०३४/४/२४

| | |
|---|---|
| प्राइभेट फर्म रजिष्ट्रेशन (पहिलो संशोधन) नियमावली, २०३७ | २०३९/१/६ |
| प्राइभेट फर्म रजिष्ट्रेशन (दोस्रो संशोधन) नियमावली, २०६० | २०६०/११/२५ |
| प्राइभेट फर्म रजिष्ट्रेशन (तेस्रो संशोधन) नियमावली, २०६१ | २०६१/४/२५ |
| प्राइभेट फर्म रजिष्ट्रेशन (चौथो संशोधन) नियमावली, २०६३ | २०६३/६/२३ |
| प्राइभेट फर्म रजिष्ट्रेशन (पााचौं संशोधन) नियमावली, २०६४ | २०६४/१०/२७ |
| प्राइभेट फर्म रजिष्ट्रेशन (छैठौं संशोधन) नियमावली, २०६५ | २०६५/६/४ |
| प्राइभेट फर्म रजिष्ट्रेशन (सातौं संशोधन) नियमावली, २०६६ | २०६६/५/१५ |
| प्राइभेट फर्म रजिष्ट्रेशन (सातौं संशोधन) नियमावली, २०६८ | |
| प्राइभेट फर्म रजिष्ट्रेशन (सातौं संशोधन) नियमावली, २०७० | |

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ :-

१. संक्षिप्त नाम र प्रारम्भ :-

(१) यी नियमहरुको नाम प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा :- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो नियमावलीमा "ऐन" भन्नाले प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ सम्झनु पर्छ ।

३. फर्म रजिष्ट्रर गराउन दरखास्त दिनुपर्ने :- प्राइभेट फर्म रजिष्ट्रेशन गराउन चाहने व्यक्तिले रजिष्टर गराउनु पर्ने फर्म वाणिज्य सम्बन्धी भए नेपाल सरकार, बाणिज्य विभागमा र उद्योग सम्बन्धी भए त्यसको वर्गीकरण अनुसार नेपाल सरकार, उद्योग विभाग वा घरेलु तथा साना उद्योग विभागमा एकसय रुपैंया दस्तुर सहित अनुसूची १ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

४. रजिष्ट्रेशन दस्तुर :- देहाय बमोजिमको पूँजीभएको प्राइभेट फर्म रजिष्ट्रेशन गर्दा देहाय बमोजिमको रजिष्ट्रेशन दस्तुर लाग्नेछः-

| | | |
|---|---|---|
| क | रु. १,००,००० सम्म पूँजीभएको फर्मलाई | रु. १,००० ।- |
| ख | रु. १,००,००१ भन्दा बढी रु. ३,००,००० ।– सम्म पूँजीभएको फर्मलाई | रु. ३,००० ।- |
| ग | रु. ३,००,००१ भन्दा बढी रु. ५,००,००० ।- सम्म पूँजीभएको फर्मलाई | रु. ६,००० ।- |
| घ | रु. ५,००,००१ भन्दा बढी रु. २०,००,००० ।- सम्म पूँजीभएको फर्मलाई | रु. १२,००० ।- |

| | | |
|---|---|---|
| ङ | रु. २१०,००,००१ भन्दा बढी रु. १,००,००,००० ।- सम्म पूँजीभएको फर्मलाई | रु. २०,००० ।- |
| च | रु. १,००,००,००१ ।- भन्दा बढी रु. ५,००,००,००० ।- | रु. ३०,००० ।- |
| छ | रु. ५,००,००,००१ ।- र सो भन्दा माथि | रु. ५०,००० ।- |

५. दरखास्तसाथ नागरिकताको प्रमाणपत्र र अन्य कागजात पेश गर्नुपर्ने :- प्राइभेट फर्म रजिष्ट्रेशन गराउन चाहने व्यक्तिले आफ्नो फर्म रजिष्टर गराउन दरखास्त दिंदा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र सम्बन्धित विभागले तोकेको अन्य कागजातहरु पेश गर्नु पर्नेछ ।

६. रजिष्ट्रेशन गर्ने :-

(१) नियम ३ बमोजिम दरखास्त परेपछि सम्बन्धित विभागले प्राइभेट फर्म खोल्न दिन मनासिव देखेमा विभागमा रहेको रजिष्टर किताबमा सो फर्म रजिष्टर गरी बाणिज्य विभागले भए अनुसूचि २ बमोजिमको र उद्योग विभागले भए अनुसूचि ३ बमोजिमको र घरेलु तथा साना उद्योग विभागले भए अनुसूचि ४ बमोजिमको प्रमाणपत्र दिनेछ ।

(२) फर्म रजिष्ट्रेशन गर्ने सम्बन्धित विभागले तोकिदिएको हदसम्म पूँजीभएका फर्मलाई रजिष्टर गर्न सक्ने अधिकार कुनै कार्यालय वा अधिरीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

७. प्राइभेट फर्मको अवधि र नवीकरण :-

(१) रजिष्ट्रेशन भएको प्राइभेट फर्मको अवधि तीन वर्षको हुनेछ । सम्बन्धित विभागले फर्मको उद्देश्य र कारोवारका आधारमा प्राईभेट फर्म सम्बन्धि आवश्यक मापदण्ड तोक्न सक्नेछ ।

"(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापिन यो उपनियम प्राम्राम्भ हुदाको वखत बहाल रहेको प्राइभेट फर्मको अवधि त्यस्तो प्राइभेट फर्म रजिष्ट्रेशन वा नविकरण सम्बन्धी प्रमाणपत्रमा उल्लेख भएको अवधि सम्म कायम रहनेछ र सो अवधि भुक्तान भएपछि नविकरण गर्दा दुई वर्षका लागि गरिनेछ ।"

(३) प्राइभेट फर्म नविकरण गराउन चाहने प्राइभेट फर्मको धनीले उपनियम (१) वा (२) बमोजिमको अवधि समाम्त भएको मितिले ३५ दिनभित्र प्राइभेट फर्म नविकरण गराउनको लागि दहायका काजजात संलग्न गरी सम्बन्धित कार्यालयमा दरखास्त दिनुपर्नेछ :-

(क) आयकर (स्थायीलेखा नम्बर) दर्ता प्रमाणपत्रको प्रतिलिपि

(ख) अघिल्लो आर्थिक वर्षको कर तिरेको निस्सा, र

(ग) पचास लाख रुपैया वा सोभन्दा बढी पूँजी भएका प्राइभेट फर्मको हकमा लेखा परिक्षण सम्बन्धी प्रतिबेदन ।

**स्पष्टिकरण :** यस नियमावलीको प्रायोजनका लागि "सम्बन्धिन कार्यलय" भन्नाले वाणिज्य व्यावसायको लागि काठमाडौ उपत्यकाको हकमा सम्बन्धित विभाग र अन्यत्रको हकमा वाणिज्य कार्यालय भएको जिल्लामा सोही कार्यालय तथा त्यस्तो कार्यालय नभएको जिल्लामा सम्बन्धित विभागले तोकिदिएको कार्यालय र उद्योग व्यावसायको लागि सम्बन्धित विभाग घरेलु तथा साना उद्यो ग कार्यालय भएको जिल्लामा सोही कार्यालय तथा त्यस्तो नभएको जिल्लामा सम्बन्धित विभागले तोकिदिएको कार्यालयलाई जनाउदछ ।

(४) उपनियम (३) बमोजिम दरखास्त प्राप्त भएमा सम्बन्धित कार्यालयले देहायको पूँजी भएको प्राइभेट फर्मको लागि देहायबमोजिम दस्तुर लिई त्यस्तो प्राइभेट फर्म नविकरण

गरिदिनुपर्दछ :-

| | |
|---|---|
| "(क) एकलाख रुपैयाँ सम्म | छसय रुपैयाँ |
| (ख) एकलाख रुपैयाँ भन्दा बढी तीनलाख रुपैयाँसम्म | एकहजार रुपैयाँ |
| (ग) तीनलाख रुपैयाँ भन्दा बढी पााचलाख रुपैयाँसम्म | एकहजार छसय रुपैयाँ |
| (घ) पाँचलाख रुपैयाँ भन्दा बढी बीसलाख रुपैयाँसम्म | तीनहजार रुपैयाँ |
| (ङ) बीसलाख रुपैयाँ भन्दा बढी एक करोड रुपैयाँसम्म | पाँचहजार रुपैयाँ |
| (च) एककरोड रुपैयाँ भन्दा बढी पााचकरोड रुपैयाँसम्म | आठहजार रपैयाँ |
| (छ) पाँचकरोड रुपैयाँ भन्दा बढी जतिसुकै भएपनि | पन्ध्रहजार रुपैयाँ |

"(५) उपनियम(३) बमोजिमको अवधिभित्र प्राइभेट फर्म नविकरण गराउन नसकेको प्राइभेट फर्मको धनीले प्राइभेट फर्म नविकरण गराउन नसकेको मनोसिब कारण देखाई सो अवधि समाप्त भएको मितिले एक वर्ष भित्र नविकरणको लागि दरखास्त दिएमा र त्यसरी दिएको दरखास्त जाँचबुझ गर्दा मनोसिब देखिएमा सम्बन्धित कार्यालय देहाय बमोजिम नविकरण दस्तुर लिई त्यस्तो प्राइभेट फर्म नविकरण गरी दिनु पर्दछ :-

(क) प्राइभेट फर्मको अवधि समाप्त भएको छत्तिसौ दिन  देखि तीन महिना सम्मका लगि उपनियम (४) बमोजिमको दस्तुरको दोब्बर दस्तुर ,

(ख) खण्ड (क) मा उल्लिखित अबधि समाप्त भएको दिनदेखि एक वर्षसम्मको लागि उपनियम (४) बमोजिमका दस्तुरको तेब्वर दस्तुर ।"

**८. विवरणमा हेरफेर गर्न सूचना दिनुपर्ने :-**

(१) कुनै प्राइभेट फर्म धनीले आफ्नो प्राइभेट फर्म रनिष्टर गराउादा दिएको विवरणमा हेरफेर गर्न चाहेमा हेरफेर गर्नु पर्ने विवरणहरु खुलाई सोको लिखित सह्चना सम्बधित कार्यालयमा दिनुपर्नेछ ।

(२) उपयिम (१) बमोजिम लिखित सूचना प्राप्त भएमा सो सम्बन्धमा जाँचबुझ गरी मनाशिब देखिएमा सम्बन्धित कार्यालयले त्यस्तो विवरण हेरफेर गर्न स्वीकृती दिनेछ र आफूसँग रहेको त्यस्तो समेत दिनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम विवरण संशोधन गरेमा सम्बन्धित कार्यलयले सोको जानकारी सम्बन्धित कार्यलयले सोको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यलयलाई समेत दिनुपर्नेछ ।

**९. प्रमाणपत्र लिन सकिने :-**

(१) नियम ६ बमोजिम प्रदान गरिएको रजिष्ट्रेशनको प्रमाणपत्र हराएमा, नष्ट भएमा वा अन्य कुनै कारणबाट काम नलाग्ने भएमा वाणिज्य सम्बन्धी भए नेपाल सरकार, वाणिज्य विभाग र उद्योग सम्बन्धी भए नेपाल सरकार, उद्योग विभाग वा घरेलु तथा साना उद्योग विभागमा प्राइभेट फर्मका धनीले निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम परेको निवेदनको व्यहोरा मनासिव देखेमा सम्बन्धित विभागले तीन सय लिइ निवेदकलाई  रजिष्ट्रेशनको अर्को प्रमाणपत्रको प्रतिलिपी दिनेछ ।

(क) खारेज गर्दा दस्तुर तथा जरिवाना असुल गर्ने : प्राइभेट फर्म खारेज गरीपाँउ भनि कुनै प्राइभेट फर्मको धनीले मुनाशिव कारण दर्शाइ विभागमा निवेदन दिएमा सम्बन्धित विभागले नीजलाई अघिल्लो आर्थिक वर्षसम्मको कर तिरेको प्रमाण पेश गर्न लगाई त्यस्तो प्राइभेट फर्मले तिर्न बुझाउन बाँकी रहेको यस नियमावली बमोजिम लाग्ने दस्तुर

तथा जरिवाना समेत नीजबाट असुल गरी प्राइभेट फर्म खारेज गर्नुपर्नेछ ।

१०. [7]**नवीकरण सम्बन्धी विशेष व्यवस्था :-**

(१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो नियम प्रारम्भ हुँदाका बखत प्राइभेट फर्म नवीकरण गराउन नसकेका प्राइभेट फर्मको धनीले नवीकरण गराउन नसकेको मनासिब कारण खुलाई यो उपनियम प्रारम्भ भएको मितिले दुईबर्षभित्र नवीकरण गराउनका लागि दरखास्त दिएमारि त्यस्तो दरखास्त जाँचबुझ गर्दा कारण मनाशिब देखिएमा सम्बन्धित कार्यालयले नियमको उपनियम (४) बमोजिम प्रत्येक नवीकरण अवधिको लागि लाग्ने नवकरण दस्तुरको तेब्बर दस्तुर र नवीकरण गराउन नसकेको बीस लाखसम्म पूँजी भएको प्राइभेट फर्मको हकमा प्राइभेट फर्मबाट प्रत्येक बर्षका लागि दद्दइ हजार पााचसय रुपैयाँका दरले र बीस लाखभन्दा बढी पूँजी भएको प्राइभेट फर्मबाट प्रत्येक बर्षको लागि पाँच हजार रुपैयाँका दरले जरिवाना लिई त्यस्तो प्राइभेट फर्म नवीकरण गरिदिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको म्यादभित्र पनि कुनै प्राइभेट फर्मको धनीले प्राइभेट फर्म नवीकरण गराउन दरखास्त नदिएमा त्यस्तो प्राइभेट फर्म खारेज गर्ने सम्बन्धमा सम्बन्धित विभागले ऐनको दफा ७ ख बमोजिम आवश्यक कारबाही गर्नेछ ।

(क) साइनबोर्ड र मूल्यसूची राख्नुपर्ने :-

प्राइभेट फर्म दर्ता भइसकेपछि त्यस्तो प्राइभेट फर्मकोधनीले आफ्नो फर्मको नाम, ठेगना, दर्ता नं. र मिति प्रष्ट रुपमा उल्लेख भएको साइनबोर्ड र आफूले कारोबार गर्ने बस्तु वा सेवाको प्रचलित कानून बमोजिमको मूल्यसूची कारोबार स्थलमा राख्नुपर्नेछ ।

११. खारेजी :- प्राइभेट फर्म रजिष्ट्रेशन दस्तुर (संशोधन र एकीकरण) नियमहरु, २०१८ खारेज गरिएको छ ।

---

[7] सातौ संशोधनद्धारा संशोधित ।

अनुसूची-१
(नियम ३ सँग सम्वन्धित)

श्री महानिर्देशक,
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,
वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग,

महोदय,

तल लेखिए बमोजिमको उद्योग व्यापार व्यवसाय गर्न निम्नलिखित नामको प्राइभेट फर्म मेरो/हाम्रो नाममा रजिष्ट्रेशन गराउन इच्छुक भएकोले यो निवेदनपत्र पेश गरेको छु/छौं । लेखिएको व्यहोरामा कुनै कुरा झुट्ठा ठहरे प्रचलित नेपाल कानून बमोजिम सहुँला बुझाउँला ।

१. फर्मको पूरा नाम :-
२. फर्मको पूरा ठेगाना :-
३. उद्देश्य :-
४. पूँजीः-
५. कारोवार गर्ने चीज तथा कामको विवरण :-
६. प्राइभेट फर्मका धनी वा साझेदारहरुको तीन पुस्ते नाम, थर, वतन र हिस्साको अङ्क यो फर्मको काम नोक्सानी भएमा घर घरानाबाट व्यहोर्ने राजी हुने (हुनेहरु) :-

दरखास्तवाला (दरखास्तवालाहरु) को लेखात्मक र रेखात्मक दुबै औठाको सहीछाप ।

दा .          वा.

साक्षी

दरखास्तवालाको माथि लेखिए बमोजिमको नाम, थर,वतन ठीक दुरुस्त छ भने सनाखत गर्ने ।

इति सम्वत् २०    साल    महिना    गते रोज    शुभम्

अनुसूची - २
(नियम ६ सँग सम्वन्धित)
नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग

प्रा.फा.नं.

## प्रमाणपत्र

निम्न लेखिएको विवरण ............................................... सम्वत् २०     साल     महिना गते रोज     मा फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम रजिष्टर गरी यो प्रमाणपत्र दिइएको छ ।

## विवरण

धनी (प्रोप्राइटर) को नाम, थर र वतन :-

फर्मको ठेगाना :-

पूँजीरु.

निर्देशक तथा नियन्त्रक

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

**वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग**

## नवीकरण (रिन्युवल) गरिएको

| मिति | नवीकरण गरिएको अवधि | दस्तुर बुझाएको रु. को भौचर नं. मिति | दस्तखत |
|---|---|---|---|
| | | | |

अनुसूची-३
(नियम ६ सँग सम्वन्धित)
नेपाल सरकार

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## **वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग**

प्रा.फा.नं.

## प्रमाणपत्र

........................................................................ सम्वत् २०    साल         महिना      गते रोज
मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम रजिष्टर गरी यो प्रमाणपत्र दिइएको छ ।

### विवरण

धनी - प्रोप्राइटर) को नाम, थर र वतन :-
फर्मको ठेगाना :-
पूँजीरु.

निर्देशक

## नवीकरण (रिन्युवल) गरिएको प्रमाणपत्र

| नवीकरण (रिन्यू) गर्ने कार्यालयको नाम | नवीकरण (रिन्यू) वहाल रहने मिति | नवीकरण (रिन्यूवल) दस्तूर भौचर नं. मिति | दस्तखत र मिति |
|---|---|---|---|
| | | | |

अनुसूची - ४
(नियम ६ सँग सम्वन्धित)

नेपाल सरकार

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

# घरेलु तथा साना उद्योग विभाग

प्रा.फा.नं.

## प्रमाणपत्र

........................................................................ सम्वत् २० साल महिना गते रोज मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम रजिष्टर गरी यो प्रमाणपत्र दिइएको छ ।

## विवरण

धनी (प्रोप्राइटर) को नाम, थर र वतन :-

फर्मको ठेगाना :-

पूँजीरु.

उद्देश्य :-

अश्वशक्ति :-

मिति :-

महानिर्देशक

## नवीकरण गरेको प्रमाण

| नवीकरण गर्ने कार्यालयको नाम | नवीकरण गरेको मिति | नवीकरण दस्तूर को भौचर नं. र मिति | दस्तखत |
|---|---|---|---|
| | | | |

# साझेदारी ऐन, २०२०

| | |
|---|---|
| लालमोहर र प्रकाशन मिति | २०२०/११/१६ |
| संशोधन गर्ने ऐन | |
| १ न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ | २०४३/७/२४/२ |
| २ साझेदारी (पहिलो संशोधन) ऐन, २०४४ | २०४४/७/११ |
| ३ न्याय प्रशासन ऐन, २०४८ | २०४८/२/१६ |

२०२० सालको ऐन नं. ३६

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्त महेन्द्रमाला ओजस्विराजन्य अतितेजश्वी त्रिभुवन प्रजातन्त्र श्रीपद अति किर्तिमय नेपाल श्रीपद प्रोज्ज्वल नेपालतारा ॐराम पट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रवल गोरखादक्षिणवाहु महाधिपति अतिरथि परमसेनाधिपती श्री श्री श्री श्री श्री महाराजाधिराज महेन्द्र वीर विक्रमशाहदेव सदा समर विजयिनाम्

## साझेदारीको व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना :–** सर्वसाधारण जनताको हित तथा सुविधाका लागि साझेदारी सम्वन्धी कानूनी व्यवस्था गर्नु वान्छनीय भएकोले, श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेववाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

(१) **संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(१) यस ऐनको नाम "साझेदारी ऐन, २०२०" रहेको छ

(२) यो ऐन नेपाल राज्यभर लागू हुनेछ ।

(३) यो ऐन तूरुन्त प्रारम्भ हुनेछ ।

(२) **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "व्यवसाय" भन्नाले उद्योग वाणिज्य पेशा वा वृत्तिलाई समेत जनाउंछ ।

(ख) "तोकिएको" वा "तोकिएवमोजिमको" भन्नाले यस ऐन वा यस ऐन अन्तर्गत वनेको नियममा तोकिएको वा तोकिएवमोजिमको सम्झनु पर्छ ।

(ग) "उनाउ व्यक्ति" भन्नाले साझेदारी फर्मका सम्वन्धमा साझेदार वाहेकका अरु कुनै व्यक्तिलाई सम्झनु पर्छ ।

(घ) "सूचित आदेश" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा प्रकाशित गरेको कुनै आदेश सम्झनु पर्छ ।

(ङ०) "सम्वन्धित विभाग" भन्नाले वाणिज्यसम्वन्धी विषयमा वाणिज्य विभाग, घरेलु तथा ग्रामिण उद्योग सम्वन्धी विषयमा घरेलु तथा ग्रामिण उद्योग विभाग र सो वाहेकको अन्य उद्योगको

लागि उद्योग विभाग सम्झनु पर्छ ।

(३) **साझेदारी भन्नाले :**

(१) कुनै व्यक्तिहरुले एउटै नाम राखी मुनाफा वण्डा लगाउने गरि सवै साझेदारले प्रत्येक साझेदारका लागि वा कुनै साझेदारले सवै साझेदारका लागि सवै कारवोवारमा भाग लिन आपसमा कवुलियत गरी यस ऐन वमोजिम नेपाल सरकारको लगतमा दर्ता गराएको कुनै कारोवारलाई सम्झनु पर्छ ।

(२) कवुलियत गर्ने व्यक्तिहरुलाई एक अर्काको सम्वन्धमा साझेदार र सवै साझेदारलाई सामुहिक रुपले फर्म र जुन एक नामवाट कारोवार चल्दछ त्यसलाई फर्मको नाम भन्नु पर्छ ।

(३) साझेदार वाहेक साझेदारी फर्म व्यक्ति हुदैन ।

(४) **एका सगोलका कारोवार साझेदारी भन्न नहुने :** एकाघर सगोलका अंशियारहरुले कवुलियत गरी साझेदारीमा कारोवार चलाएका रहनेछन भने सगोलको कारोवार यस ऐनको तात्पर्यका लागि साझेदारी मानिने छैन ।

## परिच्छेद २

### फर्महरु सम्वन्धित विभागको लगतमा दर्ता गराई प्रमाण दिनु पर्ने ।

(५) **सम्वन्धित विभागको लगतमा दर्ता गराउनु पर्ने :** साझेदारी खडा भएको ६ महिनाभित्र सो साझेदारीलाई यस ऐनवमोजिम सम्वन्धित विभागको लगतमा दर्ता गराउनु पर्छ । तर, सो वमोजिम दर्ता नभएको अवधिभित्र सो साझेदारीले वा सो साझेदारीका निमित्त गरेको कुनै काम वा कारोवार लाई यस ऐनवमोजिमको कानून मान्यता हुने छैन ।

(६) **दर्ताको दरखास्तमा खुलाउनु पर्ने विषय र दस्तुर :** फर्म लगतमा दर्ता गराउन अनुसूची २(क) मा तोकिएको दस्तूर सामेल राखी साझेदारहरुको आपसमा कवुलियत भएको भए त्यसको रीतपूर्वकको नक्कल एक प्रति समेत राखी अनुसूचि १(क) को ढाँचामा देहायको विषय समेत खुलाई सम्वन्धित विभागमा दरखास्त दिनु पर्छ :

(क) फर्मको पूरा नाम,

(ख) फर्मको कारोवार गर्ने मुख्य ठेगाना,

(ग) फर्मले काम गर्न चाहेको चीज वस्तु वा गर्न खोजेको सेवाको छोटकरी वयान सहित फर्मको उद्देश्य,

(घ) साझेदारहरुको पूरा नाम,थर र स्थायी ठेगाना,

(ङ) कुनै साझेदारको अधिकार उपर वन्देज लगाएको भए सो कुरा,

(च) साझेदारको किसिम र प्रत्येक साझेदारले लगाएको पूँजी,

(छ) फर्मको प्रतिनिधित्व गर्ने साझेदार वा साझेदारहरुको नाम,

(ज) नाफा नोक्सान वण्डा लगाउने तरीका,

(झ) नाफा निश्चित गर्ने तरीका,

(ञ) सम्वन्धित विभागले खुलाउनु पर्ने भनी तोकिदिएको अरु कुनै विषयहरु ।

(७) **फर्मको नाम:** पहिले रजिष्ट्रेशन भई राखेको अरु फर्मको नाम र कम्पनी ऐन अन्तर्गत रजिष्ट्रेशन भई राखेको लिमिटेड कम्पनीको नाम मिल्ने गरी फर्मको नाम राख्न हुंदैन ।

(८) **फर्म दर्ताका निस्सा :** दफा ६ र ७ को शर्तहरु वमोजिम छ भने यस ऐन वमोजिम सम्वन्धित

विभागको लगत कितावमा फर्मको नाम दर्ता भई सकेपछि साझेदारहरुका नाममा सम्वन्धित विभागवाट अनुसूची ३ (क) को ढाँचाको निस्सा (प्रमाणपत्र) दिइनेछ ।

(९) **अघिको फर्म दर्ता गराउन नपर्ने :** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ अन्तर्गत रजिष्ट्रेशन भई राखेको ,फर्महरु फेरि यस ऐन अन्तर्गत दर्ता गराउन पर्दैन । तर दफा ६ मा उल्लेख भएको अनुसूची १(क) मा तोकिएिको विवरण पहिले उल्लेख नभएको रहेछ भने सम्वन्धित विभागवाट मागेमा साझेदारहरुले त्यस्तो विवरण पेश गर्नुपर्छ ।

(१०) **विवरणमा हेरफेर गर्नु परेमा स्वीकृति लिनु पर्ने :** फर्म दर्ता गर्दा दफा ६ वमोजिम पेश गरेको दरखास्त र कवुलियतको विवरणमा कुनै हेरफेर गर्नु परेमा सो कुरा जनाई सम्वन्धित विभागमा दरखास्त दिनु पर्नेछ र सम्वन्धित विभागवाट स्वीकृति प्राप्त भएपछि मात्र सो विवरणमा हेरफेर गर्न सकिनेछ ।

११) **नवीकरण गर्नु पर्ने :** यस ऐनवमोजिम दर्ता भएको फर्मको आर्थिक वर्ष भुक्तान भएको पैंतीस दिन भित्र अनुसूची २ (ख) मा तोकिएको दस्तूर साथ अनुसूची १ (ख) को ढाँचाको फारममा सम्वन्धित विभागमा दरखास्त दिनु पर्नेछ । सो म्यादभित्र दस्तूरसाथ दरखास्त परेमा सम्वन्धित विभागले त्यस्तो फर्मको दर्ता लगतमा र दर्ता प्रमाणपत्रमा नवीकरणको व्यहोरा जनाई दिनु पर्नेछ । नवीकरण नगराई सोही नामवाट कुनै फर्म चलाउनु हुदैन ।

**११ (क) सम्वन्धित विभागले विवरण माग गर्न सक्ने :**

(१) यस ऐन अन्तर्गत दर्ता भएको कुनै फर्मसंग सम्वन्धित विभागले त्यस्तो फर्मको हिसावको विवरणमाग गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम माग गरिएको हिसावको विवरण सम्वन्धित विभागलाई पेश गर्नु त्यस्तो फर्मको कर्तव्य हुनेछ ।

**११ (ख) फर्म खारेज गर्न सक्ने :**

(१) देहायको अवस्थामा यस ऐन वमोजिम दर्ता भएको फर्म सम्वन्धित विभागले खारेज गर्न सक्नेछ :

(क) वाणिज्य व्यवसायको लागि दर्ता भएको फर्मले तोकिएको अवधिभित्र नवीकरण नगराएमा,

(ख) साझेदारहरुले मुनासिव कारण दर्शाई फर्म खारेज गरी पाउं भनी सम्वन्धित विभागमा निवेदन दिएमा,

(ग) सम्वन्धित विभागले दफा ११ क. वमोजिमको विवरण माग गर्दा सम्वन्धित फर्मले तोकिएको अवधिभित्र सो विवरण पेश नगरेमा,

(घ) उद्योगसम्वन्धी फर्मले कार्य संचालन गरी सम्वन्धित विभागलाई जानकारी दिई वा नदिई उद्योग वन्द गरेमा,

(ङ) उद्योग सम्वन्धि फर्मले नवीकरण गर्ने म्याद समाप्त भएको मितिले तोकिएको अवधिभित्र नवीकरण नगराएमा वा नवीकरण गराएर पनि इजाजतको शर्त अनुसार उद्योग स्थापना र संचालन गर्नको लागि कारखाना निर्माण मेशिनरी औजार, उपकरणको खरीद वा उद्योग संचालनको लागि आवश्यक कार्य गरेको लिखित प्रगति विवरण सम्वन्धित विभागमा नदिएमा, वा

(च) फर्मले यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियमको विपरित हुने गरी अन्य कुनै काम

गरेमा ।

(२) उपदफा (१) को खण्ड (क), (ग), घ), (ङ) वा (च) वमोजिम सम्वन्धित विभागले फर्म खारेज गर्नु अघि सम्वन्धित फर्मलाई सफाईएको सवूद पेश गर्ने उचित अवसर दिनु पर्नेछ ।

(३) उपदफा (१) को खण्ड (क), (ग), (घ), (ङ) वा(च) वमोजिम सम्वन्धित विभागवाट फर्म खारेजि भएमा त्यसरी खारेज भएको फर्मका साझेदारहरुको नाममा एक वर्षसम्म सोही उद्देश्य भएको अर्को फर्म दर्ता गरिने छैन ।

## परिच्छेद - ३

## साझेदारको पारस्परिक सम्वन्ध

(१२) **साझेदारको आपसी सम्वन्ध :**

१) साझेदारहरुको आपसमा भएको कवुलियतद्धारा साझेदारीमा हक र दायित्व कायम हुन्छ । यस्तो कवुलियत आपसको व्यवहारवाट अंकित भएको वा लिखित रुपमा पनि हुन सक्छ ।

(२) साझेदारीको कवुलियत भएकोमा सो कवुलियतमा लेखिए वमोजिम र सो नभएकोमा यस ऐनका दफा १३ देखि २६ सम्मको दफाहरु साझेदारीलाई लागू गर्नुपर्छ ।

(१३) **साझेदारीमा रहेको जायज्येथा :** साझेदारीको जम्मा जायज्येथा देहाय वमोजिम हुनेछ :

(क) साझा कारोवार शुरु हुँदात्यसको लागि जम्मा गरिएको सवै जायज्येथा,

(ख) साझेदारीको लागि वा त्यसका निमित्त वा त्यसका प्रयोजनमा प्राप्त गरेको जायज्येथा,

(ग) साझेदारीले कारोवार गरी कमाएको धन, र

(घ) साझेदारीमा चलाएको कारोवारवाट प्राप्त पहुन आएको ख्याति (गुड वील) (स्पष्टीकरणः प्रसङ्गवाट अन्य इरादा देखिएकोमा वाहेक फर्मको धन हाली प्राप्त गरेको सवै सम्पत्ति र हकहरु फर्मको निमित्त प्राप्त गरेको मानिनेछ ।)

(१४) **साझेदारी जायज्येथाको प्रयोग :** साझेदारी कारोवारको प्रयोगमा वाहेक साझेदारी धनमाल साझेदारीहरुले अरु काममा लगाउन र लगाउन दिन हुंदैन ।

(१५) **पूँजीथप्न कर नलाग्ने :** अरु साझेदारले माग गरे पनि साझेदारी कवुलियतमा तोकेको अंक भन्दा वढी पूँजीथप्न कुनै साझेदारलाई कर लाग्दैन ।

(१६) **साटोमा राख्न नपाउने :** साझेदार कसैले पनि अन्य साझेदारको मन्जुरी वेगर अरु कुनै व्यक्तिलाई आफ्नो सट्टामा साझेदार गराउन र राख्न पाउदैन ।

(१७) **साझेदारले काममा भाग लिन पाउने :**

(१) कवुलियतद्धारा साझेदारी कारोवारको वन्दोवस्तमा भाग लिन नपाउने साझेदारले वाहेक अन्य साझेदारले विरोध नगरे सम्म प्रत्येक साझेदारले साझा कारोवारको वन्दोवस्तमा भाग लिन पाउंछ ।तर, सवै साझेदारको मन्जुरी वेगर साझा कारोवारसंग सम्वन्ध नभएको अरु काम साझेदारीको नामवाट गर्न भने हुंदैन ।

(२) साझेदारीको सवै वा कुनै काम सवै साझेदारले वा सो मध्ये कुनै दुइ वा दुई भन्दा वढी साझेदारहरुले संयुक्त रुपमा गर्ने कवुलियत भएकोमा कुनै मनासिव माफिकको कारण परी कवुलियत वमोजिम यस्ता सवै साझेदारहरुले सो काम गर्न नभ्याउने भएमा निजहरुले आफू मध्ये कसैलाई सो काम गर्न अधिकृत गर्न सक्नेछन् ।

(१८) स्रेस्ता हेर्न नक्कल लिन पाउने : साझेदारीको हिसाव किताव स्रेस्ता हेर्न चाहेमा हरएक साझे दारले हेर्न पाउने र नक्कल लिन चाहेमा सो स्रेस्ता जिम्मा लिने साझेदारले सक्कल वमोजिमको नक्कल उतारी आफ्नो सहिछाप गरि दिनु पर्छ।

(१९) पारिश्रमिक र व्याज :

(१) साझा कामको वन्दोवस्त गरे वापतको पारिश्रमिक कवुलियतद्धारा तोकिएवमोजिम हरएक साझेदारले पाउनेछन् र निजले कवूल गरे भन्दा वढी पूँजीलगाएको भए दश प्रतिशतमा नवढाई लिखत वमोजिमको व्याज पनि पाउनेछ ।

(२) कुनै साझेदारले जानी जानी लापरवाही गरी हानि नोक्सानी गरे पारेमा त्यसको विगो निजले तिर्नुपर्छ ।

(२०) साझेदारले आर्जेको मुनाफा फर्मको हुने : फर्मको कुनै कारोवारको सिलसिलामा वा फर्मको धनमालको उपयोग गरी वा फर्मको कारोवारको सम्वन्धमा वा फर्मको नाममा कुनै साझेदारले नाफा वनाएमा सो नाफा र त्यसको हिसाव समेत फर्मलाई वुझाउनु पर्छ ।

(२१) साझेदारले वुझाएको रकम हिसावमा देखाउन पर्ने : दफा १९ र २० वमोजिम कुनै साझे दारले तिरे वुझाएमा सो रकम फर्मको आर्थिक वर्षको नाफा नोक्सानको हिसाव स्रेस्तामा स्पष्ट देखाउनु पर्छ ।

(२२) नाफा नोक्सानको वांडफांड :

(१) साझेदारहरुमा नाफा नोक्सानको हिसाव गरी वांडफांड गर्दा कवुलियतमा व्यवस्था, भएकोमा सोही वमोजिम र नभएकोमा वरावर दरले वण्डा लगाइनेछ ।

(२) कुनै साझेदारले साझेदारी खडा गर्दा लगाएको पूँजीमा व्याज दिने लिने कवुलियत भए सो व्याज मुनाफावाट मात्र तिर्न पर्छ) ।

(२३) मुनाफा पाउन नसक्ने : कुनै साझेदारले आफ्नो भागको वुझाउन पर्ने पूँजीफर्मलाई तिरी वुझाइ सकेको रहेनछ भने सो वुझाउन पर्ने वांकी अंक चुक्ता भर्ना नभए सम्म निजले पाउन पर्ने मुनाफा पाउन सक्नेछैन ।

## परिच्छेद - ४

## फर्म र उनाउ व्यक्तिको सम्वन्ध

(२४) **साझेदारले काम गर्न हुने** : दफा १७ मा उल्लेखित कवुलियतका अधीनमा रही प्रत्येक साझेदारले फर्मको प्रतिनिधित्व गर्न हुन्छ र फर्मको कारोवार चलाउनलाई साझेदारले गरेको कामवाट फर्म वाध्य हुनेछ । कुनै साझेदारले फर्मको काम कारवाईको सिलसिलामा जालसाज गरेमा अरु साझेदारको उजूर पर्न आए अधिकार प्राप्त अदालतले यस्तो साझेदारलाई फर्मको प्रतिनिधित्व गर्नवाट वाहेक गरी दिन हुन्छ ।

(२५) **साझेदारले गरेको कारवाईमा फर्म वाध्य हुने:** साझेदारले कवुलियतद्धारा साझेदारीको प्रतिनिधित्व गर्ने विषयमा वन्देज लगाउन हुन्छ । यस्तो वन्देज कवुलियतमा जेसुकै लेखिएको भए पनि फर्मसंग कारोवार गर्ने उनाउ व्यक्ति लाई सो वन्देजको थाहा रहेनछ भने हरेक साझेदारले फर्मको निमित्त गरेको कारवाईले फर्म वाध्य हुनेछ ।

(२६) **जवाफदेही हुने :** आफू साझेदार छंदा फर्मको निमित्त गरिएका सवै काम उपर संयुक्त वा व्यक्तिगत रुपमा प्रत्येक साझेदार जवाफदेही हुनेछ ।

(२७) **नयाँ साझेदार जवाफदेही नहुने :**

(१) आफू साझेदार हुनुभन्दा अगाडि भएको गरेको साझेदारी कामको हकमा नयाँ हुने साझेदार जवाफदेही हुनेछैन ।

(२) साझेदारीवाट अलग हुने साझेदारलाई फर्मको अघिको काममा उनाउ व्यक्ति प्रतिको जवाफदेहीवाट सो उनाउ व्यक्तिसंगको कवुलियतद्धारा वा साझेदारी कायम रहेका वांकी साझेदारहरुको मन्जूरीले मात्र फूर्सत हुन सक्नेछ ।

(३) उनाउ व्यक्तिलाई कुनै साझेदार साझेदारीवाट अलग हुने भएको छ भन्ने थाहा भएमा अलग हुने साझेदार आफू अलग भइसकेपछि अरु साझेदारले फर्मको नामवाट गरे भएका काम प्रति निजको जवाफदेही हुने छैन ।

(२८) **साझेदारले आफ्नो हक विक्री इत्यादि गर्ने :** कुनै साझेदारले फर्ममा रहेको आफ्नो सवै हक अरु कसैलाई विक्री गरी वा वन्धक राखी वा अरु कुनै प्रकारले दिएमा सो साझेदारले सो अवधिभित्र साझेदारी कारोवारवाट पाउने मुनाफा वा अन्य कुनै रकममा सो व्यक्तिले दावि गर्न सक्नेछ ।

तर,

(क) त्यस्तो व्यक्ति सो फर्मको साझेदार मानिने छैन, र

(ख) सवै साझेदारीहरुको मन्जूरीवेगर निजलाई सो फर्मको हिसाव किताव जांच्ने अधिकार हुनेछैन ।

## परिच्छेद - ५

## साझेदारीको विघटन

(२९) **साझेदारी विघटन हुने :** सवै साझेदारका मन्जुरीले वा निजहरुका वीचमा भएको कवुलियत वमोजिम साझेदारी विघटन हुन सक्नेछ ।

(३०) **लिखित सुचनाद्धारा विघटन हुने :** कुनै साझेदारी अनिश्चित समयको निमित्त चलाइएको छ भने जुनसुकै समयमा जुनसुकै साझेदारले अरु साझेदारहरुलाई लिखित सूचना दिई साझेदारी विघटन गराउन सक्नेछ । साझेदारहरुको वीचमा अन्यथा मन्जुरी नभएको भए त्यस्तो सूचनामा लेखिएको मितिदेखि वा मिति नतोकिएको भए सूचना तामेल भएको मितिदेखि साझेदारी विघटन भएको मानिनेछ ।

(३१) **जुनसुकै वखत साझेदारी विघटन हुन सक्ने :** साझेदारहरुमा जुनसुकै व्यहोराको कवुलियत भएको भए पनि कुनै साझेदारले विशेष कारणवश र खासगरी देहायको परिस्थितिमा साझेदारी विघटन गराउन सक्नेछ :

(क) कुनै साझेदार आफूले गरेको कवुलियत वमोजिम को साझेदारी कार्यभार सम्हाल्न असमर्थ भएमा, वा

(ख) अर्को साझेदारले फर्मलाई तिर्न वुझाउन पर्ने रकम नतिरेमा वा आफूले साझेदारीको हिस्सा अरु साझेदारको मञ्जुरी वेगर कसैलाई हक छाडी दिएमा, वा

(ग) अर्को साझेदारको हक अदालतवाट भरी भराउमा परेमा, वा

(घ) अर्को साझेदारले फर्मको काम कारवाईमा जालसाज वा असाध्य लापरवाही गरेमा, वा

(ङ) अर्को साझेदारले कैदको सजाय पाएमा ।

(३२) **कार्यकाल पछि स्वतः विघटन हुने :** साझेदारहरुम आपसमा भएका कवुलियतको अधीनमा रही कुनै साझेदारी सीमित कालको लागि खडा भएकोमा सो अवधि नाघेपछि वा कुनै एक वा एक भन्दा

वढी कामको निमित्त खडा भएकोमा सो कवुलियत पूरा भएपछि साझेदारी स्वतः विघटन हुनेछ ।

(३३) **साझेदारी तुरुन्त विघटन हुने :** कुनै साझेदार मरेमा वा साहुको ऋण तिर्न नसक्ने भै दामासाहीमा परेमा साझेदारी तुरुन्त विघटन हुनेछ ।

(३४) **उनाउ व्यक्ति प्रतिको दायित्व पूरा गर्नु पर्ने :** साझेदारी विघटन भएको प्रचार प्रकाश नगरिएको वा त्यस्ता विघटनको थाहा जानकारी फर्मसंग सम्वन्धित उनाउ व्यक्तिलाई नभएमा साझेपदारी विघटन भएपनि फर्मको नाममा गरेको काम कारवाईवाट उनाउ व्यक्ति प्रतिको दायित्व सवै साझे दारले पूरा गर्नुपर्छ । तर, मरेका वा दामासाहीमा परेका साझेदारको ज्येथावाट निज मरेका वा दामासाहीमा परेका मिति पछिको काम कारवाई वापत तिर्न पर्ने छैन ।

(३५) **वारेशद्धारा भाग लिन हुने :** दफा ३२ को अधीनमा रही हरेक साझेदारले आफू वा आफ्नो वारेशद्धारा साझेदारी विघटनमा भाग लिन हुन्छ ।

(३६) **विघटन भएपछि पनि कायम रहने :** फर्मको विघटनको काम टुंग्याउनलाई जो चाहिने काम कारवाई र विघटन हुनु पहिले शुरु गरेको अपुरो काम पूरा गर्नलाई साझेदारी विघटन भैसकेपछि पनि फर्मलाई वाध्य गर्न र साझेदारहरुको आपसको हक दायित्व निश्चित गर्ने अधिकार साविक वमोजिम कायम रहनेछ ।

(३७) **फर्मको हिसाव फर्स्याउने :** साझेदारहरुको वीचमा भएको कवुलियत र दफा ३२ को अधीनमा रही विघटन भएका फर्मको हिसाव फछर्यौट गर्दा देहाय वमोजिम गर्नुपर्छ :

(क) फर्मको हितमा वाधा नपर्ने गरी फर्मको जायज्येथाको नगदमा परिणत गर्ने,

(ख) पूँजीघटेको समेतको नोक्सानी सवभन्दा पहिले मुनाफावाट र त्यसवाट नपुगे पूँजीवाट र त्यसवाट पनि नपुगे प्रत्येक साझेदारका घर घरानावाट भर्ना गर्नुपर्छ

(ग) पूँजीको कमी भर्ना गर्न लगायत फर्मको ज्येथा देहायका क्रम र तरिकावाट उपयोग गर्नुपर्छ :

(१) फर्मले उनाउ व्यक्तिहरुलाई तिर्नपर्ने ऋण,

(२) पूँजीवाहेकको साझेदारले दिएका थप कर्जाको दामासाहीले,

(३) साझेदारले वुझाएका पूँजीको दामासाही, र

(४) शेष वांकी ज्येथावाट साझेदारहरुको भाग हिस्सा वमोजिम मुनाफा बाङ्नमा ।

(३८) **जायज्येथा भाग नलाग्ने :** साझेदारका वीचमा कवुलियत भएको भएपनि फर्मको ऋण भुक्तान नगरी साझेदारमा वण्डा गर्न हुदैन ।

(३९) **लिक्विडेटर नियुक्त गर्ने :** फर्मको हिसाव कितावं फछर्यौट गर्न नचाहिंदो सुस्ती भयो भन्ने सवूद प्रमाण सहित कुनै साझेदारले उजूर गरेमा सम्वन्धित विभागले फर्म विघटन गर्ने कार्य गर्न एक वा वढी लिक्विडेटर नियुक्त गर्न सक्नेछ । लिक्विडेटर वा लिक्विडेटहरुले साझेदारी कवुलियत र यो ऐनवमोजिम विघटनको कार्य र हिसाव कितावको फछर्यौट गर्नुपर्छ । लिक्विडेटरहरुको काम कारवाई सम्वन्धित विभागको नियन्त्रणमा रहनेछ ।

(४०) **पुनरावेदन गर्न सक्ने :** सम्वन्धित विभागले गरेको निर्णयउपर चित्त नवुझ्ने साझेदारले त्यसको सूचना पाएको पैंतीस दिनभित्र सम्वन्धित विभाग उपर पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद–६

## विविध विषय

(४१) **दण्ड सजाय :** देहायका कलममा सम्वन्धित विभागको आदेशले देहाय वमोजिमको सजाय हुन सक्नेछ :

(क) दफा ५ को वर्खिलाप कुनै साझेदारी दर्ता नगराई कारोवार गरेमा प्रत्येक साझेदारलाई रु. ५०।- पचास रुपैयासम्म जरिवाना,

(ख) दफा ६ वमोजिमको दरखास्तमा झुठा व्यहोरा लेखेको देखिएमा सो वमोजिम दर्ता भएको फर्मको प्रत्येक साझेदारलाई रु १००।- एक सयसम्म ,

(ग) दफा १० वमोजिम दिन पर्ने सूचना नदिने फर्मलाई रु .१००।- एक सयसम्म,

(घ) दफा ११ को वर्खिलाप गरेमा प्रत्येक साझेदारलाई रु.५०।- पचास रुपैयासम्म जरिवाना ।

(४२) **पुनरावेदन गर्ने :** दफा ४१ का खण्डहरु वमोजिमको सजाय सम्वन्धित विभागवाट गरेकोमा चित्त नवुझ्नेले सो गरे भएको सूचना पाएका पैंतिस दिनभित्र सम्वन्धित विभाग उपर पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(४२) (क) अनुसूचीमा हेरफेर गर्न सक्ने : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

(४३) **यो ऐनवमोजिम हुने :** यो ऐनमा लेखिएको कुरामा सोही वमोजिम र अरुमा प्रचलित नेपाल कानून वमोजिम गर्नुपर्छ ।

(४४) **नियम वनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियमहरु वनाउन सक्नेछ ।

द्रष्टव्य : प्रतिनिधिसभा घोषणा २०६३ द्धारा रुपान्तर भएको शव्द
'श्री ५ को सरकार'को सटटा् 'नेपाल सरकार'

# साझेदारी रजिष्ट्रेशन गर्ने दरखास्त फाराम

मितिः ..........................

श्रीमान् महानिर्देशकज्यू
वाणिज्य विभाग

काठमाडौं ।

## विषयः साझेदारी फर्म रजिष्ट्रेशन दर्ता बारे ।

महोदय,

हामी साझेदारी फर्म खोली तपशिलमा लेखिए बमोजिमको व्यवसाय चलाउन मञ्जुर गरेकोले मन्त्रजुरीको कागज तथा अन्य आवश्यक कागजातहरु सहित यो निवेदन गर्न आएको छौं । लाग्ने सरकारी दस्तुर लिई तल लेखिए बमोजिमको फर्म हामीहरुका नाममा दर्ता गरी पाउ । लेखिएको व्यहोरामा कुनै कुरा झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउलँ ।

**तपशिल**

१) फर्म पूरा नाम -नेपालीमा) :-
२) फर्मको पूरा नाम -अंग्रेजी ठूलो अक्षरमा) :-
३) फर्मको पूरा ठेगाना -ब्लक नं., वडा नं., टोल फोन नं. सहित) :-
४) फर्मको उद्देश्य :- ......................................................... मुनाफा आर्जन गर्ने ।
५) कारोबार गर्ने मुख्य चीजवस्तुको विवरण :-
६) साझेदारहरुको पूरा नाम, ठेगाना तथा फर्ममा लगाईने पूाजी :

| | साझेदारको नाम | ठेगाना | पूँजी (रु.) |
|---|---|---|---|
| (क) | | | |
| (ख) | | | |
| (ग) | | | |
| (घ) | | | |

७) साझेदारहरुको तीन पुस्ते ठेगाना :-

| | साझेदारको नाम | ठेगाना | पूँजी (रु.) |
|---|---|---|---|
| (क) | | | |
| (ख) | | | |
| (ग) | | | |
| (घ) | | | |

८) कुनै साझेदारको अधिकार उपर बन्देज लगाएको भए सो कुरा :-
९) फर्मको प्रतिनिधित्व गर्ने मुख्य साझेदार वा साझेदारहरुको नामः-
१०) नाफा निश्चित गर्ने तरिका :-
११) नाफा नोक्सान वण्डा लगाउने तरिका :-

**साक्षी**

दरखास्तवालाहरुको माथि लेखिए बमोजिमको व्यहोरा
दुरुस्त छ भनी सनाखत गर्ने ।

| | |
|---|---|
| पूरा नामः | निवेदक |
| पूरा ठेगाना : | लेखात्मक सही : |
| सही : | रेखात्मक सही : |

निवेदनमा उल्लेख भए बमोजिमको सा. फर्म दर्ता गर्नका लागि साझेदारहरु स्वयं, आफै नेपाल सरकार वाणिज्य विभागमा उपस्थित भई यो सही छाप गरिदियौं यसमा उल्लेखित विवरण एवं पेश भएका कागजातहरु सत्य र साँचो हुन झुट्ठा ठहरेमा कानून बमोजिम सहुँला, बुझाउँला ।

**तपशिल**

| | दा. | बा. |
|---|---|---|
| १) | | |
| २) | | |
| ३) | | |
| ४) | | |

## कबुलियतनामा फाराम

लिखितम् ..................................................... को नाती/नातिनी ........................................ को छोरा/छोरी ..................................बस्ने वर्ष ..................................को ............................. आगे ...................................... का
(प्रोपाईटरको/साझेदारीको नाम) (फर्मको नाम)
नामले प्राईभेट/साझेदारी फर्म दर्ता गर्न मैले/म समेतले त्यस विभागमा दरखास्त दिएकोमा उक्त फर्म दर्ता सम्बन्धमा प्रचलित ऐन कानून र तलका शर्त पालना गरी काम गर्ने छ/छौं । सो पालना गर्ने कुरामा कवुलियत समेत गर्न तपाईको मञ्जुर छु/छौ भनी वाणिज्य विभागबाट सोधनी भएकोमा मेरो चित बुझ्यो । यसमा प्रचलित ऐन कानून र तपशिलमा लेखिएका शर्त उलंघन गरेको देखिएमा प्रचलित ऐन कानून बमोजिम सहुँला बुझाउँला भनि मेरो मनोमानी राजी खुशीसँग यो कवुलियतनामाको कागज लेखि नेपाल सरकार, वाणिज्य विभागमा चढाएँ ।

### तपशिल

(१) यो ........................ नामको फर्म दर्ता हुनु भन्दा पहिले अरु कसैले यो फर्मको नामसँग मिल्ने गरी फर्म दर्ता गरिसकेको भए सो को सूचना पाउन साथ तुरुन्तै यो फर्म खारेज गरि अर्को नाम राखी फर्म दर्ता गर्ने छु ।

(२) यो फर्मको साईनोर्ड राख्नु पर्दा ठूलो नेपाली अक्षरबाट लेखि सो को मुनितिर सुविधाको निमित्त सानो अंग्रेजी अक्षरमा लेख्नेछु ।

(३) यस फर्ममा विदेशी नागरिकलाई कर्मचारीको रुपमा नियुक्ति गर्नु परेमा आवश्यक स्वीकृती प्राप्त गरेर मात्र गर्नेछु ।

दस्तखत :-

प्रोपाईटर/साझेदारीको पूरा नाम :-

इति सम्वत् २० .............. साल ................. महिना ................. गते रोज .................... शुभम् .............................

# कवुलियतनामा फाराम

लिखितम् ................................ को नाती/नातीनी ...................................... को छोरा/छोरी .................. ..............बस्ने वर्ष ...................को ............................................................... आगे........................................... ..................दर्ता गर्ने सिलसिलामा मेरो आफ्नो नाममा वा मेरो समेतको साझेदारीमा अन्य कुनै व्यापारिक प्राईभेट वा साझेदारी फर्म दर्ता भए नभएको भन्ने व्यहोरा समेत पेश गर्नुपर्ने भन्ने जानकारी पाएको हुँदा मेरो आफ्नो नाममा/मेरो समेतको साझेदारीमा निम्न बमोजिमको अर्को व्यापारिक फर्म खोली दर्ता गरी राखेको /कुनै पनि व्यापारीक फर्म दर्ता नगरेको हुँदा सोही व्यहोरा खोली यो कवुलियतनामाको कागज लेखी नेपाल सरकार, वाणिज्य विभागमा चढाएँ ।

| १) प्राईभेट फर्मको पूरा नाम र ठेगाना | फर्म दर्ता गरेको कार्यालयको नाम | अन्तिम पटक नविकरण भएको मिति |
|---|---|---|

| २) साझेदारी फर्मको पूरा नाम र ठेगाना | फर्म दर्ता गरेको कार्यालयको नाम | फर्म दर्ता नं. तथा मिति | अन्तिम पटक नविकरण भएको मिति |
|---|---|---|---|

उपरोक्त माथिका सबै विवरण साँचो हुन् । झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझउँला ।

दस्तखत :-

प्रोपाईटर/साझेदारीको पूरा नाम :-

इति सम्वत् २० ............ साल........................ महिना ................. गते रोज ...................... शुभम् ......................

नेपाल सरकार

# वाणिज्य तथा आपूर्ति मन्त्रालय
# वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग

सा. फ. र. नं.

## साझेदारी फर्म दर्ताको प्रमाण-पत्र

निम्न लेतिएको विवरण भएको ........................................................ फर्म यस विभागमा मिति २०६ ............. साल ...................महिना ................................. गते .............................. रोजमा साझेदारी फर्म रजिष्ट्रेशन ऐन, २०२० बमोजिम रजिष्टर गरी यो प्रमाण-पत्र दिइएकाे छ ।

## विवरण

फर्मको ठेगाना ...........................................................................................................................

फर्मको उद्देश्य ............................................................................................................................

साझेदारहरुको पूरा नाम तथा ठेगाना ..........................................................................................

क) ..........................................................................................

ख) ..........................................................................................

ग) ...........................................................................................

घ) ...........................................................................................

कूल पूँजी रु. .............................................................................

---

नोट : १. यो प्रमाण पत्रको म्याद जुन आर्थिक वर्षमा फर्म रजिष्ट्रर गरिएकाे हो सो आर्थिक वर्षको आषाढ मासान्तसम्म र त्यसपछि प्रत्येक आर्थिक वर्षको लागि नविकरण भए मुताविक बहाल रहने हुनाले अवधि समाप्त हुनु भन्दा अगावै अनिवार्य रुपमा नविकरण गराई सक्नु पर्नेछ ।

नेपाल सरकार

## वाणिज्य तथा आपूर्ति मन्त्रालय
## वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग

## बाट

नविकरण (रिन्यूवल) गरिएको

| मिति | नविकरण गरेको अवधि | दस्तुर बुझाएको रु को भौच नं. र मिति | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

# प्रा. फर्म/सा.फर्म नवीकरण गर्ने दरखास्त फाराम

मिति : ................................

श्रीमान् महानिर्देशक ज्यू,
वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग
काठमाडौ ।

टिकट
रु. १० ।-

## विषय :- फर्म नविकरण गर्ने बारे ।

उपयुक्त विषय त्यस विभागमा दर्ता रहेको ........................................ नं. को ............................................ नाउँको प्रा.फर्म/आ.व. ..................................................... को लागि नविकरण गराउन पर्ने भएकोले नविकरणको लागि आवश्यक हुने कागजातहरु यसै साथ संलग्न गरी यो निवेदन पेश गरेको छु, कृपया नियमानुसार उक्त फर्म नविकरण गरिदिनु हुन अनुरोध गर्दछु । साथै नविकरण भएको प्रमाण-पत्र बुझ्नका लागि म/हामी स्वयम उपस्थित हुन नसकेकाले ......................................................... बस्ने निम्न उल्लेखित दस्तखत नमुना भएका श्री ................................ लाई यो मञ्जुरी समेत दिई पठाएको छु/छौं ।

निवेदक

........................................... ........................................

दस्तखत नमुना प्रोपाईटरको सही

## साझेदारी फर्म दर्ता तथा नविकरण दस्तुर

साझेदारी फर्म दर्ता गर्दा दरखास्त दस्तुर रु ५।-

| फर्मको पूँजी | दर्ता दस्तुर | नविकरण दस्तुर |
|---|---|---|
| रु. १,००,००० ।- | रु. ६०० ।- | रु. १०० ।- |
| रु. १,००,००१ ।- देखि ३,००,००० ।- | रु. २,००० ।- | रु. १२५ ।- |
| रु. ३,००,००१ ।- देखि ५,००,००० ।- | रु. ४,००० ।- | रु. १५० ।- |
| रु. ५,००,००१ ।- देखि १०,००,००० ।- | रु. ७,५०० ।- | रु. २०० ।- |
| रु. १०,००,००१ ।- देखि ५०,००,००० ।- | रु. १०,००० ।- | रु. २५० ।- |
| रु. ५०,००,००१ ।- देखि माथि | रु. १५ ,००० ।- | रु. ३०० ।- |

एजेन्सी दर्ता दस्तुर रु १३० ।- धरौटी रु ५०० ।-

अनुसूची १ (क)

**फर्म दर्ताको निमित्त दिने दरखास्तको ढाँचा**

श्रीमान् महा-निर्देशकज्यू,
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,
उद्योग, घरेलु तथा ग्रामीण उद्योग,
वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग,
काठमाण्डौ नेपाल ।

महोदय,

हामीहरुले साझेदारी फर्म खोली तपसीलमा लेखिए वमोजिमको व्यवसाय चलाउन मन्जूर गरेकोले मन्जूरीको कागत समेत सामेल राखी निवेदन गर्न आएको छौं । लाग्ने सरकारी दस्तूर लिई तल लेखिएको नामको फर्म हामीहरुका नाममा दर्ता गरी पाउं । लेखिएको व्यहोरामा कुनै कुरा झुठा ठहरे कानूनवमोजिम सहुंला वुझांउला ।

तपसील

१ हिस्साको अंक

२ साझेदारहरुको तीन पुस्ता नाम, थर र वतन ।

साक्षी :-
दरखास्तवालाको माथि लेखिए वमोजिमको
नाम, थर, वतन ठीक दुरुस्त छ भनी सनाखत गर्ने :
भवदीय,

दरखास्तवालाको सहीछाप

अनुसूची १ (ख)

**फर्म नवीकरण गर्नको निमित्त दिने दरखास्तको ढाँचा**

मिति.......................

श्रीमान् महा-निर्देशकज्यू,
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,
उद्योग, घरेलु तथा ग्रामीण उद्योग,
वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग,
काठमाण्डौ नेपाल ।

महोदय,

यस फर्मले .......................................व्यवसाय चलाउन त्यस विभागवाट ............ मा दर्ता नं .............को प्रमाण-पत्र पाएकोले त्यसको नवीकरणको निमित्त दरखास्त गरेका छौं । सो प्रमाण-पत्र नवीकरण गरी दिन अनुरोध गर्दछौं ।

भवदीय,

साझेदारमा मुख्यको सहिछाप

(फर्मको नाम)

अनुसूची २(क)

**फर्मको दर्ता दस्तूर**

| | |
|---|---|
| बीस हजार रुपैंयासम्मको पूँजीभएको फर्मलाई | पचास रुपैया |
| बीस हजार एक रुपैया देखि पचास हजार रुपैयासम्मको पूँजीभएको फर्मलाई | एकसय रुपैंया |
| पचास हजार एक रुपैयादेखि एक लाख रुपैयासम्मको पूँजीभएको फर्मलाई | दुईसय पचास रुपैया |
| एक लाख एक रुपैया देखि तीन लाख रुपैयासम्मको पूँजीभएको फर्मलाई | आठसय पचास रुपैया |
| तीनलाख एक रुपैयादेखि पाँच लाख रुपैयासम्मको पूँजीभएको फर्मलाई | एक हजार चार सय रुपैया |
| पाँचलाख एक रुपैयादेखि दश लाख रुपैयासम्मको पूँजीभएको फर्मलाई | तीन हजार रुपैया |
| दश लाख एक रुपैयादेखि पचास लाख रुपैयासम्मको पूँजीभएको फर्मलाई | चार हजार पाँच सय रुपैया |
| पचास लाख रुपैयादेखि माथि जतिसुकै पूँजीभएको फर्मलाई पनि | छ हजार पाँच सय रुपैया |

अनुसूची २(ख)

**फर्मको नवीकरण दस्तुर**

| | |
|---|---|
| पचास हजार रुपैयासम्मको पूँजीभएको फर्मलाई | तीस रुपैया |
| पचास हजार एक रुपैयादेखि एक लाख रुपैयासम्मको पूँजीभएको फर्मलाई | पैंतालिस रुपैया |
| एक लाख एक रुपैया देखि तीन लाख रुपैयासम्मको पूँजीभएको फर्मलाई | साठी रुपैया |
| तीन लाख एक रुपैया देखि पाँच लाख रुपैयासम्मको पूँजीभएको फर्मलाई | पचासी रुपैया |
| पाँच लाख एक रुपैयादेखि वढी जतिसुकै पूँजी भएको फर्मलाई पनि - | एक सय पचास रुपैया |

अनुसूची-३(क)

**फर्म दर्ताको प्रमाण-पत्रको ढाँचा**

नेपाल सरकार,
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,
उद्योग, घरेलु तथा ग्रामीण उद्योग,
वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग,
काठमाण्डौ नेपाल ।

**फर्म दर्ताको प्रमाण-पत्र**

..........................................फर्म यस विभागमा नं. .............. मा मिति.............................मा साझेदारी ऐन, २०२० अनुसार दर्ता भएकोले यो प्रमाण-पत्र दिइएको छ ।

साझेदारको नाम:-
ठेगाना:-
कूल पूँजी:-
उद्धेय:-
फर्मको ठेगाना:-
मिति:-

..........................
नि. महा-निर्देशक

## नेपाल एजेन्सी ऐन, २०१४

| लालमोहर सदर मिति | | नेपाल राजपत्रमा प्रकाशित मिति |
|---|---|---|
| २०१४/११/२ | | २०१४/११/१३ |

| संशोधन गर्ने ऐन | लालमोहर सदर मिति | नेपाल राजपत्रमा प्रकाशित मिति |
|---|---|---|
| १ नेपाल एजेन्सी (संशोधन) ऐन ,२०१७ | २०१८/१/१४ | २०१८/१/१६ |
| २ केही नेपाल कानून (संशोधन र पुनः व्यवस्थापन) ऐन, २०२०, | २०२०/११/१६ | २०२०/११/१६ |

**२०१४ सालको ऐन नं. १९**

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्त ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा ॐराम पट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रवल गोरखादक्षिणवाहु महाधिपति फिल्डमार्शल र र्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजधिराज श्री महाराज महेन्द्र वीर विक्रम जंगवहादुर शाहवहादुर शमशेर जंगदेवानाम् सदा समर विजयिनाम् ।

**एजेन्सी सम्वन्धी काम नियन्त्रण गर्ने ऐन**

एजेण्ट, डिष्ट्रिव्यूटर, स्टकिष्ट, नोमिनी वा रेप्रिजेण्टेटिभहरुले चीज वस्तुहरुको विक्रीमा अनुचित फाइदा उठाउन नपाउने गर्नको निमित्त सो कामलाई नियन्त्रण र तत्सम्वन्धी अरु व्यवस्था समेत गरी [8]सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न वान्छनीय भएकोले श्री ५ महाराजाधिराजवाट यो ऐन वनाई जारी गरिवक्सेकोछ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(क) यस ऐनको नाम "नेपाल एजेन्सी ऐन, २०१४" रहेकोछ ।

(ख) यो ऐन नेपाल भरमुलुकमा तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "एजेण्ट" भन्नाले नेपाल भरमुलुक वा त्यसको कुनै इलाकाको निमित्त स्वदेशी वा विदेशी फर्मको एजेन्सी लिने व्यक्ति सम्झनु पर्छ र यो शव्दले डिष्ट्रिव्यूटर, स्टकिष्ट, नोमिनी वा रेप्रिजेण्टेटिभ भई काम गर्ने व्यक्ति समेतलाई जनाउंछ ।

(ख) "रजिष्टर्ड एजेण्ट" भन्नाले यस ऐनको दफा ४ वमोजिम एजेण्टमा नाम दर्ता भएको व्यक्ति सम्झनु पर्छ र

(ग) "तोकिएको" वा "तोकिएको वमोजिमका" भन्नाले यो ऐन अन्तर्गको नियम वा आदेशमा तोकिएको वा तोकिए वमोजिमको सम्झनु पर्छ ।

**३. यो ऐन वमोजिम नाम दर्ता नगराई एजेण्ट भई काम गर्न नहुने :**

यो ऐन प्रारम्भ भए पछि यो ऐनवमोजिम एजेण्टमा दर्ता नगराई कुनै पनि व्यक्तिले एजेण्टभई काम गर्न पाउने छैन

---

[8] केही नेपाल कानून (संशोधन र पुन व्यवस्थापन) ऐन, २०२० द्वारा संशोधित ।

**४. एजेण्टमा नाम दर्ता गर्ने :**

(१) यो ऐन प्रारम्भ भएपछि कुनै एजेण्ट हुन चाहने व्यक्तिले एजेण्टमा आफ्नो नाम दर्ता गराउन तोकिए वमोजिम विवरणहरु खुलाई तोकिएको अधिकारी छेउ दरखास्त दिनुपर्छ ।

(२) उपदफा (१) वमोजिम कसैको दरखास्त पर्न आएमा तोकिएको अधिकारीले तोकिएको दस्तूर र धरौटी दाखिल गराई सो दरखास्तवालालाई तोकिए वमोजिमको कवूलियत गराई एजेण्टमा नाम दर्ता गर्न सक्नेछ ।

(३) यस दफा अन्तर्गत एजेण्टमा नाम दर्ता गर्दा नेपालका नागरिकलाई प्राथमिकता दिइनेछ ।

**५. फांटवारी दाखिल गर्ने :** प्रत्येक रजिष्टर्ड एजेण्टले आएको, विक्री भएको, मौज्दातमा रहेको चीज वस्तु र त्यसको दर भाउको फांटवारी तोकिएको ढाँचामा तोकिएको समय समयमा अधिकारी छेउ दाखिल गर्नुपर्छ ।

**६. यो ऐन प्रारम्भ हुनु अघि भई राखेका एजेण्टहरु :** यो ऐन प्रारम्भ हुनुभन्दा अघि नेपाल सरकारवाट एजेण्ट भई काम गर्ने सम्वन्धमा दिई राखेको सवै स्वीकृतिहरु नेपाल सरकारले नेपाल राजपात्रमा सूचना प्रकाशित गरी तोकिदिएका म्यादभित्र रिन्यू  गराउनुपर्छ । सो म्यादभित्र रिन्यू नभए सो स्वीकृतिहरु कायम रहने छैन ।

**७. कवुलियत उल्लंघन गरेमा हुने दण्ड सजाय :** दफा ४ को उपदफा (२) वमोजिम आफूले गरिराखेको कवुलियत कुनै एजेण्टले उल्लंघन गरेमा नेपाल सरकारले निजलाई पाँच वर्ष सम्म एजेण्टको काम गर्न नदिन वा रु .५००।- पँचसय जरिवाना गर्न सक्नेछ।

**८. दफा ३ उल्लंघन गरेमा हुने दण्ड सजाय :** कुनै व्यक्तिले दफा ३ उल्लंघन गरेमा नेपाल सरकारले त्यस्ता व्यक्तिलाई रु. १०००। सम्म जरिवाना गर्न सक्नेछ ।

**९. अरु दण्ड सजाय :** माथि दफा दफामा ताोकिएवमोजिमका दण्ड सजायहरुमा कुनै प्रतिकूल प्रभाव नपारी यो ऐन वा यस ऐन अन्तर्गका आदेश वा नियमका कुनै कुरा उल्लंघन गर्ने व्यक्तिलाई नेपाल सरकारले २ वर्ष सम्म एजेण्टको काम गर्न नदिने वा रु.२००।- सम्म जरिवाना गर्न सक्नेछ ।

**१०. आदेश जारी गर्ने तथा नियम वनाउने अधिकार :**

(१) यस ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले समय समयमा आदेश जारी गर्न तथा नियमहरु वनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वमान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी खास गरेर ती आदेश तथा नियमहरुमा देहायका विषयहरुको व्यवस्था गर्न सकिनेछ :

(क) यो ऐनवमोजिमको अधिकारी तोक्ने ।

(ख) एजेण्टमा नाम दर्ता गराउन दिने दरखास्तमा खुलाउनु पर्ने विवरण ।

(ग) कवुलियतको ढाँचा ।

(घ) एजेण्टमा नाम दर्ता गराउन दखिल गर्नु पर्ने दस्तूर ।

(ङ) एजेण्ट भई काम गर्ने अवधि, सो रिन्यू गर्ने र रिन्यू गराउंदा दाखिल गर्नु पर्ने दस्तूर ।

(च) रजिष्टर्ड एजेण्टले आएको,विक्री भएको र मौज्दातमा रहेको चीज वस्तु र त्यसको दर भाउको फांटवारी तोकिएको अधिकारी छेउ दाखिल गर्नु पर्ने समय र त्यसको फांटवारीको ढाँचा ।

(छ) दफा ४ को उपदफा (१) वमोजिम दिएको विवरणमा केही संशोधन तथा थपघट  गर्न वा दफा ४ को उपदफा (२) वमोजिम भएको कवुलियतमा हेरफेर गर्नुपर्दाका कार्यविधि, र

(ज) रजिष्टर्ड एजेण्टले दफा ५ बमोजिम आफूले दाखिल गरेको फांटवारी वमोजिमको दर भाउमा थपघट गर्नुपर्दाको कार्याविधि

**११ खारेजी :** १९९२ साल श्रावण १० गतेको इस्तिहार खारेज गरिएको छ ।

द्रष्टव्य : प्रतिनिधि सभा घोषणा २०६३ द्धारा रुपान्तर भएको शव्द
श्री ५ को सरकारको सट्टा नेपाल सरकार

## एजेन्सी (संशोधन र एकीकरण) नियमहरु, २०१९

नेपाल एजेन्सी ऐन, २०१४ अन्तर्गत समय समयमा बनी जारी भैराखेका नियमहरुलाई संशोधन र एकीकरण गर्नु वाञ्छनीय भएकोले सो ऐनको दफा १० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ :–

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यी नियमहरुको नाम "एजेन्सी (संशोधन र एकीकरण) नियमहरु २०१९" रहेको छ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरुमा

(क) "ऐन" भन्नाले नेपाल एजेन्सी ऐन, २०१४ सम्झनु पर्छ ।

(ख) "अनुसूची" भन्नाले यी नियमहरुको अनुसूची सम्झनु पर्छ ।

**३. दरखास्तको ढाँचा :** एजेन्ट हुन चाहने व्यक्तिले एजेन्टमा आफ्नो नाम दर्ता गराउन ऐनको दफा ४ बमोजिम दरखास्त दिंदा अनुसूची १ बमोजिमको विवरण र ढाँचाको दरखास्त डाइरेक्टर कम कन्ट्रोलर नेपाल सरकार, वाणिज्य विभागमा दिनु पर्दछ ।

**४. दरखास्त रजिष्ट्रेशन दस्तुर:** नियम ३ बमोजिम दरखास्त दिने व्यक्तिले दरखास्त साथ दरखास्थ दस्तुर वापत ने.रु. ५।- पाँचर रजिष्ट्रेशन दस्तुर वापत ने.रु. १००।- एक सय रुपैयाँ दाखिल गर्नु पर्नेछ । एजेन्सी रजिष्टर नभएमा यस नियम बमोजिम रजिष्ट्रेशन दस्तुर वापत दाखिल भएको रुपैयाँ दरखास्तवालाले फिर्ता पाउनेछ । तर दरखास्त दस्तुर वापत दाखिला भएको रुपैयाँ दरखास्तवालाले फिर्ता पाउने छैन ।

**५. रजिष्टर्ड एजेन्सीको अवधि, नवीकरण र दस्तुर :**_

(१) कुनै एजेन्सी जुन सालमा रजिष्टर भएको हो सो सालको चैत्र मसान्तसम्म वहाल रहनेछ । आफ्नो एजेन्सीको रजिष्ट्रेशन नवीकरण गर्न चाहने व्यक्तिले अवधि समाप्त हुन अगावै नियम ३ मा तोकिएको अधिकारी छेउ दरखास्त दिई त्यस्तो रजिष्ट्रेशन नवीकरण गराई लिनु पर्दछ । तर, ऐन प्रारम्भ हुनु भन्दा अघि नेपाल सरकारबाट स्वीकृति लिइराखेका एजेन्सीहरुले ऐन प्रारम्भ भएको सालदेखि २०१९ सालसम्मको र ऐन प्रारम्भ भएपछि २०१८ साल चैत्र मसान्तसम्ममा रजिष्टर भैराखेका एजेन्टहले जुन सालमा रजिष्टर गराएको हो सो सालदेखि पछिको २०१९ साल सम्मको नवीकरण गर्न वाँकी प्रत्येक सालको उपनियम (२) मा लेखिएको दरले नवीकरण दस्तुर एकमुष्ट नेपाल सरकारले नेपालराजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको म्यादभित्र बुझाएमा त्यस्ता एजेन्सीहरुको रजिष्ट्रेशन २०१९ साल चैत्र मसान्तसम्म वहाल रहने गरी नियम ३ मा तोकिएको अधिकारीले नविकरण गरी त्यसको प्रमाणपत्र त्यस्ता एजेन्टलाई दिन सक्नेछ ।

(२) नविकरणको निमित्त दरखास्त दिने व्यक्तिले नवीकरण दस्तुर वापत ने.रु. २०।- बीस रुपैयाँ

दरखास्तसाथ बुझाउनु पर्नेछ, तर दरखास्त दस्तुर भने पाउने छैन ।

**६. फाँटवारी पेश गर्नुपर्ने :** यी नियमहरु प्रारम्भ भएपछि हरेक रजिष्टर्ड एजेन्टले आफूले गरेका कारोवारको अनुसूची २ बमोजिम फाँटवारी प्रत्येक तीन तीन महिनामा नियम ३ मा तोकिएको अधिकारी छेउ पेश गर्नु पर्छ ।

**७. एजेन्सी नामसारी गर्ने :**

(१) कुनै रजिष्टर्ड एजेन्टबाट चलाई आएका एजेन्सीको काम आफ्नो नाममा नामसारी गरी लिन चाहने व्यक्तिले सो रजिष्टर्ड एजेन्टको र एजेन्सी दिने कम्पनीको मञ्जूरीको लिखत साथै राखी नियम ३ मा तोकिएको अधिकारी छेउ दरखास्त दिनु पर्छ । दरखास्त साथै नामसारी दस्तुर ने.रु. २५।- पच्चीस दाखिल गर्नुपर्छ । दरखास्त दस्तूर भने लाग्ने छैन ।

(२) नामसारी नभएमा उपनियम (१) बमोजिम नामसारी दस्तूर वापत दाखिल भएको रुपैयाँ दरखास्तवालाले फिर्ता पाउनेछ ।

**८. खारेजी :** एजेन्सी दस्तूर नियम, २०१५ र एजेन्सी दस्तुर (प्रथम संशोधन, नियम, २०१८ खारेज गरिएको छ ।

द्रष्टव्य : प्रतिनिधि सभा घोषणा २०६३ द्वारा रुपान्तर भएको शव्द

"श्री ५ को सरकारको" सट्टा "नेपाल सरकार"

अनुसूची - २

**(नियम ६ सँग सम्वन्धित)**

श्रीमान महानिर्देशकज्यू,
वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग,
बवरमहल, काठमाडौं ।

| माल आएको विवरण | परिमाण अथवा थान | वित्रmी परिमाण अथवा थान | वांकी परिमाण अथवा थान | खरीद मोल | | महसूल भाडा इत्यादि | | पर्ता माल | | नाफा | विक्री दर | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | भा.रु | ने.रु. | भा.रु. | ने.रु. | भा.रु. | ने.रु. | | भा.रु. | ने.रु. | |
| | | | | | | | | | | | | | |

एजेन्सी दिने फर्मको नाम :-
ऐ.ऐ. को ठेगाना :-
माथि लेखिए बमोजिमको विवरण ठीक छ फरक पारी लेखिएको ठहरे नेपाल कानून वमोजिम सहुँला बुझाउंला ।

सही :-
एजेन्ट वा एजेन्सीको पूरा नाम :-
ठेगाना :-
एजेन्सीको धनी, धनीहरुको नाम :-
ऐ.ऐ.ऐ. ठेगाना :-

## एजेन्सी रजिष्ट्रेशन गर्ने दरखास्त फाराम

श्रीमान महानिर्देशक ज्यू,
वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग,
काठमाडौं ।

**विषय :– एजेन्सी दर्ता बारे ।**

महोदय,

म/हामी नेपाल सरकार..........................................मा.......................................नम्बरमा दर्ता रहेको प्रा.फर्म/साझेदारी फर्म/प्रा.लि./कं.लि. ले..............................................फर्मसँग लिएको एजेन्सीको छोटकरी विवरण तल खुलाई सो फर्मको एजेन्ट भएको कागजातहरु तथा अन्य अनावश्यक कागजातहरु यसैसाथ पेश गरेको छु/छौं । उक्त फर्मको एजेन्ट भई काम गर्दाको शर्तनामा अनुसारको शर्त वा भाउमा फेरबदर भएमा सो को सूचना तुरुन्तै गर्ने छु/छौं । नेपाल एजेन्सी ऐन, २०१४ तथा एजेन्सी (संशोधन र एकिकरण) नियमहरु, २०१९ अनुसार आफुले लिएको एजेन्सीका मालहरु आएको, विक्री भएको मौज्दात रहेको तथा तीनको दर भाउको फाँटबारी ३/३ महिनामा त्यस विभागमा पेश गर्नुको साथै माल विक्री गर्दा वा काम गर्दा आफुले पाएको कमिशन रिबेट नेपाल सरकारबाट तोकी दिएको भन्दा बढी मुनाफा नलिई विक्री गर्ने वा काम गर्ने छु/छौं, मेरा/हाम्रो नाममा एजेन्सी दर्ता गरी पाऊ लेखिएका व्यहोरा कुनै कुरा झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

१. एजेन्सी दिने फर्मको नाम (नेपाली) :–
२. एजेन्सी दिने फर्मको नाम (अंग्रेजी ठूलो अक्षरमा) :–
३. एजेन्सी दिने फर्मको ठेगाना :–
४. एजेन्सी पाउनेको नाम (नेपालीमा) :–
५. एजेन्सी पाउनेको नाम -अंग्रेजी अक्षरमा) :–
६. एजेन्सी पाउनेको ठेगाना -ब्लक नं./टेलिफोन नं. सहित) :–
७. एजेन्सी पाएको मूल्य माल वस्तुको नाम :–
८. एजेन्सी पाएको ईलाका :–
९. एजेन्ट वा एजेन्सीको धनी/धनीहरुको नाम :–

निवेदक,
लेखात्मक सही :–
रेखात्मक सही :–

दा.                     बा.

## कबुलियतनामा

लिखितम् ______________________________________________________________________________
_______________

आगे तपसिल बमोजिम एजेन्सी पाएकोले रजिष्ट्रर गर्ना निमित्त विवरण खुलाई यस विभागमा दरखास्त दिएको सो एजेन्सीको रजिष्ट्रर गर्ने ऐन, नियम बमोजिम नियम पालना गर्ने कुरामा कबुलियत समेत गर्न तपाईको मञ्जुर छ छैन भनि यस विषयमा वाणिज्य विभागबाट सोधनी गर्दा मेरो चित्त बुझ्यो । यसमा ऐन रुल नियम अनुसार तपसिल लेखिए बमोजिम नियम पालना गर्न मञ्जुर छ, पालना गर्नेछु । कथमकदाचित रुल नियम पालना नगरी उल्लघंन गरेमा ऐन रुल नियम पालना नगरेको ठहरी सजाय पाउने भएकोमा पछि कुनै कुराको उजूर गर्ने छैन भनि मनोमान खुसीराजीसँग कबुलियतमा लेखि नेपाल सरकार वाणिज्य विभागमा चढाए ।

१. एजेन्सी दिने कम्पनीको नाम.......................................................................................
२. एजेन्सी पाएको मालको छोटकरी विवरण........................................................................
३. एजेन्सीको ईलाका.....................................................................................................

**<u>पालना गर्नुपर्ने नियमहरु :–</u>**

(क) जुन सालमा सो एजेन्सी रजिष्ट्रर गरिएको हो सो सालको चैत्र मसान्तमा मात्र रजिष्ट्रर बहाल रहने हुनाले अवधि समाप्त हुनुभन्दा अगाडी ऐन रुल नियम बमोजिम दस्तुर तिरी पुनः नविकरण गराउने छु ।

(ख) आफूले गरेको कारवाहीको फाँटबारी अनुसूची २ बमोजिम फर्ममा भरी प्रत्येक ३/३ (तीन-तीन) महिनामा यस विभागमा पेश गर्नेछु ।

(ग) यस सम्बन्धी नियमको कुनै कुरा उल्लंघन गरेमा, पेश गरेको फाँटबारीमा कुनै कुरा झुठ्ठा लेखेमा कानून बमोजिम सजाय सहनेछु ।

(घ) यस विषयका मिति २०१४/१२/२३ मा नेपाल गजेटमा प्रकाशित रजिष्ट्रेशन ऐनमा उल्लिखित कुराहरु प्रति पालना गर्नेछु । साथै, यस सम्बन्धी अरु कुरा रुल नियम निस्केमा सो समेत पालना गर्न तयार रहने छु ।

ईति सम्वत् २०..........साल..................महिना.........गते रोज.........शुभम् ।

सही

दा.                                        बा.

# उपभोक्ता संरक्षण ऐन, २०५४

## उपभोक्ताको संरक्षण गर्ने सम्वन्धमा व्यवस्था गर्ने बनेको ऐन

**प्रस्तावना :-** उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्तावर्गलाई संरक्षण प्रदान गरी उपभोग्य वस्तु वा सेवाको गुण वा उपयोगिता घटाउन वा झिक्न नपाउने व्यवस्था गर्न, एकाधिकार एवं अनुचित व्यापारिक क्रियाकलापद्वारा मूल्य अभिवृद्धि हुन सक्ने अवस्थालाई रोक्न र उपभोग्य वस्तु वा सेवाको उपयोगिता एवं प्रयोग सम्वन्धी झुट्टा तथा भ्रमात्मक प्रचार प्रसार हुन नदिई सुरक्षित तथा गुणस्तरयुक्त उपभोग्य वस्तु वा सेवाको विक्री वितरण, निकासी, पैठारी र सञ्चय सम्वन्धी व्यवस्था गर्न तथा उपभोक्तालाई पर्ने मर्काको विरुद्ध उपचार दिलाउने निकायको स्थापना गरी उपभोक्ताको हक, हित र अधिकारको संरक्षण गर्ने व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको छब्बीसौं वर्षमा संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम उपभोक्ता संरक्षण ऐन, २०५४ रहेको छ । (२) यो ऐन २०५५ साल वैशाख १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उपभोक्ता" भन्नाले कुनै उपभोग्य वस्तु वा सेवा उपभोग वा प्रयोग गर्ने व्यक्ति वा संस्था सम्झनुपर्छ ।

(ख) "परिषद्" भन्नाले दफा ३ बमोजिम गठन भएको उपभोक्ता संरक्षण परिषद् सम्झनुपर्छ ।

(ग) "क्षतीपूर्ति समिति" भन्नाले दफा २३ बमोजिम गठन भएको क्षतिपूर्ति समिति सम्झनुपर्छ ।

(घ) "उपभोग्य वस्तु" भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तु वा वस्तुहरुको सम्मिश्रणबाट बनेको पदार्थ सम्झनुपर्छ र सो शब्दले उपभोग्य वस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रङ्ग, सुगन्ध वा रसायनलाई समेत जनाउँछ ।

(ङ) "सेवा" भन्नाले कुनै कामको निमित्त कुनै पनि किसिमको सेवा शुल्क वा प्रतिफल लिई प्रदान गरिएको श्रम, सुविधा वा परामर्श सम्झनुपर्छ ।

(च) "उत्पादन" भन्नाले उपभोग्य वस्तु बनाउने, तयार गर्ने, प्रशोधन गर्ने, परिणत गर्ने, प्याकिङ्ग गर्ने, पुनः प्याकिङ्ग गर्ने, एसेम्वलिङ्ग गर्ने वा लेवल लगाउने प्रक्रिया वा सो सम्वन्धमा अपनाइने सम्पूर्ण वा कुनै प्रक्रिया सम्झनुपर्छ ।

(छ) "लेवल" भन्नाले उपभोग्य वस्तु वा उपभोग्य वस्तु राखिएको भाँडामा लेखिएको, छापिएका, लिथो गरिएको, चिन्ह लगाइएको, इम्वोर्स गरिएको, समावेश गरिएको वा अन्य कुनै किसिमले देखाइएको ट्याग, चिन्ह, तस्वीर वा अन्य विवरणात्मक वस्तु सम्झनुपर्छ ।

(ज) "अनुचित व्यापारिक क्रियाकलाप" भन्नाले कुनै पनि उपभोग्य वस्तु वा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य, नापतौल ढाँचा वा बनावट आदि, ढांटी वा झुक्याई त्यस्तो उपभोग्य वस्तु वा सेवा विक्री वितरण वा प्रदान गर्ने, अन्य व्यक्तिले उत्पादन गरेको उपभोग्य वस्तुको गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा, बनावट आदिमा असर पारी विक्री वितरण गर्ने कार्य सम्झनुपर्छ ।

(झ) "कमसल उपभोग्य वस्तु" भन्नाले देहायको कुनै अवस्थाको उपभोग्य वस्तु सम्झनुपर्छ :-

(१) दफा ११ बमोजिम निर्धारित गरिएको गुणस्तरभन्दा कम्ती हुने गरी हुनुपर्ने पदार्थको परिमाण घटाइएको वा अर्को कुनै पदार्थको सम्मिश्रण गरिएको,

(२) स्वास्थ्यलाई हानिकारक हुने गरी सडेको, गलेको वा फोहरमैला वा विषादी अवस्थामा राखिएको वा तयार गरिएको वा कुनै रसायन, रङ्ग वा वास्ना प्रयोग गरिएको,

(३) केही वा सम्पूर्ण भाग कुनै रोगी वा रोगकारक पशु, पंक्षी वा हानिकारक वनस्पतीबाट बनाइएको,

(४) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम जारी गरिएको आदेशमा तोकिएको न्यूनतम आवश्यक गुणस्तरभन्दा घटेको वा अधिकतम गुणस्तर तोकिएकोमा सोभन्दा बढेको ।

(ञ) "विक्रेता" भन्नाले थोक वा खुद्रारुपमा उपभोग्य वा सेवा विक्री वितरण गर्ने व्यक्ति, सरकारी वा गैर सरकारी संस्था वा सहकारी संस्था सम्झनुपर्छ ।

(ट) "प्रयोगशाला" भन्नाले उपभोग्य वस्तुको शुद्धता, पूर्णता वा गुणस्तर परीक्षण गर्ने उद्देश्यले स्थापना भएको नेपाल सरकारबाट मान्यता प्राप्त निकाय सम्झनुपर्छ ।

(ठ) "उपभोक्ता संस्था" भन्नाले उपभोक्ताको हक हित संरक्षण तथा संवर्द्धन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना भएको संस्था सम्झनुपर्छ ।

(ड) "निरीक्षण अधिकृत" भन्नाले दफा १४ बमोजिम नियुक्त वा तोकिएको निरीक्षण अधिकृत सम्झनुपर्छ ।

(ढ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

**३. उपभोक्ता संरक्षण परिषद्को गठन :**

(१) उपभोक्ताको हक हित संरक्षण सम्वन्धी विषयमा नीति निर्माण गर्न तथा उपभोक्ताको हक हितका सम्वन्धमा नेपाल सरकारलाई सुझाव दिनको लागि एउटा उपभोक्ता संरक्षण परिषद् गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको परिषद्मा देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरु रहने छनः-

| | | |
|---|---|---|
| (क) | आपूर्ति मन्त्री वा आपूर्ति राज्यमन्त्री | अध्यक्ष |
| (ख) | सभापति, विकास तथा सञ्चार समिति, प्रतिनिधि सभा | सदस्य |
| (ग) | सचिव, आपूर्ति मन्त्रालय | सदस्य |
| (घ) | सचिव, उद्योग मन्त्रालय | सदस्य |
| (ङ) | सचिव, कृषि मन्त्रालय | सदस्य |
| (च) | सचिव, गृह मन्त्रालय | सदस्य |
| (छ) | सचिव, वाणिज्य मन्त्रालय | सदस्य |
| (ज) | महानिर्देशक, नेपाल गुणस्तर तथा नापतौल विभाग | सदस्य |
| (झ) | अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य |
| (ञ) | उपभोक्ताको हक हितसँग सम्वन्धित गैर सरकारी संस्थाबाट नेपाल सरकारले मनोनित गरेको प्रतिनिधि तीन जना | सदस्य |

| | | |
|---|---|---|
| (ट) | उपभोक्ताको हक हितसँग सम्वन्धित क्षत्रमा कार्यरत महिलाहरु मध्येबाट नेपाल सरकारले मनोनित गरेको महिला प्रतिनिधि दुई जना | सदस्य |
| (ठ) | नेपाल सरकारले तोकेको नेपाल सरकारको अधिकृत | सदस्य सचिव |

(३) उपदफा (२) को खण्ड (ञ) र (ट) बमोजिम मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ र निजहरु एक अवधिको लागि पुनः मनोनित हुन सक्नेछन् ।

(४) परिषद्का अध्यक्ष तथा सदस्यहरुले नेपाल सरकारले तोकिदिए बमोजिमको वैठक भत्ता पाउनेछन् ।

**४. परिषद्को काम, कर्तव्य र अधिकार :**

(१) **परिषद्को काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

(क) उपभोक्ताको हक हित संरक्षण, आपूर्ति व्यवस्था र उपभोग्य वस्तु तथा सेवाको मूल्य, गुणस्तर, शुद्धता सम्वन्धी विषयमा नेपाल सरकारलाई सुझाव दिने ।

(ख) उपभोक्तालाई उपभोग्य वस्तु तथा सेवाको सम्वन्धमा सुरक्षित गराउन त्यस्ता वस्तु तथा सेवाको गुणस्तरका सम्वन्धमा जानकारी गराउन उपभोक्ताको हक हित सम्वन्धी सूचनाहरु प्रंचार प्रसार गर्ने, गराउने ।

(ग) उपभोक्तालाई उपभोग्य वस्तु तथा सेवाको मूल्य, गुण, परिमाण, शुद्धता तथा अनुचित व्यापारिक क्रियाकलापका सम्वन्धमा सूचित गर्ने, गराउने ।

(घ) उपभोक्ताको हक हित संरक्षण गर्ने सम्वन्धमा अनुसन्धान गर्ने, गराउने ।

(ङ) उपभोक्ताको हक हित संरक्षण सम्वन्धमा भइरहेका नीति परिवर्तन गर्ने वा नयाँ नीति बनाउने सम्वन्धमा नेपाल सरकारलाई सुझाव दिने ।

(च) उपभोक्ताको हक हित संरक्षण सम्वन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सूचनाहरु अद्यावधिक राख्ने तथा राख्न लगाउने ।

(छ) उपभोक्ताका अधिकारहरुको अनुगमन गर्ने गराउने र अनुगमन गर्दा देखिएका त्रुटिहरुको सुधार गर्न नेपाल सरकारलाई सुझाव दिने ।

(ज) नेपाल सरकारले तोकिदिए बमोजिमका काम गर्ने, गराउने ।

(झ) उपभोक्ताको हक हित संरक्षण गर्ने सम्वन्धमा उपयुक्त सम्झेको अन्य काम गर्ने, गराउने ।

(२) परिषद्को सचिवालयको काम आपूर्ति मन्त्रालयले गर्नेछ ।

**५. परिषद्को वैठक सम्वन्धी कार्यविधि :**

(१) परिषद्को वैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) परिषद्को सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषद्को वैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) परिषद्को वैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफूमध्ये बाट छानेको व्यक्तिले वैठकको अध्यक्षता गर्नेछ ।

(४) परिषद्को निर्णय परिषद्को सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(५) परिषद्को वैठक सम्वन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**६. उपभोक्ताको अधिकारको संरक्षण तथा संवर्द्धन :**

(१) उपभोक्ताको हक हित संरक्षण गर्ने प्रयोजनको निमित्त प्रत्येक उपभोक्तालाई देहायका अधिकारहरु प्राप्त हुनेछन् :-

(क) जीउ, ज्यान, स्वास्थ्य तथा सम्पत्तिमा हानी पुऱ्याउने उपभोग्य वस्तु तथा सेवाको विक्री वितरणबाट सुरक्षित हुन पाउने अधिकार,

(ख) अनुचित व्यापारिक क्रियाकलापबाट सुरक्षित हुनको निमित्त उपभोग्य वस्तु तथा सेवाको मूल्य, गुण, परिमाण, शुद्धता, गुणस्तर आदि बारे सूचित हुने अधिकार,

(ग) यथासम्भव प्रतिस्पर्धात्मक मूल्यमा उपभोग्य वस्तु तथा सेवाको छनौट गर्न पाउने अवसर मा विश्वस्त हुने अधिकार,

(घ) उपभोक्ताको हक हित संरक्षणका सम्वन्धमा उपयुक्त निकायबाट सुनुवाई हुन्छ भन्ने कुरामा विश्वस्त हुने अधिकार,

(ङ) अनुचित व्यापारिक क्रियाकलापबाट उपभोक्ताहरुमा हुने शोषण तथा मर्काको विरुद्ध सुनुवाई र क्षतिपूर्ति पाउने अधिकार, र

(च) उपभोक्ता शिक्षाको अधिकार,

(२) उपदफा (१) मा उल्लिखित उपभोक्ताको अधिकारको संरक्षण तथा संवर्द्धन गर्ने वातावरणको सीर्जना गर्नको निमित्त नेपाल सरकारले परिषद्लाई आवश्यक निर्देशन दिनेछ

**७. माग, आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पार्न नहुने :** कसैले पनि कुनै व्यक्तिसँग मिली देहायका कुनै काम गरी कुनै उपभोग्य वस्तु वा सेवाको माग, आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पार्न हुँदैन :-

(क) कुनै उपभोग्य वस्तुको लागि चाहिने कच्चा पदार्थको कोटा निर्धारण गरी वा कुनै उपभोग्य वस्तुको उत्पादन घटाउन वा त्यस्तै अन्य कुनै काम गरी,

(ख) कुनै उपभोग्य वस्तु वा सेवा संचित गरी वा अन्य तवरले कृत्रिम अभाव खडा गरी वा निर्धारित समय वा स्थानमा मात्र त्यस्तो वस्तु वा सेवा विक्री वितरण गर्ने गरी वा त्यस्तै अन्य कुनै काम गरी ।

**८. उपभोग्य वस्तु वा सेवाको आपूर्तिलाई व्यवस्थित तथा नियन्त्रित गर्ने अधिकार :**

(१) उपभोक्ताको हक हित संरक्षण गर्नको निमित्त उपभोग्य वस्तु वा सेवाको आपूर्तिलाई व्यवस्थित, नियन्त्रित तथा नियमित गर्न नेपाल सरकारले देहाय बमोजिमको अधिकार प्रयोग गर्नेछ ।

(क) उपभोग्य वस्तु वा सेवाको गुणस्तर, मूल्य निर्धारण र आपूर्ति व्यवस्था सम्वन्धी नीति निर्माण गर्ने,

(ख) उपभोक्ताको हक हितमा प्रतिकूल असर पार्ने किसिमका एकाधिकार तथा अनुचित व्यापारिक क्रियाकलापलाई अनुमगन, रोकथाम र नियन्त्रण गर्ने सम्वन्धमा कार्ययोजना बनाई उक्त कार्ययोजना कार्यान्वयन गर्ने,

(ग) देशभित्र खपत हुने उपभोग्य वस्तुको माग र आपूर्ति स्थितिको विश्लेषण तथा समीक्षा गर्ने,

(घ) उपभोग्य वस्तुको उत्पादक, विक्रेता वा वितरकहरुले अवाञ्छित तरिकाले गरेको मूल्य वृद्धिलाई रोक्न आवश्यक व्यवस्था गर्ने,

(ङ) उपभोग्य वस्तुको कृत्रिम वा अनुपयुक्त तवरले अभाव श्रृजना गर्ने किसिमका अनुचित व्यापारिक क्रियाकलापलाई हतोत्साहित गर्ने ।

(२) उपभोक्ताको हकहित संरक्षण, आपूर्ति व्यवस्था नियमित र उपभोय वस्तु तथा सेवाको मूल्य एवं गुणस्तर नियन्त्रण सम्बन्धी व्यवस्थाहरुको प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न नेपाल सरकारले आवशयक व्यवस्था गर्नेछ ।

**९. उपभोग्य वस्तुमा उल्लेख गर्नुपर्ने कुराहरु :** उत्पादकले उपभोग्य वस्तुको लेवलमा देहायका कुराहरु अनिवार्य रुपमा उल्लेख गर्नैपर्नेछ :-

(क) उत्पादकको नाम, ठेगाना र उद्योगको दर्ता नम्वर ।

(ख) खाद्य पदार्थ र औषधि जस्ता उपभोग्य वस्तुमा उक्त वस्तुको मिश्रण, त्यसको परिमाण र तौल ।

(ग) गुणस्तर निर्धारण भएको उपभोग्य वस्तुमा सो वस्तुको गुणस्तर ।

(घ) उपभोग्य वस्तु उपभोग गर्ने तरिका र सो वस्तु उपभोग गरेबाट हुनसक्ने प्रभाव ।

(ङ) उपभोग्य वस्तुको मूल्य, व्याच नम्वर, उत्पादन मिति र उपभोगको म्याद सकिने मिति ।

(च) इलेक्ट्रोनिक, हार्डवेयर तथा यान्त्रिक जस्ता उपभोग्य वस्तुमा सो वस्तुको ग्यारेण्टी, ग्यारेण्टी मिति तथा अन्य आवश्यक कुराहरु ।

(छ) प्रज्वलनशील दुर्घटनाजन्य वा सजिलैसँग टुटफुट हुन सक्ने उपभोग्य वस्तुमा सो वस्तुको सुरक्षाको लागि अपनाउनु पर्ने कुराहरु ।

(ज) तोकिए बमोजिमका अन्य कुराहरु ।

**१०. उपभोग्य वस्तु वा सेवाको सम्वन्धमा गर्न नहुने काम:** कसैले पनि कुनै उपभोग्य वस्तु वा सेवाको सम्वन्धमा देहायका कुनै काम गर्न, गराउन हुँदैन :-

(क) कमसल उपभोग्य वस्तुको उत्पादन, विक्री वितरण वा निकासी पैठारी गर्न ।

(ख) उपभोक्तालाई झुक्याउने गरी कुनै उपभोग्य वस्तुको नक्कल गर्न ।

(ग) कुनै उपभोग्य वस्तु वा सेवालाई अर्को उपभोग्य वस्तु वा सेवा हो भनी वा निम्नस्तरको उपभोग्य वस्तु वा सेवालाई उच्चस्तरको उपभोग्य वस्तु वा सेवा हो भनी ढााटी वा झुक्याई विक्री वितरण गर्न ।

(घ) कुनै उपभोग्य वस्तु वा सेवाको प्रयोग, उपयोगिता वा प्रभावकारिताको सम्वन्धमा झुट्टा वा भ्रमात्मक प्रचार प्रसार वा विज्ञापन गर्ने किसिमको अनुचित व्यापारिक क्रियाकलाप गर्न ।

(ङ) उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तु वा सेवाको उत्पादन वा विक्री वितरण गर्न ।

(च) तोकिए बमोजिमका अन्य कामहरु गर्न ।

**११. उपभोग्य वस्तु वा सेवाको गुणस्तर:**

(१) कुनै उपभोग्य वस्तु वा सेवामा कुनै पदार्थको गुणस्तर वा मात्रा कुन परिधिभित्रको हुनुपर्नेछ भन्ने कुराको निर्धारण भएको रहेछ भने नेपाल सरकारले त्यस्तो वस्तु वा सेवाको गुणस्तरको निर्धारण तोकिए बमोजिमको प्रक्रिया पूरा गरी गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै उपभोग्य वस्तु वा सेवाको गुणस्तर निर्धारण गरिएको कुराको सूचना नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गर्नैं पर्नेछ ।

**१२. मूल्यसूची राख्नु पर्ने :** विक्रेताले विक्री वितरण गर्ने प्रत्येक उपभोग्य वस्तुको थोक र खुद्रा मूल्य स्पष्टरुपमा अंकित मूल्यसूची विक्री स्थलमा सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ ।

**१३. नेपाल सरकारले जाँचवुझ र निरीक्षण गर्न सक्ने :**

(१) कसैले उपभोक्ताको हक हितमा प्रतिकूल असर पार्ने किसिमले अनुचित व्यापारिक क्रियाकलाप गरिरहेको, एकाधिकार कायम गरी वा अन्य कुनै तरिकाद्वारा उपभोग्य वस्तु वा सेवाको मूल्य तथा आपूर्ति व्यवस्थालाई प्रभावित पार्ने काम गरिरहेको वा कमसल उपभोग्य वस्तुको उत्पादन वा विक्री वितरण गरिरहेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत काम कार वाही भइरहेको छ भन्ने विश्वास हुने मनासिव कारण भएमा नेपाल सरकारले आवश्यक जाँचवुझ र निरीक्षण गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचवुझ र निरीक्षणबाट दोषी देखिएका उत्पादक, डिलर, एजेन्ट, विक्रेता, व्यक्ति वा संस्थालाई नेपाल सरकारले प्रचलित कानून बमोजिम आवश्यक कारवाही गर्नेछ ।

**१४. निरीक्षण अधिकृत नियुक्त गर्न वा तोक्न सक्ने :** वजार तथा आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाई उपभोक्तालाई उचित मूल्यमा स्तरयुक्त उपभोग्य वस्तु वा सेवा सरलरुपमा उपलब्ध गराउने कार्यको अनुगमन गर्न नेपाल सरकारले तोकिए बमोजिम निरीक्षण अधिकृतहरु नियुक्ति गर्न वा निरीक्षण अधिकृतको रुपमा काम गर्न कुनै अधिकृत कर्मचारीलाई तोक्न सक्नेछ ।

**१५. निरक्षिण अधिकृतले निरीक्षण, जाँचवुझ वा खानतलासी गर्न सक्ने :**

(१) कुनै ठाउँमा सुरक्षित असरयुक्त वा गुणस्तर नभएको उपभोग्य वस्तुको उत्पादन वा विक्री वितरण भइरहेको वा सेवा प्रदान गरेको वा यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत कुनै काम कारवाही भइरहेको छ भन्ने विश्वास हुने मनासिव कारण भएमा निरीक्षण अधिकृतले त्यस्तो ठाउँमा निरीक्षण, जाँचवुझ वा खानतलासी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण, जाँचवुझ वा खानतलासी गर्दा सुरक्षित, असरयुक्त वा गुणस्तर नभएको उपभोग्य वस्तुको उत्पादन वा विक्री वितरण भइरहेको वा सेवा प्रदान गरेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित काम कारवाही भइरहेको देखिएमा निरीक्षण अधिकृतले त्यस्तो उपभोग्य वस्तुको तोकिए बमोजिम नमूना लिई तोकिएको अवधिको लागि त्यस्तो उपभोग्य वस्तुको उत्पादन वा विक्री वितरण गर्न वा सेवा प्रदान गर्न रोक लगाउनेछ ।

(३) उपदफा (२) बमोजिम निरीक्षण अधिकृतले गरेको काम कारवाही सम्वन्धी प्रतिवेदन तीन दिनभित्र नेपाल सरकार समक्ष पेश गर्नुँपर्नेछ ।

(४) निरीक्षण अधिकृतले निरीक्षण, जाावुझ वा खानतलासी गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(५) निरीक्षण अधिकृतको अन्य काम, कर्तव्य र अधिकार तथा निरीक्षण अधिकृतले दिएको प्रतिवेदन कार्यान्वयन सम्वन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।

**१६. उपभोग्य वस्तुको परीक्षण :** निरीक्षण अधिकृतले दफा १५ बमोजिम लिएको उपभोग्य वस्तुको नमूना परीक्षणको लागि तोकिएको अवधिभित्र प्रयोगशालामा पठाउनुपर्नेछ ।

**१७. कमसल उपभोग्य वस्तु जफत हुने:** दफा १६ बमोजिम परीक्षणको लागि पठाइएको उपभोग्य वस्तुको नमूना प्रयोगशालामा परीक्षण हुँदा कमसल उपभोग्य वस्तु ठहरिएमा सम्वन्धित उपभोग्य वस्तुहरु जफत हुनेछन् ।

**१८. सजायं :** देहायको काम कारवाही गर्ने गराउनेलाई कसूरको मात्रा हेरी देहाय बमोजिम सजायं

हुनेछः-

(क) दफा ७ विपरीत काम कारवाही गर्ने गराउनेलाई तीन वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय।

(ख) दफा ९ को उपदफा (१) को खण्ड (क) विपरीत काम कारवाही गर्ने गराउनेलाई दुई वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजायं ।

(ग) दफा १० को खण्ड (क) विपरीत काम कारवाही गर्ने गराउनेलाई तीन वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय ।

(घ) दफा १० को खण्ड (ख), (ग), र (घ) विपरीत काम कारवाही गर्ने गराउनेलाई पाँचवर्षसम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुबै सजाय ।

(ङ) दफा १० को खण्ड (ङ) विपरीत काम कारवाही गर्ने गराउनेलाई देहाय बमोजिम सजाय हुनेछ :

(१) ज्यानलाई खतरा पुग्ने भएमा चौध वर्षसम्म कैद वा पाँचलाख रुपैयाँसम्म जरिवाना वा दुबै सजाय ।

(२) शरीरको कुनै अंगको शक्ति क्षीण वा हरण हुन सक्ने भएमा दश वर्षसम्म कैद वा पाँचलाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय ।

(३) अन्य अवस्थामा पााचवर्षसम्म कैद वा तीनलाख रुपैयाँसम्म जरिवाना वा दुबै सजाय ।

(च) माथि उल्लिखित काम कारवाही वाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य काम कारवाही गर्ने गराउनेलाई दुई वर्षसम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुबै सजाय ।

**१९. नेपाल सरकार वादी हुनेः** यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ ।

**२०.मुद्दाको तहकिकात र दायरीः**

(१) यस ऐन बमोजिम सजाय हुने कसूर सम्वन्धी मुद्दाको तहकिकात निरीक्षण अधिकृतले गर्नेछ र त्यस्तो तहकिकातको काम पूरा भएको पैतीस दिनभित्र सम्वन्धित जिल्ला अदालत समक्ष मुद्दा दायर गर्नैंपर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा तहकिकात र दायर गर्दा निरीक्षण अधिकृतले सरकारी वकीलको राय लिन सक्नेछ र त्यस्तो मुद्दाको प्रतिरक्षा सरकारी वकीलबाट हुनेछ ।

**२१. संक्षिप्त कार्यविधि अपनाउनु पर्नेछ :-** यस ऐन अन्तर्गत दायर भएको मुद्दाको कारवाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

**२२.क्षतिपूर्तिको दावी गर्न सक्नेः** यस ऐनको विपरीत हुने गरी उपभोग्य वस्तु वा सेवा विक्री वितरण वा प्रदान गरेको कारणबाट कुनै उपभोक्तालाई कुनै पनि किसिमको हानि नोक्सानी हुन गएमा त्यस्तो उपभोक्ता वा त्यस्तो उपभोक्ताको तर्फबाट कुनै उपभोक्ता संस्थाले त्यस्तो उपभोग्य वस्तु वा सेवा विक्री वितरण वा प्रदान गर्ने व्यक्तिबाट क्षतिपूर्ति भराई पाउ भनी क्षतिपूर्ति समितिसमक्ष त्यसरी हानि नोक्सानि पुगेको पैंतीस दिनभित्र उजुरी गर्न सक्नेछ ।

**२३. क्षतिपूर्ति समितिः**

(१) दफा २२ बमोजिम परेको उजुरी उपर छानविन गरी उपभोक्तालाई पुग्न गएको हानि नोक्सानि वापत क्षतिपूर्ति दिलाउनको निमित्त प्रत्येक जिल्लामा देहाय बमोजिम एक क्षतिपूर्ति समितिको गठन हुनेछः-

| | | |
|---|---|---|
| क. | प्रमुख जिल्ला अधिकारी | अध्यक्ष |
| ख. | जिल्ला सरकारी अधिवक्ता | सदस्य |
| ग. | जिल्ला मेडिकल अधिकृत | सदस्य |
| घ. | नेपाल सरकारले तोकेको जिल्ला उपभोक्ता संस्थाको प्रतिनिधि | सदस्य |
| ङ. | प्रतिनिधि, जिल्ला उद्योग वाणिज्य संघ | सदस्य |
| च. | नेपाल सरकारले तोकेको अधिकृत | सदस्य सचिव |

(२) क्षतिपूर्ति समितिले क्षतिपूर्तिका सम्वन्धमा परेको उजुरीमा तोकिएको अवधिभित्र निर्णय गर्नैंपर्नेछ र सो निर्णय गर्दा अपनाउनुपर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**२४.क्षतिपूर्ति दिलाउने :** दफा २२ बमोजिम क्षतिपूर्तिको निमित्त परेको उजुरी उपर छानविन गरी क्षतिपूर्ति समितिले उपभोक्तालाई हानि नोक्सानी पुग्न गएको ठहर गरेमा हानि नोक्सानिको आधारमा क्षतिपूर्ति वापतको रकम उपभोक्ता वा निजको हकवालालाई दिलाउनेछ ।

**२५.पुनरावेदनः** दफा २४ बमोजिम क्षतिपूर्ति समितिले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले सो निणर्य भएको मितिले पैंतीस दिनभित्र सम्वन्धित पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**२६.प्रचलित कानून बमोजिम मुद्दा चलाउन सकिने :** यस ऐन बमोजिम कसूर ठहरिने काम कारवाही अन्य प्रचलित कानून अन्तर्गत पनि कसूर ठहरिने रहेछ भने उक्त प्रचलित कानून बमोजिम मुद्दा चलाउन यस ऐनले बाधा पुऱ्याएको मानिने छैन ।

**२७.उपसमिति गठन गर्न सक्ने :**

(१) यस ऐनको उद्देश्य पूर्तिको लागि नेपाल सरकार वा परिषद्ले आवश्यक उपसमितिहरु गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिहरुको काम, कर्तव्य, अधिकार र कार्यविधि नेपाल सरकार वा परिषद्ले तोकिदिए बमोजिम हुनेछ ।

**२८.अधिकार प्रत्यायोजनः** नेपाल सरकार वा परिषद्ले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार हरुमध्ये आवश्यकतानुसार केही अधिकार दफा २७ बमोजिम गठित उपसमिति वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२९.असल नियतले गरेको कामको बचाउ :** निरीक्षण अधिकृत, क्षतिपूर्ति समिति वा नेपाल सरकारले कुनै कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफ्नो कर्तव्य पालन गर्दा असल नियतले गरेको काम कारवाहीप्रति निज व्यक्तिगत रुपले जवाफदेही हुनेछैन ।

**३०.नियम बनाउन सक्ने :** यस ऐनको उद्देश्य पूर्तिको लागि नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

## उपभोक्ता संरक्षण नियमावली, २०५६

उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा ३० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यी नियमहरुको नाम "उपभोक्ता संरक्षण नियमावली, २०५६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा, -

(क) "ऐन" भन्नाले उपभोक्ता संरक्षण ऐन, २०५४ सम्झनुपर्छ ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकार, आपूर्ति मन्त्रालय सम्झनुपर्छ ।

(ग) "कार्यालय" भन्नाले नेपाल सरकार, आपूर्ति मन्त्रालय निरीक्षण अधिकृतको कार्यालय सम्झनुपर्छ ।

(घ) "उजुरी" भन्नाले देहायका कुनै विषयका सम्वन्धमा उजुरवालाले लिखित रुपमा गरेको दावी सम्झनुपर्छ :-

(१) अनुचित व्यापारिक क्रियाकलापसँग सम्वन्धित कुनै काम कारवाहीमा कुनै व्यापारी संलग्न रहेको ।

(२) उजुरवालाले खरीद गरेको वा खरीद गर्न मन्जुर गरेको कुनै उपभोग्य वस्तु कमसल भएको ।

(३) उजुरवालाले प्राप्त गरेको वा प्राप्त गर्न मन्जुर गरेको सेवामा कुनै किसिमको त्रुटी वा कमी रहेको ।

(४) निर्धारित मूल्यभन्दा बढी मूल्य लिई उपभोग्य वस्तु वा सेवा विक्री वितरण वा प्रदान गरेको वा गर्ने नियत राखेको ।

(५) उपभोक्ताको जीउ, ज्यान, सम्पत्तिमा खतरा वा जोखिम पुग्ने वा पुग्न सक्ने किसिमका उपभोग्य वस्तु विक्री वितरण गरेको वा गर्ने नियत राखेको ।

(६) ऐन, यस नियमावली वा अन्य प्रचलित कानूनको विपरीत उपभोक्ताको हक हितमा प्रतिकूल असर पर्ने किसिमको कुनै काम कारवाहीमा कुनै व्यक्ति वा संस्थाको संलग्नता रहेको ।

(ङ) "उजुरवाला" भन्नाले उजुरी गर्ने देहायका कुनै व्यक्ति वा संस्था सम्झनु पर्छ :

(१) उपभोक्ता,

(२) उपभोक्ता संस्था,

(३) नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको कुनै संस्था,

(४) एकै प्रकृतिका सामूहिक हितसँग सम्वन्धित एक वा एकभन्दा बढी उपभोक्ता ।

(च) "सम्वन्धित व्यक्ति" भनाले उपभोग्य वस्तु उत्पादन गर्ने, विक्री वितरण गर्ने, आयात गर्ने व्यक्ति सम्झनुपर्छ र सो शब्दले त्यस्ता व्यक्तिहरुको अधिकृत प्रतिनिधिलाई समेत जनाउँछ ।

**३. रिक्त पदको पदपूर्ति :** पदावधि पूरा नहुँदै परिषद्का कुनै मनोनित सदस्यको कुनै कारणबाट रिक्त हुन आएमा बाँकी अवधिको लागि सो पद जुन प्रक्रियाबाट पहिले पूर्ति गरिएको हो सोही प्रक्रियाबाट पूर्ति गरिनेछ ।

**४. नेपाल सरकारले सदस्यको पदबाट हटाउन सक्ने :** परिषद्का कुनै सदस्यले परिषद्को उद्देश्य

र हित अनुकूल काम गर्न सकेको छैन भन्ने कुरामा नेपाल सरकार विश्वस्त भएमा नेपाल सरकारले त्यस्तो सदस्यलाई जुनसुकै वखत सदस्यको पदबाट हटाउन सक्नेछ ।तर यसरी पदबाट हटाउनु अघि सम्वन्धित सदस्यलाई सफाई पेश गर्ने मौका दिइनेछ ।

**५. सदस्यले प्राप्त गर्ने भत्ता तथा सुविधाहरुः** परिषद्को कामको सिलसिलामा कुनै सदस्यले नेपाल अधिराज्यभित्र वा वाहिर भ्रमण गर्नँ परेमा यस्तो सदस्यले प्राप्त गर्ने भ्रमण भत्ता सुविधाहरु परिषद्ले निर्धारण गरिदिए बमोजिम हुनेछ ।

**६. उपभोक्ता शिक्षाबारे पाठ्यक्रममा समावेश गराउने :**

(१) उपभोक्तालाई उपभोग्य वस्तु वा सेवाको सम्वन्धमा सूचित गराउनको लागि के कस्तो उपभोग्य वस्तु वा सेवा उपभोग गर्न हुने र गुणस्तर नभएका उपभोग्य वस्तु वा सेवा प्रयोग गर्दा सोबाट पर्न सक्ने प्रभाव आदिका सम्वन्धमा जानकारी गराउनको लागि परिषद्ले उपभोक्ता शिक्षा सम्वन्धी आवश्यक शैक्षिक पाठ्यक्रम तयार गर्नेछ ।

(२) उपनियम (१) बमोजिम तयार गरिएको पाठ्यक्रम मन्त्रालयले शिक्षा मन्त्रालयसँग समन्वय कायम गरी विभिन्न तहका विद्यालय तथा विश्वविद्यालयको पाठ्यक्रममा समावेश गराउन आवश्यक व्यवस्था गर्नेछ ।

**७. गोष्ठी, सेमिनार आदिबाट सुझाव संकलन गर्ने :** उपभोक्ताको हक हित संरक्षण, आपूर्ति व्यवस्था र उपभोग्य वस्तु वा सेवाको मूल्य गुणस्तर सम्वन्धीत विषयमा नीति निर्माण गर्ने सम्वन्धमा नेपाल सरकारलाई सुझाव दिनुअघि परिषद्ले विभिन्न उपभोक्ता संस्थाहरुलाई उपभोक्ताको हक हितसम्वन्धी विषयक गोष्ठी, सेमिनारहरुमा सहभागी गराई सुझाव संकलन गर्नेछ ।

**८. उपभोक्ता शिक्षाबारे जनचेतना जगाउने :** परिषद्ले उपभोक्ताको हक हित संरक्षण गर्न तथा उपभोक्ताका अधिकारका सम्वन्धमा उपभोक्तालाई जागरुक गर्न नेपाल सरकारका सम्वन्धित निकाय र उपभोक्ता संस्थाहरुसँग समन्वय कायम गरी व्यापक रुपमा प्रचार प्रसार गरी उपभोक्ता शिक्षाबारे जनचेतना जगाउने छ ।

**९. गुणस्तर सम्वन्धी नीति निर्धारणः** मन्त्रालयले उपभोग्य वस्तुको गुणस्तर सम्वन्धी नीति निर्धारण गर्दा त्यस्तो उपभोग्य वस्तु उत्पादन भएको मुलुक, गुणस्तर निर्धारण सम्वन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था र छिमेकी मुलुकले सो उपभोग्य वस्तुका सम्वन्धमा कायम गरेको गुणस्तरलाई आधार मानी गुणस्तर सम्वन्धी नीति निर्धारण गर्नेछ ।

**१०. मूल्य निर्धारणसम्वन्धी नीति निर्माणः**

(१) मन्त्रालयले कुनै उपभोग्य वस्तुको मूल्य निर्धारण सम्वन्धी नीति निर्माण गर्दा त्यस्तो उपभोग्य वस्तुको उत्पादन लागत, ढुवानी खर्च, आयातकर्ताले प्रचलित कानून बमोजिम बुझाएको कर, दस्तुर र उपभोग्य वस्तु बिक्री गर्दा विक्रेताले लिन पाउने मुनाफा रकम समेतलाई आधार मानी उपभोग्य वस्तुको मूल्य निर्धारण सम्वन्धी नीति निर्माण गर्नेछ । यसरी मन्त्रालयले उपभोग्य वस्तुको मूल्य निधारण सम्वन्धी नीति निर्माण गर्दा नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल चेम्वर अफ कमर्सको परामर्श लिन सक्नेछ ।

(२) मन्त्रालयले कुनै सेवाको मूल्य निर्धारणसम्वन्धी नीति निर्माण गर्दा त्यस्तो सेवा प्रदान गर्ने व्यक्तिको हक हित संरक्षण र आचरण तथा काम कारवाही व्यवस्थित गर्ने सम्वन्धमा प्रचलित कानून बमोजिम मान्यता प्राप्त कुनै निकाय वा अधिकारी भए त्यस्ता निकाय वा अधिकारीको परामर्श लिई र त्यस्ता निकाय वा अधिकारी नभए, निजले प्रदान गरेको सेवाको

औचित्यतालाई दृष्टिगत गरी सेवाको मूल्य निर्धारण सम्वन्धी नीति निर्माण गर्नेछ ।

(३) उपनियम (२) बमोजिम मन्त्रालयले मूल्य निर्धारण सम्वन्धी नीति निर्माण गर्दा त्यस्तो सेवा प्रदान गरे वापत लिन पाउने मूल्य भौगोलिक क्षेत्र तथा ठाउँ विशेषको आधारमा फरक हुने गरी निर्माण गर्न सक्नेछ ।

**११. विक्री वितरण प्रणाली नियमित गर्ने :** उपभोक्ता हक हित संरक्षण र आपूर्ति व्यवस्थालाई नियमित गर्नका लागि मन्त्रालयले कुनै उपभोग्य वस्तुको कृत्रिम अभाव हुन नदिन वा सबै ठाउँमा नियमितरुपमा उपभोग्य वस्तु वितरण गर्न सम्वन्धित निकायहरुसँग समन्वय गरी उपभोग्य वस्तुको विक्री वितरण प्रणालीलाई नियमित गर्ने व्यवस्था गर्नेछ ।

**१२. अत्यावश्यक वस्तु सुपथ मूल्यमा उपलब्ध गराउने:** उपभोक्ताको हक हित संरक्षण गर्ने सम्वन्धमा सर्वसाधारणको लागि अत्यावश्यक मानिएका उपभोग्य वस्तुमा मूल्य वृद्धि भएको कारणले उपभोक्तालाई सो उपभोग्य वस्तु उपयोग गर्न कठिनाई परेको छ भन्ने लागेमा मन्त्रालयले त्यस्ता उपभोग्य वस्तुहरु किटान गरी नेपाल सरकारले सुपथ मूल्यमा उपभोग्य वस्तु विक्री वितरण गर्ने व्यवस्था गर्न सक्नेछ ।

**१३. सुपथ मूल्य पसलहरु खोल्ने व्यवस्था गर्ने :** मन्त्रालयले उपभोक्ताको हक हित संरक्षण गर्नको लागि नेपाल अधिराज्यका विभिन्न ठाउँमा आवश्यकतानुसार सुपथ मुल्यका पसलहरु खोल्न आवश्यक व्यवस्था गर्नेछ ।

**१४. मूल्यसूची राख्ने सम्वन्धमा:** विक्रेताले उपभोग्य वस्तु विक्री गर्दा प्रत्येक उपभोग्य वस्तुको थोक र खुद्रा मूल्य स्पष्ट देखिने गरी अनुसूची-१ बमोजिमको ढाँचामा मूल्यसूची राख्नु पर्नेछ ।

**१५. उपभोग्य वस्तुको लेवलमा खुलाउनुपर्ने अन्य कुराहरु :**

(१) उत्पादकले ऐनको दफा ९ बमोजिम उपभोग्य वस्तुको लेवलमा खुलाउनुपर्ने अन्य कुराहरु देहाय बमोजिम हुनेछन् :-

(क) कुनै उपभोग्य वस्तु कुनै निश्चित समयभन्दा अघि प्रयोग गरेमा बढी राम्रो हुने भए, सो कुरा ।

(ख) उपभोग्य वस्तुमा लाग्ने सबै कर समावेश गरी हुन आउने अधिकतम खुद्रा विक्री मूल्य ।

(ग) कुनै उपभोग्य वस्तु प्रयोग गर्नुँ पूर्व कुनै प्रक्रिया पूरा गर्नुँपर्ने भए सो प्रक्रिया र सो प्रक्रिया नपुऱ्याई सो प्रयोग गर्दा हुने हानि समेत ठूलो अक्षरमा लेख्ने ।

(घ) स्वास्थ्यलाई हानि पुऱ्याउने खालका पदार्थहरुको लेवलमा अनिवार्य रुपमा "यसको सेवन स्वास्थ्यको लागि हानिकारक छ" भन्ने चेतावनी उल्लेख गर्नुँपर्नेछ ।

(२) ऐनको दफा ९ र उपनियम (१) बमोजिम लेवलमा लेख्नु पर्ने कुरा नलेखिएको उपभोग्य वस्तु कसैले आयात गरेमा त्यस्ता वस्तु आयात गर्ने व्यक्तिले नै त्यस्ता कुराहरु उपभोग्य वस्तुको लेवलमा उल्लेख गरी विक्री वितरण गर्नुँपर्नेछ।

**१६. उपभोग्य वस्तु वा सेवाका सम्वन्धमा गर्न नहुने अन्य काम :** कसैले पनि कुनै उपभोग्य वस्तु वा सेवाको सम्वन्धमा ऐनको दफा १० मा लेखिएको कामको अतिरिक्त देहायका कुनै काम गर्न गराउन हुँदैन :

(क) एकै प्रकृतिका विभिन्न व्यापारी वा व्यापारिक समूहहरु मिली कुनै उपभोग्य वस्तुको अभाव श्रृजना गरी मूल्य तथा आपूर्ति व्यवस्थामा प्रभाव पार्न ।

(ख) एक वा एकभन्दा बढी व्यापारीहरु वा व्यापारिक समूहहरु मिली प्रतिस्पर्धालाई कुण्ठित तुल्याई संयुक्त रुपमा मूल्य निर्धारण गर्न ।

(ग) कुनै सेवा प्रदान गर्ने एकभन्दा बढी व्यापारीहरु वा समूहहरुले आपसी संझौताका आधारमा सिण्डिकेट प्रणाली अपनाई सेवा सन्चालन गर्न ।

(घ) एउटा उपभोग्य वस्तु खरीद गर्दा अर्को उपभोग्य वस्तु पनि अनिवार्यरुपमा खरीद गर्नैपर्नेगरी मिश्रित व्यवस्था गर्न ।

**१७. कार्यालयको स्थापना :** नेपाल सरकारले वजार तथा आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाई उपभोक्ताको हक हित संरक्षण गर्नको लागि आवश्यकतानुसार जिल्लाको सदरमुकाममा कार्यालयको स्थापना गर्नेछ । यसरी स्थापना हुने कार्यालयको संगठनात्मक स्वरुप, कार्यक्षेत्र र काम, कर्तव्य तथा अधिकार नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम हुनेछ ।

**१८. निरीक्षण अधिकृतको नियुक्ति :**

(१) नियम १७ बमोजिम स्थापना भएको कार्यालयको प्रमुख भई काम गर्नको लागि नेपाल सरकारले प्रचलित कानून बमोजिम प्रत्येक कार्यालयमा एक एक जना निरीक्षण अधिकृत नियुक्त गर्नेछ ।

(२) उपनियम (१) बमोजिम निरीक्षण अधिकृतको नियुक्ति हुन नसकेको अवस्थामा नेपाल सरकारले उपभोक्ताको हित संरक्षणमा कार्यरत रहेका नेपाल सरकारका अन्य कुनै अधिकृतलाई निरीक्षण अधिकृतको रुपमा काम गर्नका लागि तोक्न सक्नेछ । यसरी निरीक्षण अधिकृत तोकिएका सूचना नेपाल राजपत्रमभा प्रकाशित गर्नुपर्नेछ ।

**१९. निरीक्षण अधिकृतमा नियुक्ति हुनको लागि योग्यता :** निरीक्षण अधिकृतको पदमा नियुक्ति हुने व्यक्तिको योग्यता देहाय बमोजिम हुनुपर्नेछ :

(क) रसायनशास्त्रमा स्नातक उत्तीर्ण गरेको, वा

(ख) फार्मेसीमा स्नातक उत्तीर्ण गरेको, वा

(ग) फूड टेक्नोलोजीमा स्नातक उत्तीर्ण गरेको, वा

(घ) जनस्वास्थ्यमा स्नातक उत्तीर्ण गरेको, वा

(ङ) कानूनमा स्नातक उत्तीर्ण गरेको, वा

(च) वजार व्यवस्थापनमा स्नातक उत्तीर्ण गरेको, वा

(छ) कुनै विषयमा स्नातक उत्तीर्ण गरी उपभोग्य वस्तु वा सेवाको गुणस्तर निर्धारण तथा परीक्षण सम्वन्धी विषयमा कम्तीमा एक महिनाको तालीम प्राप्त गरेको ।

**२०. निरीक्षण अधिकृतलाई अनुसन्धान, तहकिकात र दायरी सम्वन्धी तालीम दिनुपर्ने :** निरीक्षण अधिकृतले पदीय जिम्मेवारी पूरा गर्नैभन्दा अगावै निजलाई ऐन बमोजिमको कसुरको अनुसन्धान तहकिकात प्रक्रियाका सम्वन्धमा व्यावहारिक जानकारी दिनको लागि अनुसन्धान, तहकिकात र दायरी विषयको तालीम दिने आवश्यक व्यवस्था मन्त्रालयले गर्नेछ ।

**२१. निरीक्षण अधिकृतको अन्य काम, कर्तव्य र अधिकार :** ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त निरीक्षण अधिकृतको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) उपभोग्य वस्तुको उत्पादन, विक्री वितरण गर्ने वा कुनै सेवा प्रदान गरेको ठाउँमा प्रवेश गर्न ।

(ख) उपभोग्य वस्तुको उत्पादन, विक्री वितरण गर्ने वा सेवा प्रदान गर्ने व्यक्तिसँग आवश्यक विवरण वा जानकारी लिन ।

(ग) उपभोग्य वस्तुको उत्पादन, विक्री वितरण गर्ने वा कुनै सेवा प्रदान गर्ने व्यक्तिसँग वा सोसँग

सम्वन्धित अन्य व्यक्तिसँग आवश्यक बयान लिन ।

(घ) कुनै उपभोग्य वस्तुको परीक्षण गर्न आवश्यक देखिएमा आवश्यक पर्ने परिमाणमा नमूना लिई प्रयोगशालामा परीक्षण गर्न लगाउन ।

(ङ) कुनै उपभोग्य वस्तु वा सेवाको तत्काल उत्पादन, विक्री वितरण वा सेवा प्रदानमा रोक लगाउन आवश्यक देखिएमा सो रोक लगाउन ।

(च) कुनै उपभोग्य वस्तुको परीक्षण गर्न आवश्यक देखिएको कारणबाट त्यसको परीक्षणको लागि नमूना लिइएकोमा प्रयोगशालाबाट नमूनाको परीक्षण भै नआएसम्मको लागि त्यस्ता वस्तुको विक्री वितरणमा रोक लगाउन ।

(छ) निरीक्षण वा जाँचवुझको सिलसिलामा उत्पादक वा विक्रेतालाई तत्काल कुनै आदेश दिन उपयुक्त देखिएमा सो आदेश दिन ।

(ज) कुनै ठाउँमा खानतलासी गर्न ।

(झ) निरीक्षण वा जाावुझको सिलसिलामा उपयुक्त सम्झेको अन्य कार्य गर्ने ।

**२२. उजुरी :**

(१) कसैले ऐन, वा यस नियमावली विपरीत उपभोक्ताको हक हित प्रतिकूल कुनै काम गरेमा वा गर्ने प्रयत्न गरेमा उजुरवालाले मन्त्रालय वा सम्वन्धित निरीक्षण अधिकृत समक्ष अनुसूची -२ बमोजिमको ढाँचामा उजुरी दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइने उजुरीमा देहायका कुराहरु स्पष्टरुपमा खुलाइएको हुनु पर्नेछ ।

(क) ऐन वा यस नियमावली विपरीत उपभोक्ताको हक हित प्रतिकूल काम गर्ने वा त्यस्तो काम गर्ने प्रयत्न गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना ।

(ख) खण्ड (क) बमोजिमको काम कारवाहीबाट भएका हानि नोक्सानी वा हुन सक्ने सम्भावित क्षतिको विवरण ।

(ग) प्राप्त गरेको उपभोग्य वस्तु वा सेवामा रहेको त्रुटी वा कमीको विवरण ।

(घ) उजुरीमा उल्लिखित विवरणलाई पुष्ट्याई हुने किसिमका सवुत प्रमाण ।

(३) यस नियम बमोजिम दिइने उजुरी उजुरवालाले त्यस्तो उजुरी गर्ने कारण भएको मितिले सात दिनभित्र दिइसक्नुपर्नेछ ।

**२३. निरीक्षण, जाँचवुझ वा खानतलासी गर्न सक्ने :**

(१) नियम २२ बमोजिम कसैको उजुरी परेमा वा ऐन वा यस नियमावली विपरीत कुनै काम कारवाही भइरहेको छ भन्ने विश्वास हुने मनासिव कारण भएमा मन्त्रालय वा निरीक्षण अधिकृतले उपभोग्य वस्तु उत्पादन, विक्री वितरण वा परिवहन भइरहेको कुनै ठाउँमा गई त्यस्तो ठाउँमा भइरहेको काम, सो काममा लागेका व्यक्तिहरु, सो ठाउँको वातावरण तथा त्यस्तो ठाउँमा देखेका सामग्री, वस्तु, पदार्थ, औजार र साधनहरुको निरीक्षण,जाँचवुझ तथा खानतलासी गर्न गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निरीक्षण, जाँचवुझ तथा खानतलासी गनएुपूर्व मन्त्रालय वा निरीक्षण अधिकृतले सम्भव भएसम्म त्यसरी निरीक्षण, जाावुझ तथा खानतलासी गर्नँ पूर्व कारणसहितको पर्चा खडा गर्नँपर्नेछ ।

(३) उपनियम (२) बमोजिम पर्चा खडा गरिएको अवस्थामा सम्वन्धित व्यक्तिले सोको नक्कल लिन चाहेमा प्रचलित कानूनको रीत पुऱ्याई नक्कल सारी सराई लिन पाउनेछ ।

(४) उपनियम (१) बमोजिम निरीक्षण, जाँचवुझ वा खानतलासी गर्ने निरीक्षण अधिकृतले अनिवार्यरुपमा अनुसूची- ३ बमोजिमको परिचयपत्र आफ्नो साथमा राख्नु पर्नेछ ।

**२४. निरीक्षण, जाँचवुझ वा खानतलासी गर्दा अपनाउनु पर्ने कार्यविधि :**

(१) नियम २३ बमोजिम निरीक्षण अधिकृतले कुनै ठाउँको निरीक्षण, जाँचवुझ वा खानतलासी गर्दा देहाय बमोजिमको प्रक्रिया पूरा गर्नैपर्नेछ :-

(क) सम्वन्धित व्यक्तिलाई सूचना दिएर मात्र निरीक्षण, जाँचवुझ वा खानतलासी गर्नैपर्ने ।

(ख) निरीक्षण, जाँचवुझ वा खानतलासी लिंदा यथासम्भव सूर्योदय भै सूर्यास्त नभएसम्मको समयमा मात्र गनुपर्ने ।

(ग) निरीक्षण, जाँचवुझ वा खानतलासीको सिलसिलामा कुनै उपभोग्य वस्तुको नमूना परीक्षणको लागि लिएकोमा यथासम्भव कुनै व्यक्तिलाई साक्षी राख्नुपर्ने ।

(घ) निरीक्षण, जाँचवुझ वा खानतलासी गर्दा यथासम्भव कुनै किसिमको हानि नोक्सानि नहुने गरी लिनुपर्ने ।

(२) उपनियम (१) बमोजिम निरीक्षण, जाँचवुझ वा खानतलासी गर्ने सिलसिलामा निरीक्षण अधिकृतले सूचना दिंदादिंदै पनि सम्वन्धित व्यक्ति वा अरु कसैले निरीक्षण, जाँचवुझ वा खानतलासी गर्ने अनुमति नदिई वाधा विरोध गरेमा निरीक्षण अधिकृतले स्थानीय भलादमीहरुलाई साक्षी राखी त्यस्तो निरीक्षण, जाँचवुझ वा खानतलासी गर्न सक्नेछ ।

**२५. उपभोग्य वस्तु रोक्का राख्न सक्ने :**

(१) यस नियमावली बमोजिम निरीक्षण अधिकृतले निरीक्षण, जाँचवुझ वा खानतलासी गर्दा कुनै उपभोग्य वस्तु रोक्का राख्न आवश्यक देखेमा त्यस्तो उपभोग वस्तु सिलवन्दी गरी सम्वन्धित व्यक्तिको जिम्मा लगाई नियम ३१ बमोजिम प्रयोगशालाबाट नमूना परीक्षण वा विश्लेषण भई नआउन्जेलसम्मको अवधिसम्मका लागि रोक्का राख्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निरीक्षण अधिकृतले रोक्का राखेको उपभोग्य वस्तु सम्वन्धित व्यक्तिले आफ्नो जिम्मामा लिनु पर्नेछ र त्यसरी जिम्मा लिंदा त्यसको दुई प्रति भरपाई तयार गरी एक प्रति निरीक्षण अधिकृतले र एक प्रति सम्वन्धित व्यक्तिले लिनुपर्छ ।

(३) यस नियम बमोजिम रोक्का राखिएको कुनै उपभोग्य वस्तु सडी गली जाने प्रवृत्तिको भई रोक्का राखिएको अवधिमा सडी गली गएमा सोको हानि नोक्सानिप्रति नेपाल सरकार वा निरीक्षण अधिकृतले कुनै किसिमको जवाफदेही वहन गर्नैपर्ने छैन ।

**२६. रोक्का राखेको उपभोग्य वस्तु जिम्मा नलिएमा कब्जा गर्नुपर्ने :**

(१) नियम २५ बमोजिम निरीक्षण अधिकृतले रोक्का राखेको उपभोग्य वस्तु सम्वन्धित व्यक्तिलाई जिम्मा लगाउादा लिन मन्जुर नगरेमा निरीक्षण अधिकृतले त्यस्तो उपभोग्य वस्तु आफ्नो कब्जामा लिनेछ ।

(२) उपनियम (१) बमोजिम कुनै उपभोग्य वस्तु निरीक्षण अधिकृतले आफ्नो कब्जामा लिएमा सम्वन्धित व्यक्तिलाई त्यसको भरपाई दिनुपनेछ ।

**२७. उपभोग्य वस्तुको नमूना :**

(१) यस नियमावली बमोजिम निरीक्षण, जाँचवुझ वा खानतलासी गर्दा वा नियम २५ बमोजिम कुनै उपभोग्य वस्तु रोक्का राख्दा निरीक्षण अधिकृतले त्यस्तो वस्तुको नमूना लिनेछ

(२) उपनियम (१) बमोजिम उपभोग्य वस्तुको नमूना लिंदा निरीक्षण अधिकृतले परीक्षण वा

विश्लेषण गराउने प्रयोजनको लागि आवश्यक मात्रामा नघटाई त्यस्तो उपभोग्य वस्तुको नमूना लिनुपर्नेछ ।

(३) उपभोग्य वस्तुको नमूना लिंदा निरीक्षण अधिकृतले त्यस्तो नमूना सम्वन्धित व्यक्तिलाई दिन, परीक्षण वा विश्लेषणको लागि प्रयोगशालामा पठाउन र कार्यालयमा समेत राख्नको लागि छुट्टाछुट्टै भााडाभित्र राखी सिलवन्दी गर्नुँपर्नेछ ।

(४) निरीक्षण अधिकृतले यस नियम बमोजिम प्रयोगशाला र कार्यालयमा पठाउनको लागि लिएको उपभोग्य वस्तुको नमूना वापत प्रचलित मूल्य सम्वन्धित व्यक्तिलाई दिनुपर्नेछ ।

**२८.भाँडोलाई सिलवन्दी गर्ने तरिका :** निरीक्षण अधिकृतले नियम २९ को उपनियम (३) बमोजिम उपभोग्य वस्तु राखिएको भाँडोलाई देहाय बमोजिम गरी सिलवन्दी गर्नूपर्नेछ :-

(क) भाँडोभित्र राखिएको उपभोग्य वस्तुको नाम तथा परिमाण र सांकेतिक संख्या भए सो समेत भाँडो वाहिर स्पष्ट अंकित गरी,

(ख) भाँडोभित्र राखिएको उपभोग्य वस्तु चुहिन वा वाहिर आउन नसक्ने गरी बन्द गरी विर्को लगाई,

(ग) विर्को खोल्न नसकिने गरी विर्को र भाँडो धागोले बाँधी,

(घ) सिलवन्दी नउप्काई भाँडोलाई खोल्न नसक्ने गरी

**२९.सिलवन्दी गर्दा स्पष्ट छाप लगाउने :**

(१) निरीक्षण अधिकृतले उपभोग्य वस्तु राखिएको भाँडो सिलवन्दी गर्दा सो भाँडोको कम्तीमा विभिन्न चार ठाउँमा सम्वन्धित व्यक्ति र निरीक्षण अधिकृतले आ-आफ्नो नाउँको छाप स्पष्ट वुझिने गरी सिलवन्दी गर्नैंपर्नेछ ।

(२) उपनियम (१) बमोजिम सम्वन्धित व्यक्तिले सिलवन्दी गरी नदिएमा निरीक्षण अधिकृतले स्थानीय भलादमीहरुलाई साक्षी राखी सो भाँडोको कम्तीमा विभिन्न चार ठाउँमा आफ्नो नाउँको छाप स्पष्ट रुपले बुझिने गरी सिलवन्दी गर्नैंपर्नेछ ।

**३०.नमूना परीक्षणको लागि प्रयोगशालामा पठाउने :**

(१) यस नियमावली बमोजिम उपभोग्य वस्तुको नमूना राखी सिलवन्दी गरिएको भाँडो परीक्षणको लागि प्रयोगशालामा पठाउँदा देहाय बमोजिम गरी अनुसूची -४ बमोजिमको ढाँचाको फाराम भरी पठाउनु पर्नेछ ।

(क) भाँडोलाई सुरक्षितसाथ प्याकिङ्ग गरी धागोले वााधी त्यसरी धागो वााधिएको चार ठाउँमा आफ्नो नाउँको छाप स्पष्ट वुझिने गरी सिलवन्दी गर्ने वा प्रयोगशालाको शर्त वा प्रचलित कानून बमोजिमको तरिकाबाट सिलवन्दी गर्ने ।

(ख) सिलवन्दी गरी प्याकिङ्ग गरिएको भाँडो वाहिरी आवरणमा उपभोग्य वस्तुको नाम, परिमाण तथा सांकेतिक संख्या समेत स्पष्ट उल्लेख गर्ने ।

(२) उपनियम (१) बमोजिम प्रयोगशालामा नमूना पठाउँदा सो नमूना लिएको सात दिनभित्र हुलाक वा यातायातको कुनै साधनद्वारा पठाउनु पर्नेछ ।

**३१. नमूनाको परीक्षण वा विश्लेषण :**

(१) यस नियमावली बमोजिम परीक्षण वा विश्लेषणको लागि पठाइएको भाँडो प्राप्त भएपछि प्रयोगशालाले त्यस्तो भाँडो र प्याकिङ्गको वाहिरी आवरणमा लागेको सिलवन्दी समेत ठीक छ छैन जाँची त्यसको अभिलेख राखी प्याकिङ्ग र भाँडोलाई खोल्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम भाँडो खोलिसकेपछि प्रयोगशालाले परीक्षण वा विश्लेषण गरी त्यसको प्रतिवेदन अनुसूची - ५ बमोजिमको ढाँचामा कार्यालय समक्ष पठाउनु पर्नेछ ।

**३२. नमूनाको पुनः परीक्षण वा विश्लेषण गर्न सकिने :**

(१) ऐन बमोजिम सजाय हुने वा क्षतिपूर्ति व्यहोर्नै पर्ने मुद्दासँग सम्वन्धित उपभोग्य वस्तुको नमूना पुनः परीक्षण वा विश्लेषण गराउन सम्वन्धित व्यक्तिले चाहेमा निजले आफूसँग रहेको त्यस्तो नमूनाको भाँडो सहित मुद्दा हेर्ने अधिकारीसमक्ष निवेदन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन परेपछि मुद्दा हेर्ने अधिकारीले पुनः परीक्षण वा विश्लेषण गराउन मनासिव ठहराएमा त्यस्तो निवेदनसाथ प्राप्त भएको भाँडोलाई कुनै अन्य प्रयोगशालामा पठाउनेछ र त्यसको सूचना कार्यालयलाई दिनेछ ।

(३) उपनियम (२) बमोजिम पठाइएको नमूनाको भाँडो प्राप्त भएपछि प्रयोगशालाले उपभोग्य वस्तुको नमूना परीक्षण वा विश्लेषण गरी त्यसको नतीजा अनुसूची- ६ बमोजिमको ढाँचामा मुद्दा हेर्ने अधिकारीकहाँ पठाउनेछ ।

**३३. पुनः परीक्षण वा विश्लेषणको लागि लागेको खर्च सम्वन्धित व्यक्तिलेव्यहोर्ने :** नियम ३२ बमो जिम कुनै उपभोग्य वस्तुको नमूनाको पुनः परीक्षण वा विश्लेषण गर्दा लागेको खर्च सम्वन्धित व्यक्तिले व्यहोर्नै पर्नेछ ।

३४.रोक्का वा कब्जा भएको उपभोग्य वस्तु फुकुवा गर्ने : रोक्का वा कब्जा गरिएको कुनै उपभोग्य वस्तुको नमूनालाई परीक्षण वा विश्लेषण गर्दा प्रयोगशालाले सो उपभोग्य वस्तु जनसुरक्षित, असरयुक्त र गुणयुक्त छ भन्ने ठहराएमा कार्यालयले रोक्का वा कब्जा भएको उपभोग्य वस्तु फुकुवा गर्नेछ ।

**३५. प्रतिवेदन :**

(१) यस नियमावली बमोजिम निरीक्षण, जाँचवुझ वा खानतलासी गरिसकेपछि निरीक्षण अधिकृतले काम सकिएको मितिले तीन दिनभित्र देहायका कुराहरु खुलाई मन्त्रालयसमक्ष लिखित प्रतिवेदन पेश गर्नैपर्नेछ :-

(क) त्यस्तो निरीक्षण, जाँचवुझ वा खानतलासी गर्नैपरेको ठाउँ तथा कारण ।

(ख) त्यस्तो ठाउँमा फेला परेका उपभोग्य वस्तु र सोसँग सम्वन्धित अन्य विवरण ।

(ग) फेला परेका उपभोग्य वस्तु रोक्का वा कब्जा गर्नै परेकोमा त्यसरी रोक्का वा कब्जा गर्नै परेको कारण ।

(घ) उपभोग्य वस्तुको नमूना लिनु परेकोमा सो लिनु परेको कारण ।

(ङ) उपभोग्य वस्तु रोक्का राख्दा वा उपभोग्य वस्तुको नमूना लिंदा के कति उपभोग्य वस्तु कुनरुपमा भाँडोमा राखी सिलवन्दी गरिएको छ र त्यस्तो भाँडो के कति कामको लागि कहाँ कहाँ पठाइएको छ ।

(च) त्यस्तो निरीक्षण, जाँचवुझ र खानतलासी पछि सो सम्वन्धमा गर्नैपर्ने वाँकी काम कारवाहीको विवरण ।

**३६. प्रतिवेदन कार्यान्वयन गर्ने :**

(१) नियम ३५ बमोजिम निरीक्षण अधिकृतबाट प्रतिवेदन प्राप्त भएपछि मन्त्रालयले त्यस्तो प्रतिवेदनका सम्वन्धमा आवश्यक जाँचवुझ गर्नेछ र त्यसरी जाँचवुझ गर्दा थप विवरण वा जानकारी लिनुपर्ने देखिएमा मन्त्रालयले सम्वन्धित व्यक्तिसँग आवश्यक विवरण वा जानकारी लिई सो प्रतिवेदन कार्यान्वयन गर्ने सम्वन्धमा उपयुक्त आदेश दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम मन्त्रालयबाट भएको आदेश बमोजिमको काम गर्नुपर्ने कर्तव्य सम्वन्धित व्यक्तिको हुनेछ ।

**३७. निरीक्षण अधिकृतलाई बाधा विरोध गर्न नहुने :** यस नियमावली बमोजिम निरीक्षण अधिकृतले निरीक्षण, जाँचवुझ वा खानतलासी गर्दा निजलाई सम्वन्धित व्यक्ति वा अरु कसैले वाधा विरोध गर्न हुँदैन ।

**३८. निरीक्षण अधिकृतको आदेशको पालना गर्नुपर्ने :**

(१) यस नियमावली बमोजिम निरीक्षण अधिकृतले निरीक्षण, जाँचवुझ  वा खानतलासीको सिलसिलामा सम्वन्धित व्यक्तिलाई कुनै आदेश दिएकोमा सम्वन्धित व्यक्तिले निरीक्षण अधिकृतले दिएको आदेश पालना गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निरीक्षण अधिकृतले दिएको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश पाएको तीस दिनभित्र मन्त्रालयसमक्ष उजुरी दिन सक्नेछ र त्यस्तो उजुरीको सम्वन्धमा मन्त्रालयले गरेको निर्णय अन्तीम हुनेछ ।

**३९. सहयोग गर्नुपर्ने :** यस नियमावली बमोजिम निरीक्षण अधिकृतले निरीक्षण, जाँचवुझ वा खानतलासी गर्दा सम्वन्धित व्यक्ति, सम्वन्धित कार्यालय तथा प्रहरीले आवश्यक सहयोग गर्नु पर्नेछ ।

**४०.जानकारी गराउनु पर्ने :** नियम २२ बमोजिम उजुरी परी सो उजुरी उपर अनुसन्धान तथा तहकिकात गर्ने सन्दर्भमा निरीक्षण अधिकृतले निरीक्षण, जाँचवुझ वा खानतलासी गर्दा प्राप्त तथ्य वा प्रयोगशालाबाट प्राप्त प्रतिवेदनको आधारमा उजुरी बमोजिम सम्वन्धित व्यक्ति उपर मुद्दा चलाउन नसकिने अवस्था भएमा उजुरवालाको अनुरोधमा मुद्दा नचलाउनु पर्ने कारणका बारेमा कार्यालयले सम्वन्धित उजुरवालालाई जानकारी गराउनु पर्नेछ ।

**४१. क्षतिपूर्ति सम्वन्धी उजुरी :**

(१) कसैले ऐन वा यस नियमावली विपरित उपभोक्ताको हक हित प्रतिकूल हुनेगरी कुनै उपभोग्य वस्तु वा सेवा विक्री वितरण वा प्रदान गरेको कारणबाट कुनै उपभोक्तालाई हानि नोक्सानि हुन गएमा त्यस्तो व्यक्तिबाट क्षतिपूर्ति भराई पाउनको लागि ऐनको दफा २२ बमोजिम अनुसूची ७ बमोजिमको ढाँचामा उजुरवालाले क्षतिपूर्ति समितिसमक्ष उजुरी गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइने उजुरीमा देहायका कुराहरु खुलाउनु पर्नेछ :

(क) ऐन वा यस नियमावली विपरीत  उपभोक्ताको हक हित प्रतिकूल काम गर्ने व्यक्तिको नाम र ठेगाना ।

(ख) खण्ड (क) बमोजिमको काम कारवाहीबाट भएको हानि नोक्सानि वा क्षतिको विवरण

(ग) प्राप्त गरेको उपभोग्य वस्तु वा सेवामा रहेको त्रुटी वा कमीको विवरण ।

(घ) उजुरीमा उल्लिखित विवरणलाई पुष्ट्याई हुने किसिमका सवुत प्रमाण ।

(ङ) दावी गरेको क्षतिपूर्ति रकम ।

**४२. प्रतिवादीलाई प्रतिउत्तर दिने म्याद जारी गर्ने :** नियम ४१ बमोजिम उजुरी परेमा सो उजुरीको एक प्रति नक्कल प्रतिवादीका नाममा पठाई सात दिनभित्र तत्सम्वन्धमा आफ्नो प्रतिउत्तर पेश गर्ने म्याद जारी गर्नु पर्नेछ ।

**४३. उपभोग्य वस्तु वा अन्य सवुत प्रमाण परीक्षण वा विश्लेषण गर्न पठाउन सक्ने :** प्रतिवादीको प्रतिउत्तर परेपछि उजुरवालाले पेश गरेको उपभोग्य वस्तु वा कुनै सवुद प्रमाण प्रयोगशाला वा विशेषज्ञबाट परीक्षण वा विश्लेषण गर्न आवश्यक छ भन्ने क्षतिपूर्ति समितिलाई लागेमा क्षतिपूर्ति

समितिले त्यस्तो उपभोग्य वस्तु वा सवुत प्रमाण परीक्षण वा विश्लेषणको लागि प्रयोगशाला वा सम्वन्धित विशेषज्ञकहाँ पठाउनेछ ।

**४४. क्षतिपूर्ति समितिले कुनै साक्षी, सवुत प्रमाण उपस्थित गराउन वा झिकाउन सक्ने :**

(१) नियम ४१ बमोजिम क्षतिपूर्तिको लागि आफूसमक्ष परेको उजुरी उपर निर्णय गर्दा कुनै साक्षी, सवुत प्रमाण उपस्थित गराउन वा झिकाउनु पर्ने आवश्यक देखेमा त्यस्तो साक्षी, सवुत प्रमाण आफूसमक्ष सात दिनभित्र उपस्थित गराउन वा पेश गर्न क्षतिपूर्ति समितिले उजुरवालालाई वा सम्वन्धित व्यक्तिलाई आदेश दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको आदेश प्राप्त भएको सात दिनभित्र त्यस्तो साक्षी, सवुत प्रमाण क्षतिपूर्ति समिति समक्ष उपस्थित गराउने वा पेश गर्ने कर्तव्य उजुरवाला वा सम्वन्धित व्यक्तिको हुनेछ । यसरी साक्षी, सवुत प्रमाण क्षतिपूर्ति समितिसमक्ष उपस्थित नगराउने वा पेश नगर्ने व्यक्तिलाई क्षतिपूर्ति समितिले पाचहजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

**४५. क्षतिपूर्ति दिलाई दिने :**

(१) नियम ४१ बमोजिम क्षतिपूर्तिको लागि उजुरी परेमा क्षतिपूर्ति समितिले आवश्यक जाँचवुझ गरी क्षतिपूर्ति भराउन आवश्यक देखेमा भएको हानि नोक्सानिको वास्तविक मूल्याङ्कन गरी सम्वन्धित उपभोक्तालाई क्षतिपूर्ति दिलाई दिनुपर्नेछ ।

(२) क्षतिपूर्ति समितिले उपभोक्तालाई शारीरिक क्षति नपुगेको अवस्थामा उपभोग्य वस्तुको सट्टा अर्को उपभोग्य वस्तु दिलाई दिन पनि सक्नेछ ।

**४६. क्षतिपूर्ति समितिले निर्णय गर्दा अपनाउनुपर्ने कार्यविधि:**

(१) क्षतिपूर्ति समितिले निर्णय गर्दा क्षतिपूर्ति समितिका सबै सदस्यहरुले सामूहिकरुपले निर्णय गर्ने अधिकारको प्रयोग गर्नेछन्।

(२) क्षतिपूर्तिको निर्णय गर्दा क्षतिपूर्ति समितिको अध्यक्षको उपस्थिति अनिवार्य हुनेछ ।

(३) क्षतिपूर्तिको निर्णय गर्दा क्षतिपूर्ति समितिका सदस्यहरुबीच मत विभाजन भएमा वहुमतको रायलाई क्षतिपूर्ति समितिको निर्णय मानिनेछ ।

(४) क्षतिपूर्ति समितिको निर्णयको सिलसिलामा मत विभाजन भई वहुमत कायम हुन नसकेमा अध्यक्षको राय अन्तीम हुनेछ ।

**४७. उजुरी उपर निर्णय गर्नुपर्ने अवधि :**

(१) प्रति उत्तरपत्र दाखिल भएकोमा सो मितिले र प्रतिउत्तरपत्र दाखिला नभएकोमा सो हुने म्याद भुक्तान भएको मितिले पन्ध्र दिनभित्र क्षतिपूर्ति समितिले आफूसमक्ष परेको उजुरी उपर निर्णय गरिसक्नु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै उपभोग्य वस्तुको परीक्षण वा विश्लेषण गर्नुपर्ने भई प्रयोगशालामा पठाइएकोमा प्रयोगशालाबाट परीक्षण वा विश्लेषण भै आएको मितिले सात दिनभित्र क्षतिपूर्ति समितिले आफूसमक्ष परेको उजुरी उपर निर्णय गरिसक्नु पर्नेछ ।

**४८. निर्धारित समयमा क्षतिपूर्ति वुझाउनु पर्ने :** क्षतिपूर्ति समितिको निर्णय अनुसार कुनै उपभोक्ताले नियम ४५ बमोजिम क्षतिपूर्ति पाउने भएमा त्यस्तो क्षतिपूर्ति पाउने गरी निर्णय भएको मितिले सात दिनभित्र क्षतिपूर्ति दिनुपर्ने ठहर भएको सम्वन्धित व्यक्तिले सम्वन्धित उपभोक्तालाई क्षतिपूर्ति दिनु पर्नेछ ।

**४९. निर्णय कार्यान्वयन :**

(१) क्षतिपूर्ति समितिको निर्णय बमोजिम क्षतिपूर्ति दिनुपर्ने कर्तव्य भएको सम्वन्धित व्यक्तिले सम्वन्धित उपभोक्तालाई नियम ४८ को म्यादभित्र क्षतिपूर्ति नदिएमा उजुरवालाले क्षतिपूर्ति समितिको निर्णय कार्यान्वयन हुनको लागि क्षतिपूर्ति समितिमा निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा क्षतिपूर्ति समितिले सम्वन्धित व्यक्तिलाई उपस्थित गराई सात दिनभित्र क्षतिपूर्ति दिलाई दिनेछ । यसरी क्षतिपूर्तिको रकम दिलाउन नसकिएमा प्रचलित कानून बमोजिम सम्वन्धित व्यक्तिको सम्पत्ति लिलाम विक्री गरी क्षतिपूर्ति समितिले क्षतिपूर्तिको रकम सम्वन्धित उपभोक्तालाई भराई दिनेछ ।

**५०. दुःख दिने नियतले गरेको उजुरीको खारेजी :** उजुरवालाले कसैलाई दुःख दिने नियाातले गरेको उजुरीलाई क्षतिपूर्ति समितिले खारेज गर्नेछ र यसरी दुःख दिने नियतले उजुरी गर्ने उजुरीवालालाई क्षतिपूर्ति समितिले एक हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

**५१. केन्द्रीय अनुगमन समितिः**

(१) उपभोक्ताको हक हित संरक्षण गर्नको लागि उपभोग्य वस्तु वा सेवाको आपूर्ति व्यवस्था, मूल्य, गुणस्तर, शुद्धता आदिका सम्वन्धमा सुपरीक्षण तथा अनुगमन गर्नको निमित्त नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी एउटा केन्द्रीय अनुगमन समितिको गठन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम गठित केन्द्रीय अनुगमन समितिमा देहायका सदस्यहरु रहनेछन् :-

| | | |
|---|---|---|
| क. | सहसचिव, आपूर्ति मन्त्रालय | संयोजक |
| ख. | कम्तीमा पाँचवर्षदेखि उपभोक्ताको हक हितसँग सम्वन्धित कार्यमा उल्लेखनीय काम गर्दै आएका उपभोक्ता संस्थाहरु मध्येबाट प्रतिनिधित्व हुनेगरी नेपाल सरकारले तोकेको तीनजना | सदस्य |
| ग. | कम्तीमा तीन वर्षदेखि उपभोक्ताको हक हितसँग सम्वन्धित क्षेत्रमा उल्लेखनीय काम गर्दै आएका महिलाहरु मध्येबाट नेपाल सरकारले तोकेका एकजना | सदस्य |
| घ. | प्रतिनिधि, स्वास्थ्य मन्त्रालय | सदस्य |
| ङ. | प्रतिनिधि, केन्द्रीय खाद्य अनुसन्धानशाला | सदस्य |
| च. | प्रतिनिधि, मूल्य अभिवृद्धि कर विभाग | सदस्य |
| छ. | प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य |
| ज. | कानून अधिकृत, आपूर्ति मन्त्रालय | सदस्य |
| झ. | उपसचिव, मूल्य अनुगमन शाखा, आपूर्ति मन्त्रालय | सदस्य सचिव |

(३) यस नियम बमोजिम गठित केन्द्रीय अनुगमन समितिको काम, कर्तव्य, अधिकार, कार्यविधि तथा अन्य आवश्यक कुराहरु नेपाल सरकारले तोकिदिए बमोजिम हुनेछ ।

**५२. जिल्ला अनुगमन समितिः**

(१) उपभोक्ताको हक हितको संरक्षण गर्नको लागि उपभोग्य वस्तु वा सेवाको आपूर्ति व्यवस्था, मूल्य, गुणस्तर, शुद्धता आदिका सम्वन्धमा सुपरीवेक्षण तथा अनुगमन गर्नका लागि आवश्यकतानुसार को जिल्लाहरुमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी जिल्ला अनुगमन समितिको गठन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम गठित जिल्ला अनुगमन समितिमा देहायका सदस्यहरु रहनेछन् :-

| | | |
|---|---|---|
| क. | प्रमखु जिल्ला अधिकारी | संयोजक |
| ख. | प्रतिनिधि जिल्ला विकास समिति | सदस्य |
| ग. | जिल्ला सदरमुकाम रहेको नगरपालिका वा गाउा विकास समितिको प्रतिनिधि | सदस्य |
| घ. | प्रतिनिधि, उद्योग वाणिज्य संघ | सदस्य |
| ङ. | जिल्लाभित्र रहेका उपभोक्ता संस्थाहरु मध्येबाट नेपाल सरकारले तोकेको कुनै एक उपभोक्ता संस्थाको प्रतिनिधि | सदस्य |
| च. | प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय वा प्रमुख जिल्ला अधिकारीले तोकेका जिल्लास्थित कुनै सरकारी कार्यालयको अधिकृत | सदस्य सचिव |

(३) यस नियम बमोजिम गठित जिल्ला अनुगमन समितिको काम, कर्तव्य, अधिकार, कार्यविधि तथा अन्य आवश्यक कुराहरु नेपाल सरकारले तोकिदिए बमोजिम हुनेछ ।

**५३. उप-समितिहरुको गठन :**

(१) ऐनको उद्देश्य पूर्तिको लागि नेपाल सरकारले देहायका उप-समितिहरु गठन गर्न सक्नेछ-

(क) उपभोक्ता शिक्षा र जागरण उप-समिति ।

(ख) प्राविधिक उप-समिति ।

(ग) मूल्य अनुगमन उप-समिति ।

(घ) आपूर्ति व्यवस्था उप-समिति ।

(२) उपनियम (१) बमोजिम गठन हुने उप-समितिहरुको काम, कर्तव्य र अधिकार नेपाल सरकारले तोकिदिए बमोजिम हुनेछ।

**५४. मापदण्ड बनाउन सक्ने :**

(१) मन्त्रालयले परिषद्को परामर्शमा उपभोग्य वस्तु वा सेवाको मूल्य तथा गुणस्तर निर्धारण सम्वन्धमा आवश्यकतानुसार मापदण्ड बनाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम बनाइएको मापदण्ड मन्त्रालयले सर्वसाधारणको जानकारीको लागि नेपाल राजपत्रमा प्रकाशन गर्नैं पर्नेछ ।

**५५. निर्देशिका बनाई लागू गर्न सक्ने :** ऐन वा यस नियमावली बमोजिम गर्नैंपर्ने काम कारवाहीहरुलाई व्यवस्थित गर्नको लागि मन्त्रालयले परिषद्को परामर्शमा आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**५६. अनुसूचीमा हेरफेर वा थपघट :** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकतानुसार अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

अनुसूची - १

**(नियम १४ सँग सम्वन्धित)**

## मूल्यसूचीको ढाँचा

श्री ........................................ (विक्रेताको नाम)

### मूल्यसूची

| क्र.सं. | उपभोग्य वस्तुको नाम | परिमाण (प्रति के.जी./इकाई) | थोक/खुद्रा (रु.पै.) |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |

अनुसूची - २

**(नियम २२ को उपनियम (१) सँग सम्वन्धित)**

## उजुरीको ढाँचा

.. ...................................... .....................................चढाएको

उजुरी

विषय

(उजुरवालाको पूरा नाम, थर र ठेगाना)

**विरुद्ध**

(उपभोक्ताको हक हित प्रतिकूल काम गर्ने वा त्यस्तो काम गर्ने प्रयत्न गर्ने व्यक्तिको पूरा नाम, थर र ठेगाना)

१. उजुरीको व्यहोरा :- (प्रतिवादीको काम कारवाहीबाट भएको हानि नोक्सानि वा हुन सक्ने सम्भावित क्षतिको विवरण)
२. अन्य विवरण : (उपभोग्य वस्तु वा सेवामा रहेको त्रुटी वा कमीको विवरण)
३. सवुत प्रमाण :- (उजुरीमा उल्लिखित विवरणलाई पुष्ट्याई हुने सवुत प्रमाण)

इति सम्वत् .......... साल ............ गते ............. रोज शुभम्

उजुरवालाको सही :

अनुसूची - ३
(नियम २३ को उपनियम (४) सँग सम्वन्धित)

नेपाल सरकार
## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

| |
|---|
| निरीक्षण अधिकृतको दुबै कान देखिने पासपोर्ट साइजको फोटो |

नं.

निरीक्षण अधिकृतको नाम र थर :-

सही :-
मिति :-

प्रमाणित गर्ने अधिकारीको
सही :-
नाम र थर :-
पद :-
मिति :-

अनुसूची - ४

**(नियम ३० को उपनियम (१) सँग सम्वन्धित)**

पत्र संख्या :                                                                                                                  मितिः-

श्री ........................

........................

..........................

उपभोक्ता संरक्षण ऐन, २०५४ र उपभोक्ता संरक्षण नियमावली, २०५६ बमोजिम सिलवन्दी भएको भाँडोभित्र राखिएको उपभोग्य वस्तुको नमूना परीक्षण वा विश्लेषणको लागि देहाय बमोजिम विवरण उल्लेख गरी यसैसाथ पठाइएको छ । सो भाँडो प्राप्त हुँदाको अवस्था र उपभोग्य वस्तुको परीक्षण वा विश्लेषणको नतिजाको प्रतिवेदन यस कार्यालय समक्ष पठाई दिनुहुन अनुरोध गर्दछु ।

१. सिलवन्दी भएको भााडाको संख्या :
२. उपभोग्य वस्तुको नाम र परिमाण :
३. अभिलेखमा दरिएको उपभोग्य वस्तुको नमूनाको क्रम संख्या :
४. प्याकिङ्गको वाहिरी आवरणमा लेखिएको सांकेतिक संख्या :
५. भाँडो र प्याकिङ्गको वाहिरी आवरणमा लगाइएको सिलवन्दीको नमूना :-
६. उपभोग्य वस्तुको नमूना लिएको मिति र स्थान :
७. परीक्षण वा विश्लेषण गर्नुपर्ने कुराहरु :
८. अन्य कुनै कुरा खुलाउन आवश्यक भए सो कुराहरु :

| | |
|---|---|
| कार्यालयको नाम : | निरीक्षण अधिकृतको : |
| कार्यालयको छाप : | सही : |
| मिति | नाम र थर |

अनुसूची - ५
(नियम ३१ को उपनियम (२) सँग सम्वन्धित)

## परीक्षण/विश्लेषण प्रतिवेदन

यो प्रमाणित गरिन्छ कि श्री ........................................... बाट परीक्षण वा विश्लेषणको लागि पत्र संख्या ........................... र मिति ......................... को पत्र साथ पठाएको क्रमसंख्या .................. को उपभोग्य वस्तुको नमूना ...............राखिएको भाँडो संख्या ................ मिति .................... मा प्राप्त भयो र सो भाँडो प्राप्त हुँदाको अवस्था र खोली सकेपछि प्राप्त उपभोग्य वस्तुको परीक्षण वा विश्लेषण गरेपछि देखिएको नतिजाहरु समेत देहाय बमोजिम छन् :-

१. भाँडो र प्याकिङ्गको बाहिरी आवरणमा भएको सिलवन्दीको अवस्था :
२. परीक्षण वा विश्लेषण गरी अपनाइएको विधि :
३. परीक्षण वा विश्लेषण नतिजा :
४. परीक्षण वा विश्लेषण नतिजा वारे आफ्नो मन्तव्य :

प्रयोगशालाको नाम :-
प्रयोगशालाको छाप :
प्रयोगशालाको ठेगाना :
मिति

विश्लेषकको :
सही :
नाम र थर :
दर्जा

अनुसूची - ६
(नियम ३२ को उपनियम (२) सँग सम्वन्धित)

## परीक्षण/विश्लेषण प्रतिवेदन

यो प्रमाणित गरिन्छ कि श्री ............................................ बाट परीक्षण वा विश्लेषणको लागि पत्र संख्या ........................... र मिति ......................... को पत्र साथ पठाएको क्रमसंख्या .................. को उपभोग्य वस्तुको नमूना ...............राखिएको भाँडो संख्या ................ मिति .................... मा प्राप्त भयो र सो भाँडो प्राप्त हुँदाको अवस्था र खोली सकेपछि प्राप्त उपभोग्य वस्तुको परीक्षण वा विश्लेषण गरेपछि देखिएको नतिजाहरु समेत देहाय बमोजिम छन् :-

१. भाँडो र प्याकिङ्गको बाहिरी आवरणमा भएको सिलवन्दीको अवस्था :
२. परीक्षण वा विश्लेषण गरी अपनाइएको विधि :
३. परीक्षण वा विश्लेषण नतिजा :
४. परीक्षण वा विश्लेषण नतिजा वारे आफ्नो मन्तव्य :

प्रयोगशालाको नाम :-
प्रयोगशालाको छाप :
प्रयोगशालाको ठेगाना :
मिति

विश्लेषकको :
सही :
नाम र थर :
दर्जा

अनुसूची - ७
(नियम ४१ को उपनियम (१) सँग सम्वन्धित)

## क्षतिपूर्ति उजुरीको ढाँचा

श्री ..................................................................................................चढाएको

**उजुरी**

**विषय :**

**विरुद्ध**

(उपभोक्ताको हक हित प्रतिकूल काम गर्ने वा त्यस्तो काम गर्ने प्रयत्न गर्ने व्यक्तिको पूरा नाम, थर र ठेगाना)

१. उजरीको व्यहोरा : (प्रतिवादीको काम कारवाहीबाट भएको हानि नोक्सानी वा हुन सक्ने सम्भावित क्षतिको विवरण)
२. अन्य विवरण : (उपभोग्य वस्तु वा सेवामा रहेको त्रुटि वा कमीको विवरण)
३. सवुत प्रमाण : (उजुरीमा उल्लिखित विवरणलाई पुष्ट्याई हुने सवुत प्रमाण)

इति सम्वत् .................. साल .............. गते .................. रोज शुभम् ।
उजुरवालाको सही :

प्रयोगशालाको नाम :-
प्रयोगशालाको छाप :
प्रयोगशालाको ठेगाना :
मिति

विश्लेषकको :
सही :
नाम र थर :
दर्जा

# निरीक्षण अधिकृत निर्देशिका - २०५८

उपभोक्ता संरक्षण ऐन २०५४ मा व्यवस्था भए अनुसार उपभोक्ताको हक हित संरक्षण एवं प्रवर्द्धन संबन्धी निम्न विषयवस्तुको परिधि भित्र रहेर कार्य गर्नु निरीक्षण अधिकृतको काम कर्तव्य हुनेछ ।

(क) नियमित रुपमा वजारको मूल्यसूची संकलन गर्ने ।

(ख) मूल्यसूची अद्यावधिक तयार गर्ने (भारत तथा अन्तरराष्ट्रिय वजार समेतको)।

(ग) अत्यावश्यक वस्तुको नियमित रुपमा आपूर्ति भए नभएको अनुगमन गरी सम्वन्धित निकायलाई जानकारी दिने ।

(घ) आपूर्ति व्यवस्थापन सम्वन्धी आवश्यक काम ।

(ङ) उपभोक्ता संरक्षण ऐन बमोजिम निरीक्षण अधिकृतहरुको कार्यान्वयन स्तरमा सम्पर्क (Focal Point) को काम गर्ने ।

**१. निरीक्षण अधिकृतका कार्यहरु :**

(क) उपभोक्ताको अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्न सहयोग पुऱ्याउने ।

(ख) नियमित वजार अनुगमन गरी उपभोग्य वस्तु वा सेवाको आपूर्ति व्यवस्था र नियन्त्रणमा सहयोग पुऱ्याउने ।

(ग) उपभोक्तालाई उचित मूल्यमा स्तरयुक्त उपभोग्य वस्तु उपलब्ध गराउन विक्रेताले विक्री वितरण गर्ने प्रत्येक उपभोग्य वस्तुको मूल्यसूची विक्री स्थलमा राख्न लगाउने ।

(घ) उपभोक्ता शिक्षा वारे जनचेतना जगाउने ।

(ङ) विक्री वितरण प्रणाली नियमित गरी अत्यावश्यक वस्तु सुपथ मूल्यमा उपलब्ध गराउन सहयोग गर्ने ।

**२. अत्यावश्यक वस्तुहरुको विवरण :**

नेपाल सरकारले कालो वजार तथा केही सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को दफा ३ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी निम्न वमोजिमका २९ वटा वस्तुहरुको मूल्यसूची प्रत्येक थोक तथा खुद्रा विक्रेताले सबैले देखिने गरी विक्री स्थलमा टाास्नु पर्ने कानूनी व्यवस्था गरेको छ ।

खाद्य पदार्थ

१. चामल :

(क) मसिनो (पोखरेली र मन्सुली समेत)

(ख) मोटा (मोटा तथा उसिना समेत)

२. मकै

३. चिउरा

४. गहुँ, मैदा र पीठो

५. दाल

(क) रहर

(ख) मास

६. नून

७. चिनी

८. चिया

९. खानेतेल

(क) तोरीको तेल

(ख) भटमासको तेल

१०. घ्यू (वनस्पति घ्यू समेत)

११. दूध (वेवीफुड तथा पाउडर दूध समेत)

१२. तरकारी (आलु, प्याज, गोलभेडा)

१३. मासु (सबै प्रकारको मासु तथा माछा)

१४. फलफुल (मौसम, केरा, स्याउ, सुन्तला)

१५. मसला (जिरा, मरीच, अदुवा, लसुन, धनियाा र खुर्सानी)

**अन्य आवश्यकीय पदार्थ**

१६. औषधि

१७. मोटा यानाको कपडा (४० काउण्ट सम्मको धोती साडी समेत)

१८. सावुन

(क) लुगा धुने

(ख) नुहाउने

१९. मट्टितेल, डिजेल, पेट्रोल र हवाई इन्धन समेत

२०. मल

२१. (क) दाउरा (ख) कोइला

**निर्माण सामाग्री**

२२. सिमेन्ट

२३. फलामे छड

२४. कर्कटपाता

२५. जि.आई.पाइप तथा पोलिथिन पाइप

२६. ईट

२७. काठ

**शैक्षिक सामाग्री**

२८. लेख्ने र छाप्ने कागज, कापी, कलम, मसी, सिसाकलम

२९. न्यूज प्रिन्ट

**३. मूल्यसूचीको ढाँचा**

विक्रेताले उपभोग्य वस्तु विक्री गर्दा प्रत्येक उपभोग्य वस्तुको थोक र खुद्रा मूल्य स्पष्ट देखिने गरी उपभोक्ता संरक्षण नियमावली, २०५६ को अनुसूची १ बमोजिम निम्न बमोजिमको ढाँचामा मूल्यसूची राख्नुपर्नेछ ।

## मूल्यसूचीको ढाँचा

श्री .........................विक्रेताको नाम

**मूल्यसूची**

| क्र.संख्या | उपभोग्य वस्तुको नाम | परिमाण (प्रति के.जी.) इकाई | थोक/खुद्रा रु.पै. |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |

**४. उत्पादनको लेवलमा खुलाउनु पर्ने बूँदाहरु :**

उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा ९ बमोजिम उत्पादकले उपभोग्य वस्तुको लेवलमा देहायका कुराहरु अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

(क) उत्पादकको नाम, ठेगाना र उद्योगको दर्ता नम्वर ।

(ख) खाद्य पदार्थ र औषधि जस्ता उपभोग्य वस्तुमा उक्त वस्तुको मिश्रण, त्यसको परिमाण र तौल ।

(ग) गुणस्तर निर्धारण भएको उपभोग्य वस्तुमा सो वस्तुको गुणस्तर ।

(घ) उपभोग्य वस्तु उपभोग गर्ने तरिका र सो वस्तुको उपभोग गरेबाट हुनसक्ने प्रभाव ।

(ङ) उपभोग्य वस्तुको मूल्य, व्याच नम्वर, उत्पादन मिति र उपभोगको म्याद सकिने मिति ।

(च) इलेक्ट्रोनिक, हार्डवेयर तथा यान्त्रिक जस्ता उपभोग्य वस्तुमा सो वस्तुको ग्यारेन्टी तथा अन्य आवश्यक कुराहरु ।

(छ) प्रज्वलनशील, दुर्घटनाजन्य वा सजिलैसंग टुटफुट हुनसक्ने उपभोग्य वस्तुमा सो वस्तुको सुरक्षाको लागि अपनाउनुपर्ने कुराहरु ।

(ज) तोकिए वमोजिमका अन्य वस्तुहरु ।

**५. निरीक्षण अधिकृतका प्रमुख कार्यहरु**

(क) **प्रशासनिक कार्य :-** अनुगमन सम्वन्धी

(१) मूल्यसूची नराख्ने पसललाई सात दिनभित्र मूल्यसूची राख्न समय दिने ।

(३) मासिक रुपमा २९ अत्यावश्यक वस्तुहरु र अन्य वस्तुहरुको मूल्यसूची संकलन गर्ने ।

(४) सीमावर्ती वजार मूल्य संकलन गर्ने : सीमावर्ती नेपाली जिल्लाका निरीक्षण अधिकृतहरुले सीमावर्ती छिमेकी देशका प्रमुख क्षेत्रका वजारको कम्तिमा २९ वटा अत्यावश्यक वस्तुहरुको मूल्य संकलन गर्ने ।

(५) मुल्य विश्लेषण गर्ने : सीमावर्ती स्थानीय वजारको मूल्यका साथै नेपाली वजारको मूल्यको विश्लेषण गर्ने ।

(६) प्रगति पठाउने : विश्लेषित मूल्य उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा र वाणिज्य विभागमा एक एक प्रति मासिक रुपमा पठाउने ।

(७) औद्योगिक लागत अनुगमन :- आफ्नो क्षेत्रभित्रका उद्योगहरुबाट उत्पादन हुने वस्तुहरुको उत्पादन लागत अनुगमन गर्ने ।

(८) लागत विश्लेषण गर्ने :- औद्योगिक वस्तुहरुको लागत अनुगमन पश्चात् लागत विश्लेषण गर्ने र सोको नतीजा केन्द्रमा पठाउने ।

(९) औद्योगिक उत्पादन अनुगमन :- उपभोक्ता संरक्षण ऐन २०५४ को दफा ९, अनुसार औद्योगिक वस्तुको उत्पादनमा नाम, ठेगाना, उत्पादन मिति, उपभोग्य मिति, उद्योगको दर्ता नम्वर, वस्तुको मिश्रण परिमाण, तौल, गुणस्तर, प्रयोग गर्ने तरीका र असर, मूल्य, ग्यारेन्टी, पूर्व सावधानी जस्ता कुराहरु अनिवार्य रुपमा खुलाउन लगाउने ।

(१०) अन्तर्क्रिया गर्ने :- वस्तु उत्पादन गर्ने, विक्री गर्ने, उपभोग गर्ने व्यक्ति तथा संस्था एवं प्रशासनिक विभिन्न निकायहरु वीच उपभोक्ता हक हित, उद्योगीका काम कर्तव्य, उपभोक्ताका काम कर्तव्य, विक्रेताका काम कर्तव्य, उपभोक्ता संस्था तथा सार्वजनिक तथा सरकारी निकायहरुका काम कर्तव्य आदि वारेमा समय समयमा अन्तर्क्रिया गरी राय संकलन गर्ने र सो अनुसार गर्ने गराउने ।

(११) समन्वय गर्ने :- उपभोक्ता हक हित कायम राख्ने वारे विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, व्यक्तिहरु, पत्रकारहरु वीच समन्वयको काम गर्ने ।

(१२) सहयोग लिने :- वजार अनुगमन, मूल्य संकलन, उद्योग अनुगमन जस्ता कार्यमा आवश्यकतानुसार स्थानीय प्रशासन, प्रहरी, उद्योग, वाणिज्य संघ, सार्वजनिक संस्थान, राजनैतिक दल, उपभोक्ता संस्था, वुद्धिजीवी आदिसँग पनि सहयोग लिन सकिनेछ ।

(१३) जानकारी गराउने :- मूल्यसूची, मूल्य संकलन, मूल्य स्थिति, उत्पादन स्थिति आदि वारे उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, सम्वन्धित तालुक मन्त्रालय वा विभाग र स्थानीय प्रशासन आदिलाई समय समयमा जानकारी दिने एवं प्रगति विवरण नियमित रुपमा केन्द्रमा पठाउने ।

**(ख) न्यायिक कार्य :-**

(१) उपभोक्ता संरक्षण ऐन, २०५४ अनुसार नियुक्त निरीक्षण अधिकृत भएको नाताले वजार तथा आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाई उपभोक्तालाई स्तरयुक्त उपभोग्य वस्तु वा सेवा उपलब्ध गराउने कार्यमा दत्तचित्त रहनु पर्दछ ।

(२) अनुसन्धान अधिकारी :- ऐनको व्यवस्था अनुसार नियुक्त निरीक्षण अधिकृतबाट अनुसन्धान समेतको काय गर्ने भएकोले निजले अनुसन्धान अधिकारीको भूमिका समेत निर्वाह गर्ने ।

(३) निरीक्षण गर्ने :- उपभोक्ता संरक्षण ऐन, २०५४ प्रतिकूलको उत्पादन तथा विक्री वितरण सम्वन्धी कार्य भैरहेको छ वा हुँदैछ भन्ने लागेमा निरीक्षण, जाँचवुझ वा खानतलासी लिने ।

(४) नमूना लिने :- ऐन विपरित कार्य भैरहेको भए वस्तुको नमूना लिई परीक्षण गर्न प्रयोगशालामा पठाउने ।

(५) आदेश लिने :- निरीक्षणको सिलसिलामा उत्पादन वा वितरकलाई तत्काल कुनै आदेश दिन उपयुक्त भएमा सो आदेश दिने ।

(६) उजूरी लिने :- उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम २२ वमोजिम विधिपूर्वकको उजूरी पर्न आएमा उजूरी लिने ।

(७) उजूरी किताव राख्ने :- उजूरी पर्न आएका विषय उपर क्रमवद्ध गरी अद्यावधिक रहने गरी उजूरी किताव राख्ने।

(८) सरकारी वकिलको राय सल्लाह लिने :- त्यसरी पर्न आएको उजूरी विषयमा अग्रीम कारवाही गर्न सरकारी वकिलसँग सल्लाह गर्ने ।

(९) खानतलासी लिने :- उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम २३ अनुसारको खानतलासी लिंदा निम्न प्रक्रिया पुऱ्याई खानतलासी लिने :

(क) खानतलासी गर्नु पर्ने कारण सहितको पर्चा खडा गर्ने ।
(ख) आफ्नो परिचयपत्र साथमा राख्ने ।
(ग) सम्वन्धित व्यक्तिलाई जानकारी दिने ।
(घ) खानतलासी यथा संभव सूर्योदयदेखि सूर्यास्तसम्म गर्ने ।
(ङ) कुनै व्यक्तिलाई साक्षी राख्ने ।
(च) खानतलासी गर्दा कुनै नोक्सानी हुन नदिने ।

(१०) परीक्षणार्थ वस्तु प्रयोगशालामा पठाउने :- रोक्का गरिएको सामान परीक्षणको लागि प्रयोगशालामा पठाउनुपर्नेछ । त्यस्तो एकप्रति (केही परिमाणमा) नमूना सम्वन्धित व्यक्तिलाई आवश्यक परिमाण सहित र एकप्रति कार्यालयमा राख्नुपर्नेछ ।

(११) वस्तु रोक्का राख्ने :- विशेष परिस्थितिमा वस्तु रोक्का राख्न आवश्यक देखिएमा वा नमूना परीक्षण भै नआएसम्म रोक्का राख्न सक्ने हुँदा केशको प्रकृति हेरी आवश्यक कार्य गर्ने ।

(१२) जिम्मा लिने :- निरीक्षण अधिकृतलाई शंका लागेको खास वस्तु सम्वन्धित मालधनीले जिम्मामा लिनुपर्नेछ । त्यसरी जिम्मा लिंदा सोको एक एक प्रति भर्पाई निरीक्षण अधिकृत र सम्वन्धित व्यक्तिले लिनु दिनुपर्नेछ ।

(१३) जवाफदेही नहुने :- रोक्का राखेको वस्तुमा केही हानी नोक्सानी भएमा सोको जवाफदेही निरीक्षण अधिकृत हुने छैन । तथापी निरीक्षण अधिकृतले हानी नोक्सानी नपुग्ने व्यवस्थामा ध्यान दिनु पर्छ ।

(१४) कब्जा गर्ने :- रोक्का राखेको वस्तु सम्वन्धित व्यक्तिले जिम्मा लिन नमानेमा निरीक्षण अधिकृतले भर्पाई दिई त्यस्ता वस्तु आफ्नो जिम्मा लिनेछ ।

(१५) मूल्य दिने :- सामान्यतःपरीक्षणको लागि लिइएका नमूनाहरुको मूल्य सम्वन्धित व्यक्तिलाई दिनुपर्नेछ ।

(१६) पुनः परीक्षण हुन सक्ने :- एक पटक परीक्षण भैसकेको वस्तु सम्वन्धित माल धनीले पुनः परीक्षण गराउन चाहेमा पुनः परीक्षण गर्न सकिनेछ ।

(१७) खर्च व्यहोर्ने :- पुनः परीक्षणको खर्च सम्वन्धित धनीले नै व्यहोर्नुपर्नेछ ।

(१८) फुकुवा गर्ने :- रोक्का गरिएको सामान परीक्षण वा विश्लेषण गर्दा असरयुक्त गुणहरु र जनसुरक्षित छ भन्ने भएमा त्यस्तो वस्तुलाई तत्काल फुकुवा गरिदिनुपर्नेछ ।

(१९) वयान गराउनु पर्ने :- उपरोक्त सम्वन्धमा कुनै व्यक्तिलाई आवश्यक परे वयान गराउन

सकिनेछ ।

(२०) साक्षी बुझ्नु पर्ने :- राखिएका साक्षीलाई आवश्यक परे झिकाई बुझ्नुपर्नेछ ।

(२१) मिसिल तयार गर्ने :- उजुरीदेखि वयानसम्मका आवश्यक सम्पूर्ण कागजात सहितको मिसिल तयार गर्नुपर्दछ ।

(२२) प्रतिवेदन तयार गरी मन्त्रालयमा पठाउने :- अनुसन्धान कार्य सम्पन्न भैसकेपछि आफ्नो प्रतिवेदन मुद्दा चलाउने वा नचलाउने राय सहित स्वीकृतिको लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पठाउनुपर्नेछ साथै काम कारवाहीको जानकारी वाणिज्य विभागलाई पनि पठाउनुपर्दछ ।

(२३) सरकारी वकिल कहां मिसिल पठाउने :- मुद्दा चलाउनु पर्ने भएमा मुद्दा चलाउने कारवाहीको निमित्त सम्पूर्ण मिसिल जिल्ला सरकारी वकिलकहाँ पठाउने ।

(२४) मुद्दाको रेकर्ड राख्ने :- उपभोक्ता संरक्षण ऐन, २०५४ अन्तर्गत चलेका सम्पूर्ण मुद्दाहरुको रेकर्ड अद्यावधिक राख्नुपर्नेछ ।

**६. निरीक्षण अधिकृतहरुको व्यवस्था**

मिति २०५७/४/२३ को नेपाल राजपत्रको सूचना अनुसार नेपाल सरकारले नेपाल अधिराज्यका ७५ वटै जिल्लाहरुमा निम्नानुसार निरीक्षण अधिकृत तोकेको छ :

(क) वाणिज्य कार्यालयका कार्यालय प्रमुखहरु :– मोरङ, पर्सा, रुपन्देही, बाके ।

(ख) गुणस्तर तथा नापतौल कार्यालयका कार्यालय प्रमुखहरु :– काठमाडौं, कैलाली, धनुषा ।

(ग) घरेलु तथा साना उद्योग कार्यालयका कार्यालय प्रमुखहरु :– सुनसरी, सिराहा, सप्तरी, महोत्तरी, सर्लाही, रौतहट, बारा, मकवानपुर, चितवन, काभ्रे, नवलपरासी, कपिलवस्तु, पाल्पा, दाङ, बर्दिया, झापा, कञ्चनपुर, ललितपुर, भक्तपुर ।

(घ) सहायक प्रमुख जिल्ला अधिकारीहरु :– बाँकी सबै जिल्लाहरुमा ।

# <u>प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३</u>

<u>प्रस्तावना</u> : वस्तु वा सेवाको उत्पादन वा वितरण गर्नेव्यक्ति वा प्रतिष्ठानबीच स्वच्छ प्रतिस्पर्धा कायम गरी राष्ट्रिय अर्थतन्त्रलाई अझ बढी खुला, उदार, बजारमुखी तथा प्रतिस्पर्धी बनाउन, स्वच्छ प्रतिस्पर्धाको माध्यमबाट उत्पादक वा वितरकको व्यावसायिक क्षमता विकास गरी राष्ट्रिय उत्पादकत्व वृद्धि गर्न, बजारलाई अवाञ्छित रुपमा हस्तक्षेप हुनबाट संरक्षण प्रदान गर्न, एकाधिकार तथा नियन्त्रित व्यापारिक अभ्यासलाई नियन्त्रण गरी उत्पादित वस्तु तथा सेवाको गुणस्तर अभिवृद्धि गराई प्रतिस्पर्धी मूल्यमा उपभोक्ता समक्ष पु्‍याउने काममा प्रोत्साहन गर्न तथा व्यापारिक अभ्यासमा हुन सक्ने सम्भावित अस्वस्थ प्रतिस्पर्धालाई निवारण गरी सर्वसाधारणको आर्थिक हित तथा सदाचार कायम गर्न कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, प्रतिनिधिसभाको घोषणा, २०६३ जारी भएको पहिलो वर्षमा प्रतिनिधिसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(१) यस ऐनको नाम "प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३" रहेको छ ।

(२) यो ऐन नेपाल राज्यभर लागू हुनेछ र कसैले नेपाल बाहिर बसी यस ऐन विपरीतका कार्य गरेमा निजको हकमा समेत यो ऐन लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:-

(क) "अध्यक्ष" भन्नाले बोर्डको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "प्रतिष्ठान" भन्नाले वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने कुनै फर्म, कम्पनी वा सङ्गठित संस्था सम्झनु पर्छ र सो शव्दले त्यस्तो फर्म, कम्पनी वा संस्थाको प्रत्यक्ष वा अप्रत्यक्ष नियन्त्रणमा रहेका सहायक वा सोसँग आबद्ध फर्म, कम्पनी वा संस्था समेतलाई जनाउँछ ।

(ग) "बोर्ड" भन्नाले दफा १२ बमोजिमको प्रतिस्पर्धा प्रवर्द्धन तथाबजार सरक्षण बोर्ड सम्झनु पर्छ ।

(घ) "बोलपत्र" भन्नाले कुनै संस्था वा नियकाले कुनै वस्तु खरिद गर्दा, निर्माण कार्य गर्दा वा सोको मर्मत गर्दा वा कुनै सेवा लिादा त्यस्तो संस्था वा निकायको सूचना अनुसार कुनै व्यक्ति वा प्रतिष्ठानले सो संस्था वा निकायले तोकेको ढाँचामा खामबन्दी गरी लाहाछाप लगाईपेश गरेको प्रस्ताव सम्झनु पर्छ र सो शव्दले प्रति एकाइ मूल्य सहितको विवरण र सो सम्बन्धी कागजात वा दर रेट सहितको दरभाउपत्र समेतलाई जनाउँछ ।

(ङ) "विज्ञापन" भन्नाले कुनै वस्तु वा सेवाको बजार प्रवर्द्धन वा प्रचार प्रसारको लागि सार्वजनिक रुपमा गराइएको जानकारी सम्झनु पर्छ ।

(च) "सदस्य" भन्नाले बोर्डको सदस्य सम्झनु पर्छ र सो शव्दले बोर्डको अध्यक्ष तथा सदस्य-सचिव समेतलाई जनाउँछ ।

(छ) "सम्झौता" भन्नाले दुई वा दुईभन्दा बढी व्यक्ति वा प्रतिष्ठानबीच कुनै काम गर्न वा नगर्न लिखित वा मौखिक रुपमा वा आचरणबाट गरेको प्रचलित कानून बमोजिम कार्यान्वयन गर्न सकिने वा नसकिने करार, सम्झौता, बन्दोबस्त वा समझदारी सम्झनु पर्छ र सो शव्दले त्यस्ता व्यक्ति वा प्रतिष्ठानबीच भएको निर्णय वा सिफारिस समेतलाई जनाउँछ ।

(ज) "अदालत" भन्नाले नेपाल सरकारको सर्वोच्च अदालतको परामर्श लिई नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अदालतको वाणिज्य इजलास सम्झनु पर्छ ।

(झ) "बजार संरक्षण अधिकृत" भन्नाले दफा २२ बमोजिमको बजार संरक्षण अधिकृत सम्झनु पर्छ ।

(ञ) "बिक्री मूल्य" भन्नाले कुनै वस्तु वा सेवाको उत्पादन वा वितरण गरे बापत प्राप्त हुने मूल्य, कुनै प्रकारको भाडा, वीमा, शुल्क, व्याजदर, विनिमय दर, प्रिमियम वा यस्तै अन्य कुनै प्रकारको रकम सम्झनु पर्छ ।

(ट) "तोकिएका" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएका वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद -२

## स्वच्छ प्रतिस्पर्धा विरुद्धका काम कारबाहीहरु

**३. प्रतिस्पर्धा विरुद्धको सम्झौता गर्न नहुने :**

(१) कुनै वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने कुनै व्यक्ति वा प्रतिष्ठानले प्रतिस्पर्धा सीमित वा नियन्त्रण गर्ने उद्देश्यले त्यस्तै किसिमको वस्तु वा सेवा उत्पादन गर्ने अन्य कुनै व्यक्ति वा प्रतिष्ठानसँग एक्लै वा सामूहिक रुपमा देहायको कुनै सम्झौता गर्न वा गराउन हुंदैन :-

(क) कुनै वस्तु वा सेवाको प्रत्यक्ष वा परोक्ष रुपमा खरिद वा बिक्री मूल्य निर्धाण गर्ने वा त्यस्तो वस्तु वा सेवाको खरिद बिक्रीका शर्तहरु तोक्ने,

(ख) कुनै वस्तु वा सेवाको उत्पादन वा वितरण बजार सीमित वा नियन्त्रण गर्ने वा सोको प्राविधिक विकास वा उन्नतिका लागि गरिने लगानी सीमित वा नियन्त्रण गर्ने,

(ग) कुनै वस्तु वा सेवाको उत्पादन वा वितरणको थोक परिमाण सीमित वा नियन्त्रण गर्ने वा त्यस्तो वस्तुको खुद्रा उपभोग्य परिमाण वा त्यसको गुणस्तर घटाउने ।

(घ) कुनै खास ठाउँमा त्यस्तो वस्तु वा सेवाको बिक्री वितरण नगर्ने वा कुनै खास ठाउँमा मात्र बिक्री वितरण गर्ने वा गराउने,

(ङ) कुनै निश्चित व्यक्ति वा प्रतिष्ठानले उत्पादन वा वितरण गरेको वस्तु वा सेवाको मात्र बजार प्रवर्द्धन गर्ने गरी त्यस्तै किसिमका वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने अन्य कुनै व्यक्ति वा प्रतिष्ठानको वस्तु वा सेवा खरिद बिक्री वा वितरण नगर्ने वा त्यस्ता वस्तु वा सेवाको बजारमा प्रवेश हुन नदिने,

(च) कुनै वस्तु वा सेवाको उत्पादन वा वितरण गर्ने व्यक्ति वा प्रतिष्ठानबीच आपसमा बजार विभाजन गर्ने,

(छ) कुनै वस्तु वा सेवा पालैपालोसँग उत्पादन वा वितरण गर्ने वा त्यस्तो वस्तु वा सेवाको कोटा निर्धारण गरी उत्पादन वा वितरण गर्ने,

(ज) मनासिब कारण बिना कुनै वस्तु वा सेवाको मूल्य फरक फरक तोकी खरिद, बिक्री वा वितरण गर्ने वा खरिद, बिक्री वा वितरणका फरक फरक शर्त तोक्ने,

(झ) सार्वजनिक रुपमा आह्वान गरिएको बोलपत्र वा दरभाउपत्र उपर आपसी सहमतिबाट बोलपत्र वा दरभाउपत्र दाखिला गर्ने वा समान अङ्क वा अन्य विवरण उल्लेख गरी दाखिला गर्ने ।

(ञ) कुनै पनि वस्तु वा सेवाको ढुवानी वा वितरणमा चक्र प्रणाली (सिण्डिकेट) लागू गर्ने,

(ट) तोकिए बमोजिमका अन्य काम गर्ने वा गराउने ।

(२) उपदफा (१) को सर्वमान्यतामा प्रतिकूल नहुने गरी कुन वस्तुको उत्पादन वा वितरण गर्ने वा

कुनै सेवा उत्पादन, वितरण वा सञ्चालन गर्ने कुनै दुई वा दुईभन्दा बढी व्यक्ति वा प्रतिष्ठानले कुनै संस्थासँग मिली वा अन्य कुनै उपाय अपनाई निजहरुले वस्तु वा सेवा उत्पादन, वितरण वा सञ्चालन गरेको इलाकामा अर्को व्यक्ति वा प्रतिष्ठानले त्यस्तो वस्तु वा सेवा उत्पादन, वितरण वा सञ्चालन गर्न नपाउने वा त्यस्तो वस्तु वा सेवा उत्पादन, वितरण वा सञ्चालन गर्न त्यस्तो व्यक्ति वा संस्थासँग सम्बद्ध हुनु पर्ने वा त्यस्तो उपायमा संलग्न हुनु पर्ने वा त्यस्तो सम्झौता वा उपायद्वारा तोकिएको कुनै शर्त पालना गर्नु पर्ने गरी कुनै किसिमको सम्झौता गर्न सकिने छैन ।

(३) उपदफा (२) को प्रतिकूल हुने गरी भएको सम्झौता स्वतः बदर हुनेछ ।

**(४) प्रभुत्वशाली हैसियतको दुरुपयोग गर्न नहुने :**

(१) प्रभुत्वशाली हैसियत भएको कुनै प्रतिष्ठानले आफूले वा आफ्ना सम्बद्ध निकाय मार्फत कुनै वस्तु वा सेवाको उत्पादन वा वितरण गर्दा प्रतिस्पर्धा नियन्त्रण गर्ने उद्देश्यले त्यस्तो हैसियतको दुरुपयोग गर्न गराउन हुँदैन ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "प्रभुत्वशाली हैसियत" भन्नाले कुनै वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने कुनै व्यक्ति वा प्रतिष्ठानले एक्लै वा समान प्रकृतिका वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने अन्य प्रतिष्ठानसँग आपसमा मिली त्यस्ता वस्तु वा सेवाको नेपाल राज्यभित्र वार्षिक उत्पादन वा वितरणको कम्तीमा चालीस प्रतिशत वा सोभन्दा बढी हिस्सा ओगटेको हैसियत वा त्यस्तो प्रतिष्ठानले एक्लै वा समान प्रकृतिका वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने अन्य व्यक्ति वा प्रतिष्ठानसँग मिली सम्बद्ध बजार प्रभाव पार्न सक्ने वा आफ्ना निर्णय एकपक्षीय रुपमा कर्यान्वयन गर्न सक्ने हैसियत सम्झनु पर्छ ।

(२) उपदफा (१) को सर्वमान्यतामा प्रतिकूल नहुने गरी प्रभुत्वशाली हैसियत भएको कुनै प्रतिष्ठानले नेपाल राज्यभर वा नेपाल राज्यको कुनै इलाकामा देहायको कुनै काम गरेमा प्रभुत्वशाली हैसियतको दुरुपयोग गरेको मानिनेछ :-

(क) समान प्रकृतिको वस्तु वा सेवाको उत्पादन वा वितरण गर्ने अन्य व्यक्ति वा प्रतिष्ठानले उत्पादन वा पैठारी गरेको कुनै वस्तु वा सेवालाई आफ्नो वस्तु वा सेवाको बजार प्रवेशमा रोक वा बन्देज लगाउने,

(ख) मनासिब कारण बिना बजारमा आपूर्ति कम हुन सक्ने गरी कुनै वस्तु वा सेवाको उत्पादन वा वितरण सीमित वा नियन्त्रण गर्ने वा त्यस्तो वस्तु वा सेवाको उत्पादन वा वितरण सम्बन्धी प्रविधिको विकासको लागि गरिने लगानीमा सीमित गर्ने वा रोक लगाउने,

(ग) समान भौगालिक क्षेत्रको बजारमा मनासिब कारण बिना कुनैवस्तु वा सेवाको खरिद वा बिक्री मूल्य फरक कायम गर्ने वा त्यस्ता वस्तु वा सेवाको खरिद वा बिक्रीका थप शर्त तोक्ने,

(घ) आफूले उत्पादन वा वितरण गरेको वस्तु वा सेवाको प्रत्यक्ष वा परोक्ष रुपमा बजारमा प्रतिस्पर्धा हुन नसक्ने गरी मूल्य तोक्ने,

तर नेपाल सरकार वा प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारीबाट पूर्व स्वीकृति लिई सम्बन्धित प्रतिष्ठानले त्यस्तो वस्तु वा सेवाको मूल्य निर्धारण गर्न वा त्यस्तो कुनै वस्तु वा सेवाको मूल्यमा हेरफेर गर्न यस खण्डमा लेखिएको कुनै कुराले प्रतिकूल असर

पारेको मानिने छैन ।

(ङ) मनासिब कारण बिना उपभोक्तालाई प्रतिकूल असर पर्ने गरी आफूले उत्पादन वा वितरण गरेको वस्तु वा सेवाको परिमाण कटौती गर्ने वा त्यस्ता वस्तु वा सेवाको गुणस्तर घटाउने,

(च) कुनै वस्तु वा सेवा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु वा सेवासँग असम्बन्धित वा अनावश्यक शर्त तोक्ने ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै काम गर्दा सो उपदफा बमोजिमको काम हुन गएको प्रमाणित भएमा प्रभुत्वशाली हैसियतको दुरुपयोग गरेको मानिने छैन :

(क) प्रभुत्वशाली हैसियत भएको कुनै ब्यक्ति वा प्रतिष्ठानले उत्पादन वा वितरण गर्दै आएको वस्तु वा सेवाको गुणस्तर वृद्धि गर्न वा सोको प्राविधिक सुधार गर्नका लागि कुनै काम कारवाही गरेकोमा र त्यस्तो काम कारवाहीबाट प्राप्त हुने प्रतिफल त्यस्तो बस्तु वा सेवाको उपभोग गर्ने उपभोक्ताको हितमा हुने भएमा,

(ख) प्रचलित कानून बमोजिम कुनै व्यक्तिलाई प्राप्त भएको कुनै किसिमको बौद्धिक सम्पत्तिको संरक्षण वा प्रचलनका लागि त्यस्तो कार्य गरेकोमा ।

(४) यस दफाको प्रयोगको लागि बोर्डले विभिन्न वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने प्रभुत्वशाली हैसियत भएका प्रतिष्ठानको सूची तयार गरी समय समयमा सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको सूचीमा हेरफेर नभएसम्म त्यस्ता प्रतिष्ठानको प्रभुत्वशाली हैसियत कायम रहेको मानिनेछ ।

**५. प्रतिस्पर्धालाई नियन्त्रण गर्ने उद्देश्यले प्रतिष्ठान गाभिन वा मिल्न नहुने :** कुनै वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने प्रतिष्ठानले एकाधिकार कायम गर्ने वा बजारमा नियन्त्रित व्यापारिक अभ्यास कायम गर्ने उद्देश्यले समान प्रकृतिको वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने अन्य प्रतिष्ठानसँग गाभिन, आपसमा मिल्न एक्लै वा आफ्नो सहायक प्रतिष्ठानसँग मिली त्यस्तो प्रतिष्ठानको पचास प्रतिशत वा सो भन्दा बढी शेयर खरिद गर्न वा त्यस्तो प्र्तिष्ठानको व्यवसाय कब्जा गरी ग्रहण (टेक ओभर) गर्न सक्ने छैन ।

स्पष्टिकरण : यस दफाको प्रयोजनको लागि कुनै एकै प्रकृतिको वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने व्यक्ति वा प्रतिष्ठान एक आपसमा गाभिदा, मिल्दा, शेयर खरिद गर्दा वा टेक ओभर गर्दा त्यस्ता वस्तु वा सेवा नेपाल राज्यभित्र हुने कुल उत्पादन वा वितरण मध्ये चालीस प्रतिशत भन्दा बढी उत्पादन वा वितरण हुने भएमा प्रतिस्पर्धा नियन्त्रण गर्ने उद्देश्यले प्रतिष्ठान गाभिएको, मिलेको वा टेकओभर गरेको मानिनेछ ।

**६. बोलपत्रमा अनियमितता गर्न नहुने :**

(१) कुनै निकायले सार्वजनिक रुपमा आव्हान गरेको बोलपत्रमा त्यस्तो बोलपत्र पेश गर्ने बोलपत्रदाताले देहायको काम गरी बोलपत्रमा अनियमितता गर्न गराउन हुँदैन :-

(क) कुनै बोलपत्रदाताले बोलपत्र दाखिला नगर्न वा एउटा मात्र बोलपत्रदाताले बोलपत्र दाखिला गर्न वा प्रत्यक्ष वा परोक्ष रुपमा सबै बोलपत्रदाताले एकै किसिमको मूल्य वा अन्य विवरण उल्लेख गरी बोलपत्र दाखिला गर्ने गरी सम्झौता गरेर,

(ख) बोलपत्रदाताहरुबीच बोलपत्र दाखिला गर्नु अघि बोलपत्रमा खुलाउनु पर्ने सूचना वा अन्य कुराहरु एक अर्कालाई जानकारी गराएर,

(ग) कुनै एक बोलपत्रदाताले बोलपत्र स्वीकार हुन सक्ने गरी आपसमा सम्झौता गरी बोलपत्र दाखिला गरेर,

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्रतिष्ठान वा त्यस्ता प्रतिष्ठानको सहायक प्रतिष्ठानबीच बोलपत्र सम्वन्धी एक आपसमा सूचना आदान प्रदान गर्दा उपदफा (१) बमोजिमको अनियमितता भएको मानिने छैन ।

**७. एकलौटी कारोवार गर्न नहुने :**

(१) कुनै वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने व्यक्ति वा प्रतिष्ठानले त्यस्तो वस्तु वा सेवाको उत्पादन वा वितरण एकलौटी कारोवार (एक्सक्लुसिभ डिलिङ्ग) गर्न गराउन हुँदैन ।

स्पष्टिकरण : यस दफाको प्रयोजनको लागि कुनै प्रतिष्ठानले देहायको कुनै शर्त राखी कुनै वस्तु वा सेवाको उत्पादन वा वितरण गरेमा एकलौटी कारोवार गरेको मानिने छ :-

(क) कुनै व्यक्ति वा प्रतिष्ठानले उत्पादन वा वितरण गरेको वस्तु वा सेवा वाहेक अन्य व्यक्ति वा प्रतिष्ठानले उत्पादन वा वितरण गरेको त्यस्तै प्रकृतिको वस्तु वा सेवा खर ीद नगर्न वा त्यस्तो व्यक्ति वा प्रतिष्ठानसँग तत्सम्वन्धी कुनै कारोवार नगर्ने,

(ख) खण्ड (क) बमोजिमको शर्त पालना गरी वस्तु वा सेवाके खरिद विक्री वा कारोवार गरेमा बढी सहुलियतपूर्ण शर्तमा वस्तु वा सेवा आपूर्ति गर्ने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्रतिष्ठानले आफ्नो मुख्य वा सहायक प्रतिष्ठानबाट मात्र कुनै वस्तु वा सेवा प्राप्त गर्ने वा आफ्नो अधिकृत विक्रेता वा एजेन्सी मार्फत आफ्नो वस्तु वा सेवा वितरण गर्ने व्यवस्था भएकोमा एकलौटी कारोवार गरेको मानिने छैन ।

**८. बजार सीमित गर्न नहुने :-** कुनै वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने व्यक्ति वा प्रतिष्ठानले त्यस्तो वस्तु वा सेवाको उत्पादन वा वितरणको बजार सीमित (मार्केट रेष्ट्रिक्शन) गर्ने गरी कुनै कारोवार गर्न गराउन हुँदैन ।

स्पष्टीकरणः कुनै वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने व्यक्ति वा प्रतिष्ठानले तोकेको कुनै निश्चित बजारमा मात्र त्यस्तो वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने वा त्यस्तो व्यक्ति वा प्रतिष्ठानले तोकेको निश्चित बजारमा बाहेक अन्य कुनै स्थानमा त्यस्तो वस्तु वा सेवा वितरण गरेमा सो वापत क्षतिपूर्ति शोधभर्ना माग गर्ने शर्त राखी कुनै विक्रेता, डिलर, व्यापारी वा प्रतिष्ठानलाई त्यस्तो वस्तु वा सेवा उपलब्ध गराएमा बजार सीमित गरेको मानिनेछ ।

**९. बन्धनयुक्त विक्री गर्न नहुने :** कुनै वस्तु वा सेवा विक्री गर्ने व्यक्ति वा प्रतिष्ठानले बन्धनयुक्त विक्री (टाइड सेलिङ्ग) को कारोवार गर्न हुादेन ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि कुनै व्यक्ति वा प्रतिष्ठानले देहायको कुनै शर्त राखी कुनै वस्तु वा सेवाको विक्री वितरण गरेकोमा बन्धनयुक्त विक्रीको कारोवार गरेको मानिनेछ :-

(क) कुनै वस्तु वा सेवा खरिद गर्दा त्यस्तो व्यक्ति वा प्रतिष्ठान वा त्यस्तो प्रतिष्ठानले तोकेको अन्य व्यक्ति वा प्रतिष्ठानबाट उत्पादन वा वितरण गरेको अर्को कुनै वस्तु वा सेवा समेत खरिद गर्नु पर्ने,

(ख) खण्ड (क) बमोजिम खरिद गरेको वस्तु वा सेवामा त्यस्तो वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने वा निजले तोकेको व्यक्ति वा प्रतिष्ठान बाहेक अन्य व्यक्ति वा प्रतिष्ठानले

उत्पादन गरेको वा वितरण गरेको वस्तु वा सेवा राखी प्रयोग गर्न वा विक्री वितरण गर्न नहुने,

(ग) खण्ड (क) वा (ख) बमोजिमको शर्त पालना गरी कुनै वस्तु वा सेवाको प्रयोग वा विक्री वितरण गरेमा बढी सहुलियतपूर्ण शर्तमा त्यस्तो वस्तु वा सेवा वितरण गर्ने ।

१०. **भ्रमपूर्ण विज्ञापन गर्न नहुने :** कुनै वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने व्यक्ति वा प्रतिष्ठानले नियन्त्रण वा सीमित गर्ने उद्देश्यले भ्रमपूर्ण विज्ञापन गर्न गराउन हुँदैन ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि कुनै व्यक्ति वा प्रतिष्ठानले देहायको कुनै काम गरेमा भ्रमपूर्ण विज्ञापन गरेको मानिने छ :-

(क) वस्तु वा सेवाको वास्तविक गुण, परिमाण वा मूल्यभन्दा फक हुने गरी भ्रमपूर्ण वा झुट्ठा विवरण दिई विज्ञापन गरेमा,

(ख) वस्तु वा सेवाको वारेण्टी, फाइदा, गुण वा आयु सम्वन्धी झुट्ठा वा भ्रमपूर्ण विज्ञापन गरी बजार प्रवर्द्धन गरेमा,

(ग) कुनै व्यक्ति वा प्रतिष्ठानले उत्पादन वा वितरण गरेको वस्तु वा सेवाको बजारलाई प्रतिकूल हुने वा त्यस्तो वस्तु वा सेवाका विरुद्ध झुट्ठा वा भ्रमपूर्ण विज्ञापन गरेमा,

(घ) विज्ञापनमा उल्लेख गरिएको मूल्यभन्दा बढी हुने गरी वस्तु वा सेवाको विक्री वितरण गरेमा ।

११. **यो ऐन लागू नहुने :-** यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा १० को व्यवस्था बाहेक देहायका व्यापारिक वा व्यवसायिक क्रियाकलापहरुमा यो ऐन लागू हुने छैन :-

(क) औद्योगिक व्यवसाय ऐन, २०४९ बमोजिम लघु तथा घरेलु उद्योग सम्वन्धी व्यवसाय,

(ख) तोकिए बमोजिमका साना किसानबाट उत्पादित कृषि उत्पादन तथा कृषिजन्य सहकारी व्यवसाय,

(ग) कच्चा पदार्थको खरिद कार्य

(घ) निर्यात व्यवसाय,

(ङ) सामुहिक सौदाबाजीको श्रमिक अधिकारको लागि गरिने कार्य,

(च) अनुसन्धान तथा विकास सम्वन्धी कार्य,

(छ) व्यवस्थापन सम्वन्धी सहकार्य,

(ज) व्यापारिक क्षमता अभिवृद्धिको लागि गरिने सङ्गठनात्मक र प्रक्रियागत सुधारका लागि गरिने सहकार्य ।

## परिच्छेद -३

## बोर्डको गठन तथा काम, कर्तव्य र अधिकार

१२. **बोर्डको गठन :**

(१) बजार संरक्षण गरी बजारमा स्वच्छ प्रतिस्पर्धा अभिवृद्धि गर्न प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण बोर्डको गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको बोर्डमा देहायका सदस्यहरु रहने छन् :-

| | | |
|---|---|---|
| (क) | सचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | अध्यक्ष |
| (ख) | प्रतिनिधि, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | सदस्य |
| (ग) | प्रतिनिधि, अर्थ मन्त्रालय | सदस्य |
| (घ) | प्रतिनिधि, उद्योग वाणिज्य तथा आपूति मन्त्रालय | सदस्य |
| (ङ) | उद्योग वाणिज्य तथा वाणिज्य सम्वन्धी संघ संस्थामा कार्यरत व्यक्तिहरु मध्ये बाट नेपाल सरकारले मनोनित गरेको दुईजना | सदस्य |
| (च) | उपभोक्ता हकहितसँग सम्वन्धित संघ संस्थामा कार्यरत व्यक्तिहरुमध्येबाट कम्तीमा एकजना महिला रहने गरी नेपाल सरकारले मनोनित गरेको चारजना | सदस्य |
| (च) | महानिर्देशक, वाणिज्य विभाग | सदस्य-सचिव |

(३) उपदफा (२) बमोजिम मनोनित सदस्यहरुको पदावधी दुई वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मनोनित सदस्यको काम सन्तोषजनक नदेखिएमा नेपाल सरकारले त्यसको कारण खुलाई निजलाई जुनसुकै वखत वोर्डको सदस्यबाट हटाउन सक्नेछ ।

**१३. बोर्डको बैठक र निर्णय :-**

(१) बोर्डको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) बोर्डको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) बोर्डको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा बोर्डको बैठकको लागि गणपूरक संखया पुगेको मानिनेछ ।

(४) बोर्डको वैठकका अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) बोर्डको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) बोर्डको निर्णय बोर्डको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(७) बोर्डले आवश्यक देखेमा सम्वन्धित विषयका विज्ञलाई वोर्डको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) बोर्डको बैठक सम्वन्धी अन्य कार्यविधि बोर्ड आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१४. बोर्डको काम, कर्तव्य र अधिकार :-** यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) स्वच्छ प्रतिस्पर्धा कायम गर्ने सम्वन्धमा अवलम्वन गर्नँ पर्ने नीति तर्जँमा गरी नेपाल सरकार समक्ष पेश गर्ने,

(ख) प्रतिस्पर्धा सम्वन्धी कानूनको पुनरावलोकन गर्नँ पर्ने देखिएमा सोको पुनरावलोकन गरी आवश्यक सुधारको लागि नेपाल सरकारलाई सुझाव दिने,

(ग) स्वच्छ प्रतिस्पर्धाबाट अर्थतन्त्रमा पर्ने सकारात्मक प्रभाव र स्वच्छ प्रतिस्पर्धा विपरितका क्रियाकलापबाट पर्ने नकारात्मक असरकाका सम्वन्धमा जनचेतना जगाउने,

(घ) मुलुकको आर्थिक अवस्था, व्यापारिक स्थिति, वजारमा स्वच्छ प्रतिस्पर्धा तथा उपभोक्त हित अभिवृद्धिका लागि गर्नँ पर्ने कामका सम्वन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव

दिने,

(ङ) बजारमा स्वच्छ प्रतिस्पर्धा अभिवृद्धिका लागि देखिएका समस्याको पहिचान गर्ने तथा त्यस्ता समस्या समाधान गर्न सम्वन्धित निकायलाई सुझाव दिने,

(च) बजारमा स्वच्छ प्रतिस्पर्धा प्रवर्द्धनका लागि निजी क्षेत्रसँग सहकार्य गर्ने,

(छ) बजारमा स्वच्छ प्रतिस्पर्धालाई प्रवर्द्धन गर्ने सम्वन्धमा आवश्यक अध्ययन तथा अनुसन्धान गर्ने गराउने,

(ज) स्वच्छ प्रतिस्पधा प्रवर्द्धन गर्ने सम्वन्धमा कार्ययोजना बनाई लागू गराउने,

(झ) स्वच्छ प्रतिस्पर्धा विपरितका काम कारवाही कसैबाट भए नभएको सम्वन्धमा निरीक्षण, अनुगमन तथा जाँचवुझ गर्ने, गराउने,

(ञ) खण्ड (झ) बमोजिम निरीक्षण, अनुगमन तथा जाँचवुझ गर्दा गराउादा कसैबाट स्वच्छ प्रतिस्पर्धा विपरितका कुनै काम कारवाही हुन लागेको देखिएमा त्यस्तो काम तुरुन्त रोक्न लगाउने,

(ट) आफूले गर्नैं पर्ने कामका सम्वन्धमा आवश्यकतानुसार समिति गठन गर्ने,

(ठ) स्वच्छ प्रतिस्पर्धा कायम गर्ने सम्वन्धमा आवश्यक अन्य काम गर्ने, गराउने ।

१५. **बैठक भत्ता :** बोर्डको बैठकमा भाग लिए वापत अध्यक्ष तथा सदस्यले तोकिए बमोजिम बैठक भत्ता पाउने छन् ।

१६. **बोर्डको सचिवालय :** वाणिज्य विभागले बोर्डको सचिवालयको रुपमा काम गर्नेछ ।

## परिच्छेद -४

## कसूर तथा सजाय सम्बन्धी व्यवस्था

१७. **स्वच्छ प्रतिपस्र्धा विपरितको कसूर गरेको मानिने :** कुनै व्यक्ति वा प्रतिष्ठानले परिच्छेद - २ विपरितको कुनै काम कारवाही गरे गराएमा निजले स्वच्छ प्रतिस्पर्धा विपरितको कसूर गरे गराएको मानिनेछ ।

१८. **सजाय :**

(१) देहायको काम कारवाही गर्ने गराउने व्यक्ति वाप्रतिष्ठानलाई कसूरको मात्रा अनुसार देहाय बमोजिमको सजाय हुनेछ :-

(क) दफा ३,४ वा ५ विपरित काम कारवाही गरे गराएमा त्यस्तो काम कारवाही वदर गरी त्यस्तो काम कारवाही गर्ने गराउने व्यक्ति वा प्रतिष्ठानलाई पाँचलाख रुपैयाँसम्म जरिवाना,

(ख) दफा ६ को उपदफा (१) विपरित काम कारवाही गरे गराएमा त्यस्तो काम कारवाही वदर गरी त्यस्तो काम कारवाही गर्ने गराउने व्यक्ति वा प्रतिष्ठानलाई तीन लाख रुपैयाँसम्म जरिवाना,

(ग) दफा ७ विपरित काम कारवाही गरे गराएमा त्यस्तो काम कारवाही गर्ने गराउने व्यक्ति वा प्रतिष्ठानलाई एक लाख रुपैयाँसम्म जरिवाना,

(घ) दफा ८ विपरित काम कारवाही गरे गराएमा त्यस्तो काम कारवाही गर्ने गराउने व्यक्ति वा प्रतिष्ठानलाई पचास हजार रुपैयाँसम्म जरिवाना,

(ङ) दफा ९ वा १० विपरित काम कारवाही गरे गराएमा त्यस्तो काम कारवाही गर्ने

गराउने व्यक्ति वा प्रतिष्ठानलाइ पच्चीस हजार रुपैयाँसम्म जरिवाना,

(च) खण्ड (क), (ख), (ग), (घ) र (ङ) मा लेखिएएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित काम कारवाही गर्ने गराउने व्यक्ति वा प्रतिष्ठानलाई दश हजार रुपैयाँसम्म जरिवाना ।

(२) उपदफा (१) बमोजिमको सजाय पाएको व्यक्ति वा प्रतिष्ठानले यस ऐन अन्तर्गतको कुनै कसूर पुनः गरेमा त्यस्तो व्यक्ति वा प्रतिष्ठानलाई सो उपदफा बमोजिम हुने जरिवानाको दोब्बर जरिवाना हुनेछ ।

(३) उपदफा (१) बमोजिमको काम कारवाही कुनै सम्झौता अनुसार भए गरेको रहेछ भने त्यस्तो सम्झौता समेत बदर हुनेछ ।

(४) कसैले कुनै व्यक्ति वा प्रतिष्ठानलाई हानी नोक्सानी पुऱ्याउने वा दुःख दिने नियतले झुट्टा उजुर दिएको ठहरे निजलाई दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

१९. **बाधा विरोध गर्नेलाई सजाय :** यस ऐन अन्तर्गत कसूरमा अनुसन्धान तथा तहकिकात सम्वन्धी काम करावाहीमा कसैले बाधा विरोध गरेमा निजलाई बजार संरक्षण अधिकृतको प्रतिवेदनको आधारमा अदालतले पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

२०. **मुख्य भई काम गर्नेले कसूर गरेको मानिने :** कुनै फर्म, कम्पनी वा संगठित संस्थाले यस ऐन बमोजिम कसूर मानिने कुनै काम गरेमा फर्मको हकमा त्यस्तो काम गर्दाका वखत कायम रहेका फर्मका हिस्सेदार र कम्पनी वा संगठित संस्थाको हकमा त्यस्तो कम्पनी वा संस्थाको मुख्य भई काम गर्ने व्यक्तिले त्यस्तो कसूर गरेको मानिनेछ ।

तर मुख्य भई काम गर्ने व्यक्ति नियुक्ति हुनु अगावै त्यस्तो काम भए गरेको वा सो काम गर्ने निर्णय त्यसरी मुख्य भई काम गर्ने व्यक्तिको मञ्जुरी बिना भएको हो भन्ने कुरा प्रमाणित भएमा जसले त्यस्तो काम गरेको छ सोही व्यक्तिले कसूर गरेको मानिनेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "मुख्य भई काम गर्ने व्यक्ति" भन्नाले कम्पनी वा संगठित संस्थाको अध्यक्ष, संचालक समितिका सदस्य, महाप्रवन्ध, प्रवन्ध निर्देशक वा सोही हैसियतमा काम गर्ने व्यक्ति सम्झनु पर्छ ।

२१. **सजायमा छुट :**

(१) कुनै कसूरको अनुसन्धान तथा तहकिकात गर्दा सो कसूरसँग सम्वन्धित कुनै व्यक्ति वा प्रतिष्ठानले देहाय बमोजिम सहयोग गरेमा बजार संरक्षण अधिकृतले मुद्दा दायर गर्दा त्यस्तो व्यक्ति वा प्रतिष्ठानलाई दफा १८ बमोजिम हुने सजाय पुरै वा आंशिक छूट दिने गरी अदालत समक्ष माग गर्न सक्नेछ :-

(क) अनुसन्धान तथा तहकिकात प्रारम्भ हुनु अघि नै त्यस्तो कसूरको बारेमा जानकारी वा सूचना दिएमा,

(ख) अनुसन्धान तथा तहकिकातको सिलसिलामा जाँचवुझ गर्ने अधिकारीले पत्ता लगाउन नसकेका महत्वपूर्ण प्रमाण वा जानकारी उपलब्ध गराएमा,

(ग) अनुसन्धान तथा तहकिकातको काम कारवाहीमा अन्य कुनै विशेष सहयोग पुऱ्याएमा ।

(२) उपदफा (१) बमोजिम बजार संरक्षण अधिकृतले माग गरेको सजाय छुटको व्यहोरा मनासिव देखिएमा अदालतले कसूर गर्ने व्यक्ति वा प्रतिष्ठानलाई यस ऐन बमाजिम हुन सक्ने सजाय आंशिक वा पूर्ण रुपले छूट गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसूरमा संलग्न व्यक्ति वा प्रतिष्ठानले दफा २९ बमोजिम क्षतिपूर्ति दिनुपर्ने दायित्वबाट छुट पाउन सक्ने छैन ।

## परिच्छेद -४

## मुद्दाको तहकिकात र दायरी सम्वन्धी व्यवस्था

**२२. बजार संरक्षण अधिकृतले तोक्ने :**

(१) यस ऐन बमोजिम सजाय हुने कसूर सम्वन्धी मुद्दाको अनुसन्धान तथा तहकिकात गरी अदालत समक्ष मुद्दा दायर गर्ने काम समेतको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नेपाल राज्यको आवश्यक जिल्लामा कुनै अधिकृत कर्मचारीलाई बजार संरक्षण अधिकृतको रुपमा तोक्ने छ ।

(२) बजार संरक्षण अधिकृतको योग्यता तथा अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछन् ।

**२३. उजुरी दिन सक्ने :**

(१) कुनै व्यक्ति वा प्रतिष्ठानले यस ऐन विपरित कुनै काम कारवाही गरेमा सो कुराको जानकारी पाउने जुनसुकै व्यक्तिले आफूसँग भएको जानकारी वा सवूत प्रमाण सहित तोकिए बमोजिम वोर्ड वा बजार संरक्षण अधिकृत समक्ष उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी दिने व्यक्तिले आफ्नो नाम गोप्य राख्न चाहेमा त्यस्तो व्यक्तिको नाम गोप्य राखिनेछ ।

**२४. मुद्दाको तहकिकात र दायरी :**

(१) यस ऐन बमोजिम सजाय हुने कुनै कसूर भए गरेको सम्वन्धमा दफा २३ बमोजिम उजुरी प्राप्त भएमा वा सो विषयमा अन्य कुनै माध्यमबाट आफूलाई जानकारी हुन आएमा बजार संरक्षण अधिकृतले सो मुद्दाको अनुसन्धान तथा तहकिकात गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम सजाय हुने कुनै कसूर भए गरेको सम्वन्धमा दफा २३ बमोजिम बोर्डमा उजुरी परेकोमा वोर्डले त्यस्तो उजुरी आवश्यक कारवाहीको लागि कुनै बजार संरक्षण अधिकृत समक्ष पठाउन वा त्यस्तो उजुरी उपर उपसमिति गठन गरी आफैले अनुसन्धान तथा तहकिकात गराउन सक्नेछ ।

(३) दफा २३ बमोजिम उजुरी दिने व्यक्तिले कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा थप प्रमाण वा जानकारी दिएमा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले त्यस्तो प्रमाण वा जानकारीलाई समेत विचार गरी अनुसन्धान तथा तहकिकात गर्नै पर्नेछ ।

(४) उपदफा (२) बमोजिम उपसमितिबाट कुनै मुद्दाको अनुसन्धान तथा तहकिकात भएकोमा त्यस्तो मुद्दाको अनुसन्धान तथा तहकिकातको काम समाप्त भएपछि अदालतमा मुद्दा दायर गर्न बोर्डले कुनै बजार संरक्षण अधिकृतलाई आदेश दिनेछ ।

(५) उपदफा (१) बमोजिम मुद्दाको अनुसन्धान तथा तहकिकातको काम समाप्त भएको वा उपदफा (४) बमोजिम बोर्डबाट मुद्दा दायर गर्न आदेश पाएको मितिले पैंतीस दिनभित्र बजार संरक्षण अधिकृतले अदालत समक्ष मुद्दा दायर गर्नै पर्नेछ ।

(६) उपदफा (५) बमोजिम मुद्दा दायर गर्दा बजार संरक्षण अधिकृतले सरकारी वकीलको राय लिनु पर्नेछ ।

(७) उपदफा (५) बमोजिम अदालत समक्ष दायर भएको मुद्दाको वहस पैरवी तथा प्रतिरक्षा सर कारी वकीलबाट हुनेछ ।

२५. **निरीक्षण, जाँचवभु वा खानतलासी गर्न सक्ने :**

(१) कसैले यो ऐन वा यस अन्तर्गत बनेको नियम विपरित कुनै काम कारवाही गरिरहेको छ भन्ने विश्वास हुने मनासिव कारण भएमा वा सो सम्वन्धमा दफा २३ बमोजिम उजुरी प्राप्त भएमा बजार संरक्षण अधिकृत वा बोर्डद्वारा गठित उपसमितिले सम्वन्धित ठाउँको निरीक्षण, जाँचवुझ वा खानतलासी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण, जाँचवुझ वा खानतलासी गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२६. **नेपाल सरकार वादी हुने :** यस ऐन अन्तर्गत कसूर हुने मुद्दा नेपाल सरकार वादी हुनेछ ।

२७. **विशेषज्ञको सहयोग लिन सक्ने :** कुनै कसूरको प्रकृति र गाम्भीर्यताको कारण सो कसूरको अनुसन्धान तथा तहकिकातमा सम्वन्धित विषयको विशेषज्ञको सहयोग आवश्यक भएमा वा तहकिकात गर्ने उपसमिति वा बजार संरक्षण अधिकृतले सम्वन्धित विशेषज्ञको सेवा लिन सक्नेछ ।

२८. **मुद्दाको कारवाही र किनारा :**

(१) यस ऐन अन्तर्गतको मुद्दाको कारावही र किनारा गर्ने अधिकार अदालतलाई हुनेछ ।

(२) अदालतले यस ऐन अन्तर्गत दायर भएको मुद्दाको कारवाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमेजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

## परिच्छेद -६

## विविध

२९. **क्षतिपूर्ति :**

(१) कुनै व्यक्ति वा प्रतिष्ठानले यस ऐन अन्तर्गतको कुनै कसूर गरेको कारणबाट कसैलाइ कुनै प्रकारको हानि नोक्सानी हुन गएमा त्यस्तो हानी नोक्सानीको क्षतिपूर्ति भराई पाउन अदालत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर कारवाही हुँदा क्षतिपूर्ति भराउनु पर्ने देखिएमा अदालतले हानि नोक्सानी पुऱ्याउने व्यक्ति वा प्रतिष्ठानबाट निवेदकलाई क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

३०. **नेपाल सरकारको विशेष अधिकार :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल राज्यभर वा नेपाल राज्यको कुनै खास क्षेत्रमा कुनै वस्तु वा सेवाको उत्पादन वा वितरणमा संकट उत्पन्न भएमा वा हुन सक्ने देखिएमा वा कुनै वस्तु वा सेवाको आपूर्ति तथा वितरणको अवस्थालाई विचार गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सो सूचनामा तोकिएको अवधि र क्षेत्रमा परिच्छेद-२ मा लेखिएको कुनै कुरा लागू नहुने गरी आवश्यक आदेश जारी गर्न सक्नेछ । तर, यो ऐन लागू हुनुभन्दा अघि नेपाल सरकारले गरेको आपूर्ति तथा वितरण सम्वन्धी व्यवस्था र आदेश यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

३१. **काम कारवाही रोक्न आदेश दिन सक्ने :** कसैले यस ऐन विपरित गर्न लागेको कुनै काम कारवाही तत्काल नरोकिएमा बजारमा कुनै वस्तु वा सेवाको आपूर्ति वितरणमा तत्काल गम्भीर प्रतिकूल अवस्था सृजना हुन सक्छ भन्ने कुरा बजार संरक्षण अधिकृत वा बोर्डबाट अदालतलाई जानकारी हुन आएमा र सो कुरामा अदालत विस्वस्त भएमा अदालतले सो काम कारवाही तत्काल रोक्न आदेश दिन सक्नेछ ।

३२. **बौद्धिक सम्पत्तिको दुरुपयोग रोक्ने व्यवस्था गर्न सक्ने :** कुनै बौद्धिक सम्पत्तिको धनीले आफ्नो बौद्धिक सम्पत्तिको दुरुपयोग गरी स्वच्छ प्रतिस्पर्धामा बाधा पुऱ्याएमा वा उपभोक्ताको हक हित विपरित काम गरेमा नेपाल सरकारले सो सम्वन्धमा आवश्यक व्यवस्था गर्न सक्नेछ ।

३३. **प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने :** यस ऐन बमोजिम कसूर ठहरिने कुनै काम कारवाही अन्य प्रचलित कानून बमोजिम पनि कसूर ठहरिने रहेछ भने सो कानून बमोजिम मुद्दा चलाउन यस ऐनको कुै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

३४. **पुरस्कार दिन सक्ने :** कसैले यस ऐन विपरित कुनै कसूर गरेको वा गर्न लागेको भन्ने सम्वन्धमा बोर्ड वा बजार संरक्षण अधिकृतलाई दिएको सूचना अदालतबाट मुद्दाको अन्तिम किनारा हुँदा सत्य ठहरिएमा त्यस्तो सूचनादातालाई बोर्डले उचित पुरस्कार दिन सक्नेछ ।

३५. **सहयोग गर्नुपर्ने :** यस ऐन अन्तर्गतको कसूरको सम्वन्धमा अनुसन्धान तथा तहकिकात गर्दा बोर्ड, बोर्डद्वारा गठित उपसमिति वा बजार संरक्षरण अधिकृतलाई आवश्यक सहयोग पुऱ्याउनु सम्वन्धित सबैको कर्तव्य हुनेछ ।

३६. **सूचनाको गोप्यता :** यस ऐन बमोजिम निरीक्षण , अनुगमन, अनुसन्धान वा तहकिकात गर्दा बोर्ड वा बजार संरक्षण अधिकृतले आफूलाई प्राप्त हुन आएको व्यापारिक कारोवार तथा सूचना गोप्य राख्नु पर्नेछ ।

तर आफ्नो कार्य सम्पादनको सिलसिलामा उल्लेख गरेको वा सार्वजनिक महत्वको जानकारी दिलाएको विषयलाई गोप्यता भङ्ग गरेको मानिने छैन ।

३७. **अधिकार प्रत्यायोजन :** बोर्डले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकतानुसार केही अधिकार बोर्डको अध्यक्ष, सदस्य, सदस्य-सचिव, यस ऐन बमोजिम गठित समिति वा नेपाल सरकारको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३८. **वार्षिक प्रतिवेदन :**

(१) बोर्डले आफ्नो काम कारवाहीको वार्षिक प्रतिवेदन प्रत्येक आथिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र नेपाल सरकार समक्ष पेश गर्नैं पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको आर्थिक प्रतिवेदन नेपाल सरकारले सार्वजनिक गर्न सक्नेछ ।

३९. **नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

**<u>मालसामानको बहुविधिक ढुवानीको सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

## खण्ड ५६ अतिरिक्तांक ४० ख नेपाल राजपत्र भाग २ मिति २०६३/७/१९

भाग २

### नेपाल सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

प्रतिनिधिसभा घोषणा, २०६३ जारी भएको पहिलो वर्षमा प्रतिनिधिसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशत गरिएको छ।

### २०६३ सालको ऐन नं. १४

**<u>मालसामानको बहुविधिक ढुवानीको सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

प्रस्तावना :- बहुविधिक ढुवानी सेवाको विकास तथा संचालन गरी मुलुकको व्यापारिक क्षमतालाई अभिवृद्धि गर्न तथा अन्तर्राष्ट्रिय व्यापारको विविधिकरण गरी मुलुकको अर्थतन्त्रलाई सुदृढ पार्न मालसामानको बहुविधिक ढुवानीका सम्वन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, प्रतिनिधिसभाको घोषणा, २०६३ जारी भएको पहिलो वर्षमा प्रतिनिधिसभाले यो ऐन बनाएको छ ।

### परिच्छेद -१

### <u>प्रारम्भिक</u>

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "मालसामानको बहुविधिक ढुवानी ऐन, २०६३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) बहुविधिक ढुवानी (मल्टी मोडल ट्रान्सपोर्टेशन) भन्नाले बहुविधिक ढुवानी करारको आधारमा मालसामान ढुवानी गर्ने कार्य सम्झनु पर्छ ।

(ख) "बहुविधिक ढुवानी करार" भन्नाले बहुविधिक ढुवानी संचालनकर्ताले नेपाल राज्यको कुनै एक स्थानमा रहेको प्रेषकबाट मालसामान बुझिलिई नेपाल राज्यबाहिरको तोकिएको कुनै स्थानसम्म दुई वा दुई भन्दा बढी फरक यातायातको साधन प्रयोग गरी मालसामान हस्तान्तरण गर्न प्रेषक र बहुविधिक ढुवानी संचालनकर्ताबीच भएको करार सम्झनु पर्छ ।

(ग) "बहुविधिक ढुवानी संचालनकर्ता" भन्नाले बहुविधिक ढुवानी सेवा संचालन गर्न दफा ४ बमोजिम इजाजतपत्र प्राप्त कम्पनी सम्झनु पर्छ ।

(घ) "विभाग" भन्नाले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग सम्झनु पर्छ ।

(ङ) "प्रेषक (कन्साइनर)" भन्नाले मालसामान हस्तान्तरण गर्ने सम्वन्धमा वहुविधिक ढुवानी संचालनकर्तासँग बहुविधिक ढुवानी करार गर्ने व्यक्ति सम्झनु पर्छ ।

(च) "प्रापक (कन्साईनी)" भन्नाले बहुविधिक ढुवानी करार बमोजिम बहुविधिक ढुवानी संचालनकर्ता वा निजको आधिकारिक एजेण्ट वा प्रतिनिधिबाट मालसामान बुझिलिने हक प्राप्त भएको व्यक्ति सम्झनु पर्छ ।

(छ) "बहुविधिक ढुवानीपत्र" भन्नाले बहुविधिक ढुवानी करार बमोजिम बहुविधिक ढुवानी संचालनकर्ताले प्रेषकबाट मालसामान बुझिलिई त्यस्तो मालसामान ढुवानी गरी हस्तान्तरण गर्ने दायित्व स्वीकार गरेको बहुविधिक ढुवानी करारलाई प्रमाणित गर्ने लिखत सम्झनु पर्छ ।

(ज) "विनिमेय अधिकारयुक्त बहुविधिक ढुवानीपत्र (नेगोशियवल मल्टिमोडल ट्रान्स्पोर्ट डकुमेन्ट)" भन्नाले निर्देशित व्यक्ति वा बाहकको नाममा जारी भएको वा निर्देशित व्यक्ति वा बाहकले अर्को व्यक्तिलाई दरपीठ गरी वा नगरी हस्तान्तरण गर्न मिल्ने गरी जारी भएको बहुविधिक ढुवानीपत्र सम्झनु पर्छ ।

(झ) "विनिमेय अधिकारविहीन बहुविधिक ढुवानीपत्र (नन्नेगोशियवल मल्टिमोडल ट्रान्सपोर्ट डकुमेन्ट" भन्नाले प्रापकको नाम उल्लेख भई जारी भएको बहुविधिक ढुवानीपत्र सम्झनु पर्छ ।

(ञ) "हस्तान्तरण" भन्नाले बहुविधिक ढुवानी करारबमोजिम प्रापक वा प्रेषकको लिखत अनुमति बमोजिम तोकिएको कुनै व्यक्तिलाई मालसामान बुझाउने कार्य सम्झनु पर्छ ।

(ट) "जिम्मा लिएको" भन्नाले बहुविधिक ढुवानी करारबमोजिम ढुवानी भएको मालसामान प्रापकलाई हस्तान्तरण गर्नको लागि बहुविधिक ढुवानी संचालनकर्ताले प्रेषकबाट मालसामान बुझिलिने काम सम्झनु पर्छ ।

(ठ) "मालसामान" भन्नाले कन्टेनर वा प्याक भएको वा नभएको डिब्बा, प्यालेट वा त्यस्तै प्रकृतिका ढुवानीका मालसामान र जीवित जीवजन्तु समेत सम्झनु पर्छ ।

(ड) एस.डी.आर. (स्पेशल ड्रईङ्ग राइटस) भन्नाले अन्तर्राष्ट्रिय मुद्रा कोषले समय समयमा परिभाषा गरे बमोजिमको एस.डी.आर. सम्झनु पर्छ ।

(ढ) "दरपीठ" भन्नाले बहुविधिक ढुवानीपत्रमा उल्लिखित मालसामानको स्वामित्व बहुविधिक ढुवानी करारबमोजिम तोकिएको व्यक्तिलाई हस्तान्तरण गर्नका लागि बहुविधिक ढुवानीपत्रको अग्रभाग वा पछाडिपट्टि देखिने गरी कैफियत उल्लेख गरी प्रापकले दस्तखत गर्ने काम सम्झनु पर्छ ।

(ण) "तोकिएका" वा तोकिएबमोजिम" भन्नाले यस ऐन अन्र्तत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

## परिच्छेद -२

## इजाजतपत्र सम्वन्धी व्यवस्था

**३. इजाजतपत्र नलिई बहुविधिक ढुवानी सेवा संचालन गर्न नहुने :** कसैले पनि यस ऐनबमोजिम इजाजतपत्र नलिई बहुविधिक ढुवानी सेवा संचालन गर्न हुँदैन ।

**४. इजाजतपत्र सम्वन्धी व्यवस्था :**

(१) बहुविधिक ढुवानी सेवा संचालन गर्न चाहने देहाय बमोजिमको योग्यता भएको कम्पनीले तोकिएको निवेदन दस्तुर सहित विभागमा निवेदन दिनु पर्नेछ :-

(क) कम्पनीको नाउँमा कम्तीमा एक करोड रुपैयाँ चुक्ता पूंजी भएको,

(ख) नेपालबाहिर कम्तीमा दुईवटा मुलुकमा आफ्नो कम्पनीको शाखा, आधिकारिक एजेन्ट वा प्रतिनिधि रहेको,

(ग) तोकिएबमोजिमको जनशक्ति, भौतिक सम्पत्ति तथा अन्य व्यवथापकीय क्षमता भएको ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन छानविन गर्दा निवेदकलाई बहुविधिक ढुवानी सेवा संचालन गर्ने इजाजतपत्र दिन मनासिव देखिएमा विभागले इजाजतपत्र वापत पच्चीस हजार रुपैयाँ दस्तुर लिई निवेदन परेको साठी दिनभित्र इजाजतपत्र दिनेछ ।

(३) उपदफा (२) बमोजिम छानविन गर्दा निवेदकको माग बमोजिम इजाजतपत्र दिन नमिल्ने देखिएमो सोको कारण खुलाई विभागले निवेदकलाई निवेदन परेको साठी दिनभित्र जानकारी

गराउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम प्रदान गरिएको इजाजतपत्रको अवधि पाँचवर्षको हुनेछ । सो अवधि समाप्त भएपछि इजाजतपत्रवालाले इजाजतपत्र नविकरण गर्न चाहेमा तोकिएको दस्तुर विभागमा बुझाई इजाजतपत्र नवीकरण गर्न सक्नेछ ।

**(५) इजाजतपत्र रद्द हुन सक्ने :**

(१) देहायका अवस्थामा दफा ४ बमोजिम दिइएको इजाजतपत्र रद्द हुनेछ :-

(क) इजाजतपत्र प्राप्त कम्पनीको चुक्ता पूंजी एक करोड रुपैयाँ नभएको कुरा प्रमाणित भएमा,

(ख) इजाजतपत्र प्राप्त कम्पनीको नेपालबाहिर कम्तीमा दुईवटा मुलुकमा शाखा, आधिकारिक एजेण्ट वा प्रतिनिधि नरहेको पाइएमा,

(ग) इजाजापत्रवालाले दफा ४ बमोजिम इजाजतपत्र नवीकरण नगराएमा ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक कुनै इजाजतपत्रवालाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै अन्य काम गरेमा विभागले त्यस्तो इजाजतपत्रवालालाई मनासिव माफिकको समय दिई सो काम सुधार गर्न मौका दिनेछ । त्यसरी मौका दिंदा पनि इजाजतपत्रवालाले आफ्नो काममा सुधार नगरेमा विभागले निजलाई दिएको इजाजतपत्र रद्द गर्नेछ । तर त्यसरी इजाजतपत्र रद्द गर्नुँ अघि निजलाई सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन

**(६) पुनरावेदन गर्न सक्ने :**

(१) दफा ५ को उपदफा (२) बमोजिम इजाजतपत्र रद्द भएमा सम्वन्धित कम्पनीले त्यसरी इजाजतपत्र रद्द भएको सूचना पाएको मितिले पैंतीस दिनभित्र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको सचिव समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन परेकोमा सम्वन्धित सचिवले पुनरावेदन परेको मितिले तीन महिनाभित्र पुनरोदन सम्वन्धमा निर्णय गरिसक्नु पर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद - ३

## बहुविधिक ढुवानीपत्र र मालसामानको हस्तान्तरण

**(७) बहुविधिक ढुवानीपत्र जारी गर्ने :**

(१) बहुविधिक ढुवानी संचालनकर्ताले प्रेषकबाट ढुवानीका लागि मालसामान बुझिलिंदा बहुविधिक ढुवानीपत्र जारी गर्नुँ पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी गरिने बहुविधिक ढुवानीपत्र प्रेषकले चाहे अनुसार विनिमेय अधिकारयुक्त वा विनिमेय अधिकारविहीन हुन सक्नेछ ।

(३) बहुविधिक ढुवानीपत्रमा प्रापकको नाम उल्लेख भएकोमा त्यस्तो व्यक्ति वा विनिमेय अधिकारयुक्त बहुविधिक ढुवानीपत्र जारी भएकोमा त्यस्तो ढुवानीपत्र दरपीठबाट अन्य व्यक्तिलाई हस्तान्तरण भएकोमा त्यस्तो व्यक्ति वा त्यस्तो ढुवानीपत्रको बाहकलाई त्यस्तो ढुवानीपत्रमा उल्लिखित मालसामानउपर स्वामित्व रहेको मानिनेछ ।

**(८) बहुविधिक ढुवानीपत्रमा दस्तखत गर्नु पर्ने :**

(१) बहुविधिक ढुवानी संचालनकर्ताले बहुविधिक ढुवानीपत्रमा दस्तखत गरेको हुनु पर्नेछ ।

(२) बहुविधिक ढुवानीपत्रमा गरिने दस्तखत हस्तलिखित वा प्रचलित कानूनले मान्यता दिएको अन्य जुनसुकै माध्यमबाट हुन सक्नेछ ।

(९) **बहुविधिक ढुवानीपत्रमा उल्लेख हुनु पर्ने कुराहरु :** बहुविधिक ढुवानीपत्रमा देहायका कुराहरु उल्लेख हुनु पर्नेछ :-

(क) मालसामानको प्रकृति, पहिचानको चिन्ह, खतरापूर्ण प्रकृतिको मालसामान भए सोको विवरण, प्याकेज (पोका) वा संख्याको विवरण, मालसामानको कुल तौल वा परिमाण तथा प्रेषकले दाखिला गरेबमोजिमको अन्य विवरण,

(ख) मालसामानको बाह्रय स्थिति,

(ग) बहुविधिक ढुवानी संचालनकर्ताको नाम तथा कारोवारको मुख्य स्थान,

(घ) प्रेषकको नाम र ठेगाना,

(ङ) प्रेषकले प्रापकको नाम उल्लेख गरेको भए सोको विवरण,

(च) बहुविधिक ढुवानी संचालनकर्ताले मालसामान बुझेको स्थान र मिति

(छ) बहुविधिक ढुवानी करारका पक्षहरुबीच मञ्जूरी भएबमोजिम मालसामान हस्तान्तरण गर्नै पर्ने ठाउँ, मिति र समयावधि,

(ज) बहुविधिक ढुवानीपत्र विनिमेय अधिकारयुक्त वा विनिमेय अधिकारविहीन के हो सोको विवरण,

(झ) बहुविधिक ढुवानीपत्र जारी भएको मिति र स्थान,

(ञ) बहुविधिक ढुवानी संचालनकर्ता वा निजको आधिकारिक प्रतिनिधिको सहीछाप

(ट) प्रापक वा प्रेषकले बुझाउनु पर्ने ढुवानी शुल्क वा ढुवानी शुल्क बुझाई सकेको भए सोको विवरण,

(ठ) बहुविधिक ढुवानी करारका पक्षहरुबीच सहमति भएबमोजिमको मालसामान ढुवानी गर्ने मार्ग र माध्यम,

(ड) बहुविधिक ढुवानी करारका पक्षहरुले बहुविधिक ढुवानीपत्रमा समावेश गर्न मञ्जूर गरेका अन्य कुराहरु ।

(१०) **विनिमेय अधिकारयुक्त बहुविधिक ढुवानीपत्र जारी गर्ने :** विनिमेय अधिकारयुक्त बहुविधिक ढुवानीपत्र जारी गर्दा देहाय बमोजिम जारी गर्नै पर्नेछ :-

(क) निर्देशित व्यक्ति वा वाहकको नाममा जारी भएको हुनु पर्ने,

(ख) निर्देशित व्यक्तिका नाममा जारी भएको बहुविधिक ढुवानीपत्र दरपीठबाट अन्य व्यक्तिको नाममा हस्तान्तरण हुन सक्ने,

(ग) वाहकका नाममा जारी भएको बहुविधिक ढुवानीपत्र दरपीठ विना नै अन्य व्यक्तिलाई हस्तान्तरण हुन सक्ने,

(घ) एकभन्दा बढी बहुविधिक ढुवानीपत्र जारी भएकोमा त्यस्तो ढुवानीपत्रमा सो व्यहोरा उल्लेख हुनु पर्ने ।

(११) **विनिमेय अधिकारयुक्त बहुविधिक ढुवानीपत्रबाट मालसामान हस्तान्तरण गर्न सक्ने :**

(१) दफा १० बमोजिम जारी भएको विनिमेय अधिकारयुक्त बहुविधिक ढुवानीपत्र बमोजिम बहुविधिक ढुवानी संचालनकर्ता वा निजको एजेण्ट वा प्रतिनिधिले प्रापक वा निजको एजेण्ट तथा प्रतिनिधिलाई मालसामान हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मालसामान हस्तान्तरण भएकोमा रीतपूर्वक मालसामान हस्तान्तरण भएको मानिनेछ । तर विनिमेय अधिकारविहीन बहुविधिक ढुवानीपत्र जारी भएको अवस्थामा प्रेषकको लिखित अनुमति लिई त्यस्तो अनुमतिपत्रमा तोकिएको अन्य कुनै व्यक्तिलाई मालसामान

हस्तान्तरण गर्न बाधा पर्ने छैन ।

(१२) **बहुविधिक ढुवानीपत्रमा कैफियत जनाउन सकिने :**

(१) बहुविधिक ढुवानीपत्र जारी गर्दा सो ढुवानीपत्रमा उल्लेख गरिएको मालसामानको सामान्य प्रकृति, प्रमुख चिन्ह, पोका वा थानको संख्या, तौल वा परिमाण बुझिलिएको मालसामानसँग दुरुस्त मेल नखाने कुरा बहुविधिक ढुवानी संचालनकर्ता वा निजको तर्फबाट काम गर्ने व्यक्तिलाई थाहा हुन आएमा वा तयसरी बुझिलिएका मालसामान दुरुस्त नभएको शंका गर्नँ पर्ने मनासिव कारण भएमा वा त्यस्ता विवरणहरु जाँच गर्न आवश्यक पर्ने साधनहरु निजसँग नभएमा बहुविधिक ढुवानी संचालनकर्ता वा निजको तर्फबाट काम गर्ने व्यक्तिले बहुविधिक ढुवानीपत्रमा दुरुस्त नभएका त्यस्ता विवरणहरु, शंका गर्नँपर्ने आधारहरु वा जाँच गर्न आवश्यक पर्ने साधनहरु नभएको कुरा उल्लेख गरी कैफियत जनाउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफामा लेखिएका कुनै एक वा एकभन्दा बढी विवरण उल्लेख नभएको कारणले मात्र बहुविधिक ढुवानीपत्रको कानूनी मान्यताउपर कुनै किसिमले प्रतिकूल प्रभाव पारेको मानिनेछैन ।

(१३) **कैफियत जनाई मालसामान बुझिलिन सक्ने :**

(१) दफा १२ मा जुनसुकै कुरा लेखिएको भए तापनि बहुविधिक ढुवानी संचालनकर्ता वा निजको आधिकारिक प्रतिनिधिले प्रेषक वा निजको आधिकारिक एजेण्ट वा प्रतिनिधिबाट ढुवानीको लागि मालसमान बुझिलिंदा ढुवानीपत्रमा उल्लिखित व्यहोरासँग दुरुस्त मेल नखाने कुराको सम्वन्धमा कुनै शंका लागेमा सोही व्यहोरा कैफियत जनाइ मालसामान बुझि लिन सक्नेछ ।

(२) बहुविधिक ढुवानी संचालनकर्ता वा निजको आधिकारिक प्रतिनिधिले उपदफा (१) बमोजिम कुनै कैफियत नजनाई प्रेषक वा निजको आधिकारिक एजेण्ट वा प्रतिनिधिबाट ढुवानीको लागि मालसमान बुझि लिएमा ढुवानीपत्रमा उल्लिखित मालसामान दुरुस्त भएको मानिनेछ ।

(१४) **बहुविधिक ढुवानीपत्र आधारभूत प्रमाण हुने :** बहुविधिक ढुवानी संचालनकर्ताले प्रेषकबाट बहुविधिक ढुवानीपत्रमा उल्लेख भएबमोजिम मालसामान बुझिलिएकोमा त्यस्तो ढुवानीपत्र जसरी मालसामान बुझिलिएको कुराको आधारभूत प्रमाण हुनेछ ।

(१५) **ढुवानीपत्रमा उल्लिखित मालसामानको विवरण प्रत्याभूति :** प्रेषक, निजको आधिकारिक एजेण्ट वा प्रतिनिधिले बहुविधिक ढुवानी संचालनकर्तालाई मालसामान ढुवानीको लागि बुझाउादा बहुविधिक ढुवानीपत्रमा उल्लिखित विवरण त्यसरी बुझाइएका मालसामानको सम्वन्धमा सामान्य प्रत्याभूति दिएको मानिनेछ ।

(१६) **मालसामान हस्तान्तरण विधि :** बहुविधिक ढुवानी संचालनकर्ताले बहुविधिक ढुवानी करार बमोजिम प्रापकलाई मालसामान हस्तान्तरण गर्दा देहाय बमोजिम हस्तान्तरण गर्नँपर्नेछ :-

(क) वाहक अंकित विनिमेय अधिकारयुक्त बहुविधिक ढुवानीपत्र जारी भएको अवस्थामा सोको सक्कल प्रति दाखिला गर्ने व्यक्तिलाई हस्तान्तरण गरेर,

(ख) निर्देशित व्यक्ति अंकित विनिमेय अधिकारयुक्त बहुविधिक ढुवानीपत्र जारी भएको अवस्थामा रीतपूर्वक दरपीठ भएको बहुविधिक ढुवानीपत्र दाखिला गर्ने व्यक्तिलाई हस्तारन्तरण गरेर,

(ग) प्रापकको नाम अंकित विनिमेय अधिकारविहीन बहुविधिक ढुवानीपत्र जारी भएको अवस्थामा प्रेषकको लिखित अनुमतिपत्रमा उल्लिखित प्रापक हो भन्ने मनासिव प्रमाण पेश गर्ने व्यक्तिलाई हस्तान्तरण गरेर ।

## परिच्छेद -४

## बहुविधिक ढुवानी संचालनकर्ताको दायित्व

**(१७) बहुविधिक ढुवानी संचालनकर्ताको दायित्व :**

(१) बहुविधिक ढुवानी संचालनकर्ता प्रेषकबाट बहुविधिक ढुवानी करारबमोजिम मालसामान बुझिलिएपछि दफा १६ बमोजिम मालसामान हस्तान्तरण नगरेसम्म मालसामानउपरको सम्पूर्ण दायित्व निजको हुनेछ ।

(२) बहुविधिक ढुवानी करारको परिपालनाको सिलसिलामा बहुविधिक ढुवानी संचालनकर्ता, निजको कर्मचारी वा निजको प्रतिनिधिबाट हुन गएको कुनै पनि कार्यप्रति बहुविधिक ढुवानी संचालनकर्ता स्वयं जवाफदेही हुनेछ ।

(३) उपदफा (१) वा (२) को सर्वमान्यतामा प्रतिकूल नहुने गरी बहुविधिक ढुवानी संचालनकर्ता, निजको कर्मचारी, निजको अधिकारप्राप्त प्रतिनिधि वा करारबमोजिम निजसँग सेवा लिने अनय कुनै व्यक्तिले बहुविधिक ढुवानी करारबमोजिम ढुवानीका लागि जिम्मा लिएको मालसामान हराएमा, हानि नोक्सानी वा क्षति भएमा वा बहुविधिक ढुवानी करारबमोजिम निर्धारित अवधिभित्र प्रापकलाई हस्तान्तरण नगरेको कारणबाट प्रेषक वा प्रापकलाई हुन गएको मनासिव हानि नोक्सानी वा क्षतिको लागि बहुविधिक ढुवानी संचालनकर्ता स्वयं जवाफदेही हुनेछ र सो वापत निजले क्षतिपूर्ति दिनु पर्नेछ । तर, बहुविधिक ढुवानी संचालनकर्ता, निजको कर्मचारी, निजको प्रतिनिधि वा करारबमोजिम निजसँग सेवा लिने अन्य कुनै व्यक्तिको दोष वा हेरचेक्र्याईबाट त्यस्तो हानि नोक्सानी वा क्षति नभएको कुरा प्रमाणित भएमा बहुविधिक ढुवानी संचालनकर्ता क्षतिपूर्ति दिन बाध्य हुने छैन ।

**(१८) बहुविधिक ढुवानी संचालनकर्ताले करार गर्न सक्ने :**

(१) बहुविधिक ढुवानी संचालनकर्ताले यस ऐनबमोजिम प्रेषकसँग बहुविधिक ढुवानी करार गरी मालसामान ढुवानी गर्न जिम्मा लिएपछि सो करारको शर्तको प्रतिकूल नहुने गरी अन्य कुनै व्यक्तिसँग मालसामान ढुवानीका सम्वन्धमा करार गर्न सक्नेछ ।

(२) बहुविधिक ढुवानी संचालनकर्ताले उपदफा (१) बमोजिम कुनै व्यक्तिसँग करार गरी सोबमोजिम मालसामान ढुवानी गरेकोमा दफा १७ बमोजिमको दायित्वबाट निजले छूट पाउने छैन ।

**(१९) मालसामान हस्तान्तरण गर्न ढिलाई भएको मानिने :** बहुविधिक ढुवानी करारमा मालसामान ढुवानी गरिसक्नु पर्ने समयावधि किटान गरिएकोमा सो अवधिभित्र र त्यसरी किटान नगरिएको अवस्थामा ढुवानी गर्नैपर्ने मालसामानको प्रकृति, बहुविधिक ढुवानी स.चालनकर्ताको अवस्था तथा मालसामान ढुवानी गर्दाको समग्र परिस्थिति समेतको आधारमा मनासिव माफिकको समयावधिभित्र बहुविधिक ढुवानी संचालनकर्ताले मालसामान हस्तान्तरण नगरेमा मालसामान हस्तान्तरण गर्न ढिलाई भएको मानिनेछ ।

**(२०) मालसामान हराएको मानिने :**

(१) बहुविधिक ढुवानी संचालनकर्ताले ढुवानीका लागि मालसामान बुझिलिनु अघि नै त्यसरी ढुवानी गरिनृ मालसामानको मूल्य घोषणा गरी बहुविधिक ढुवानीपत्रमा उल्लेख गरेको अवस्थामा बाहेक बहुविधिक ढुवानी संचालनकर्ताले ढुवानीको लागि बुझिलिएका मालसामान कुनै किसिमबाट हराए वा हानि नोक्सानी भएको कारणबाट हुन गएको नोक्सानी वापत त्यसरी हराए वा हानि नोक्सानी भएको प्रत्येक प्याकेज वा एकाइको छ सय छैंसठ्ठी दशमलव

छ सात (६६६.६७) एस.डी. आर वा प्रति किलोग्राम दुई एस.डी.आर. बराबरको रकममध्ये जुन बढी हुन सो रकमसम्म बहुविधिक ढुवानी संचालनकर्ताको दायित्व सीमित हुनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि प्याकेज वा एकाइ कायम गर्दा बहुविधिक ढुवानीपत्रमा उल्लेख गरिएबमोजिम प्याकेज वा एकाइलाई नै आधार मानिनेछ ।

(३) मालसामान हस्तान्तरण गर्न ढिलाई भएको कारणबाट सृजना भएको दायित्वको हकमा बहुविधिक ढुवानी करारमा सो सम्वन्धमा गरिएको व्यवस्थाका अधीनमा रही बहुविधिक ढुवानी संचालनकर्ताको दायित्व सीमित हुनेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बहुविधिक ढुवानी संचालनकर्ताको दायित्व निजले बहुविधिक ढुवानी करारबमोजिम ढुवानी गर्नै पर्ने सम्पूर्ण मालसामानको कूल मूल्य भन्दा बढी हुने छैन ।

(२२) **क्षतिको मूल्यांकन :**

(१) बहुविधिक ढुवानी संचालनकर्ताले बहुविधिक ढुवानी करारबमोजिम मालसामान ढुवानी गर्न बुझिलिएपछि त्यस्तो मालसामान बहुविधिक ढुवानी करारबमोजिम हस्तान्तरण हुनु अगावै हराएमा, हानि नोक्सानी भएमा वा अन्य कुनै कारणबाट भएको क्षति वापत क्षतिपूर्ति बुझाउनु पर्ने अवस्था सृजना भएमा त्यसरी कराएको, हानि नोक्सानी भएको वा क्षति भएको मालसामान प्रापकलाई हस्तान्तरण गरिने स्थान र हस्तान्तरण गरिनु पर्ने समयमा कायम हुन सक्नु मनासिव माफिकको मूल्यको आधारमा मूल्यांकन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम मूल्य निर्धारण गर्दा तत्काल कायम रहेको प्रचलित बजार मूल्य वा त्यस्तो मूल्य कायम हुन नसकेमा त्यस्तै प्रकारका अन्य मालसामानको मनासिव माफिकको मूल्यको आधारमा मूल्य निर्धारण गर्नै पर्नेछ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बहुविधिक ढुवानी करारबमोजिम ढुवानी गर्नै पर्ने मालसामान सामुद्रिक वा आन्तरिक जलमार्गबाट ढुवानी नभएको अवस्थामा मालसामान हराएमा, हानि नोक्सानी वा क्षति भएमा सो वापत तिर्नै पर्ने क्षतिपूर्तिको रकम प्रतिकिलो आठ दशमलव तीन तीन (८.३३) ए.एस.डी.आर. का दरले हुन आउने रकमभन्दा बढी हुने छैन ।

(२३) **प्रचलित कानूनबमोजिमको दायित्व :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि करार गरी ढुवानी गरिने मालसामानको सम्वन्धमा नेपाल राज्य पक्ष रहेको कुनै अन्तर्राष्ट्रिय सन्धि बमोजिम थप दायित्व सृजना हुने भएमा वा कुनै राष्ट्रिय कानूनको समेत परिपालना गर्नै पर्ने भएमा त्यस्तो सन्धित वा राष्ट्रिय कानून बमोजिम निर्धारण भएको दायित्वबाट समेत बहुविधिक ढुवानी संचालनकर्ता मुक्त हुने छैन ।

(२४) **दायित्वको सीमाको सुविधा नपाउने :** बहुविधिक ढुवानी करार बमोजिम ढुवानी गर्नै पर्ने मालसामान बहुविधिक ढुवानी संचालनकर्ता, निजको कर्मचारी वा निजको प्रतिनिधिले जानी जानी वा बदनियतपूर्ण हेलचेक्र्याइ गरेको कारणले हराएको, हानि नोक्सानी वा क्षति भएको वा हस्तान्तरण गर्न ढिलाई हुन गएको कुरा प्रमाणित भएमा यस ऐन बमोजिम बहुविधिक ढुवानी संचालनकर्ताले पाउने दायित्वको सीमासम्वन्धी कुनै पनि सुविधा पाउने छैन ।

## परिच्छेद -५

## विविध

(२५) **खतरापूर्ण मालसामानका सम्वन्धमा विशेष व्यवस्था :**

(१) प्रेषकले ढुवानीको लागि तोकिएको खतरापूर्ण मालसामान जिम्मा दिंदा निजले त्यस्ता मालसामानको प्रकृति र त्यस्ता मालसामान ढुावनी गर्दा अपनाउनु पर्ने पूर्व सावधानीका बारेमा बहुविधिक ढुवानी संचालनकर्ता वा निजको प्रतिनिधि वा निजका तर्फबाट काम गर्ने अन्य कुनै व्यक्तिलाई जानकारी गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका मालसामान जिम्मा दिंदा सम्भव भएसम्म मालसामान रहेको प्रत्येक प्याकिङ्गको बाहिरी भागमा सो सम्वन्धमा स्पष्ट विवरण उल्लेख गर्नैंपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रक्रिया पूरा नगरेको वा प्रेषक, निजको कर्मचारी वा निजको प्रतिनिधिले त्रुटी वा लापरवाहीका कारणले बहुविधिक ढुवानी संचालनकर्तालाई बहुविधिक ढुवानी करारबमोजिमका मालसामान ढुवानी गर्ने सम्वन्धमा हुन गएको हानि नोक्सानीको लागि प्रेषक स्वयं जिम्मेवार हुनेछ ।

(४) उपदफा (१) वा (२) बमोजिमको शर्त पूरा नगरेका अवस्थामा बहुविधिक ढुवानी संचालनकर्ता त्यस्ता मालसामान ढुवानी गर्न वाधय हुने छैन र त्यस्तो मालसामान कुनै पनि बखत कुनै पनि स्थानमा अनलोड गर्न, नष्ट गर्न वा कसैलाई दिन सक्नेछ ।

(५) उपदफा (१) बमोजिमको अवस्था थाहा पाउादा पाउादै बहुविधिक ढुवानी संचालनकर्ताले त्यस्ता मालसामान ढुवानी गरेमा त्यबसाट हुन सक्ने हानि नोक्सानीको सम्वन्धमा बहुविधिक ढुवानी संचालनकर्ता स्वयं जवाफदेही हुनेछ ।

(२६) **मालसामान सही रुपमा हस्तान्तरण गरेको मानिने :**

(१) बहुविधिक ढुवानी संचालनकर्ता, निजको कर्मचारी वा निजको अधिकार प्राप्त प्रतिनिधिबाट प्रापकले मालसामान बुझिलिएपछि प्रत्यक्ष रुपमा देखिने हानि नोक्सानीको सम्वन्धमा मालसामान बुझिलिएको मितिले दुई दिनभित्र बहुविधिक ढुवानी संचालनकर्ता, निजको कर्मचारी वा निजको प्रतिनिधिलाई लिखित सूचना नदिएमा बहुविधिक ढुवानीपत्रबमोजिमका मालसामान सही रुपमा हस्तान्तरण गरेको मानिनेछ ।

(२) बहुविधिक ढुवानी संचालनकर्ता, निजको कर्मचारी वा प्रतिनिधिबाट प्रापकले बुझिलिएका मालसामान तत्काल जाँचवुझ गर्न नसिकने मनासिव माफिकको आधार भएमा त्यस्ता मालसामानको हकमा त्यस्ता मालसामान बुझिलिएको मितिले तीन दिनभित्र प्रतिनिधिलाई उपदफा (१) बमोजिम सूचना नगरेमा बहुविधिक ढुवानीपत्र बमोजिम मालसामान सही रुपमा हस्तान्तरण भएका मानिनेछ ।

(२७) **सामान्य औसत कायम गर्न सक्ने :** यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बहुविधिक ढुवानी करार गर्दा सम्वन्धित पक्षहरुले सामानय औसत (जनरल एभरेज) को शर्त राख्न चाहेमा त्यस्तो शर्तको अधीनमा रही यस ऐन बमोजिमको दायित्व निर्धारण हुन सक्नेछ ।

(२८) **जरिवाना हुने :** दफा ३ को प्रतिकूल हुने गरी कसैले बहुविधिक ढुवानी सेवा संचालन गरेमा निजलाई विभागले दश हजार रुपैयाँदेखि एकलाख रुपैयाँसम्म जरिवना गर्न सक्नेछ ।

(२९) **हदम्याद :** यस ऐन बमोजिम भए गरेको कामको सम्वन्धमा उजूर गर्न चाहने व्यक्तिले देहायका

मितिबाट ६ महिनाभित्र उजूरी दिनु पर्नेछ :-

(क) मालसामान हस्तान्तरण गरेको मिति,

(ख) बहुविधिक ढुवानीपत्रबमोजिम मालसामान बुझाउनु पर्ने मिति,

(ग) मालसामान हराएकोमा दफा २० बमोजिम हराएको मानिने मिति ।

(३०) **मुद्दा दायर गर्ने क्षेत्राधिकार :** यस ऐन बमोजिम कुनै पक्षले मुद्दा चलाउन चाहेमा सम्वन्धित मुलुकको प्रचलित कानून बमोजिम क्षेत्राधिकार भएको देहायको कुनै अदालतमा मुद्दा दायर गर्न सक्नेछ :-

(क) प्रतिवादीको बसोबास भएको वा निजको मुख्य कारोवार भएको स्थानको अदालत,

(ख) बहुविधिक ढुवानी करार सम्पन्न भएको स्थानको अदालत, तर यस खण्डबमोजिमको स्थानमा क्षेत्राधिकार कायम हुनका लागि सो स्थानमा प्रतिवादीको व्यापारिक केन्द्र, शाखा वा आधिकारिक प्रतिनिधि रहेको र सो मार्फत बहुविधिक ढुवानी करार सम्पन्न हुनु पर्नेछ ।

(ग) बहुविधिक ढुवानी करारबमोजिम मालसामान बुझिलिएको वा हस्तान्तरण गर्ने स्थानको अदालत, वा

(घ) बहुविधिक ढुवानी करारबमोजिम मुद्दा दायर गर्ने सम्वन्धमा पक्षहरुले छुट्टै स्थान उल्लेख गरेको भए त्यस्तो स्थानको अदालत ।

(३१) नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य पूरा गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

## नून आपूर्ति सम्वन्धी व्यवस्था

खण्ड २७ संख्या ६ नेपाल राजपत्र भाग ५ मिति २०६४/२/७ को नेपाल राजपत्रमा प्रकाशित

नेपाल सरकार

### उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको

सूचना

नेपालभित्र हुने नूनको आपूर्तिलाई व्यवस्थित, नियन्त्रित तथा नियमित गर्न नेपाल सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ को उपदफा (१) र प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ को दफा ३० ले दिएको अधिकार प्रयोग गरी नेपालभर आयोडिनयुक्त नूनको आयात तथा बिक्री वितरणको व्यवस्था संवत २०६४ साल साउन १ गतेदेखि संवत् २०६९ साल आषाढ मसान्तसम्मको लागि साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडबाट गराउने निर्णय गरेको हुँदा यो आदेश जारी गरेको छ ।

## पेट्रोलियम पदार्थ आपूर्ति सम्वन्धी व्यवस्था

खण्ड ५२ २०५९ साल चैत्र १७ भाग ३ अतिरिक्तांक ८८(क) को नेपाल राजपत्रमा प्रकाशित

### उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

नेपाल सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खण्ड ५२, अतिरिक्ताङ्क ४७(ग) मिति २०५९/६/१७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको

सूचना वमोजिम नेपाल आयल निगम लिमिटेडलाई पेट्रोलियम पदार्थको आयात र नेपाल अधिराज्यभर आपूर्तिको व्यवस्था मिलाउन तोकिएको अवधि २०५९ साल चैत्र १६ गतेदेखि समाप्त भएकोले मिति २०५९ साल चैत्र १७ गतेदेखि अर्को व्यवस्था नभएसम्मको लागि पेट्रोलियम पदार्थको आयात, भण्डारण र बिक्री वितरणको कार्य गर्न साविकमा रहेको व्यवस्था बमोजिम नेपाल आयल निगम लिमिटेडलाई नै म्याद थप गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

## नेपाल राजपत्र, भाग ३ खण्ड ५५, अतिरिक्तांक १८(ग), मिति २०६२/२/२५ को सूचना

### नेपाल सरकार

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

नेपाल सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खण्ड ५२, अतिरिक्तांक ४७(ग) मिति २०५९/६/१७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबाट पेट्रोलियम पदार्थको आयात र नेपाल अधिराज्यभर आपूर्तिको व्यवस्था मिलाउन नेपाल आयल निगम लिमिटेडलाई तोकिएको र सो सूचनाबाट तोकिएको म्याद समाप्त भएपछि खण्ड ५२, अतिरिक्तांक ८८ (क) मिति २०५९/१२/१७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबाट अर्को व्यवस्था नभएसम्मका लागि म्याद थप भएकोमा सोही ऐनको सोही दफाले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले अव उप्रान्त देहायका विषयमा देहाय बमोजिम गर्ने गरी एल.पी. ग्यांसको आयात तथा नेपाल अधिराज्यभित्र आपूर्ति निजी क्षेत्रलाई खुल्ला गरेको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ :-

**(क) इजाजतपत्र सम्वन्धी व्यवस्था :**

१. एल.पी. ग्यासको आयात तथा आपूर्ति गर्न चाहने देहायको क्षमता भएको कम्पनीले इजाजतपत्रको लागि वाणिज्य विभागमा दर्खास्त दिनु पर्नेछ :-
   (क) कम्तीमा २०० मे.टन बराबरको भण्डारण क्षमता भएको,
   (ख) ग्यांस ढुवानीको लागि कम्पनीको आफ्नै स्वामित्वमा कम्तीमा ३ वटा बुलेट भएको वा कम्पनीले त्यस्तो बुलेट प्राप्त गर्ने गरी अरु कसैसँग लिखित संझौता भएको,
   (ग) प्रत्येक महिना कम्तीमा ५०० मे.टन रिफिल (Refill) गर्न सक्ने र रिफिलिङ्ग प्लाण्ट भएको ।

२. दफा १ बमोजिमको दरखास्तसाथ सोही दफाको खण्ड (ख) बमोजिम अरु व्यक्तिसँग बुलेट प्राप्त गर्ने गरी संझौता भएको भए त्यस्तो संझौता र जुन विदेशी कम्पनीबाट ग्यास आयात गरिने हो सो कम्पनीसँग भएको संझौता पेश गर्नै पर्नेछ ।

३. दफा १ बमोजिमको दर्खास्त साथ ग्यास विक्री गरिने स्थान र त्यसले ओगट्ने क्षेत्र तथा अनुमानित ग्राहक संख्या समेतको विवरण संलग्न गर्नै पर्नेछ ।

४. इजाजतपत्र प्राप्त कम्पनीले इजाजतपत्र प्राप्त गरेको एकवर्ष भित्रमा कम्तीमा ५०० मे.टन क्षमताको भण्डारण क्षमता तयार गर्नै पर्नेछ ।

५. इजाजतपत्र प्राप्त कम्पनी र सोको डिलरले नेपाल सरकारबाट निर्धारित सुरक्षा उपाय र आगलागी नियन्त्रणका लागि गर्नुँपर्ने आवश्यक व्यवस्था गर्नुँपर्नेछ ।

६. इजाजतपत्र प्राप्त कम्पनीले भण्डारण क्षमताको कम्तीमा २० प्रतिशत मौज्दात राख्नु पर्नेछ ।

**(ख) अनुगमन तथा गुणस्तर सम्वन्धी व्यवस्था :-**

(१) इजाजतपत्र प्राप्त कम्पनी र सोको डिलरले उपर्युक्त शर्त पालन गरे नगरेको तथा निर्धारित मापदण्ड अनुसार आयात तथा बिक्री वितरण गरे नगरेको विषयमा वाणिज्य विभागले अनुगमन तथा निरीक्षण गर्नुँ पर्नेछ ।

(२) गुणस्तर तथा नापतौल विभागले एल.पी. ग्यांसको आपूर्तिमा अपनाउनु पर्ने सुरक्षा व्यवस्था, गुणस्तरीयता, वितरण, नापतौल आदि समेतको विषयमा उपभोक्ता वर्गको हितलाई समेत दृष्टिगत गरी निर्देशिका बनाई कार्यान्वयन तथा सोको पालना भए नभएको विषयमा अनुगमन गर्नेछ ।

नेपाल सरकार

## उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

## वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग

एल.पी. ग्यांसको आयात तथा बिक्री वितरण कार्यको इजाजतपत्र
सम्वन्धी कार्यविधि

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खण्ड ५५ अतिरिक्तांक १८ (ग) मिति २०६२/२/२५ को नेपाल राजपत्र भाग ३ मा सूचना प्रकाशन गरी एल.पी. ग्यांसको आयात तथा नेपाल अधिराज्यभित्र आपूर्ति निजी क्षेत्रलाई खुला गरे बमोजिम सो को इजाजतपत्र लिने तथा बिक्री वितरण कार्यको अनुगमन सम्वन्धमा मिति २०६२/४/९ को निर्णय अनुसार देहाय बमोजिमको कार्यविधि लागू गरिएको छ ।

### कार्यविधि

**१. दर्खास्त सम्वन्धी व्यवस्था**

(क) नेपाल राजपत्र, भाग ३, खण्ड ५५, अतिरिक्तांक १८(ग), मिति २०६२।२।२५ मा प्रकाशित उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचनामा (यसपछि सूचना भनिएको) तोकिएको क्षमता भएको एल.पी. ग्यासको आयात तथा आपूर्ति गर्न चाहने कम्पनीले सोही सूचनामा तोकिए बमोजिमको विवरण तथा कागजात अतिरिक्त देहाय बमोजिमको कागजात संलग्न गरी अनुसूची १ बमोजिमको ढाँचामा वाणिज्य विभागमा (यसपछि विभाग भनिएको) दर्खास्त दिनु पर्नेछ

१. कम्पनी दर्ता प्रमाणपत्र, उद्योग दर्ता प्रमाणपत्र तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,

२. भण्डारण क्षमता पुष्टी हुने कागजात ।

(ख) खण्ड (क) बमोजिम परेको दर्खास्त उपर आवश्यक जाँचवुझ गरी विभागले दर्खास्त परेको १५ दिनभित्र अनुसूची २ बमोजिमको ढाँचामा इजाजत पत्र दिनु पर्नेछ ।

(ग) सूचनामा तोकिएको वा यस कार्यविधि बमोजिम तोकिएको क्षमता नभएको वा आवश्यक विवरण कागजात संलग्न नगरेको कारण कुनै कम्पनीले इजाजतपत्र प्राप्त गर्न नसक्ने भएमा विभागले कारण खुलाई खण्ड (ख) बमोमिजको म्यादभित्र दर्खास्तवालालाई जानकारी दिनु पर्नेछ ।

**२. इजाजतपत्रको अवधि तथा नवीकरण सम्वन्धी व्यवस्था :**

(क) दफा १ बमोजिम प्रदान गरिएको इजाजतपत्रको अवधि १ आर्थिक वर्षको लागि हुनेछ ।

(ख) खण्ड (क) बमोजिम अवधि समाप्त हुनुभन्दा ३५ दिन अगावै सम्वन्धित दर्खास्तवालाले नवीकरणको लागि विभाग समक्ष निवेदन दिनु पर्नेछ र यस खण्ड बमोजिम नवीकरणको लागि निवेदन नदिने दर्खास्त वालाको इजाजतपत्र स्वतः रद्द हुनेछ ।

**३. इजाजतपत्र प्राप्त कम्पनीले विवरण पेश गर्नुपर्ने :-** इजाजतपत्र प्राप्त कम्पनीले प्रत्येक महिना समाप्त भएको ७ दिनभित्र देहाय बमोजिमको विवरण विभागमा पेश गर्नँ पर्नेछ ।

(क) ग्यास आयातका लागि एल.सी. खोलेको विवरण,

(ख) पैठारी गरी ल्याएको ग्यासको परिमाण तथा सो सम्वन्धी कागजात,

(ग) बिक्री वितरण गरेको ग्यासको परिमाण,

(घ) ग्यास बिक्री गर्न नियुक्त डिलरको नाम तथा ठेगाना र बिक्रेताको संख्या,

(ङ) तत्काल प्रचलनमा रहेका सिलिण्डरको संख्या,

(च) गत महिनामा खरिद भएका लिलिण्डर संख्या,

(छ) प्रचलन बन्द गरिएका सिलिण्डर संख्या ।

**४. हाल आयात वा आपूर्ति गरिरहेका कम्पनीहरुको सम्वन्धमा :-** हाल एल.पी. ग्यांसको आयात वा आपूर्ति गरिरहेका कम्पनीहरुले २०६२ साल आश्विन मसान्तभित्र सूचना तथा यस कार्यविधि बमोजिम इजाजतपत्र लिनु पर्नेछ र सो अवधिभित्र इजाजतपत्र नलिएमा त्यस्ता फर्महरुले एल.पी. ग्यासको आयात, आपूर्ति वा बिक्री वितरण गर्न पाउने छैनन् ।

**५. इजाजतपत्र प्राप्त कम्पनीको मात्र डिलर वा बिक्रेता हुन पाउने :**

(क) एल.पी. ग्यांसको आयात इजाजतपत्र प्राप्त कम्पनीको तर्फबाट नियुक्त व्यक्तिले मात्र एल.पी. ग्यांसको डिलर वा बिक्रेताको हैसियतले एल.पी. ग्यांसको बिक्री वितरण गर्नँ पाउने छ ।

(ख) खण्ड (क) बमोजिम नियुक्त डिलर वा बिक्रेताले आफ्नो नियुक्तिपत्र एल.पी. ग्यांसको बिक्री वितरण गर्ने पसल वा स्थानमा सबैले देख्ने गरी राख्नु पर्नेछ ।

**६. सब डिलर नियुक्ति गर्न नहुने :** इजाजतपत्र प्राप्त कम्पनी वा सो को डिलर वा बिक्रेताले कुनै पनि रुपमा सबडिलर नियुक्त गरी आयात, आपूर्ति वा बिक्री वितरण गर्नँ हुँदैन र कुनै कम्पनीले त्यसरी सब डिलरको रुपमा एल.पी. ग्यांसको आयात, आपूर्ति वा बिक्री वितरण गरेमा प्रचलित कानून बमोजिम कारवाही तथा सजाय हुनेछ ।

**७. एउटा कम्पनीको सिलिण्डरमा अर्को कम्पनीको ग्यांस बिक्री वितरण गर्न नहुने :** एउटा एल.पी. ग्यांस कम्पनीले अर्को ग्यांस कम्पनीको सिलिण्डर भरी वा अर्को कम्पनीको सिलिण्डरमा आफ्नो कम्पनीको नाम राखी वा नराखी बिक्री वितरण गर्न हुँदैन ।

**८. प्रचलित कानून तथा निर्देशनको पालना गर्नुपर्ने :-** इजाजतपत्रवाला वा सो को डिलर वा बिक्रेताले एल.पी. ग्यांसको आयात, आपूर्ति वा बिक्री गर्ने सम्वन्धमा मूल्य, गुणस्तर, सुरक्षा तथा उपभोक्ताको हक हित सम्वन्धी प्रचलित कानून, सूचना बमोजिम गुणस्तर तथा नापतौल विभागले जारी गरेको निर्देशिका

तथा नेपाल सरकार वा विभागले दिएको निर्देशन पालना गर्नुँ पर्नेछ ।

९. **इजाजत पत्र रद्द हुने** : देहायको अवस्थामा विभागले इजाजतपत्र रद्द गर्नेछ :

(क) सूचनामा उल्लेख भए बमोजिमको भण्डारण क्षमता नभएमा वा तयार नगरेमा,

(ख) सूचना तथा कार्यविधिमा उल्लेखित शर्त पालन नगरेमा,

(ग) आफूले पेश गर्नुँ पर्ने विवरण समयमा पेश नगरेमा,

(घ) सूचना बमोजिम गुणस्तर तथा नापतौल विभागले तोकेको सुरक्षा प्रवन्ध तथा गुणस्तर निर्देशिका वा सो सम्वन्धमा जारी गरेको निर्देशनको पालन नगरेमा ।

# एल.पी. ग्यांसको आपूर्तिको इजाजतपत्र लिने दरखास्त फाराम

श्रीमान महानिर्देशकज्यू,
वाणिज्य विभाग,
बवरमहल, काठमाडौं ।

विषय :- एल.पी. ग्यांस आयात गर्ने इजाजत पाउँ ।

महोदय,

... ... ... ... ... ... कम्पनीको नामबाट तल लेखिए वमोजिमको स्थानहरुमा एल.पी. ग्यांसको आयात/आपूर्ति गर्न गराउन इच्छुक भएकोले सो को इजाजतपत्र पाउनको लागि देहायका कागजात तथा विवरण यसैसाथ संलग्न राखी रु. ५/- को टिकट टाँसी यो निवेदन पेश गरेको छु । पेश गरिएको व्यहोरा झुट्टा ठहरे कानून वमोजिम सहुंला वुझाउंला ।

१. कम्पनीको नाम, ठेगाना :-
२. ग्यांस आपूर्ति गरिने स्थान र सो ले ओगट्ने क्षेत्र :-
३. अनुमानित ग्राहक संख्या :-
४. कम्पनी/उद्योगको हालको ग्यांस भण्डारण क्षमता :-
५. भण्डार रहेको ठाउँ :-
६. इजाजतपत्र प्राप्त गरेको १ वर्ष पछि हुने भण्डारण क्षमता :-
७. प्रत्येक महिनाको रिफिलिङ गर्ने क्षमता :-
८. कम्पनी/उद्योगको सिलिण्डर संख्या :-
९. ग्यांस आपूर्ति गर्न सम्झौता भएको कम्पनीको नाम र ठेगाना :-
१०. आयात गरिने मुलुक :-
११. वुलेट संख्या :-

**संलग्न कागजातहरु :**

१. कम्पनी दर्ताको प्रमाणपत्र र प्रवन्ध पत्रको प्रतिलिपि
२. उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि
३. मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि
४. सिलिण्डर खरिद गरेको प्रमाणपत्रको प्रतिलिपि
५. ग्यांस खरीद गर्ने विदेशी कम्पनीसंग भएको करारनामा कागजको प्रतिलिपि
६. वुलेट प्राप्त गर्ने सम्झौता भए सो को प्रतिलिपि

निवेदक,

सही :
कम्पनी संचालकको नाम :
पद
कम्पनीको नाम, ठेगाना :
कम्पनीको छाप

इजाजतपत्र नं. :-

**एल.पी. ग्यांस आयात/आपूर्ति गर्ने इजाजतपत्र**

श्री ... ... ... ...
... ... ... ... ...

त्यस कम्पनीको तर्फबाट एल.पी. ग्यांस आयात/आपूर्ति गर्ने इजाजतपत्र पाउं भनि मिति ... ... मा यस विभागमा दिएको निवेदनको सम्वनधमा कारवाही हुँदादेहायका शर्तहरुको पालन गर्ने गराउने गरी एल.पी. ग्यांस आयात/आपूर्ति गर्न मिति ... ... ... को निर्णय अनुसार यो इजाजतपत्र प्रदान गरिएको छ ।

इजाजतपत्र दिने अधिकृतको

सही :
नाम :
पद:
मिति :

**(क) इजाजत पत्रको अवधि तथा नवीकरण सम्बन्धी व्यवस्था :**

(क) दफा १ वमोजिम प्रदान गरिएको इजाजतपत्रको अवधि १ आर्थिक वर्षको लागि हुनेछ ।

(ख) खण्ड (क) बमोजिम अवधि समाप्त हुनुभन्दा ३५ दिन अगावै सम्बन्धित दर्खास्तवालाले नवीकरणको लागि विभाग समक्ष निवेदन दिनु पर्नेछ र यस खण्ड बमोजिम नवीकरणको लागि निवेदन नदिने दर्खास्तवालाको इजाजतपत्र स्वतः रद्द हुनेछ ।

**(ख) एल.पी. ग्यांस कारोवार संचालन सम्वन्धी शर्तहरु :**

१. इजाजतपत्र प्राप्त कम्पनीले विवरण पेश गर्नु पर्ने : इजाजतपत्र प्राप्त कम्पनीले प्रत्येक महिना समाप्त भएको ७ दिनभित्र देहाय बमोजिमको विवरण विभागमा पेश गर्नु पर्नेछ :

(क) ग्यांस आयातका लागि एल.सी. खोलेको विवरण,
(ख) पैठारी गरी ल्याएको ग्यांसको परीमाण तथा सो सम्बन्धी कागजात,
(ग) बिक्री वितरण गरेको ग्यांसको परीमाण,
(घ) ग्यांस बिक्री गर्न नियुक्त डिलरको नाम तथा ठेगाना र विक्रेताको संख्या,
(ङ) तत्काल प्रचलनमा रहेका सिलिण्डरको संख्या,
(च) गत महिनामा खरिद भएका सिलिण्डर संख्या,
(छ) प्रचलन बन्द गरिएका सिलिण्डर संख्या ।

२. सव डिलर नियुक्ति गर्न नहुने : इजाजतपत्र प्राप्त कम्पनी वा सो को डिलर वा बिक्रेताले कुनै पनि रुपमा सवडिलर नियुक्त गरी आयात, आपूर्ति वा बिक्री वितरण गर्नु हुंदैन र कुनै कम्पनीले त्यसरी सब डिलरको रुपमा एल.पी. ग्यांसको आयात, आपूर्ति वा विक्री वितरण गरेमा प्रचलित

कानून वमोजिम कारवाही तथा सजाय हुनेछ ।

३. एउटा कम्पनीको सिलिण्डरमा अर्को कम्पनीको ग्यांस बिक्री वितरण गर्न नहुने : एउटा एल.पी. ग्यांस कम्पनीले अर्को ग्यांस कम्पनीको सिलिण्डर भरी वा अर्को कम्पनीको सिलिण्डर आफ्नो कम्पनीको नाम राखी वा नराखी विक्री वितरण गर्न हुंदैन ।

४. प्रचलित कानून तथा निर्देशनको पालना गर्नुपर्ने : इजाजतपत्रवाला वा सो को डिलर वा विक्रेताले एल.पी. ग्यांसको आयात, आपूर्ति वा विक्री वितरण गर्ने सम्बन्धमा मूल्य, गुणस्तर, सुरक्षा तथा उपभोक्ताको हक हित सम्बन्धी प्रचलित कानून, सूचना बमोजिम गुणस्तर तथा नापतौल विभागले जारी गिरेको निर्देशिका तथा नेपाल सरकार वा विभागले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

(ग) **इजाजतपत्र रद्द हुने अवस्था :** देहायको अवस्थामा विभागले इजाजतपत्र रद्द गर्नेछ :

(क) सूचनामा उल्लेख भए बमोजिमको भण्डारण क्षमता नभएमा वा तयार नगरेमा,

(ख) सूचना तथा कार्यविधिमा उल्लिखित शर्त पालन नगरेमा,

(ग) आफूले पेश गर्नु पर्ने विवरण समयमा पेश नगरेमा,

(घ) सूचना बमोजिम गुणस्तर तथा नापतौल विभागले तोकेको सुरक्षा प्रवन्ध तथा गुणस्तर निर्देशिका वा सो सम्बन्धमा जारी गरेको निर्देशनको पालन नगरेमा ।

# कोटा वितरण कार्य दिग्दर्शन - २०५९

## विषय सूची


१. पृष्ठभूमि
२. कोटा वितरणका सिद्धान्तहरु
   (क) वरावरीको आधार
   (ख) निकासीमा कार्यकुशलताको आधार
   (ग) उद्योगको स्वीकृत क्षमताको आधार
   (ङ) नवआगन्तुक उद्योगलाई दिईने परिमाण
३. कोटा वितरण गर्दा अवलम्वन गरिने शर्त तथा कार्यविधिहरु
४. कोटा वितरणको परिमाण विवरण
   (१) Vegetable Fats (Banaspati) तर्फ
   (२) Zinc Oxide तर्फ
   (३) Acrylic Yarn तर्फ
   (४) Copper Products तर्फ
५. वाणिज्य विभागमा निवेदन दिने र कोटा जारी गर्ने कार्यविधि
६. भंसार विभाग/भंसार कार्यालयले अवलम्वन गर्नैपर्ने कार्यविधि
७. नेपाल उद्योग वाणिज्य महासंघले पालन गर्नैपर्ने कुराहरु
८. नेपाल भारत उद्योग वाणिज्य संघको दायित्व
९. पासवुक एवं अभिलेख प्रणाली

अनुसूचीहरु :
१. नेपाल भारत वाणिज्य सन्धी अनुसारका कोटाका वस्तु निकासी गर्न भर्नुपर्ने दरखास्त फाराम ।
२. कोटा वितरण प्रमाणपत्र
३. पासवुकको नमूना ।

# कोटा वितरण सम्वन्धी कार्य

## १. पृष्ठभूमि :

नेपाल र भारतका वीचमा सन् १९९१ मा भएको वाणिज्य सन्धीको दोश्रो नविकरण मार्च २, २००२ मा भयो । यस नविकरणमा सन् १९९६ मा पहिलो पटक नविकरण भै कार्यान्वयनमा रहेको वाणिज्य सन्धीका प्रावधानहरु यथावत कायम गरी यस नविकरणबाट थप भएको सन्धीको प्रोटो कलको Article 'V' अनुसार नेपालबाट भारत निकासी हुने Vegetable Fats (Vanaspati), Acrylic Yarn, Copper Products Under Chapters 74 and Heading 85.44 of the H.S. Code / Zinc Oxide को कोटा निर्धारण गरिएको छ । यस सन्धीमा भएको नयाँ प्रावधानहरुको कार्यान्वयन गर्ने काममा नेपाल सरकारले एक प्राविधिक समिति गठन गरी सो प्राविधिक समितिबाट नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पेश भएको प्रतिवेदनका आधारमा नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय (मा. मन्त्रिस्तर) को मिति २०५८।१२।३० को निर्णयानुसार वाणिज्य विभागबाट कोटा वितरण गर्ने निर्णय भएको छ । यस निर्णय अनुसार कोटा वितरण गर्ने कार्यको सरलता, पारदर्शिता, कार्यगत एकरुपता र कामको गुणस्तरीयता कायम राख्न निम्न शिद्धान्त, शर्त तथा प्रकृयाहरु अपनाईने छ ।

## २. कोटा वितरणका सिद्धान्तहरु :

नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय (मा.मन्त्रिस्तरीय) मिति २०५८।१२।३० को निर्णयानुसार कोटा वितरण गर्न निम्नानुसारका सिद्धान्तहरु प्रतिपादित भएका छन् :

**(क) वरावरीको आधार (Principles of Equalization) :**

यस अन्तर्गत हाल उत्पादन गरी रहेका उद्योगहरुलाई कोटा परिमाणको निश्चित अंश वरावर रुपमा वाँडफाँड गरिन्छ । यसबाट सवै उद्योगलाई समव्यवहारको दर्जामा राखिएको छ ।

**(ख) निकासीमा कार्यकुशलताको आधार (Principles of Export Performances) :**

विगतमा उद्योगले निकासी गरेको कूल परिमाणको आधारमा बढी निकासी गरी कार्यकुशलतामा (Performances) वृद्धि गर्ने उद्योगलाई तुलनात्मक रुपमा बढी हिस्सा दिने गरी यस वर्गिकरण अन्तर्गत कोटाको परिमाण छुट्याईएको छ ।

**(ग) उद्योगको स्वीकृत क्षमताको आधार (Principles of Approved Capacity) :**

कोटा परिमाणको केही हिस्सा उद्योगको स्वीकृत क्षमताको आधारमा वितरण गर्ने गरी छुट्याईएको छ । यस अन्तर्गत वढी लगानी भएका र वढी क्षमता भएका उद्योगले तुलनात्मक रुपमा सो परिमाण भित्रको वढी हिस्सा र कम क्षमता भएका उद्योगले सोही अनुपातमा कम परिमाण प्राप्त गर्दछन् ।

**(घ) मूल्य अभिवृद्धिको सिद्धान्त (Principles of Value Addition ) :**

कोटा परिमाणको केही निश्चित प्रतिशत स्वदेशी कच्चा पदार्थको प्रयोग गरी वढी मुल्य अभिवृद्धि गर्ने उद्योगहरुलाई वितरण गर्ने गरी छुट्याइएको छ । यसबाट हाल कोटाकै वस्तु उत्पादन गरिरहेका उद्योगलाई थप मूल्य अभिवृद्धि गर्न प्रोत्साहन हुनेछ भने मूल्य अभिवृद्धिको हिसावले वरावरमा रहेका उद्योगलाई प्रतिस्पर्धी वनाउन समेत सहयोग पुऱ्याउने आशा गरिएको छ ।

**(ङ) नवआगन्तुक उद्योगलाई दिइने परिमाण (Quantity for New Entrants)**

कोटाको केही परिमाण भर्खरै खुलेका उद्योगहरुलाई वितरण गर्ने व्यवस्था मिलाइएको हुँदा यसबाट स्वस्थ प्रतिस्पर्धालाई वढावा मिल्ने अपेक्षा गरिएको छ ।

## ३. कोटा वितरण गर्दा अवलम्वन गरिने शर्त तथा कार्यविधिहरु :

नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय (मा. मन्त्रिस्तरीय) निर्णयानुसार कोटा वितरण गर्दा अवलम्वन गरिने शर्त तथा कार्यविधिहरु निम्नानुसार निर्धारण गरिएको छ :

१. कोटा वितरण गर्दा निम्नानुसारको आधारभूत आवश्यकता परिपूर्ति गर्ने उद्योगलाई मात्र यसको दायराभित्र समावेश गर्ने :–
   - नेपाल-भारत वाणिज्य सन्धिमा उल्लेख भएनुसार मूल्य अभिवृद्धि पुगेको ।
   - HS Code परिवर्तन हुने गरी उत्पादन भएको र अपर्याप्त प्रशोधन नभएको ।
   - उद्योग विभाग वा घरेलु तथा साना उद्योग विभागले तोके अनुसारको उत्पादन चरणहरु पूरा गरेको ।

२. कोटा प्राप्त उद्योगले नै निकासी गर्नुपर्ने । वितरित कोटा अर्को उद्योगले निकासी गर्ने गरी हस्तान्तरण नहुने (Non Transferable) व्यवस्था गर्ने ।

३. कोटा प्राप्त गर्ने उद्योग स्वयमले उत्पादन गर्नुपर्ने । अन्य कुनै उद्योगबाट उत्पादित माल वस्तु निकासी गर्न नपाइने । साथै कुनैपनि उद्योगले अर्को उद्योगलाई उत्पादन प्रक्रियामा आंशिक रुपमा समेत संलग्न गराउन नपाइने ।

४. कूल कोटालाइ ३/३ महिनामा विभक्त गरी प्रत्येक ३ महिनाको दरले कोटा वितरण गर्ने र यस सम्वन्धमा निम्नानुसार व्यवस्था लागू गर्ने :
   - यसरी त्रैमासिक रुपमा बिभाजन गर्दा ६ मार्च- ५ जूनलाई पहिलो, ६ जून - ५ सेप्टेम्वरलाई दोश्रो, ६ सेप्टेम्वर- ५ डिसेम्वरलाई तेश्रो र ६ डिसेम्वर- ५ मार्चलाई चौथो त्रैमासिक मान्ने ।
   - प्रत्येक त्रैमासिक भित्र पर्न आउने कोटा सम्वन्धित त्रैमासिकको अवधि प्रारम्भ भएपछि वितरण गर्ने ।
   - पहिलो त्रैमासिक को कोटा वितरण गर्दा अन्तरिम व्यवस्थाद्धारा प्रदान गरिएको कोटा उद्योगलाइ प्राप्त हुने कूल कोटा अन्तर्गतनै हिसाव मिलान गर्ने ।
   - कोटा वितरण यसै दिग्दर्शनको नं. ४ मा तोकिएको सूत्र अनुसार वितरण गर्ने

५ नेपाल सरकार वा कोटा वितरण गर्ने निकायले कुनैपनि वखत कोटा प्राप्त गर्ने उद्योगको निरीक्षण गर्न सक्नेछ । यसरी निरीक्षण गर्दा कुनै त्रुटी देखिएमा कोटा रद्द गर्ने वा कोटा नदिने लगायतका आवश्यक कारवाही गर्न सकिनेछ।

६. कुनैपनि उद्योगलाई निकासीको कोटा प्रदान गर्दा उद्योग विभाग वा घरेलु तथा साना उद्योग विभागद्वारा प्रमाणित उत्पादन क्षमता भन्दा बढी हुनेगरी उपलब्ध गराईने छैन ।

७. नयाँ उद्योगका लागि छुट्याईएको परिमाणबाट नयाँ उद्योहरुगले दामासाहीका दरले कोटा प्राप्त गर्दा हाल उत्पादन अवस्थामा रहेको न्यूनतम कोटा पाउने उद्योगको परिमाण भन्दा बढी हुने छैन ।

८. उद्योगले निकासी भएको परिमाणको विवरण सम्वन्धित निकायबाट प्रमाणिकरण गराई पेश गर्नुपर्ने छ ।

९. कोटा वितरण गर्दा कूल प्राप्त हुने कोटाको संख्या दशमलवमा आउने भए दशमलव पछिको अंकलाई नजिकको पूर्णाङ्क (Round Figure) मा लगिनेछ ।

१०. यसै दिग्दर्शनको नं. ४ मा तोकिएको सूत्र अनुसार कोटा वितरण गर्दा कुनै किसिमले कोटा

वांकि हुन आएमा कोटा उपयोग नगर्ने उद्योग वाहेक अरु उद्योगहरुलाई सोही कोटा वितरणको सूत्र अनुसार वितरण गरिनेछ ।

११. नवआगन्तुक उद्योगको वर्गिकरण भित्र कोटा वितरण हुने मिति अगावै नेपाल सरकारको सम्वन्धित निकायमा विधिवत दर्ता भै परीक्षण उत्पादन समेत गरेको तथा यसै दिग्दर्शनको नं. ४ मा उल्लेख भए अनुसार हाल चालु अवस्थामा रहेका उद्योगहरु वाहेकका उद्योगलाई समावेश हुने छन् ।

१२. चालु वर्षका नवआगन्तुक उद्योगहरु (New Entrants) आगामी वर्षको लागि चालू उद्योगको श्रेणी (Category) मा सारिने छन् । नवआगन्तुक उद्योगको लागि आगामी वर्षमा समेत परिमाण कायम राखी चालू वर्षमा कोटा वितरण भैसके पछि उद्योग दर्ता गरी सञ्चालनमा ल्याइने उद्योगलाई पहिलो चरणमा नवआगन्तुकको श्रेणीमा र अर्को वर्ष चालु उद्योगको श्रेणीमा राख्दै कोटा परिमाणमा सहभागी गराउंदै लैजाने नीति अवलम्वन हुनेछ ।

१३. कोटा वितरणको अभिलेख वैज्ञानिक ढंगले राख्न कम्प्यूटराईज्ड सिस्टम अलवम्वन गर्नुपर्ने छ । यसको अलावा प्रत्येक उद्योगको छुट्टा छुट्टै विवरण स्पष्ट हुनका लागि पासवुक अवलम्वन गर्नुपर्ने छ । यस्तो पासबुकको मुद्रण गर्ने तथा जारी गर्ने लगायत स्वीकृत मापदण्ड भित्र रही परिमाण निश्चित गर्ने काम नेपाल उद्योग वाणिज्य महासंघ र भंसार विभाग सित समन्वय गरी नेपाल-भारत उद्योग वाणिज्य संघले गर्ने । उक्त संघको सिफारिशमा वाणिज्य विभागले कोटा वितरण गर्ने छ ।

## ४. कोटा वितरण परिमाण विवरण :

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय (मा. मन्त्रीस्तरीय) मिति २०५८।१२।३० को निर्णयानुसार माथि वुंदा २ मा उल्लेखित कोटा वितरणका सिद्धान्तहरुका आधारमा निम्नानुसार कोटा वितरण परिमाण निर्धारण गरिएको छ :

(१) **Vegetable Fats (Vanaspati) तर्फ :**

(क) कूल वार्षिक कोटा १,००,००० मे.टन को ४% ले हुने ४,००० मे.टन नवआगन्तुक उद्योगका लागि छुट्याउने र अर्को ४% अर्थात अर्को ४,००० मे.टन वढि मूल्य अभिवृद्धि गर्ने उद्योगहरुलाई छुट्याउने ।

(ख) माथि (क) वमोजिम ८% छुट्याई वांकी रहने ९२% अर्थात ९२,००० मे.टन लाई पूरा परिमाण मानी सो परिमाणलाई माथी बुंदा नं. २ मा उल्लेखित शिद्धान्त अनुसार कोटा वितरण गर्ने व्यवस्था मिलाउने ।

(२) **Zinc Oxide तर्फ :**

(क) कूल वार्षिक कोटा २५०० मे.टन को ८% ले हुने २०० मे.टन नवआगन्तुक उद्योगहरुका लागि (१०० टन) र थप मूल्य अभिवृद्धि गर्ने उद्योगहरुलाई (१०० टन) गरी छुट्याउने ।

(ख) माथि (क) वमोजिम ८% छुट्याई वांकी रहने ९२% अर्थात २३०० मे.टन लाइ पूरा परिमाण मानी सो परिमाणलाई माथी बुंदा नं. २ मा उल्लेखित शिद्धान्त अनुसार कोटा वितरण गर्ने व्यवस्था मिलाउने ।

(३) **Acrylic Yarn तर्फ :**

(क) कूल वार्षिक कोटा १०,००० मे.टन को ८% ले हुने ८०० मे.टन नवआगन्तुक उद्योगहरुलाई ४०० मे.टन र थप मूल्य अभिवृद्धि गर्ने उद्योगहरुलाई ४०० मे.टन गरी

छुट्याउने ।

(ख) माथि (क) वमोजिम ८% छुट्याई वांकी रहने ९२% अर्थात ९२०० मे.टन लाई पूरा परिमाण मानी सो परिमाणलाई माथी बुंदा नं. २ मा उल्लेखित शिद्धान्त अनुसार कोटा वितरण गर्ने व्यवस्था मिलाउने ।

(४) **Copper Products तर्फ :**

(क) कूल वार्षिक कोटा १०,००० मे.टन को ८% ले हुने ८०० मे.टन नवआगन्तुक उद्योगहरुलाई ४०० मे.टन र थप मूल्य अभिवृद्धि गर्ने उद्योगहरुलाई ४०० मे.टन गरी छुट्याउने ।

(ख) माथि (क) वमोजिम ८% छुट्याई वांकी रहने ९२% अर्थात ९२०० मे.टन लाई पूरा परिमाण मानी सो परिमाणलाई माथी बुंदा नं. २ मा उल्लेखित शिद्धान्त अनुसार कोटा वितरण गर्ने व्यवस्था मिलाउने ।

**५. वाणिज्य विभागमा निवेदन दिने र कोटा वितरण गर्ने कार्यविधि**

कोटा प्राप्त गर्न निवेदन साथ वाणिज्य विभागमा निम्नानुसारका कागजात र दस्तुर वुझाउनु पर्नेछ :–

(क) निवेदन (अनुसूची १ अनुसारको)

(ख) नेपाल-भारत उद्योग वाणिज्य संघको कोटाको परिमाण समेत खुलेको सिफारिश ।

(ग) सक्कलै कोटा वितरण पासवुक ।

(घ) दरखास्त दस्तुर रु. १०० (एकसय) लाग्नेछ ।

माथि उल्लेखित कागजात विभागमा पेश भएपछि वाणिज्य विभागले कोटा वितरण प्रमाणपत्र (अनुसूची-२) जारी गर्नेको अलावा पासवुक (अनुसूची ३) मा कोटाको परिमाण समेत जनाई कोटा जारी गरि दिनेछ ।

**६. भन्सार विभाग/भन्सार कार्यालयले अवलम्वन गर्नुपर्ने कार्यविधि :**

नेपाल भारत वाणिज्य सन्धीमा रहेको प्रावधान वमोजिम कोटामा परेका वस्तुहरुको निकासीमा भन्सार विभाग/भन्सार कार्यालयले निम्नानुसारको कार्यविधि अवलम्वन गर्नुपर्ने छ :

**(क) कोटाका वस्तु निकासी हुने नाकाहरु निम्नानुसार हुनेछन् :**

- काकडभित्ता
- विराटनगर
- वीरगन्ज
- भैरहवा
- नेपालगन्ज
- धनगढी

(ख) कोटा अन्तर्गत निकासी भएका वस्तुहरुको प्रत्येक भन्सार कार्यालयमा रेकर्ड राख्नु पर्नेछ र प्रत्येक महिना कोटा अन्तर्गत निकासी भएको रेकर्ड भन्सार विभागमा पठाउनु पर्नेछ । यसरी प्राप्त विवरण भन्सार विभागले एकीकृत गरी वाणिज्य विभागमा पठाउने छ ।

(ग) वाणिज्य विभागबाट जारी हुने कोटा वितरण प्रमाणपत्रको वोधार्थ वाणिज्य विभागले सम्वन्धित निकायलाई उपलब्ध गराउने छ ।

(घ) कोटाको लागि जारी भएको पासवुकमा तोकिएको स्थानमा भन्सार कार्यालयले निकासी भएको परिमाण जनाई दिनु पर्नेछ ।

(ङ) समय-समयमा नेपाल सरकारले तोकेका अन्य कामहरु गर्ने गराउने छ ।

**७. नेपाल उद्योग वाणिज्य महासंघले पालन गर्नुपर्ने कुराहरु :**

नेपाल भारत वाणिज्य सन्धीका प्राावधान वमोजिम उत्पत्तीको प्रमाणपत्र जारी गर्ने नेपाल उद्योग वाणिज्य महासंघले कोटा वितरण र व्यवस्थापनका सन्दर्भमा निम्न लिखित कुराहरु पालना गर्नुपर्ने छ :

(क) कोटा वितरण गर्दा निम्नानुसारको आधारभूत आवश्यकता परिपूर्ति गर्ने उद्योगलाई मात्र यस्को दायरामा समावेश गराउनु पर्नेछ :

- नेपाल भारत वाणिज्य सन्धीमा उल्लेख भए अनुसार मूल्य अभिवृद्धि पुगेको ।
- HS Code परिवर्तन हुने गरी उत्पादन भएको र अपर्याप्त प्रशोधन नभएको ।
- उद्योग विभाग वा घरेलु तथा साना उद्योग विभागले तोके अनुसार उत्पादन चरणहरु पूरा गरेको ।

(ख) माथि (क) मा उल्लेख भएका कुराहरुको सम्वन्धमा आवश्यक सूचनाको प्रवाह सम्वन्धित निकायलाई महासंघले गर्ने गराउने छ ।

**८. नेपाल भारत उद्योग वाणिज्य संघको दायित्व :**

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (मा. मन्त्रिस्तरीय) निर्णयानुसार कोटा वितरणको अभिलेख वैज्ञानिक ढंगले राख्न कम्प्यूटराईज्ड सिष्टम अवलम्वन गर्नुपर्नेछ । यस्को अलावा प्रत्येक उद्योगको छुट्टा-छुट्टै विवरण स्पष्ट हुनका लागि पासवुक अवलम्वन गर्नुपर्ने छ । यस्तो पासवुकको मुद्रण गर्ने तथा जारी गर्ने लगायत स्वीकृत मापदण्ड भित्र रही परिमाण निश्चित गर्ने काम नेपाल उद्योग वाणिज्य महासंघ र भन्सार विभाग सित समन्वय गरी नेपाल भारत उद्योग वाणिज्य संघले गर्नेछ । यस सन्दर्भमा उक्त संघले निम्न दायित्व निर्वाह गर्नुपर्ने छ :

(क) कोटाभित्र परेका वस्तुहरु उत्पादन गर्ने उद्योगहरुसंग विवरण संकलन गर्ने । कोटा वितरण सम्वन्धमा सूचित गर्ने ।

(ख) स्वीकृत मापदण्डभित्र रही कोटाको परिमाण प्रत्येक उद्योग पिच्छे निश्चित गर्ने ।

(ग) वुंदा नं. (ख) अनुसार निर्धारित परिमाणमा नवढ्ने गरी तोकिएको कार्यविधि अनुसार वाणिज्य विभागमा कोटा प्राप्त गर्न पासवुक जारी गरी सिफारिश साथ पठाउने ।

(घ) वितरित कोटाको वैज्ञानिक ढंगले अभिलेख राख्ने । यस्को विवरण प्रत्येक महिनाको दुरुस्त तयार गरी वाणिज्य विभागमा पठाउने ।

(ङ) समय-समयमा निर्देशित सिद्धान्त, कार्यविधि एवं मापदण्ड आदिका अधिनमा रही काम गर्ने ।

(च) नेपाल भारत उद्योग वाणिज्य संघका तर्फबाट कोटा सिफारिश गर्ने आधिकारिक पदाधिकारीहरु (authorised signatures) को नमूना वाणिज्य विभागमा पठाउने ।

(छ) कोटा वितरण कार्यमा कुनै द्विविधा भएमा वा यस दिग्दर्शनमा स्पष्ट नभएको केश आएमा वाणिज्य विभागबाट निर्देशित भए अनुसार गर्ने गराउने ।

९. पासवुक एवं अभिलेख प्रणाली :

(क) नेपाल भारत उद्योग वाणिज्य संघ (NICCI) ले कोटा वितरण गर्ने पासवुक मुद्रण गर्ने तथा जारी गर्ने काम गर्ने छ ।

(ख) पासवुकको नमूना अनुसूची-३ अनुसारको हुनेछ ।

(ग) यस्तो पासवुक ३ प्रति जारी गरिनेछ । तीन प्रति मध्ये एक प्रति उद्योगले प्राप्त गर्नेछ भने एक/एक प्रति नेपाल भारत उद्योग वाणिज्य संघ र वाणिज्य विभागमा अभिलेखका लागि रहनेछ

(घ) कोटा वितरणको वैज्ञानिक अभिलेख प्रणाली नेपाल भारत उद्योग वाणिज्य संघले भन्सार विभाग र नेपाल उद्योग वाणिज्य महासंघसंग समन्वय गरी कम्प्यूराईज्ड गर्नेछ ।

(ङ) कम्प्यूटराईज्ड पद्धति पूर्णतः कार्यान्वयनमा नआउन्जेल सम्म प्रत्येक उद्योगको स्पष्ट विवरण झल्किने गरी उक्त संघले अभिलेख खडा गर्नेछ ।

(च) वाणिज्य विभागमा पनि वितरित कोटाको विवरण अभिलेखवद्ध गरिनेछ ।

(छ) नेपाल भारत उद्योग वाणिज्य संघले वाणिज्य विभागमा रहेको रेकर्डसंग प्रत्येक महिना आफ्नो रेकर्ड भिडान गरी संघबाट सिफारिश गरिएको र खूद वितरण भएको कोटाको अद्यावधिक अभिलेख दुरुस्त तुल्याई राख्नु पर्नेछ ।

(ज) कुनै कारणवश नेपाल भारत उद्योग वाणिज्य संघबाट प्राप्त सिफारिश भन्दा बढी वा घटि कोटा वितरण भएको खण्डमा सो को जानकारी वाणिज्य विभागले उक्त संघलाई यथाशीघ्र उपलब्ध गराउने छ ।

(झ) दोहोरो रेकर्ड प्रणालीका लागि नेपाल भारत उद्योग वाणिज्य संघले कम्प्यूटराइज्ड पद्धतिको अलावा रजिष्टर समेत खडा गरी अभिलेख राख्नेछ ।

(ञ) कोटा सम्वन्धी अन्य आवश्यक विवरण एवं सूचनाहरु सम्वन्धित सबै सरकारी र निजी क्षेत्रमा रहेका निकायहरुसँग समन्वय गरी संकलन गर्ने, अद्यावधिक गर्ने कार्य नेपाल भारत उद्योग वाणिज्य संघले गर्नेछ ।

**द्रष्टव्य :**

उपरोक्त मार्गदर्शनका अधिनमा रही सालवसाली रुपमा कोटा बितरण प्रक्रियाबारे समिक्षा गरी समायानुकुल परिमार्जन गर्न सकिने छ ।

अनुसूची - ३

## नेपाल-भारत वाणिज्य सन्धी अनुसार भारत निकासी हुने कोटाका वस्तुहरुको कोटा वितरण विवरण

(आ.व...........)

| सि.नं. | इजाजतपत्र जारी नं. | मिति | उद्योगको नाम र ठेगाना | निकासी कोटा वस्तुको नाम | परिमाण | मूल्य | कोटा वितरण अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

अनुसूची - १

## नेपाल-भारत वाणिज्य सन्धी अनुसारका कोटाका वस्तु निकासी गर्न भर्नुपर्ने
## दरखास्त फाराम

मिति :

श्री महानिर्देशकज्यू,
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,
वाणिज्य विभाग ।

१. निकासीकर्ता उद्योगको नाम र ठेगाना :- ... ... ... ...
उद्योगको दर्ता नं. :-
२. उद्योगपतिको नाम र ठेगाना :- ... ... ...
३. निकासी गर्न कोटाको वस्तुको विवरण :

| | वस्तुको नाम | | | | परिमाण | | | मूल्य | |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | ... | ... | ... | ... | ... | ... | ... | ... | ..... |
| २. | ... | ... | ... | | ... | ... | ... | ... | ..... |
| ३. | ... | ... | ... | | ... | ... | ... | ... | ..... |
| ४. | ... | ... | ... | | ... | ... | ... | ... | ...... |
| ५. | ... | ... | ... | | ... | ... | ... | . . | . |
| ..... | | | | | | | | | |

४. निकासी गरिने भन्सारको नाम :
५. उद्योगलाई सिफारिस प्राप्त वार्षिक कोटा परिमाण :
६. हाल निकासी गर्ने कोटा परिमाण :
७. हाल निकासी गरी वांकी हुन आउने कोटा परिमाण :
८. कोटा प्राप्त गर्ने अवधि (पहिलो, दोश्रो, तेश्रो, चौथो तीन महिना वा अन्य अवधि) :
९. यस अघि निकासी गरेको भए सोको विवरण :
१०. दरखास्तवालाले दस्तखत गर्न पाउने गरी अधिकारिक व्यक्तिलाई उद्योगले लेखिएको अधिकार पत्रको संख्या .... .... मिति : ... ...
११. अन्य आवश्यक विवरण :

म/हामी कवुलियत गर्दछु/गर्दछौं कि माथि उल्लिखित कुराहरु आफूले जानेसम्म साँचो र ठीक छन् । यसमा दिएको विवरण झुट्ठा अथवा बेठीक ठहरेमा मेरो/हाम्रो नाउँमा वितरण गरिएको कोटा वदर गरिएमा मलाई/हामीलाई मञ्जूर छ । उपरोक्त कवुलियतको समर्थनको निमित्त इजाजतपत्र दिने अधिकारीले मागेको कागजपत्रहरु दिन म/हामी तयार छु/छौं ।

यो इजाजतपत्रबाट निकासी भएको माल वस्तुको भुक्तानी बैंक मार्फत हुनेछ। मैले/हामीले यस कार्यालयलाई वुझाउनु पर्ने कुनै रकम बाँकी छैन ।

दरखास्तवालाको सहीछाप

अनुसूची - २

नेपाल सरकार

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग

बवरमहल, काठमाडौं

प.सं. :- मिति :- .....

च.नं. :-

विषय :- भारत निकासीको कोटा वितरण प्रमाणपत्र ।

१ उद्योगको नाम :-

२. वस्तुको नाम :-

३. उद्योगलाई वार्षिक प्राप्त कोटा परिमाण :-

४. हाल निकासीको लागि वितरित कोटा परिमाण :-

५. कोटाको वस्तु निकासी हुने भन्सार नाका :-

६. वितरित कोटाको अवधि : -

माथि उल्लेखित विवरणको कोटा वस्तु भारत निकासीको लागि यो कोटा प्रमाणपत्र (Certificate of Quota) जारी गरिएको छ ।

..................

अधिकृतको दस्तखत

बोधार्थ :

श्री भन्सार विभाग, त्रिपुरेश्वर ।

श्री उद्योग विभाग/श्री घरेलु तथा साना उद्योग विभाग, त्रिपुरेश्वर ।

श्री नेपाल उद्योग वाणिज्य महासंघ, टेकू ।

श्री नेपाल-भारत उद्योग वाणिज्य संघ, काठमाडौं ।

श्री भन्सार कार्यालय, ............ ।

अनुसूची - ३

# नेपाल-भारत वाणिज्य सन्धी अनुसार भारत निकासी हुने कोटाका वस्तुहरुको

# कोटा वितरण पासवुक

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
**वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग**
काठमाडौं, नेपाल

<table>
<tr><td colspan="2">पासबुक जारी गर्नेको</td></tr>
<tr><td>दस्तखत</td><td>छाप</td></tr>
<tr><td colspan="2"><u>संस्थाको नाम र ठेगाना</u> :<br><br>नेपाल-भारत उद्योग वाणिज्य संघ<br>काठमाडौं ।</td></tr>
</table>

<table>
<tr><td colspan="2">पासबुक प्रमाणित गर्नेको</td></tr>
<tr><td>दस्तखत :<br><br>...................</td><td>छाप</td></tr>
<tr><td colspan="2"><u>कार्यालयको नाम र ठेगाना</u><br>नेपाल सरकार<br>उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>वाणिज्य ताथ आपूर्ति व्यवस्थापन विभाग,<br>बवरमहल, काठमाडौं</td></tr>
</table>

## कोटा प्राप्तिको विवरण

१. कोटा वर्ष : -

२. कोटाको वस्तुको नाम :-

३. वार्षिक प्राप्त हुन कोटाको विवरण :-

(क) वरावरीको आधारमा प्राप्त हुने परिमाण -
(ख) निकासी कार्यकुशलताको आधारमा प्राप्त हुने परिमाण -
(ग) उद्योगको स्वीकृत क्षमताको आधारमा प्राप्त हुने परिमाण -
(घ) मूल्य अभिवृद्धिको तुलनात्मक क्षमतामा प्राप्त हुने परिमाण -
(ङ) अन्य ( ............... का आधारमा प्राप्त हुने परिमाण ) -

कूल वार्षिक परिमाण :-................................

४. विषेश टिप्पणी (केही भ):-

## उद्योग परिचय

| | |
|---|---|
| उद्योग नाम | |
| ठेगाना | |
| फोन नं. | |
| फ्याक्स नं. | |
| संचालकको नाम | |
| रजिष्ट्रेशन नं. र मिति | |
| रजिष्ट्रेशन गर्ने निकाय | |
| स्थायी लेखा नम्वर | |
| भ्याट दर्ता नं. | |
| अधिकृत पूंजी | |
| जारी पूँजी | |
| चुक्ता पूँजी | |
| स्वीकृत क्षमता | |
| स्वकिृत स्थिर सम्पत्ती | |
| रोजगारी संख्या | |
| मुख्य उत्पादन | |
| मुख्य कच्चा पदार्थ | |
| इनपुट आउटपुट रेसियो (स्वीकृत) | |

## कोटाको विवरण

<table>
<tr><td colspan="6">नेपाल-भारत उद्योग वाणिज्य संघको सिफारिश</td></tr>
<tr><td rowspan="2">सि.नं.</td><td rowspan="2">कोटा सिफारिशको अवधि (पहिलो, दोश्रो, तेश्रो, चौथो तीन महिना वा कुन अवधिको कोटा सिफारिश भएको हो सो अवधि खुलाउने)</td><td colspan="3">कोटा परिमाण</td><td rowspan="2">अधिकारिक दस्तखत र छाप</td></tr>
<tr><td>कूल वार्षिक कोटा परिमाण</td><td>यो पटकको सिफारिश परिमाण</td><td>अव वांकी हुन आउने कूल कोटाको परिमाण</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

## (कोटा सिफारिश, जारी र निकासी विवरण)

| वाणिज्य विभागबाट कोटा जारी भएको विवरण | | | | भन्सार कार्यालयबाट निकासी भएको प्रमाणिकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कोटा जारी भएको अवधि | कोटा मान्य हुने अवधि | जारी भएको कोटाको परिमाण | कोटा जारी गर्नेको दस्तखत र छाप | निकासी भएको परिमाण | निकासी भएको वस्तुको H.S. | प्रज्ञापन पत्र नं. (निकासी भएको) | निकासी प्रमाणित गर्नेको दस्तखत र छाप | कैफियत |
| | | | | | | | | |

## कोटा प्राप्त गर्ने उद्योगले अवलम्वन गर्नुपर्ने शर्त तथा कार्यविधिहरु

१. कोटा प्राप्त गर्ने उद्योगले निम्नानुसारको आधारभूत आवश्यकता परिपूर्ति गर्नु पर्नेछ ।
   (क) नेपाल-भारत वाणिज्य सन्धिमा उल्लेख भएनुसार मूल्य अभिवृद्धि पुगेको
   (ख) HS Code परिवर्तन हुने गरी उत्पादन भएको अर्थात अपर्याप्त प्रशोधन नभएको ।
   (ग) उद्योग विभाग वा घरेलु तथा साना उद्योग विभागले तोके अनुसारको उत्पादन चरणहरु पूरा गरेको ।

२. कोटा प्राप्त उद्योगले नै निकासी गर्नुपर्ने । वितरित कोटा अर्को उद्योगले निकासी गर्ने गरी हस्तान्तरण नहुने (Non Transferable) ।

३. कोटा प्राप्त गर्ने उद्योग स्वयमले उत्पादन गर्नुपर्ने । अन्य कुनै उद्योगबाट उत्पादित माल वस्तु निकासी गर्न नपाइने । साथै कुनैपनि उद्योगले अर्को उद्योगलाई उत्पादन प्रक्रियामा आंशिक रुपमा समेत संलग्न गराउन नपाइने ।

४. कूल कोटालाइ ३/३ महिनामा विभक्त गरी प्रत्येक ३ महिनाको दरले कोटा वितरण गर्ने र यस सम्वन्धमा निम्नानुसार व्यवस्था लागू गर्ने :
   (क) यसरी त्रैमासिक रुपमा बिभाजन गर्दा ६ मार्च- ५ जूनलाई पहिलो, ६ जून - ५ सेप्टेम्वरलाई दोश्रो, ६ सेप्टेम्वर - ५ डिसेम्वरलाई तेश्रो र ६ डिसेम्वर- ५ मार्चलाई चौथो त्रैमासिक मान्ने ।
   (ख) प्रत्येक त्रैमासिक भित्र पर्न आउने कोटा सम्वन्धित त्रैमासिकको अवधि प्रारम्भ भएपछि वितरण गर्ने ।
   (ग) पहिलो त्रैमासिक को कोटा वितरण गर्दा अन्तरिम व्यवस्थाद्धारा प्रदान गरिएको कोटा उद्योगलाइ प्राप्त हुने कूल कोटा अन्तर्गतनै हिसाव मिलान गर्ने ।
   (घ) कोटा वितरण यसै दिग्दर्शनको नं. ४ मा तोकिएको सूत्र अनुसार वितरण गर्ने

५. नेपाल सरकार वा कोटा वितरण गर्ने निकायले कुनैपनि वखत कोटा प्राप्त गर्ने उद्योगको निरीक्षण गर्न सक्नेछ । यसरी निरीक्षण गर्दा कुनै त्रुटी देखिएमा कोटा रद्द गर्ने वा कोटा नदिने लगायतका आवश्यक कारवाही गर्न सकिनेछ ।

६. कुनैपनि उद्योगलाई निकासीको कोटा प्रदान गर्दा उद्योग विभाग वा घरेलु तथा साना उद्योग विभागद्वारा प्रमाणित उत्पादन क्षमता भन्दा बढी हुनेगरी उपलब्ध गराईने छैन ।

७. नयाँ उद्योगका लागि छुट्याईएको परिमाणबाट नयाँ उद्योहरुगले दामासाहीका दरले कोटा प्राप्त गर्दा हाल उत्पादन अवस्थामा रहेको न्यूनतम कोटा पाउने उद्योगको परिमाण भन्दा बढी हुने छैन ।

८. उद्योगले निकासी भएको परिमाणको विवरण सम्वन्धित निकायबाट प्रमाणिकरण गराई पेश गर्नुपर्ने छ ।

९. कोटा वितरण गर्दा कूल प्राप्त हुने कोटाको संख्या दशमलवमा आउने भए दशमलव पछिको अंकलाई नजिकको पूर्णाङ्क (Round Figure) मा लगिनेछ ।

१०. यसै दिग्दर्शनको नं. ४ मा तोकिएको सूत्र अनुसार कोटा वितरण गर्दा कुनै किसिमले कोटा वांकि हुन आएमा कोटा उपयोग नगर्ने उद्योग वाहेक अरु उद्योगहरुलाई सोही कोटा वितरणको सूत्र अनुसार वितरण गरिनेछ ।

११. नवआगन्तुक उद्योगको वर्गिकरण भित्र कोटा वितरण हुने मिति अगावै नेपाल सरकारको सम्वन्धित

निकायमा विधिवत दर्ता भै परीक्षण उत्पादन समेत गरेको तथा यसै दिग्दर्शनको नं. ४ मा उल्लेख भए अनुसार हाल चालु अवस्थामा रहेका उद्योगहरु वाहेकका उद्योगलाई समावेश हुने छन् ।

१२. चालु वर्षका नवआगन्तुक उद्योगहरु (New Entrants) आगामी वर्षको लागि चालू उद्योगको श्रेणी (Category) मा सारिने छन् । नवआगन्तुक उद्योगको लागि आगामी वर्षमा समेत परिमाण कायम राखी चालू वर्षमा कोटा वितरण भैसके पछि उद्योग दर्ता गरी सञ्चालनमा ल्याइने उद्योगलाई पहिलो चरणमा नवआगन्तुकको श्रेणीमा र अर्को वर्ष चालु उद्योगको श्रेणीमा राख्दै कोटा परिमाणमा सहभागी गराउंदै लैजाने नीति अवलम्वन हुनेछ ।

१३. कोटा वितरणको अभिलेख वैज्ञानिक ढंगले राख्न कम्प्यूटराईज्ड सिस्टम अलवम्वन गर्नुपर्ने छ । यसको अलावा प्रत्येक उद्योगको छुट्टा छुट्टै विवरण स्पष्ट हुनका लागि पासवुक अवलम्वन गर्नुपर्ने छ । यस्तो पासबुकको मुद्रण गर्ने तथा जारी गर्ने लगायत स्वीकृत मापदण्ड भित्र रही परिमाण निश्चित गर्ने काम नेपाल उद्योग वाणिज्य महासंघ र भंसार विभाग सँत समन्वय गरी नेपाल-भारत उद्योग वाणिज्य संघले गर्ने । उक्त संघको सिफारिशमा वाणिज्य विभागले कोटा वितरण गर्ने छ ।

# नेपालबाट तेश्रो मुलुकमा नेपाली उत्पादन निकासी गर्ने विदेशी नागरिकलाई प्रदान गरिने भिसा सिफारिश कार्य दिग्दर्शन

## २०५९ (२००२)

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग
बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ४२४७९१२/४२४७९१३/४२४३९३९
फ्याक्स : ४२४९६०३, Email : docom@netplus.com.np

# भिसा सिफारिश कार्य दिग्दर्शन - २०५९

## विषय सूची


१. पृष्ठभूमि
२. सम्वन्धित वस्तुगत संघको दायित्व
३. भिसा सिफारिश गर्दा अवलम्वन गरिने शर्त तथा कार्यविधि
४. अध्यागमन विभागले भिसा जारी गरेको सूचना दिने कार्यविधि
५. अभिलेख व्यवस्था

**अनुसूची - १**

वस्तुगत संघबाट भिसाको लागि सिफारिस पठाउने पत्रको नमूना

१. **पृष्ठभूमि :**

नेपालको निकासी व्यवसायमा संलग्न विदेशीलाई प्रदान गरिने प्रवेशाज्ञा (भिसा) विषयमा नेपाल सरकारले तेश्रो मुलुकबाट नेपालमा आई नेपालको उत्पादन खरीद गरी निकासी गर्ने वा निकासीको लागि खरीद अर्डर दिने विदेशीलाई एक पटकमा बढीमा ९० दिन सम्म नेपाल अधिराज्यमा बस्न सक्ने गरी पाँचवर्षअवधिको वहुप्रवेशीय प्रवेशाज्ञा (भिसा) दिने व्यवस्था गरेको छ । यस्तो प्रकारको भिसा वाणिज्य विभागले गरेको सिफारिसको आधारमा अध्यागमन विभागबाट जारी गरिने छ ।

२. **सम्वन्धित वस्तुगत संघको दायित्व :**

(क) माथि पृष्ठभूमि खण्डमा उल्लेखित गैर पर्यटक भिसाको लागि सिफारिस गर्दा निकासी गरिने सामानसंग सम्वन्धित वस्तुगत संघले विदेशी खरीदकर्तासँग सम्वन्धित निम्नानुसारको कागजात संलग्न गरी वाणिज्य विभागमा लेखी पठाउनु पर्नेछ :

१. पासपोर्ट साइजको फोटो ३ प्रति ।
२. पासपोर्टको फोटोकपी २ प्रति (नेपालमा रहेको विदेशीका हक्मा नेपाली भिसाको प्रति समेत)
३. आयातकर्ता विदेशी र निर्यातकर्ता (नेपाली) वीच खरीद विक्रीका लागि भएको लिखित स्वीकृति पत्र वा सम्झौता पत्र वा ग्यारेन्टी पत्र २ प्रति ।
४. आयातकर्ताबाट अन्तिम पटक भुक्तानी प्राप्त कागजात वा निजले पठाएको अन्तिम पटकको खरीद आदेशको प्रतिलिपि २ प्रति ।
५. सम्वन्धित नेपाली निकासीकर्ताको दर्ता प्रमाणपत्र र आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि २ प्रति ।
६. आयातकर्ताको Bio Data २ प्रति ।
७. सम्वन्धित आयातकर्ताको फर्म वा कम्पनीले नेपाल भ्रमणका लागि दिएको आधिकारिक पत्रको फोटोकपी २ प्रति ।

(ख) माथि दफा (क) वमोजिमका कागजात संलग्न गरी वस्तुगत संघले वाणिज्य विभागमा लेखी पठाउने विवरणको ढाँचा अनुसूची-१ वमोजिम हुनेछ ।

(ग) भिसा सिफारिस गरिने विदेशीको आचरण र साख राम्रो भएको कुरा सम्वन्धित नेपाली पार्टीबाट प्रत्याभूति प्राप्त गरेर मात्र वस्तुगत संघले सिफारिश गर्नु पर्नेछ । साथै संभव भएसम्म भिसाको लागि सिफारिस गरिने विदेशीले यसभन्दा अघि नेपाली व्यापारीहरुसंग कारोवार गर्दा नेपाली व्यापारी ठगीमा नपरेको तथा नेपाली व्यापारीको लिनुपर्ने वांकी वक्यौतामा विवाद नभएको जस्ता कुराहरु एकिन गरेर मात्र सिफारिश गर्नुपर्ने छ ।

(घ) परिस्थितिवश सिफारिश गरिएको भिसा रद्द गर्नु पर्नेभएमा वस्तुगत संघले यथार्थ तथ्यगत विवरण सहित लेखी पठाउनु पर्नेछ ।

(ङ) वस्तुगत संघले आफूले सिफारिश गरिएका व्यक्तिहरुको रेकर्ड राख्नु पर्नेछ ।

(च) प्रत्येक वस्तुगत संघले सिफारिश पत्रमा दस्तखत गर्ने दुईजना पदाधिकारीको नाम र दस्तखतको नमूना वाणिज्य विभागमा पठाउनु पर्नेछ ।

(छ) भिसा सिफारिश गर्ने क्रममा कुनै द्विविधा परेमा वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागले निर्देश गरे अनुसार हुनेछ।

**३. भिसा सिफारिश गरी पठाउने कार्यविधि :**

सम्वन्धित वस्तुगत संघको सिफारिश प्राप्त भएपछि वाणिज्य विभागले प्राप्त हुन आएका कागजपत्रको अध्ययन गरी निम्न ढाँचाको पत्रमा अध्यागमन विभागलाई सिफारिस गरी पठाउने छ :

श्री अध्यागमन विभाग,
काठमाडौं ।

**विषय :- गैर पर्यटक भिसाको सिफारिस पठाएको ।**

उपर्युक्त सम्बन्धमा निम्न व्यक्ति/व्यक्तिहरु लाई निम्न अवधि सम्म गैर पर्यटक भिसा उपलब्ध गराई दिनुहुन सिफारिश गरिएको व्यहोरा मिति ... .... को निर्णयानुसार अनुरोध गर्दछु । निज व्यक्ति/व्यक्तिहरु संग सम्वन्धित कागजातहरुको एक/एक प्रति प्रतिलिपि संलग्न छ ।

| सि.नं. | भिसाको लागि सिफारिस गरिएको व्यक्तिको नाम | ठेगाना | राष्ट्रियता | पासपोर्ट नं. | भिसा सिफारिश गरिएको अवधि | फोटो |
|---|---|---|---|---|---|---|
| | | | | | | |

संलग्न कागजातहरु

(१) सम्वन्धित वस्तुगत संघको सिफारिस पत्रको फोटोकपी ।
(२) सम्वन्धित व्यक्तिको राहदानी लगायतका कागजातको फोटोकपी ।
(३) ..........................................................................

वोधार्थ :
श्री उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरवार ।
श्री सम्वन्धित वस्तुगत संघ ।

**४. अध्यागमन विभागले भिसा जारी  गरेको सूचना दिने कार्यविधि :**

वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागबाट सिफारिश प्राप्त भएपछि अध्यागमन विभागले भिसा जारी गरी सो को निम्नानुसारको जानकारी तत्काल वाणिज्य विभागलाई उपलब्ध गराउने छ :

श्री वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग,
काठमाडौं ।

**विषयः- प्रवेशाज्ञा (भिसा) जारी गरिएको विवरण ।**

उपर्युक्त विषयका सम्बन्धमा तहाको च.नं. ... ... मिति ... . . . कोपत्रबाट भिसा उपलब्ध गराउन सिफारिश भै आए वमोजिम निम्नानुसारको विवरण भएको व्यक्ति/ व्यक्तिहरुलाई मिति .................. को निर्णयानुसार निम्न अनुसार नेपाल अधिराज्यमा वस्न सक्ने गरी गैर आवासिय नेपाली भिसा उपलब्ध गराएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

| सि.नं. | नाम | राहदानी नं. | राष्ट्रियता | भिसाको अवधि | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

**५. अभिलेख व्यवस्था :**

यस व्यवस्था अन्तर्गत भिसा प्राप्त गर्ने व्यक्तिहरुको अभिलेख निम्नानुसारको ढाँचामा वाणिज्य विभागमा राखिने छ :

(क) भिसा प्राप्त व्यक्तिहरुको विवरण :

| सि.नं. | विदेशीको लागि भिसा सिफारिस गर्ने वस्तुगत संघको नाम | भिसा प्राप्त गर्ने विदेशीको | | | भिसा प्राप्त गरेको अवधि | | भिसा प्राप्त गर्नेको फोटो | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | नाम | राष्ट्रियता | पासपोर्ट नं. | देखि | सम्म | | |
| | | | | | | | | |

## अनुसूची - १

(वस्तुगत संघको लेटर पायडमा)

| |
|---|
| सिफारिश गरिएको व्यक्तिको पासपोर्ट साइजको फोटो (फोटोमा समेत पर्नेगरी दरखास्त गर्नुपर्नेछ) |

श्रीमान महानिर्देशकज्यू,
वाणिज्य विभाग,
काठमाडौं ।

**विषय :- भिसाको लागि सिफारिश पठाएको ।**

महोदय,

............(देशको नाम) ............. (विदेशी व्यक्तिको नाम) ले नेपालमा उत्पादित निम्न वस्तुहरु निकासी गर्ने वा निकासीको लागि खरिद आदेश (Purchase Order) दिइ सकेको हुँदा निम्नानुसारको सामान निकासी गर्ने सिलसिलामा नेपालमा बस्नको लागि भिसाको व्यवस्था गरी दिनु हुन यस संघमा अनुरोध गरेको हुँदा निजलाइ अध्यागमन विभागबाट व्यावसायिक भिसा उपलब्ध गराई दिनु हुन सिफारिसका लागि हार्दिक अनुरोध गर्दछु । निजको विस्तृत विवरण निम्नानुसार छ :

१. आयातकर्ताको नाम :-
२. आयातकर्ताको ठेगाना :-
३. आयातकर्ताको राष्ट्रियता :-
४. आयातकर्ताको कम्पनीको विवरण :
   (क) कम्पनीको नाम :-
   (ख) कम्पनीको ठेगाना :-
   (ग) निवेदक कम्पनी संगको सम्वन्ध (पद) :-
५. राहदानी नम्वर :-
६. अन्तिम पटकको भिसाको विवरण :
   (क) नम्वर :
   (ख) प्रकार :
   (ग) अवधि :
   (घ) जारी गरेको स्थान :-
७. निकासीको लागि प्राप्त विवरण :
   (क) वि.मु. भुक्तानी प्राप्त नम्वर ...रकम मिति ...
   (ख) खरिद वा आदेश नम्वर ... मिति ...
   (ग) निकासी हुने वस्तुको नाम ... ... परिमाण ...
   (घ) निकासी मूल्य (विदेशी मुद्रामा) :
८. निकासीकर्ताको विवरण :
   (क) फर्म/उद्योगको नाम :-
   (ख) ठेगाना :-
९. अन्य आवश्यक विवरण :

माथि उल्लेखित विस्तृत विवरण सहित भिसाको लागि सिफारिस गरिएका व्यक्तिको चालचलन लगायतका सम्पूर्ण पक्षहरु उपयुक्त भएको कुरा ........................... (नेपाली कम्पनी) बाट प्रत्याभूति भई आएकोले तहाा विभागबाट जारी भएको भिसा सिफारिस कार्य दिग्दर्शनको मापदण्ड भित्र पर्ने देखिएकोले यो सिफारिस पठाइएको व्यहोरा समेत स्पष्ट गर्न चाहन्छु ।
दस्तखत (वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागमा दस्तखत नमूना
पठाएको पदाधिकारीले दस्तखत गर्ने)

नाम :-
मिति :- पद :-
संघको छाप :-

(निकासीकर्ताको निवेदन)

**विषय :- भिसाको लागि सिफारिश पठाएको ।**

श्रीमान अध्यक्षज्यू,
.................. संघ
काठमाडौं ।

महोदय,

उपरोक्त विषय .........................(देशको नाम) स्थित .................................. (कम्पनीको नाम) ले नेपालमा उत्पादीत निम्न वस्तुहरु निकासी गर्ने वा निकासीको लागि खरिद आदेश (Purchase Order) दिई सकेकोहुँदानिम्न अनुसारको सामान निकासी गर्ने सिलसिलामा उक्त कम्पनी/फर्मका .............................. श्री ................................................................. ....... लाई नेपालमा वस्नको लागि अध्यागमन विभागबाट ............ ................भिसा उपलब्ध गराई दिन सिफारिश का लागि हार्दिक अनुरोध गर्दछु । निजको चाल चालन लगायतका सम्पूर्ण पक्षहरु उपयुक्त भएको कुरा जानकारी गराउंदछु । निजलाई भिसा उपलब्ध गराई दिएमा कुनै फरक पर्ने छैन । यस्मा लेखिएको व्यहोरा फरक परेमा वा भुठा विवरण दिएमा वा प्रचलित ऐन कानून उल्लंघन गरेको देखिएमा प्रचलित ऐन कानून वमोजिम सहुंला वुझाउंला ।

१. आयातकर्ताको नाम :-
२. आयातकर्ताको ठेगाना :-
३. आयातकर्ताको राष्ट्रियता :-
४. आयातकर्ताको कम्पनीको विवरण :
   (क) कम्पनीको नाम :-
   (ख) कम्पनीको ठेगाना :-
   (ग) निवेदक कम्पनी संगको सम्वन्ध (पद) :-
५. राहदानी नम्वर :-
६. अन्तिम पटकको भिसाको विवरण :
   (क) नम्वर :
   (ख) प्रकार :
   (ग) अवधि :
   (घ) जारी गरेको स्थान :-
७. निकासीको लागि प्राप्त विवरण :
   (क) वि.मु. भुक्तानी प्राप्त नम्वर .................................. रकम ............ मिति...
   (ख) खरिद वा आदेश नम्वर ... मिति ...
   (ग) निकासी हुने वस्तुको नाम ... ... परिमाण ...
   (घ) निकासी मूल्य (विदशी मुद्रामा) :

८. निकासीकर्ताको विवरण :
   (क) फर्म/उद्योगको नाम :-
   (ख) ठेगाना :-
९. अन्य आवश्यक विवरण :

दस्तखत :-
नाम :-
मिति :- पद :-
संघको छाप :-

बोधार्थ :
श्री वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग,
बवरमहल, काठमाडौं ।

# पेट्रोलियम पदार्थ तथा ग्यांस कारोबार (नियमन) आदेश, २०६९

# एल.पि. ग्यांस रातो र निलो रङ्को सिलिण्डरको प्रयोग र वितरण सम्बन्धी आदेश, २०६९

आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ को दफा ३ र ८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले रातो र नीलो रङ्को एल.पि. ग्यांस सिलिण्डरको प्रयोग र वितरण सम्बन्धमा देहायको आदेश जारी गरेको छ ।

१. **पृष्ठभूमि :**

(क) यस आदेशको नाम "एल.पि. ग्यांसको रातो र निलो रङ्को सिलिण्डरको प्रयोग र वितरण सम्बन्धी आदेश, २०६९ रहेको छ ।

(ख) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,–

(क) "आदेश" भन्नाले एल.पि. ग्यांसको रातो र निलो रङ सिलिण्डरको प्रयोग र वितरण सम्बन्धी आदेश, २०६९ सम्झनुपर्छ ।

(ख) "निगम" भन्नाले नेपाल आयल निगम लिमिटेड सम्झनुपर्छ ।

(ग) "ग्यांस" भन्नाले तरलीकृत पेट्रोलियम (एल.पि.) ग्यांस सम्झनुपर्छ ।

(घ) "उपभोक्ता" भन्नाले ग्यांस भरिएका रातो र निलो रङ सिलिण्डर खरिद गरी प्रयोग गर्ने व्यक्ति सम्झनुपर्छ र सो शब्दले घरायसी र व्यावसायिक प्रयोजनको लागि ग्यांस प्रयोग गर्ने उपभोक्ता समेतलाई जनाउँछ ।

(ङ) "परिवार" भन्नाले चार जनासम्म सदस्य रहेको एल.पि. ग्यांस प्रयोग गर्ने उपभोक्ताको परिवार सम्झनुपर्छ र सो शब्दले आफ्नो घर वा डेरामा बसी ग्यांसको उपभोग गर्ने सम्बन्धमा उपभोक्ता स्वयम्ले घोषणा गरेको परिवार समेतलाई जनाउँछ ।

(च) "सिलिण्डर" भन्नाले गुणस्तर परिषद्बाट प्रमाणित एल.पि. ग्यांस स्टोर गर्ने गुणस्तरयुक्त रातो वा निलो रङ्को ५, १४.२, १९ र ५० के.जी. भाँडो सम्झनुपर्छ ।

(छ) "ग्यांस सिलिण्डर भल्भ" भन्नाले सिलिण्डरमा फिट गरिएको भल्भ सम्झनुपर्छ ।

(ज) "सिल" भन्नाले ग्यांस भरे पश्चात् सिलिण्डरलाई बन्द गर्न प्रयोग गरिएको सिलिण्डरको भल्भ माथिको बिर्को सम्झनुपर्छ ।

(झ) "विनियमावली" भन्नाले नेपाल आयल निगम लिमिटेड, एल.पि. ग्यांस विनियमावली, २०६५ सम्झनुपर्छ ।

(ञ) "उद्योग" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको ग्यांस उद्योग सम्झनुपर्छ ।

(ट) "बिक्रेता" भन्नाले ग्यांस उद्योगले उपभोक्तालाई ग्यांस बिक्री वितरण गर्न तोकिएको मापदण्ड पुरा गरी नियुक्त भएका व्यक्ति वा फर्म सम्झनुपर्छ ।

(ठ) "सेफ्टी क्याप" भन्नाले ग्यांस लिक हुनबाट सुरक्षित राख्न ग्यांस सिलिण्डरको भल्भमा प्रयोग हुने क्याप सम्झनुपर्छ ।

(ड) "विभाग" भन्नाले वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग सम्झनुपर्छ ।

(ढ) "अनुदान" भन्नाले घरायसी प्रयोजनको लागि रातो रङ्को सिलिण्डरमा एल.पि. ग्यांस प्रयोग गर्न परिवारलाई विक्री मूल्यमा दिईने छुट सम्झनुपर्छ ।

(ण) "बैंक वा वित्तीय संस्था वा निकाय" भन्नाले उपभोक्ताले घरायसी प्रयोजनको लागि रातो रङको ग्यांस सिलिण्डर प्रयोग गर्दा पाउने अनुदान रकम फिर्ता लिन निगमद्वारा तोकिएको बैंक वा वित्तीय संस्था वा निकाय सम्झनुपर्छ ।

(त) "घरायसी प्रयोजनको ग्यांस" भन्नाले खाना पकाउनको लागि घरमा प्रयोग हुने ग्यांस सम्झनुपर्छ ।

(थ) "व्यावसायिक प्रयोजनको ग्यांस" भन्नाले खाना पकाउनको लागि घरमा प्रयोग हुने बाहेक अन्य प्रयोजनमा प्रयोग हुने ग्यांस सम्झनुपर्छ ।

३. **उपभोक्ता कार्डको व्यवस्था :** उपभोक्ताले एल.पि. ग्यांस उपभोक्ता कार्ड बनाउन तोकिएको ढाँचा अनुसारको विवरण सहित आवेदन फाराम भरेर आफूलाई पायक पर्ने एल.पि. ग्यांस बिक्रेता समक्ष पेश गर्नु पर्नेछ र सम्बन्धित निकायबाट प्रमाणित भएको ग्यांस उपभोक्ता कार्ड सोही ग्यांस बिक्रेता मार्फत प्राप्त हुनेछ ।

४. **घरायसी प्रयोजनको रातो रङ्को सिलिण्डरको ग्यांस बिक्री वितरण सम्बन्धी व्यवस्था :**

(१) नेपाल सरकारको मासिक रुपमा एक परिवारलाई घरायसी प्रयोजनको लागि रातो रङको १४.२ के.जी. को एक सिलिण्डर तोकिएको रकम अनुदान दिनेछ ।

(२) उपदफा (१) बमोजिमको अनुदानको रकम निगमले सूचना प्रकाशन गरी तोकेको बैंक वा वित्तीय संस्था वा निकायबाट फिर्ता हुनेछ ।

(३) उपभोक्ताले घरायसी प्रयोजनका लागि खरिद गरेको रातो रङको सिलिण्डरको ग्यांसको उपभोक्ता कार्ड र ग्यांस खरिद गरेको बिलको आधारमा बैंक वा वित्तीय संस्था वा निकायबाट अनुदान पाउनेछ ।

(४) उपभोक्ताले ग्यांस खरिद गरेको मितिले साठी दिनभित्र अनुदान र कम पाउन तोकिएको बैंक वा वित्तीय संस्था वा निकायमा ग्यांस उपभोक्ता कार्ड र बिल सहित राहत माग गर्नु पर्नेछ । सो को आधारमा सम्बन्धित बैंक वा वित्तीय संस्था वा निकायले तुरुन्त अनुदान रकम उपलब्ध गराउनु पर्नेछ ।

(५) अनुदान बापतको रकम नगद भुक्तानी गर्ने वा बैंक खातामा जम्मा गर्ने व्यवस्था निगमले मिलाउनेछ ।

५. **निलो रङको सिलिण्डरको ग्यांस विक्री वितरण सम्बन्धी व्यवस्था :** घरायसी प्रयोजन बाहेक अन्य प्रयोजनको लागि कानून बमोजिम दर्ता भएका वा नभएका होटल, रेष्टुरेण्ट, लज, पार्टी प्यालेस, कैटरिङ व्यवसाय, उद्योग, सवारी साधन, शिक्षण संस्था, सरकारी कार्यालय, गैरसरकारी संघसंस्था, कुटनैतिक नियाोग, विदेशी नागरिक लगायत एल.पि. ग्यांस प्रयोग गर्ने सबै उपभोक्ताको प्रयोगको लागि १४.२, १९ र ५० के.जी. क्षमताको निलो रङको सिलिण्डर प्रयोगमा ल्याईनेछ ।

६. **एल.पि. ग्यांस अनुदान सम्बन्धी व्यवस्था :** घरायसी प्रयोजनको लागि प्रयोग हुने ग्यांसमा नेपाल सरकारले तोकिएको मूल्यमा अनुदान रकम निगमलाई उपलब्ध गराईनेछ ।

७. **विवरण उपलब्ध गराउनु पर्ने :**

(१) बैंक वा वित्तीय संस्था वा निकायले उपभोक्तालाई उपलब्ध गराएको अनुदानको विवरण मासिक रुपमा निगममा उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश हुने विवरण निगमले तोके बमोजिम हुनेछ ।

**८. एल.पि. ग्यांस बिक्री वितरणको अनुगमन एवं नियमन सम्बन्धी व्यवस्था :**

(१) यस आदेश बमोजिम एल.पि. ग्यांसको भण्डारण, ढुवानी तथा बिक्री वितरणको अनुगमन एवं नियमन विभागले गर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि विभागले यस आदेशमा अन्यत्र लेखिएको काम कारवाहीको अतिरिक्त देहायका विषयमा अनुगमन तथा नियमन गर्नेछ :–

(क) एल.पि. ग्यांसको कारोबार एवं आपूर्तिको अनुगमन तथा निरीक्षण गर्ने,

(ख) अनुमति प्राप्त व्यक्ति, डिलर वा खुद्रा विक्रेताले यस आदेश बमोजिम कुनै काम कारवाही गरे नगरेको हेर्ने,

(ग) यो आदेशको कार्यान्वयन गर्न आवश्यक अन्य कार्य गर्ने ।

**९. मूल्य निर्धारण सम्बन्धी व्यवस्था :**

(१) रातो र निलो रङ्को ग्यांस सिलिण्डरको बिक्री मूल्य एकल हुनेछ ।

(२) उपदफा (१) बमोजिमको बिक्री मूल्य समय-समयमा निगमले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. एल.पि. ग्यांसको मापदण्ड तथा गुणस्तर सम्बन्धी व्यवस्था :**

(१) नेपालमा आयात हुने एल.पि. ग्यांसको गुणस्तर तथा नापतौल विभागले तोकेको मापदण्ड बमोजिम हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको गुणस्तर नभएको एल.पि. ग्यांस आपूर्ति गरेको पाईएमा गुणस्तर तथा नापतौल विभागले त्यस्ता ग्यांस तथा सिलिण्डर जफत गरी वातावरणलाई प्रतिकूल प्रभाव नपर्ने गरी नष्ट गर्नु पर्नेछ । यसरी नष्ट गर्दा लाग्ने खर्च सम्बन्धित ग्यांस कारोबार गर्ने व्यक्ति, डिलर, बिक्रेता वा उद्योगले व्यहोर्नु पर्नेछ ।

**११. सुरक्षा व्यवस्था :**

(१) प्रचलित ऐन, नियम र विनियमावलीले तोकेको सुरक्षा सम्बन्धी मापदण्ड सम्बन्धित सबै पक्षहरुले पालना गर्नु पर्नेछ।

(२) ग्यांस सिलिण्डरको सुरक्षा सम्बन्धमा उद्योगी तथा विक्रेताले समय-समयमा उपभोक्तालाई शिक्षित गराउनु पर्नेछ ।

(३) ग्यांस सिलिण्डर आचार संहिता नेपाल गुणस्तर ३७६ पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(४) उपभोक्ता, विक्रेता एवं उद्योगीहरुले सुरक्षालाई पहिलो प्राथमिकता दिनुपर्नेछ ।

**१२. उपभोक्ताको दायित्व :** एल.पि. ग्यांस सिलिण्डरको उपयोग गर्ने उपभोक्ताको दायित्व अनुसार हुनेछ :–

(क) आफ्नो परिवार संख्या र उपभोग हुने ग्यांसको विवरण भरी आवेदन फारमका साथ नागरिकताको प्रमाणपत्र र पासपोर्ट साईजको फोटो दुई थान संलग्न गरी अफु नजिकको ग्यांस विक्रेता समक्ष पेश गरी ग्यांस उपभोक्ता कार्ड लिने,

(ख) सेफ्टी क्याप नभएको र सिल टुटेको सिलिण्डर खरिद नगर्ने,

(ग) एल.पि. ग्यांसको सुरक्षित उपभोग सम्बन्धमा आवश्यक पर्ने जानकारीहरु सम्बन्धित ग्यांस उद्योग, विक्रेता वा अन्य श्रोतबाट हासिल गरी सुरक्षित तवरबाट ग्यांसको प्रयोग गर्ने,

(घ) उपभोक्ता डेरावाला भई डेरा सर्नु परेमा सो को जानकारी नजिकको आफ्नो डिलरलाई दिई आफु सरी गएको नजिकको विक्रेता कहाँ निवेदन दिने,

(ङ) अनुदानको ग्यांसको अपचलन गर्न नहुने तथा अनुदान नपाउने ग्यांस सिलिण्डरमा ग्यांस ट्रान्सफर नगर्ने,

(च) उपभोक्ताले अनुदान प्राप्त गर्न ग्यांस खरिद गर्न विक्रेताबाट रीतपूर्वकको खरिद बिल अनिवार्य रुपमा लिने,

(छ) अनुदान रकम प्राप्त गर्न ग्यांस उपभोक्ताले गलत र नक्कली बिल पेश गर्न नहुने,

(ज) कुनै उद्योग वा विक्रेताबाट भएको अनुचित कार्य वा कृत्रिम अभावको जानकारी विभाग तथा निगमलाई दिने,

(झ) चार जनासम्मको परिवारले एउटा मा ग्यांस उपभोक्ता कार्डको सुविधा पाउने हुँदा सो भन्दा बढी कार्ड नलिने,

(ञ) समय-समयमा ग्यांसको उपभोग सम्बन्धमा अनुगमनमा आउने सरकारी टोलीलाई सघाउने,

(ट) एल.पि. ग्यांसको सिलिण्डरबाट कुनै जोखिम पुगेमा वा पुग्न जाने देखिएमा तुरुन्त सम्बन्धित ग्यांस बिक्रेता एवं उद्योगीलाई जानकारी गराउने,

(ठ) ग्यांसको तौल कम भएमा सम्बन्धित निकायमा जानकारी दिने ।

१३. **ग्यांस विक्रेताको दायित्व** : ग्यांस विक्रेताको दायित्व देहाय बमोजिम हुनेछ :–

(क) मापदण्ड पूरा गरेका प्रमाणीकरण भएका ग्यांस विक्रेताहरुले मात्र ग्यांस विक्री गर्ने,

(ख) ग्यांस सिलिण्डरको विक्री मूल्य सूची सूचना पाटीमा टाास्ने,

(ग) ग्यांस खरिद विक्री सम्बन्धी हरेक दिनको बिल बिजक दुरुस्त राख्ने,

(घ) रातो र निलो सिलिण्डरको खरिद र स्टकको बिक्री विवरण दुरुस्त राख्ने,

(ङ) घरायसी प्रयोजनको ग्यांसको सम्बन्धमा उपभोक्ता कार्ड भरेर मात्र ग्यांस विक्री गर्ने,

(च) सिल नभएको, सिल टुटेको र ग्यांस चुहिएको अवस्थाको सिलिण्डर विक्री वितरण नगर्ने र ग्यांस उद्योगसँग त्यस्तो सिलिण्डर नलिने,

(ज) तौल मेसिन राखी ग्यांस सिलिण्डर अर्को एकिन गरी उपभोक्तालाई विक्री वितरण गर्ने,

(झ) घरायसी तथा व्यावसायिक प्रयोजनको विक्री वितरण भएको ग्यांस सिलिण्डरको अभिलेख छुट्टा-छुट्टै अद्यावधिक रुपमा राखी मासिक रुपमा विक्री वितरणको विवरण निगममा पेश गर्ने,

(ञ) उपभोक्तासँग बढी मूल्य लिई अर्को उद्योगको ग्यांस सिलिण्डर नसाट्ने,

(ट) उपभोक्ताले सिलिण्डरको सुरक्षा सम्बन्धमा गुनासो गरेमा तत्काल सो को प्राविधिक समाधान गरी क्षति न्यूनिकरण गर्न सहयोग गर्ने,

(ठ) प्रत्येक विक्रेताले आफ्नो उपभोक्ताले रातो र निलो रङको सिलिण्डरको ग्यांस के-कसरी प्रयोग गरी रहेको छ, सो को नियमित अनुगमन गरी सुरक्षा सम्बन्धी कमी कमजोरी सच्याउने,

(ड) ग्यांसको कारोबार सम्बन्धमा निगमले जारी गरेको निर्देशिका, कार्यविधि, मापदण्ड तथा ग्यांस विनियमावलीले उल्लेख गरेको शर्तको अधिनमा रही ग्यांस विक्री स्थलको सञ्चालन गर्ने,

(ढ) ग्यांस सिलिण्डरको तौल कम भएको पाईएमा सम्बन्धित उद्योग वा सम्बन्धित निकायमा तुरुन्त खबर गर्ने ।

१४. **ग्यांस उद्योगको दायित्व** : एल.पि. ग्यांस उद्योगको दायित्व देहाय बमोजिम हुनेछ :-

(क) मापदण्ड पुरा गरेका र प्रमाणिकरण भएका एल.पि. ग्यांस विक्रेता मार्फत घरायसी प्रयोजनको लागि रातो रङ र व्यवासायिक प्रयोगको लागि निलो रङको सिलिण्डरमा एल.पि. ग्यांस विक्री गर्ने,

(ख) आफुसँग आवद्ध विक्रेताहरुको विवरण सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरी सो को जानकारी विभाग र निगमलाई दिने,

(ग) घरायसी तथा व्यावसायिक प्रयोजनमा विक्री वितरण भएको ग्यांस सिलिण्डरको रेकर्ड अद्यावधिक रुपमा राखी मासिक रुपमा विक्री वितरणको विवरण निगममा पेश गर्ने,

(घ) ग्यांस सिलिण्डर फिलिङ गर्दा स्वचालित उपकरण (Automation Machine) बाट गर्ने,

(ङ) उपभोक्ताले सिलिण्डरको धरौटी बापत राखेको रकम फिर्ता लिन चाहेमा तुरुन्त फिर्ता दिने,

(च) एल.पि. ग्यांस उद्योगले निलो र रातो रङको सिलिण्डरको सिरियल नम्बर सहितको अभिलेख दुरुस्त राख्ने,

(छ) हाइड्रोलिक परिक्षण भएको, सेफ्टी क्याप र सिल भएको ग्यांस सिलिण्डर मात्र प्रयोगमा ल्याउने,

(ज) उपभोक्तालाई नयाँ सिलिण्डर विक्री गर्दा धरौटी बापतको रसिद अनिवार्य रुपमा जारी गर्ने र सो को अभिलेख अनिवार्य रुपमा सुरक्षित राख्ने,

(झ) ग्यांस सिलिण्डर विक्री गर्दा विक्रेता मार्फत विक्री गर्ने,

(ञ) उपभोक्ताले सिलिण्डरको सुरक्षा सम्बन्धमा गुनासो गरेमा तुरुन्त सच्याउने,

(ट) धनजनको सुरक्षाको लागि तेस्रो पक्ष बिमाको व्यवस्था गर्ने,

(ठ) कुनै कारणवस अन्य उद्योगको निलो वा रातो रङको सिलिण्डर गर्नु पर्ने भएमा निगमको पूर्व स्वीकृत लिने,

(ड) रङ खुइलिएको सिलिण्डर प्रयोग नगर्ने ।

**१५. उजुरी गर्न सक्ने :**

(१) एल.पि. ग्यांसको कारोबारमा गुणस्तर, परिमाण वा मापदण्ड पुरा नगरी वा यस आदेश विपरित कार्य गरी उपभोक्तालाई हानी-नोक्सानी पुऱ्याएर मर्का पर्ने उपभोक्ताले उजुरी दिन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको उजुरी दिने निकाय वा अधिकारीका सम्बन्धमा प्रचलित नेपाल कानूनमा छुट्टै व्यवस्था भएकोमा सोही बमोजिम र त्यस्तो व्यवस्था नभएकोमा विभागमा उजुरी दिन सकिनेछ ।

**१६. प्रचलित कानून बमोजिम हुने :** प्रचलित कानूनमा यस सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा सोही बमोजिम र अन्यमा यस आदेश बमोजिम हुनेछ ।

**१७. बाधा अड्काउ फुकाउने अधिकार :** यस आदेशको कार्यान्वयनमा देखा परेको कठिनाई हटाउन वा तत्काल बाधा अड्काउ परेमा नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

पत्र संख्याः– ०६८/६९
च.नं. ७७८७ मिति :–
२०६९/०३/१४

**विषय :– अधिकार प्रत्यायोजन ।**

श्री कार्यालय प्रमुख,
वाणिज्य कार्यालय,
विरगञ्ज/विराटनगर/भैरहवा/नेपालगञ्ज/धनगढी ।

यस विभागबाट सम्पादन हुने कार्यहरु मध्ये मिति २०६९/०१/०७ मा यस विभागको च.नं. ६३९२ बाट तापाईलाई प्रत्यायोजन गरिएका अधिकारलाई परिमार्जन गरी देहाय बमोजिमका काम कारवाही प्रचलित ऐन, नियम एवंम् विभागबाट समय-समयमा तोकिने प्रकृया अनुसार सम्पादन गने 'गरी पुनः अधिकार प्रत्योजन गरेको छु । प्रत्यायोजित अधिकार बमोजिम कार्य सम्पन्न गर्नु हुनेछ ।

१. आफ्नो जिल्लाभित्रका, प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ र प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ बमोजिम रु. १ करोडसम्म पूजि भएका प्राइभेट फर्म दर्ता र नियमन सम्बन्धी कार्यहरु गर्ने ।
२. आफ्ना जिल्लाभित्रका, साझेदारी ऐन, २०२० बमोजिम रु. १ करोडसमम पूँजीभएका साझेदारी फर्म दर्ता र नियमन सम्बन्धी कार्यहरु गर्ने ।
३. आफ्नो जिल्लाभित्रका उद्योग वाणिज्य फर्म लगायत कम्पनीले आयात गर्ने सबै जात र गुणस्तरका सूर्ति पैठारी गर्न बार्षिक बढीमा रु. ५० लाख मुल्य सम्मको इजाजत पत्र जारी गर्ने ।
४. कार्यालय प्रमुखको अनुपस्थितिमा निमित्त कार्यालय प्रमुखले माथि प्रकरण १, २ मा उल्लेखित काममा सन्दर्भमा रु. ५० लाखसम्म र प्रकरण ३ मा उल्लेखित कार्यका लागि रु. २५ लाख सम्मको सिमाभित्र रही कार्य गर्नुहोला ।
५. उपभोक्ता हित संरक्षण र बजार अनुगमनतर्फ निरीक्षण अधिकृतको हैसियतले समेत विभिन्न बजारहरुको मूल्यसूची संकलन गर्ने, बजार अनुगमन गर्ने तथा यस सम्बन्धमा आवश्यक देखिएका विभिन्न निकायहरुसँग समन्वय गरी काम गर्ने ।
६. कार्यालय प्रमुखको हैसियत कार्यालयको दैनिक प्रशासन सञ्चालन, आर्थिक प्रशासन, जिन्सी तथा राजश्वको प्रशासन समेतका कामहरु गर्ने, गराउने ।
७. विभागले समय-समयमा दिएका आदेश तथा निर्देशन बमोजिम काम गर्ने, गराउने र सम्पादित कामको मासिक, चौमासिक तथा बार्षिक प्रगति विवरण विभागमा तोकिएको समयभित्र पठाउने ।
८. उल्लेखित अधिकार बमोजिमको काम कारवाही गर्दा द्विविधा पर्न गएको अवस्थामा समयमा नै विभागसँग सम्पर्क राखी निर्देशन भए बमोजिम गर्ने ।

पत्र संख्याः–

मिति :–

२०६८/१०/१८

च.नं. ४५५१

**विषय :– अधिकार प्रत्यायोजन सम्बन्धमा ।**

श्री कार्यालय प्रमुखज्यू,
घरेलु तथा साना उद्योग कार्यालय ।

(१) झापा (२) सुनसरी (३) सिराहा (४) सप्तरी (५) महोत्तरी (६) धनुषा (७) सर्लाही (८) काभ्रे (९) मकवानपुर (१०) बारा (११) चितवन (१२) रौतहट (१३) नवलपरासी (१४) कपिलवस्तु (१५) कास्की (१६) पाल्पा (१७) दाङ (१८) बर्दिया (१९) कञ्चनपुर ।

यस विभागबाट साविकमा रु. ५० लाखसम्मको प्राइभेट फर्म मात्र गर्नसक्ने गरी अधिकार प्रत्यायोजन भएकोमा मिति २०६८/११/१ देखि लागू हुने गरी रु. ५० लाखसम्म पूँजीभएका आफ्नो जिल्लाभित्रका वाणिज्य सम्बन्धी प्राइभेट फर्म र साझेदारी फर्म समेत दर्ता, नविकरण, ठाउँसारी लगायतका कार्य गर्नेगरी अधिकार प्रत्यायोजन गरेको छु । प्रत्यायोजित अधिकार अनुसार काम कारवाही सम्पादन गर्नु गराउनु हुन समेत अनुरोध गर्दछु ।

पत्र संख्याः–　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　मिति :–
२०६८/१०/१८
च.नं. ४५५२

**विषय :– अधिकार प्रत्यायोजन सम्बन्धमा ।**

श्री कार्यालय प्रमुखज्यू,
घरेलु तथा साना उद्योग कार्यालय ।

(१) डडेलधुरा (२) बैतडी (३) दार्चुला (४) डोटी (५) अछाप (६) बभ्फाङ्ग (७) बाजुरा (८) हुम्ला (९) कालिकोट (१०) मुगु (११) जुम्ला (१२) दैलेख (१३) जाजरकोट (१४) प्युठान (१५) सल्यान (१६) रोल्पा (१७) रुकुम (१८) डोल्पा (१९) मुस्ताङ्ग (२०) म्याग्दी (२१) बाग्लुङ (२२) पर्वत (२३) अर्घाखाँची (२४) गुल्मी (२५) स्याङ्जा (२६) तनहु (२७) मनाङ्ग (२८) लमजुङ (२९) गोर्खा (३०) धादिङ्ग (३१) नुवाकोट (३२) रसुवा (३३) सिन्धुपाल्चोक (३४) सिन्धुली (३५) रामेछाप (३६) दोलखा (३७) उदयपुर (३८) खोटाङ (३९) ओखलढुंगा (४०) सोलुखुम्बु (४१) धनकुटा (४२) तेह्रथुम (४३) भोजपुर (४४) संखुवासभा (४५) इलाम (४६) पाचथर (४७) ताप्लेजुङ्ग (४८) सुर्खेत

यस विभागबाट साविकमा रु. २५ लाखसम्मको प्राइभेट फर्ममात्र दर्ता गर्नसक्ने गरी अधिकार प्रत्यायोजन भएकोमा मिति २०६८/११/१ देखि लागू हुनेगरी रु. ५० लाखसम्म पूँजीभएका आफ्नो जिल्लाभित्रका वाणिज्य सम्बन्धी फर्म र साझेदारी फर्म समेत दर्ता, नविकरण, नामसारी, ठाऊँसारी लगायतका कार्य गर्ने गरी अधिकार प्रत्यायोजन गरेको छु । प्रत्यायोजित अधिकार अनुसार कामकारवाही सम्पादन गर्नु गराउनु हुन समेत अनुरोध गर्दछु ।

पत्र संख्याः– ०६८/६९ मितिः–
२०६८/१२/२९
च.नं. १५६५ ६००८

**विषय :– सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण रणनीति तथा कार्य योजना, २०६८-७३ लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने सम्बन्धमा ।**

श्री घरेलु तथा साना उद्योग विभाग, त्रिपुरेश्वर, काठमाडौं ।
श्री घरेलु तथा साना उद्योग समिति, त्रिपुरेश्वर, काठमाडौं ।
श्री वाणिज्य कार्यालय,
विराटनगर/विरगञ्ज/भैरहवा/नेपालगञ्ज/धनगढी ।

उपरोक्त विषयमा नेपाल राष्ट्र बैंक, कानून महाशाख, वित्तीय जानकारी इकाईको प.सं. का ४१/११९/०६८/६९/९१९ मिति २०६८/१२/१५ को पत्र यसैसाथ संलग्न गरिएको छ ।

सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ र सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण निमायवली, २०६६ तथा अपराधिक कार्यमा लगानी नियन्त्रण सम्बन्धी कानूनहरु र निर्देशनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न देहाय अनुसारको व्यवस्था हुनु अनुरोध छ ।

१. माथी उल्लेखित पत्रमा उल्लेखित निर्देशन र सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ र सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण नियमावली, २०६६ तथा अपराधिक कार्यमा लगानी नियन्त्रण सम्बन्धी अन्य कानूनी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
२. प्राइभेट फर्म/साझेदारी फर्म/एजेन्सी दर्ता गर्न निवेदन प्राप्त भएको सम्बन्धित प्रोप्राइटर/साझेदार/सञ्चालकलाई देहाय शर्त पालना गर्ने कबुलियत गराउने ।

शर्तः

**“सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, नियमावली तथा अपराधिक कार्यमा लगानी नियन्त्रण सम्बन्धी कानून वा सो अन्तर्गत बनेका नियम निर्देशन आदेश वा सम्बन्धित निकायको नियमन, निर्देशन, निरीक्षण, सुपरिवेक्षण पालना गर्नेछु, छौं ।”**

फर्महरु नविकरण/संशोधन/नामसारी गराउादा समेत उपरोक्त शर्त पालना गर्ने कबुलियत गराउने ।

३. या फर्म दर्ता गर्दा, पूँजीवृद्धि गर्दा अस्वभाविक बढी रकम पूँजीराखी दर्ता/पूँजीवृद्धि माग हुन आएमा फर्ममा लगानी गर्ने पूँजीको स्रोत उल्लेख गर्न लगाउने ।

पत्र संख्याः– ०६९/७० मिति :–
२०६९/०५/०५
च.नं. ९८७

**विषय :– फर्म परिणत सम्बन्धमा ।**

श्री कार्याल्य प्रमुखज्यू,
वाणिज्य कार्याल्य,
विराटनगर, विरगञ्ज, भैरहवा, धनगढी र नेपालगञ्ज ।

श्री कार्यालय प्रमुखज्यू,
श्री घरेलु तथा साना उद्योग कार्यालय,
झापा, सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, मकवानपुर, चितवन, काभ्रे, कास्की, पाल्पा, नवलपरासी, कपिलवस्तु, दाङ, बर्दिया, कञ्चनपुर ।

श्री कार्यालय प्रमुखज्यू,
घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय,
ताप्लेजुङ्ग, पाचथर, इलाम, धनकुटा, संखुवासभा, तेह्रथुम, भोजपुर, उदयपुर, खोटाङ्ग, सोलुखुम्बु, ओखलढुंगा, दोलखा, रामेछाप, सिन्धुली, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, धादिङ, तनहु, गोरखा, मनाङ्ग, लमजुङ, स्याङ्जा, गुल्मी, अर्घाखाँची, बाग्लुङ, म्याग्दी, मुस्ताङ, पर्वत, प्युठान, सल्यान, रोल्पा, रुकुम, सुर्खेत, दैलेख, जुम्ला, कालिकोट, जाजरकोट, मुगु, डोल्पा, हुम्ला, डोटी, अछाम, बाजुरा, बझाङ, बैतडी, डडेलधुरा र दार्चुला ।

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ अनुसार दर्ता हुने प्राइभेट फर्मको नियमन सोही ऐन अनुसार हुने र साझेदारी ऐन, २०२० अनुसार दर्ता हुने साझेदारी फर्मको नियमन सोही ऐन अनुसार हुने व्यहोरा अनुरोध छ । उपरोक्त ऐनहरु छुट्टा-छुट्टै भएको र उपरोक्त ऐनहरुमा साझेदारी फर्म प्राइभेट फर्ममा परिणत गर्ने तथा प्राइभेट फर्म साझेदारी फर्ममा परिणत गर्ने व्यवस्था भएको नदेखिएकोले साझेदारी फर्मलाई प्राइभेट र प्राइभेट फर्म साझेदारी फर्ममा परिणत गर्न नमिल्ने व्यहोरा जानकारी गराईन्छ ।

पत्र संख्याः– ०६९/७० मिति :–
२०६९/०७/२०
च.नं. ३२२

**विषय :– <u>नेटवर्क व्यवसाय गरि आएका फर्म/कम्पनीको नाम मिल्ने फर्म दर्ता नगर्ने सम्बन्धमा ।</u>**

श्री वाणिज्य कार्यालय,
विराटनगर, विरगञ्ज, भैरहवा, नेपालगञ्ज, धनगढी ।

सर्वोच्च अदालतको मिति २०६८/१२/१५ गतेको फैसलाबाट प्रभावकारी संयन्त्रको स्थापना नगरी वस्तु वा सेवा व्यापारसँग सम्बन्धित नेटवर्क व्यवसाय नगर्नु, नगराउनु भनि हाल लगाईएको प्रतिवन्ध फुकुवा नगर्नु भनि नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश जारी भएकोले विगतमा नेटवर्क व्यवसायको कारोबार सञ्चालन गरी आएका देहायका फर्म/कम्पनीहरुको नामसँग मिल्नेगरी त्यस कार्यालयहरुमा कोही व्यक्ति फर्म दर्ता गर्न आएमा हाललाई अर्को आदेश नभएसम्म उपरोक्त नाम मिल्नेगरी वाणिज्य सम्बन्धी प्राइभेट तथा साझेदारी फर्म दर्ता नगर्ने व्यवस्था हुन अनुरोध छ ।

पत्र संख्याः– ०६९/७० मिति :–
२०६९/०५/०१
च.नं.

**विषय :– व्यवसाय दर्ता सम्बन्धमा ।**

श्री कार्याल्य प्रमुखज्यू,
वाणिज्य कार्याल्य,
विराटनगर, विरगञ्ज, भैरहवा, धनगढी र नेपालगञ्ज ।

श्री कार्यालय प्रमुखज्यू,
श्री घरेलु तथा साना उद्योग कार्यालय,
झापा, सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, मकवानपुर, चितवन, काभ्रे, कास्की, पाल्पा, नवलपरासी, कपिलवस्तु, दाङ, बर्दिया, कञ्चनपुर ।

श्री कार्यालय प्रमुखज्यू,
श्री घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय,
ताप्लेजुङ्ग, पााचथर, इलाम, धनकुटा, संखुवासभा, तेह्रथुम, भोजपुर, उदयपुर, खोटाङ्ग, सोलुखुम्बु, ओखलढुंगा, दोलखा, रामेछाप, सिन्धुली, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, धादिङ, तनहु, गोरखा, मनाङ्ग, लमजुङ, स्याङ्जा, गुल्मी, अर्घाखाँची, बाग्लुङ, म्याग्दी, मुस्ताङ, पर्वत, प्युठान, सल्यान, रोल्पा, रुकुम, सुर्खेत, दैलेख, जुम्ला, कालिकोट, जाजरकोट, मुगु, डोल्पा, हुम्ला, डोटी, अछाम, बाजुरा, बझाङ, बैतडी, डडेलधुरा र दार्चुला ।

औषधिको कारोबार गर्न इच्छुक व्यवसायीले औषधि व्यवस्था विभागबाट इजाजतपत्र प्राप्त गरी प्राइभेट फर्म/साझेदारी फर्म/कम्पनी दर्ता तथा सञ्चालन सम्बन्धी प्रचलित कानून बमोजिम फर्म दर्ता/स्वीकृति प्राप्त गरेर मात्र औषधि व्यवसाय कारोबार गर्न पाईने व्यहोरा जानकारीका लागि अनुरोध छ ।

पत्र संख्याः– ०६९/७० मिति :–
२०६९/०९/१७
च.नं. ४५९२

**विषय :– सरकारी वांकी वक्यौता दस्तुर तथा जरिवाना रकम असुल नगरी प्राइभेट फर्म खारेज गर्न नहुने ।**

श्री वाणिज्य कार्यालयहरु,
विराटनगर, विरगञ्ज, भैरहवा, धनगढी र नेपालगञ्ज ।

घरेलु तथा साना उद्योग कार्यालय,
झापा, सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, मकवानपुर, चितवन, काभ्रे, कास्की, पाल्पा, नवलपरासी, कपिलवस्तु, दाङ, बर्दिया, कञ्चनपुर (समेत १९) ।

श्री घरेलु तथा साना उद्योग विकास समितिको कार्यालयहरु ।
इलाम, ताप्लेजुङ, पाचथर, धनुकटा, संखुवासभा, तेह्रथुम, भोजपुर, उदयपुर, खोटाङ, सोलुखुम्बु, ओखलढुंगा, दोलखा, रामेछाप, सिन्धुली, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, धादिङ, तनहु, मनाङ, गोर्खा, लमजुङ, स्याङ्जा, बाग्लुङ, गुल्मी, म्याग्दी, मुस्ताङ, पर्वत, अर्घाखाँची, प्युठान, सल्यान, रोल्पा, रुकुम, सुर्खेत, दैलेख, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, हुम्ला, डोटी, अछाम, बाजुरा, बझाङ, बैतडी, डडेलधुरा र दार्चुला (समेत ४८)

मिति २०६८ साल मंसिर ५ गते नेपाल राजपत्रमा प्रकाशित भएको प्राइभेट फर्म रजिष्ट्रेशन (आठौं संशोधन) नियमावली, २०६८ को नियम ३ द्वारा मुल नियमावलीको नियम १० को उपनियम (१) मा संशोधन भएको व्यहोरा अवगत नै छ । उक्त संशोधनमा "(१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो नियम प्रारम्भ हुँदाका बखत प्राइभेट फर्म नविकरण गराउन नसकेको प्राइभेट फर्म धनीले नविकरण गराउन नसकेको मनासिव कारण खुलाई यो नियमावली प्रारम्भ भएको मितिले एक बर्ष (अर्थात् यही २०६९ मंसिर ४ गते) भित्र नविकरण गराउनको लागि दरखास्त दिएमा र त्यस्तो दरखास्त जाँचबुझ गर्दा कारण मनासिव देखिएमा सम्बन्धित कार्यालयले नियम ७ को उपनियम (४) बमोजिम लाग्ने नविकरण दस्तुरको तेब्बर दस्तुर र नविरकण गराउन नसकेको प्रत्येक बर्षका लागि पाँचहजार रुपैयाँका दरले जरिवाना लिई त्यस्तो प्राइभेट फर्म नविकरण गरी दिन सक्नेछ" भन्ने उल्लेख छ ।

अतः मिति २०६९ साल मंसिर ४ भित्र नविकरण गराउन नसकी प्रचलित कानून बमोजिम खारेजभागी भएका प्राइभेट फर्मका धनीले त्यस्ता प्राइभेट फर्म खारेज गराउन सम्बन्धित कार्यालयमा दरखास्त दिएमा मिति २०६९ साल मंसिर ४ गतेसम्म उक्त प्राइभेट फर्म सञ्चालनमा नै रहेको स्वतः मानिने हुँदा उक्त प्राइभेट फर्मको यो अवधिसम्मको नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने सबै प्रकारका बक्यौता दस्तुर तथा जरिवाना समेत सम्बन्धित कार्यालयले असुल गरी नियमानुसार खारेज गरिदिनु पर्नेछ । त्यसरी खारेजीमा परेका प्राइभेट फर्महरुबाट सरकारी बक्यौता रकम असुल नगरी खारेजी सदर गर्ने सम्बन्धित अधिकृत कर्मचारीलाई विभागीय कारवाही गरी निजबाट हानी-नोक्सानी भएको उक्त राजश्व बक्यौता रकम असुल गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

पत्र संख्या:– ०६९/७० मिति :–
२०६९/०८/०७
च.नं. ३५४५

**विषय :– <u>फर्म दर्ता सम्बन्धमा ।</u>**

श्री घरेलु तथा सना उद्योग विभाग,
त्रिपुरेश्वर, काठमाडौं ।
घरेलु तथा साना उद्योग विकास समिति,
त्रिपुरेश्वर, काठमाडौं ।

वाणिज्य सम्बन्धी प्राइभेट फर्म दर्ता गरी प्रचलित ऐन र नियममा तोकिएको अवधिभित्र (नविकरणको लागि विशेष व्यवस्था गरेको अवधिमा समेत) नविकरण नभएका प्राइभेट फर्म सम्बन्धित कार्यालयबाट रितपूर्वक खारेज गरिएपछि प्रा.फ. रजिष्ट्रेशन ऐन, २०१४ को दफा ७ (३) अनुसार १ (एक) बर्षसम्म पुनः सोही प्रोप्राइटरको नाममा सोही उद्देश्य राखी फर्म दर्ता नगर्ने तथा नगराउने व्यवस्थाका लागि अनुरोध छ । साथै, अन्य व्यक्तिका नामबाट समेत खारेज भईसकेको फर्मको नाम राखी कुनैपनि नयाँ फर्म दर्ता नगर्ने व्यवस्था हुन मातहतका कार्यालयहरुमा समेत परिपत्र हुन अनुरोध गरिन्छ ।

## आर्थिक प्रशासन शाखा, लेखा अधिकृतको जिम्मेवारी :

(१) वार्षिक बजेट तर्जुमाको लागि विवरणहरु सङ्कलन गर्ने, उपलब्ध गर्ने एवम् पुष्ट्याइहरु तयार गर्ने ।
(२) स्वीकृत बजेट निकासाको लागि कारवाही गर्ने ।
(३) बजेट खर्च गर्ने अख्तियारी तथा तथा बाँडफाँड प्राप्त भएपछि विभाग अन्तर्गतका कार्यालयहरुको निम्ति अख्तियारी तथा बाँडफाँड पत्र तयार गर्ने ।
(४) विभागको केन्द्रीय विनियोजन, राजस्व धरौटी र बेरुजुको हिसाव तयार गर्ने ।
(५) विभागमा विनियोजित रकमको निकासा प्राप्त गरी नियमानुसार खर्च गर्ने, अभिलेख राख्ने र फाँटवारी बनाउने तथा लेखापरीक्षण गराउने ।
(६) विभागीय प्रमुखलाई आर्थिक प्रशासन सम्बन्धमा राय उपलब्ध गर्ने ।
(६) प्रचलित आर्थिक कार्यविधि नियमावली बमोजिम आर्थिक प्रशासन शाखाले गर्नुपर्ने कार्य गर्ने गराउने ।

लेखापालको जिम्मेवारी :

(१) लेखा अधिकृतको निर्देशन र सुपरीवेक्षणमा कार्य गर्ने ।
(२) निर्णय भएको व्यहोरा र त्यससँग सम्बन्धित कागजात रहेको फाइल पञ्जिका बनाई सुरक्षित र व्यवस्थित तवरले राख्ने ।
(३) आफ्नो फाँटको विद्यमान फाइलहरुलाई पञ्जिका बनाई अद्यावधिक फाइलको ३ महिनाभित्र विवरण तयार गर्ने ।
(४) सम्बन्धित विषयका पूर्वपत्र एवम् फाइल तुरुन्तै पेश गर्न सक्ने गरी व्यवस्थित गरी राख्ने ।
(५) राजस्व संकलन तथा बैक दाखिला र लेखांकन एवं प्रतिवेदन गर्ने ।
(६) आफ्नो फाँटसम्बन्धी आइपर्ने अन्य कार्यहरु गर्ने गराउने ।

लेखा शाखामा कार्यरत फाँटवालाको जिम्मामा रहने कागजातहरु :

१. लेखाशाखाबाट काटिएका नगदी रसिदहरु ।
२. महालेखा परीक्षकको ढाँचामा खडा गरिएका राजश्व लेखा सम्वन्धी लेजरहरु ।
३. लेखापरीक्षणका प्रतिवेदनहरु ।
४. कायम भएका वेरुजु तथा वेरुजु फछ्र्यार्टै सम्वन्धी कागजातहरु ।
५. कार्यालयको खर्च सम्वन्धी कागजात तथा लेजरहरु ।
६. लेखा शाखाको प्रयोगका लागि स्टोर शाखाबाट प्राप्त नगदी रसिदहरु ।
७. अन्य लेखा सम्वन्धि कागजातहरु ।

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६२) काठमाडौं, फागुन ३० गते, २०६९ साल (संख्या ५४


## भाग ३

### नेपाल सरकार

### वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

### पेट्रोलियम तथा ग्यास कारोबार (नियमन) आदेश, २०६९

आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ को दफा ३ र ८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो आदेश जारी गरेको छ ।

परिच्छेद - १

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो आदेशको नाम "पेट्रोलियम तथा ग्यास कारोबार (नियमन) आदेश, २०६९" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अनुमतिपत्र" भन्नाले पेट्रोलियम कारोबार वा ग्यास कारोबार गर्न दफा ६ तथा १२ बमोजिम दिइएको अनुमति पत्र सम्झनु पर्छ ।

(ख) "अनुमतिपत्र प्राप्त कम्पनी" भन्नाले पेट्रोलियम कारोबार वा ग्यास कारोबार गर्न अनुमतिपत्र प्राप्त कम्पनी सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ सम्झनु पर्छ ।

(घ) "कच्चा तेल" भन्नाले वाष्पिकरण प्रकृयाद्वारा प्रशोधन गर्न बाँकी रहेको तरल पेट्रोलियम तेल सम्झनु पर्छ ।

(ङ) "ग्यास" भन्नाले तरल पेट्रोलियम ग्यास (एल.पि.जि.), तरलीकृत प्राकृतिक ग्यास (एल.एन.जी) तथा खाँदिएको प्राकृतिक ग्यास (सि.एन.जी) सम्झनु पर्छ र सो शब्दले मिथेन, इथेन, प्रोपेन र ब्यूटेन ग्यास समेतलाई जनाउँछ ।

(च) "ग्यास कारोबार" भन्नाले नेपालभित्र ग्यासको पैठारी, ढुवानी, सञ्चय तथा थोक बिक्री वितरण गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले सिलिण्डरमा ग्यास रिफिलिङ तथा बोटलिङ गर्ने कार्य समेतलाई जनाउँछ ।

तर सो शब्दले डिपो, डिलर वा बिक्रेताले गर्ने ग्यासको खुद्रा बिक्री वितरणलाई जनाउने छैन ।

(छ) "डिपो" भन्नाले पेट्रोलियम पदार्थ वा ग्यासको खुद्रा बिक्री वितरण गर्न अनुमतिपत्र प्राप्त कम्पनीले खोलेको डिपो सम्झनु पर्छ ।

(ज) "डिलर वा बिक्रेता" भन्नाले पेट्रोलियम पदार्थ वा ग्यासको खुद्रा बिक्री वितरण गर्न अनुमतिपत्र प्राप्त कम्पनीले नियुक्त गरेको डिलर वा बिक्रेता सम्झनु पर्छ ।

(झ) "थोक बिक्री" भन्नाले पेट्रोलियम पदार्थको हकमा न्यूनतम तीनहजार लिटर तथा ग्यासको हकमा न्यूनतम एक टन परिमाणको पेट्रोलियम पदार्थ वा ग्यासको बिक्री वितरण सम्झनु पर्छ ।

(ञ) "पेट्रोलियम कारोबार" भन्नाले नेपालभित्र पेट्रोलियम पदार्थको पैठारी, ढुवानी, सञ्चय तथा थोक बिक्री वितरण गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले कच्चा तेलको प्रशोधन (रिफाइन) गर्ने कार्य समेतलाई जनाउँछ ।

तर सो शब्दले डिपो, डिलर वा बिक्रेताले गर्ने पेट्रोलियम पदार्थको खुद्रा बिक्री वितरणलाई जनाउने छैन ।

(ट) "समिति" भन्नाले दफा ३५ बमोजिमको व्यवस्थापन तथा नियमन समिति सम्झनुपर्छ ।

(ठ) "पेट्रोलियम पदार्थ" भन्नाले मट्टीतेल, पेट्रोल, डिजेल, हवाई इन्धन वा अन्य लुब्रिकैण्ट सम्झनु पर्छ र सो शब्दले कच्चा तेल तथा मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अन्य पेट्रोलियम पदार्थलाई समेत जनाउँछ।

(ड) "मन्त्रालय" भन्नाले वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनु पर्छ।

(ढ) "विभाग" भन्नाले वाणिज्य तथा आपर्ति व्यवस्थापन विभाग सम्झनु पर्छ।

परिच्छेद - २

**पेट्रोलियम कारोबार तथा ग्यासको कारोबारको अनुमति सम्बन्धी व्यवस्था**

३. **पेट्रोलियम कारोबार वा ग्यास कारोबारको नियमन गर्ने** : (१) यो आदेश बमोजिम पेट्रोलियम कारोबार वा ग्यास कारोबारको नियमन विभागले गर्नेछ।

(२) उपदफा (१) बमोजिम नियमन गर्दा समय समयमा समितिबाट भएको निर्देशनको पालना गर्नु विभागको कर्तव्य हुनेछ।

४. **अनुमति नलिई पेट्रोलियम कारोबार गर्न नहुने** : (१) यो आदेश प्रारम्भ भए पछि कसैले पनि अनुमतिपत्र नलिई पेट्रोलियम कारोबार गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो आदेश प्रारम्भ हुँदाका बखत पेट्रोलियम कारोबार गरिरहेको कम्पनीले यो आदेश प्रारम्भ भएको मितिले एक वर्षसम्म पेट्रोलियम कारोबार गर्न वा गराउन सक्नेछ र त्यस्तो कम्पनीले यो आदेश प्रारम्भ भएको मितिले एक वर्षभित्र अनुमतिपत्र लिइसक्नु पर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि हवाई इन्धनको कारोबार नेपाल आयल निगमले गर्नेछ।

५. **पेट्रोलियम कारोबार गर्न अनुमति लिनु पर्ने** : (१) नेपालभित्र पेट्रोलियम पदार्थको पैठारी, ढुवानी, सञ्चय तथा थोक विक्री सम्बन्धी पेट्रोलियम कारोबार गर्न चाहने वा कच्चा तेल प्रशोधन (रीफाइन) गर्न चाहने कम्पनीले विभागबाट अनुमतिपत्र लिनु पर्नेछ। यस्तो अनुमति दिँदा समितिको स्वीकृतिमा विभागले उपलब्ध गराउनेछ।

(२) नेपालभित्र पेट्रोलियम पदार्थको पैठारी, ढुवानी, सञ्चय तथा थोक विक्री गर्न चाहने कम्पनीले अनुमतिपत्रको लागि एकलाख रुपैयाँ

निवेदन दस्तुर सहित देहाय बमोजिमको कागजात संलग्न गरी अनुसूची - १ बमोजिमको ढाँचामा विभाग समक्ष निवेदन दिनु पर्नेछ :-

(क) प्रचलित कानून बमोजिम कम्पनी संस्थापना भएको प्रमाण पत्र, प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

(ख) संयुक्त उपक्रममा कम्पनी संस्थापना भएको भए सो सम्बन्धी सम्झौताको प्रतिलिपि,

(ग) आफूले कारोबार गर्न चाहेको पेट्रोलियम पदार्थको पैठारी, ढुवानी, सञ्चय तथा थोक बिक्री वितरण सम्बन्धी विवरण, वार्षिक परिमाण तथा अन्य विवरण,

(घ) नेपालमा पेट्रोलियम पदार्थ पैठारी गर्ने नाका, ढुवानी गर्ने साधन तथा रुट,

(ङ) आफूले पेट्रोलियम कारोबार गर्न चाहेको क्षेत्र,

(च) कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(छ) पेट्रोलियम कारोबार गर्न यो आदेश, प्रचलित कानून, समिति तथा विभागले दिएको आदेश तथा निर्देशन पालना गर्ने कबुलियतनामा ।

(३) कच्चा तेल प्रशोधन (रीफाइन) गर्ने उद्योग सञ्चालन गर्न चाहने कम्पनीले कच्चा तेल प्रशोधन (रीफाइन) सम्बन्धी उद्योग स्थापना गर्ने अनुमतिको लागि पाँचलाख रुपैयाँ निवेदन दस्तुर सहित देहाय बमोजिमको कागजात संलग्न गरी अनुसूची - १ बमोजिमको ढाँचामा विभाग समक्ष निवेदन दिनु पर्नेछ :-

(क) प्रचलित कानून बमोजिम कम्पनी संस्थापना भएको प्रमाण पत्र, प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

(ख) संयुक्त उपक्रममा कम्पनी संस्थापना भएको भए सो सम्बन्धी सम्झौताको प्रतिलिपि,

(ग) प्रशोधन (रीफाइन) गर्न चाहेको पेट्रोलियम पदार्थ तथा प्रशोधन (रीफाइन) क्षमता,

(घ) उद्योग विभागमा उद्योग दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि,

(ङ) प्रचलित कानून बमोजिम वातारणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भीक वातावरण परीक्षण गरिएको कागजात,

(च) कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(छ) उद्योग स्थापना स्थलको चार किल्ला स्पष्ट खुलको लोकेशन प्लान र कित्ता नम्बर तथा क्षेत्रफल खुलेको सम्बन्धित नापी कार्यालयबाट प्रमाणित नक्सा,

(ज) उद्योग स्थापना भएको जग्गा उद्योग वा अनुमतिपत्र प्राप्त कम्पनीको नाममा भए सोको प्रमाण तथा लिजमा लिइएको भए कम्तीमा दश वर्षको करार सम्झौताको प्रतिलिपि,

(झ) कच्चा तेल प्रशोधन (रीफाइन) उद्योग संचालन गर्न यो आदेश, प्रचलित कानून मन्त्रालयले जारी गरेको निर्देशिका, समिति तथा विभागले दिएको आदेश तथा निर्देशन पालना गर्ने कबुलियतनामा ।

६. **पेट्रोलियम कारोबार गर्न अनुमतिपत्र दिने** : (१) दफा ५ बमोजिम निवेदन प्राप्त भएमा सो सम्बन्धमा जाँचबुझ गर्दा निवेदकलाई नेपालभित्र पेट्रोलियम पदार्थको पैठारी, ढुवानी, सञ्चय तथा थोक बिक्री सम्बन्धी पेट्रोलियम कारोबार गर्न वा कच्चा तेल प्रशोधन (रीफाइन) गर्न दिनु उपयुक्त हुने देखिएमा सोही दफाको उपदफा (२) बमोजिम निवेदन दिने निवेदकलाई पाँचलाख रुपैयाँ र उपदफा (३) बमोजिम निवेदन दिने निवेदकलाई दशलाख रुपैयाँ दस्तुर लिई नब्बे दिनभित्र विभागले समितिको निर्देशनमा पेट्रोलियम कारोबार गर्ने अनुमतिपत्र दिनेछ ।

(२) विभागले निवेदकलाई उपदफा (१) बमोजिम अनुमतिपत्र दिँदा आवश्यक शर्त तोकिदिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम निवेदकलाई अनुमतिपत्र दिँदा निवेदकले के कस्तो पेट्रोलियम कारोबार गर्न पाउने हो सो कुरा खुलाई विभागले अनुसूची - २ बमोजिमको ढाँचामा अनुमति पत्र दिनेछ ।

(४) पेट्रोलियम कारोबार गर्न अनुमतिपत्रको लागि विभागमा प्राप्त निवेदनका सम्बन्धमा जाँचबुझ गर्दा निवेदकलाई अनुमतिपत्र दिनु उपयुक्त हुने नदेखिएमा विभागले कारण खुलाई उपदफा (१) बमोजिमको अवधिभित्र निवेदकलाई लिखित जानकारी दिनु पर्नेछ ।

(५) पेट्रोलियम कारोबार वा कच्चा तेल प्रशोधन गर्न चाहने कम्पनीले उपदफा (१) बमोजिम अनुमतिपत्र दिँदा दफा ३७ बमोजिम चुक्ता पूँजी कायम गरेको निस्सा तथा पाँच वर्षको पेट्रोलियम कारोबार सम्बन्धी व्यावसायिक योजना (बिजनेश प्लान) समेत संलग्न गर्नु पर्नेछ ।

७. **अनुमतिपत्रको अवधि र नविकरण** : (१) पेट्रोलियम कारोबार सम्बन्धी अनुमतिपत्रको अवधि पाँच वर्षको हुनेछ ।

तर, परिच्छेद-४ बमोजिमको पूर्वाधार तथा मापदण्ड निर्धारीत समयभित्र पुरा नगर्ने कम्पनीको अनुमतिपत्र खारेज गरिनेछ ।

(२) अनुमतिपत्रको अवधि थप गर्न चाहने कम्पनीले उपदफा (१) बमोजिमको अवधि समाप्त हुनुभन्दा कम्तीमा पैंतीस दिन अगावै नविकरणको लागि विभाग समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनका सम्बन्धमा जाँचबुझ गर्दा अनुमतिपत्र नविकरण गर्नु उपयुक्त हुने देखिएमा विभागले दफा ६ को उपदफा (१) बमोजिमको रकम दस्तुर लिई अनुमतिपत्र पाँच वर्षको लागि नविकरण गरिदिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम जाँचबुझ गर्दा अनुमति पत्रको म्याद थप गर्न नसकिने देखिएमा विभागले सोको कारण सहितको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

८. **पेट्रोलियम कारोबार प्रारम्भ गर्न स्वीकृति लिनु पर्ने** : (१) पेट्रोलियम कारोबार गर्न अनुमतिपत्र प्राप्त कम्पनीले अनुमतिपत्र बमोजिमको पेट्रोलियम कारोबार प्रारम्भ गर्नु अघि विभागबाट स्वीकृति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेट्रोलियम कारोबार प्रारम्भ गर्न स्वीकृति लिन अनुमतिपत्र प्राप्त कम्पनीले परिच्छेद - ४ बमोजिमको पूर्वाधार तथा मापदण्ड पूरा गरेको निस्सा सहित अनुसूची - ३ बमोजिमको ढाँचामा विभाग समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा विभागले प्राविधिक खटाई निवेदकले पूर्वाधार तथा मापदण्ड पूरा गरे वा नगरेको सम्बन्धमा स्थलगत निरीक्षण गराउनेछ ।

(४) उपदफा (३) बमोजिम स्थलगत निरीक्षण गर्दा निवेदकले परिच्छेद - ४ बमोजिमको पूर्वाधार तथा मापदण्ड पूरा गरेको देखिएमा विभागले निवेदकलाई देहायको पेट्रोलियम कारोबारको लागि देहाय

बमोजिमको रकम विभागको नाममा जम्मा गर्न सात दिनको म्याद दिनेछ :-

(क) नेपालभित्र पेट्रोलियम पदार्थको पैठारी, ढुवानी, सञ्चय तथा थोक विक्री गर्ने कम्पनीको लागि पचास लाख रुपैयाँ, र

(ख) कच्चा तेल प्रशोधन गर्ने उद्योग (रीफाइनरी) सञ्चालन गर्ने उद्योगको लागि एक करोड रुपैयाँ ।

(५) उपदफा (४) बमोजिमको रकम निवेदकले विभागको नाममा जम्मा गरेमा र निवेदकले दफा ९ बमोजिमको शर्त पालना गर्ने कबुलियतनामा पेश गरेमा सात दिनभित्र विभागले निवेदकलाई आवश्यक भए शर्त समेत तोकी पेट्रोलियम पदार्थको पैठारी, ढुवानी, सञ्चय, थोक विक्री वा कच्चा तेल प्रशोधन गर्ने उद्योग (रीफाइनरी) सञ्चालन गर्ने सम्बन्धी पेट्रोलियम कारोबार प्रारम्भ गर्ने अनुसूची - ४ बमोजिमको ढाँचामा स्वीकृति दिनेछ । यसरी दिएको स्वीकृतिको जानकारी समितिलाई दिनु पर्नेछ ।

(६) निवेदकलाई कुनै कारणले उपदफा (५) बमोजिम कारोबार प्रारम्भ गर्न स्वीकृति दिन नसकिने भएमा विभागले सोको कारण सहितको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

९. **पेट्रोलियम कारोबार गर्नेले पालना गर्नु पर्ने शर्तहरु** : (१) नेपालभित्र पेट्रोलियम पदार्थको पैठारी, ढुवानी सञ्चय तथा थोक विक्री सम्बन्धी पेट्रोलियम कारोबार गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले पेट्रोलियम कारोबार गर्दा देहायका शर्तहरु पालन गर्नु पर्नेछ :-

(क) सम्बन्धित उत्पादक वा बिक्रेताबाट नेपाल गुणस्तर तथा नाप तौल विभागले तोकेको गुणस्तर अनुरुपको पेट्रोलियम पदार्थ भएको प्रमाणित गर्ने निस्सा लिएर पेट्रोलियम पदार्थको पैठारी, ढुवानी, सञ्चय वा थोक बिक्री गर्ने,

(ख) नेपाल गुणस्तर तथा नापतौल विभागबाट सम्बन्धित नाकामै परीक्षण गराई स्वीकृत भएको पेट्रोलियम पदार्थ मात्र नेपाल पैठारी गर्ने,

(ग) पेट्रोलियम पदार्थ ढुवानी गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले पेट्रोलियम पदार्थ ढुवानी गर्दा ढुवानी गर्ने

साधनमा खण्ड (क) तथा (ख) बमोजिमको निस्सा राख्नु पर्ने,

(घ) पेट्रोलियम पदार्थको सञ्चय तथा बिक्री वितरण गर्दा अर्को अनुमतिपत्र प्राप्त कम्पनीसँगको पेट्रोलियम पदार्थसँग मिसाएर गर्न नपाउने,

(ङ) आफूले कारोबार गर्ने पेट्रोलियम पदार्थ, त्यस्तो पेट्रोलियम पदार्थ ढुवानी गर्ने साधन तथा त्यसको सञ्चय भण्डारको बीमा गर्नु पर्ने,

(च) अनुमतिपत्र प्राप्त कम्पनीसँग मात्र पेट्रोलियम पदार्थको ढुवानी गराउने,

(छ) पेट्रोलियम कारोबार सम्बन्धी कार्यमा संलग्न कर्मचारी तथा मजदूरको बीमा गर्नु पर्ने,

(ज) सुरक्षित रुपमा पेट्रोलियम, कारोबार गर्न समुचित सुरक्षा प्रबन्ध गर्नु पर्ने,

(झ) पेट्रोलियम पदार्थको ढुवानी गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले अनुमतिपत्र प्राप्त कम्पनी वा सोसँग सम्बन्धित पेट्रोलियम पदार्थ मात्र ढुवानी गर्ने,

(ञ) उपभोक्तालाई पेट्रोलियम पदार्थको गुणस्तर सम्बन्धी जानकारी डिपो वा डिलर तथा खुद्रा बिक्री स्थलमा उपलब्ध गराउने आवश्यक व्यवस्था मिलाउने,

(ट) पेट्रोलियम पदार्थको गुणस्तरीयता, पेट्रोलियम कारोबारमा संलग्न कामदारको सुरक्षा तथा उपभोक्तालाई सर्वसुलभ रुपमा गुणस्तरीय पेट्रोलियम पदार्थ उपलब्ध गराउने सम्बन्धमा विभागले तोकिदिएका अन्य शर्तहरु पालन गर्ने ।

(२) कच्चा तेल प्रशोधन गर्ने (रीफाइनरी) उद्योग सञ्चालन गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले कच्चा तेल प्रशोधन गर्ने (रीफाइनरी) उद्योग सञ्चालन गर्दा देहायका शर्तहरु पालन गर्नु पर्नेछ :-

(क) कच्चा तेल प्रशोधन गरी नेपाल गुणस्तर तथा नापतौल विभागले तोकेको गुणस्तर अनुरुपको पेट्रोलियम पदार्थ उत्पादन गर्ने,

(ख) आफूले उत्पादन गरेको पेट्रोलियम पदार्थको सञ्चय तथा थोक बिक्री वितरण गर्दा अन्य अनुमतिपत्र प्राप्त कम्पनीको पेट्रोलियम पदार्थसँग मिसाएर गर्न नपाउने,

(ग) कच्चा तेल प्रशोधन गर्ने (रीफाइनरी) उद्योग, आफूले प्रयोग गर्ने कच्चा तेल, आफूले उत्पादन गरेको पेट्रोलियम पदार्थ तथा सोको सञ्चय भण्डारको बीमा गर्नु पर्ने,

(घ) आफूले उत्पादन गर्ने पेट्रोलियम पदार्थको गुणस्तर सम्बन्धी जानकारी उपभोक्तालाई उपलब्ध गराउने,

(ङ) कच्चा तेल तथा आफूले उत्पादन गरेको पेट्रोलियम पदार्थ अनुमतिपत्र प्राप्त कम्पनीसँग मात्र ढुवानी गराउने,

(च) गुणस्तरीय पेट्रोलियम पदार्थ उत्पादन गर्ने सम्बन्धमा विभागले तोकिदिएका अन्य शर्तहरु पालन गर्ने ।

परिच्छेद - ३

**ग्यास कारोबार सम्बन्धी व्यवस्था**

१०. **अनुमतिपत्र नलिई ग्यास कारोबार गर्न नहुने** : (१) यो आदेश प्रारम्भ भए पछि कसैले पनि अनुमतिपत्र नलिई ग्यास कारोबार गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो आदेश प्रारम्भ हुँदाका बखत ग्यास कारोबार गरिरहेको कम्पनीले यो आदेश प्रारम्भ भएको मितिले एक वर्षसम्म ग्यास कारोबार गर्न वा गराउन सक्नेछ र त्यस्तो कम्पनीले यो आदेश प्रारम्भ भएको मितिले एक वर्षभित्र अनुमतिपत्र लिइसक्नु पर्नेछ ।

११. **ग्यास कारोबार गर्न अनुमतिपत्र लिनु पर्ने** : (१) नेपालभित्र ग्यासको पैठारी, सञ्चय, ढुवानी तथा थोक बिक्री गर्न चाहने वा नेपालमा पैठारी गरिएको ग्यास रिफिलिङ तथा बोटलिङ गर्ने ग्यास उद्योग सञ्चालन गर्न चाहने कम्पनीले अनुमतिपत्र लिनु पर्नेछ ।

(२) नेपालभित्र ग्यासको पैठारी, ढुवानी, सञ्चय तथा थोक बिक्री गर्न चाहने कम्पनीले ग्यास कारोबार गर्ने अनुमतिपत्रका लागि दूईलाख पचासहजार रुपैयाँ निवेदन दस्तुर सहित देहाय बमोजिमको कागजात

संलग्न गरी अनुसूची - ५ बमोजिमको ढाँचामा विभाग समक्ष निवेदन दिनु पर्नेछ :-

(क) प्रचलित कानून बमोजिम कम्पनी संस्थापना भएको प्रमाण पत्र,प्रवन्धपत्र तथा नियमावली को प्रतिलिपि,

(ख) संयुक्त उपक्रममा कम्पनी संस्थापना भएको भए सो सम्बन्धी सम्झौताको प्रतिलिपि,

(ग) आफूले कारोबार गर्न चाहेको ग्यासको पैठारी, ढुवानी, सञ्चय तथा थोक विक्री सम्बन्धी विवरण, वार्षिक परिमाण तथा अन्य विवरण,

(घ) नेपालमा ग्यास पैठारी गर्ने नाका, ढुवानी गर्ने साधन तथा रुट,

(ङ) आफूले ग्यास कारोबार गर्न चाहेको क्षेत्र,

(च) कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, र

(छ) ग्यास कारोबार गर्न यो आदेश, प्रचलित कानून, मन्त्रालयले जारी गरेको निर्देशिका, समिति तथा विभागले दिएको आदेश तथा निर्देशन पालना गर्ने कबुलियतनामा ।

(३) नेपालमा पैठारी गरिएको ग्यास रिफिलिङ तथा बोटलिङ गर्ने ग्यास उद्योग सञ्चालन गर्न चाहने कम्पनीले अनुमतिपत्रको लागि एकलाख रुपैयाँ निवेदन दस्तुर सहित देहाय बमोजिमको कागजात संलग्न गरी अनुसूची - ५ बमोजिमको ढाँचामा विभाग समक्ष निवेदन दिनु पर्नेछ :-

(क) प्रचलित कानून बमोजिम कम्पनी संस्थापना भएको प्रमाण पत्र, प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

(ख) संयुक्त उपक्रममा कम्पनी संस्थापना भएको भए सो सम्बन्धी सम्झौताको प्रतिलिपि, ।

(ग) ग्यास रिफिलिङ तथा बोटलिङ गर्ने उद्योगको क्षमता,

(घ) उद्योग विभागमा उद्योग दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि,

(ङ) प्रचलित कानून बमोजिम वातारणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भीक वातावरण परीक्षण गरिएको कागजात,

(च) कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(छ) उद्योग स्थापना स्थलको चार किल्ला स्पष्ट खुलको लोकेशन प्लान र कित्ता नम्बर तथा क्षेत्रफल खुलेको सम्बन्धित नापी कार्यालयबाट प्रमाणित नक्सा,

(ज) उद्योग स्थापना भएको जग्गा उद्योग वा अनुमतिपत्र प्राप्त कम्पनीको नाममा भए सोको प्रमाण तथा लिजमा लिइएको भए कम्तीमा दश वर्षको करार सम्झौताको प्रतिलिपि,

(झ) ग्यास रिफिलिङ तथा बोटलिङ गर्न यो आदेश, प्रचलित कानून, समिति तथा विभागले दिएको आदेश तथा निर्देशन पालना गर्ने कबुलियतनामा ।

१२. **ग्यास कारोबार गर्ने अनुमतिपत्र दिने** : (१) दफा ११ बमोजिम निवेदन प्राप्त भएमा सो सम्बन्धमा जाँचबुझ गर्दा निवेदकलाई नेपालभित्र ग्यासको पैठारी, ढुवानी, सञ्चय तथा थोक विक्री गर्न वा ग्यास रिफिलिङ तथा बोटलिङ गर्ने उद्योग सञ्चालन गर्न अनुमति दिनु उपयुक्त हुने देखिएमा विभागले समितिको निर्देशनमा ग्यांस कारोवारको लागि पन्ध्र लाख रुपैया र रिफिलिङ तथा वोटलिङ ल्पान्टको अनुमति दिंन दशलाख रुपैयाँ दस्तुर लिई नब्बे दिनभित्र अनुमतिपत्र दिनेछ ।

(२) विभागले निवेदकलाई उपदफा (१) बमोजिम अनुमतिपत्र दिँदा आवश्यक शर्त तोकिदिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम निवेदकलाई अनुमतिपत्र दिँदा निवेदकले के कस्तो ग्यास कारोबार गर्न पाउने हो सो कुरा खुलाई विभागले अनुसूची - ६ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ ।

(४) ग्यास कारोबार गर्ने अनुमतिपत्रको लागि विभागमा प्राप्त निवेदनका सम्बन्धमा जाँचबुझ गर्दा निवेदकलाई अनुमतिपत्र दिनु उपयुक्त हुने नदेखिएमा विभागले कारण खुलाई उपदफा (१) बमोजिमको अवधिभित्र निवेदकलाई लिखित जानकारी दिनु पर्नेछ ।

(५) ग्यास कारोबार रिफिलिङ तथा वोटलिङ गर्न चाहने कम्पनीले उपदफा (१) बमोजिम अनुमतिपत्र दिँदा दफा ३७ बमोजिम चुक्ता पूँजी

कायम गरेको निस्सा तथा पाँच वर्षको ग्यास कारोबार सम्बन्धी व्यावसायिक योजना (बिजनेश प्लान) समेत संलग्न गर्नु पर्नेछ ।

१३. **अनुमतिपत्रको अवधि र नविकरण** : (१) ग्यास कारोबार रिफिलिङ तथा वोटलिङ सम्बन्धी अनुमतिपत्रको अवधि **पाँच वर्ष**को हुनेछ ।

तर,परिच्छेद-५ बमोजिमको पूर्वाधार तथा मापदण्ड पूरा नगर्ने कम्पनीको अनुमतिपत्र खारेज गरिनेछ ।

(२) अनुमति पत्रको अवधि थप गर्न चाहने अनुमतिपत्र प्राप्त कम्पनीले उपदफा (१) बमोजिमको अवधि समाप्त हुनुभन्दा कम्तीमा पैंतीस दिन अगावै नविकरणको लागि विभाग समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनका सम्बन्धमा जाँचबुझ गर्दा अनुमतिपत्र नविकरण गर्नु उपयुक्त हुने देखिएमा विभागले ग्यास कारोवारको हकमा पन्ध्रलाख रुपैयाँ र रिफिलिङ तथा वोटलिङ उद्योगको हकमा दश लाख रुपैयाँ दस्तुर लिई अनुमतिपत्र पाँच वर्षको लागि नविकरण गरिदिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम जाँचबुझ गर्दा अनुमति पत्र नविकरण गर्न नसकिने देखिएमा विभागले सोको कारण सहितको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

१४. **ग्यास कारोबार प्रारम्भ गर्न स्वीकृति लिनु पर्ने** : (१) ग्यास कारोबार गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले ग्यास कारोबार प्रारम्भ गर्नु अघि विभागबाट स्वीकृति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृति लिन अनुमतिपत्र प्राप्त कम्पनीले परिच्छेद - ५ बमोजिमको पूर्वाधार तथा मापदण्ड पूरा गरेको निस्सा सहित अनुसूची - ७ बमोजिमको ढाँचामा विभाग समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा विभागले प्राविधिक खटाई आवश्यक पूर्वाधार तथा मापदण्ड पूरा गरे वा नगरेको सम्बन्धमा स्थलगत निरीक्षण गराउनेछ ।

(४) उपदफा (३) बमोजिम स्थलगत निरीक्षण गर्दा निवेदकले परिच्छेद - ५ बमोजिमको पूर्वाधार तथा मापदण्ड पूरा गरेको देखिएमा विभागले निवेदकहरुलाई रिफिलिङ तथा वोटलिङ उद्योगका लागि

पन्धलाख रुपैया र ग्यांस उद्योगको लागि निवेदकलाई तीसलाख रुपैयाँ रकम विभागको नाममा धरौटी जम्मा गर्न सात दिनको म्याद दिनेछ ।

(५) उपदफा (४) बमोजिमको रकम निवेदकले विभागको नाममा जम्मा गरेमा र निवेदकले दफा १५ बमोजिमको शर्त पालना गर्ने कबुलियतनामा पेश गरेमा सात दिनभित्र विभागले निवेदकलाई आवश्यक भए शर्त समेत तोकी ग्यास पैठारी, सञ्चय, ढुवानी तथा थोक विक्री वा ग्यास रिफिलिङ तथा बोटलिङ गर्ने उद्योग प्रारम्भ गर्न विभागले समितिको निर्देशनमा अनुसूची - ८ बमोजिमको ढाँचामा स्वीकृतिपत्र दिनेछ ।

(६) निवेदकलाई कुनै कारणले उपदफा (५) बमोजिम कारोबार प्रारम्भ गर्न स्वीकृति दिन नसकिने भएमा विभागले सोको कारण सहितको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

१५. **ग्यास कारोबार गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले पालना गर्नु पर्ने शर्तहरु** : (१) नेपालभित्र ग्यास पैठारी, ढुवानी, सञ्चय तथा थोक विक्री गर्न अनुमतिपत्र प्राप्त कम्पनीले ग्यास कारोबार गर्दा देहायका शर्तहरु पालन गर्नु पर्नेछ :-

(क) सम्बन्धित उत्पादक वा बिक्रेताबाट नेपाल गुणस्तर तथा नाप तौल विभागले तोकेको गुणस्तर अनुरुपको ग्यास भएको प्रमाणित गर्ने निस्सा लिएर ग्यास पैठारी, ढुवानी, सञ्चय वा बिक्री वितरण गर्ने,

(ख) नेपाल गुणस्तर तथा नापतौल विभागबाट सम्बन्धित नाकामै परीक्षण गराई स्वीकृत भएको ग्यास मात्र नेपाल पैठारी गर्ने,

(ग) ग्यास ढुवानी गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले ग्यास ढुवानी गर्दा ढुवानी गर्ने साधनमा खण्ड (क) तथा (ख) बमोजिमको निस्सा राख्नु पर्ने,

(घ) ग्यासको पैठारी, ढुवानी, सञ्चय तथा बिक्री वितरण गर्दा अन्य अनुमतिपत्र प्राप्त कम्पनीको ग्याससँग मिसाएर गर्न नपाउने,

(ङ) ग्यास ढुवानी गर्ने अनुमतिपत्र प्राप्त कम्पनीबाट मात्र ग्यासको ढुवानी गराउने,

(च) आफूले कारोबार गर्ने ग्यास, ग्यास ढुवानी गर्ने साधन तथा त्यसको सञ्चय भण्डारको बीमा गर्नु पर्ने,

(छ) ग्यास कारोबार सम्बन्धी कार्यमा संलग्न कर्मचारी तथा मजदूरको बीमा गर्नु पर्ने,

(ज) ग्यासको ढुवानी गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले ग्यासको कारोबार गर्ने अनुमतिपत्र प्राप्त कम्पनीको वा सोसँग सम्बन्धित ग्यास मात्र ढुवानी गर्ने,

(झ) सुरक्षित रुपमा ग्यास कारोबार गर्न समुचित सुरक्षा प्रबन्ध गर्नु पर्ने,

(ञ) उपभोक्तालाई ग्यासको गुणस्तर सम्बन्धी जानकारी डिपो तथा डिलर वा खुद्रा बिक्री स्थलमा उपलब्ध गराउने आवश्यक व्यवस्था मिलाउने,

(ट) ग्यासको गुणस्तरीयता, ग्यास कारोबारमा संलग्न कामदारको सुरक्षा तथा उपभोक्तालाई सर्वसुलभ रुपमा गुणस्तरीय ग्यास उपलब्ध गराउने सम्बन्धमा विभागले तोकिदिएका अन्य शर्तहरु पालन गर्ने ।

(२) ग्यास रिफिलिङ तथा बोटलिङ गर्ने उद्योग सञ्चालन गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले ग्यास रिफिलिङ तथा बोटलिङ उद्योग सञ्चालन गर्दा देहायका शर्तहरु पालन गर्नु पर्नेछ :-

(क) नेपाल गुणस्तर तथा नापतौल विभागले तोकेको गुणस्तर अनुरुपको ग्यास रिफिलिङ तथा बोटलिङ गर्ने,

(ख) आफूले ग्यास रिफिलिङ तथा बोटलिङ गर्दा अन्य अनुमतिपत्र प्राप्त कम्पनीसँग मिसाएर गर्न नपाउने,

(ग) ग्यास रिफिलिङ तथा बोटलिङ गर्ने उद्योग, आफूले प्रयोग गर्ने ग्यास, आफूले रफिलिङ तथा बोटलिङ गरेको ग्यास सञ्चय भण्डारको बीमा गर्नु पर्ने,

(घ) आफूले रफिलिङ तथा बोटलिङ गरेको ग्यासको गुणस्तर सम्बन्धी जानकारी उपभोक्तालाई उपलब्ध गराउने,

(ङ) आफूले प्रयोग गर्ने ग्यास ग्यास ढुवानी अनुमतिपत्र प्राप्त कम्पनीबाट मात्र ढुवानी गराउने,

(च) नेपाल सरकारबाट जारी भएको आदेश, मन्त्रालयले जारी गरको निर्देशिका बमोजिम नीलो तथा रातो ग्यास सिलिण्डरमा ग्यास रिफिलिङ तथा बोटलिङ गर्नु पर्ने,

(छ) सुरक्षित तथा गुणस्तरीय रुपमा ग्यास रिफिलिङ तथा बोटलिङ गर्ने सम्बन्धमा विभागले तोकिदिएका अन्य शर्तहरु पालन गर्ने ।

परिच्छेद - ४

## पेट्रोलियम कारोबार सम्बन्धी पूर्वाधार तथा मापदण्ड

१६. **पेट्रोलियम कारोबारको लागि तयार गर्नु पर्ने पूर्वाधार** : (१) नेपालभित्र पेट्रोलियम पदार्थको पैठारी, ढुवानी, सञ्चय तथा थोक विक्री गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले कारोबार गर्ने स्वीकृतिपत्र प्राप्त गरेको मितिले दुई वर्षभित्र देहाय बमोजिमका पूर्वाधार तयार गर्नु पर्नेछ :-

(क) कम्तीमा बीसहजार किलो लिटर पेट्रोलियम पदार्थ मौज्दात रहन सक्ने गरी कम्तीमा एउटा सञ्चय भण्डार स्थापना गर्नु पर्ने,

(ख) एकभन्दा बढी प्रकारको पेट्रोलियम पदार्थ कारोबार गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले प्रत्येक प्रकारको पेट्रोलियम पदार्थको सञ्चयका लागि खण्ड (क) बमोजिमको सञ्चय भण्डारको स्थापना गर्नु पर्ने,

(ग) पेट्रोलियम सञ्चय भण्डारको मापदण्ड परिच्छेद - ६ बमोजिमको हुनु पर्ने,

(घ) पेट्रोलियम पदार्थको ढुवानी नगर्ने अनुमतिपत्र प्राप्त कम्पनीले पेट्रोलियम पदार्थको ढुवानी गर्न अनुमतिपत्र प्राप्त कम्पनीसँग सम्झौता गरेको हुनु पर्ने,

(ङ) पेट्रोलियम पदार्थको ढुवानी गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले पेट्रोलियम पदार्थको ढुवानी गर्दा दफा १७ बमोजिमको मापदण्ड अनुरुपको ढुवानी गर्ने साधनको प्रयोग गर्नु पर्ने,

(च) पेट्रोलियम पदार्थको ढुवानी गर्ने अनुमतिपत्र प्राप्त कम्पनीसँग कम्तीमा तीनवटा पेट्रोलियम पदार्थ ढुवानी गर्ने साधन हुनु पर्ने,

(छ) पेट्रोलियम पदार्थको बिक्री वितरणको लागि आवश्यक व्यापारिक सञ्जाल (कमर्सियल नेटवर्क) को व्यवस्था हुनु पर्ने,

(२) कच्चा तेल प्रशोधन (रीफाइन) गर्ने उद्योग सञ्चालन गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले कारोबार गर्न स्वीकृतिपत्र प्राप्त गरेको तीन वर्षभित्र देहाय बमोजिमको पूर्वाधार तयार गर्नु पर्नेछ :-

(क) कम्तीमा असीहजार मेट्रीक टन कच्चा तेल मौज्दात रहन सक्ने गरी कम्तीमा एउटा सञ्चय भण्डार स्थापना गर्नु पर्ने,

(ख) कम्तीमा बीसहजार किलो लिटर पेट्रोलियम पदार्थ मौज्दात रहन सक्ने गरी सञ्चय भण्डार स्थापना गर्नु पर्ने,

(ग) पेट्रोलियम सञ्चय भण्डारको मापदण्ड परिच्छेद - ६ बमोजिमको हुनु पर्ने,

(घ) आफूले पेट्रोलियम पदार्थको बिक्री वितरण समेत गर्ने भएमा आवश्यक व्यापारिक सञ्जाल (कमर्सियल नेटवर्क) को व्यवस्था हुनु पर्ने,

(ङ) कच्चा तेल तथा आफूले उत्पादन गरेको पेट्रोलियम पदार्थको ढुवानीका लागि अनुमतिपत्र प्राप्त कम्पनीसँग सम्झौता गरेको हुनु पर्ने,

(च) कच्चा तेल प्रशोधन (रीफाइन) गर्ने उद्योगमा विभागले तोकिदिए बमोजिमको प्राकृतिक तथा सामाजिक वातावरण, अग्नि सूरक्षा, स्वास्थ्य सम्बन्धी सुविधा तथा उद्योगबाट निस्कने फोहरको समुचित व्यवस्थापन गर्नु पर्ने,

(छ) कच्चा तेल प्रशोधन (रीफाइन) गर्ने उद्योगको सुरक्षाको लागि विभागले तोकिदिए बमोजिमको सुरक्षा उपकरणको व्यवस्था गर्नु पर्ने ।

(३) पेट्रोलियम कारोबार गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले उपदफा (१) वा (२) बमोजिमको पूर्वाधार तयार गरी सोको विवरण विभागलाई दिनु पर्नेछ ।

(४) उपदफा (१) तथा (२) बमोजिमको अवधिभित्र अनुमतिपत्र प्राप्त कम्पनीले सो उपदफामा उल्लिखित पूर्वाधार तयार गर्न नसकेमा सो को कारण खुलाई अवधि थपको लागि विभाग समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन प्राप्त भएमा र जाँचबुझ गर्दा निवेदकले उल्लेख गरेको कारण मनासिव देखिएमा विभागले उपदफा (१) तथा (२) बमोजिमको पूर्वाधार तयार गर्न पचास प्रतिशत थप दस्तुर लिई एक बर्ष सम्मको अवधि थप गरिदिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम थप गरिएको अवधि भित्र पनि पूर्वाधार तयार नगर्ने कम्पनीको अनुमतिपत्र खारेज गरिनेछ ।

१७. **पेट्रोलियम पदार्थको ढुवानी गर्ने साधनले पूरा गर्नु पर्ने मापदण्ड** : (१) पेट्रोलियम पदार्थको ढुवानी गर्ने साधनले पूरा गर्नु पर्ने मापदण्ड देहाय बमोजिम हुनेछ :-

(क) त्यस्तो साधनको चेसिस बनेको वर्षलाई छोडेर गणना गर्दा पन्ध्र वर्षभन्दा पुरानो मोडेलको हुनु नहुने,

(ख) ढुवानीको साधनमा एक्स्प्लोसिभ लाइसेन्स हुनु पर्ने,

(ग) ढुवानीको साधन निर्माण गर्न प्रयोग हुने धातु तथा सोमा गरिने सबै वायरिङ अग्नि निरोधक (फायर प्रुफ) हुनु पर्ने,

(घ) ढुवानीको साधन मन्त्रालयले जारी गरेको निर्देशिका बमोजिम बनाएको हुनु पर्ने,

(ङ) ढुवानीको साधनमा मन्त्रालयले जारी गरेको निर्देशिका बमोजिमका पूर्वाधारको व्यवस्था हुनु पर्ने,

(च) ढुवानीको साधनमा अग्नि नियन्त्रणका लागि दश के.जी. क्षमताको कम्तीमा दुई वटा अग्नि नियन्त्रक (फायर एक्टिङ्गग्यूसर) हुनु पर्ने,

(छ) ढुवानीको साधनले क्यालिब्रेशन प्रमाणपत्र प्राप्त गरेको हुनु पर्ने,

(ज) ढुवानीको साधन प्रत्येक वर्ष विभागले गर्ने उपयुक्तता सम्बन्धी परीक्षण (फिटनेस टेस्ट) मा सफल हुनु पर्ने,

(झ) ढुवानीको साधन सञ्चालन गर्न प्रचलित कानून बमोजिम रोड परमीट प्राप्त गरेको हुनु पर्ने,

(ञ) ढुवानीको साधनमा विभागले तोकिदिए बमोजिम रङ रोगन लगाउनु पर्ने,

(ट) १२ के. एल. भन्दा बढी क्षमताको ढुवानीको साधन प्रयोग गर्ने भएमा यातायात व्यवस्था विभागबाट स्वीकृति प्राप्त गरेको हुनु पर्ने ।

(२) पेट्रोलियम पदार्थ ढुवानी गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले पेट्रोलियम पदार्थ ढुवानी गर्दा कुनै प्रकारको दुर्घटना हुन नदिन ढुवानी गर्ने साधनको नियमित मर्मत सम्भार तथा परीक्षण गर्ने, आगोजन्य वस्तुको प्रयोग गर्न नदिने लगायतका आवश्यक सतर्कता अपनाउनु पर्नेछ ।

१८. **कच्चा तेलको प्रशोधन (रीफाइन) उद्योगले पूरा गर्नु पर्ने मापदण्ड** : पैठारी गरेको कच्चा तेलको प्रशोधन (रीफाइन) गर्ने उद्योगले देहायका मापदण्डहरु पूरा गर्नु पर्नेछ :-

(क) उद्योग शहर वा घनावस्तीबाट कम्तीमा दश किलो मिटरको दुरीमा स्थापना गर्नु पर्ने,

(ख) उद्योगले फोहोर मैला व्यवस्थापन तथा वातावरण संरक्षणका लागि प्रचलित कानून बमोजिमका मापदण्डहरु पूरा पर्ने,

(ग) नेपाल गुणस्तर तथा नाप तौल विभागले तोकेको गुणस्तरमा दैनिक कम्तीमा विभागले तोकिदिए बमोजिमको परिमाणमा प्रशोधन (रीफाइन) गरी पेट्रोलियम पदार्थ उत्पादन गर्न सक्ने क्षमता हुनु पर्ने,

(घ) उद्योगमा कार्यरत कर्मचारी तथा कामदारहरुको बीमा गर्नु पर्ने,

(ङ) गुणस्तरीय पेट्रोलियम पदार्थ उत्पादन तथा उद्योग एवम् सोमा कार्यरत कर्मचारी तथा कामदारहरुको सुरक्षाको लागि विभागले तोकिदिएका मापदण्डहरु पूरा गर्नु पर्ने ।

परिच्छेद - ५

## ग्यास कारोबार सम्बन्धी पूर्वाधार तथा मापदण्ड

१९. **ग्यास कारोबारको लागि तयार गर्नु पर्ने पूर्वाधार** : (१) नेपालभित्र ग्यासको पैठारी, ढुवानी, सञ्चय तथा थोक बिक्री सम्बन्धी कारोबार गर्न स्वीकृतिपत्र प्राप्त गरेको दुई बर्ष भित्र देहाय बमोजिमका पूर्वाधार तयार गर्नु पर्नेछ :-

(क) कम्तीमा पाँच हजार मेट्रीक टन ग्यास मौज्दात रहन सक्ने गरी कम्तीमा एउटा सञ्चय भण्डार स्थापना गर्नु पर्ने,

(ख) ग्यास सञ्चय भण्डारको मापदण्ड परिच्छेद -६ बमोजिमको हुनु पर्ने,

(ग) ग्यासको ढुवानीका लागि अनुमतिपत्र प्राप्त कम्पनीसँग सम्झौता गरेको हुनु पर्ने,

(घ) ग्यासको ढुवानी गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले ग्यास ढुवानी गर्दा दफा २० बमोजिमको मापदण्ड अनुरुपको ढुवानी गर्ने साधनको प्रयोग गर्नु पर्ने,

(ङ) ग्यासको ढुवानी गर्ने अनुमतिपत्र प्राप्त कम्पनीसँग आवश्यक संख्यामा ग्यास ढुवानी गर्ने साधन हुनु पर्ने,

(च) ग्यास बिक्री वितरणको लागि आवश्यक व्यापारिक सञ्जाल (कमर्सियल नेटवर्क) को व्यवस्था हुनु पर्ने ।

(२) ग्यास रिफिलिङ तथा बोटलिङ गर्ने उद्योग सञ्चालन गर्न अनुमतिपत्र प्राप्त कम्पनीले कारोबार गर्न स्वीकृतिपत्र प्राप्त गरेको दुई वर्षभित्र देहाय बमोजिमको पूर्वाधार तयार गर्नु पर्नेछ :-

(क) कम्तीमा पाँचसय मेट्रीक टन ग्यास मौज्दात रहन सक्ने गरी कम्तीमा एउटा सञ्चय भण्डार स्थापना गर्नु पर्ने,

(ख) कम्तीमा बीसहजार सिलिण्डर राख्न सकिने गरी कम्तीमा एउटा ग्यास सिलिण्डर सञ्चय भण्डार स्थापना गर्नु पर्ने,

(ग) खण्ड (क) बमोजिमको सञ्चय भण्डारको मापदण्ड परिच्छेद -६ बमोजिमको हुनु पर्ने,

(घ) आफूले ग्यासको बिक्री वितरण समेत गर्ने भएमा आवश्यक व्यापारिक सञ्जाल (कमर्सियल नेटवर्क) को व्यवस्था हुनु पर्ने,

(ङ) ग्यासको ढुवानीका लागि अनुमतिपत्र प्राप्त कम्पनीसँग सम्झौता गरेको हुनु पर्ने,

(च) उद्योगमा विभागले तोकिदिए बमोजिमको प्राकृति तथा सामाजिक वातावरण, अग्नि सूरक्षा, स्वास्थ्य सम्बन्धी सुविधा तथा उद्योगबाट निस्कने फोहरको समुचित व्यवस्थापन गर्नु पर्ने,

(छ) उद्योगको सुरक्षाका लागि विभागले तोकिदिए बमोजिमको सुरक्षा उपकरणको व्यवस्था गर्नु पर्ने ।

(३) ग्यास रिफिलिङ्ग तथा बोटलीङ्ग गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले उपदफा (१) वा (२) बमोजिमको पूर्वाधार तयार गरी सोको विवरण विभागलाई दिनु पर्नेछ ।

(४) उपदफा (१) तथा (२) बमोजिमको अवधिभित्र अ प्राप्त कम्पनीले सो उपदफामा उल्लिखित पूर्वाधार तयार गर्न ।। सो को कारण खुलाई अवधि थपको लागि विभाग समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन प्राप्त भएमा र जाँचबुझ गर्दा निवेदकले उल्लेख गरेको कारण मनासिव देखिएमा विभागले उपदफा (१) तथा (२) बमोजिमको पूर्वाधार तयार गर्न पचास प्रतिशत थप दस्तुर लिई एक बर्ष सम्मको अवधि थप गरिदिन सक्नेछ ।

(६) उपदफा (५) कमोजिम थप गरिएको अवधि भित्र पनि पूर्वाधार तयार नगर्ने कम्पनीको अनुमतिपत्र खारेज गरिनेछ ।

२०. **ग्यासको ढुवानी गर्ने साधनले पूरा गर्नु पर्ने मापदण्ड** : (१) ग्यास ढुवानी गर्ने साधनले पूरा गर्नु पर्ने मापदण्ड देहाय बमोजिम हुनेछ :-

(क) त्यस्तो साधनको चेसिस बनेको साललाई छोडेर गणना गर्दा पन्ध्र वर्ष भन्दा पुरानो मोडेलको हुनु नहुने,

(ख) ढुवानीको साधनमा एक्स्प्लोसिभ लाइसेन्स हुनु पर्ने,

(ग) ढुवानीको साधन निर्माण गर्न प्रयोग हुने धातु तथा सोमा गरिने सबै वायरिङ अग्नि निरोधक (फायर प्रुफ) हुनु पर्ने

(घ) ढुवानीको साधन मन्त्रालयले जारी गरेको निर्देशिका बमोजिम बनाएको हुनु पर्ने,

(ङ) ढुवानीको साधनमा मन्त्रालयले जारी गरेको निर्देशिका बमोजिमको पूर्वाधारको व्यवस्था हुनु पर्ने,

(च) ढुवानीको साधनमा अग्नि नियन्त्रणका लागि दश के.जी. क्षमताको कम्तीमा दुइवटा अग्नि नियन्त्रक (फायर एक्टिङ्ग्यूसर) हुनु पर्ने,

(छ) ढुवानीको साधनले क्यालिब्रेशन प्रमाणपत्र प्राप्त गरेको हुनु पर्ने,

(ज) ढुवानीको साधन प्रत्येक वर्ष विभागले गर्ने उपयुक्तता सम्बन्धी परीक्षण (फिटनेस टेस्ट) मा सफल हुनु पर्ने,

(झ) ढुवानीको साधन सञ्चालन गर्न प्रचलित कानून बमोजिम रोड परमीट प्राप्त गरेको हुनु पर्ने,

(ञ) ढुवानीको साधनमा विभागले तोकिदिए बमोजिम रङ रोगन लगाउनु पर्ने,

(ट) बाऱ्ह के. एल. भन्दा बढी क्षमताको ढुवानीको साधन प्रयोग गर्ने भएमा यातायात व्यवस्था विभागबाट स्वीकृति प्राप्त गरेको हुनु पर्ने,

(२) ग्यास ढुवानी गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले ग्यास ढुवानी गर्दा कुनै प्रकारको दुर्घटना हुन नदिन ढुवानी गर्ने साधनको नियमित मर्मत सम्भार तथा परीक्षण गर्ने, आगोजन्य वस्तुको प्रयोग गर्न नदिने लगायतका आवश्यक सतर्कता अपनाउनु पर्नेछ ।

२१. **ग्यास रिफिलिङ तथा बोटलिङ गर्ने उद्योगले पूरा गर्नु पर्ने मापदण्ड** : (१) ग्यास रिफिलिङ तथा बोटलिङ गर्ने उद्योगले देहायका मापदण्डहरु पूरा गर्नु पर्नेछ :-

(क) उद्योग शहर वा घनावस्तीबाट कम्तीमा पाँच किलो मिटरको दुरीमा स्थापना गर्नु पर्ने,

(ख) उद्योगले फोहोर मैला व्यवस्थापन तथा वातावरण संरक्षणका लागि प्रचलित कानून बमोजिमका मापदण्डहरु पूरा पर्ने,

(ग) ग्यास सिलिण्डर भण्डारण गर्न पाँचसय मेट्रीक टन क्षमताको सञ्चय भण्डार स्थापना गर्नु पर्ने,

(घ) उद्योगमा स्वचालित ग्यास रिफिल प्रविधि जडान गर्नु पर्ने,

(ङ) ग्यास उद्योगको क्षमता दैनिक (२५० मेट्रीक टन / १४.२ के.जी) परिमाणमा ग्यास भरण गर्न सक्ने हुनु पर्ने,

(च) विभागले तोकिदिएको तौल, आकार, रङ्ग र गुणस्तरका सिलिण्डर प्रयोग गर्नु पर्ने,

(छ) विभागले तोकिदिएको संख्याको ग्यास सिलिण्डरको व्यवस्था गर्नु पर्ने,

(ज) ग्यास सिलिण्डरमा विभागले तोकिदिएको परिमाणको ग्यास भर्नु पर्ने,

(झ) उद्योग तथा उद्योगमा कार्यरत कर्मचारी तथा कामदारहरुको बीमा गर्नु पर्ने,

(ञ) गुणस्तरीय ग्यास तथा उद्योग एवम् सोमा कार्यरत कर्मचारी तथा कामदारहरुको सुरक्षाको लागि विभागले तोकिदिएका मापदण्डहरु पूरा गर्नु पर्ने ।

(२) ग्यास रिफिलिङ तथा बोटलिङ गर्ने उद्योगले ग्यास सिलिण्डरमा ग्यास भर्ने प्रकृया, ग्यास सिलिण्डरको सुरक्षाका लागि गर्नु पर्ने कार्य तथा अपनाउनु पर्ने सावधानी तथा अन्य कुराहरु मन्त्रालयले जारी गरेको निर्देशिका बमोजिम हुनेछ ।

परिच्छेद - ६

## सञ्चय भण्डार सम्बन्धी मापदण्ड

२२. **पेट्रोलियम पदार्थको सञ्चय भण्डार सम्बन्धी मापदण्ड** : यो आदेश प्रारम्भ भएपछि अनुमतिपत्र प्राप्त कम्पनीले पेट्रोलियम पदार्थको सञ्चय भण्डार स्थापना गर्दा देहायको मापदण्ड पूरा गर्नु पर्नेछ :-

(क) सञ्चय भण्डार शहरबजार, घनाबस्ती, सर्वसाधारण भेला वा जमघट हुने स्थान, विद्यालय, अस्पताल, चलचित्र घर, पानीको मुहान, ईंटा भट्टा, हाट बजार आदिबाट कम्तीमा पाँच किलो मिटरको दूरीमा स्थापना गर्नु पर्ने,

(ख) नेपाल स्ट्याण्डर्ड नतोकिएसम्म सञ्चय भण्डार इण्डियन स्ट्याण्डर्ड (आई. एम.), ब्रिटिस स्ट्याण्डर्ड (बि.एम.) वा अमेरिकन स्ट्याण्डर्ड (ए. एस. टि. एम) मा उल्लिखित मापदण्ड अनुरुपको हुने पर्ने,

(ग) सञ्चय भण्डार बाहिरी पर्खाल (बाउण्ड्री वाल) देखि कम्तीमा पच्चीस मिटर भित्र हुनु पर्ने,

(घ) आगजनी सुरक्षित क्षेत्र (फायर सेफ्टी जोन) बनाई सो भित्र सञ्चय भण्डारण राख्नु पर्ने,

(ङ) पेट्रोलियम पदार्थ भण्डारण ट्याङ्की घेर्ने छुट्टै पर्खाल (ट्याङ्की इन्क्लोजर वाल) समेत बनाउनु पर्ने,

(च) पेट्रोलियम पदार्थ भण्डारण गर्ने ट्याङ्की निर्माणको लागि चाहिने स्टिल प्लेट, पाइप लाइन, गेट भल्भ, प्रेसर रिलिज भल्भ, आवश्यक पम्प गर्ने संयन्त्र र उपकरणहरु आगो निरोधक (फायर प्रुफ वा स्पार्क फ्रि) हुनु पर्ने,

(छ) सञ्चय भण्डारको स्थापना गर्दा फोहोरमैला व्यवस्थापन सम्बन्धी कानून तथा वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिमका मापदण्डहरु पूरा पर्ने,

(ज) पेट्रोलियम पदार्थ भण्डारण गर्न तथा भण्डारबाट पेट्रोलियम पदार्थ वा ग्यास झिक्न बाटो सहितका पूर्वाधारहरुको व्यवस्था गर्नु पर्ने,

(झ) सञ्चय भण्डारमा कार्यरत कर्मचारी तथा कामदारहरुको बीमा गर्नु पर्ने,

(ञ) विभागले तोकिदिए बमोजिम सञ्चय भण्डारमा वा सञ्चय भण्डारबाट पेट्रोलियम पदार्थ ट्याङ्कलरी (कन्टेनर) मा राख्नु (लोड) गर्नु पर्ने र झिक्नु (अनलोड) गर्नु पर्ने,

(ट) विभागले तोकिदिए बमोजिमका सुरक्षा उपकरण तथा सुरक्षा सम्बन्धी व्यवस्था गर्नु पर्ने ।

२३. **ग्यासको सञ्चय भण्डार सम्बन्धी मापदण्ड** : यो आदेश प्रारम्भ भएपछि अनुमतिपत्र प्राप्त कम्पनीले ग्यासको सञ्चय भण्डार स्थापना गर्दा देहायको मापदण्ड पूरा गर्नु पर्नेछ :-

(क) सञ्चय भण्डार शहरबजार, घनाबस्ती, सर्वसाधारण भेला वा जमघट हुने स्थान, विद्यालय, अस्पताल, चलचित्र घर, पानीको मुहान, ईंटा भट्टा, हाट बजारबाट आदि कम्तीमा पाँच किलो मिटरको दूरीमा स्थापना गर्नु पर्ने,

(ख) नेपाल स्ट्याण्डर्ड नतोकिएसम्म सञ्चय भण्डार इण्डियन स्ट्याण्डर्ड (आई. एम.), ब्रिटिस स्ट्याण्डर्ड (बि.एम.) वा अमेरिकन स्ट्याण्डर्ड (ए. एस .टि. एम) मा उल्लिखित मापदण्ड अनुरुपको हुने पर्ने,

(ग) सञ्चय भण्डार बाहिरी पर्खाल (बाउण्ड्री वाल) देखि कम्तीमा अस्सी फिट भित्र हुनु पर्ने,

(घ) आगजनी सुरक्षित क्षेत्र (फायर सेफ्टी जोन) बनाई सो भित्र सञ्चय भण्डारण राख्नु पर्ने,

(ङ) भण्डारण ट्याङ्की घेर्ने छुट्टै पर्खाल (ट्याङ्की इन्क्लोजर वाल) समेत बनाउनु पर्ने,

(च) भण्डारण गर्ने ट्याङ्की निर्माणको लागि चाहिने स्टिल प्लेट, पाइपं लाइन, गेट भल्भ, प्रेसर रिलिज भल्भ, आवश्यक पम्प गर्ने संयन्त्र र उपकरणहरु आगो निरोधक (फायर प्रुफ वा स्पार्क फि) हुनु पर्ने,

(छ) सञ्चय भण्डार स्थापना गर्दा वातावरण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी प्रचलित कानून बमोजिमका मापदण्डहरु पूरा गर्नुपर्ने,

(ज) ग्यास भण्डारण गर्न तथा भण्डारबाट ग्यास झिक्न बाटो सहितका पूर्वाधारहरुको व्यवस्था गर्नु पर्ने,

(झ) सञ्चय भण्डारमा कार्यरत कर्मचारी तथा कामदारहरुको बीमा गर्नु पर्ने,

(ञ) विभागले तोकिदिए बमोजिम सञ्चय भण्डारमा वा सञ्चय भण्डारबाट ग्यास ट्याङ्कलरी (कन्टेनर) मा राख्नु (लोड) गर्नु पर्ने र झिक्नु (अनलोड) गर्नु पर्ने,

(ट) भण्डारणमा कम्तीमा बीस प्रतिशत ग्यांस मौज्दात हुनुपर्ने,

(ठ) ढुवानीका साधन कम्तीमा तीन वटा भएको हुनु पर्ने,

(ड) सव डिलर नियुक्त गर्न नपाइने,

(ढ) ग्यासआयात गर्ने सम्बन्धी प्रत्याभूतिको संझौता पत्र हुनु पर्ने

(ण) विभागले तोकिदिए बमोजिमका सुरक्षा उपकरण तथा सुरक्षा सम्बन्धी व्यवस्था गर्नु पर्ने ।

परिच्छेद - ७

## पेट्रोलियम पदार्थ तथा ग्यासको खुद्रा बिक्री वितरण

२४ **पेट्रोलियम पदार्थ तथा ग्यासको खुद्रा बिक्री वितरण** : अनुमतिपत्र प्राप्त कम्पनीले पेट्रोलियम पदार्थ वा ग्यासको खुद्रा बिक्री वितरण आफैले बिक्री डिपो स्थापना गरी वा डिलर वा बिक्रेता वा खुद्रा बिक्रेता मार्फत गर्न वा गराउन सक्नेछ ।

२५ **पेट्रोलियम पदार्थ वा ग्यासको मूल्य निर्धारण** : (१) अनुमतिपत्र प्राप्त कम्पनीले दफा ३५ बमोजिमको समितिले निर्धारण गरेको न्यूनतम तथा अधिकतम मूल्यको अधिनमा रही पेट्रोलियम पदार्थ वा ग्यासको खरीद, ढुवानी, भण्डारण, रिफाइन, रिफिलिङ खर्च तथा प्रशासनिक खर्चका आधारमा पेट्रोलियम पदार्थ तथा ग्यासको थोक वा खुद्रा मूल्य निर्धारण गर्नु पर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त कम्पनीले उपदफा (१) बमोजिम मूल्य निर्धारण गर्दा मुलुकको भौगोलिक क्षेत्रको आधारमा फरक फरक हुने गरी निर्धारण गर्न सक्नेछ ।

(३) अनुमतिपत्र प्राप्त कम्पनीले यो दफा बमोजिम निर्धारण गरेको वा मूल्य परिवर्तन गरेको जानकारी सोही दिन र सोही दिन सम्भव नभएमा भोलीपल्ट विभागलाई गराउनु पर्नेछ ।

२६ **डिलर वा बिक्रेताको नियुक्ति** : (१) अनुमतिपत्र प्राप्त कम्पनीले पेट्रोलियम पदार्थ वा ग्यासको बिक्री वितरण गर्न डिपो स्थापना गर्न वा कुनै व्यक्ति वा संस्थालाई डिलर वा बिक्रेता नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम डिपो स्थापना गर्नु वा डिलर वा बिक्रेता नियुक्त गर्नु अघि अनुमतिपत्र प्राप्त कम्पनीले विभागको पूर्वस्वीकृति लिन पर्नेछ ।

(३) उपदफा (१) बमोजिम डिपो स्थापना गरेमा वा डिलर वा बिक्रेता नियुक्त गरे वा हटाएमा सोको आवश्यक विवरण सहितको जानकारी अनुमतिपत्र प्राप्त कम्पनीले तुरुन्त विभागलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम विवरण दिइसकेपछि त्यस्तो विवरणमा कुनै किसिमको परिवर्तन भएमा अनुमतिपत्र प्राप्त कम्पनीले सोको जानकारी सात दिनभित्र विभागलाई दिनु पर्नेछ ।

(५) अनुमतिपत्र प्राप्त कम्पनीले आफू अन्तर्गतका डिपो वा बिक्रेताले यो आदेश, मन्त्रालयले जारी गरेको निर्देशिका तथा समितिबाट जारी भएको निर्देशन तथा प्रचलित कानून बमोजिम पेट्रोलियम पदार्थ बिक्री वितरण गरे वा नगरेको सम्बन्धमा आफ्ना कर्मचारी वा कामदारबाट नियमित रुपमा निरीक्षण गर्ने व्यवस्था मिलाउनु पर्नेछ र सोको प्रतिवेदन विभाग समक्ष पेश गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम विभाग समक्ष पेश गर्नु पर्ने प्रतिवेदनको ढाँचा विभागले तोकिदिए बमोजिम हुनेछ ।

२७. **डिपो, डिलर वा बिक्रेताको कर्तव्य** : (१) डिपो, डिलर वा बिक्रेताको कर्तव्य देहाय बमोजिम हुनेछ :-

(क) पेट्रोलियम पदार्थ वा ग्यासको खुद्रा बिक्री वितरण व्यवस्थित र पारदर्शी रुपमा गर्ने,

(ख) पेट्रोलियम पदार्थ वा ग्यास सिलिण्डर सुरक्षित रुपमा राख्ने तथा सुरक्षित रुपमा बिक्री वितरण गर्ने,

(ग) सुरक्षा उपकरण, अग्नि नियन्त्रण तथा सुरक्षाको उचित व्यवस्था गर्नु पर्ने,

(घ) स्पष्ट बुझिने गरी पेट्रोलियम पदार्थ वा ग्यासको मूल्य सूची राख्ने,

(ङ) समिति र विभागले दिएको निर्देशनहरु पालना गर्ने ।

(२) पेट्रोलियम पदार्थ वा ग्यासको खुद्रा बिक्री वितरण स्थलको मापदण्ड तथा तत्सम्बन्धी अन्य व्यवस्था मन्त्रालयले जारी गरेको निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।

परिच्छेद - ८

## अनुगमन, निरीक्षण, जाँचबुझ, खानतलासी तथा नूमना परीक्षण सम्बन्धी व्यवस्था

२८. **पेट्रोलियम कारोबार वा ग्यास कारोबारको निरीक्षण, जाँचबुझ तथा खानतलासी** : (१) विभागले पेट्रोलियम कारोबार वा ग्यास कारोबार तथा खुद्रा बिक्री वितरणलाई व्यवस्थित, नियन्त्रित तथा नियमित गर्ने सम्बन्धमा विभागले आवश्यकता अनुसार देहायको कुनै कार्य गर्न सक्नेछ :-

(क) पेट्रोलियम पदार्थ वा ग्यासको बिक्री वितरणमा स्वच्छ प्रतिस्पर्धा प्रवर्द्धन गर्ने सम्बन्धमा कार्य योजना बनाई कार्यान्वयन गर्ने,

(ख) अनुमतिपत्र प्राप्त कम्पनी वा डिपो, डिलर वा बिक्रेताले प्रचलित कानून बमोजिम निर्धारण गरिएको भन्दा बढी मूल्य लिएको देखिएमा तत्काल रोक्ने,

(ग) पेट्रोलियम पदार्थ वा ग्यासको कृत्रिम वा अनुपयुक्त तवरले अभाव सृजना गर्ने किसिमका अनुचित व्यापारिक कृयाकलापलाई नियन्त्रण गर्ने,

(घ) कुनै खास अवधिका लागि कुनै ठाउँबाट पेट्रोलियम पदार्थ वा ग्यास ढुवानी गर्न नदिने, कुनै ठाउँमा पेट्रोलियम पदार्थ वा ग्यासको सञ्चय गर्न नदिने वा कुनै खास ठाउँमा मात्र पेट्रोलियम पदार्थ वा ग्यासको सञ्चय वा बिक्री वितरण गर्न लगाउने,

(ङ) एक बिक्री स्थलबाट एक मात्र कम्पनीको पेट्रोलियम पदार्थ बिक्री गर्न लगाउने

(च) अनुमतिपत्र प्राप्त कम्पनी वा डिपो, डिलर वा बिक्रेतालाई आफूले गरेको कारोबार तथा खुद्रा बिक्री वितरणको अभिलेख राख्न लगाउने र त्यस्तो अभिलेख निरीक्षण गरी वा सोको प्रतिलिपि लिने,

(छ) कसैले पेट्रोलियम पदार्थ वा ग्यास लुकाएमा वा कृत्रिम अभाव खडा गर्ने उद्देश्यले आफ्नो व्यापारिक क्षमताभन्दा कम बिक्री वितरण गरेको पाइएमा वा

गुणस्तरहीन पेट्रोलियम पदार्थ वा ग्यास बिक्री वितरण गरेको पाइएमा वा उल्लिखित कार्यहरु भएको शंका गर्नु पर्ने मनासिब आधार भएमा त्यस्तो डिपो, डिलर, घर, ढुवानीका साधन, सञ्चय भण्डार, गोदाम आदिमा प्रवेश गर्न वा टैंकलरी समेतमा अनुगमन, निरीक्षण, जाँचबुझ वा खानतलासी लिने,

(ज) खण्ड (छ) बमोजिम अनुगमन, निरीक्षण, जाँचबुझ वा खानतलासी लिँदा कसैले ऐन र यस आदेशको बर्खिलाप कुनै कार्य गरेको देखिएमा प्रचलित कानून बमोजिम सरकारी वकिलको राय लिई मुद्दा दायर गर्ने,

(झ) खण्ड (छ) बमोजिम अनुगमन, निरीक्षण, जाँचबुझ वा खानतलासी लिँदा कसैले प्रचलित कानून बमोजिम सजाय हुने कुनै कार्य गरेको देखिएमा सम्बन्धित निकायमा लेखी पठाउने ।

(२) नेपाल गुणस्तर तथा नापतौल विभागले पेट्रोलियम पदार्थ तथा ग्यासको नाप तौल, गुणस्तर, पेट्रोलियम पदार्थ तथा ग्यास सञ्चय भण्डार, ढुवानीका साधन, सुरक्षा उपाय तथा आगलागीका नियन्त्रणका लागि अपनाउनु पर्ने मापदण्डका सम्बन्धमा नियमति रुपमा अनुगमन गर्नेछ ।

२९. **अनुगमन, निरीक्षण, जाँचबुझ वा खानतलासी सम्बन्धी कार्यविधि** : (१) कुनै ठाउँमा यो आदेश विपरीत पेट्रोलियम कारोबार वा ग्यासको कारोबार वा खुद्रा बिक्री वितरण भइरहेको छ भन्ने विश्वास हुने मनासिव माफिकको कारण भएमा वा सो विषयमा कुनै उजुरी परेमा वा जानकारी प्राप्त हुन आएमा विभागले आंफ्नो अधिकृत मार्फत त्यस्तो ठाउँमा अनुगमन, निरीक्षण, जाँचबुझ वा खानतलासी लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन, निरीक्षण, जाँचबुझ वा खानतलासीको लागि कसैको घर कम्पाउण्डमा प्रवेश गर्दा निरीक्षण, जाँचबुझ वा खानतलासी गर्ने सूचना र त्यसरी खानतलासी गर्दा कुनै सामान वरामद भएमा वरामदी मुचुल्का गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासी गर्ने सूचनाको ढाँचा अनुसूची- ९ बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम खानतलासी गर्दा कुनै चीज वस्तु वा प्रमाण बरामद गर्नु परेमा अनुसूची- १० बमोजिमको ढाँचामा बरामदी मुचुल्का खडा गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम खानतलासी गर्दा बरामद भएको नगद, जिन्सी वा अन्य कुनै मालसामान आफूसँग लानु परेमा सम्बन्धित अधिकृतले त्यस्तो मालसामान बुझेको भर्पाइ तयार गरी त्यस्तो पेट्रोलियम पदार्थ वा ग्यास वा कम्पनीको धनी वा मालसामान जिम्मा लिने व्यक्तिलाई दिनु पर्नेछ र निज फेला नपरेमा वा फेला परे पनि निजले भरपाई बुझ्न नमानेमा त्यस्तो भरपाई स्थानीय निकायका प्रतिनिधिलाई जिम्मा दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम स्थानीय निकायको प्रतिनिधि फेला नपरेमा बरामद गरिएको स्थानमा त्यस्तो भरपाई टाँस गरी बरामदी मुचुल्कामा सो व्यहोरा जनाउनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम भरपाई टाँस गरे पछि सम्बन्धित व्यक्तिले रीतपूर्वक भरपाई बुझेको मानिनेछ ।

(८) उपदफा (१) बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासी गर्ने क्रममा स्थानीय प्रशासन तथा प्रहरी समक्ष सहयोग माग गरेमा त्यस्तो सहयोग तुरुन्त उपलब्ध गराउनु स्थानीय प्रशासन तथा प्रहरीको कर्तव्य हुनेछ ।

(९) यस दफा बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासी गरेकोमा सम्बधित अधिकृतले सो सम्बन्धी प्रतिवेदन सात दिनभित्र बिभाग र समिति समक्ष पेश गर्नु पर्नेछ ।

३०. <u>पेट्रोलियम पदार्थ वा ग्यासको नमूना सङ्कलन तथा परीक्षण</u> : (१) अनुमतिपत्र प्राप्त कम्पनी वा डिपो, डिलर वा बिक्रेताले मिसावट गरी वा अन्य कुनै तरिकाले गुणस्तरहिन पेट्रोलियम पदार्थ वा ग्यासको कारोबार वा बिक्री वितरण गरेको कुरा विभाग आफैंले वा अन्य कसैको सूचनाको आधारमा जानकारी प्राप्त गरेमा विभागले तुरुन्त अधिकृत खटाई त्यस्तो व्यक्तिको टैंकलरी, सञ्चय भण्डार, उद्योग, गोदाम वा डिपो, डिलर वा बिक्रेताको भण्डारमा दफा २९ बमोजिम खानतलासी गरी सो टैंकलरी, सञ्चय भण्डार, गोदाम, डिपो, सिलिण्डर वा पेट्रोलियम पदार्थ वा ग्यास राखिएको जुनसुकै ठाउँबाट आवश्यक मात्रामा त्यस्तो पेट्रोलियम पदार्थ वा ग्यासको नमूना सङ्कलन गरी त्यस्तो टैंकलरी, सञ्चय भण्डार, गोदाम,

डिपो वा पेट्रोलियम पदार्थ वा ग्यास राखिएको जुनसुकै ठाउँमा शिलबन्दी लाहाछाप लगाई त्यस्तो पेट्रोलियम पदार्थ वा ग्यासको बिक्री वितरण रोक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सङ्कलन गरेको नमूनालाई सम्बन्धित अधिकृतले तीन भाग लगाई छुट्टा छुट्टै भाँडोमा राख्ने गरी छुट्याई एक भागलाई परीक्षणको लागि कुनै भाँडोमा राखी आफ्नो हस्ताक्षर सहित शिलबन्दी लाहाछाप लगाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम नमूना सङ्कलन गर्दा सम्बन्धित अधिकृतले सम्भव भएसम्म अनुमतिपत्र प्राप्त कम्पनी, डिपो, डिलर वा बिक्रेता वा निजको प्रतिनिधि तथा अन्य व्यक्तिलाई रोहबरमा राख्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम छुट्याइएको नमूना मध्ये बाँकी दुई भाग छुट्टै भाँडोमा राखी सम्बन्धित अधिकृतले आफ्नो हस्ताक्षर गरी शिलबन्दी लाहाछाप लगाई सञ्चयको लागि एक भाग अनुमतिपत्र प्राप्त कम्पनी, डिलर वा बिक्रेता वा निजको प्रतिनिधि र बाँकी एक भाग विभागमा बुझाउनु पर्नेछ ।

(५) उपदफा (२) बमोजिम शिलबन्दी लाहाछाप लगाइएको भाँडोमा रहेको पेट्रोलियम पदार्थ वा ग्यासको नमूना परीक्षणको लागि विभागले प्रयोगशालामा पठाउनु पर्नेछ ।

**स्पष्टिकरण:** यस दफाको प्रयोजनको लागि "प्रयोगशाला" भन्नाले पेट्रोलियम पदार्थ वा ग्यासको गुणस्तर परीक्षण गर्न नेपाल सरकारले स्थापना गरेको वा विभागले मान्यता प्रदान गरेको कुनै प्रयोगशाला वा निकाय सम्झनु पर्छ ।

(६) उपदफा (५) बमोजिम नमूना प्राप्त भएमा प्रयोगशालाले नमूना परीक्षण तथा विश्लेषण गरी त्यस्तो पेट्रोलियम पदार्थ वा ग्यास निर्धारित गुणस्तर अनुरुपको भए वा नभएको वा मिसावट भए वा नभएको प्रतिवेदन विभाग समक्ष पेश गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम प्रयोगशालाले गुणस्तर परीक्षण गरी प्रतिवेदन दिँदा के कस्तो कारण र आधारमा पेट्रोलियम पदार्थ वा ग्यास निर्धारित गुणस्तर अनुरुप भए वा नभएको वा मिसावट भएको वा नभएको हो सो को कारण खुलाउनु पर्नेछ ।

(८) उपदफा (६) बमोजिमको प्रतिवेदनको विवरण विभागले सम्बन्धित अनुमतिपत्र प्राप्त कम्पनी, डिपो, डिलर वा बिक्रेतालाई दिनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिमको विवरणमा चित्त नबुझ्ने अनुमतिपत्र प्राप्त कम्पनी, डिपो, डिलर वा बिक्रेताले त्यसको विवरण प्राप्त गरेको सात दिनभित्र उपदफा (४) बमोजिम आफूसँग रहेको नमूना तोकिए बमोजिम पुनः परीक्षण गराउन विभाग समक्ष अनुरोध गर्न सक्नेछ ।

(१०) उपदफा (९) बमोजिम गरिएको अनुरोध मनासिव देखिएमा विभागले आफूसँग भएको नमूना समेत राखी प्रयोगशाला मार्फत पुनः परीक्षण गराउन सक्नेछ ।

(११) उपदफा (१०) बमोजिम नमूना परीक्षण गराउँदा उपदफा (६) बमोजिम प्राप्त प्रतिवेदन भन्दा फरक प्रतिवेदन प्राप्त भएमा विभागले नमूना परीक्षणका लागि एक विशेषज्ञ नियुक्त गरी पुनः परीक्षण गराउनेछ ।

(१२) उपदफा (११) बमोजिमको परीक्षणबाट प्राप्त प्रतिवेदन अन्तिम हुनेछ ।

३१. **गुणस्तर सुधार गर्न निर्देशन दिन सक्ने** : (१) अनुमतिपत्र प्राप्त कम्पनी, डिपो, डिलर वा बिक्रेताले कारोबार वा बिक्री वितरण गरेको पेट्रोलियम पदार्थ वा ग्यास गुणस्तरहिन वा मिसावटयुक्त भएको देखिएमा र त्यस्तो पेट्रोलियम पदार्थ वा ग्यासको गुणस्तर सुधार हुन सक्ने देखिएमा विभागले बढीमा तीस दिनको समय दिई त्यस्तो पेट्रोलियम पदार्थ वा ग्यासको गुणस्तर सुधार गर्न सम्बन्धित अनुमतिपत्र प्राप्त कम्पनीलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्देशन दिएमा सोही बमोजिम अनुमतिपत्र प्राप्त कम्पनीले पेट्रोलियम पदार्थ वा ग्यासको गुणस्तर सुधार गर्नु पर्नेछ ।

३२. **गुणस्तरहीन पेट्रोलियम पदार्थ वा ग्यास नष्ट गर्नु पर्ने** : (१) गुणस्तरहीन देखिएको पेट्रोलियम पदार्थ वा ग्यासको गुणस्तर सुधार हुन नसक्ने देखिएमा वा गुणस्तर सुधार गरी बिक्री वितरण गर्न उपयुक्त हुने नदेखिएमा वा दफा ३१ बमोजिम गुणस्तर सुधार गर्न निर्देशन दिएकोमा सो अवधिभित्र अनुमतिपत्र प्राप्त कम्पनीले गुणस्तर सुधार नगरेमा वा गर्न

नसकेमा विभागले त्यस्तो पेट्रोलियम पदार्थ वा ग्यास वातावरणमा प्रतिकूल असर नपर्ने गरी नष्ट गर्न आदेश दिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अनुमतिपत्र प्राप्त कम्पनीले गुणस्तरहीन पेट्रोलियम पदार्थ वा ग्यास पैठारी गरिएको स्थानमा नै फिर्ता पठाउन चाहेमा विभागले त्यस्तो पेट्रोलियम पदार्थ वा ग्यास पैठारी गरिएको स्थानमा फिर्ता लैजाने स्वीकृति दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम आदेश दिएकोमा अनुमतिपत्र प्राप्त कम्पनीले गुणस्तरहीन पेट्रोलियम पदार्थ वा ग्यास नष्ट नगरेमा विभागले गुणस्तरहीन पेट्रोलियम पदार्थ वा ग्यास नष्ट गर्नेछ ।

(४) उपदफा (३) बमोजिम विभागले गुणस्तरहीन पेट्रोलियम पदार्थ वा ग्यास नष्ट गर्नु परेकोमा त्यस्तो पेट्रोलियम पदार्थ वा ग्यास नष्ट गर्दा लागेको खर्च सम्बन्धित अनुमतिपत्र प्राप्त कम्पनीले व्यहोर्नु पर्नेछ ।

## परिच्छेद - ९

## अनुमतिपत्र स्थगन, निलम्बन तथा रद्द सम्बन्धी व्यवस्था

३३. **स्थगन वा निलम्बन गर्न सक्ने** : (१) कुनै अनुमतिपत्र प्राप्त कम्पनीले ऐन, यो आदेश वा मन्त्रालयले जारी गरेको निर्देशिका वा समितिको निर्देशन विपरीत कुनै काम गरेमा विभागले त्यस्तो अनुमतिपत्र प्राप्त कम्पनीको अनुमतिपत्र स्थगन गर्न तथा त्यस्तो कम्पनीले गरेको कमजोरी सच्याउन आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र अनुमतिपत्र प्राप्त कम्पनीले आफ्नो कमजोरी नसच्याएमा वा ऐन, यो आदेश वा मन्त्रालयले जारी गरेको निर्देशिकाको गम्भीर उल्लंघन गरेमा विभागले त्यस्तो कम्पनीको अनुमतिपत्र निलम्वन गर्न सक्नेछ । यसरी गरेको स्थगन वा निलम्वनको जानकारी तुरुन्तै समितिलाई दिनु पर्नेछ ।

(३) विभागले उपदफा (१) बमोजिम अनुमतिपत्र स्थगन गर्दा पन्ध्र दिनभन्दा बढी हुने गरी तथा उपदफा (२) बमोजिम निलम्बन गर्दा तीन महिनाभन्दा बढी हुने गरी गर्ने छैन ।

(४) उपदफा (१) वा (२) बमोजिमको अवधिभित्र आफ्नो कमजोरी सच्याएमा विभागले त्यस्तो अनुमतिपत्र प्राप्त कम्पनीको अनुमतिपत्रको स्थगन वा निलम्वन फुकुवा गर्नेछ ।

(५) उपदफा (१) बमोजिम अनुमतिपत्र स्थगन भएको वा उपदफा (२) बमोजिम निलम्वन भएकोमा सो अवधिभर अनुमतिपत्र प्राप्त कम्पनीले पेट्रोलियम कारोबार वा ग्यास कारोबार गर्न पाउने छैन ।

३४. **अनुमतिपत्र रद्द गर्न सक्ने** : (१) विभागले देहायको अवस्थामा अनुमतिपत्र प्राप्त कम्पनीको अनुमतिपत्र रद्द गर्नेछ :-

(क) दफा ७ वा १३ बमोजिम अनुमतिपत्र नविकरण नगराएमा,

(ख) दफा १६ वा १९ बमोजिमको अवधिभित्र अनुमतिपत्र प्राप्त कम्पनीले पेट्रोलियम कारोबार वा ग्यास कारोबारको लागि पूर्वाधार तथा मापदण्ड पूरा नगरेमा,

(ग) भूठो विवरण पेश गरी अनुमतिपत्र प्राप्त गरेको देखिएमा,

(घ) दफा ३१ बमोजिम गुणस्तर सुधार गर्न दिइएको निर्देशनको अवधिभित्र अनुमतिपत्र प्राप्त कम्पनीले पेट्रोलियम पदार्थ वा ग्यासको गुणस्तर सुधार नगरेमा,

(ङ) अनुमतिपत्र प्राप्त कम्पनीको अनुमतिपत्र तीन पटकसम्म निलम्बन भएमा,वा

(च) अनुमतिपत्र प्राप्त कम्पनीले ऐन बमोजिम बुझाउनु पर्ने जरिवाना नबुझाएमा ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र रद्द गर्नु अघि विभागले सम्बन्धित अनुमतिपत्र प्राप्त कम्पनीलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

## परिच्छेद - १०

## व्यवस्थापन तथा नियमन सम्बन्धी व्यवस्था

३५. **व्यवस्थापन तथा नियमन समिति** : (१) पेट्रोलियम पदार्थ तथा ग्यासको न्यूनतम तथा अधिकतम थोक मूल्य निर्धारण गर्न तथा पेट्रोलियम पदार्थ तथा ग्यासको पैठारी, सञ्चय, बिक्री वितरण एवं सर्वसुलभ रुपमा आपूर्तिका सम्बन्धमा व्यवस्थापन तथा नियमन गर्न र अन्य नीतिगत विषयमा निर्णय गर्न र सल्लाह दिन देहाय बमोजिमको एक व्यवस्थापन तथा नियमन समिति रहनेछ :-

(क) सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय - अध्यक्ष

(ख) सहसचिव, अर्थ मन्त्रालय - सदस्य

(ग) सहसचिव, कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(घ) डीन, इन्जिनियरिङ अध्ययन संस्थान, त्रि.वि.वि. - सदस्य

(ङ) अध्यक्ष वा उपाध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ - सदस्य

(च) स्नातकोत्तर तह उपाधि हासिल गरी पेट्रोलियम पदार्थसँग सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव हासिल गरेका नेपाली नागरिक मध्येबाट मन्त्रालयले तोकेको व्यक्ति - सदस्य

(छ) महानिर्देशक, विभाग - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (च) बमोजिम नियुक्त सदस्यको कार्यकाल तीन बर्षको हुनेछ र निज पुनः नियुक्तको लागि योग्य हुनेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकतानुसारका विज्ञहरुलाई आमन्त्रित गर्न सकिनेछ ।

(४) उपदफा (१) बमोजिमको समितिको सचिवालय मन्त्रालयमा रहनेछ ।

(५) उपदफा (१) बमोजिमको समितिले बैठकको कार्यविधि आफै तय गर्नेछ ।

(६) उपदफा (१) बमोजिमको समितिका सदस्यले बैठकमा भाग लिए बापत नेपाल सरकाले तोके बमोजिमको बैठक भत्ता पाउनेछन् ।

(७) उपदफा (१) बमोजिमको समितिले पेट्रोलियम कारोवारको अनुगमन तथा नियमन गर्ने सम्बन्धमा मन्त्रालयको कुनै अधिकृत कर्मचारी तथा विभागलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(८) उपदफा (७) बमोजिमको निर्देशनको पालना गरी आवश्यक काम कारवाही गर्नु सम्बन्धित अधिकारी वा निकायको कर्तव्य हुनेछ ।

३६. **समितिको काम, कर्तव्य र अधिकार:** यस आदेशमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त अनुगमन तथा नियमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) पेट्रोलियम पदार्थ तथा ग्यासको आपूर्ति तथा बजार व्यवस्थापनका लागि अवलम्बन गर्नु पर्ने नीति, योजना र कार्यक्रम तय गरी कार्यान्वयन गर्ने वा गराउने,

(ख) पेट्रोलियम पदार्थ तथा ग्यासको कारोबारसँग सम्बन्धित विषयमा नयाँ अनुमति दिने विषय, सुरक्षा मापदण्ड र प्राविधिक मापदण्ड तयार गर्ने विषयमा विभागलाई निर्देशन दिने,

(ग) मुलुकभित्र खपत हुने पेट्रोलियम पदार्थ तथा ग्यासको माग र आपूर्ति स्थितिको आवश्यकता अनुसार विश्लेषण तथा समिक्षा गरी निजीक्षेत्रको सहभागिता कायम गर्ने,

(घ) पेट्रोलियम तथा ग्यास कारोबारलाई नियमित र व्यवस्थित गरी आवश्यक परिमाणमा मुलुकमा गुणस्तरीय पेट्रोलियम पदार्थ तथा ग्यासको आपूर्ति व्यवस्था मिलाउने,

(ङ) प्रतिस्पर्धात्मक बजार व्यवस्थापनको माध्यमबाट उचित मूल्यमा पेट्रोलियम पदार्थ तथा ग्यासको आपूर्ति व्यवस्थालाई नियमित, भरपर्दो र सर्वसुलभ बनाउने,

(च) प्रतिस्पर्धात्मक ढङ्गबाट पेट्रोलियम पदार्थ तथा ग्यासको उचित मूल्य कायम हुन सक्ने संयन्त्रको विकास गर्ने,

(छ) पेट्रोलियम पदार्थ तथा ग्यासको अन्तर्राष्ट्रिय मूल्य सूची सङ्कलन तथा विश्लेषण गरी पेट्रोलियम पदार्थ तथा ग्यासको कायम गर्नु पर्ने अधिकतम मूल्यको सीमा निर्धारण गरी सार्वजनिक गर्ने,

(ज) निर्धारित गुणस्तर बमोजिम पेट्रोलियम पदार्थ तथा ग्यासको आपूर्ति भए वा नभएको निरन्तर अनुगमन गर्ने वा गराउने,

(झ) पेट्रोलियम पदार्थ तथा ग्यासको कारोबार गर्दा प्रयोग गर्नु पर्ने साधन वा उपकरणको किसिम र भौतिक पूर्वाधारको मापदण्ड (नर्म्स) तोकिए अनुसारको भए नभएको अनुगमन गर्ने गराउने,

(ञ) पेट्रोलियम पदार्थ तथा ग्यासको बजार व्यवस्थापनमा संलग्न सङ्गठित संस्थाहरु वीच स्वस्थ प्रतिस्पर्धा हुने व्यवस्था गर्ने,

(ट) पेट्रोलियम पदार्थ तथा ग्यासको बजार व्यवस्थापन र डिपो, डिलर तथा खुद्रा बिक्रेताको दायित्वलाई सुनिश्चित गर्न गराउन आवश्यक निर्देशन दिने,

(ठ) पेट्रोलियम पदार्थ तथा ग्यासको ढुवानी किफायती एवं सरल बनाउनका लागि पाइपलाइन विछ्याउने लगायत अन्य माध्यमबाट ढुवानी गर्ने व्यवस्थाको लागि पहल गर्ने,

(ड) कच्चा तेलको प्रशोधन (रीफाइन) गर्ने उद्योगको लागि आवश्यक पर्ने पूर्वाधार तथा त्यस्ता उद्योगले पालना गर्नु पर्ने मापदण्ड तोक्ने वा तोक्न लगाउने,

(ढ) ग्यास उद्योग तथा रिफिलिङ प्लाण्टको लागि आवश्यक पर्ने पूर्वाधार तथा त्यस्ता उद्योग वा प्लाण्टले पालना गर्नु पर्ने मापदण्ड तोक्ने वा तोक्न लगाउने,

(ण) डिपो, डिलर तथा बिक्रेताको लागि आवश्यक पूर्वाधार तथा डिपो, डिलर तथा बिक्रेताले पालना गर्नु पर्ने मापदण्ड तोक्ने वा तोक्न लगाउने,

(त) पेट्रोलियम पदार्थ तथा ग्याँसको नियमित तथा सर्वसुलभ आपूर्ति तथा बजार व्यवस्थापनको लागि आवश्यक पहल गर्ने,

(थ) पेट्रोलियम पदार्थ तथा ग्याँसको नियमित तथा सर्वसुलभ आपूर्ति तथा बजार व्यवस्थापनको लागि अन्य आवश्यक कार्यहरु गर्ने वा गराउने ।

## परिच्छेद - ११

## विविध

३७. **चुक्ता पूँजी कायम गर्नु पर्ने** : (१) पेट्रोलियम कारोबार वा ग्यास कारोबार गर्न चाहने कम्पनीले देहाय बमोजिमको न्यूनतम पूँजी कायम गर्नु पर्नेछ :-

(क) कच्चा तेल प्रशोधन (रीफाइन) गर्ने कम्पनीले चुक्ता पूँजी बीस अर्ब रुपैयाँ,

(ख) खण्ड (क) मा उल्लिखित बाहेकको अन्य पेट्रोलियम कारोबार गर्ने कम्पनीले चुक्ता पूँजी दश अर्ब रुपैयाँ, र

(ग) ग्यासको आयात तथा आपूर्ति गर्ने कम्पनीको चुक्ता पूँजी पाँच अर्ब रुपैयाँ तथा रिफिलिङ गर्ने उद्योगको चुक्ता पूँजी पचास करोड रुपैयाँ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको पूर्ण स्वामित्व प्राप्त कम्पनीलाई यो व्यवस्था लागु हुने छैन ।

३८. **प्रतीतपत्र खोल्नु पर्ने** : (१) पेट्रोलियम पदार्थ वा ग्यास पैठारी गर्न चाहने अनुमतिपत्र प्राप्त कम्पनीले पेट्रोलियम पदार्थ वा ग्यास पैठारी गर्नको लागि प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त बैंक वा वित्तीय संस्थामा प्रतीतपत्र खोल्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतीतपत्र खोल्दा कुन किसिमको पेट्रोलियम पदार्थ वा ग्यास के कति परिमाणमा पैठारी गर्ने हो सो को विवरण, विभागबाट स्वीकृत स्पेशिफिकेशन तथा गुणस्तर समेत प्रतीतपत्रमा खुलाउनु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुमतिपत्र प्राप्त कम्पनीले निश्चित परिमाणमा कुनै खास किसिमको पेट्रोलियम पदार्थ वा ग्यास विभागको स्वीकृति लिई अन्य व्यापारिक अभ्यासबाट पनि पैठारी गर्न सक्नेछ ।

(४) पेट्रोलियम पदार्थ वा ग्यास पैठारी गर्न अनुमतिपत्र प्राप्त कम्पनीले उपदफा (१) बमोजिम प्रतीतपत्र खोलेमा सोको जानकारी यथाशीघ्र विभागलाई दिनु पर्नेछ ।

३९. **पेट्रोलियम कारोबार वा ग्यास कारोबारमा रोक लगाउन सक्ने** : (१) सर्वसाधारण जनताको सुविधा तथा सार्वजनिक हितको लागि कुनै विशेष परिस्थितिमा कुनै ठाउँमा पेट्रोलियम कारोबार वा ग्यास कारोबार वा बिक्री वितरणमा रोक लगाउन आवश्यक देखिएमा विभागको सिफारिशमा समितिले सूचना प्रकाशन गरी सो सूचनामा तोकिएको ठाउँमा सोही सूचनामा तोकिएको अवधिभरको लागि कुनै पेट्रोलियम कारोबार वा ग्यास कारोबार वा बिक्री वितरणमा रोक लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रोक लगाइएकोमा सम्बन्धित अनुमतिपत्र प्राप्त कम्पनी, डिपो, डिलर, बिक्रेता वा सम्बन्धित व्यक्तिले सो सूचना बमोजिम गर्नु पर्नेछ ।

४०. **पेट्रोलियम कारोबार वा ग्यास कारोबारमा नियन्त्रण गर्न सक्ने** : यो आदेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आन्तरिक उपद्रव, बाह्य आक्रमण वा अन्य कुनै कारणबाट मुलुकभर वा कुनै भागमा शान्ति र सुव्यवस्थामा खलल पर्ने अवस्था परी पेट्रोलियम कारोबार वा ग्यास कारोबार वा सोको खुद्रा बिक्री वितरणमा मनासिव नियन्त्रण कायम राख्न आवश्यक देखेमा विभागको सिफारिशमा मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै खास अवधिका लागि पेट्रोलियम कारोबार वा ग्यासको कारोबार उपर आवश्यक नियन्त्रण गर्न सक्नेछ ।

४१. **सिलिण्डर रिफिल तथा बिक्री वितरण गर्न आदेश दिन सक्ने** : (१) कुनै ग्यास कारोबार गर्न अनुमतिपत्र प्राप्त कम्पनीको अनुमतिपत्र कुनै कारणले स्थगन, निलम्बन वा रद्द भएमा त्यस्तो अनुमतिपत्र प्राप्त कम्पनीले उत्पादन तथा बिक्री वितरण गर्ने ग्यास सिलिण्डरमा अन्य अनुमतिपत्र प्राप्त कम्पनीलाई ग्यास रिफिल गरी बिक्री वितरण गर्न गराउन विभागले आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश दिएमा सम्बन्धित अनुमतिपत्र प्राप्त कम्पनीले ग्यास सिलिण्डरमा ग्यास रिफिल गरी बिक्री वितरण गर्नु वा गराउनु पर्नेछ ।

४२. **विवरण पेश गर्नु पर्ने** : अनुमतिपत्र प्राप्त कम्पनीले चालू महिनाको देहायको विवरण सहितको प्रतिवेदन अर्को महीनाको पन्ध्र गतेभित्र विभाग समक्ष पेश गर्नु पर्नेछ :-

(क) पैठारी गरेको पेट्रोलियम पदार्थ वा ग्यासको किसिम, परिमाण, गुणस्तर र मूल्य,

(ख) कच्चा तेल प्रशोधन (रीफाइन) गर्ने उद्योगले प्रशोधन गरेको पेट्रोलियम पदार्थको किसिम, परिमाण र गुणस्तर,

(ग) ग्यास उद्योगले उत्पादन तथा रिफिल गरेको ग्यासको किसिम, परिमाण र गुणस्तर,

(घ) डिपो, डिलर वा बिक्रेता मार्फत बिक्री वितरण गरेको पेट्रोलियम पदार्थ वा ग्यासको किसिम, परिमाण र गुणस्तर,

(ङ) आफूसँग सञ्चित रहेको पेट्रोलियम पदार्थ वा ग्यासको किसिम, परिमाण र गुणस्तर ।

४३. **पेट्रोलियम पदार्थ वा ग्यास निकासी गर्न नहुने** : अनुमतिपत्र प्राप्त कम्पनीले मन्त्रालयको पूर्व स्वीकृति विना पेट्रोलियम पदार्थ वा ग्यास निकासी गर्न हुँदैन ।

तर नेपालबाट विदेशी मुलुकको नजीकको पेट्रोलियम डिपोसम्म ढुवानीको साधन पुग्नको लागि आवश्यक पर्ने पेट्रोलियम पदार्थ त्यस्तो साधनमा राख्न सकिनेछ ।

४४. **सुरक्षा सम्बन्धी व्यवस्था** : (१) कुनै विशेष अवस्था सिर्जना भई पेट्रोलियम पदार्थ वा ग्यासको ढुवानी, सञ्चय वा भण्डार स्थल वा कच्चा तेल प्रशोधन (रीफाइन) उद्योग वा ग्यास उद्योग रहेको स्थानमा विशेष सुरक्षा गर्नु पर्ने भएमा वा सुरक्षित रुपमा पेट्रोलियम पदार्थ वा ग्यासको ढुवानी गर्नको लागि सम्बन्धित अनुमतिपत्र प्राप्त कम्पनीले स्थानीय प्रशासनसँग निश्चित अवधिको लागि सुरक्षा व्यवस्था माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षा माग गरेमा स्थानीय प्रशासनले सुरक्षाको आवश्यक व्यवस्था गरी दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सुरक्षा उपलब्ध गराउनु परेमा लाग्ने खर्च सम्बन्धित अनुमतिपत्र प्राप्त कम्पनीले व्यहोर्नु पर्नेछ ।

४५. **निर्देशन दिन सक्ने** : (१) समितिले पेट्रोलियम पदार्थ वा ग्यासको गुणस्तरीयता कायम राख्न, पेट्रोलियम कारोबार वा ग्यास कारोबारमा संलग्न कामदारको सुरक्षा गर्न तथा उपभोक्तालाई सर्वसुलभ रुपमा गुणस्तरीय ग्यास उपलब्ध गराउने सम्बन्धमा अनुमतिपत्र प्राप्त कम्पनी वा डिपो, डिलर तथा बिक्रेतालाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशनको पालना गर्नु सम्बन्धित अनुमतिपत्र प्राप्त कम्पनी वा डिपो, डिलर तथा बिक्रेताको कर्तव्य हुनेछ ।

४६. **निर्देशिका बनाई लागू गर्ने** : मन्त्रालयले पेट्रोलियम कारोबार तथा ग्यास कारोबारको सम्बन्धमा ऐन तथा यो आदेशको विपरीत नहुने गरी समितिसंग परामर्शगरी देहायको विषयमा निर्देशिका बनाई लागू गर्न सक्नेछ :-

(क) पेट्रोलियम पदार्थ तथा ग्यासको ढुवानी,

(ख) पेट्रोलियम पदार्थ तथा ग्यासको ढुवानी गर्ने साधनको डिजाइन, पूर्वाधार तथा मापदण्ड,

(ग) पेट्रोलियम पदार्थ तथा ग्यासको खुद्रा बिक्री वितरण गर्दा

पालना गर्नु पर्ने मापदण्ड,

(घ) पेट्रोलियम पदार्थ तथा ग्यासको खुद्रा बिक्री वितरण गर्ने डिपो खोल्ने वा डिलर तथा बिक्रेताको नियुक्ति गर्ने तथा हटाउने,

(ङ) ग्यास सिलिण्डरको रङ्ग, आकार तथा ग्यास सिलिण्डरमा ग्यास भर्ने प्रकृया, वा

(च) पेट्रोलियम पदार्थ वा ग्यासको गुणस्तरीयता कायम राख्न, पेट्रोलियम कारोबार वा ग्यास कारोबारमा संलग्न कामदारको सुरक्षा गर्न वा उपभोक्तालाई सर्वसुलभ रुपमा गुणस्तरीय पेट्रोलियम पदार्थ वा ग्यास उपलब्ध गराउने सम्बन्धमा आवश्यक अन्य विषय ।

४७. **अनुसूचीमा संशोधन** : मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनसूचीमा संशोधन वा हेरफेर गर्न सक्नेछ ।

४८. **खारेजी तथा बचाउ** : (१) खण्ड ५८, अतिरिक्ताङ्क ७, मिति २०६५।२।२७ गतेको नेपाल राजपत्र, भाग ३ मा प्रकाशित उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको सूचना अनुसार भए गरेका काम कारवाही यसै आदेश बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची - १

(दफा ५ को उपदफा (२) र (३) सँग सम्बन्धित)

(पेट्रोलियम कारोबार स्वीकृतिको लागि दिइने निवेदनको ढाँचा)

मिति:.....

.......

श्री वाणिज्य तथा आपूर्ति ब्यवस्थापन विभाग,

............................ ।

बिषय : पेट्रोलियम कारोबार स्वीकृति सम्बन्धमा ।

पेट्रोलियम तथा ग्यास कारोबार (नियमन) आदेश, २०६९ तथा अन्य प्रचलित कानूनको अधीनमा रही पेट्रोलियम पदार्थको पैठारी /ढुवानी /सञ्चय / बिक्री वितरण / कच्चा तेल प्रशोधन गर्ने (रीफाइनरी) उद्योग सञ्चालन सम्बन्धी पेट्रोलियम कारोबार गर्ने अनुमतिपत्रको लागि निवेदन दस्तुर तथा आवश्यक विवरण तथा कागजात यसै साथ संलग्न गरी यो निवेदन पेश गरेका छौं ।

कम्पनीको कार्यकारी प्रमुखको

दस्तखत :

नाम :

निवेदकको:

नाम : ...........................

ठेगाना: ....................अञ्चल....................जिल्ला ......................... गा. वि.स./न.पा./म. न. पा.

टोल.....................वडा नं.........ब्लक नं.......... फोन नं:..................
फ्याक्सः............इमेल .................

प्रतिष्ठानको छापः

संलग्न गरेका कागजातहरु :

१. ..........................

२. ..............................

३. .............................

अनुसूची - २
(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

(पेट्रोलियम कारोबार अनुमतिपत्रको ढाँचा)

नेपाल सरकार
वाणिज्य तथा आपूर्ति मन्त्रालय
श्री वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग,
पेट्रोलियम कारोबार गर्ने अनुमतिपत्र

.........................................मा कार्यालय रहेको श्री ............................................. ...................लाई पेट्रोलियम तथा ग्यास कारोबार (नियमन) आदेश, २०६९ तथा अन्य प्रचलित कानून बमोजिम को अधीनमा रही पेट्रोलियम पदार्थको पैठारी /ढुवानी /सञ्चय / बिक्री वितरण / कच्चा तेल प्रशोधन गर्ने (रीफाइनरी) उद्योग सञ्चालन सम्बन्धी पेट्रोलियम कारोबार गर्न यो अनुमतिपत्र प्रदान गरिएको छ ।

नविकरण नगराएमा यो अनुमतिपत्र ..............सम्म बहाल रहनेछ ।

आधिकारिक दस्तखत :

नाम:
पद:
मिति:

## अनुमतिपत्रको नविकरण सम्बन्धी विवरण

| क्र.सं. | नविकरण गरिएको अवधि | दस्तखत | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

अनुसूची - ३

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

(पेट्रोलियम कारोबार प्रारम्भ गर्न दिइने निवेदनको ढाँचा)

मितिः.....

.......

श्री वाणिज्य तथा आपूर्ति ब्यवस्थापन विभाग,

............................ ।

विषय : पेट्रोलियम कारोबार प्रारम्भ गर्ने स्वीकृति सम्बन्धमा ।

पेट्रोलियम पदार्थको पैठारी /ढुवानी /सञ्चय / बिक्री वितरण / कच्चा तेल प्रशोधन गर्ने (रीफाइनरी) उद्योग सञ्चालन सम्बन्धमा पेट्रोलियम तथा ग्यास कारोबार (नियमन) आदेश, २०६९ को परिच्छेद - ४ बमोजिमको पूर्वाधार तथा मापदण्ड तयार गरीसकेकोले पेट्रोलियम कारोबार गर्ने स्वीकृतिका लागि आवश्यक विवरण तथा कागजात यसै साथ संलग्न गरी यो निवेदन पेश गरेका छौं ।

कम्पनीको कार्यकारी प्रमुखको

दस्तखतः

नाम :

कम्पनीको छापः

संलग्न गरेका कागजातहरु :

१. .........................

२. ..............................

३. ..............................

अनुसूची - ४

(दफा ८ को उपदफा (५) सँग सम्बन्धित)

(पेट्रोलियम कारोबार प्रारम्भ गर्न दिइने स्वीकृतिपत्रको ढाँचा)

पेट्रोलियम कारोबार प्रारम्भ गर्न दिइएको स्वीकृतिपत्र

पेट्रोलियम कारोबार गर्न पेट्रोलियम तथा ग्यास कारोबार (नियमन) आदेश, २०६९ बमोजिमको पूर्वाधार तथा मापदण्ड तयार गरेको देखिएकोले निवेदक श्री .......................................... .................. लाई पेट्रोलियम पदार्थको पैठारी /ढुवानी /सञ्चय / बिक्री वितरण / कच्चा तेल प्रशोधन गर्ने (रीफाइनरी) सम्बन्धी पेट्रोलियम कारोबार प्रारम्भ गर्न यो स्वीकृतिपत्र दिइएको छ ।

पेट्रोलियम कारोबार गर्दा पेट्रोलियम तथा ग्यास कारोबार (नियमन) आदेश, २०६९ तथा अन्य प्रचलित कानून बमोजिम गर्नु होला ।

आधिकारिक दस्तखतः

नामः

पदः

मितिः

## अनुसूची - ५

(दफा ११ को उपदफा (२) र (३) सँग सम्बन्धित)

(ग्यास कारोबार अनुमतिपत्रको लागि दिइने निवेदनको ढाँचा)

मितिः.....
.......

श्री वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग,
........................... ।

बिषय : ग्यास कारोबार गर्ने अनुमतिपत्र सम्बन्धमा ।

पेट्रोलियम तथा ग्यास कारोबार (नियमन) आदेश, २०६९ तथा अन्य प्रचलित कानूनको अधीनमा रही ग्यासको पैठारी /ढुवानी /सञ्चय / बिक्री वितरण / ग्यास रिफिलिङ तथा बोटलिङ गर्ने ग्यास उद्योग सञ्चालन सम्बन्धी ग्यास कारोबार गर्ने अनुमतिपत्रको लागि निवेदन दस्तुर तथा आवश्यक विवरण तथा कागजात यसै साथ संलग्न गरी यो निवेदन पेश गरेका छौं ।

कम्पनीको कार्यकारी प्रमुखको

दस्तखतः
नाम :

निवेदकको:
नाम : ..........................
ठेगानाः ....................अञ्चल....................जिल्ला ........................ गा. वि.स. /न.पा. /म. न. पा.
टोल...................वडा नं.........ब्लक नं......... फोन नंः................
फ्याक्सः...........इमेल ................

कम्पनीको छापः

संलग्न गरेका कागजातहरु :
१. .........................
२. .............................
३. .............................

अनुसूची - ६

(दफा १२ को उपदफा (३) सँग सम्बन्धित)

(ग्यास कारोबार अनुमतिपत्रको ढाँचा)

नेपाल सरकार

वाणिज्य तथा आपूर्ति मन्त्रालय

श्री वाणिज्य तथा आपूर्ति ब्यवस्थापन विभाग,

ग्यास कारोबार गर्ने अनुमतिपत्र

........................................मा कार्यालय रहेको श्री ............................................. ....................लाई पेट्रोलियम तथा ग्यास कारोबार (नियमन) आदेश, २०६९ तथा अन्य प्रचलित कानून बमोजिम को अधीनमा रही ग्यासको पैठारी /ढुवानी /सञ्चय / बिक्री वितरण / ग्यास रिफिलिङ तथा बोटलिङ गर्ने ग्यास उद्योग सञ्चालन सम्बन्धी ग्यास कारोबार गर्न यो अनुमतिपत्र प्रदान गरिएको छ ।

नविकरण नगराएमा यो अनुमतिपत्र ............ सम्म बहाल रहनेछ ।

आधिकारिक दस्तखत

नामः

पदः

मितिः

## अनुमतिपत्रको नविकरण सम्बन्धी विवरण

| क्र.सं. | नविकरण गरिएको अवधि | दस्तखत | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## अनुसूची - ७

(दफा १४ को उपदफा (२) सँग सम्बन्धित)

(ग्यास कारोबार प्रारम्भ गर्न दिइने निवेदनको ढाँचा)

मिति:.....
.......

श्री वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग,
............................ ।

बिषय : ग्यास कारोबार प्रारम्भ गर्ने स्वीकृति सम्बन्धमा ।

पेट्रोलियम पदार्थको पैठारी /ढुवानी /सञ्चय / बिक्री वितरण / ग्यास रिफिलिङ तथा बोटलिङ गर्ने ग्यास उद्योग सञ्चालन सम्बन्धमा पेट्रोलियम तथा ग्यास कारोबार (नियमन) आदेश, २०६९ को परिच्छेद - ५ बमोजिमको पूर्वाधार तथा मापदण्ड तयार गरीसकेकोले ग्यास कारोबार गर्ने स्वीकृतिका लागि आवश्यक विवरण तथा कागजात यसै साथ संलग्न गरी यो निवेदन पेश गरेका छौं ।

कम्पनीको कार्यकारी प्रमुखको

दस्तखत:

नाम :

कम्पनीको छाप:

संलग्न गरेका कागजातहरु :

१. ............................
२. ............................
३. ............................

अनुसूची - ८

(दफा १४ को उपदफा (५) सँग सम्बन्धित)

(पेट्रोलियम कारोबार प्रारम्भ गर्न दिइएको स्वीकृतिपत्रको ढाँचा)

ग्यास कारोबार प्रारम्भ गर्न दिइएको स्वीकृतिपत्र

**ग्यास** कारोबार गर्न पेट्रोलियम तथा ग्यास कारोबार (नियमन) आदेश, **२०६९ बमोजिमको** पूर्वाधार तथा मापदण्ड तयार गरेको देखिएकोले निवेदक श्री ........................................... .................. लाई ग्यासको पैठारी /**ढुवानी** /सञ्चय / बिक्री वितरण / ग्यास रिफिलिङ तथा बोटलिङ गर्ने **ग्यास** उद्योग सञ्चालनसम्बन्धी पेट्रोलियम कारोबार प्रारम्भ गर्न यो स्वीकृतिपत्र **दिइएको** छ।

ग्यास कारोबार गर्दा पेट्रोलियम तथा ग्यास कारोबार (नियमन) आदेश, २०६९ तथा अन्य प्रचलित कानून बमोजिम गर्नु होला।

आधिकारिक दस्तखत :

नाम:

पद:

मिति:

अनुसूची - ९

(दफा २९ को उपदफा (३) सँग सम्बन्धित)

(निरीक्षण, जाँचबुझ वा खानतलासी गर्ने सूचनाको ढाँचा)

निरीक्षण, जाँचबुझ वा खानतलासी गर्ने सूचना

श्री ..........................................

..................................................

वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागबाट तपाईंको पेट्रोलियम कारोबार / ग्यास कारोबार गरे वा नगरेको/ पेट्रोलियम / ग्यास खुद्रा बिक्री वितरण सम्बन्धमा खानतलासी गर्नु पर्ने भएकोले तपाईंको प्रतिष्ठान / डिपो / डिलर / बिक्रेता/घर/ जग्गा स्थान /सञ्चय भण्डार /ढुवानी साधन समेतको निरीक्षण, जाँचबुझ वा खानतलासी सम्बन्धी कार्यमा आवश्यक सहयोग पुऱ्याई दिनु हुन यो सूचना दिइएको छ।

सम्बन्धित अधिकृतको,-

सही:-

नाम:-

दर्जा:-

मिति:-

अनुसूची - १०
(दफा २९ को उपदफा (४) सँग सम्बन्धित)
(वरामदी मुचुल्काको ढाँचा)

वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागबाट ..................... (फलाना ठाउँ) मा खडा गरेको प्रतिष्ठान / डिपो / डिलर / बिक्रेता/घर/ जग्गा स्थान /सञ्चय भण्डार /ढुवानी साधन/ जग्गा/ स्थान/ चीज/ वस्तु/मालसमामानको बरामदी मुचुल्का ।

१. उजूरी/छाननवीनको छोटकरी व्यहोरा :-

.......................................................................................
.......................................................................................
.......................................................................................
.......................................................................................
.......................................................................................
.............................

२. खानतलासी गर्ने अधिकारी वा कर्मचारीको अग्रिम तलासी लिएको व्यहोरा :-

.......................................................................................
.......................................................................................
.......................................................................................

३. चार किल्ला सहित खानतलासी गरिएको प्रतिष्ठान, घर, जग्गा, स्थान, ठाउँ, चीज, वस्तु वा मालसामानको विवरण:-

.......................................................................................
.......................................................................................
.......................................................................................
.......................................................................................

४. खानतलासी गर्दा बरामद भएको सामान र दसिको विवरण :-

.......................................................................................
.......................................................................................
.......................................................................................
.......................................................................................

५. देखे बमोजिम सही छाप गर्ने साक्षीहरुको नाम, थर, उमेर वतन र सही :-

.................................................................................................
.................................................................................................
...............................................................

६. स्थानीय निकायका प्रतिनिधि (सम्भव भएसम्म)........................

७. रोहवरमा वस्नेहरुको नाम, थर, उमेर, वतन र सही :-

(क) वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागबाट खटिएको अधिकृतले मेरो प्रतिष्ठान, घर, चीज, वस्तु,मालसामान खानतलासी लिंदा आफ्नो तलासी दिई इज्जत साथ तलासी लिएको र घरको कुनै सामान हिनामिना भएको छैन भनी सही गर्ने ..................... ठाउँ बस्ने घर वा चीज वस्तुको धनी ।

जिम्मेवार व्यक्ति .......................................

८. काम तामेल गर्न, खानतलासी वा वरामदी गर्न खटिएको अधिकृत :-

अन्य कर्मचारीहरु :-

९. मिति :-

समय :-

आज्ञाले,

**दीपक सुवेदी**

नेपाल सरकारको नि. सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. २०।–
गो.हु.द.नं. १६।०६२।६३

# संयुक्त बजार अनुगमन निर्देशिका, २०६९

**प्रस्तबना :**

बस्तु वा सेवाको अनुचित सञ्चालन गर्ने, कृतिम अभाव सिर्जना गर्ने, खाद्य पदार्थमा मिसावट गर्ने, वस्तु वा सेवाको गणस्तर, परिभाषा वा मूल्यमा अनुचित व्यापारिक क्रियाकलाप गरी लाभ लिने, स्वच्छ बजार तथा उपभक्ता हित प्रतिकूल कार्य गरी कालोबजारी, एकाधिकार (सिण्डिकेट), मिलेमतोपूर्ण भाउ निधार्रण (कार्टेलिङ्ग) तथा बजार अनुगमनको माध्यमद्वारा नियन्त्रण गरी त्यस्तो कार्य गर्नेलाई कारवाईको दायरामा ल्याउन,

वस्तु वा सेवाको उत्पादन स्थल वा भन्सार विन्दु, ढुवानी मार्ग, भण्डारण तथा संचय स्थल, थोक तथा खुद्रा बिक्री स्थल र उपभोग स्थल लगायतका ठाउाहरुमा वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन, लगायतका व्यापारिक क्रियाकलापको नियमन गर्ने सरकारी निकायद्वारा संयुक्त बजार अनुगमन गर्न, आपूर्ति सहज गर्न, सरकारी निकाय तथा अधिकारीबाट भई आएको बजार अनुगमनलाई एकीकृत तथा प्रभावकारी गर्न आवश्यक भएकाले,

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ बमोजिम नेपाल सरकारले यो निर्देशिका बनाई लागू गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम "संयुक्त बजार अनुगमन निर्देशिका, २०६६" रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाष :** विषय वा ससङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) "वस्तु" भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तुको सम्मिश्रणबाट बनेको पदार्थ सम्भनु पर्छ र सो शब्दले उपभोग्य वस्तुको निमार्णमा प्रयोग हुने कच्चा पदार्थ, रङ्ग, सुगन्ध वा रसायनलाई समेत जनाउाछ ।

(ख) "सेवा" भन्नाले व्यवसायिक सेवा, संचार सेवा, निर्माण तथा इन्जिनियरिङ्ग सेवा, वितरण सेवा, शिक्षा सेवा, वातावरणीय सेवा, वित्तीय सेवा, स्वास्थ्य र सामाजिक सेवा, पर्यटन सेवा, मनोरञ्जन, साास्कृतिक तथा खेलकुद सेवा, यातायात सेवा लगायतका मुनाफा लिई वा नलिई प्रदान गरिने अन्य सम्पूर्ण उपभोग्य सेवाहरु सम्भनुपर्दछ ।

(ग) "प्रदायक" भन्नाले वस्तु वा सेवाको उत्पादन, आयात, भण्डारण, बिक्री वितरण गर्ने व्यक्ति वा संस्था सम्भनुपर्छ ।

(घ) "स्थानीय निकाय" भन्नाले जिल्ला विकास समिति, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउा विकास समिति र सो अन्तर्गतका वडा कार्यालय समेतलाई सम्भनुपर्छ ।

(ङ) "अनुगमन संयन्त्र" भन्नाले दफा ३ बमोजिम संयुक्त बजार अनुगमन संयन्त्र सम्भनुपर्छ ।

(च) "केन्द्रीय अनुगमन तथा मूल्याङ् समिति" भन्नाले सुशासन -व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ३८ बमोजिमको समिति सम्भनुपर्छ ।

## परिच्छेद -२

**३. संयुक्त बजार अनुगमन संयन्त्रको गठन :**

(१) वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायत व्यापारिक क्रियाकलापको एकीकृत तथा प्रभावकारी रुपमा अनुगमन गर्न केन्द्रीय तथा जिल्ला तहमा संयुक्त बजार अनुगमन संयन्त्रहरु रहनेछन् ।

(२) उपदफा (१) बमोजिमको केन्द्रिय तहको अनुगमन संयन्त्रमा देहाय बमोजिमका अधिकारीहरु रहनेछन् :

| | | |
|---|---|---|
| (क) | निर्देशक वा तोकिएको अधिकृत | - वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग |
| (ख) | प्रतिनिधि (अधिकृत स्तर) | - नेपाल गुणस्तर तथा नापतौल विभाग |
| (ग) | प्रतिनिधि (अधिकृत स्तर) | - खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग |
| (घ) | प्रतिनिधि (अधिकृत स्तर) | - औषधी व्यवस्था विभाग |
| (ङ) | प्रतिनिधि (अधिकृत स्तर) | - पशु सेवा विभाग |
| (च) | प्रतिनिधि (अधिकृत स्तर) | - घरेलु तथा साना उद्योग विभाग |
| (छ) | प्रतिनिधि (अधिकृत स्तर) | - कृषि विभाग |
| (ज) | प्रतिनिधि (अधिकृत स्तर) | - उद्योग विभाग |
| (झ) | प्रतिनिधि (अधिकृत स्तर) | - यातायात विभाग |
| (ञ) | प्रतिनिधि (अधिकृत स्तर) | - शिक्षा विभाग |
| (ट) | प्रतिनिधि (अधिकृत स्तर) | - सम्बन्धित जिल्ला प्रशासन कार्यालय |
| (ठ) | प्रतिनिधि (अधिकृत स्तर) | - स्थानीय निकाय |
| (ड) | प्रतिनिधि (अधिकृत स्तर) | - नेपाल प्रहरी |
| (ढ) | प्रतिनिधि (अधिकृत स्तर) | - उपभोक्ता हितसाग सम्बन्धित संस्था |

३) उपदफा (२) बमोजिमको अनुगमन संयन्त्रमा दफा ६ बमोजिम अनुगमन गर्ने कम्तिमा ५ जना प्रतिनिधि संलग्न भई बजार अनुगमन कार्य गरिनेछ ।

(४) उपदफा (३) बमोजिमको अनुगमन टोलीमा वाणिज्ज तथा आपूर्ति व्यवस्थापन विभाग र सम्बन्धित जिल्ला प्रशासन कार्यालयका प्रतिनिधिको उपस्थिति अनिवार्य हुनेछ ।

५) उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम ५२ बमोजिम गठित जिल्ला अनुगमन समितिले जिल्लास्तरीय अनुगमन संयन्त्रको काम गर्नेछ । सो संयन्त्रमा जिल्लास्थित वाणिज्य, शिक्षा, कृषि, घरेलु तथा साना उद्योग, यातायात, नापतौल कार्यालयका प्रतिनिधिहरु रहनेछन् । जिल्ला अनुगमन समितिका संयोजकले आवश्यकतानुसार अन्य कार्यालयका प्रतिनिधिहरुलाइं समेत तोक्न सक्नेछ ।

(६) अपदफा (५) बमोजिमको अनुगमन टोलीमा वाणिज्य कार्यालय रहेका जिल्लामा वाणिज्य कार्यालयका प्रतिनिधी वा बजार संरक्षण अधिकृत तोकिएका जिल्लामा बजार संरक्षण अधिकृतको उपस्थिति अनिवार्य हुनेछ ।

(७) उपदफा (२) र (५) बमोजिमको संयन्त्रले अनुगमन, गर्दा आवश्यकता अनुसार उद्योग वाणिज्य क्षेत्रका प्रतिनिधि, विषय विशेषज्ञहरु र सञ्चारकर्मीहरुलाई सहभागी गराउन सक्नेछ ।

(८) संयुक्त अनुगमन संयन्त्रले कुनै पनि स्थलको अनुगमन, सुपरिवेक्षण तथा निरीक्षण गर्न सक्नेछ । यसरी अनुगमन, सुपरिवेक्षण र निरीक्षण गर्दा अनुगमन संयन्त्रलाई सहयोग गर्नु प्रदायकको कर्तव्य

हुनेछ ।

(६) अनुगमन संयन्त्रले अनुगमन गर्ने तरिका आफै निर्धारण गर्नेछ ।

४. **अनुगमन संयन्त्रले काम कर्तव्य र अधिकार :** प्रचलित अन्य कानुनमा लेखिए बाहेक दफा ३ बमोजिम गठित अनुगमन संयन्त्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) अनुगमन गर्नु पूर्व कार्ययोजना बनाउने ।

(ख) नियमित रुपमा बजार अनुगमन गर्ने ।

(ग) संयन्त्रबाट अनुगमन गर्दा मुद्दा चलाउनु पर्ने खालका अनियमितता देखिएमा सोको प्रतिवेदन तयार गरी नियमानुसार मुद्दा चलाउनका लागि अनुसन्धान तहकिकात गर्ने निरीक्षक समक्ष पठाउने ।

(घ) उपभोक्ता हितका विषयमा व्यक्ति वा सम्बन्धित संस्थाबाट प्रप्त सुचना वा उजुरी उपर आवश्यक कार्यवाही गर्ने ।

(ङ) संवैधानिक निकाय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र, विभाग लगायतका सरकारी निकायहरु मर्फत प्राप्त उजुरी तथा गुनासाहरुको व्यवस्थापन गर्ने ।

(च) वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायत व्यापारिक क्रियाकलापको अनुगमन गर्ने ।

(छ) कालोबजारी, एकाधिकारी -सिण्डिकेट), मिलेमतोपूणं भाउ निर्धारण -कार्टेलिङ्ग) तथा बजार प्रवेशमा अबरोध गर्ने जस्ता गैर प्रतिस्पर्धा किसिमका अनुचित व्यापारिक क्रियाकलाप भए/नभएको अनुगमन गर्ने ।

(ज) खण्ड (छ) बमोजिमका अनुचित क्रियाकलाप भएको देखिएमा आवश्यकता अनुसार बस्तु नष्ट गर्ने, रोक्का गर्ने र कारोवार बन्द गर्ने ।

(झ) केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिबाट समय-समयमा दिएको निर्देशन एवं तोकेबमोजिमका अन्य कामहरु गर्ने ।

## परिच्छेद -३
## उजुरी सम्बन्धी व्यवस्था

५. **उजुरी दिन सक्ने :**

(१) कुनै बस्तु वा सेवा प्रदायकले उपभोक्त हित विरुद्वका व्यापारिक कार्य गरेको भनी उपभोक्ताले अनुगमन गर्ने अधिकारी वा अनुगमन संयन्त्रमा लिखित वा मौखिक उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उजुरी तथा सार्वजनिक सञ्चार माध्यमबाट प्राप्त सूचनाहरुलाई अनुगमन संयन्त्रले उजुरीको रुपमा ग्रहण गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको उजुरी वा अन्य कुनै सरकारी निकायबाट अनुगमनको लागि लेखी आएमा अनुगमन संयन्त्रले अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा प्रदायकले प्रचलित कानुन वा मापदण्ड विपरित काम गरेको पाइएका तत्काल कारवाहीको लागि सम्बन्धित निरीक्षकलाई लेखी पठाउनु पर्नेछ ।

**६. बजार अनुगमनको लागि उजुरी दिने व्यवस्था :**

(१) संवैधानिक निकाय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विभिन्न मन्त्रालय, विभाग तथा सो अन्चर्गतका जिल्लास्थित कार्यालयहरु वा नियमन निकायहरुमा हाटलाइन लगायत जुनसुकै माध्यमद्धारा सरोकारवालाले उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त उजुरीको गाम्भीर्यताको विश्लेषण गरी अनुगमन संयन्त्रले अनुगमन गर्न सक्नेछ ।

**७. उजुरी सुन्ने व्यवस्था :** अनुगमन संयन्त्रका काम कारवाहीमा चित्त नबुझ्ने प्रदायकले प्रचलित कानुन बमोजिम उजुरी दिन सक्नेछ ।

## परिच्छेद -४
## बजार अनुगमन गर्ने वस्तु, सेवा र निकायहरु

**८. बजार अनुगमन गर्ने वस्तु वा सेवाहरु :**

(१) दफा ३ बमोजिमको अनुगमन संयन्त्रले कार्य योजना बनाई कुनै पनि वस्तु वा सेवाको अनुगमन गर्न सक्नेछ ।

(२) दफा ३ बमोजिम गठित अनुगमन संयन्त्रले मूलतः अनुसूची -१ मा तोकिएका वस्तु तथा सेवाको नियमित अनुगमन गर्नुपर्नेछ ।

**९. अनुगमन संयन्त्रको संयोजन :** (१) दफा ३ बमोजिम गठित अनुगमन संयन्त्रले अनुगमन गर्दा अनुगमनको संयोजन देहाय बमोजिम क्षेत्रगत आधारमा हुनेछ :

क) वाणिज्य विभागको संयोजनमा अनुगमन गर्ने क्षेत्रः आपूर्ति, मिसावट, मूल्यसूची, फर्म दर्ता, उत्पादन मिति र उपभोा गर्ने अन्तिम मिति ६ःबलगाबअतगचष्लन म्बतभ ७ भ्हउष्चथ म्बतभ०, कृत्रिम मूल्यवृद्धि, कालोबजारी, एकाधिकार (सिण्डिकेट), मिलोमतोपूर्ण भाउ निर्धारण -काटे ˘लिङ्ग) तथा बजार प्रवेशमा अवरोध गर्ने किसिमका गैर प्रतिस्पर्धा क्रियाकलाप तथा अनुचित व्यापारिक क्रियाकलाप र उपभोक्ताको हकहित संरक्षण, पेट्रोलियम पदार्थ, एल.पी. ग्यास, पार्टी प्यालेस तथा सो सम्बन्धी विज्ञापन ।

ख) खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको संयोजनमा अनुगमन गर्ने क्षेत्र :
खाद्य पदार्थ उत्पादन गरिने क्षेत्र, खाद्य पदार्थ उत्पादन गर्ने उद्योग, बिक्री वितरण गरिने र भण्डारण गरिने क्षेत्र, खाद्य पदार्थमा हुने मिसावट, खाद्य पदार्थ उत्पादन गर्न प्रयोग हुने कच्चा पदार्थ र त्यसको गुणस्तर, खाद्य पदार्थहरु उत्पादनमा प्रयोग हुने खाद्य योगशील (Additives), विभिन्न प्रकारका मिठाइहरु, दुध तथा दुग्ध पदार्थहरु, प्याकिङ्ग गरी बिक्री वितरण गरिने खाद्य वस्तुमा हुनुपर्ने लेवल र गुणस्तर तथा सो सम्बन्धी विज्ञापन ।

ग) औषधी व्यवस्था विभागको संयोजनामा अनुगमन गर्ने क्षेत्र :
औषधी र औषधीजन्य पदार्थहरु, औषधी उत्पादन गर्ने उद्योग तथा सो सम्बन्धी विज्ञापन ।

घ) नेपाल गुणस्तर तथा नापतौल विभागको संयोजनामा अनुगमन गर्ने क्षेत्र :
विभिन्न उपभोग्य वस्तु तथा निर्माण सामाग्रीको गुणस्तर तथा त्यस्ता वस्तुमा हुने मिसावट एल.पी ग्यास लगायत पेट्रोलियम पदार्थमा हुने मिसावट तथा गुणस्तर, नाप, तौल, पेट्रोलियम

डिस्पेन्सिङ्ग पम्प, ट्याक्सी मिटर र निर्माण सामाग्रीहरु ।

(ङ) उद्योग विभाग, धरेलु तथा साना उद्योग विभागको संयोजनमा अनुगमन गर्ने क्षेत्र :
ठूलो उद्योग मझौला उद्योग, साना उद्योग तथा घरेलु उद्योगबाट उत्पादन गरिने वस्तुको उत्पादनको प्रक्रिया तथा गुणस्तर, सरसफाई तथा भण्डारको स्थिति, प्याकेजिङ्ग, लेवलिङ्ग, तौल ।

(च) स्थानीय निकायको संयोजनमा अनुगमन गर्ने क्षेत्र :
मछा र मासु काट्ने, प्रशोधन गर्ने स्थान र बिक्री गर्ने पसल, होटल, रेष्टुरेण्ट र खाजाघरको सरसफाई तथा ती स्थानमा उपलब्ध हुने वस्तुको गुणस्तर, तौल र मूल्य लगायतका कार्य ।

(छ) कृषि विभागको संयोजनमा अनुगमन गर्ने क्षेत्र :
फलफूल तथा तरकारी, फलफूल तथा तरकारी उत्पादन, प्रशोधन तथा भण्डारण गर्न प्रयोग गरिएका रसायन तथा विषादी, फलफूल तथा तरकारीजन्य पदार्थलाई कृत्रिम तरिकाले पकाउनका लागि प्रयोग गरिने रसायन, रासायनिक मलको गुणस्तर, दुध तथा दुग्ध पदार्थहरु ।

(ज) पशु सेवा विभागको संयोजनमा अनुगमन गर्ने क्षेत्र :
माछा, पशुपंक्षीबाट उत्पादन हुने मासु, मासुजन्य पदार्थमा प्रयोग गरिएका कृतिम हर्मोन तथा एन्टीवायोटीक्स जस्ता पदार्थको प्रयोग, पशुपंक्षी बाधशालाको सरसफाई, बिक्रीस्थलमा मासुजन्य पदार्थको गुणस्तर, मूल्य तथा प्याकेजिङ्ग व्यवस्था र पशुपंक्षी हाटबजारको अवस्था ।

(झ) शिक्षा मन्त्रालयको संयोजनमा अनुगमन गर्ने क्षेत्र :
पाठ्य पुस्तक तथा अन्य पाठ्य सामग्रीको मूल्य गुणस्तर र तथ्य, सांस्कृतिक, खेलकुद तथा मनोरञ्जन सम्बन्धी सेवा। शिक्षण सेवा र शैक्षिक परामर्श सेवा ।

(ञ) जिल्ला प्रशासन कार्यालयको संयोजनमा अनुगमन गर्ने क्षेत्र :
प्रचलित कानुनद्धारा प्रमुख जिल्ला अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारी र निरीक्षण अधिकृतले गर्ने भनी कानुनद्धारा नै निर्दिष्ट गरेका विषयहरु र माथि समावेश नभएका अन्य विषय वस्तु ।

## परीच्छेद -५

## संयुक्त बजार अनुगमन सम्बन्धी प्रकृया

१०. **अनुगमनको पूर्व तयारी :** अनुगमन संयन्त्रले अनुगमन गर्नु पूर्व देहायको तयारी गर्नु पर्नेछ :

(क) निरीक्षण वा अनुगमनमा जानु पूर्व अत्यावश्यक वस्तु तथा सेवा मध्ये कुन कुन विषयलाई पहिलो प्राथमिकतामा राख्ने भन्ने किटान गरी विषयसूची तयार गर्नुपर्नेछ ।

(ख) अनुगमनमा जाादा अनुगमन गरिने वस्तु सेवासाग सम्बन्धित ऐन नियमहरु, विवरण र चेकलिस्ट साथै लिई जानुपर्नेछ ।

(ग) वस्तु तथा सेवाको आपूर्ति, बिक्री  वितरण, मूल्य, गुणस्तर आदिको बारेमा पर्यातप्त सूचना र जानकारी हासिल गनुपर्नेछ ।

(घ) अनुगमन वा निरीक्षण गर्न जानु अगावै तालिका बनाई आवश्यक पर्ने सहयोग साधन आदिको पूर्व तयारी गनुपर्नेछ ।

**११. बजार अनुगमन गर्ने प्रक्रिया :**

(१) बजार अनुगमन गर्दा अनुगमनमा खटिइ जाने व्यक्तिले आफ्नो परिचय देखाई बजार अनुगमन गर्नुपर्नेछ । सम्बन्धित व्यवसायीले बिना कुनै अवरोध अनुगमन गर्न दिनुपर्दछ ।

(२) उपदफा (१) बमोजिम बजार अनुगमन गर्दा सम्बन्धित व्यवसायीले बाधा विरोध गरेमा बाधा विरोध गर्नेलाई प्रचलित कानुन बमोजिम कारवाहीको लागि सम्बन्धित निकायमा अनुरोध गर्न वा लेखी पठाउन सक्नेछ ।

(३) अनुगमन संयन्त्रले बजार अनुगमन गर्दा वस्तु वा सेवाको नमूना संकलन गर्नुपर्ने देखिएमा प्रचलित कानुन बमोजिम नमूना संकलन गरी सोको यथार्थ विवरण खुलाई सम्भव भएसम्म सम्बन्धित व्यवसायीको समेत दस्तखत भएको स्थलगत मुचुल्का बनाउनु पर्नेछ । सम्बन्धित व्यवसायीले मुचुल्कामा दस्तखत गर्न नमानेमा सोही व्यहोरा जनाइ उपस्थित व्यक्तिहरुको रोहवरमा मुचुल्का तयार गरी आवश्यकता अनुसार सिलवन्दी समेत गरी परीक्षणको लागि सम्बन्धित निकायमा  लेखी पठाउनुपर्नेछ ।

(४) अनुगमन संयन्त्रले बजार अनुगमन गर्दा तत्काल केही सुधार गर्नुपर्ने देखेमा सम्बन्धित व्यवसायीलाई अवधि तोकी स्थलगत निर्देशन दिई सुधार गर्न लगायन सक्नेछ ।

(५) बजार अनुगमन संयन्त्रले बजार अनुगमन गर्दा कुनै वस्तु तत्काल नष्ट नगरे जनस्वास्थ्यमा असर पर्ने देखिएमा त्यस्ता वस्तुको नमूना संकलन गरी प्रमाणमो रुपमा सुरक्षित राखी अरु प्रचलित कानुन बमोजिम कानुन बमोजिम आवश्यक प्रक्रिया पुऱ्याई सम्बन्धित व्यवसायी र उपस्थित व्यक्तिहरुको रोहवरमा मुचुल्का गरी वातावरणमा असर नपर्ने गरी त्यस्तो वस्तु नष्ट गर्नुपर्नेछ । संकलित नमूना आवश्यकता अनुसार परीक्षणका लागि प्रयोगशालामा पठाउन सकिनेछ ।

(६) बजार अनुगमन संयन्त्रले बजार अनुगमन गर्दा सेवा वा वस्तु राखेको स्थानको सेवाको बिक्रीवितरणमा अनुगमन गर्दा सक्ने छ । खानतलासीबाट वस्तु वा सेवाको बिक्रीवितरणमा अनुचित वा अनियमित कार्य गरेको पाइएमा आवश्यकतानुसार त्यस्तो सेवा वा बस्तुको प्रयोग वा बिक्री वितरणमा रोक लगाउन सक्नेछ ।

(७) अनुगमन गर्दा कुनै कानुनी कारवाही गनुपर्ने देखिएमा अनुगमन संयन्त्रले सम्बन्धित व्यवसायीसाग तुरुन्त स्पष्टीकरण माग गर्न सन्नेछ ।

(८) अनुगमन संयन्त्रले बजार अनुगमन गर्दा मुद्दा दायर गनुपर्ने देखिएमा प्रचलित कानुन बमोजिम अनुसन्धान  तहकिकात गरी मुद्दा दायर गर्न यथाशिघ्र अभियोजन अधिकारी समक्ष आवश्यक कागजात सहित लेखी पठाउनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम लेखी आएमा सम्बन्धित अधिकारीले प्रतलित कानुन बमोजिम प्रक्रिया पूरा गरी सम्बन्धित निकायमा  मुद्दा दायर गर्नु पर्नेछ ।

(१०) उपदफा (५)  बमोजिम अनुगमन संयन्त्रले अखाद्य वस्तु वा अन्य वस्तु नष्ट गर्दा लागेको खर्च सम्बन्धित व्यवसायीले नै व्यहोर्नु पर्नेछ ।

(११) अनुगमन गर्दा प्रचलित ऐन नियम अनुसार तयार गरिएको चेकलिस्टका विषयमा अद्यमी/व्यवसायी/पसलहरुलाई जानकारी प्रदान गरी दुवै पक्षको उपस्थितिमा विवरण तयार गनुपर्नेछ ।

१२) अनुगमन गरिएका  वस्तु मालसामानहरुको प्रकृति अनुसार मुचुल्का उठाउनु पर्नेमा मुचुल्का

उठाउने चेकलिस्ट अनुसार भए नभएको हेर्ने र नमूना परिक्षण लिनु पर्ने भएमा खाद्य नियमावली, २०२७ को नियम १० वा उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम २७ को नियम २७ अनुरुप वा नेपाल गुणस्तर ऐन, २०३७ वा प्रचलित कानून बमोजिम नमूना संकलन गर्नुपर्दछ ।

(१३) निरीक्षण, जााचबुझ वा खानतलासी गर्दा उपभोग्य वस्तु रोक्का राख्नुपर्ने भएमा खाद्य नियमावली २०२७ को नियम १३ वा उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम २५, वा नेपाल गुणस्तर ऐन, २०३७ र स्टाण्डर्ड नापतौल ऐन, २०२५ का प्रचलित कानून बमोजिम गर्नुपर्नेछ ।

(१४) वस्तु वा मालसामान सिवबन्दी गर्नुपर्दा खाद्य नियमावली, २०२७ को नियम १३ वा उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम २८ र २९ वा नेपाल गुणस्तर ऐन २०३७ र स्टाण्डर्ड नापतौल ऐन २०२५ वा प्रचलित कानून अनुसार गर्नुपर्नेछ ।

(१५) खाद्य प्रशोधन गर्न आवश्यक पर्ने कुनै उपकरण जडान भै कुनै वस्तु वा पदार्थको उत्पादन गरि एकोमा अनुगमन गर्ने निकायले उत्पादन प्रशोधन कानून सम्मत भए नभएको हेरी नभएको भए त्यस्तो स्थानमा  सिलबन्दी गर्न सक्नेछ । यसरी सिलबन्दी गरिएकोमा प्रशोधन उद्योगलाई निश्चित समयावधी दिई आवश्यक मापदण्ड पूरा गरी सुधार गर्ने निर्देशन दिन सकिनेछ ।

१६) पउदफा (१५) बमोजिम निर्देशन दिएकोमा उद्योगले सधारात्मक कार्यहरु गरी सिलबन्दी हटाई पाउा भनी सिलबन्दी गर्ने निकायमा निवेदन दिएमा सम्बन्धित निकायले संयुक्त बजार अनुगमन गराई सुधार भएको पाइएमा सिलबन्दी हटाई दिन सक्नेछ । सुधार भएको नपाइएमा कानून बमोजिम कारवाही अगाडि बढाउनेछ ।

(१७) वस्तु वा सेवाको आपूर्ति व्यवस्था नियमित भए नभएको, उपलब्धता सहज भए नभएको, सामाजिक रुपमा  स्वीकार्य भए नभएको, उचित मूल्य र सुलभ पहुाच भए नभएको, सेवा वा वस्तुको मापदण्ड तोकिए नतोकिएको वा मापदण्ड अनुरुप गुणस्तर भए नभएको, नापतौल सामाग्री दुरुस्त भए नभएको, वस्तुमा मूल्य र लेवल भए नभएको  तथा बिक्रीस्थलमा मूल्यसूची र साइनबोर्ड भए नभएको विषयमा अनुगमन संयन्त्रले हेर्नु पर्नेछ ।

(१८) वस्तु वा सेवा क्षेत्रमा अनुचित व्यापारिक क्रियामलाप (Unfair Trade Practices), कानूनद्धारा नियन्त्रित वा निषेधित व्यापारिक क्रियाकलाप (Restrictive Trade Practices) र एकाधिकार पूर्ण व्यापारिक क्रियाकलाप (Monopolistic Trade Practices) भए नभएको विषयमा समेत अनुगमन संयन्त्रले हेर्नु पर्नेछ ।

## १२. अत्यावाश्यक वस्तु र सेवाहरुको अनुगमन गर्दा थप ध्यान दिनुपर्ने कुराहरु :

दफा ११ मा लेखिएका विषयका अतिरिक्त आवश्यक वस्तु संरक्षण ऐन, २०१२ तथा आवश्यक सेवा सञ्चालन ऐन, २०१४ बमोजिम अत्याअश्यक वस्तु र सेवाहरुको अनुगमन गर्दा देहाएबमोजिम ध्यान दिनुपर्नेछ :

(क) उपभोक्ताको जीउज्यान, स्वास्थ्य र सम्पत्तिको सुरक्षामा प्रतिकुल असर परे नपरेको,

(ख) उत्पादन, बिक्री वितरण गर्दा कानूनी प्रकृया पूरा गरे नगरेको,

(ग) नापतौल, गुणस्तर र मूल्य ठीक भए नभएको, वस्तु वा सेवा मापनका उपकरण ठीक भए नभएको र उपभोक्तालाई सो सम्बन्धी सूचना दिए नदिएको,

(घ) उत्पादन तथा आपूर्ति हुने स्थान र सोको वातावरणीय पक्षहरु ठिक भए नभएको,

(ङ) प्रतिस्पर्धा, स्वच्छ बजार प्रवर्द्धन, ट्रेडमार्क, लेबल र विज्ञापन प्रचारप्रसारको सत्यता भए

नभएको,

(च) खाद्य वस्तुमा स्वास्थ्यलाई प्रतिकुल असर पार्ने औषधी, विषदी र रसायनको प्रयोग भए नभएको र

(छ) आवश्यक देखिएका अन्य कुराहरु ।

## परिच्छेद -६

## आचार संहिता

१३. **आचार संहिता :** अनुगमन गर्न जाने अनुगमन संयन्त्रले निम्न बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछ :

(१) अनुगमन संयन्त्रले अनुगमन गर्ने स्थल र अनुगमन गरिने वस्तुको बारेमा सो कार्यमा संलग्न सदस्यहरु बाहेक अरु कसैलाई पनि सो बारेमा पूर्व सूचना वा जानकारी गराउनु हदैन ।

(२) अनुगमनमा खटिने व्यक्तिले आफ्नो नातागोता वा इष्टमित्र कहाा अनुगमन गर्न जानु हुदैन ।

(३) अनुगमन कार्यमा संलग्न कुनै पनि सदस्यले अनुगमन गर्ने निकाय वा व्यक्तिबाट कुनै पनि किसिमको चन्दा, दान दातव्य वा उपहार स्वीकार गर्न हुदैन ।

(४) अनुगमन गर्न जाादा प्रदायकहरुले दिएको सुविधा तथा आतिथ्य स्वीकार गर्नु हुादैन ।

(५) कुनै किसिमको प्रलोभन वा मोलाहिजामा पर्नु हुादैन ।

(६) अनुगमनको कारवाही सम्बन्धी सूचना प्रवाह गर्दा अनुगमन संयन्त्रको नेतृत्व गर्ने व्यक्रिबाट मात्र प्रवाह गर्नुपर्नेछ । अन्य सदस्यले विवरण उपलब्ध गराउन हुादैन ।

(७) बजार अनुगमन गर्दा अनुगमन संयन्त्रका पदाधिकारीहरु प्रदायक समक्ष सर्यादित तरिकाले प्रस्तुत हुनुपर्ने र व्यवसायीको भण्डारण स्थल वा पसलबाट जथाभावी तरिकाले माल वस्तु निकाल्नु हुादैन ।

(८) अनगमन संयन्त्रका कुनै सदस्यले अनुगमन सम्बन्धी कार्य गर्दा गोप्यता भङ्ग गर्ने लगायत अन्य कुनै गैरकानूनी काम गरेमा कर्मचारी भए प्रचलित कानून बमोजि विभागीय कारबाही गर्न र अन्य व्यक्ति भए संयन्त्रबाट हटाई प्रचलित कानून बमोजिम कारबाही गर्न सकिनेछ ।

(९) मानव अधिकारवादी संघसंस्था, उपभोक्ता हकहित संरक्षण कार्यमा संलग्न संस्थाहरु, विभिन्न माध्यममा कार्यरत सञ्चारकर्मी प्रतिनिधिहरुले अनुगमन कार्यलाई सहयोग पुग्ने गरी अनुगमन प्रक्रियाको स्थलगत अवलोकन गर्न सक्नेछन् । तर सामान जफत गर्ने, धुल्याउने वा नष्ट गर्ने वा सिलबन्दी गर्ने कार्यमा सम्बन्धित आधिकारिक कर्मचारी वा प्रहरीद्वारा नै कार्य सम्पन्न गर्नुपर्नेछ ।

## परिच्छेद -८

## संयुक्त  बजार अनुगमन समन्वय समिति सम्बन्धी व्यवस्था

१४. **संयुक्त बजार अनुगमन समन्वय समिति :**

(१) वस्तु र सेवा नियमन गर्ने विभिन्न अधिकारी तथा निकायको अनुगमन सम्बन्धी कामलाई एकीकृत तथा प्रभावकारी बनाउने कार्य योजना तयार गर्ने र वस्तु वा सेवा बजार अनुगमन गर्दा तत्काल आईपर्ने समस्याको समाधान गर्नका लागि केन्द्रीय स्तरमा देहाय बमोजिमको

संयुक्त बजार अनुगमन समन्वय समिति सहनेछ :

| | | |
|---|---|---|
| (क) | सचिव - वाणिज्य तथा आपूर्ति मन्त्रालय, | संयोजक |
| (ख) | सहसचिव - प्रशाासन बजार अनुगमन, आपूर्ति तथा संस्थान महाशाखा, वाणिज्य तथा आपूर्ति मन्त्रालय, | सदस्य |
| (ग) | सहसचिव - अर्थ मन्त्रालय, | सदस्य |
| (घ) | सहसचिव - गृह मन्त्रालय, | सदस्य |
| (ङ) | सहसचिव - उद्योग मन्त्रालय, | सदस्य |
| (च) | सहसचिव - कृषि विकास मन्त्रालय, | सदस्य |
| (छ) | सहसचिव - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, | सदस्य |
| (ज) | सहसचिव - संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, | सदस्य |
| (झ) | सहसचिव - सहरी विकास मन्त्रालय, | सदस्य |
| (ञ) | सहसचिव - सहकारी तथा गरिबी निवारण मन्त्रालय, | सदस्य |
| (ट) | सहसचिव - राष्ट्रिय सतर्कता केन्द्र, | सदस्य |
| (ठ) | प्रहरी नायव महानिरीक्षक - नेपाल प्रहरी, | सदस्य |
| (ड) | सशस्त्र प्रहरी नायव महानिरीक्षक - सशस्त्र प्रहरी, | सदस्य |
| (ढ) | प्रतिनिधि - उपभोक्ता हितसाग सम्बद्ध संस्थाहरु, | सदस्य |
| (ण) | प्रतिनिधि - उद्योग वाणिज्य क्षेत्रसाग सम्बद्ध संस्थाहरु, | सदस्य |
| (त) | प्रतिनिधि - प्रेस काउन्सील, | सदस्य |
| (थ) | महानिर्देशक - वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) बजार अनुगमन गर्दा तत्काल आइपर्ने क्षेत्रगत विषयसाग सम्बन्धित समस्याको समाधान गर्नका लागि संयोजकले उपदफा (१) मा गठित समन्वय समितिमा सम्बन्धित मन्त्रालयको सहसचिव प्रतिनिधि र आवश्यकतानुसार अन्य प्रतिनिधिहरुको बैठक राखी समस्या समाधान गर्न सक्नेछन् ।

(४) बजार अनुगमन तथा समन्वय समितिले आफ्नो बैठकको कार्यविधि आफै निर्धारण गर्नेछ ।

## परिच्छेद - ९
## विविध

**१५. बजार अनुगमन समितिको कार्यक्रम तथा बजेट :**

(१) वाणिज्य तथा आपूर्ति मन्त्रालयले, जिल्लामा गरिने बजार अनुगमनका लागि आवश्यक कार्यक्रम र बजेट प्राथमिकताका साथ वार्षिक कार्यक्रममा समावेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम माग भएको कार्यक्रम अनुसारको बजेट अर्थ मन्त्रालयले यथाशीघ्र वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निकासा दिनेछ ।

(३) प्राप्त बजेटको बाडफाड र आवश्यकतानुसार विभाग तथा जिल्लास्तरीय कार्यालयमा पठाउने कार्य वाणिज्य तथा आपूर्ति मन्त्रालयले गर्ने छ ।

(४) बजार अनुगमन गर्दा दफा ३ बमोजिमको संयन्त्रमा खटिने नेपाल सरकारका कर्मचारीलाई अनुगमन गरिएको प्रत्येक दिनको लागि निजले पाउने एक दिनको दैनिक भत्ता बराबरको र

कम खाजा खर्च वापत उपलब्ध गराउनेछ ।

(५) उपभोक्ता हकहितसाग सम्बन्धित संस्थाका प्रतिनिधि, सञ्चारकर्मी र स्वयमसेवकहरुको सम्बन्धमा बढीमा तीन जनालाई अनुगमन कार्यमा खटिएको प्रत्येक दिनको लागि नेपाल सरकारको राजपत्राङ्कित तृतिय श्रेणीका अधिकृतले पाउने एक दिनका दैनिक भत्ता बराबरको रकम खाजा खर्च वापत उपलब्ध गराइनेछ ।

१६. **पुरष्कृत गर्न सकिने :** बजारमा वस्तु वा सेवाको सम्बन्धमा अनुचित क्रियाकलाप भएको सही सूचना दिने, अनुगमन कार्यमा सहभागिता जनाई उत्कृष्ट कार्य गर्ने व्यक्ति वा संस्थालाई बजार अनुगमन संयन्त्रको सिफारिस केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिले पुरष्कृत गर्न सक्ने छ ।

१७. **स्थानीय प्रशासनको कर्तव्य :** बजार अनुगमन गर्दा अनुगमन संयन्त्रले सुरक्षा लगायतका आवश्यक सहयोग माग गरेमा तत्काल त्यस्तो सुरक्षा तथा सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासनको कर्तव्य हुनेछ ।

१८. **प्रतिवेदन पेश गर्ने :**

(१) अनुगमन संयन्त्रको नेतृत्व गर्ने निकायले अनुगमन एवं निरीषणको प्रतिवेदन पन्ध्र पन्ध्र दिनमा अनुसूची २ को ढााचामा तयार गरी वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पेश गर्ने र सोको बोधार्थ केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समिति र जिल्लास्तरिय अनुगमन तथा मूल्याङ्कन समितिमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदन वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिमा पेश गरी समीक्षा गरिनेछ ।

१९. **उपभोक्ता सचेतना कार्यक्रम :** प्रत्येक वर्षको मार्च १५ मा मनाइने उपभोक्ता अधिकार दिवसको दिन उपभोक्ताको अधिकार सम्बन्धी वर्षभरी भएका सामाजिक सचेतना अभिवृद्धि गर्ने कार्यको समीक्षा एवं बजार अनुगमनको वार्षिक प्रतिवेदन सहितको जानकारी प्रदान गर्ने कार्यक्रम संचालन गरिनेछ ।

२०. असल नियतले गरेका काम बचाऊ : यस निर्देशिका बमोजिम बजार अनुगमन गर्दा असल नियतले गरेका कामको सम्बन्धमा संयन्त्रका संयोजक तथा सदस्यहरु उपर कुनै कारवाही हुनॆ छैन् ।

२१. **प्रचलित कानुन बमोजिम हुने :** यस निर्देशिकामा भएको व्यवस्थाले प्रचलित कानून बमोजिम हुने अन्य अनुगमन कार्यलाई बाधा पुर्‍याएको मानिले छैन ।

२२. **बाधा अड्काउ फुकाउने अधिकार :** यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा संयुक्त बजार अनुगमन समन्वय समितिमा राखी बाधा अड्काउ फुकाउन सकिनेछ ।

२३. **संशोधन :** यस निर्देशिकामा संशोधन गर्ने अधिकार सुशासन -व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ अनुसार नेपाल सरकार (मन्त्रीपरिषद्) मा निहीत हुनेछ ।

## अनुसूची - १
## (दफा ८ को उपदफा (२) सँग सम्बन्धित :

**(क) अनुगमन गरिने वस्तुको विवरण**

१. खाद्यान्न तथा खाद्य पदार्थहरु
२. अप्रशोधित, अर्धप्रशोधित वा प्रशोधित वा प्रशोधित खाद्य पदार्थहरु,
३. प्रशोधित खाद्य पदार्थ उत्पादन गर्न प्रयोग गरिने कच्चा पदार्थहरु,
४. खाद्य पदार्थ उत्पादन गर्ने उद्योग,
५. खाद्य पदार्थ बिक्री वितरण गरिने विक्रीस्थल र भण्डारण तथा संचय गरिने स्थल,
६. औषधी तथा औषधीजन्य पदार्थहरु -पशुपंक्षी औषधी तथा जडिबुटीमा आधारित औषधी समेत),
७. औषधी उत्पादन गर्ने उद्योग तथा विक्री वितरण गरिने स्थल,
८. रासायनिक मल,
९. खाने तेल,
१०. घ्यू -वनस्पती घ्यू समेत)
११. दुध तथा दुग्ध पदार्थहरु र दुध प्याकिङ्ग गर्न प्रयोग हुने प्लाष्टिक पाउचहरु,
१२. नून,
१३. चिनी,
१४. माछा मासु,
१५. अण्डा,
१६. मह,
१७. कफी,
१८. चिया,
१९. तरकारी,
२०. फलफूल,
२१. मसलाजन्य पदार्थहरु -जिरा, मरीच, अदुवा, लसुन, धनिया, बेसार, ज्वानो, मेथी, ल्वाङ्ग, सुकुमेल, अलैंची, दाल्चिनी र खुर्सानी लगायतका मसलाको रुपमा उपभोग गरिने पदार्थहरु),
२२. पशुपंक्षी आहार र त्यसमा प्रयोग हुने कच्चा पदार्थहरु समेत,
२३. विषादी,
२४. बीउ,
२५. लत्ताकपडा,
२६. तयारी पोशाक,

## अनुसूचि - २
## (दफा १९ को उपदफा (१) सँग सम्बन्धित)

श्री वाणिज्य तथा आपूर्ति मन्त्रालय,
सिंहदरवार ।
विषय : बजार अनुगमनको प्रतिवेदन पेश गरेको ।
मिति २०   ।   ।   देखि २०   ।   ।   सम्म निम्न स्थानहरुमा बजार अनुगमन गर्दा निम्नानुसार देखिएको व्यहोरा अनुरोध छ ।

| सि.नं. | अनुगमन गरिएको स्थान | अनुगमन गरिएको वस्तुहरु | अनुगमनको विवरण -परिमाण, अवस्था र अन्य कुरा | | | सामानको बरामदी | नमहना संकलन | सिलबन्दी गरिएको नगरिएको | गरिएको कारवाही | <u>कैफियत</u> |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | <u>परिमाण</u> | <u>अवस्था</u> | <u>अन्य कुरा</u> | | | | | |
| | | | | | | | | | | |

बोधार्थ :
१. केन्द्रीय अनुगमन मह्ल्याङ्कन समिति, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
२. सम्बन्धित मन्त्रालय
३. क्षेत्रीय अनुगमन तथा मह्ल्याङ्कन समिति, जिल्ला प्रशासन कार्यालय,